# नवौं राष्ट्रिय कर दिवस स्मारिका, २०७७


नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन नं. ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

**website : www.ird.gov.np**

# हाम्रो भनाइ

कर सचेतनाको प्रवर्द्धन गरी कर परिपालनाको स्तरमा अभिवृद्धि ल्याउने उद्देश्यले आयोजना गरिने कर दिवसको नवौं श्रृङ्खलासम्म हामी आइपुगेका छौं । "स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन" भन्ने मूल नाराका साथ मनाउन लागिएको नवौं कर दिवसको अवसर पारेर विगत वर्षहरूमा जस्तै यस वर्ष पनि आर्थिक तथा कर प्रशासनसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरेर कर दिवस स्मारिका, २०७७ प्रकाशन गरिएको छ । यस "स्मारिका"मा कर, सार्वजनिक वित्त व्यवस्थापनमा लामो अनुभव हासिल गर्नु भएका र आर्थिक क्षेत्रमा कलम चाउनुहुने जानकार व्यक्तिहरूका मौलिक लेख/रचनाहरू समावेश गरिएको छ । प्रस्तुत लेख/रचनामा उल्लेख भएका विषयहरू लेखकका निजी विचार र दृष्टिकोण हुन् ।यसमा समावेश गरिएका लेख/रचनाहरू कर, सार्वजनिक वित्त व्यवस्थापन र राजस्व नीति तथा कानूनको निर्माण एवं कार्यान्वयनमा संलग्न हुने र यी विषयमा चासो राख्नेहरूका लागि केही हदसम्म सहयोगी भएमा पनि हाम्रो प्रयास सार्थक हुने आशा गरिएको छ । यस स्मारिका प्रकाशनका लागि निरन्तर रूपमा हामीलाई हौसलासहित सारगर्भित मार्गदर्शन प्रदान गर्नुहुने माननीय अर्थ मन्त्रीज्यू, श्रीमान् अर्थ सचिवज्यू, श्रीमान् सचिवज्यू (राजस्व) र विभागका महानिर्देशकज्यूमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै, आफ्ना अमूल्य लेख/रचना उपलब्ध गराई स्मारिका प्रकाशनको जिम्मेवारी पूरा गराउनका लागि सहयोग गर्नु हुने सम्पूर्ण लेखकहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**स्मारिका प्रकाशन व्यवस्थापन उप समिति**
नवौं राष्ट्रिय कर दिवस, २०७७

नेपाल सरकार
# अर्थ मन्त्रालय

मा. विष्णुप्रसाद पौडेल
अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

आन्तरिक राजस्व विभागले नवौं राष्ट्रिय कर दिवसको अवसर पारेर स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ।

सार्वजनिक वित्त व्यवस्थापनको लागि राजस्व परिचालन महत्वपूर्ण पाटो हो। समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्न राजस्व नीति पनि परिलक्षित हुनुपर्दछ। लगानीमैत्री वातावरणको निर्माण र उद्योग व्यवसाय प्रर्वद्धनको लागि राजस्व नीति र राजस्व प्रणालीले गहन भूमिका खेल्दछ। आन्तरिक करलाई राजस्वको मजबूत आधार बनाउन सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने र करदातामैत्री कर प्रशासन बनाउने काम भैरहेका छन्। प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सरल र सहज ढंगले कर तिर्नसक्ने वातावरणलाई थप बलियो बनाउदै जानुपर्नेछ।

सरकारले लिएका राजस्व नीति तथा कार्यक्रम, राजस्व प्रशासनसँग सम्बन्धित विभिन्न विषय, करदाताहरूका लागि आवश्यक जानकारी एवम् कर प्रशासनले गरेका काम कारवाहीका विषय अवगत गराउने खालका लेख रचनाहरू समावेश गरी यो स्मारिका प्रकाशन गर्नुभएकोमा म आन्तरिक राजस्व विभाग परिवारलाई धन्यवाद दिन चाहन्छु। स्वच्छ र पारदर्शी कर प्रणालीको विकासका लागि करसम्बन्धी सूचनामा करदाताको सहज पहूँच र कर भुक्तानी तथा फर्छ्यौट प्रक्रियाहरू बढी भन्दा बढी सरलीकरण हुनु आवश्यक छ। यसका साथै कर प्रशासनमा काम गर्ने कर्मचारीहरूको क्षमता विकास गरी व्यवसायिक र जनमुखी बनाउनु पनि उत्तिकै आवश्यक छ। राष्ट्रिय कर दिवसलाई विशेष गरी करसँग सम्बन्धित सूचना र कर सचेतना व्यापक रूपमा करदाता समक्ष पुऱ्याउने अभियानका रूपमा मनाउने गरिएकोले यस्ता प्रकाशनहरूले करसम्बन्धी जागरण ल्याउन महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु।

यो स्मारिका सरोकारवाला पाठकहरूलाई पठनीय र उपयोगी हुने विश्वास गर्दै नवौं राष्ट्रिय कर दिवसले राजस्व प्रशासनलाई दक्ष, व्यवसायिक, सदाचारयुक्त एवम् करदाता मैत्री कर प्रशासनको विकास गर्ने दिशामा थप उत्प्रेरणा र सहयोग प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विष्णुप्रसाद पौडेल
अर्थमन्त्री

२०७७ मंसिर

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

## शुभकामना

आन्तरिक राजस्व विभागले "**नवौं राष्ट्रिय कर दिवस, २०७७**" को अवसरमा राजस्व प्रशासन सम्बन्धी विषयहरुलाई समावेश गरी स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा हर्षित भएको छु। संविधानले परिलक्षित गरेको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व पूरा गर्न, विकासोन्मुख मुलुकमा स्तरोन्नत्ति हुन र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको श्रेणीमा पुऱ्याई "समृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय आकांक्षालाई मूर्त रूप दिन मुलुकको आन्तरिक स्रोतको आधार सवल बनाउन जरूरी भएको छ।

प्रक्रियागत सरलीकरण, प्रणालीगत सुधार र करदाता शिक्षा तथा सेवा प्रवाहमा गरिएका सुधारका कारण कर प्रशासन करदातामैत्री एवं लगानीमैत्री हुँदै गएको छ। तथापि, सबै करयोग्य आर्थिक कारोवारलाई करको दायरामा ल्याउने, करदाताको कर सहभागिताको लागत घटाउने, राजस्व चुहावटलाई नियन्त्रण गर्ने लगायतका चुनौति कायम रहेको सन्दर्भमा आगामी दिनमा करदातालाई प्रदान गरिने सेवा र करदाताको कर परिपालनाका लागि अवलम्बन गरिने नीति तथा रणनीति सोही तर्फ निर्देशित हुन जरूरी देखिएको छ।

कोभिड-१९ को विश्वव्यापी महामारीबाट भएको मानवीय र आर्थिक संकटका कारण प्रभावित क्षेत्रहरुको शीघ्र पुनरोत्थान हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गर्न सकेमा आर्थिक उपार्जनमा अभिवृद्धि भई केही हदसम्म नागरिकको अपेक्षा सम्बोधन गर्न सकिने छ। यस परिस्थितिमा आन्तरिक राजस्व विभागले कर सम्बन्धी नीति तथा क्रियाकलापलाई समायानुकूल पुनरावलोकन गरी लगानी अभिवृद्धि हुने एवम् पुँजी निर्माण तथा परिचालन गर्न सहयोग पुग्ने दिशामा केन्द्रित गर्नेछ भन्ने विश्वास मैले लिएको छु।

कर दिवसको अवसरमा प्रकाशन गर्न लागिएको यस स्मारिकामा समावेश भएका राजस्व प्रशासनसँग सम्बन्धित लेख रचनाबाट मुलुकको वित्त प्रणाली विशेषतः राजस्व प्रणालीको सुदृढीकरण र सवलीकरणका लागि अवलम्बन गरिएका प्रयास र भावि दिनमा गरिनुपर्ने सुधारसहितका तथ्यपरक एवं व्यवहारिक ज्ञानका लागि उपयोगी हुने पाठ्यसामग्रीको संकलनबाट समग्र राजस्व प्रशासन सम्बन्धी विषयमा सरोकार राख्ने व्यक्तिहरु लाभन्वित हुने अपेक्षाका साथ नवौं राष्ट्रिय कर दिवस, २०७७ को पूर्ण सफलताको कामना गर्दछु।

मितिः २०७७ मंसिर १

(शिशिर कुमार ढुङ्गाना)
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च न -

## शुभकामना

आन्तरिक राजस्व विभागले "स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन " भन्ने मूल नाराको साथ मनाउन लागेको नवौं राष्ट्रिय कर दिवसको उपलक्ष्यमा स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

आर्थिक पुनरुत्थान तथा समग्र विकासका लागि आवश्यक पर्ने ठूलो परिमाणको सार्वजनिक खर्चको महत्वपूर्ण र दिगो श्रोत आन्तरिक राजस्व परिचालन हो। नेपालमा आन्तरिक राजस्व संकलन गर्ने मुख्य जिम्मेवार निकाय आन्तरिक राजस्व विभाग हो ।

नेपालमा राजस्वको संरचनात्मक परिवर्तन भई परम्परागत आयातमा आधारित राजस्व प्रणाली आन्तरिक आयमा आधारित राजस्व प्रणालीमा रुपान्तरण भैरहेको छ ।आन्तरिक राजस्वको आधारलाई अझ सुदृढ गर्न राजस्व प्रणालीलाई पूर्वानुमानयोग्य, दिगो, लगानीमैत्री र प्रविधिमैत्री बनाउने गरी विभिन्न राजस्व नीतिहरु तर्जुमा गरी लागू गरिएका छन्। ती नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै कर संकलन तथा अन्य कार्यात्मक लक्ष्य हासिल गर्न आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुबाट हाल सम्म भएका प्रयासको सहाना गर्दै थप सक्रियता, दक्षता, इमान्दारिता र प्रभावकारीताको अपेक्षा गर्दछु ।

कोभिड-१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका लागि चालिएका कदमहरुवाट आर्थिक क्रियाकलापमा प्रतिकुल प्रभाव पर्न गई राजस्व संकलनमा कमी आएको छ । यस परिस्थितिमा हामी सबैले राजस्व संकलनको लक्ष्य हासिल गर्न थप क्रियाशिल रहनु जरुरी छ ।

अन्त्यमा, यो वर्षको कर दिवसले कर सहभागिता र कर प्रशासनको दक्षता अभिवृद्धि गर्न सफलता प्राप्त गर्न मद्दत पुऱ्याउने विश्वास लिएको छु ।राजस्व प्रशासनका विषयमा चासो राख्ने सबैमा स्मारिका उपयोगी हुने अपेक्षा गरेको छु ।

रामशरण पुडासैनी
सचिव(राजस्व)

२०७७ मंसिर

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.) ४२११९६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट : www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२, ४४१५८०३, ४४१५७१९
फ्याक्स नं. ४४११७८८
E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

पत्र संख्या :-
च.नं. :-

## शुभकामना

कर प्रणाली शुरुवातको छ दशक व्यतित गरिसकेको वर्तमानको हाम्रो कर प्रशासनले धेरै आरोह अवरोह पार गरिसकेको छ । यिनै आरोह अवरोहका बीच पनि कर जागरण र सचेतनाका माध्यमबाट कर सहभागितको प्रवर्धनले कार्यमा आन्तरिक राजस्व विभाग अहोरात्र लागि परेको छ । कर प्रशासन सुदृढीकरणका विश्वव्यापी कार्यसूचीहरु कराधारको विस्तार, करका दरहरुमा क्रमशः घटाउंदै लैजाने ,कानूनी एवं प्रकृयागत सरलीकरण र दक्ष तथा सक्षम जनशक्तिबाट करदातामैत्री व्यवहार प्रदर्शन गर्दै कर परिपालनाको स्तर बढाउने तर्फ विभागका गतिविधि र कार्ययोजनाहरु परिलक्षित गरिएका छन् ।

स्वेच्छिक कर सहभागिताको प्रवर्धनका लागि विभागले करदाता शिक्षा, सचेतना र कर जागरण ल्याउने खालका रचनात्मक क्रियाकलापहरु संचालन गर्ने पद्दतिको थालनी स्वरुप कर दिवशलाई सप्ताहव्यापी रुपमा मनाउने कार्यले करिव दशकको अवधि पूरा गर्न लागेको छ । यसै कार्यको निरन्तरता स्वरुप हामीले **"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन"** भन्ने नाराका साथ नवौं कर दिवश सप्ताहव्यापी रुपमा मुलुकभरबाट मनाउदै छौं। यही दिवशको अवसर पारेर विभागले **कर दिवश स्मारिका, २०७७** प्रकाशन गर्न पाउंदा मलाई अत्यन्त खुशी लागेको छ । सर्व प्रथमत म यस स्मारिकामा लेख रचना उपलब्ध गराएर सो मार्फत कर प्रशासनको विकास र आधुनिकीकरणका लागि हामीलाई रचनात्मक सुझाव प्रस्तुत गरिदिनु भएकोमा लेखक महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

कर शिक्षालाई प्रवर्धन गरी कर सहभागितामा बृद्धि र कराधार विस्तार गर्न कार्य हाम्रो मुख्य जिम्मेवारी हो । यही जिम्मेवारी पूरा गर्ने एक माध्यमको रुपमा कर दिवशको सन्दर्भ पारेर यो स्मारिका प्रकाशन गरिएको छ । यसमा स्मारिकामा समावेश गरिएका लेख रचनाहरुले कर प्रशासन र प्रणालीका बारेमा चासो राख्ने आम करदाता, कर प्रशासक लगयत अन्य सरोकारवालाहरुका लागि उपयोगी हुनेछन भन्ने मेरो विश्वास रहेको छ ।

अन्त्यमा यस स्मारिकामा आफ्नो शुभकामना सहित हामीलाई मार्गदर्शन प्रदान गर्नु हुने माननीय अर्थ मन्त्रीज्यू, श्रीमान् अर्थ सचिवज्यू, श्रीमान् सचिवज्यू (राजस्व) मा हार्दिक आभार व्यक्त गर्दछु ।साथै यो स्मारिका प्रकाशनको जिम्मेवारी पूरा गर्ने स्मारिका प्रकाशन व्यवस्थापन उप समितिका पदाधिकारीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

२०७७ मंसिर १

बिनोद बहादुर कुंवर
महानिर्देशक

# विषयसूची


| सि नं. | शीर्षक (नेपाली खण्ड) | लेखकको नाम | पेज न |
|---|---|---|---|
| १ | स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन | विनोद बहादुर कुँवर | १ |
| २ | नेपालमा मध्यमकालीन खर्च संरचना तर्जुमाः एक विश्लेषण | यमलाल भूसाल | ९ |
| ३ | संघीय संरचनामा कर प्रशासन | मुक्तिप्रसाद पाण्डे | १५ |
| ४ | सार्वजनिक खरिदः समस्या कानून कि परिवेश ? | थानेश्वर गौतम | २१ |
| ५ | करक्षेत्रका केही विषयमा न्यायिक दृष्टिकोण | अच्यूतमणि नेउपाने | २७ |
| ६ | वित्तीय संघीयताः नेपालको अभ्यास र चुनौती | डा. शान्तराज सुवेदी | ३९ |
| ७ | सार्वजनिक खरिदमा करसम्बन्धी पक्षहरू | सुरेश प्रधान | ५८ |
| ८ | प्रदेश सरकारको राजस्व प्रशासनः अभ्यास, समस्या र सम्भावना | राममणि दुवाडी | ६६ |
| ९ | नेपालमा विद्युतीय व्यापार (ई-कमर्श) र कर | पदमकुमार श्रेष्ठ | ७५ |
| १० | प्रशासकीय पुनरावलोकनः कानूनी एवम् प्रकृयागत व्यवस्थासम्बन्धी सामान्य जानकारी | जगदीश बसेल | ८३ |
| ११ | नेपाल बाहिरबाट प्रदान गरेको सेवामा मूल्य अभिवृद्धि कर : कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था | सूर्यप्रसाद पोखरेल | ९१ |
| १२ | राजस्वमा सूचना प्रविधि प्रणालीः घरबाटै दर्ता अनलाइनबाटै भुक्तानी | चुडामणि ढुङ्गाना | ९९ |
| १३ | करसम्बन्धी विवादमा न्यायिक दृष्टिकोण | निर्मला शर्मा सुवेदी | १०८ |
| १४ | राजस्व परिचालनमा कोभिड-१९ को प्रभाव र चुनौती | रमेश अर्याल | ११८ |
| १५ | डिजिटल अर्थतन्त्र र कर | ऋषिराम पोखरेल | १२६ |
| १६ | डिजिटल नेपाल अभियानमा आन्तरिक राजस्व विभागको भूमिका | मोहन सिंह बस्नेत | १३३ |
| १७ | नेपालमा पुँजी बजारको परिदृष्य | युक्त सुवेदी | १४१ |
| १८ | म्युचुअल फन्डको बहुआयमिक लाभ | भीमप्रकाश देवकोटा | १५६ |

| सि नं. | शीर्षक (नेपाली खण्ड) | लेखकको नाम | पेज न |
|---|---|---|---|
| १९ | सम्पत्ति शुद्धीकरण निवारणः एक विश्लेषण | घनश्याम भुसाल | १६२ |
| २० | रोजगारी र कराधार दुवैमा वृद्धिः ई-कमर्स | भवनाथ दाहाल | १६८ |
| २१ | अन्तःशुल्क बढाएर धूमपानका अम्मली घटाउने पक्षमा बहस | देवीप्रसाद शर्मा | १७७ |
| २२ | सहकारी संस्थाको अवस्था | रामचन्द्र पौडेल | १८४ |
| २३ | आर्थिक वृद्धिको स्थिरताका लागि कोभिड १९ को व्यवस्थापन | रामबहादुर के.सी. | १९३ |
| २४ | मूल्य अभिवृद्धि करमा कर कट्टी एवं फिर्ता र यसको परीक्षण | टीकानाथ अर्याल | २०० |

| सि नं. | शीर्षक (अङ्ग्रेजी खण्ड) | लेखकको नाम | पेज न |
|---|---|---|---|
| १ | Mitigating Revenue Risk | Narayan Silwal | २१३ |
| २ | Strategic Partnership: Concept and Implication in Public Enterprises of Nepal | Kamala Kharel | २१८ |
| ३ | Digital Transformation of Tax Administration. | Ramesh Subedi | २२६ |
| ४ | Impact of COVID-19 in Revenue Administration of Nepal: A Desk Review | Teeka Upadhyaya | २३२ |
| ५ | Blockchain Technology and Its Potential in Taxes | Sushil Lamsal | २४० |

| सि नं. | शीर्षक (कविता खण्ड) | लेखकको नाम | पेज न |
|---|---|---|---|
| १ | "यस्तो होस् राजस्व प्रशासन" | केशव बस्ताकोटी | २४५ |

# स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासनः

✍ बिनोद बहादुर कुँवर*

**विषय प्रवेश**

समृद्ध नेपाल र सुखी नेपालीका लागि मुलुकको वित्त नीतिको प्रमुख उपकरण कर राजस्व अन्तर्गत आन्तरिक राजस्व परिचालनको महत्त्वपूर्ण स्थान रहन्छ । समृद्ध नेपाल निर्माणका लागि करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर तर्जुमा गरिएको राजस्व नीतिका उद्देश्य पूरा गर्न स्वच्छता, समानता, तटस्थता र पारदर्शिता कायम गरी कर प्रशासन र करदाताबीच आपसी विश्वासको वातावरणमा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर कानूनको परिपालनामा जोड दिने, सरल, सहज र सुलभ करदाता सेवाद्धारा बढीभन्दा बढी कर संकलन गरी आन्तरिक राजस्व परिचालन गर्नु आवश्यक भएको छ । यस अवधारणालाई आत्मसात् गर्दै उत्कृष्ट सेवा प्रवाहद्धारा प्रविधिमैत्री, लगानीमैत्री र करदातामैत्री कर प्रणालीको कार्यान्वयन गर्दै सशक्त, व्यावसायिक र दक्ष कर प्रशासनको परिचय दिन कर प्रशासन अग्रसर हुन जरुरी छ ।

मुलुकको वित्त संरचनालाई अनुकूल बनाउँदै समष्टिगत आर्थिक स्थायित्व कायम गराउने दिशामा नेपालको कर प्रणाली अग्रसर रहेको छ । सरल, सहज र उत्कृष्ट सेवाबाट सन्तुष्ट र सुखी नागरिक हुन अन्ततः आन्तरिक स्रोतका रूपमा रहेको करकै भर पर्नुपर्ने हुन्छ ।

संघीय नेपाललाई विकसित, समृद्ध र न्यायपूर्ण बनाउनका लागि आन्तरिक स्रोतको आवश्यकता र करको महत्त्व सबै नागरिकको घरघरसम्म पुऱ्याउन करको स्वैच्छिक सहभागिताद्धारा समृद्ध देश निर्माणमा सहयोग पुग्नेछ ।

**कर प्रशासनको संरचना**

विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हित अनुकूल बनाउँदै नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधार गर्न नेपालको सार्वजनिक व्यवस्थापनको क्षेत्रमा आन्तरिक राजस्व विभाग एक आधुनिक संगठनको रूपमा रहेको छ । फराकिलो कराधार, पारदर्शी एवं न्यायोचित कर प्रणालीमार्फत आर्थिक-सामाजिक विकासमा सहयोगी एवं सबल संगठनको रूपमा विकास गर्ने सोच राखेर समतामूलक, प्रगतिशील, पारदर्शी, र पूर्वानुमानयोग्य कर प्रणालीको सुनिश्चितामार्फत आन्तरिक राजस्व परिचालन गर्ने कार्यमा यस विभागको भूमिका महत्त्वपूर्ण रही आएको छ । नेपाल सरकारको कुल राजस्वमध्ये करिब आधा हिस्सा यस विभागबाट सङ्कलन हुने गरेको छ । विभागले आयकर, मूल्य अभिवृद्धि कर र

* *महानिर्देशक, आन्तरिक राजस्व विभाग*

अन्तःशुल्क लगायतका कर कानूनको प्रशासन गर्दै आएको छ । यस विभाग अन्तर्गत कुल ८४ वटा कार्य सञ्चालनस्तरका कार्यालय (१ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालय) मार्फत करदाताको समीपमा रही सेवा प्रदान गर्रिंदै आएको छ ।

**करसम्बन्धी नीति, रणनीति र कार्य प्रणाली**

**नीति**

कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी आयातमा निर्भर कर संकलनको प्रवृतिलाई आन्तरिक क्रियाकलापमा आधारित कर राजस्वमा रूपान्तरण गर्ने ।

वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी कर प्रणाली विकास गरी निजी लगानीमैत्री वातावरण सृजना गर्ने ।

सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दायरा फराकिलो बनाउने ।

दक्ष, व्यावसायिक, स्वच्छ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण तथा सूचना प्रविधिको प्रयोग बढाई करदाताको स्वेच्छिक सहभागिता अभिवृद्धि गर्ने ।

करका नवीन क्षेत्रको पहिचान गर्ने ।

**रणनीति**

आन्तरिक राजस्व विभागले दोस्रो रणनीतिक योजनामार्फत समग्र कर प्रशासनलाई सुदृढ तुल्याउन देहायका ४ वटा क्षेत्रमा समग्र सुधार गर्ने रणनीति लिएको छः

**क) कर नीतिहरूमा सुधार**

- लगानी र आर्थिक वृद्धिमा सघाउ पुग्ने ढंगले कर नीतिको सुधार गर्ने ।
- कराधारलाई व्यापक र सुरक्षित बनाउने ।
- कर कानून र प्रक्रियागत ढाँचाको सामञ्जस्य गर्ने ।
- नीति सिफारिसका लागि अनुसन्धान र विकासलाई पुनर्जीवित गर्ने ।

**ख) करदाता सेवा र शिक्षामा सुधार**

- कर सहभागिता र प्रशासनिक लागत घटाउन करदाता सेवामा सुधार गर्ने ।
- करसम्बन्धी सामग्री र सूचनाको विकास तथा अद्यावधिक गरी प्रसार गर्ने ।
- करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सेवा प्रवाह सम्बन्धमा सरोकारवालाहरूसँग सहकार्य गर्ने ।

**ग) सवलीकरण संयन्त्रको अभिवृद्धि**

- सूचना सञ्जालमा सुधार ।
- करको दायरामा नआएका करदाताको पहिचान र मूल्याङ्कन गर्ने ।
- उच्च जोखिम वहन गर्ने करदाताको कर परीक्षण र अनुसन्धान गर्ने ।
- नियामक र अनुसन्धान गर्ने अन्य निकायहरूसँग समन्वय गर्ने ।

**घ) संगठन तथा प्रणालीको सुदृढीकरण**

- संगठन संरचनामा सुधार गर्ने ।
- पेशागत र विशिष्टीकृत मानवस्रोतको संस्थागतीकरण गर्ने ।
- संस्थागत क्षमता सुदृढीकरण गर्ने ।
- पूर्ण क्षमताको विद्युतीय शासन प्रणालीको उपयोग गर्ने ।

## कार्य प्रणाली

आन्तरिक राजस्व विभागले कर नीति एवं कानून तर्जुमाको मस्यौदा तयार गर्ने, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क तथा अन्य कर नीति तथा कानूनहरूको कार्यान्वयन गर्दछ । करको दायरा विस्तार गर्ने, करदाताको स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न आवश्यक कार्यप्रणाली तथा कार्यक्रम लागू गर्ने, कर कानूनको परिपालना भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर जोखिममा आधारित भई कर कानूनहरूको कार्यान्वयन गर्ने, गराउने कार्य गर्दै आइरहेको छ ।

यस सन्दर्भमा आन्तरिक राजस्व व्यवस्थापन गर्ने, सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने, सबै करदाताको पहिचान दिने गरी स्थायी लेखा नम्बर जारी गर्ने, स्वयं कर निर्धारण प्रणालीलाई व्यवस्थित गर्दै सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, सूचना प्रविधिको उपयोगबाट करदाता र कर प्रशासनको प्रत्यक्ष सम्पर्क घटाउँदै कर सहभागिता बढाउने, कर संकलन लागत घटाउने, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन जोड दिनेजस्ता कार्यनीति तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विभाग र अन्तरगतका कार्यालयको कार्य सञ्चालन प्रक्रियामा कार्यमूलक कार्यप्रणाली अवलम्बन गरिएको छ । विभागले देहायका ऐन, नियमहरूको प्रशासन गर्दै आएको छः

| ऐनहरू | नियमहरू |
|---|---|
| आयकर ऐन, २०५८ | आयकर नियमावली, २०५९ |
| मूल्य अभिवृद्धि कर ऐन, २०५२ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ |
| अन्तःशुल्क ऐन, २०५८ | अन्तःशुल्क नियमावली, २०५९ |
| मदिरा ऐन, २०३१ | मदिरा नियमहरू, २०३३ |
| साल बसाली आर्थिक ऐन | |

## प्रविधिमैत्री कर प्रणाली

करदाताले निर्वाह गर्नुपर्ने कर दायित्व परिपालनाका अधिकांश कार्यको लागि कर कार्यालयसम्म जानु नपर्नेगरी एकीकृत कर प्रणाली (Integrated Tax System - ITS) सञ्चालनमा रहेको छ जसको प्रयोग गरेर कर अधिकृतले कर प्रशासनका सबैजसो कार्यहरू गर्दछन् । करदाताले मुख्यतः निम्न कार्य अनलाइन मार्फत सम्पन्न गर्न सक्ने व्यवस्था गरिएको छः

- व्यक्तिगत स्थायी लेखा नम्बर (Personal PAN) दर्ता गर्ने तथा व्यावसायिक स्थायी लेखा नम्बर (Business PAN) दर्ताको लागि निवेदन दिने ।
- आवधिक कर विवरण तथा आय विवरण पेश गर्ने तथा रुजु गर्ने ।
- कर रकम भुक्तानी गर्ने ।
- आफूले पेश गरेको विवरण तथा भुक्तानी गरेको कर विवरण चाहेको समयमा प्राप्त गर्ने ।

आन्तरिक राजस्व विभागको वेवसाइटमार्फत करदाता शिक्षा लगायत करसम्बन्धी सबैजसो जानकारी व्यवस्थित रूपमा राखिएको छ । सरोकारवाला निकायले वेब इन्टरफेसमार्फत कुनै करदातालाई प्रदान गरिएको स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाणपत्रको वैधानिकता परीक्षण गर्न सक्ने व्यवस्था गरिएको छ । करदाता प्रशासन, कर परीक्षण तथा अनुसन्धानको लागि आवश्यक विभिन्न जानकारी विद्युतीय प्रणालीबाट प्राप्त गर्न सकिने गरी एकीकृत कर प्रणालीमा निरन्तर परिमार्जन गरिएको छ । मोबाईल एपको विकास गरिएको छ । कार्यसम्पादनको आधारमा कार्यालयको मूल्याङ्कन गर्नको लागि लक्ष्य निर्धारण, कार्य प्रगति प्रविष्टी तथा रिपोर्टिङ्गको कार्य सफ्टवेयरमार्फत हुने गरेको छ । महालेखा नियन्त्रकको कार्यालय, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, राष्ट्रिय सूचना प्रविधि केन्द्र, भन्सार विभाग तथा कम्पनी रजिष्ट्रार कार्यालय लगायतका संस्थासँग Web API मार्फत सूचना प्रविधि प्रणालीहरू बीच अन्तरआवद्धता कायम गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको अग्रसरतामा तयार गरिएको नागरिक मोबाइल एपसँग करदाताको विवरणहरू अन्तरआवद्ध गरिएको छ । राजस्व संकलन गर्ने बैंकबाट नै साना करदाताको कर दाखिलासँगै आय विवरण (डे-०१) समेत बुझाउन सक्ने व्यवस्था गर्नुका साथै आन्तरिक राजस्व विभागमा ठूला करदाता लगायतले पेश गरेको आय विवरण (डे-०३) को जानकारी जुनसुकै बैंकबाट ऋण स्वीकृत गर्नुपूर्व सम्बन्धित बैंकको आधिकारिक कर्मचारीले हेरेर निर्णय गर्ने व्यवस्था लागु गरिएको छ । करदाताहरूले जारी गरेको बिलिङ्गमा अनलाइनबाटै विभागको पँहुच पुऱ्याउन केन्द्रीय बीजक अनुगमन प्रणाली (Central Billing Monitoring System- CBMS) लागू गरिएको छ ।

## कर प्रशासन, लेखापरीक्षक र व्यवसायीबीच Faceless कारोबार गर्न अवलम्बन गरिएका प्रयासः

करदाताले स्वयम् कर निर्धारण (Self-Assessment) गरी कर दायित्व यकिन गर्ने र कर विवरण पेश गर्ने सुविधा रहेको, निर्धारित कर रकमबमोजिमको कर e-Payment को प्रयोग गरी भुक्तानी गर्न सक्ने व्यवस्था वेब एप्लिकेसन तथा मोबाइल एपमा उपलब्ध रहेको, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा

प्रमाणपत्र नवीकरण गरेको (COP Validation with ICAN) लेखापरीक्षकद्वारा लेखा परीक्षण भएको करदाताको आय विवरणमात्र एकीकृत कर प्रणालीमार्फत पेश गर्न सकिने गरी प्रणाली अन्तरआवद्धता (System Interconnection/Integration) कायम गरिएको छ ।

**प्रकृयागत सरलीकरण**

करदातालाई स्वच्छ र पारदर्शी सेवा प्रवाहको लागि कार्य प्रकृयामा एकरूपता कायम गर्ने उद्धेश्यले विभागले कार्य सञ्चालन निर्देशिका लगायत कर कानूनसँग सम्बन्धित निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । ती निर्देशिकाहरूमा समसामयिक परिमार्जन गरिंदै आएको छ । यस प्रकारको निर्देशिकाहरूले कर प्रशासनलाई स्वच्छ तथा पारदर्शी बनाउन सहयोगी भूमिका निर्वाह गरेको छ । हाल कार्यान्वयनमा रहेको मुख्य निर्देशिकाहरू देहायबमोजिम रहेका छन्ः

(क) आयकर निर्देशिका, २०६६(तेस्रो संशोधन, २०७७)

(ख) मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९(दोस्रो संशोधन, २०७६)

(ग) अन्तःशुल्क निर्देशिका, २०६८(दोस्रो संस्करण, २०७६)

(घ) जग्गाजग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६)

**आगामी सुधारको सोंच**

अबका दिनमा आन्तरिक राजस्व विभागले निम्न क्षेत्रमा सुधारका कार्यहरू गर्नुपर्ने छः

**१. कर प्रणाली सुधार**

अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवर्तित परिवेशलाई समेत आत्मसात गर्दै कर कानूनमा समय सापेक्ष सुधार गर्नुपर्ने छ । सूचना, प्रमाण र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यवोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली अवलम्वन गर्नुपर्ने छ । अन्तर्राष्ट्रियस्तरको स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका र स्वामित्व परिवर्तनसम्बन्धी निर्देशिका निर्माण गर्नुपर्ने छ ।

**२. कार्य प्रणाली सुधार**

कर प्रणालीको प्रक्रियागत सरलीकरणका लागि प्रविधिमैत्री वातावरण सृजना गर्नुपर्ने छ । विभाग तथा मातहत कार्यालयहरूबाट करदाता शिक्षा, सूचना, सञ्चार, बजार सर्वेक्षण तथा अनुगमन, अन्तरक्रिया लगायत अन्य जागरणका कार्यहरू गर्नुपर्ने छ । करदातालाई करसम्बन्धी पालना गर्नुपर्ने विषयसम्बन्धी जानकारी सहजरूपमा उपलब्ध गराउन करदाता शिक्षा सामाग्रीहरूमा समसामयिक परिमार्जन गर्दै

विभागको वेवसाइटमा अद्यावधिक गर्नुपर्ने छ ।

### ३. करको दायरा विस्तार

करको दर बढाउने भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउन करयोग्य आयआर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई बढ्दो विद्युतीय व्यापार लगायतका थप करदातालाई करको दायरामा ल्याउनु पर्ने छ । करदाताहरूले जारी गरेको बिलिङ्गमा अनलाइनबाटै विभागको पँहुच पुऱ्याउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको केन्द्रीय बीजक अनुगमन प्रणाली (Central Billing Monitoring System- CBMS) लाई सबै करदाताहरूले लागू गरेकोमा बीजक जारी नहुने हालको समस्या समाधान गर्नुपर्ने र यसलाई सूचनाको रूपमा उपयोग गरी कर सहभागिता र कर परिपालनाको अवस्था अध्ययन एवं विश्लेषण गर्दै करको दायरा बढाउने तर्फ विभाग अग्रसर हुनुपर्नेछ ।

### ४. कर परिपालनामा सुधार

कर कानूनको परिपालना नगर्ने व्यक्तिलाई सूचना प्रविधिको माध्यमबाट अनुगमन गर्ने प्रणालीको विकास गर्नुका साथै कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्वर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्थालाई अझ ब्यापक बनाइने र व्यावसायिक प्रयोजनका लागि निश्चित रकमभन्दा बढीको ऋण लिंदा वा भुक्तानी गर्दा सोको जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था गर्नुपर्ने छ । करदाता शिक्षा तथा जागरण अभियानको माध्यमबाट कर परिपालना बढाउने कार्यलाई अभियानको रूपमा अगाडि बढाइने छ ।

### ५. न्यून बीजकीकरण नियन्त्रण

ठूला करदाताहरूले जारी गर्ने कर बीजकलाई अनिवार्यरूपमा कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नुपर्ने व्यवस्था गर्नुपर्ने छ । व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्यांकन, घर जग्गा जमिनको खरिद बिक्रीमा मालपोत कार्यालयमा हुने मूल्यांकन, बजारमा बस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून घोषणा नियन्त्रण गर्न सम्बद्ध सबै क्षेत्रसँगको सहकार्यमा कार्य अगाडि बढाउनु पर्नेछ । आयात तथा आन्तरिक बजारमा हुने न्यून बीजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गर्नुपर्ने छ ।

### ६. कर सूचना सञ्जाल र अनुसन्धान

उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग विभाग, बाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका,

उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमवाट दर्ता कै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोवार गर्न नपाइने गरी कर सूचना सञ्जाल स्थापना गर्नुपर्ने छ । आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्जाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

### ७. सूचना प्रविधिको प्रयोग

कर प्रशासनवाट प्राप्त हुने सेवामा करदाताहरूको सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकास गर्दै करसम्बन्धी सवै कार्य सूचना प्रविधि प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासन बीचको भौतिक सम्पर्कलाई न्यून गर्दै लैजानु पर्ने छ । विद्युतीय भुक्तानी मार्फत राजस्व दाखिला गर्न सक्ने व्यवस्थालाई अझ व्यापक र विस्तारित रूपमा सञ्चालन गर्नेपर्ने छ ।

### ८. संगठनात्मक तथा भौतिक व्यवस्था

आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विशेषज्ञतालाई ध्यान दिई विभागको विद्यमान संगठन, जनशक्ति र कार्यप्रणालीको पुनरावलोकन गरी सांगठनिक संरचनालाई अझ बढी सुदृढ गर्दै करदातामैत्री सेवा सञ्चालनका लागि सुविधाजनक संरचना निर्माण गर्नुपर्ने छ ।

## स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनको चुनौतीहरू

सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई फराकिलो कराधार बनाउने नीति अवलम्बन गरिए तापनि अझै पनि अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो मात्रामा रहेको छ । आन्तरिक राजस्व परिचालन अभिवृद्धि गर्न यो अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउनु अपरिहार्य छ । विश्वमा बढदो रूपमा फैलिएको विद्युतीय माध्यमबाट गरिने खुद्रा व्यापारको देशको भौगोलिक सीमा विहीन स्वरूपले त्यस्ता कारोबारमा करारोपण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । विल बीजक जारी नगर्ने, न्यून मूल्यको बीजक जारी गर्ने, अधिक मूल्यको बीजक जारी गर्ने, सम्पत्तिको मूल्यांकन घटी बढी गर्ने र नक्कली विल बीजक जारी गर्ने जस्ता प्रवृतिले अनौपचारिक कारोबारलाई प्रश्रय दिई राखेको परिप्रेक्ष्यमा यसरी करको परिपालना नगरी कर छली गर्ने कार्यलाई निरुत्साहन गर्न कर प्रशासनले कडा कारवाही गर्नुको विकल्प हुने छैन । कर परिपालना बढाउन कर सहभागिताको लागत घटाउनु पर्ने हुन्छ भने कर प्रशासनले प्रविधिमैत्री व्यावसायिक जनशक्तिको विकास गरी पारदर्शिता र सदाचारिता कायम गर्नुपर्ने हुन्छ ।

## आन्तरिक राजस्व विभागको प्रतिवद्धता

गुणस्तरीय कर परीक्षण एवं प्रभावकारी अनुसन्धान मार्फत स्वच्छ एवं पारदर्शी व्यवसायिक र करदातामैत्री वातावरण कायम गर्न र प्रविधि सुधार मार्फत सेवा प्रवाहको सरलीकरण र कर सहभागिता लागत घटाउन आन्तरिक राजस्व विभाग सदैव प्रतिबद्ध रहेको छ । सूचना प्रविधिको अधिकतम सुविधा प्रयोग गर्दै

प्रविधिमैत्री कर प्रशासनको विकास गरी करदातालाई विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने प्रणालीको शुरुवात गरी सेवाको लागि कार्यालयमा नै जानुपर्ने बाध्यताको अन्त्य गर्ने तर्फ विभाग कटिबद्ध रहेको छ । इन्टरनेटको बढदो प्रयोगसंगै अनलाइनबाट सामान किनमेल गर्ने प्रचलन बढेको परिप्रेक्ष्यमा विद्युतीय माध्यमबाट हुने व्यापारलाई करको दायरामा ल्याउन नीतिगत तथा कानूनी व्यवस्था मार्फत विभागले आवश्यक कदम अगाडि बढाउनेछ ।

**निष्कर्ष**

अन्तर्राष्ट्रियस्तरमा अवलम्बन गरिएका करको नयाँ सिद्धान्त तथा व्यवहारलाई समेत आत्मसाथ गर्दै कुल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाउन कर प्रणालीको सबलीकरण अति आवश्यक छ । स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन नै एउटा यस्तो आधार हो जस्ले सूचना प्रविधिको प्रयोग मार्फत कर सहभागिता अभिवृद्धि बढाउनका साथै न्यायोचित कर व्यवहारमा महत्त्वपूर्ण भमिका खेल्ने छ । डिजिटल अर्थतन्त्र तथा अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन प्रचलित कर कानूनहरूमा समसामयिक संशोधन एवम् परिमार्जन गर्नुपर्ने हुन्छ । करदातालाई कर तिर्न सरल प्रक्रियाको जरुरी छ । यसको लागि प्रविधिमैत्री कर व्यवहारको विकास नै एउटा उत्तम उपाय हो । देशको अर्थतन्त्रलाई सबल बनाउन स्रोत, साधनको प्रभावकारी परिचालन गरी मुलुकलाई आवश्यक पर्ने स्रोत, साधनको व्यवस्था गर्न समग्र कर प्रशासनले स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रणाली अवलम्बन गर्न जरुरी देखिएको छ । मुलुकमा करदातामैत्री, लगानीमैत्री र प्रविधिमैत्री कर प्रणालीको माध्यमद्वारा आन्तरिक उत्पादनलाई जोड दिदैं आन्तरिक राजस्वको स्रोतको सुनिश्चितताको लागि डिजिटल कर प्रणालीको विकास गरी कर प्रशासनलाई प्रविधिमैत्री बनाउनु नै आजको आवश्यकता रहेको छ ।

# नेपालमा मध्यमकालीन खर्च संरचना तर्जुमाः एक विश्लेषण

✍ यमलाल भूसाल*

## १. पृष्ठभूमि

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भइसकेपछि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ जारी भयो र यसले मध्यमकालीन खर्च संरचना तर्जुमालाई अनिवार्य गऱ्यो । ऐनमा गरिएको यो व्यवस्थाले विगतमा अवलम्बन गरिएको बजेट तर्जुमा एवम् कार्यान्वयन प्रक्रियामा उल्लेख्य परिवर्तन हुन पुग्यो । यसले वार्षिक बजेट तर्जुमा गर्ने कार्य र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यलाई कानूनी रूपमा नै अन्तर्सम्बन्धित बनायो । उक्त कानूनी व्यवस्थाअनुसार बजेटसँगै मध्यमकालीन खर्च संरचना तर्जुमा गरी संघीय संसदमा पेश गर्ने कार्यको शुरुआत भएको छ । दशौं योजनाको कार्यान्वयनलाई व्यवस्थित गर्न नेपालमा मध्यमकालीन खर्च संरचनाको शुरुवात गरियो । तर त्यतिखेर यसलाई कानूनले बाध्यकारी नबनाइएकोले आशातीत रूपमा व्यवस्थित गर्न नसकिएको यथार्थतालाई नजर अन्दाज गर्न सकिंदैन । यस कार्यमा आगामी दिनमा थुप्रै कार्यहरू गर्नु आवश्यक देखिएको र सो आवश्यकता पूरा गर्न हाल लागू भएको नयाँ ऐनले ठूलो सहयोग गर्नेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

सार्वजनिक वित्त भित्रका समग्र आयामलाई दिगो र यथार्थपरक बनाउन राजस्व, खर्च र सार्वजनिक ऋण परिचालनमा निरन्तर रूपमा सुधारका कदमहरू अगाडि बढाउनुपर्ने आवश्यकता छ । तर राजस्व, खर्च र सार्वजनिक ऋण परिचालनको नीति, विधि र प्रक्रियामा कसरी सुधार गर्ने, कसरी यसलाई बढी वस्तुपरक बनाउने र राज्यले लिएका लक्ष्यहरू हासिल गर्ने दिशातर्फ कसरी यसलाई अघि बढाउने भन्ने विषयमा विगतदेखि सुधारात्मक कदम चालिएको भए तापनि अझै पनि यसमा थुप्रै कार्यहरू गर्न बाँकी छ । मध्यमकालीन खर्च संरचनाको अवलम्बन र अभ्यासलाई सार्वजनिक वित्त व्यवस्थापनमा गरिने सुधारको एक महत्त्वपूर्ण कडिको रूपमा लिन सकिन्छ ।

यस लेखमा मध्यमकालीन खर्च संरचना लागू गर्ने क्रममा विगतमा भएका प्रयास, वर्तमान अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमका विषयमा विश्लेषण गर्ने प्रयाश गरिएको छ ।

## २. मध्यमकालीन खर्च संरचनाको आवश्यकता

नेपालले योजनाबद्ध विकासको अभियान शुरु गरेको ६ दशकभन्दा बढी भएको छ । योजना चक्र अन्तर्गत आवधिक योजना तर्जुमा गर्ने, पाँच वर्षका लागि आर्थिक परिसूचकहरूका लक्ष्यहरू निर्धारण गर्ने,

* *सह सचिव, अर्थ मन्त्रालय*

विकासका नीति एवम् रणनीतिहरू निर्माण गर्ने र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्ने, योजनाको आवधिक समीक्षा गर्ने र नयाँ योजना निर्माणका लागि नयाँ गन्तव्यको पहिचान गर्ने जस्ता कार्यहरू पर्दछन् ।

आवधिक योजनाले निर्धारण गरेका लक्ष्यहरू प्राप्त गर्ने वास्तविक औजार सरकारको वार्षिक बजेट नै हो । तर बजेट तर्जुमा गर्ने क्रममा वार्षिक रूपमा आर्थिक एवम् वित्तीय लक्ष्यहरू निर्धारण गर्दा आवधिक योजनाले तय गरेको सोंच एवम् लक्ष्यलाई आन्तरिकीकरण गरियो वा गरिएन भन्ने कुराको सुनिश्चितता कायम गर्न योजना र बजेटको वीचमा कुनै एउटा पुलको आवश्यकता पर्दछ । मध्यमकालीन खर्च संरचनाले योजना र बजेटको वीचमा अन्तरसम्बन्ध कायम गर्ने पुलको कार्य गर्दछ । यसले आवधिक योजनाका लक्ष्यहरूलाई वार्षिक रूपमा विस्तृतीकरण गरी प्रत्येक वर्ष कति उपलब्धि हासिल भयो वा भएन त्यसको लेखा जोखा समेत गर्दछ । हरेक वर्ष अद्यावधिक हुँदै गरेको मध्यमकालीन खर्च संरचना बढी वस्तुनिष्ठ र व्यवहारिक हुने गर्दछ ।

आवधिक योजनाको सफल कार्यान्वयन, समग्र अर्थतन्त्रको आन्तरिक एवम् वाह्य सन्तुलन निर्माण, राजस्व, खर्च र सार्वजनिक ऋणको वस्तुनिष्ठ र व्यवहारिक परिचालन, योजना र बजेट वीचको अन्तर सम्बन्ध निर्माण जस्ता कार्यको लागि मध्यमकालीन खर्च संरचनाको टड्कारो आवश्यकता देखिएको छ ।

### ३. मध्यमकालीन खर्च संरचना: विभिन्न खाका (Frameworks) हरूको संयोजन

मध्यमकालीन खर्च संरचना पूर्ण रूपमा कार्यान्यनयोग्य बनाउनका लागि निम्न चारवटा खाकाहरू निर्माण गर्न आवश्यक पर्दछ-

- वित्तीय उद्देश्य तथा रणनीति (Fiscal Objectives and Strategy)
- मध्यमकालीन समष्टिगत आर्थिक खाका (Medium Term Fiscal Framework, MTFF)
- मध्यमकालीन बजेटरी खाका (Medium Term Budgetary Framework, MTBF)
- वार्षिक बजेट (Annual Budget)

**वित्तीय उद्देश्य तथा रणनीति (Fiscal Objectives and Strategy)**

संविधान, प्रचलित ऐन, नियम, सरकारले गरेका घोषणाहरू एवम् आवधिक योजनाका आधारमा सरकारको वित्तीय उद्देश्य तथा रणनीति निर्माण गरिन्छ । मध्यमकालीन खर्च संरचनाको सबैभन्दा महत्त्वपूर्ण विषय नै यही हो । यी उद्देश्य र रणनीतिका आधारमा तीन आर्थिक वर्षका लागि विभिन्न क्षेत्रगत लक्ष्यहरू निर्धारण गरिन्छ । आवधिक योजना आर्थिक विकासको रणनीतिक दस्तावेज रहेकोले मध्यमकालीन खर्च संरचनाको वित्तीय उद्देश्य र रणनीति निर्माणमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

**मध्यमकालीन समष्टिगत वित्त खाका (Medium Term Fiscal Framework, MTFF)**

वित्तीय उद्देश्य तथा रणनीतिलाई केन्द्रविन्दुमा राखी तीन आर्थिक वर्षको समष्टिगत वित्त खाका (MTFF)

निर्माण गरिन्छ । यसमा खास गरेर समग्र अर्थतन्त्र एवम् सार्वजनिक वित्तका परिसूचकका त्रिवर्षीय लक्ष्यहरू निर्धारण गरिन्छन् । आन्तरिक एवम् वाह्य स्थिरता कायम गरी दिगो, फराकिलो र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने गरी आर्थिक परिसूचकका लक्ष्यहरू निर्धारण गरिएको हुन्छ । सामान्यतया वित्त खाकामा निम्न परिसूचक समावेश गरी तीन वर्षका लक्ष्यहरू निर्माण गरिन्छ ।

| सि.नं. | परिसूचक | सि.नं. | परिसूचक | सि.नं. | परिसूचक |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | ९ | विप्रेषण | १७ | पुँजीगत खर्च |
| २ | मुद्रास्फिति दर | १० | कुल राजस्व | १८ | वित्तीय व्यवस्था |
| ३ | रोजगारी वृद्धि दर | ११ | आयकर | १९ | आन्तरिक ऋण |
| ४ | विदेशी विनिमय दर | १२ | मूल्य अभिवृद्धि कर | २० | वाह्य ऋण |
| ५ | ब्याजदर | १३ | भन्सार | २१ | वैदेशिक अनुदान |
| ६ | आयात | १४ | अन्तशुल्क | २२ | ऋण सेवा खर्च |
| ७ | निर्यात | १५ | कुल खर्च | | |
| ८ | व्यापार घाटा | १६ | चालु खर्च | | |

**मध्यमकालीन बजेटरी खाका (Medium Term Budgetary Framework, MTBF)**

वित्तीय उद्देश्य तथा रणनीति एवम् मध्यमकालीन समष्टिगत वित्त खाकाले तय गरेका आर्थिक एवम् वित्तीय लक्ष्यहरू हासिल गर्ने उद्देश्यका साथ त्रिवर्षीय बजेटरी खाका तयार गरिन्छ ।

बजेट तर्जुमाको सिलसिलामा मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन प्रदान गर्ने, मन्त्रालयबाट बजेट तर्जुमा गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने, प्रस्तावित बजेट तथा कार्यक्रममा छलफल गर्ने र यसलाई अन्तिम स्वरुप प्रदान गर्ने क्रममा राष्ट्रिय लक्ष्य हासिल गर्ने गरी मन्त्रालयगत बजेट तयार गरिन्छ ।

यी सबै कार्यहरू बजेट तर्जुमाकै अभिन्न अङ्ग हुन् । फरक यत्ति हो कि मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियामा हरेक निकायले बजेट प्रस्ताव गर्दा आगामी वर्षको लागि मात्र होइन आगामी तीन वर्षको लागि दृष्टिकोण बनाई बजेट तर्जुमा गर्नुपर्दछ ।

**वार्षिक बजेट निर्माण**

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, लक्ष्य एवम् रणनीतिहरूलाई वार्षिक बजेटमा रूपान्तरण गर्नका लागि मार्ग प्रशस्त गर्दछ । आवधिक योजनाको प्रत्येक वर्ष प्रगति समीक्षा गर्नुका साथै प्रत्येक वर्ष आउने आर्थिक उतार चढावबाट वच्नका लागि अवलम्बन गर्नुपर्ने थप तयारी गर्न समेत यसले सहयोग गर्दछ ।

मध्यमकालीन बजेटरी खाका तीन वर्षका लागि तयार गरिन्छ जसमा पहिलो वर्षको खाकाले वार्षिक बजेटको आकार ग्रहण गर्दछ ।

यसरी बजेट तर्जुमा गर्दा पछिल्ला २ वर्षको बजेट अनुमान पनि सँगसँगै तयार हुन्छ । त्रिवर्षीय बजेट खाकाको तर्जुमाबाट हरेक निकायले आगामी वर्षको बजेट तयार गर्नुपर्दा शून्यमा बसेर बजेट तर्जुमा गर्ने अवस्थाको अन्त्य भई भविष्यमा गर्ने बजेट तर्जुमाको गृहकार्यलाई महत्त्वपूर्ण सहयोग पुग्न सक्तछ ।

## ४. नेपालमा मध्यमकालीन खर्च संरचनाको प्रयोग

दशौं योजनाको कार्यान्वयनलाई व्यवस्थित गर्न नेपालमा मध्यमकालीन खर्च संरचनाको शुरुआत गरियो । यद्यपि, कानूनी अनिवार्यता नभएको हुँदा तत्कालीन समयमा यसको निर्माणमा थप प्रयासहरू हुन सकेनन् । दशौं योजनापछि प्रवेश भएको राजनीतिक संक्रमणको लामो श्रृङ्खलाले योजनावद्ध विकासमा तुसारापात भयो । एघारौं, बाह्रौं, तेह्रौं र चौधौं योजनाहरू केवल त्रिवर्षीय योजनाको रूपमा आए । यसले गर्दा दीर्घकालीन सोंच र गन्तब्यले त्यति सफलता हासिल हुन सकेन । यद्यपि, यस अवधिमा पनि कुनै न कुनै रूपमा मध्यमकलीन खर्च संरचनाको तर्जुमा गरियो । तर प्रभावकारी भयो भन्ने अवस्था रहेन ।

नेपालमा हालै जारी भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ६ ले राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र दफा १३ ले उक्त संरचनालाई अर्थमन्त्रीले संघीय संसदमा बजेट बक्तब्य जारी गर्ने क्रममा संसदमा पेश गर्ने व्यवस्था गरेको छ । यसरी सरकारले वार्षिक बजेट पेश गर्दा मध्यमकालीन खर्च संरचना पनि सँगै पेश गर्नुपर्ने वाध्यात्मक व्यवस्था छ । यसलाई राम्रो शुरुआतको रूपमा हेर्न सकिन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएका केही व्यवस्था (दफा ६, ७ र ८ का केही अंश )

**६. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः**

(१) योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्नेछ ।

(२) प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना आयोगले मध्यमकालीन खर्च संचरनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ ।

**७. स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नु पर्नेः**

(१) योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनाका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ पन्ध्र गतेभित्र गरिसक्नु पर्नेछ ।

**८. बजेट सीमा र मार्गदर्शन पठाउनेः**

(१) योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमासम्वन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बजेट तर्जुमाको ढाँचा निर्धारण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना वा कार्यक्रमसँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्टयाईंका लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्ड (नर्म्स) को आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्नु पर्नेछ ।

## ५. थप कार्यभार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले निर्दिष्ट गरेबमोजिम मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया शुरु भए पनि यसलाई कर्मकाण्डी हुनबाट जोगाउदै वित्तीय व्यवस्थामा सुधार गर्ने महत्त्वपूर्ण औजारको रूपमा उपयोग गर्न थुप्रै कदमहरू चाल्नु अपरिहार्य देखिएको छ । यसको निमित्त आगामी दिनमा निम्न कदमहरू उठाउनु आवश्यक देखिन्छ -

- मध्यमकालीन समष्टिगत वित्त खाका (MTFF) निर्माण गर्न र यसलाई प्रत्येक वर्ष अद्यावधिक गर्न ठूलो मिहिनेत आवश्यक पर्दछ । यसको निमित्त वास्तविक क्षेत्र (Real Sector), वित्तीय क्षेत्र (Fiscal Sector), मौद्रिक क्षेत्र (Monetary Sector) तथा वाह्य क्षेत्र (External Sector)का सम्पूर्ण तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने, Macroeconomic Modeling गर्ने, Econometric Tools हरूको प्रयोग गर्ने, आर्थिक परिसूचकहरूको प्रक्षेपण गर्ने जस्ता कार्यहरूलाई व्यवस्थित गर्दै लैजानु पर्दछ । यसको लागि कार्यरत जनशक्तिलाई उच्चस्तरको तालिम प्रदान गर्न जरुरी छ । राजस्व, खर्च एवम् सार्वजनिक ऋणको प्रक्षेपणका आधुनिक विधि र तरिका अवलम्बन गर्नुपर्ने भएको छ । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, भन्सार विभाग, आन्तरिक राजस्व विभाग, तथ्याङ्क विभाग, महालेखा नियन्त्रकको कार्यालय एवम् सार्वजनिक ऋण व्यवस्थापन कार्यालय समेतको संलग्नतामा संस्थागत संयन्त्र मार्फत आर्थिक ज्ञान र सीप भएका जनशक्ति सामेल गरी यो कार्यलाई

चुस्त दुरुस्त बनाउनुपर्दछ ।

- मध्यमकालीन समष्टिगत वित्त खाका (MTFF) मा समग्र राजस्व, खर्च, अनुदान तथा आन्तरिक एवम् वाह्य ऋणको त्रिवर्षीय लक्ष्य निर्धारण गरिएको हुन्छ । सोही लक्ष्यअनुरूप हुने गरी सबै मन्त्रालयहरूलाई त्रिवर्षीय बजेट सीमा वितरण गर्ने, मन्त्रालयहरूले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, बजेट तथा कार्यक्रम राष्ट्रिय योजना आयोग एवम् अर्थ मन्त्रालयमा प्रस्तुत गर्ने तथा नीतिगत एवम् कार्यक्रमगत छलफल पश्चात् बजेटलाई अन्तिम रूप दिने क्रममा मध्यमकालीन त्रिवर्षीय बजेट खाका (MTBF) समेत स्वीकृत गर्ने कार्यलाई यथार्थपरक बनाउनु पर्ने भएको छ । यसको निमित्त सम्पूर्ण निकाय र संलग्न जनशक्तिलाई वार्षिक बजेट तर्जुमा गर्ने क्रममा त्रिवर्षीय बजेट वनाउने मनोविज्ञानको विकास गर्नु अनिवार्य छ ।

मध्यमकालीन खर्च संरचनालाई संसदमा नै पेश गर्नुपर्ने वाध्यात्मक व्यवस्थाले यसलाई थप गुणस्तरीय बनाउनुको विकल्प छैन । तसर्थ तीन वर्षको लागि राजस्व एवम् मन्त्रालयगत खर्च प्रक्षेपण गर्दा यथार्थपरक बनाउनु अनिवार्य छ ।

## निष्कर्ष

सार्वजनिक वित्तलाई जवाफदेही, उत्तरदायी र यथार्थपरक राख्ने उद्देश्यका साथ मध्यमकालीन खर्च संरचनाको तर्जुमा गरी प्रत्येक वर्ष यसलाई अध्यावधिक गर्दै लग्ने प्रक्रिया शुरु गरिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ले दिशानिर्देश गरेको विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने भएको छ । यो व्यवस्था ल्याउनुको उद्देश्य र यसको महत्त्वका बारेमा सबैलाई सुसूचित गराउनुपर्नेछ । यस विषयमा प्राप्त भएका अन्तर्राष्ट्रिय असल अभ्यासबाट पनि हामीले पर्याप्त फाइदा लिनु आवश्यक छ । यसबाट नेपालको सार्वजनिक वित्त थप व्यवस्थित हुन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## सन्दर्भ सामाग्रीहरू

नेपालको संबिधान, कानून किताव व्यवस्था समिति, काठमाडौं ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, कानून किताव व्यवस्था समिति, काठमाडौं ।

बजेट तर्जुमा दिग्दर्शन, २०७५, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

Esetan, O. (2012) Fiscal federation in Nigeria : Theory & Practise, International Journal of Development and sustainability, Vol (1), no (3) Pp 1075-1087

Saha, A. (2006) Fiscal Federation : Principles, Practises and challanges, an overview, IIPA, New Delhivv

# संघीय संरचनामा कर प्रशासन

✍ मुक्तिप्रसाद पाण्डे*

## १. पृष्ठभूमि

नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको अभ्यास हुँदै आएको छ । नेपालको संविधान तथा प्रचलित कानूनद्वारा तीन तहका सरकारले आ-आफ्नो अधिकार क्षेत्रभित्र कर तथा गैर करका दर तोक्ने र राजस्व परिचालन गर्ने गर्दछन् । मुलुक संघीय संरचनामा रूपान्तरण हुनुपूर्व प्रदेश सरकारको उपस्थिति नरहेको र स्थानीय तह पनि सरकारको रूपमा नभई संघको एकाई कै रूपमा रहेकाले केन्द्रले तोकेको सीमाभित्र रही स्थानीय निकायबाट राजस्व परिचालन गर्ने अभ्यास गरिएको थियो । नेपालको संविधान, जारी भएपछि स्थानीय तह र प्रदेश सरकार गठन भई संविधानले प्रदान गरेको अधिकार सूचीभित्र रही प्रत्येक स्थानीय तह तथा प्रदेश सरकारले कर तथा गैर करका दर तोकी राजस्व संकलन गर्दै आएका छन् । साविकमा संघमा रहेको राजस्व परिचालनको अधिकार हस्तान्तरण भएसँगै कर प्रशासनको स्वरूप संरचना र कर नीति तथा कानूनमा समेत जटिलता थपिँदै गएको छ ।

प्रस्तुत लेखमा संघीय संरचनामा राजस्व परिचालनको अवस्था विश्लेषण गर्दै अभ्यासका क्रममा देखिएका जटिलता व्यवस्थापन गर्न सुझाव प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

## २. तहगत राजस्व परिचालनको अधिकार

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूलतः आयकर, भन्सार महशुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर संघ सरकारका निकायबाट संकलन हुने व्यवस्था गरेको छ । संघ सरकारले आन्तरिक उत्पादनतर्फ संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कमध्ये ७० प्रतिशत संघ, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहमा विभाजन गर्ने व्यवस्था समेत गरेको छ । प्रदेश सरकारले खास गरी घर जग्गा रजिष्ट्रेसन कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, कृषि आयमा लाग्ने आयकरका दर तोक्ने अधिकार छ भने स्थानीय तहले सम्पत्ति कर, घर बहाल कर, भूमि कर, व्यावसाय कर जस्ता करका दर तोक्ने व्यवस्था छ । साथै, तीनै तहबाट शुल्क, दस्तुर, दण्ड जरिवाना जस्ता गैर करका दर तोक्ने गर्दछन् । प्रदेश सरकारको राजस्व परिचालन गर्ने यातायात कार्यालय बाहेकका संरचना स्थापना नभई सकेकाले घरजग्गा रजिष्ट्रेसन शुल्क संघीय सरकारका मालपोत कार्यालयबाट, विज्ञापन कर, मनोरन्जन कर जस्ता करहरू स्थानीय तहबाट संकलन हुने प्रबन्ध मिलाइएको छ । संविधानले प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखेका सवारी साधन कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, विज्ञापन कर, मनोरन्जन करको रकम सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँड हुने प्रबन्ध मिलाइएको छ । सवारी साधन करको ६० प्रतिशत सम्बन्धित प्रदेश र ४० प्रतिशत स्थानीय तहमा बाँडफाँड गरिन्छ

* *उप-महानिर्देशक, आन्तरिक राजस्व विभाग*

भने घरजग्गा रजिष्ट्रेसन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरिएको छ ।

यसप्रकार नेपालमा प्रदेश र स्थानीय तहलाई कर लगाउने आधार (Tax Base) हस्तान्तरण गरीनुका साथै, संकलित राजस्व बाँडफाँड गर्ने (Revenue Sharing) दुवै तरिका अवलम्वन गरिएको छ ।

## ३. राजस्व संकलनको विद्यमान अवस्था

संघीय संचरनाअनुरूप राजस्व परिचालनको अवस्था चित्रण गर्ने एकीकृत वित्तीय विवरण २०७५/७६ (Consolidated Financial Statement २०१८/१९) अनुसार आर्थिक वर्ष २०७५/७६ मा तीनै तहबाट ८७७ अर्ब ४३ करोड राजस्व परिचालन भएको देखिन्छ । तालिका ३.१ मा अनुसार उक्त आर्थिक वर्षमा संकलित राजस्वमध्ये संघ सरकारबाट करीब ९५ प्रतिशत, प्रदेश सरकारबाट २ प्रतिशत र स्थानीय तहबाट ३ प्रतिशत राजस्व संकलन भएको छ ।

यसमा संघ सरकारबाट संकलित राजस्वबाट प्रदेश र स्थानीय सरकारमा राजस्व हस्तान्तरण गरिएको रकम समायोजन गरी राजस्व अनुपात विश्लेषण गर्दा समेत संघीय सरकारको ८३ प्रतिशत, प्रदेश सरकारबाट ८ प्रतिशत र स्थानीय तहबाट ९ प्रतिशत संकलन भएको छ ।

**तालिका ३.१**

**तीन तहका सरकारको राजस्व संकलन आर्थिक वर्ष २०७५/७६ (रु. अर्बमा)**

| **राजस्व बाँडफाँड बाहेक** | | **राजस्व बाँडफाँड सहित** |
|---|---|---|
| संघ | ८३०.५१(९५%) | ७३३.३७(८३.५%) |
| प्रदेश | २०.१५(२%) | ६८.७२(७.८%) |
| स्थानीय तह | २६.७६(३%) | ७५.३७(८.५%) |
| **जम्मा** | ८७७.४३ | ८७७.४३ |

छोटो समयावधिको अनुभवको आधारमा तीन तहबाट राजस्व परिचालन गर्दा देखिएका विद्यमान अवस्था, समस्या र चुनौतीलाई अलग अलग विश्लेषण गर्दा देहायको अवस्था रहेको छ -

### ३.१ संघीय तहमा

- राजस्व संकलनमा संघीय सरकारको Dominant Role रहेको छ । कुल राजस्व परिचालनमा करिब ९५ प्रतिशत संघ सरकारबाट संकलन हुने अवस्था रहेको छ । राजस्व बाँडफाँड समायोजन गर्दा समेत संघीय सरकारले करिब ८३ प्रतिशत हिस्सा ओगटेको छ ।
- राजस्व संकलनको आधार केही कमजोर भएको छ । साविकमा संघ सरकारले संकलन गर्ने

घरबहाल कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर जस्ता करहरू प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा परेका छन् ।

- राजस्व कुल गार्हस्थ उत्पादन अनुपात उत्साहजनक रूपमा बढेको छ । आर्थिक वर्ष २०७६/७७ मा आइपुग्दा यो अनुपात करिव २४ प्रतिशत पुगेको छ ।
- कुल राजस्वमा कर राजस्वको अंश बढी छ । यसैगरी कर राजस्वमा प्रत्यक्ष करको योगदान बढ्दै गएको छ । साथै आयातमा आधारित राजस्व संरचनामा क्रमशः सुधार हुँदै गएको छ । मूल्य अभिवृद्धि कर संकलनको वृद्धिदर समेत उत्साहजनक छ ।
- राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याइएको छ । भन्सार कार्यालयमा ASYCUDA World र आन्तरिक राजस्वतर्फ Integrated Tax System जस्ता Full Automatic प्रणाली सञ्चालनमा ल्याइएको छ । करदातालाई सबैजसो सेवाहरू Online प्रणालीमार्फत प्रदान गरी कर सहभागिता लागत कम गर्ने प्रयासहरू भइरहेका छन् । उदाहरणको लागि करदाता दर्ता, विवरण र कर दाखिला गर्ने प्रणालीमा Online Service प्रदान गरिएको छ । करदाताले घरैमा बसी कर विवरण दाखिला गर्ने, भन्सार जाँचपासको लागि घोषणा गर्नसक्ने प्रबन्ध मिलाइएको छ ।
- स्वयंकर निर्धारण प्रणालीलाई पूर्णतः कार्यान्वयनमा ल्याइएको छ । आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क विवरण पूर्णतः स्वयंकर निर्धारण प्रणालीमा आधारित छन् । साथै, भन्सार प्रशासनमा समेत स्वयं घोषणा प्रणाली अवलम्वन गरिँदै आएको छ ।
- कर संकलनको लागि सहजता प्रदान गर्न Online विवरण दाखिला, E-Payment जस्ता सुविधा वृद्धि गरिनुका साथै करदाता सेवा तथा अनुगमन बढाउन राजस्व परिचालन गर्ने कार्यालय संख्या समेत वृद्धि गरिएको छ । तीनै तहमा राजस्व बाँडफाँड गर्ने अभ्यास भएपनि संघीय सरकारले संकलन गर्ने राजस्व संकलन गर्न स्थानीय तहलाई जिम्मेवारी दिने अभ्यास भएको छैन ।

### ३.२ प्रदेश तह

- सातवटै प्रदेश सरकारबाट आफ्नो अधिकार क्षेत्रका कर तथा गैर करका दर तोकी आर्थिक ऐन जारी गर्ने पद्धति शुरुवात भएको छ ।
- सवारी साधन कर संकलनका लागि यातायात व्यवस्था कार्यालय स्थापना भएका छन् भने मनोरञ्जन कर, विज्ञापन कर स्थानीय तहबाट संकलन गरी बाँडफाँड गर्ने व्यवस्था मिलाइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेसन शुल्क संकलन गर्ने संरचना स्थानीय तहमा हस्तान्तरण हुन बाँकी रहेकोले संघीय सरकारका मालपोत कार्यालयबाटै संकलन गरी गरी प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्ने व्यवस्था मिलाइएको छ ।
- प्रदेश सरकारको एकल अधिकार सूचीमा कृषि आयमा लाग्ने करमात्रै रहेको अवस्था छ ।
- विगत २ वर्षको तथ्याङ्क विश्लेषण गर्दा प्रदेश सरकारले संकलन गरेको राजस्व कुल खर्चको

१० प्रतिशत भन्दा कम रहेको छ । प्रदेश सरकारको तलब भत्ता जस्ता अनिवार्य दायित्व भुक्तानी समेत संघ सरकारले बाँडफाँड गर्ने राजस्व र समानीकरण अनुदानमा भर पर्नुपर्ने अवस्था छ ।

### ३.३ स्थानीय तह

- सबैजसो स्थानीय तहले कर तथा गैर करका दर तोकि राजस्व परिचालन गर्ने अभ्यासको शुरुवात गरेका छन् ।
- स्थानीय तहको राजस्व परिचालनको क्षमता ज्यादै कमजोर देखिएको छ । कतिपय स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका करका दर समेत तोक्न सकेका छैनन् । जस्तैः घरबहाल कर । कतिपय स्थानीय तहले एकीकृत सम्पत्ति करका नाममा अस्वाभाविक दर तोकिदिँदा आलोचना समेत खेपेका छन् ।
- सीमाना जोडिएका र विकासको स्तर एउटै भएका स्थानीय तहमा कर तथा गैर करका दरहरूमा ज्यादै भिन्नता देखिएको छ । यसले गर्दा जनमानसमा नकारात्मक भावना बढेर गएको छ ।
- स्थानीय तहले प्रदान गर्ने सेवा, सुविधा र सेवा शुल्कबीच तादाम्यता भेट्न मुस्किल छ ।
- कतिपय स्थानीय तहले कर तथा गैर करको दर तोक्दा वैज्ञानिक पद्धति अवलम्बन नगर्ने कतिपय अवस्थामा व्यवसाय कर तोक्दा संघ सरकारले तोकेको आयकरको रकम भन्दा ज्यादै बढी तोक्ने गरेका उदाहरण पनि प्रशस्तै छन् ।
- कतिपय स्थानीय तहले कर संकलन गर्ने सम्भाव्यता अध्ययन नगरी हचुवाका भरमा कर तथा गैर करका दर तोक्दा करमाथि कर लगाएको आरोप समेत खेप्दै आएका छन् ।

## ४. प्रणालीगत जटिलता

तीनै तहका अलग अलग सञ्चित कोष व्यवस्थापन गरी कर तथा गैर करका दर तोक्ने खालको संघीयता कार्यान्वयनको अभ्यास हाम्रो हकमा नितान्त नयाँ हो । धेरैजसो संघीय मुलुकमा २ तहको अभ्यास गरिएको छ भने भारतमा प्रदेश र संघबाहेक स्थानीय तहलाई स्वतन्त्र रूपमा कर संकलनको अधिकार प्रदान गरिएको छैन ।

तीन तहबाटै करका दर तोक्ने व्यवस्था कार्यान्वयनको क्रममा स्वभावैले जटिलताहरू आउँछन् । यसको व्यवस्थापन गर्दै जानुपर्दछ । उदाहरणको लागि तत्कालका लागि देहायका विषयहरू व्यवस्थापन गर्न जरुरी छः

४.१ कानूनी जटिलता व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ एक आपसमा बाझिएको छ । जस्तैः स्थानीय सरकार सञ्चालन ऐनको हवाला दिँदै प्राकृतिक स्रोतमा आधारित ढुंगा गिटी दहत्तर, बहत्तर कर संकलन गर्ने अधिकार स्थानीय तहको भएको स्थानीय तहको जिकिर छ भने प्रदेश सरकारले संविधानको व्यवस्था र अन्तर सरकारी वित्त

व्यवस्थापन ऐनको आधार लिँदै साझा अधिकारको सूचीमा रहेको दाबी गरेको छ। जसले गर्दा धेरै स्थानीय तहले प्रदेश सकरकामा बाँडफाट गर्नुपर्ने कर पठाउन आनाकानी गरेको अवस्था छ।

४.२ कर वक्यौता व्यवस्थापनः साविकमा केन्द्रिय तहशिल कार्यालयजस्ता सरकारी बाँकी वक्यौता अभिलेख राख्ने व्यवस्था तीनै तहमा स्थापना हुनु आवश्यक छ । अल्पकालमा संघीय सरकारको तहसिल कार्यालयलाई त्यसको व्यवस्थापन गर्ने जिम्मा दिन सकिन्छ ।

४.३ कर तथा गैर करका दरमा विवेकशीलता कायम गर्नेः एउटै भौगोलिक अवस्था, विकासस्तर रहेका स्थानीय तहमा करको दरमा समानता कायम गर्ने व्यवस्था गर्नु जरुरी छ ।

४.४ कर चुहावट नियन्त्रणः नेपाल सरकारको एकल अधिकार स्वरूप कर संकलनको अभ्यास गर्दा समेत कर चुहावट नियन्त्रण चुनौतीपूर्ण थियो । अब यो समस्या प्रदेश र स्थानीय तहमा समेत हस्तान्तरण भएको छ ।

४.५ कर संकलन लागत घटाउने रणनीतिः तीन तहबाट अलग अलग कार्यालय स्थापना गरी राजस्व संकलन गर्नुभन्दा एउटा तहको कर अर्को तहबाट संकलन गरिदिने अभ्यास गर्न सकिन्छ । उदाहरणको लागि संघीय सरकारको पूर्वानुमानित कर स्थानीय तहमार्फत संकलन गर्दा प्रभावकारी हुन सक्छ ।

४.६ एकीकृत प्रतिवेदनः तीनै तहको राजस्व र खर्च प्रणालीको एकीकृत प्रतिवेदन व्यवस्थामा थप परिमार्जन गर्न जरुरी छ ।

४.७ कर संकलनमा समन्वयः हाल प्रदेश र स्थानीय तहमा राजस्व बाँटफाँट गर्न समस्या देखिएको छ । यसमा नेपाल सरकारले समन्वय गरीदिन जरूरी छ ।

## ५. सुधारका विषय

माथि चर्चा गरिएका समस्या तथा चुनौती सामना गर्दै आगामी दिनमा गरिनुपर्ने सुधारका विषयमा देहायबमोजिम गर्नु उपयुक्त हुन्छ-

- संघीय सरकारबाट तीनै तहबाट परिचालन हुने राजस्व सम्बन्धमा एकीकृत राजस्व नीति निर्माण गर्ने ।
- संघीय सरकारबाट जारी एकीकृत राजस्व नीतिको Framework भित्र रही तीनै तहबाट राजस्व परिचालन रणनीति अवलम्वन गर्ने ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधन गरी प्रदेश सरकार र स्थानीय तहको राजस्व परिचालनका विषयमा रहेका द्विविधा निराकरण गरिदिने ।
- संघ सरकारले प्रदेश र स्थानीय तहलाई राजस्व परिचालनमा क्षमता विकास गर्न प्राविधिक सहयोग र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय तहले प्रदान गर्ने सेवा र शुल्क संकलनका बीच तादात्म्यता कायम हुने रणनीति लिने ।
- दीर्घकालमा राजस्व हस्तान्तरणको सट्टा कर आधार हस्तान्तरण गर्नु उपयुक्त हुने ।

- लागत प्रभावकारिता हेरी संघीय सरकारबाट संकलन हुने राजस्व समेत प्रदेश र स्थानीय तहका निकायबाट संकलन गर्ने पद्धति विकास गर्ने ।

## ६. उपसंहार

संघीय संरचनाअनुरूप राजस्व परिचालनको अभ्यास शुरु भएको छ । छोटो अनुभवको आधारमा संघ सरकार नै राजस्व परिचालनमा अग्रणी स्थानमा छ । प्रदेश सरकार र स्थानीय तहबाट संकलन भएको राजस्व ज्यादै न्यून छ । प्रदेश र स्थानीय तहको खर्च मूलतः राजस्व हस्तान्तरण र समानीकरण अनुदानमा आधारित रहेको छ ।

संघीय सरकारले राजस्व परिचालको लागि प्रणाली सुदृढ गर्ने, कर सहभागिता लागत कम गर्ने, स्वयं कर निर्धारण पद्धतिलाई परिष्कृत गर्दै लानेजस्ता कार्यहरूमा जोड दिँदै आएको छ । प्रदेश सरकार स्थापना भएको करिब ३ वर्षमा सालवसाली बजेट तथा आर्थिक ऐन निर्माण गरी राजस्व संकलनको शुरुवात गरेका छन् । स्थानीय तहको राजस्व परिचालन क्षमता कमजोर भए पनि कर तथा गैर करका दर तोकी राजस्व परिचालन गर्ने र प्रदेश सरकारले तोकेका दरमा कर तथा गैर कर संकलन गर्ने कार्य गर्दै आएका छन् ।

संघीय संरचनाअनुरूप एकीकृत राजस्व परिचालन नीति तयार हुन नसकेको, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन समेतका कतिपय कानूनी व्यवस्थाहरू समसामयिक सुधार गर्नुपर्ने अवस्था रहेको, स्थानीय तहको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने, राजस्व बाँडफाँड भन्दा करका आधार हस्तान्तरणको उपाय अवलम्वन गर्न थप अध्ययन हुन जरुरी देखिन्छ ।

**सन्दर्भ सामग्रीः**

नेपालको संविधान २०७२

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

महालेखा नियन्त्रक कार्यालय, एकीकृत वित्तीय प्रतिवेदन २०७५/७६

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

गण्डकी प्रदेश सरकार, कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५

नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०७६/७७

# सार्वजनिक खरिद: समस्या कानून कि परिवेश ?

✍ थानेश्वर गौतम*

## १. पृष्ठभूमि

सार्वजनिक खरिद सार्वजनिक प्रशासनको महत्त्वपूर्ण र मुख्य पक्ष हो । सरकारका जुनसुकै क्रियाकलापमा सार्वजनिक खरिद जोडिएको हुन्छ । सरकारले कुनै कार्य गर्दा मालसामान खरिद वा निर्माण कार्य वा परामर्श सेवा वा अन्य कुनै प्रकारको सेवा खरिद गर्नुपर्ने हुन्छ । विश्वका हरेक मूलुकले सार्वजनिक खरिदसम्वन्धी कानून र कार्यविधिद्वारा सार्वजनिक खरिदलाई व्यवस्थित गरेको पाइन्छ । नेपालमा पनि सार्वजनिक खरिदलाई विधिसम्मत बनाउन तथा सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्माणलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तर्जुमा भई लागू भएका छन् । सञ्चित कोषबाट सञ्चालन हुने सवै सार्वजनिक निकायले यसैअनुरूप खरिद कार्य गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

अधिकांश नीति निर्माता, राजनीतिकर्मी, विकासविद्, निजी क्षेत्रलगायत सम्पूर्ण क्षेत्र नेपालमा आयोजनाहरू कार्यान्वयनमा ढिलाई हुनु, पुँजीगत खर्च कम हुनु, सरकारी काम कारवाही सुस्त हुनुको प्रमुख कारण सार्वजनिक खरिदसम्बन्धी कानून विकास प्रेमी नहुनु, आयोजना मैत्री नहुनु र झंझटिलो हुनु नै हो, यसैले यसमा सुधार हुनुपर्छ भन्ने धारणा राख्छन् । प्राय जसो सरकारको प्रत्येक वर्षको बजेट वक्तव्यमा सार्वजनिक खरिद कानूनका कारण आयोजना कार्यान्वयन प्रभावित भएकोले समयानुकूल सुधार गरिने कुरा व्यक्त हुँदै आएको पनि छ । यसैले हुनुपर्छ नेपाल सरकारले करिब १ वर्षको अवधिमा सार्वजनिक खरिद नियमावलीमा पटक पटक गरी ४ पटक संशोधन पनि गरेको छ ।

उपरोक्त पृष्ठभूमिमा नेपालमा खरिदसम्बन्धी कानून कै कारण आयोजना कार्यान्वयनमा, सरकारी सेवा प्रवाहमा, पुँजीगत खर्च वृद्धिमा समस्या परको हो त ? के खरिद कानून विकास प्रेमी, आयोजनामैत्री नभएकै हो वा हाम्रो मुलूकको परिवेश वा हाम्रो नियत खराव भएको हो ? यस विषयमा छोटो चर्चा गर्न प्रयास गरिएको छ ।

## २. प्रक्रियालाई झंझट मान्ने कि वैधता कायम गर्ने माध्यम?

खरिद कानून विकास मैत्री नभएको, आयोजनामैत्री नभएको र खरिद कानूनका कारण वजेट कार्यान्वयनमा कठिनाई भयो भन्नेहरूलाई सार्वजनिक खरिद कानूनको कुन प्रावधान, कुन दफा, कुन कुरा वाधक हो, भन्ने प्रश्न गरेमा प्रश्नको जवाफ स्पष्ट आउँदैन । समस्याको चुरोमा नपुगी, खरिद कानून राम्ररी अध्ययन नगरी सतही रूपमा टिप्पणी गरेको पाइन्छ ।

---

* *सहसचिव, गृह मन्त्रालय*

सरकारी खरिद गर्दा वोलपत्र/दरभाउपत्र गर्दा सूचना निकाल्नु पर्छ, लामो समय लाग्छ, तत्काल कुनै काम गराउनु पऱ्यो भने गर्न सकिन्न खरिद कानून झंझटिलो भयो भन्ने गरेको पनि सुनिन्छ । पहिलो कुरा त विश्वका सबै मूलुकमा सार्वजनिक खरिदसम्बन्धी कानूनमा बोलपत्र/दरभाउपत्र गर्ने व्यवस्था हुन्छ । बोलपत्रदातालाई बोलपत्रसँग सम्बन्धित विषयहरू बुझ्न, अध्ययन गर्न, कागजातहरू तयार गर्न पर्याप्त समय दिनुपर्छ भन्ने मान्यता छ । यसैले समयावधि केहि कम वेस होला तर सबै मूलुकमा वोलपत्र/दरभाउपत्र पेश गर्न निश्चित समय दिने गरिन्छ । हाम्रो खरिद कानून सार्वजनिक खरिदसम्बन्धी असल अभ्यासहरूलाई समेटेर बनाइएको हो । विकासका सबै साझेदारहरूले यसलाई स्वीकार गरेका पनि छन् । कल्पना गरौं विना कुनै सूचना, विना प्रतिस्पर्धा सार्वजनिक खरिद गर्न सक्ने व्यवस्था राखियो भने हाम्रो जस्तो संस्कार र प्रवृति भएको मूलुकमा के होला ? प्रशासनिक र राजनीतिक नेतृत्वलाई त्यस्तो विश्वास गर्ने वातावरण छ त ? जरूर छैन ।

प्रक्रिया र कार्यविधि कुनै कार्यलाई व्यवस्थित, स्तरीय र पारदर्शी तवरले सम्पन्न गर्न अति आवश्यक कुरा हो । प्रक्रिया र कार्यविधि कुनै पनि कार्यलाई प्रमाणित (Justify) गर्ने माध्यम पनि हो । कुनै काम ठीक ढंगले भएको छ, छैन भनी हेर्न सबैभन्दा पहिले त्यसको प्रक्रिया (due Process) नै हेरिन्छ । त्यसैले due process लाई सर्वस्वीकार्य कानूनी सिद्धान्तको रूपमा मानिन्छ । वोलपत्र/दरभाउपत्र पेश गर्ने अवधि लामो भएर समस्या भएको हो भने संसोधन गरी केहि घटाउन पनि सकिन्छ । यसमा सुधार हुँदै आएको पनि छ । जस्तो विगतमा दोस्रो पटक बोलपत्र गर्दा पुनः उतिकै समय दिनुपर्ने प्रावधान रहेकोमा सो संशोधन भई दोस्रो पटक सूचना आह्वान गर्दा पहिलेको आधा समय दिए पुग्ने भएको छ ।

### ३. के विशेष परिस्थितमा काम गर्न खरिद कानून वाधक छ ?

खरिद कानूनलाई लागेको दोस्रो आरोप तत्काल कुनै काम गर्नु पऱ्यो भने गर्न सकिन्न, समय बढी लाग्छ भन्ने बारेमा चर्चा गरौं । सार्वजनिक खरिद ऐन, तथा नियमावलीमा सुख्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी पहिरो, आगलागी प्राकृतिक वा दैवी प्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सृजित विशेष परिस्थिति उत्पन्न भई सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आइपरेमा सोको विवरण तयार गरी एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउपत्र वा प्रस्ताव लिई वार्ता गरी तत्काल खरिद गर्न सकिने व्यवस्था छ (ऐनको दफा ६६ र नियमावलीको नियम १४५) । सार्वजनिक निकायको प्रमुखले के कसरी विशेष परिस्थिति परेको हो र तत्काल खरिद कार्य नगर्दा के कस्तो हानी नोक्सानी पर्ने हो सो खुलाई अभिलेख राख्नु पर्दछ र एक तहको माथिको अधिकारीको स्वीकृति हैन, जानकारी मात्र दिए पुग्छ ।

यसरी खरिद कानूनमा विशेष परिस्थितिमा तत्काल कार्य गराउन सक्ने सुविधा दिएको छ । प्रश्न उक्त प्रावधानअनुरूप कार्य गर्ने वाह्य वातावरण छ कि छैन? नियामक निकाय, सञ्चार जगत, नागरिक समाजले यसलाई कसरी हेर्छ ? असल नियतले गरेको कामको संरक्षण हुन्छ कि हुँदैन ? भन्ने मात्र हो ।

### ४. के न्यून कवुल अंक भएकै बोलपत्र स्वीकृत गर्नुपर्छ ?

सार्वजनिक खरिद कानून माथि लाग्ने गरेको अर्को आरोप हो, घटी कवुल गर्ने कै बोलपत्र मात्र स्वीकृत गर्न सकिन्छ, यसैले गुणस्तर कायम हुन सक्दैन । यो कुरा पनि पूर्ण सही होइन । सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार सार्वजनिक निकायले बोलपत्र गर्दा बोलपत्रदाताको योग्यता तोक्न सक्दछ । दुई करोड भन्दा कम लागत अनुमान भएको निर्माण कार्यमा मात्र योग्यता निर्धारण गर्नु पर्दैन, तर सार्वजनिक निकायले कुनै निर्माण कार्यमा योग्यता निर्धारण गर्न आवश्यक ठानेमा सो भन्दा घटीमा पनि योग्यता निर्धारण गर्न सक्छ । यसको उद्देश्य क्षमतावान र योग्य बोलपत्रदाताले बोलपत्र पाउन र कार्यान्वयन प्रभावकारी होस भन्ने हो ।

बोलपत्र सूचनाबमोजिम पर्न आएका बोलपत्र मध्ये तोकिएको कानूनी, प्राविधिक, आर्थिक र अन्य योग्यता पुगेको र पेश गर्नुपर्ने कागजात पेश गर्ने बोलपत्रदाताको वोलपत्र मात्र स्वीकृत गर्न सकिन्छ । यसलाई खरिद कानूनको भाषामा “न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated Substantially Responsive Bid) ” भनिन्छ । यो भनेको तोकिएका सबै योग्यता र कागजात सारभूत रूपमा पूरा गरेको बोलपत्र हो । यसैले न्यून घटी कवुल अंक भएको बोलपत्र नै स्वीकृत गर्नुपर्छ भन्ने कुरा पनि सही होइन । तर हाम्रो सामाजिक परिवेश यस्तो छ कि घटीवालाको बोलपत्र यदि रीतपूर्वक नभएको, तोकिएको कानूनी, प्राविधिक, आर्थिक र अन्य योग्यता नपुगेको अवस्थामा सो वोलपत्र अस्वीकृत गरी सो भन्दा वढी अंक कवुल गर्नेको वोलपत्र स्वीकृत गर्नुपर्ने भएमा यति बढी रकमको स्वीकृत गर्‍यो, यति हिनामिना गर्‍यो भन्ने अनावश्यक लान्छना सार्वजनिक अधिकारी माथि लाग्ने गरेको छ । यति सम्म कि बोलपत्रको निर्णय प्रक्रियामा संलग्न नै हुनु नपर्ने राजनीतिक नेतृत्वको नामसमेत जोडी सञ्चार माध्यममा छरपष्ट समाचार आउँछन् । यसैले मुलुकमा कानूनबमोजिम निर्णय गर्ने वातावरण छ कि छैन? भन्ने प्रश्न चाहिँ हो ।

### ५. समस्या केमा हो त ?

**पहिलो समस्याः** खरिद कानूनमा संलग्न पदाधिकारी र कर्मचारीमा सार्वजनिक खरिदसम्बन्धी ज्ञान, सीप र क्षमताको अभाव हो । कानूनी प्रावधानहरूको प्रष्ट जानकारी नहुँदा, प्रक्रिया पूरा नगर्दा खरिद सम्झौतासम्मको चरणमा पुग्दा नै अनेकौं समस्याहरू श्रजना हुने गर्दछन् । खरिद सम्झौता भइ सकेपछि पनि कार्यान्वयनका चरणमा अनेकौं समस्या आइपर्छन् । खरिद कानूनले खरिद कार्य त्यससम्बन्धी ज्ञान, योग्यता र क्षमता भएको कर्मचारीबाट गराउनुपर्छ भनी प्रत्येक सार्वजनिक निकायमा खरिद महाशाखा वा खरिद इकाई गठन गर्नुपर्ने व्यवस्था गरेको छ । ती कर्मचारीहरूलाई त्यससम्बन्धी तालिम दिने र क्षमता विकास गर्नुपर्ने समेत व्यवस्था गरेको छ । तर हाम्रा अधिकांश कार्यालयहरूमा त्यस्तो अलगै महाशाखा/इकाई नै गठन गरिएको छैन, भएका कार्यालयमा पनि विभिन्न कर्मचारी संलग्न गराई समिति जस्तो वनाउने प्रचलन छ । त्यस्ता कर्मचारीहरूलाई दक्ष र सीपयुक्त वनाउन तालिम दिनुपर्नेमा तालिमको पनि कमि छ ।

**दोस्रो समस्याः** निर्णय गर्ने वातावरण नहुनु हो । माथि उल्लेख गरे जस्तै न्यून अंक कवुल गर्ने बोलपत्रदाताको योग्यता नपुग भएको अवस्थामा बढी अंक कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्ने अवस्था भयो भने निर्णयकर्ता माथि अनेकौं आर्थिक लान्छना लगाई सञ्चार माध्यममा प्रायोजित समाचार छापिने डरले निर्णयकर्ताहरू निर्णय गर्न हिच्किचाउनु पर्ने अवस्था छ । यसैगरी नियामक निकायमा उजुरी परी जवाफ वा कागजात माग गर्नासाथ भ्रष्टाचारीको पगरी पहिरिनु पर्ने भयले पनि निर्णयकर्ताहरू निर्णय गर्न डराउनु पर्ने अवस्था छ । यदाकदा नियामक निकायहरूबाट निर्हित स्वार्थी समूहको ( Vested intrest group) मात्र कुरा सुनी सार्वजनिक खरिदसम्बन्धी कार्यमा अवरोध हुनाले पनि सार्वजनिक खरिद कार्य जटिल हुन गएको छ ।

**तेस्रो समस्याः** असल नियतले गरेको कामको वचावट नहुनु पनि हो । राम्रो भए सार्वजनिक हित हुने, गल्ति भए त्यसको जोखिम र जिम्मेवारी निर्णयकर्ताले व्यक्तिगत रूपमा लिनु पर्ने अवस्था छ । असल नियतले मूलुकका लागि काम गर्दा गर्दै कहिं कतै त्रुटि भए अनेकौ लाल्छना, कारवाही भोग्नु पर्ने अवस्था हुने हुँदा सार्वजनिक अधिकारीहरू निर्णय गर्नु भन्दा नगर्नु नै राम्रो भन्ने मानसिकतामा रहेको पाइन्छ ।

**चौथो समस्याः** बोलपत्रदाता खासगरी निर्माण व्यवसायीको योग्यता कमजोर हुनु हो । नेपालमा अधिकांश निर्माण व्यवसायीको प्राविधिक योग्यता र क्षमता कमजोर रहँदा सम्झौता भएपछि समयमा काम नगर्ने, गुणस्तरीय काम नगर्ने, उक्त कार्य गर्न चाहिने औजार, जनशक्ति नहुने आदि कारणले निर्माण कार्य समयमा सम्पन्न गर्न सक्दैनन् । बोलपत्र दाखिला गर्दा योग्यतासम्बन्धी कागजात पेश त गरिएको हुन्छ तर मुलुकभरका कार्यमा एउटै योग्यता पेश गरी बोलपत्र पाउन सक्ने हुँदा एक निर्माण व्यवसायीले धेरैवटा निर्माण कार्यको बोलपत्र पार्ने अवस्था रहन्छ जसले गर्दा एकै ठेकेदारवाट धेरैवटा ठेक्का ओगटिने र कुनै पनि काम समयमा नहुने समस्या प्रमुख रूपमा रहेको छ ।

**पाँचौ समस्या :** सवै किसिमका खरिद जस्तैः स्टेशनरी खरिददेखि गाडी खरिदसम्म, राष्ट्रिय निकुन्जका जनावरका लागि घाँस खरिददेखि अस्पतालका लागि सामग्री खरिदसम्म एउटै कानून हुनु पनि हो । यसले गर्दा खरिद प्रकृयामा अनेकौं कठिनाइहरू आउने अवस्था छ ।

**छैंठौ समस्याः** सम्झौता प्रशासन (Contract Administration) कमजोर हुनु अर्थात कार्यान्वयनको प्रभावकारी अनुगमन नहुनु हो । सम्झौता भइसकेपछि सम्झौताको कार्य तालिकाबमोजिम काम भयो भएन, त्यसको प्रभावकारी अनुगमन नहुँदा पनि समयमा काम सम्पन्न नहुने समस्या देखिने गरेको छ । खरिद कानूनले ठेकेदारलाई दिएको मोविलाइजेशन पेश्की अलगै खाता खोली राख्नु पर्ने, सोको उपयोग सोही प्रयोजनमा भए नभएको सार्वजनिक निकायले अनुगमन गर्नुपर्ने प्रावधान रहेको छ । तर यसको प्रभावकारी अनुगमन नहुनाले पनि मोविलाइजेशन पेश्की लिई वर्षौंसम्म काम नगर्ने परिपाटीको विकास भएको छ ।

**सातौं समस्याः** खरिद कार्यमा संलग्न पदाधिकारी कर्मचारीको नियत असल नहुनु पनि एक प्रमुख समस्या हो । यदाकदा खरिद कार्यमा संलग्न व्यक्तिहरूले व्यक्तिगत लोभलालच गर्ने, कानूनका छिद्रहरूको दुरूपयोग गरी ठेकेदारलाई फाइदा हुने काम गर्ने र ठेकेदारहरू पनि गलत नियत राखी विभिन्न प्रलोभनमा पारी कर्मचारीहरूबाट गैर कानूनी लाभका लागि काम गर्न गराउन लालयित हुने प्रवृति रहेको छ ।

उपरोक्त विवेचनावाट भन्न सकिन्छ कि खरिद कानून आफैंमा समस्या होइन । कानूनमा केही सानातिना अन्य समस्याहरू होलान्, ती विषयहरू सुधार गर्न सकिन्छ । मूल समस्या कानूनका प्रावधान भन्दापनि हाम्रो मुलुकी परिवेश नै हो । केही हदसम्म यस कार्यमा संलग्न कर्मचारी र ठेकेदारहरूको नियत पनि हो ।

## ६. सुधार गर्न के गर्ने त ?

सार्वजनिक खरिद ऐन कानून र अभ्यासमा गर्नुपर्ने सुधारका पक्षहरू धेरै भए तापनि मुख्य मुख्य निम्न सुधारहरू गर्नुपर्ने देखिन्छ-

- हरेक निकायमा अनिवार्य रूपमा खरिद इकाई गठन गर्ने, त्यसमा संलग्न जनशक्तिलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले समयसमयमा तालिम दिने । कर्मचारीको पदस्थापना गर्दा खरिदसम्बन्धी ज्ञान सीप र तालिम प्राप्त जनशक्तिलाई खरिद इकाईमा राख्ने व्यवस्था गर्ने ।
- बोलपत्र प्रक्रिया शुरू भइसकेपछि सम्झौता चरणमा कुनै नियामक निकायले खरिद कार्यमा हस्तक्षेप नगर्ने । निर्णय पश्चात मात्र जाँचवुझ/ मूल्याङ्कन (Post Investigation /Evaluation) गर्न पाउने व्यवस्था गर्नुपर्ने ।
- असल नियतले गरेको कार्यको प्रतिरक्षा हुने वातावरणको विकास र उच तहमा त्यस किसिमको संस्कारको विकास हुनुपर्ने ।
- सम्झौताको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने, त्यसमा ढिलाई गर्ने, आनाकानी गर्ने, लापरवाही गर्ने कर्मचारीलाई कारवाही गर्नुपर्ने ।
- निर्माण व्यवसायीहरूको क्षमता विकासमा कार्यक्रमहरू सञ्चालन गरी योग्यता र क्षमताको विकास गर्ने ।
- निर्माण व्यवसायीको प्राविधिक र आर्थिक क्षमताको केन्द्रीय अभिलेख सार्वजनिक खरिद कार्यालयमा राख्ने व्यवस्था गर्ने र सार्वजनिक निकायले उक्त योग्यता र क्षमताको परीक्षण/जाँच गरी माग बोलपत्र स्वीकृत गर्ने । कुनै सम्झौता भएपछि त्यसको अभिलेख राखी बाँकी प्राविधिक र आर्थिक क्षमताले पुग्ने भएमात्र अर्को बोलपत्रमा पाउने व्यवस्था गर्ने । हाल सार्वजनिक खरिद नियमावलीमा यस किसिमको व्यवस्था भएतापनि अभिलेखको अभावमा कार्यान्वयन हुन नसकेको हुँदा अभिलेख राख्ने व्यवस्था गरी यसलाई कडाईका साथ लागू गर्ने ।
- मोविलाइजेशन पेश्कीको उपयोग सोही काममा भए नभएको प्रभावकारी अनुगमन गर्ने । सोही

काममा उपयोग नगरी अन्यत्र उपयोग भएको पाइएमा तुरुन्त फिर्ता गर्ने । समयमा काम नगर्ने ठेकेदारको ठेक्का तत्काल तोड्ने, यसमा संलग्न कर्मचारीले लापरवाही गरेको पाइएमा विभागीय कारवाही गर्ने ।

- खरिदको प्रकृति र निकायको प्रकृतिअनुसार अलग अलग क्षेत्रगत (Sectoral) निर्देशिका वा नमुना वोलपत्र कागजात (Standard Biding Document) बनाई लागू गरिनु पर्ने । जस्तै : स्टेशनरी खरिद, अस्पतालका लागि औषधि र अन्य सामग्री खरिद, सडक निर्माण, भवन निर्माण, कृषि कार्यालयमा हुने मल विऊ र दाना खरिद, राष्ट्रिय निकुन्जका जनावरका लागि घाँस खरिद आदि । यस्ता अलग अलग निकायमा हुने अलग अलग प्रकृतिका खरिदमा लागू हुने गरी छुट्टै निर्देशिकाहरू वनाई लागू गर्न सके खरिद प्रक्रिया सहज र व्यवहारिक हुन्छ ।
- बोलपत्र पेश गर्ने अवधि, सम्झौता गर्न आउने अवधिका कारण खरिद कार्य सम्पन्न गर्न लामो समय लाग्ने चाहिँ पक्कै हो । यसमा संसोधन गरी केही अवधि घटाउन सकिन्छ । जस्तै- अन्तर्राष्ट्रिय बोलपत्र पेश गर्ने अवधिलाई ४५ दिनबाट ३० दिन, राष्ट्रिय बोलपत्र पेश गर्ने अवधिलाई ३० वाट २१ दिन, बोलपत्र स्वीकृत भएपछि कार्यसम्पादन जमानत लिई सम्झौता गर्न आउने अवधि १५ दिनलाई १० वा ७ दिन गर्न सकिन्छ ।
- सम्झौता प्रशासन (Contract Administration) र सम्झौता कार्यान्वयनको अनुगमन प्रभावकारी बनाउने । समयमा काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने ।

**७. निश्कर्ष :**

नेपालमा विकास आयोजनाहरू समयमा सम्पन्न नहुनु, पुँजीगत खर्च अपेक्षाकृत नहुनु, सरकारी सेवा प्रवाह प्रभावकारी नहुनुको प्रमुख कारण सार्वजनिक खरिद कानून भन्दा पनि मूलुकको राजनीतिक र सामाजिक परिवेश अनुकुल नहुनु नै हो । यसैगरी हाम्रो समाजमा विकसित भएको संस्कार, खस्किँदो नैतिक स्तर पनि हो । यसैले भन्न सकिन्छ समस्या कानूनमा होइन हाम्रो परिवेश र नियतमा छ । माथि उल्लिखित पक्षमा सुधार गर्न सकियो भने पनि केही हदसम्म सार्वजनिक खरिदमा सुधार हुन सक्छ । संस्कार र नियतमा सुधार हुन भने पक्कै समय लाग्छ । समग्र सामाजिक र राजनैतिक परिवेशको क्रमिक सुधारबाट मात्र सुधार सम्भव छ ।

# करक्षेत्रका केही विषयमा न्यायिक दृष्टिकोण

✍ अच्यूतमणि नेउपाने*

## १. भूमिका

कर भनेको सार्वभौम अधिकारीले करदाताबाट पैसा उठाउने माध्यम हो, जहाँ करदाता कुनै निश्चित लाभको हकदार हुँदैन । यो करदातामा मौद्रिक बोझ हो । यसलाई राज्यले कानूनको अधिकार अन्तर्गत कर लागू गर्छ अनि व्यक्तिले कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ । तर जब करदातालाई दायित्व लागू गर्ने स्पष्ट शब्दहरू कानूनमा प्रयोग गरिन्छ, त्यहाँ करदाताले कर तिर्ने कुरामा बोझको कुनै प्रश्न आउँदैन । नागरिक वा व्यक्तिसँग कर उठाउने विषय कानूनद्वारा निर्धारित हुन्छ ।[१] यसैले, कर लागू गर्नका लागि स्पष्टरूपमा कानूनद्वारा समर्थित छैन भने कुनै कर लगाउन सकिदैन । कानूनको अधिकार नभएसम्म कसैले कुनै पनि कर लगाउन, संकलन गर्न वा तिर्न वाध्य गर्न सक्दैन ।

राज्यका विभिन्न अन्तरनिहित अधिकारहरू मध्ये कर लगाउन पाउने अधिकार पनि महत्त्वपूर्ण अधिकार हो । कानूनले नेपाल सरकारलाई उक्त कार्य गर्न पाउने अधिकार प्रदान गरेको छ । राज्यलाई यो अधिकार किन हुन्छ भने राज्य सञ्चालनका लागि आवश्यक पर्ने स्रोत र साधनको संकलन र त्यसको समुचित व्यवस्थापन राज्यको पहिलो कर्तव्य हो । संविधान तथा कानूनको दायराभित्र रहेर राज्यलाई आवश्यक पर्ने खर्चको निमित्त राजस्व असुली गर्नु राज्यको कर्तव्य हो । तर यसो गर्दा राज्यले मनमानी गर्न भने सक्दैन । एडम स्मिथले भनेझैं कर व्यवस्थाले निष्पक्षता, निश्चितता, सुविधा र दक्षताका चार सिद्धान्तहरू अनुसरण गर्नुपर्छ । करदाता वा भुक्तानीकर्ताहरूको तिर्न सक्ने क्षमता र करदाताको अवस्थासँग कर मिल्दो, उपयुक्त हुनुपर्छ । राज्यले उठाउने शुल्क वा करहरूको उपयोगको स्थिति व्यवहारमा जे जस्तो रहे पनि सैद्धान्तिक रूपमा जनहितको लागि नै राज्यबाट शुल्क वा कर लगाइएको होला भन्ने स्वभाविकरूपमा अनुमान गर्नुपर्ने हुन्छ ।

राज्यले जुनरूपमा राजस्व उठाउन सक्छ, त्यसैअनुरूप खर्च व्यवस्थापन हुने र त्यसैको माध्यमबाट जनताको जीवनयापनदेखि विकास निर्माणसम्मका कार्यहरू हुन्छन् । कर कानूनको प्रभावकारी कार्यान्वयन नभई यो सम्भव हुन सक्दैन । कानूनमा व्यवस्था भएर पनि व्यवहारमा सोअनुरूप हुन सकेन भने यसले कर तथा राजस्वको क्षेत्रमा कठिनाई ल्याउन सक्छ । त्यसैले निर्णयकर्ता यस विषयमा जिम्मेवार तथा गम्भीर बन्नुपर्ने हुन्छ । किनकि कर भनेको कानूनद्वारा मात्र लगाउने हो । र कानूनलाई तोडमोड गरेर अनुमानको भरमा करदाता उपरकरको दायित्व वहन गर्नुपर्ने गरी निर्णय गर्न मिल्दैन ।

यसै सन्दर्भमा नेपालमा न्यायालयबाट केही महत्त्वपूर्ण विषयमा बोलिएका कुरालाई सरोकारवाला सबैले

---

* *सह-न्यायाधिवक्ता, अख्तियार दूरूपयोग अनुसन्धान आयोग*

१ *स.अ.बुलेटिन, वर्ष २०६७, पु. ४२० पृ. २३*

मनन गर्नुपर्ने हुन्छ । कार्य सम्पादनका क्रममा जानेरवा नजानेर त्रुटि वा कमीकमजोरी हुने गर्दछन् । हाम्रा कामकारवाही तथा निर्णयले अर्को पक्षको चित्त बुझेन वा हामीले गरेको काम कानूनसम्मत भएन भने त्यसले विवाद वा मुद्दाको रूप लिन सक्छ । त्यो अवस्था आउन नदिन बेलैमा सचेत हुनुपर्छ । कार्य सम्पादनको क्रममा कानून तथा प्रकृयाको ख्याल गरिएन भने ती गरिएका कामको कुनै अर्थ र महत्त्व हुँदैन, किनकी त्यो त्रुटिपूर्ण हुन्छ । अदालतले त्यसलाई उल्टयाइ दिन्छ र त्यस्तो गल्ती वा कमजोरीहरू औंल्याइ दिने गर्दछ । तर त्यहाँसम्म पुग्ने अवस्था आउन दिनु हुँदैन । यस्ता भई सकेका गल्तीबाट पनि अध्ययन मनन् गरी सचेत हुने र सुधार गर्न सकिने अवस्था रहन्छ । त्यसैले प्रस्तुत लेखमा सम्बन्धित कर अधिकृत, करदाता तथा सरोकारवालाहरू लाभान्वित हुन र कर कानूनको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्न जाने उद्देश्यबाट कर तथा राजस्वसम्बन्धी केही विषयका सम्बन्धमा न्यायालयबाट भएका निर्णयहरूमा बोलिएका कुराको सम्बन्धमा उल्लेख गरिएको छ ।

## २. म्याद र सुनुवाई

निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्त विपरित निवेदकहरूलाई बुझ्दै नबुझी र सुनुवाईको मौका समेत नदिई हठात रूपमा लाभ कर छुट हुन गएको भनी रकम माग गरी जग्गा रोक्का राखेको देखियो । कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने रकम असुली गरेको भन्ने आधारमा मात्रै प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूलको कुनै पनि कार्यले मान्यता प्राप्त गर्न सक्दैन ।[२] विधिपूर्वक तामेल नगराइएको सूचनाले कानूनी मान्यता नपाउने भई त्यस्तो सूचनाको आधारमा करदाताले सूचना पाएको ठानी गरेको सबै काम कारवाहीहरू स्वतः बदरभागी हुन्छ ।[३] हुलाकमा registry गर्दैमा सो सूचनाको म्याद करदाताले प्राप्त गरेको मान्न मिल्दैन । वास्तविकरूपमा करदाताले प्राप्त गरेको देखिनु पर्ने हुन्छ । करदातालाई जानकारी भएपछि नै निजले आफ्नो विषयमा प्रतिवाद गर्ने हो । निजलाई जानकारी नै नभएको अवस्थामा निजले प्रतिवाद गर्न सक्ने अवस्था हुँदैन । प्रतिवाद गर्न पाउनु प्राकृतिक न्यायको सिद्धान्तबमोजिम करदाताको अधिकार हो ।[४]

ऐनले निर्दिष्ट गरेबमोजिमको रीतपूर्वकको सूचना दिएको नदेखिँदा त्यस्तो सूचनालाई आयकर ऐन, २०३१ को दफा ३३(४) बमोजिमको सूचना भन्न नमिल्ने । सूचना नै कानूनको रित पुगेको छैन भने त्यस्तो खुद आय निर्धारण आदेश समेतलाई कानूनबमोजिमको भन्न नमिल्ने ।[५]

आरोपको सूचना दिनु मात्र पर्याप्त हुने नभई सो सूचनाबमोजिम आरोपको खण्डन गर्ने, प्रतिवाद गर्न र प्रमाण प्रस्तुत गर्न पर्याप्त र मनासिब समय पनि दिनुपर्ने हुन्छ । साथै, सो प्रतिवाद र प्रतिवादको समर्थनमा

---

२ *स.अ.बु. वर्ष २०७४, पृ. ६१३ पृ. २*

३ *पु.न.९७-०६३-००७६४, मुद्दाःआय कर, नि. न.६७, २०६५/०६६*

४ *पु.न.९७-०६९-००६३५, मुद्दाः मु. अ.कर, नि. न.१९९ २०७०/०७१*

५ *सम्वत २०४७ सालको रिट न. १३५७*

प्रस्तुत प्रमाण समेतको विश्लेषण गरी स्वतन्त्र भई निर्णयकर्ताले तर्क र प्रमाणमा आधारित भएर प्रचलित कानूनको प्रयोग गरी निर्णय गर्नुपर्ने तथा सो निर्णयमा निष्कर्षमा पुगेको स्पष्ट आधार र कारण खुलाउनु पर्ने । कुन निकायमा पुनरावेदन गर्न पाउने हो वा कुन आधारमा पुनरावेदन गर्न नपाउने हो, कुन कानून र प्रमाणको आधारमा त्यस्तो निर्णय गरिएको हो भन्ने जस्ता कुराहरू समेत निर्णयमा उल्लेख हुनुपर्छ र सो कुराको जानकारी सम्बन्धित व्यक्तिलाई सहजरूपमा उपलब्ध गराउनुपर्छ । अन्यथा त्यस्तो निर्णयलाई न्यायिक दृष्टिकोणबाट उचित, निष्पक्ष र न्यायसँगत मान्न नहुने । कानूनबमोजिम कारवाही र निर्णय गर्ने अधिकार पाएको कर अधिकृतले कानूनले स्पष्टरूपमा तोकेको कार्यविधि र प्रकृयालाई पूर्णरूपमा अनुशरण र पालना गर्नुपर्दछ ।

कानूनको प्रयोग र पालनामा सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएमा बाहेक अन्य आधार र प्रक्रियाबमोजिम वा आफ्नो स्वविवेकीय अधिकारबमोजिमको छुट्टै प्रकृया वा कार्यविधि निर्धारण गर्न मिल्ने हुँदैन । साथै, कानूनले म्याद जारी गर्ने स्पष्ट रूपमा ढाँचा तोकिएकोमा कुनै प्रशासकीय वा अर्धन्यायिक अधिकारीले कानूनले नै अधिकार दिएमा बाहेक सो ढाँचालाई बदल्न, हेरफेर वा संशोधन गर्ने अधिकार नराख्ने । कार्यविधि कानूनको प्रयोग र पालनामा स्वेच्छाचारी प्रयोग वा त्रुटिपूर्ण प्रयोग भएमा सारवान कानूनको प्रयोग प्रभावित हुनसक्ने खतरा हुन्छ । साथै अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको प्रयोग नगरी मुद्दाको कारबाही र निर्णय गरिएमा सो निर्णय नै त्रुटिपूर्ण मान्नु पर्ने । सुनुवाईको मौका भनेको प्राकृतिक न्यायको आधारभूत विधिशास्त्रीय सिद्धान्तको रूपमा रहेको छ । जुन व्यक्तिको हक वा हितको प्रतिकूल कारवाही वा निर्णय गर्न लागिएको हो सो व्यक्तिको कुरा सुन्नु तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिव अवसर दिइनुपर्छ भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्त रहेको छ । यस्तो व्यक्तिलाई प्रशासकिय वा न्यायिक कारवाही र निर्णयको प्रतिकूल प्रभावबाट कार्यविधिगत सुरक्षा प्रदान गर्नु नै सुनुवाईको सिद्धान्तको मूलभूत उद्देश्य रहने । कसैको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी उक्त हकहरूको प्रचलनमा रोक लगाउँदा सम्पत्ति धारकलाई सो सम्बन्धमा सफाइ पेश गर्ने वा तत्सम्बन्धी प्रमाण पेश गर्ने अवसर दिएर मात्र निर्णय गर्नुपर्ने ।[६]

### ३. आय

आफूले लिएको जिकिर पुष्टि गर्ने जिम्मेवारी स्वयं करदातालाई हुने हुँदा सो जिकिर पुष्टि गर्ने यथेस्ट प्रमाण गुजार्न नसकेको अवस्थामा केवल रकम जम्मा गरिसकेको भनी भनेकै आधारमा मात्र सो कुरा आफैंमा प्रमाणयोग्य नहुने । रकम बुझाएको रसिद बिल, भरपाई आदिको अभावमा कानूनले आय मान्नुपर्ने गरी निर्धारित गरेको कुरालाई अन्यथा गर्न नमिल्ने । आम्दानी भएको अवस्थामा मात्र लगाइने आयकर आम्दानी नै नहुँदा वा आम्दानी भएको तथ्य पुष्टि नभइकन निर्धारण गर्नु सिद्धान्ततः नमिल्ने । आयकर प्रयोजनकोलागि सबैभन्दा आधारभूत तथ्य कुनै पनि व्यक्तिले कारोबार गरी उक्त कारोबारबाट आय गरेको

---

६ *रिट न.०६४-WF-०००१, नि. न. ८२९४*

देखिनुपर्ने । भाडाबापत रकम प्राप्त गरेको भए सो पक्षहरूको बीच भएको सम्झौता पत्रमा उल्लेख भई मासिक वा वार्षिक रूपमा के कति रकम प्राप्त हुने हो सो समेत खुलेको हुनुपर्ने । आयकर प्रयोजनको लागि आय गणना गर्दा आम्दानी भएको ठोस सबूद प्रमाणसहित पुष्टि भएको हुनुपर्छ । केवल अनुमानको भरमा वस्तुनिष्ट प्रमाणको अभावमै आम्दानी गर्यो भनी कर लगाउन न्यायोचित नहुने ।[७]

कुनै करदाताले साल भर गरेको आम्दानी खर्चको हिसाब किताब सो वर्षको अन्तमा कानूनबमोजिम गणना गर्दा नाफा भएमा त्यसलाई सो व्यक्तिको सो वर्षको आय मानिन्छ । त्यस्तो करको दर आयकर ऐन, २०३१ को दफा ४ को ब्यबस्था आय वर्षको अन्तिम दिन कायम रहेको कर दरअनुसार निर्धारण गरिन्छ । छुटपुट कारोबार गरी आय गरेकोमा बाहेक आयकर जहिले पनि पूरै एक वर्षको आयमा लगाइने हुँदा आयकरको प्रयोजनकोलागि पूर्ण वर्ष नै आयकर प्रयोजनको निमित्त आधार हुन्छ । यद्यपि खास अवस्था र स्थितिका आयको सन्दर्भमा जुनबेला आय भयो त्यसैमा आयकर लाग्ने लगाउने गरी कानूनी व्यवस्था गर्न सकिने । आय करको दर आय वर्षको अन्तिममा कायम रहेको दर हुने हुँदा सो आय वर्षमा पटक पटक कानूनले आयकरको दर संशोधन गरे पनि आय वर्षको अन्तिम दिन अर्थात असार मसान्तका दिन कायम रहेको दरबाटै करदाताको आयकरको निर्धारणा हुनुपर्ने ।[८]

कुनै पनि करदाताले आयकर प्रयोजनको लागि पेश गर्ने विवरणमा आफूद्वारा सञ्चालित सबै उद्योग, ब्यापार, पेशा, व्यवसायबाट प्राप्त भएको सबै किसिमको मुनाफा वा लाभ समेतका विवरण समावेश गर्नुपर्छ ।

कर छुट पाएका करदाताहरूले पनि आयको विवरण पेश गर्नुपर्ने र त्यस्तो विवरणका साथमा सो विवरणलाई पुष्टि गर्ने खालका सबै प्रमाणहरू दाखिल गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको अवस्थामा कर छुट पाएको भन्ने आधारमा कुनै पनि विवरण पेस गर्नु नपर्ने भन्ने तर्कको कानूनी आधार नदेखिने । निर्णय भइनसकेको विषयमा अनुमानको आधारमा आयकर छुट पाएको भनी दाबी लिन नसक्ने । कुनै व्यक्तिको उद्योग, ब्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने आयकर ऐन, २०३१ को दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा, व्यवसायको आय विवरण पेश गर्नुपर्ने । कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिकरूपमा दबाएको क्रियालाई पनि झूटा विवरण मानिने ।[९]

*७ ने.का.प.२०६७, अंक १०, नि. न. ८४८५*

*८ ने.का.प.२०६४, अंक ६, नि. न. ७८५९*

*९ सम्वत२०६१ सालको फौ. पु. न. ३३९३*

## ४. कर लाग्ने

सामान्यतः आय गरिन्छ भने त्यसमा कानूनबमोजिम कर लाग्छ भन्ने कुराको अनुमान गरिनुपर्छ । त्यसमा पनि कर लाग्ने र नलाग्ने भन्ने कुरामा कानूनमा भएका दुई व्यवस्था बिच असमान्जस्यता देखिन्छ भने अन्यथा प्रमाणित नभएसम्म कर लाग्छ भन्ने व्यवस्थाको पक्षमा अनुमान गर्नुपर्ने ।[१०]

करका विभिन्न रूप हुन्छन् । आर्थिक ऐनमा नै कतै दस्तुर, कतै महसुल, कतै कर, कतै शुल्क भन्ने उल्लेख भएको पाइन्छ । आर्थिक ऐनमा उल्लेखित यी सबै दस्तुर, महसुल, शुल्क, करको रूप हुँदा यसलाई कर होइन अन्यथा हो भन्ने स्थिति छैन । निवेदकलाई औद्योगिक व्यवसाय ऐनले भन्सार महसुलसम्म छुट दिएको छ । अन्य कुनै शुल्क लगाउन र असूल गर्न नपाउने गरी उक्त ऐनले कुनै बन्देज लगाएको पाइँदैन । कानूनले जुन कुराको सुविधा दिएको छ, सो सुविधासम्म अपहरण नहुने हो । भन्सार शुल्क उठाइएको वस्तुमा अन्य कुनै शुल्क लाग्न सक्दैन भनी ऐनमा बन्देज छैन । कानूनद्वारा कर उठाउन र लगाउन संविधानले अधिकार प्रदान गरेकोमा विवाद देखिँदैन । यस्तो अवस्थामा निकासी सेवा शुल्क लगाउने र उठाउने व्यवस्था छ भन्ने स्थिति नहुने । निकासी सेवा शुल्क भन्ने शब्द रहेबाट निवेदकलाई निकासी शुल्क लिए बापत सेवा पुर्याउनु पर्ने सो पुर्याएको छैन भन्ने सन्दर्भमा विचार गर्दा उक्त औद्योगिक व्यवसाय ऐनमा निकासी सेवा शुल्क बापत सेवा प्रदान गरिनेछ भन्ने कतै उल्लेख भएको पाइँदैन । कानूनले जुन कुराको दायित्व सुम्पेको छैन सो पाउनु पर्छ भन्न मिल्दैन ।[११]

उद्योगले लेखा सिद्धान्तअनुरूप राखेको कच्चा पदार्थ खपत र उत्पादनमा देखाइएको परिमाणलाई अन्यथा भन्न नसकेको र उद्योगको उत्पादन निर्धारित नर्म्सअनुसार भएको भन्न र लेख्न नसकी प्रत्यर्थी उद्योगको जस्तै उत्पादन गर्ने अर्को उद्योगले देखाएको उत्पादनको परिमाणलाई आधार मानी घटी उत्पादन भएको मानी घटी उत्पादनलाई करयोग्य आयमा समावेस गरेको, मू.अ.कर लगाइएको कानूनसम्मत हुँदैन ।[१२]

## ५. कर छुट

कुन आय करयोग्य आय हो र कुन आयकर छुट योग्य आय हो भन्ने कुराको निर्णय गर्न सम्बन्धित अधिकारी सक्षम छ । तर कानून विपरीत गएर निर्णय गरिन्छ र निर्णयाधिकारीका निर्णयमा कुनै कानूनी प्रश्नमा विवाद रहेको देखिन्छ भने त्यस्तो कानूनी प्रश्नको निराकरण रिट क्षेत्रबाट नहुने भन्न मिल्ने देखिदैन ।

कर छुटका आफ्नै सीमा हुन्छन् । त्यो सीमाभन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्छ न त आय प्राप्त गर्ने व्यक्ति वा संस्थाले इन्कार गर्न नै । कर छुटको प्रमाणपत्र जारी हुँदैमा कर मुक्त हुन नसक्ने, विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले प्राप्त

*१० ने.का.प.२०७०, अंक २, नि. न. ८९५८*

*११ ने.का.प.२०५४, अंक १, नि. न. ६३०७*

*१२ स.अ.बु.,२०७२ पू. ५६६ पृ. १०*

गरेको आयलाई करको दायरामा ल्याउनु हुँदैन भन्ने तर्क गर्नु करका मूल्य मान्यता र सिद्धान्त विपरीत हुनजाने । मुनाफारहित संस्था भन्ने बित्तिकै व्यापार व्यवसायलाई छुट भनेको होइन । वित्तीय कारोबार गर्नु विशुद्ध सेवामूलक मात्र नभई नाफामूलक व्यापार व्यवसाय पनि हो । मुनाफा पनि ब्यापार ब्यबसायबाट हुन्छ भने त्यस्तो रकम कर रहित हुन सक्दैन । त्यसकारण वित्तीय कारोबारबाट प्राप्त आयमा सम्पूर्ण कर छुटको दावी गर्न र छुट दिन मिल्ने नदेखिने ।[१३]

कुनै पनि करदाताले आयकर प्रयोजनकोलागि पेश गर्ने विवरणमा आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायबाट प्राप्त भएको सबै किसिमको मुनाफा वा लाभ समेतका विवरण समावेश गर्नुपर्ने । करछुट पाएका करदाताहरूले पनि आय विवरण पेश गर्नुपर्ने र त्यस्तो विवरणका साथमा सो विवरणलाई पुष्टि गर्ने खालका सबै प्रमाणहरू दाखिल गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको अवस्थामा कर छुट पाएको भन्ने आधारमा कुनै पनि विवरण पेश गर्नु नपर्ने भन्ने तर्कको कानूनी आधार नदेखिने । निर्णय भरइ नसकेको विषयमा अनुमानको आधारमा आयकर छुट पाएको भन्ने दाबी लिन नसक्ने । कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने आयकर ऐन, २०३१ को दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायको विवरण पेश गर्नुपर्ने । कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिकरूपमा दबाएको क्रियालाई पनि झूटा विवरण मानिने ।[१४]

## ६. कर असुली

करदाताको सम्पत्ती उपर दावी गर्दा करको वास्तविक दायित्व भएको बाहेक अन्य व्यक्तिको सम्पत्ती उपर दावी गर्न र असुल गर्न पाउने हुँदैन ।[१५] वस्तुतः नियमितरूपमा दर्तावाला करदाताले बुझाउनुपर्ने विवरण वा कर नबुझाएको अवस्थामा सम्बन्धित निकायले त्यस्तो कर असुलीका लागि के कस्तो कारवाही गर्ने भन्ने कुराको कानूनमा नै स्पष्ट र पर्याप्त व्यवस्था रहेको देखिन्छ । कानूनले स्वाभाविकरूपमा लिने गति र दिशालाई राज्यका जिम्मेवार निकायले अधिकारको बाहुबलमा वा अन्य कुनै उद्देश्यकालागि असाधारण र अतिरञ्जित ढंगले परिचालन गर्नु जरूरी हुँदैन । नियमितरूपमा बुझाउनुपर्ने करदाताले कर नबुझाएकोमा कर विवरण दाखिला गराउने वा तिर्न तिराउन लगाउने वैधानिक संयन्त्र र प्रकृया छ । आयकर र मूल्य अभिवृद्धि कर ऐन जस्ता ऐनहरू विशेष ऐन हुन् । ती ऐनमा निश्चित गरिएका प्रकृयाहरू सोहीबमोजिम मात्र प्रयोग गर्नुपर्ने हुन्छ । ती ऐनमा व्यवस्था भएका कुराहरूको हकमा अन्य सामान्य ऐनको व्यवस्था कृयाशिल हुँदैन । यो कानूनको सामान्य सिद्धान्त नै हो ।

*१३ ने.का.प.२०७१, अंक ४, नि. न. ९१४३*

*१४ ने.का.प.२०६६, अंक १०, नि. न. ८२५३*

*१५ स.अ.बु.,२०६७ पू. ४३४, पृ. २३*

आयकर र मूल्य अभिवृद्धि कर ऐनले कर प्रशासनको सम्बन्धमा गरेको व्यवस्थाहरूलाई स्वचालितरूपमा कृयाशिल गराउनुको साटो राजस्व चुहावट ऐनको एकाएक कृयाशिल गराउनु पनि उपयुक्त हुँदैन । खास प्रयोजनकालागि लागू रहेका विशेष ऐनहरू र सो अन्तर्गत संस्थापित निकायहरू आफ्नो जिम्मेवारीको काममा असफल वा अकर्मण्य भएमा बाहेक नियमित कानूनबाट स्थापित त्यस्ता निकायलाई यो वा यसो गर्नु भनी कुनै पनि विषयमा निर्देशित गर्ने गरी अर्को निकायबाट हुने कुनै पनि रूपको हस्तक्षेप स्वीकार्य नहुने । वस्तुतः कर विवरण दाखिल गर्न गराउन वा कर असुलीको काम बाँकी रहनु भनेको राजस्वको चुहावट गरेको भन्न हुँदैन । स्वभावैले कर चुहावट भनेको कर छलीको अवस्था हो । कर छल्ने कुरा फौजदारी कार्य हो । कर असुलीको सामान्य प्रकृयालाई कर छलीको रूपमा सहजै परिभाषित गर्न नसकिने ।[१६]

## ७. अन्त:शुल्क

उत्पादन हुनासाथ अन्तःशुल्क असूल गर्ने भनी तोकेको वस्तु वाहेक अन्य वस्तु प्रतिष्ठान वा कारखानाबाट बाहिर नपठाएसम्म वा निकासी नभएको वा प्रतिष्ठान वा कारखाना भित्र नै रहे भएको अवस्थामा पनि अन्तःशुल्क असूल गर्ने अधिकार सरकारमा हुँदैन र उत्पादित वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व उक्त वस्तुको उत्पादकमा नरहने । कुनै प्रतिष्ठानबाट उत्पादित वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व निरपेक्ष हैन र यसका विभिन्न सर्त र अवस्था कानूनले तोक्न सक्ने । बिक्री गर्न भनी प्रतिष्ठानबाट बाहिर पठाएको वा निकासी भएको कुनै वस्तु पूर्णरूपमा नष्ट भएको अवस्थामा वा सेवन गर्न वा खान वा उपभोग गर्न अयोग्य भएइ बिक्री हुन नसकेको कुरा शंकारहित तवरबाट प्रमाणित भएको अवस्थामा यस्तो वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व सिर्जना नहुने ।[१७]

अन्तःशुल्क अधिकारीले अर्धन्यायिक निकायको रूपमा न्यायिक मनको प्रयोग गरी अन्तःशुल्कसम्बन्धी प्रचलित कानूनबमोजिम निर्णय नगरी सार्वजनिक लेखा समितिका निर्देशनलाई मात्र कार्यान्वयन गरेको देखिँदा कानूनको ठाडो उल्लङ्घन भएको प्रत्यक्ष्य रूपमा देखिने ।[१८]

## 8. कर निर्धारण

आफूले कुनै अनुसन्धान नै नगरी राजस्व घुम्ती टोलीबाट प्राप्त विवरणलाई आधार मानी आफ्नो कार्यालयमा पुनरावेदक करदाताले पेश गरेको विवरण समेतलाई नजरअन्दाज गरी कर निर्धारण गर्ने गरेको देखिन्छ । पुनरावेदक करदाताको खरिद र बिक्री बिचको अन्तर के कहाँ गयो? निजको स्टक कति छ? भनी अनुसन्धान गरिनुपर्नेमा सो बमोजिम नगरी कार्यालयले कर निर्धारण गरेकोलाई न्यायसम्मत

*१६ ने.का.प.२०७३, अंक ६, नि. न. ९६११*

*१७ ने.का.प.२०६७, अंक ७, नि. न. ८४१८*

*१८ सम्वत२०५३ सालको रिट न. २८२५*

मान्न सकिँदैन ।[१९] बीजक मूल्य, कर र जरिवाना समेत जोडी त्यसरी कर निर्धारण आदेश गर्दा आधार कारण विना तथा कानूनलाई समेत नहेरी गरेको निर्णय कानूनसम्मत नदेखिँदा उल्टी हुने ।[२०] मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गर्दा र दफा २९ बमोजिम जरिवाना गर्दा सो कुराको आधार र कारणहरू सहित प्रमाणित गर्ने भार कर अधिकृतमा नै हुनेछ ।[२१]

करको दायित्व बढाउदा उक्त तथ्यलाई यथार्थ र वस्तुनिष्ठ आधारमा प्रमाणित गरी कर निर्धारण गर्नुपर्ने हुन्छ । अन्दाज, अनुमान र अडकल कै आधारमा मात्र थप करको दायित्व करदातामाथि लादन मिल्ने देखिँदैन ।[२२] पुनरावेदकले आन्तरिक राजस्व कार्यालयमा कानूनबमोजिम दिएको निवेदनमा कुनै कारबाही र निर्णय नगरी एकतर्फी हिसाबले अन्तिम कर निर्धारण गर्नु मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ क ले तोकेको कार्यविधि कानूनको त्रुटी हो । कानूनले निर्दिष्ट गरेको कुराको पालना सबैले गर्नुपर्छ ।[२३] करदाता कम्पनीले बिक्री नै नगरेको रकमलाई विक्री कायम गरी सोबमोजिम मूल्य अभिवृद्धि कर कम असुल गरेको भन्ने अर्थ गरी करको निर्धारण गर्ने गरी सुरूबाट भएको निर्णय कानूनसम्मत मान्न मिलेन ।[२४]

निवेदकले पेश गरेको हिसाब किताबलाई अमान्य घोषित नगरी अघिकै निर्णयमा लिएका आधारलाई पूर्ण पुनःआधार बनाई हचुवा किसिमले आय कायम गरी कर निर्धारण गरेको निर्णय बदर हुने । राजस्व न्यायाधिकरणबाट कर निर्धारण बदर भएपछि पुनः आय र कर निर्धारण गर्न सम्बन्धित पक्षलाई राखी निर्णय गरेको देखिएन । साथै, जे जति रकम निर्धारण भएको थियो सोही रकम पुनः कायम पनि गरिएकोबाट कानूनले निर्धारित गरेको प्रक्रिया नअपनाई रितसम्म पुर्‍याउने उद्देश्यले पर्चासम्म खडा गरेको हुँदा राजस्व न्यायाधिकरणबाट बदर गर्ने गरेको निर्णय निरर्थक हुन गएको छ । तसर्थ, पक्षलाई समेत उपस्थित गराई प्रतिवादको मौका दिई निर्णय गर्नु पर्नेमा नगरेको हुँदा कर अधिकृतको निर्णय बदर हुने । न्यायिक वा अर्धन्यायिक अधिकारीको निर्णय वा आदेश अधिकारक्षेत्र विहिन छ वा निजले प्रयोग गरेको कानूननै संविधान सम्मत छैन वा अधिकार नभएको निकायले अधिकारक्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानून विपरीत मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नदिई निर्णय गरेको छ भन्ने जिकिर लिएर सम्बन्धित पक्ष त्यसको उपचारकोलागि यस अदालतको असाधारण अधिकारमा आएको छ र निजको जिकिर उचित देखिन्छ भने त्यस अवस्थामा निजलाई यस अदालतले निश्चय नै मद्दत गर्नसक्छ र गर्नुपर्दछ । यस्तो निर्णय कानूनको दृष्टिमा शून्य सरह हुने हुनाले तत्सम्बन्धमा पुनरावेदन

*१९ पु.न.९६-०६५-००३१७, मुद्दाः मु. अ.कर । नि. न.४०*
*२० पु.न.९७-०६४-००९२३, मुद्दाः मु. अ.कर । नि. न. २४०, २०६६/०६७*
*२१ पु.न.९७-०६६-००१०८, मुद्दाः मु. अ.कर । नि. न. ३४, २०६८/०६९*
*२२ पु.न.९७-०६६-००२३७, मुद्दाः मु. अ.कर । नि. न.११४, २०६८/०६९*
*२३ पु.न.९९-०६७-००००३, मुद्दाः मु. अ.कर । नि. न. ०६, २०६८/०६९*
*२४ पु.न.९७-०६७-००१३८, मुद्दाः मु. अ.कर । नि. न. १२०, २०६९/०७०*

वा अन्य कानूनी उपचारको कुनै अर्थ हुँदैन ।[२५] कर अधिकृतको कर निर्धारणसम्बन्धी निर्णय पुनरावेदन तहबाट समेत अन्तिम नभएसम्म कर निर्धारण अन्तिम हुँदैन । यसैले कर निर्धारण प्रक्रियाभित्र पुनरावेदनको बाटो पर्दैन भन्न नमिल्ने ।[२६]

## ९. निर्णयकर्ता

कर अधिकृतले न्यायिक मनको प्रयोग गरी कानूनी आधार र कारणसहित करदातालाई कर लगाउनु पर्ने हुन्छ । केवलसादाकागजमा कर अधिकृतले टिप्पणी उठाएर पेश गरेको कागजमा 'हुन्छ' भन्ने शब्दले मात्रै यी करदातालाईयी निर्णयकर्ताले कुन ऐनकोकुन दफा र के कारणले कर र जरिवाना लगाउनु पर्ने हो, सो समेत उल्लेख नगरी पुनरावेदक करदातालाई कर जरिवाना माग गरेको शुरू आन्तरिक राजस्व कार्यालयको निर्णय मिलेको देखिएन ।[२७]

निर्णय गर्ने अधिकारीले अस्पष्ट भाषा प्रयोग गरी कर निर्धारण गरेकोदेखिँदा करदाताको कम्पनीमा भएको वास्तविक खर्चलाई आयमा समावेश गर्ने गरी भएको निर्णयलाई न्याय र कानूनसम्मत मान्न सकिएन ।[२८] निर्णय गर्ने अधिकारीले निर्णयमा यो कानूनकोयो दफाअनुसार यो यति कारणलेडाइलाई स्थिर सम्पत्तिको मर्मतसम्भारकोरूपमा प्रयोग गरिन्छ भनीकानूनी आधारमा खण्डन गरी अन्यथा हो भन्न सकेको पाइँदैन । यसरी करदातासँग आफूले मागेको जवाफसाथपेश भएका आधाररप्रमाणलाई अन्यथा हो भनि खण्डन गर्न सकेको देखिँदैन ।[२९] करदाताले खर्च दाबी गरेको कुरामा अन्यथा निर्णय गर्दा सोको युक्तियुक्त कानूनी आधार निर्णयमा उल्लेख हुनुपर्नेमा सो कुरा शुरूको निर्णयमा देखिन आएन ।[३०]

निर्णय गर्ने अधिकारीले कुनै निर्णय गर्दा करदाताको जिकिरसम्बन्धमा वस्तुगत र कानूनी आधार समेतबाट खण्डन गर्न सक्नुपर्छ ।[३१] दाबी पुग्ने नपुग्ने भनी निर्णयकर्ताले स्पष्ट आधार र सोसम्बन्धी कारणसमेत निर्णयमा दिनुपर्छ । दाबी जिकिर पुग्दैन भनेर मात्र हुँदैन ।[३२] मुद्दाको निर्णय गर्ने सन्दर्भमा ती मिसिल कागजातको अनिवार्यतालाई इन्कार नगरिएको अवस्थामा हतारमै निर्णय गरिहाल्नुपर्छ भन्ने मनस्थिति बनाउनु उचित र तर्कसङ्गत पनिहुनसक्दैन । सान्दर्भिक विषयमा प्रमाण बुझ्ने जस्ता कुरामा विवाद ल्याउनु कुनै हालतमा पनिस्वीकारयोग्य मान्न मिल्दैन । यो मान्य न्यायिक परम्पराको पनि बर्खिलाप हुन्छ । न्यायकर्ताआग्रह पूर्वाग्रहबाट मुक्त हुनुपर्छ । मुद्दाको विवादको विषयमा सम्पूर्ण प्रमाणको संकलन पश्चात्

*२५ ने.का.प.२०५२, नि. न. ६०३२*
*२६ सम्वत २०६१ सालको रिट. न. २८२७*
*२७ पु.न.९७-०६५-००९२४, मुद्दाः लाभांश कर । नि. न.६१, २०६७/०६८*
*२८ पु.न.९७-०६६-००२०१, मुद्दाः आय कर । नि. न.३०, २०६८/०६९*
*२९ पु.न.९७-०६५-०१२२३, मुद्दाः आय कर । नि. न.४२, २०६९/०७०*
*३० पु.न.९७-०६५-०१२८८, मुद्दाः आय कर । नि. न.१२३, २०६९/०७०*
*३१ पु.न.९७-०६७-००११५, मुद्दाः आय कर । नि. न.१४२, २०६९/०७०*
*३२ पु.न.९७-०६८-००१७२, मुद्दाः आय कर । नि. न.१६०, २०६९/०७०*

निष्पक्षरूपमा प्राप्त प्रमाणहरूको आधारमा निक्यौंल निकाल्नुपर्ने हुन्छ । सम्पूर्ण प्रमाण संकलन गरिसकेपछि मात्र त्यस्तो निक्यौंल निकाल्न सकिने हुन्छ ।[३३] तर्कपूर्ण र तथ्यपूर्ण तवरबाट प्रमाणित नगरी करदातालाई करको भार लगाउनु न्यायोचित हुने देखिँदैन । यस्तो हचुवा तथ्यादेशबाट करदातालाई करको भार बोकाउनुन्याय, कानून र मान्य कानूनी सिद्धान्त प्रतिकूल हुन्छ ।[३४]

करको दायित्व सिर्जनागर्दा सोलाई निर्विवादरूपमा प्रमाणित गर्ने दायित्व स्वयं कर अधिकृतमा निहित हुने हुँदासोबमोजिम कार्यालयबाट हुन सकेको पाइँदैन । बिना आधार प्रमाण करदातालाई करको दायित्व सिर्जना गराउनु न्यायोचित नहुने ।[३५] निर्णयमा करदाताले सामान्य जवाफसम्म पेश गरेको, कर निर्धारण गर्नु नपर्ने ठोस आधार प्रस्तुत गर्न नसकेको भन्ने उल्लेख भएको देखिन्छ । कस्तोप्रमाण आवश्यक पर्ने हो? कस्तो प्रमाण पेश भयो? कुनै आधार नै नखुलाई निर्णय भएको देखिन्छ । करदाताले दिएको जवाफको निर्णयमा स्पष्ट मूल्याङ्कन र विश्लेषण गरिनुपर्ने ।[३६]

## १०. क्षेत्राधिकार

कानूनले स्पष्टरूपमा कुनै निकायवा अधिकारीले गरेको निर्णय वा निर्णय पर्चा उपर अर्को कुनै निकायमा पुनरावेदन लाग्नेछ भन्ने व्यवस्था गरेको छ भने कानूनले गरेको व्यवस्थालाई अदालतलेसोहीबमोजिम अनुसरण गर्नुपर्ने हुन्छ ।

रिटक्षेत्रबाट अदालत प्रवेश गर्नकालागि साधारण अधिकारक्षेत्रको मार्ग समाप्त भएको हुनुपर्छ । साधारण अधिकारक्षेत्रको मार्ग कानूनले दिइरहेको अवस्थामा असाधारणअधिकारक्षेत्रबाट न्याय निरूपण गर्न मिल्दैन । साधारण अधिकारक्षेत्रको मार्ग नै अवलम्बन गर्नुपर्दछ । कानूनबमोजिम पुनरावेदकले प्रत्यर्थी विभागको निर्णयउपर साधारण अधिकारक्षेत्र अन्तर्गत राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने कानूनी हक हुँदाहुँदै असाधारण अधिकारक्षेत्रको वैकल्पिक मार्गबाट निर्णय गर्दा आयकर ऐन, २०५८ को दफा ११६(१)मा भएको विधायिकी व्यवस्था निष्प्रभावी हुने तथ्य विदितै छ । पुनरावेदकले उठाएका प्रश्नहरूको निरूपण राजस्व न्यायाधिकरणबाट पुनरावेदनको रोहमा हुन सक्ने अवस्थामा अदालतबाट हस्तक्षेप गरी बोल्नु अधिकारक्षेत्रसम्बन्धी मान्य सिद्धान्त र न्यायपालिकाले हालसम्म अवलम्बन गर्दै आएको अभ्यासको समेत प्रतिकूल हुने ।[३७]

करदाताले भूलबस कर प्रशासनमा बुझाएको रकम वा कर कानूनको प्रावधानअनुसार फिर्ता पाउने रकम कर प्रशासनले फिर्ता दिन इन्कार गरेमा असाधारण अधिकारक्षेत्रबाट उपचार प्राप्त हुनसक्छ । कानूनतः

*३३ पु.न.९७-०६९-००२१४, मुद्दाः आय कर । नि. न.२१५, २०६९/०७०*
*३४ पु.न.९६-०६८-००१०६, मुद्दाः आय कर । नि. न.८२*
*३५ पु.न.९६-०६७-००७६, मुद्दाः आय कर । नि. न.१*
*३६ पु.न.९७-०६८-००३०५, मुद्दाः आय कर । नि. न.२, २०७१/०७२*
*३७ ने.का.प.२०७३, अंक ५, नि. न. ९५९६*

कर फिर्ता पाउने करदाताको न्यायोचित अपेक्षाले मान्यता प्राप्त गर्दछ ।[३८]

निवेदकले ठूला करदाताको निर्णयउपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरी सकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णयउपर पनि साधारण अधिकारक्षेत्र अन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको नदेखिने । वैकल्पिक उपचार रहेसम्म रिटक्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकतासमेत जन्मिन्छ । विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमाकानूनको घोरत्रुटि भएको भन्ने कुरा स्पष्टदेखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइने ।[३९]

## ११. समग्रमा

कर कानूनहरू सरल हुनु आवश्यक छ । कर कानून र करका नियमहरू करदाताले बुझ्न सक्ने हुनुपर्दछ । तिनीहरू सम्भव भएसम्म करदाता र कर प्रशासक दुबैलाई व्यवहार गर्न सरल, स्पष्ट र निश्चित हुनुपर्दछ । यदी यसो नहुने हो भने छली, वेइमानी, कानूनको उल्लंघन, व्यक्तिबिच भेदभाव, जटिलता, भ्रष्टाचार जस्ता विकृति बढ्छन् ।

कानूनमा व्यवस्थापिकाको मनसाय हेर्दा त्यहाँ कुनै अस्पष्टता छ भने व्याख्याको मद्दत लिइन्छ, जसमा यी शब्दहरू प्रयोग भएका प्रसंगलाई बुझेर हेरिन्छ । अस्पष्ट भएका शब्दहरूको अर्थ बुझ्न, प्रयोग भएका शब्दहरू सीधा र व्याकरणात्मक अर्थ दिइनु व्याख्याको सामान्य नियम हो । त्यस्तो अर्थ कानूनको उद्देश्य समाधान गर्ने र व्यवस्थापिकाको मनसायको आधारमा लागू गर्नुपर्ने हुन्छ । यसमा कानूनको व्याख्या गर्दा प्रयोग गरिने नियम Strict rule of Interpretation हो । यस नियमको अनुसार स्पष्ट र सीधा शब्दको अर्थ खोजिन्छ, अदालतले व्यवस्थापिकाको सम्भावित मनसायको आडमा कुनै अनुमान लगाउन, कुनै शब्दलाई खास अर्थ दिन सक्दैन । तर दोहोरो अर्थ आउने अवस्थामा करदाताको पक्षमा व्याख्या गर्न सक्छ । करसम्बन्धी कानूनको अस्पष्ट वा अनिश्चित विषयलाई लिएर अदालतले कानूनको दायरा विस्तार गर्न सक्दैन । यस्तो कानूनको सुधार गर्ने अधिकार विधायिकालाई छ ।

नेपालमा कर व्यवस्था सम्बन्धमा जनप्रतिनिधित्वको सिद्धान्तलाई मान्यता दिइएको छ । कर क्षेत्रमा प्रशासक होइन,कानून बोल्नु पर्छ, बलियो हुनुपर्छ । ऐनले अख्तियारी नदिएको तर अनुसूचीमा उल्लेख गरेको भन्दै कर लिने अख्तियारी प्राप्त हुँदैन । सूचना नदिई सुनुवाई गर्न मिल्दैन । कानूनले तोकेभन्दा अन्य कुरामा कर लगाउने कार्य कानून प्रतिकूल हुन्छ । अनुमानित उत्पादन कायम गरी कर लगाउन मिल्दैन । कानूनले तोकेको समयभित्र कर लिई सक्नुपर्छ । कर अधिकृत वा प्रशासकमा पनि कर कानूनको कार्यान्वयन गर्ने क्रममा स्पष्टता र एकरूपता हुनु जरूरी देखिन्छ । कानून र कार्यविधिमा

*३८ ने.का.प.,२०६५ नि. न. ७९४३ पृ. ३२०*
*३९ ने.का.प.२०७१, अंक १०, नि. न. ९२६५*

स्पष्टता तथा त्यसको प्रभाव र परिणामको स्पष्ट ज्ञानले प्रभावकारीता र दक्षता बढाउँछ । यसैगरी, व्यापार व्यवसायमा स्वच्छ वातावरण, एकअर्का प्रति गर्ने व्यवहार र व्यवसायिक मूल्य मान्यता, विश्वासनियता, पारदर्शिता, जिम्मेवारी, गोपनियता, परिणाममूखी, कानूनको पालना जस्ता कुराहरूको अभिवृद्धि गरीनिजी क्षेत्रमा पनि व्यवसायिक नैतिकताको अवस्थामा सुधार हुन आवश्यक देखिन्छ ।

# वित्तीय संघीयता: नेपालको अभ्यास र चुनौती

✍ डा. शान्तराज सुवेदी*

मुलुक संघीय संरचनामा रूपान्तरण भई संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकार र संघीय प्रदेश र स्थानीय व्यवस्थापिकाको कार्य सम्पादनको अनुभव नेपाली जनताले गरिसकेका छन् । यसरी हेर्दा नेपालले व्यावहारिक रूपमै विगत चार वर्षदेखि संघीयताको अवलम्वन गरेको छ । यसबीचमा संविधानमा भएका व्यवस्थाहरू कार्यान्वयन गर्दा के कस्ता समस्याहरू आइपरे, आगामी दिनमा तीनै तहका सरकार र व्यवस्थापिकाले आफ्नो भूमिका कसरी प्रभावकारी बनाउने ? संविधानसँग जोडिएका संवैधानिक संरचनाहरूलाई कसरी चलायमना बनाउने ? संघीयताको मूल मर्मअनुरूप राजनैतिक दलहरू सरकार र प्रशासनिक संरचना एवम् सार्वजनिक प्रशासनको भूमिकाको बारेमा बहस छेड्नुपर्ने देखिइसकेको छ ।

हामीले हक, अधिकारको संवैधानिक सुनिश्चितता र प्रत्याभूति गर्ने क्रममा कति अग्रगामी र प्रगतिशील भएर संविधानलाई लोकप्रिय शब्दहरूले परिपूर्ण र ओजस्वी बनायो तर त्यसको कार्यान्वयन गर्ने क्रममा देखिएका अन्तरसम्बन्ध एवम् कठिनाई र तीनै तहका सरकार सञ्चालन गर्न आवश्यक पर्ने साधन र स्रोतको समुचित व्यवस्थापन गर्न कति फलामका च्युरा चपाउनु परिरहेको छ वास्तविकता अनुभव गर्दैछौं । जनताले घरदैलोमा सहज, शीघ्र र प्रभावकारी सेवा चाहन्छन् तर करको बोझ सकेसम्म कम होस् भन्ने जनताको चाहना रहन्छ । संघीय शासन प्रणालीमा मुलुकलाई रूपान्तरण गर्दा विशेष ध्यान पुर्‍याउनु पर्ने महत्त्वपूर्ण विषय यही हो । संघीय शासन व्यवस्था समुचित वित्त व्यवस्थापनमा मात्र सफल हुनसक्छ । यसको लागि तीनै तहका सरकारको आर्थिक कार्यप्रणाली, आर्थिक तथा वित्तीय अधिकार, वित्त हस्तान्तरणका विषयमा संविधान र कानूनले स्पष्ट व्यवस्था गरेको हुनुपर्छ । हाम्रो सन्दर्भमा यी दूरगामी र महत्त्वपूर्ण विषयमा संविधानले गरेको व्यवस्था कार्यान्वयनको चरणमा छौं र केही तीतामिठा अनुभवहरू हाम्रासामु प्रकट भइसकेका छन् । यस आलेखमा संघीयताको अवधारणासहित नेपालको सन्दर्भमा वित्तीय संघीयताको अवस्थालाई उजागर गर्न खोजिएको छ ।

## संघीयताको अवधारणा र पृष्ठभूमि

संघीयता राज्यशक्तिको बाँडफाँडसँग सम्बन्धित राजनीतिक विषय हो । यसमा सरकारका विभिन्न तहमा शक्तिको बाँडफाँड हुन्छ । विशेषगरी केन्द्र (संघ) र मातहतका अन्य सरकारहरूबीच अधिकारको बाँडफाँड र सोको निर्वाध प्रयोगलाई संघीयताले आत्मसात गरेको हुन्छ । यो प्रणाली एकात्मक शासन पद्धति भन्दा फरक विशिष्ट प्रकारको हुन्छ । यसले विकेन्द्रीकरण (Decentralization) र अधिकारको निक्षेपण (Devolution) भन्दा पर गएर स्वायत्त शासन (Self-Governance) को वकालत गर्दछ । यस प्रणालीमा मुलुकभित्र रहेका सवै जातजाती, भाषाभाषी, धर्म, संस्कृति, भौगोलिक एवम् आर्थिक रूपमा

* *पूर्व अर्थ सचिव तथा सार्वजनिक वित्त विज्ञ*

पिछडिएका सवैले स्वशासनको माध्यमबाट आफूलाई सार्वभौम र अधिकार सम्पन्न भएको महसुस गर्छन भन्ने मान्यता राखिन्छ । सामान्यतया संघीयता राजनीतिक रूपमा दुई वा दुई भन्दा वढी राज्यले राजनैतिक इकाईको रूपमा मिलेर रहने गरी संघको निर्माण गर्ने प्रक्रिया हो । यसलाई छरिएर रहेका राज्यका इकाईहरूलाई एउटै मञ्चमा ल्याई सम्झौताको आधारमा शासन गरिने प्रणाली पनि भनिन्छ । एउटै संघमा आवद्ध भएपनि संघीय प्रणालीमा आन्तरिक स्वायत्ततालाई आधारभूत मान्यताको रूपमा लिइन्छ । त्यसैले यसलाई स्वशासनको वकालत गर्ने उत्तम प्रणालीको रूपमा स्वीकार गरिएको छ । संघीयताले सुशासनको पक्षपोषण गर्दछ । यसले प्रत्येक इकाइहरूबीच सहकार्य र समन्वय हुनुपर्ने मान्यता राख्दछ । संघीय इकाईहरू एक आपसमा अन्तरनिहित हुनुपर्ने संघीयताको आधारभूत विशेषता हो ।

संघीयतालाई यससँग सम्बन्धित पण्डितहरूले विभिन्न किसिमले वर्गीकरण गरेका छन् । कतिपयले यसलाई अधिकार र दायित्व एवम् साधन स्रोतको हिसावले सन्तुलित र समान अधिकारयुक्त प्रणाली (Symmetric Federalism) र विश्वासमा आधारित भिन्न अधिकारयुक्त प्रणाली (Asymmetric Federalism) को रूपमा वर्गीकरण गरेको पाइन्छ भने कतियले संघ र प्रदेश वीच शक्तिको बाँडफाँड भएपनि संघ शक्तिशाली हुने किसिमले द्वैध संघीयता (Dual Federalism), वित्तीय अधिकारको बाँडफाँडसहितको संघीयता (Fiscal Federalism), सहकारितामा आधारित (Cooperative Federalism) र प्रदेश र स्थानीय तहको आवश्यकता र दायित्व केन्द्रबाटै निर्धारण गरी सेवा प्रवाहमा मात्र ती तहलाई उपयोग गर्ने किसिमको संरचनात्मक संघीयता (Creative Federalism) को रूपमा वर्गीकरण गरेको पाइन्छ ।

## नेपालको संघीयताका आधारभूत मान्यता

नेपालको संविधानको धारा २३२(१) ले संघीयताको आधारभूत मान्यतालाई स्पष्ट रूपमा उल्लेख गरेको छ जस अनुसार संघ, प्रदेश र स्थानीय तहवीचको सम्बन्ध सहकारिता (Co-operative), सहअस्तित्व (Co-Existence) र समन्वय (Co-ordination) को सिद्धान्तमा आधारित हुने भनिएको छ । यसैगरी संविधानको धारा २३६ ले कुनै एक राज्य वा स्थानीय तहले अर्को राज्य वा स्थानीय तहमा हुने सवै किसिमका वस्तु तथा सेवाको ढुवानी तथा विस्तारमा अवरोध गर्न नपाउने गरी समन्वय र अन्तरनिर्भरताको सिद्धान्तलाई आत्मसात गरेको छ जसमा स्पष्ट रूपमा "एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानीको वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन" भनिएको छ । त्यस्तै नेपालको संविधानको धारा ५८ मा अवशिष्ट अधिकारको व्यवस्था गरिएको छ जसमा संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची वा साझा सूचीमा उल्लेख नभएको वा संविधानमा कुनै तहले प्रयोग गर्ने भनी नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था रहेको छ । यस प्रावधानअनुरूप प्रदेश तथा स्थानीय तहले संविधान तथा प्रचलित कानूनमा

उल्लेख नगरिएका तर प्रादेशिक एवम् स्थानीय प्रकृतिका करको लागि संघीय कानूनको पालना गर्न अनिवार्य देखिन्छ । संविधानको धारा ५८ ले अविशिष्ट अधिकार संघमा सुरक्षित राखेकाले करका नयाँ क्षेत्रहरू पहिचान गरी करको दायरा निर्धारण गर्ने अधिकार संघमा नै रहेको देखिन्छ ।

यसैगरी नेपालको संविधानको धारा ५९ ले संघ, प्रदेश र स्थानीय तहलाई आ'आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, आर्थिक विषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । यी अधिकारको विस्तृतीकरण गर्ने सन्दर्भमा संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकारका बारेमा व्यवस्था गरिएको छ । तीन तहका सरकारका साझा राजस्व अधिकार सम्बन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत थप स्पष्ट गरेको छ जुन वित्तीय संघीयताको आधारभूत मान्यता हो । यसरी हेर्दा नेपालको संघीयता सहकारिता र वित्तीय संघीयतामा आधारित रहेको भन्न सकिन्छ । वित्तीय संघीयताले कार्य जिम्मेवारी विभाजन (Division of Functions), संघको राजस्व अधिकार (Revenue Power of the Federal), प्रदेश तथा स्थानीय तहको राजस्व अधिकार (Revenue Power of the Province & Local Level), अनुदान तथा राजस्व बाँडफाँडको माध्यमबाट वित्त हस्तान्तरण (Fiscal Transfer) र घाटा बजेट पूर्तिको लागि ऋण लिन पाउने अधिकार (Division of Borrowing Power) गरी पाँचवटा महत्त्वपूर्ण विषयलाई आत्मसात गरेको हुन्छ । यसैअनुरूप हाम्रो संविधानले पनि अधिकार र दायित्व बाँडफाँड गरेको छ जसअनुरूप तीनै तहले आफ्नो कार्य जिम्मेवारी अन्तरगतको दायित्वलाई आत्मसात गरी कार्य सम्पादन गर्दै आएका छन् ।

**संघीयतामा राजस्व अधिकार**

संवैधानिक व्यवस्थाअनुरूप कार्यसम्पादन गर्न आवश्यक पर्ने स्रोतको व्यवस्था वित्त र कर संकलन अधिकारको हस्तान्तरणबाट प्रदान गरिने विश्वव्यापी सैद्धान्तिक र प्रचलित व्यवस्था हो । यसैअनुरूप वित्तीय स्रोतको ठूलो हिस्सा अनुदान र राजस्व बाँडफाँडको माध्यमबाट उपलब्ध गराउनुका साथै संवैधानिक र कानूनी रूपमै कर संकलन अधिकार समेत प्रदान गरिएको हुन्छ । नेपालको सन्दर्भमा हेर्दा साविकमा संकलन गरिएका राजस्वका स्रोतहरूलाई तीन तहमा विभाजन गरिएको छ । आयकर, भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर जस्ता कूल राजस्वको ९० प्रतिशत भन्दा ठूलो हिस्सा ओगट्ने करका स्रोतहरू संघको अधिकार क्षेत्रभित्र राखिएको छ भने संघले यस अघि संकलन गरेका सवारी साधन कर, रजिष्ट्रेशन दस्तुर र घरबहाल कर जस्ता राजस्वको महत्त्वपूर्ण स्रोतको रूपमा स्थापित करहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको छ । संघले राजस्वको ठूलो स्रोत आफैमा राख्नु पर्ने कारणहरूमा मुलुक संघीयतामा हस्तान्तरण भएको भएतापनि संघ अभिभावकको रूपमा रहेको र यसको दायित्व प्रदेश र स्थानीय तहको तुलनामा वढी हुनु, अनुदान र राजस्व बाँडफाँडको माध्यमबाट तल्ला तहमा स्रोत उपलब्ध गराउनु पर्ने, राष्ट्रिय सुरक्षा, संघीय प्रशासन, न्याय प्रशासन, परराष्ट्र मामिला, राष्ट्रिय गौरवका आयोजना, पुनर्निर्माण, विपद व्यवस्थापन, उच्च शिक्षा, राष्ट्रसेवक कर्मचारीहरूको अवकाश भुक्तानी, सेयर

तथा ऋण लगानी, साँवा व्याज भुक्तानी, सामाजिक सुरक्षा जस्ता अनिवार्य दायित्वमा वढ्दो खर्च जसलाई राष्ट्रिय बजेटको झण्डै ५५ प्रतिशत भन्दा वढि आवश्यक पर्छ । साथै, नियमित विकास निर्माणका कार्य र अन्य आकस्मिक कार्यहरूको समेत व्यवस्थापन संघले नै गर्नुपर्ने हुनाले संघीय सरकारको लागि स्रोतको आवश्यकता अधिक देखिन्छ । त्यसैले यस प्रकारका अनिवार्य दायित्व र आवश्यकतालाई ध्यानमा राखेर संघ, प्रदेश र स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन गरिएको छ ।

वित्तीय संघीयता कार्यान्वयन सहज र सोचे अनुरूप छैन । सरकारको दायित्व पूरा गर्ने एकमात्र साधन आन्तरिक स्रोतको परिचालन हो । वाह्य सहायता तथा आन्तरिक ऋण दिर्घकालीन स्रोत र सरकारको हितमा हुँदैनन । त्यसैले राजस्व परिचालन नै सरकारको दिगो र भरपर्दो स्रोत हो । संविधानले सुम्पेको अधिकार, दायित्व र जिम्मेवारीको कायान्वयन गर्न अधिकतम साधन स्रोतको परिचालन, वित्तीय संघीयताको सिद्धान्त, संवैधानिक तथा कानूनी व्यवस्थाअनुरूप प्राप्त करारोपनको अधिकार र करका आधारभूत सिद्धान्तअनुरूप गर्नु पर्दछ । संविधान र कानूनले दिएको करसम्बन्धी अधिकारको प्रयोग गर्दा आन्तरिक वजार र अर्थतन्त्रको अवस्था, राष्ट्रिय नीति तथा समन्यायिकता, प्रशासनिक खर्च र वित्तीय आवश्यकता समेतलाई ध्यानमा राखी कर लगाउनु पर्ने विश्वव्यापी मान्यता छ । त्यसैले कर सम्वन्धी विषय जनतासँग प्रत्यक्ष सम्बन्धित हुने र तीनै तहका सरकारको करको स्रोत जनता नै भएकोले कर कानून तर्जुमा, करका दर निर्धारण र संकलन प्रक्रियाका विषयमा अत्यन्त शुक्ष्म विश्लेषणसहित अगाडि वढ्नु पर्ने हुन्छ । कतिपय अवस्थामा एउटै प्रकृतिको कर तीनै तहले लगाउदा दोहोरो पर्ने हुन्छ भने कतिपय कर सामाजिक मूल्य र मान्यतासँग पनि जोडिएका हुन्छन ।

वित्तीय संघीयतामा कराधिकारतर्फ हेर्दा सार्वजनिक वित्तका विज्ञहरूले स्थानीय तहको स्रोत परिचालनको मूल स्रोत सेवा शुल्क र स्थानीय कर खासगरी सम्पत्ति कर हुनुपर्ने र प्रदेश सरकारको प्रमुख स्रोत वस्तु तथा सेवामा आधारित उपभोग कर र आयकर केन्द्र सरकारको स्रोतको रूपमा रहनु पर्ने मत राख्छन् । यसका अतिरिक्त केन्द्रको अधिकारमा भन्सार महसूल र अन्तःशुल्कलाई पनि संघीयता कार्यान्वयन भएका सबैजसो मुलुकहरूले स्वीकारेका छन् । तर आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कको केही हिस्सा बाँडफाँड हुनुपर्ने विश्वव्यापी प्रचलन छ । बीसौं शताब्दीको उत्तरार्ध र एकासौं शताब्दीको पूर्वार्द्धतिर आइपुग्दा उपभोगमा लाग्ने करलाई वैज्ञानिक, पारदर्शी र प्रशासन गर्न सरल आधुनिक कर मूल्य अभिवृद्धि करले विस्थापित गरी एकद्वार प्रणालीबाट संलकन गरिने वढ्दो प्रचलनअनुरूप यसको प्रशासन र संकलन केन्द्र सरकारको दायित्वमा राखिएको छ ।

**कर लगाउन वा ऋण लिन नपाउने**

नेपालको संविधानको धारा ११५, २०३ र २२८ ले कानूनबमोजिम बाहेक कुनै पनि तहको सरकारले कुनै पनि कर लगाउन तथा उठाउन नपाउने व्यवस्था गरी प्रतिनिधित्व बिना कर लगाउनु हुँदैन (No Taxation without Representation) भन्ने सिद्धान्तलाई आत्मसात् गरेको छ । तीनै तहका सरकारले

आफूले लगाउने करका सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गरेको हुनुपर्दछ, कुनै कार्यपालिकीय अधिकार प्रयोग गरेर कर लगाउन र उठाउन पाइँदैन । संविधान र कानूनले दिएको दायराभन्दा बाहिर गएर कर लगाउने अधिकार संविधानतः कुनै पनि तहको सरकारलाई छैन । त्यसैले जुनसुकै तहको सरकारले कानूनबमोजिम कर लगाउँदा समेत करसम्बन्धी विश्वव्यापी मान्यता र सिद्धान्तलाई आत्मसात गर्नुपर्दछ ।

### संघको कराधिकार

नेपालको संविधानको अनुसूची-५ मा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर र आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित विषयमा लाग्ने सेवा शुल्क, दस्तुर र दण्डजरिवानालाई संघको एकल अधिकार सूचीमा समावेश गरिएको छ । संवैधानिक व्यवस्था अनुरूप यस्ता करहरूको आधार तय गर्ने, दर तोक्ने र कर उठाउने एवम् यसको प्रशासन गर्ने अधिकार संघीय सरकारको कार्यक्षेत्रमा समावेश गरिएको छ । यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संविधानमा भएको व्यवस्थालाई समेत ध्यानमा राखी नेपाल सरकारले संघीय कर अन्तर्गत (१) भन्सार महसुल (२) मूल्य अभिवृद्धि कर (३) संस्थागत आयकर (४) व्यक्तिगत आयकर (५) पारिश्रमिक कर र (६) अन्तःशुल्क गरी छ प्रकारका करहरू तथा राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड, जरिवाना, जुवा चिठ्ठा क्यासिनो जस्ता गैर करहरू लगाउन तथा उठाउन सक्ने व्यवस्था गरेको छ ।

### प्रदेशको कराधिकार

नेपालको संविधानको अनुसूची-६ ले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर तथा आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयको सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानाको अधिकार प्रदेशको एकल अधिकारको सूचीमा राखेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश कानूनबमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर गरी पाँच प्रकारका कर र सेवा शुल्क दस्तुर, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने तथा उठाउन पाउने अधिकार प्रदेशलाई प्रदान गरिएको छ । यसै संवैधानिक र कानूनी प्रावधानअनुरूप प्रदेश सभाबाट पारित आर्थिक ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को सीमामा रही प्रदेश सरकारहरूले कर प्रशासनको कार्य थालनी गरेका छन ।

### स्थानीय तहको कराधिकार

संविधानको अनुसूची-८ ले सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन करलाई स्थानीय करको महत्त्वपूर्ण स्रोतको रूपमा स्थापित गरेको छ । यसै गरी विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), पर्यटन शुल्क, मनोरञ्जन कर तथा आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानालाई समेत स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरेको छ । त्यस्तै

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संविधानमा भएको व्यवस्थालाई थप परिस्कृत बनाई स्थानीय तहलाई सम्पत्ति कर, घर बहालकर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर गरी आठ प्रकारका कर तथा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना जस्तागैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई कर लगाउने र संकलन गर्ने सम्बन्धमा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था सहित विभिन्न कर तथा शुल्कहरू लगाउने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले लगाउन सक्ने करका सम्बन्धमा भएका मुख्य व्यवस्था निम्न तालिकामा देखाइएको छ ।

**करसम्बन्धी साझा अधिकार र एकल प्रशासन**

नेपालको संविधानको अनुसूची-९ ले सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा समावेश गरेको छ । यस्ता साझा अधिकारको सूचीमा रहेका करहरूको प्रशासन अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरूप गर्ने गरी व्यवस्था मिलाइएको छ । संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजस्व उठाउन सक्ने तर साझा अधिकारको सूचीभित्रका विषयमा कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ । सोही धारामा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरणको व्यवस्था मिलाउनुपर्ने भनिएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संविधानको अनुसूची ६ र ८ मा परेका एकै किसिमका करको सम्बन्धमा केही करको संकलन प्रदेशले गर्ने र केही करको संकलन स्थानीय तहले गर्ने गरी प्रदेश तथा स्थानीय तह बीच Upward/Downward राजस्व बाँडफाँटको सिद्धान्तलाई अँगालेको छ जसअनुसार निम्नानुसार एकल कर प्रशासनको माध्यमबाट कर संकलन गरी बाँडफाँड गर्ने व्यवस्था मिलाइएको छ -

(क) सवारी साधनको करको दर प्रदेशले लगाउने र उठाउने (तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा स्थानीय तहले नै कर लगाउने र उठाउने) यसैको लगत प्रयोग
(ख) घरजग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले तोक्ने र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
(ग) मनोरञ्जन करको दर प्रदेशले तोक्ने र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले तोक्ने र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने ।

यसैअनुरूप कर संकलन गर्ने तहले प्रदेश कानूनमा तोकिएबमोजिम विभाज्य कोषमा जम्मा गरी कानूनमा तोकिएको आधार र वित्त आयोगले निर्धारण गरेको मापदण्डबमोजिम बाँडफाँड गरी सम्बन्धित प्रदेश र

स्थानीय तहको सञ्चित कोषमा जम्मा गरिदिने व्यवस्था गरिएको छ । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको ३(५) मा प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्ने व्यवस्था गरिएको छ । यसबाट सरकारका तीनै तहले कर लगाउँदा बजारलाई प्रतिकूल प्रभाव पार्न नहुने र वस्तु तथा सेवाको ओसारपसारमा अवरोध सिर्जना गर्न नहुने स्पष्ट हुन्छ । यसै ऐनको दफा ३(६) मा नेपाल सरकारले संघीय कानूनबमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन पाउने व्यवस्था गरिएको छ । त्यस्तै, ऐनको दफा ४ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार कार्यलाई आधार मानी गैरकरका दर निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**संघीयतामा वित्त हस्तान्तरण प्रक्रिया**

संघीय शासन प्रणाली अवलम्वन गरेका विश्वका विभिन्न मुलुकहरूमा वित्त हस्तान्तरण प्रक्रिया फरक-फरक पाइन्छ । यद्यपि वित्त हस्तान्तरणको पक्रिया प्राय सबै मुलुकमा फरक भए पनि राजस्व बाँडफाँड र अनुदानको माध्यमबाट नै हस्तान्तरण हुने गरेको पाइन्छ । वित्त हस्तान्तरणमा सामान्यतया चार किसिमका मोडालिटी र मापदण्ड पाइएको छ जसमध्ये पहिलो मापदण्ड संविधानमा नै विज्ञहरू सम्मिलित आयोगको व्यवस्था गरी सो आयोगको सिफारिसबमोजिम निश्चित अवधिको लागि एउटा मापदण्ड (सूत्र) मार्फत वित्त हस्तान्तरण गरिन्छ । यस्तो प्रावधान अष्ट्रेलिया, भारत, दक्षिण अफ्रिका र नाइजेरियामा प्रचलनमा छ । यी देशहरूमा निश्चित अवधिको लागि मापदण्ड सिफारिस गर्न संविधानअनुसार आयोग गठन गरी त्यसले गरेको सिफारिसको आधारमा राजस्व बाँडफाँड र अनुदान वितरण गरिन्छ । आयोगबाट मापदण्ड सिफारिस भएपछि सो आयोग स्वतः विघटन हुन्छ । त्यस्तै, दोस्रो मोडालिटीमा संघ र प्रदेशका जनप्रतिनिधिहरू सम्मिलित वित्त परिषदले निर्धारण गरेको मापदण्ड र सिफारिसअनुसार वित्त हस्तान्तरण गरिन्छ । यस्तो प्रचलन मलेशियामा कार्यान्वयनमा छ । यहाँ संघ र प्रदेशका प्रतिनिधिहरूको जनप्रतिनिधित्व हुने गरी राष्ट्रिय वित्त परिषदले तय गरेको मापदण्ड र सिफारिसबमोजिम राजस्व बाँडफाँड र अनुदान हस्तान्तरण गरिन्छ । वित्त हस्तान्तरणको अर्को फरक अभ्यास सहितको मोडल स्वीट्जरल्याण्ड, जर्मनी, अमेरिका लगायतका मुलुकहरूले अवलम्बन गरेका छन् । यी देशहरूमा बजेट तर्जुमामा संसदको बजेट कमिटीको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले त्यहाँ संसदमा प्रतिनिधित्वको माध्यमबाट राज्य तथा तल्लो निकायको आवश्यकता, इच्छा र चाहाना बुझी संसदको बजेट समितिको सुझाव समेतलाई ध्यानमा राखी राजस्व बाँडफाँड र अनुदान वितरणको मापदण्ड संघीय सरकारले नै तय गर्छ । स्वीट्जरल्याण्डमा त संघीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्त हस्तान्तरणमा आनाकानी गरेमा वा आवश्यकताअनुसार हस्तान्तरण नगरेमा जनमत संग्रहको माध्यमबाट चुनौती दिने प्रचलन छ । अमेरिकाको हकमा भने कंग्रेस र राष्ट्रपतिको स्वीकृति विना कुनै किसिमको राजस्व बाँडफाँड र अनुदान हस्तान्तरण गर्न बन्देज लगाइएको छ । जर्मनीमा तेर्सो वित्त हस्तान्तरण (Horizontal Transfer Practice) प्रक्रिया पनि प्रचलनमा छ जसमा आर्थिक रूपमा सम्पन्न प्रदेश र स्थानीय तहले कमजोर राज्य तथा स्थानीय

तहलाई वित्त हस्तान्तरणको माध्यमबाट सक्षम बनाउन सघाउँछन् । त्यसैगरी अर्को चौथो मोडालिटीमा वित्त हस्तान्तरणको सम्पूर्ण अधिकार संघीय सरकारमा नै निहित हुन्छ । यस मोडालिटीमा सबै किसिमका राजस्व तथा अनुदान हस्तान्तरण र करसँग सम्बन्धित विषयको छिनोफानो संघले नै गर्छ । संघले प्रदेश र संघको बृहत्तर हितको लागि संघीय तथा प्रादेशिक संसदीय संयन्त्र मार्फत सरोकारवाला र विज्ञहरूसँग घनिभूत छलफल र बहस गरी एक निश्चित मापदण्ड तयार गरेर मात्र वित्त हस्तान्तरण गर्दछ ।

यसरी विश्वमा प्रचलित वित्त हस्तान्तरणसम्बन्धी विभिन्न मोडालिटी, तरिका र प्रक्रिया हेर्दा नेपालको मोडालिटी अष्ट्रेलिया भारत, दक्षिण अफ्रिका एवम् नाइजेरियाले अवलम्वन गरेको मोडालिटीको नजिक रहेको छ । तर ती देशहरूमा निश्चित अवधिको लागि विज्ञ समूहहरूको आयोग गठन गरी त्यस आयोगले निश्चित अवधिको लागि निर्धारण गरी सिफारिस गरेको सूत्र (मापदण्ड) को आधारमा वित्त हस्तान्तरण गरिएता पनि नेपालमा भने वित्त हस्तान्तरणको लागि विभिन्न मापदण्ड र सूचक-सूत्रहरू सिफारिस गर्न नेपालको संविधानको धारा २५० मा स्थायी संयन्त्रको रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ । यसै आयोगले निर्धारण गरेको मापदण्ड र प्रक्रियाअनुसार राजस्व बाँडफाँड र वित्त हस्तान्तरण हुन्छ । यस आयोगले राजस्व बाँडफाँड र अनुदान हस्तान्तरणको लागि मापदण्ड सिफारिस मात्र गर्दैन, तीनै तहका सरकारले उठाउने आन्तरिक ऋणको सीमा पनि निर्धारण गर्दछ ।

### हाम्रो सन्दर्भमा वित्त हस्तान्तरण

नेपालको सन्दर्भमा हेर्दा राजस्व बाँडफाँड र अनुदान हस्तान्तरणको माध्यमबाट प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण हुन्छ । संविधानको धारा ६० को व्यवस्थाअनुसार राजस्व बाँडफाँड र अनुदान हस्तान्तरण गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को अधिनमा रही आयोगले राजस्व बाँडफाँड, अनुदान हस्तान्तरण तथा आन्तरिक ऋण संकलनको लागि छुट्टै मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ जसलाई निम्नानुसार संक्षेपमा प्रस्तुत गरिएको छ-

### (क) राजस्व बाँडफाँड

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कबाट संकलन भएको रकमको ७० प्रतिशत संघको सञ्चित कोषमा र बाँकी ३० प्रतिशत आयोगले निर्धारण गरेको आधार र ढाचाँबमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई १५/१५ प्रतिशत बाँडफाँड गरिन्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ अनुसार राजस्व बाँडफाँटको ढाँचा तयार गर्दा जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकांङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थाजस्ता आधारहरू लिइएको छ ।

राजस्व बाँडफाँडको आर्थिक वर्ष २०७७/७८ आधार र ढाँचा निर्धारण गर्दा जनसंख्यालाई अत्यधिक भार

दिइएको छ भने क्षेत्रफललाई दोस्रो महत्त्वपूर्ण भार (१५%) दिइएको छ । विकासको फल प्रत्येक जनसंख्यालाई पुऱ्याउनु पर्ने हुनाले जनसंख्या बढी हुने प्रदेश र स्थानीय तहले राजस्व बाँडफाँडको रकम बढि पाउने र जनसंख्या न्यून तर ठूलो क्षेत्रफलमा फैलिएको प्रदेश तथा स्थतानीय तहलाई पनि मर्का नपरोस् भन्ने मनसायले क्षेत्रफल (भूगोल), मानव विकास सूचकांङ्क र पूर्वाधार विकासलाई उचित भार दिइएको छ ।

### प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड

प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी तीनै तहलाई बाँडफाँडको लागि अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ को अनुसूची-४ मा छुट्टै व्यवस्था गरिएको छ । यसअनुसार नेपाल सरकारले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड गर्दा नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशतका दरले निम्न तालिकाअनुसार बाँडफाँड गर्नु पर्ने कानूनी व्यवस्था छ । यसरी रोयल्टी बाँडफाँड गर्दा प्रभावित हुने प्रदेश तथा स्थानीय तह एक भन्दा बढी भएमा प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा बाँडफाँड गरिने छ । साथै रोयल्टी बाँडफाँडको प्रस्तुत मापदण्ड आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न सक्ने व्यवस्था पनि कानूनमै गरिएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारहरू वित्त आयोगले तोकेबमोजिम हुनेछ । यसै कानूनी व्यवस्थाअनुसार आयोगले केही आधारहरू निर्धारण गरेको छ ।

### आन्तरिक ऋण

संघ, प्रदेश र स्थानीय तहको घाटा बजेट पूर्ति गर्ने अन्यन्त महत्त्वपूर्ण स्रोत आन्तरिक ऋण हो । यसले अर्थतन्त्रको गतिशिलता, तरलता व्यवस्थापन, निजी क्षेत्रमा प्रवाह हुने कर्जा लगायतका क्षेत्रमा प्रभाव पार्ने हुनाले निश्चित सीमा भन्दा बढी र जुनसुकै प्रयोजनको लागि आन्तरिक ऋण उठाउन नपाइने विश्वव्यापी मान्यता छ । त्यसैले कति उठाउन पाउने भन्ने यसको निश्चित सीमा तोकिएको हुन्छ । नेपालको सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २० ले तीनै तहको सरकारले उठाउन पाउने ऋणको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेबमोजिम हुने व्यवस्था गरेको छ । यसै ऐनको दफा १२ (३) ले प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सहमतिमा मात्र आन्तरिक ऋण लिन पाउने र यस्तो सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धी, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरणसहितको प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

यसैअनुरूप राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई छुट्टाछुट्टै शर्तसहित आर्थिक वर्ष २०७७/७८ को लागि आन्तरिक ऋणको सीमा नेपाल सरकारको लागि आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने गरी अन्तरिक ऋण उठाउन सक्ने र यसको उपयोग बढी भन्दा बढी पुँजी निर्माण हुने क्षेत्रमा गर्ने । आर्थिक वर्ष २०७६/७७ को लागि यो सीमा ५ प्रतिशत मात्र तोकिएको थियो । त्यसैगरी प्रदेश सरकारको हकमा भने आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी उठाउन सक्ने गरी आन्तरिक ऋणको सीमा तोकेको छ । यसको परिचालन पुँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा गर्नुपर्ने र साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग गर्न नपाइने पनि व्यवस्था गरिएको छ ।

स्थानीय तहको लागि समेत वित्त आयोगले आन्तरिक ऋणको सीमा आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँड र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी संकलन गर्न पाइने तोकेको छ । तर यसको उपयोग भने पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा गर्नुपर्ने । साधारण प्रकृतिका र प्रशासनिक खर्चमा यसको उपयोग गर्न नपाइने । यसै गरी ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त लाभ वा आम्दानीबाट सो परियोजनामा लगानी गरिएको ऋणको सावाँ र व्याज भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्ने शर्त पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राखेको छ ।

**अनुदान हस्तान्तरण व्यवस्था**

नेपालको संविधानको धारा ६० ले राजस्व बाँडफाँटका साथसाथै अनुदान हस्तान्तरणको व्यवस्था पनि गरेको छ । प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान र संघीय कानून बमोजिम सशर्त, समपूरक र विशेष अनुदान संघले उपलब्ध गराउने व्यवस्था छ । त्यसैगरी प्रदेशले स्थानीय तहलाई समेत यी चारै किसिमका अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था पनि संविधानले गरेको छ । यसैअनुरूप राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय समानीकरण अनुदान वितरण गर्ने आधार र मापदण्ड निर्धारण गरेको छ ।

**वित्तीय समानीकरण अनुदान**

- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा उपलब्ध गराइने
- नेपालको संविधानको अनुसूची ६ र ८ मा व्यवस्था भए बमोजिमका कार्यहरूलाई समेत ध्यानमा राखी यो अनुदान उपलब्ध गराइने ।
- प्रदेशले समेत स्थानीय तहलाई यस्तो अनुदान उपलब्ध गराउने ।

**वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइने आधारहरू**

- प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक ।
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था ।
- प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था ।
- प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता ।
- प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा ।
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता ।
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता ।

प्रदेश र स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानका लागि आधार तयार गर्दा माथिका आधारहरूका साथै राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था समेतको अध्ययन अनुसन्धान गरी तयार गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ ।

स्थानीय तहलाई आर्थिक वर्ष २०७७/७८ वित्तीय समानीकरण अनुदान उपलब्ध गराउँदा खर्चको आवश्यकतालाई ७० प्रतिशत भार दिइएको छ । मानव विकास सूचकांक, सामाजिक असमानता, पूर्वाधार विकास र राजस्वको अवस्थाजस्ता सूचकांकलाई आधार मानिएको छ ।

**सशर्त अनुदान**

- कुनै कार्यक्रम वा क्रियाकलाप वा आयोजनाका लागि निश्चित रकम नै तोकेर उपलब्ध गराउने
- नेपालको संविधानको अनुसूची ६ र ८ लाई ध्यानमा राखेर यो अनुदान उपलब्ध गराइने ।
- साविकमा नेपाल सरकारका निकायहरूले सम्पादन गर्दै आएका त्रियाकलापहरू प्रदेश र स्थानीय तहमा जाने भएमा सो क्रियाकलाप र बजेट दुवै हस्तान्तरण हुने ।

**समपूरक अनुदान**

- प्रदेश वा स्थानीय सरकारले आफूले सञ्चालन गर्ने आयोजना वा कार्यक्रम तय गरी नेपाल सरकारसँग अपुग स्रोत माग गरेमा यस्तो अनुदान उपलब्ध हुने, तर यसका लागि आयोजना कार्यान्वयन पूर्वका चरणहरू पुरा गरेको हुनुपर्ने ।
- प्रदेशले स्थानीय तहलाई पनि यस्तो अनुदान दिन सक्ने ।
- प्रदेश र स्थानीय सरकारले यसको माग बजेट प्रस्तुत हुनु भन्दा अगावै पेश गर्नुपर्ने ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएका आधारहरू पूरा भएको हुनुपर्ने ।

**विशेष अनुदान**

- विशिष्ट प्रकृतिका कार्यहरूका लागि यस्तो अनुदान उपलब्ध गराइने ।
- सबै स्थानीय तह र प्रदेश सरकारलाई यो अनुदान उपलब्ध नहुने ।

विगत तीन आर्थिक वर्षको वित्त हस्तान्तरणको समग्र अवस्था र यसको राष्ट्रिय बजेटमा हिस्सा तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**विगत तीन आर्थिक वर्षको वित्त हस्तान्तरण**

(रकम रु. अर्बमा)

| सि. नं. | अनुदान शीर्षक | आर्थिक वर्ष ०७५/७६ | | | आर्थिक वर्ष ०७६/७७ | | | आर्थिक वर्ष ०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा |
| १. | समानीकरण | ५०.३० | ८५.२० | १३५.५० | ५५.३० | ८९.९५ | १४५.२५ | ५५.१९ | ९०.०५ | १४५.२४ |
| २. | सशर्त | ६३.१३ | १०९.८५ | १७२.९८ | ४४.५५ | १२३.८७ | १६८.४२ | ३६.३५ | १६१.०९ | १९७.४४ |
| ३. | समपुरक | ५.० | ५.० | १०.० | ५.० | ५.० | १०.० | ५.१९ | ४.७८ | ९.९७ |
| ४. | विशेष | ५.० | ५.० | १०.० | ५.० | ५.० | १०.० | ३.१३ | ६.८३ | ९.९६ |
| ५. | जम्मा | १२३.४३ | २०५.०५ | ३२८.४८ | १०९.८५ | २२३.८२ | ३३३.६७ | ९९.८६ | २६२.७५ | ३६२.६१ |
| ६. | कुल बजेटको हिस्सा | ९.३८ | १५.५९ | २४.९७ | ७.१६ | १४.६० | २१.७६ | ६.७७ | १७.८२ | २४.५९ |
| ७. | राजस्व बाँडफाँड | ५७.१२ | ५७.१२ | ११४.२४ | ६५.४५ | ६५.४५ | १३०.९० | ६१.०७ | ६१.०७ | १२२.१४ |
| ८. | जम्मा हस्तान्तरण | १८०.५५ | २६२.१७ | ४४२.७२ | १७५.३० | २८९.२७ | ४६४.५७ | १६०.९३ | ३२३.८२ | ४८४.७५ |
| ९. | कुल बजेटमा वित्त हस्तान्तरण (%) | १३.७३ | १९.९३ | ३३.६६ | ११.४३ | १८.८७ | ३०.३० | १०.९१ | २१.९६ | ३२.८७ |

*स्रोतः सम्बन्धित आर्थिक वर्षका बजेट वक्तव्यहरू*

(नोटः आर्थिक वर्ष २०७४/७५ मा स्थानीय तहलाई समानीकरण अनुदान १५५ अर्ब ७८ करोड र सशर्त अनुदान ७६ अर्ब ४१ करोड विनियोजन/प्रदेश गठन भई नसकेको)

विगत तीन आर्थिक वर्षको वित्त हस्तान्तरण हेर्दा कुल बजेटको करिब एकतिहाई अनुदान र राजस्व बाँडफाँडको माध्यमबाट हस्तान्तरण भएको देखिन्छ । तर, संघले चलाखी गरेर प्रत्येक वर्ष समानीकरण अनुदान रकम नबढाउने बरू सशर्त अनुदान रकम बढाउँदै लगेको देखिन्छ । शुरुका वर्षमा प्रदेश र स्थानीय तहको संस्थागत संरचना जनशक्ति, सूचना एवम् कार्यक्रम कार्यान्वनय तौर तरिकाको पद्धति तयार नहुँदा संघले नै कार्यक्रम तोकेर सशर्त अनुदान बढी दिनु ठिकै भए पनि सशर्त अनुदानलाई क्रमशः स्थिर वा घटाउँदै राष्ट्रिय प्राथमिकता, संघको नीति तथा कार्यक्रम, प्रदेश र स्थानीत तहले न्यून प्राथमिकता दिनसक्ने क्षेत्र लगायतमा सीमित गर्नुपर्छ । संविधानले नै प्रदेश र स्थानीय तहलाई कार्य जिम्मेवारी तोकी

सकेपछि ती कार्य प्राथमिकताको आधारमा सम्पादन गर्न अनुदान रकममा शर्त बन्देज लगाउनु हुँदैन । बरु कार्य सम्पादनको आधारमा कस्न सकिन्छ । त्यसैले समानीकरण अनुदानमा कन्जुस्याईं गर्नु हुँदैन। यसै महत्त्वपूर्ण र चुरो कुरालाई दृष्टिगत गरी आर्थिक वर्ष २०७४/७५ को बजेट स्थानीय तहलाई जाने अनुदानमा समानीकरण अनुदान १५५ अर्ब ७८ करोड उपलब्ध गराइएको थियो जबकि सशर्त अनुदान जम्मा ७६ अर्ब ४१ करोड मात्र कार्यक्रम तोकेर उपलब्ध गराइएको थियो । सो आर्थिक वर्षमा प्रदेशहरू गठन भई नसकेकोले प्रदेशको हकमा भने सामान्य प्रशासनिक र सञ्चालन खर्चमात्र विनियोजन गरिएको थियो ।

आर्थिक वर्ष २०७५/७६ र त्यसपछिका दुई आर्थिक वर्षमा अनुदान शीर्षकमा विनियोजन रकम हेर्दा सशर्त अनुदानको आकार निकै बढेको छ भने समानीकरण अनुदानको आकार खुम्चिँदै गएको छ । अर्कोतर्फ सशर्त अनुदान खर्च हुन नसकेमा संघमै फिर्ता गर्नुपर्ने प्रावधानले प्रदेश र स्थानीय तह हेपिएको महसुस गरेका छन् । उनीहरूको माग नै सशर्त अनुदान क्रमशः कम गर्दै समानीकरण अनुदान बढाउनुपर्ने छ । समानीकरण अनुदानको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाईने कानूनी व्यवस्थाले उनीहरूको माग जायज नै हो भन्न सकिन्छ । यस्ता विषयहरूमा संघले ध्यान पुऱ्याउन सकेमा मात्र वित्तीय संघीयतालाई सफल पार्न सकिन्छ ।

**वित्त हस्तान्तरणमा असन्तुष्टि**

संघबाट प्रदेश तथा स्थानीय तहलाई हुने राजस्व बाँडफाँट र अनुदान हस्तान्तरणमा प्रदेश तथा स्थानीय तहले कार्य जिम्मेवारी अनुरूप वित्त हस्तान्तरण नभएको भनी असन्तुष्टि देखाउदै आएका छन् । मुलुकको साधन स्रोत परिचालनको साँचो संघले लिएर बसेको तर प्रदेश र स्थानीय तहलाई कार्य जिम्मेवारीअनुसार स्रोत हस्तान्तरण नगरेको गुनासो उनीहरूको छ । राजस्व बाँडफाँटमा समेत प्रदेश र स्थानीय तहलाई नजर अन्दाज गरी मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क संकलनको ३० प्रतिशत (प्रदेश तहलाई १५ र स्थानीयलाई १५ प्रतिशत) मात्र रकम बाँडफाँट हुने गरी कानून तर्जुमा गरिएको जसबाट ठूलो हिस्सा संघमै रहने गरेको भनी प्रदेश र स्थानीय तहले बारम्बार अन्तर सरकारी वित्त व्यवस्थापन कानूनमा संशोधन गरी राजस्व बाँडफाँटको हिस्सा बढाउनु पर्ने माग राखेका छन । संकलन गरिने राजस्वको नगन्य श्रोत (रजिष्ट्रेसन दस्तुर र सवारी साधन कर) मात्र संकलन अधिकारसहित हस्तान्तरण गरिएको हुँदा संघले अहिले साविकमा संकलन गरी रहेको राजस्वको झण्डै ९५ प्रतिशत राजस्व संकलन अधिकार ओगटेर राखेको यथार्थता सत्य नै हो । त्यसैगरी अनुदान हस्तान्तरणको माध्यमबाट प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने रकम पनि संघले अत्यधिक मात्रामा आफैले परिचालन गरी न्यून मात्र अनुदान स्वरूप उपलब्ध गराएकोले कार्य जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्न नसकिएको प्रदेश तथा स्थानीय तहको गुनासो छ ।

संघीयताको अभ्यास गरेका विश्वका विभिन्न मुलुकहरूको वित्त हस्तान्तरणको अवस्था हेर्दा राजस्व

बाँडफाँट र अनुदान वितरणका मापदण्डहरू फरक-फरक छन् । ती मुलकहरूमा प्रदेश तथा स्थानीय तहले संकलन गर्ने कराधार मजबुद र व्यापक भएकोले राजस्व बाँडफाँट र अनुदान प्राप्त हुने रकमको हिस्सा कम भए पनि ठूलो असर पर्दैन । हाम्रो जस्तो विकासोन्मुख मुलकमा पूर्वाधार विकास, सामाजिक सुरक्षादेखि सुरक्षा प्रशासन सञ्चालन एवम् अन्तरिक तथा बाह्य ऋण भुक्तानी सम्मको दायित्व संघमै रहेकोले संघको अनिवार्य दायित्व बढी हुने देखिए पनि चालु तथा अनावश्यक खर्च कटौती गर्दै जानुपर्ने अवस्था भने टडकारो देखिन्छ । अर्कोतर्फ प्रदेश तथा स्थानीय तहले प्राप्त राजस्व तथा अनुदानको रकम समुचित रूपमा खर्च गर्न नसकेको अवस्थामा संघलाई खर्च क्षमतामा प्रश्न उठाई अनुदानमा कस्न बल पुऱ्याउने वातावरण पनि प्रदेश र स्थानीय तहले नै सिर्जना गरेका छन् ।

**स्रोत व्यवस्थापनका चुनौतीहरू**

संघीयतामा स्रोत व्यवस्थापन पक्ष स्रोत परिचालनसँग जोडिएको विषय मात्र नभएर समग्र संघीयता कार्यान्वयनसँग प्रत्यक्ष्य जोडिएको महत्त्वपूर्ण विषय हो । त्यसैले यस विषयले वित्तीय संघीयता कार्यान्वयनको पक्षलाई मात्र हेर्दैन । यो विषय संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध जसलाई संविधानमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने छ भनिएको सँग प्रत्यक्ष घाँटी जोडिएर आएको छ । प्रदेश र स्थानीयतह स्रोत परिचालनमा केन्द्रसँग बढि निर्भर हुनु पर्ने अवस्था छ भने खर्च व्यवस्थापन गर्ने सबै अधिकार र जिम्मा प्रदेश र स्थानीय तहलाई नै छ । संवैधानिक प्रावधानअनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई अनुदान उपलब्ध गराए पनि प्रदेश र स्थानीय तहले केन्द्रले प्रर्याप्त र कार्य जिम्मेवारीअनुसार स्रोत उपलवब्ध नगराएको गुनासो गरेका छन् भने संघले उपलब्ध साधन र स्रोतको समुचित व्यवस्थापन र उपयोग हुदै गएमा क्रमशः स्रोतको आवश्यकता सम्वोधन हुँदै जाने भन्दै आएको छ । सेरोफेरोमा रहेर संघीयता कार्यान्वयनमा देखिएका स्रोत व्यवस्थापनका चुनौतीहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ-

१. समयमै कर्मचारी समायायेजन, संगठन संरचना हस्तान्तरण तथा प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्ति एवम् निर्वाचित पदाधिकारीहरूको क्षमता विकास जस्ता कार्यहरू हुन नसक्दा प्रदेश र स्थानीय तह अस्तव्यस्त र कुहिरोको काग हुनु । समायोजन पश्चात पनि ठूलो संख्यामा कर्मचारीको दरबन्दी र संगठन संरचना केन्द्र मातहत नै रहनु, केन्द्र बोझिलो र प्रदेश र स्थानीय तहलाई आवश्यकताअनुसार दरबन्दी, कर्मचारी र संगठन संरचना हस्तान्तरण नहुनु ।
२. साझा अधिकारका विषयसँग सम्बन्धित कानून निर्माणमा ढिलाई, जसले गर्दा ती कानूनलाई आधार बनाएर प्रदेश र स्थानीय तहले कानून बनाउन नपाउनु । संघीय निजामती सेवा ऐन र संघीय प्रहरी ऐन लगायतका कानून नबन्दा प्रदेश र स्थानीयतहले सो अनुसार चाहेर पनि आफ्नो कार्य अगाडि बढाउन नसक्ने अवस्था देखिएको छ । साझा अधिकारका सूचीसँग सम्बन्धित विषयहरू स्रोत परिचालनसँग समेत जोडिएकोले संघको मुख ताक्नुको विकल्प छैन ।

३. कर तथा शुल्क लगाउने अधिकार संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चानल ऐन, २०७४ ले स्पष्ट रूपमा प्रदान गरे पनि कानूनी अधिकार, प्रचलित मापदण्ड र करका सर्वमान्य सिद्धान्तहरूलाई आत्मसात नगरी स्थानीय तहले जन अपेक्षा विपरित कर तथा शुल्क लगाउँदा स्थानीय स्तरमा विवाद बढदै गएको ।

४. कानूनमा स्पष्ट व्यवस्था हुँदा हुँदै पनि कतिपय स्थानीयतहले समयमा बजेट नल्याउने, कतिपयले बजेट नै पेश नगरी खर्च गर्ने, विनियोजन कुशलता र प्राथमिकतालाई नजर अन्दाज गर्ने, स्थानीयस्तरमा भौतिक पूर्वाधार निर्माण, पुँजी निर्माण, रोजगारी सिर्जना, स्थानीय सीप र प्रविधिको विकास, जनसहभागितामा आधारित कार्यक्रम सञ्चालन, सर्शत अनुदानमा प्राप्त हुने रकमको पूर्व शर्तअनुसार कार्यान्वयन नगरी आफुखुशी, विना मापदण्ड, वितरण मुखी वजेट तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटी प्रदेश र स्थानीयतहमा पनि संस्थागत हुँदै जानु । बजेट खास गरी पुँजीगत बजेट खर्च अत्यन्त न्यून र लज्जास्पद हुनु ।

५. सुशासन, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वको अभाव । सेवा सुविधामा अस्वभाविक बृद्धिले जनप्रतिनिधि विवादमा तानिदै जानु । सूचना प्रवाहमा कन्जुस्याँई, आफूले गरेको कामको जिम्मेवारी लिने र सम्बन्धित निकायप्रति उत्तरदायी हुने प्रणाली विकास हुनु नसक्नु ।

६. प्रदेश तथा स्थानीय तहमा योजना छनौटमा दोहोरोपना, एउटै योजनामा केन्द्र, प्रदेश र स्थानीय तीनै तहबाट रकम विनियोजन हुने, अधुरा आयोजना पूरा गर्ने भन्दा नयाँमा बजेट विनियोजनमा जोड दिने प्रवृत्ति बढदै जानु, बहुवर्षिय ठेक्कामा रहेका आयोजनाहरू सशर्त आयोजनाको रूपमा हस्तान्तरण भए पनि अपनत्व नलिनु ।

७. आर्थिक अनुशासन पालनामा कमजोर देखिनु, सार्वजनिक खरीद ऐन, नियमावलीको पालनामा चुक्नु, आफूखुशी व्याख्या र विश्लेषण गर्नु, सार्वजनिक कोष (Public Fund) को सुरक्षा र यसको उपयोग जनहितमा गर्नु पर्नेमा सेवा सुविधा, अनुदान, आर्थिक सहायता, सवारी साधन जस्ता क्षेत्रमा खर्च बढाउदै जानु ।

८. सिंहदरबार गाउँ घरमै आइपुगेको अनुभूति दिलाउन सेवा प्रवाहमा प्रभावकारिता, गुनासो सुनुवाई, जस्ता विषयहरूले महत्त्व राख्छन तर स्थानीय तहबाट प्रवाह गरिने सेवामा अझै चुस्तता, सिघ्रता र प्रभावकारिता आउन सकेको छैन । राजस्व संकलनमा जोड दिने तर जनतालाई दिने सेवा सुविधामा नजर अन्दाज गर्ने गरिएको आम जनताको गुनासो छ ।

९. अनुसन्धान र विकासमा अत्यन्त कम लगानी गर्नु । विश्वसनीय र भरपर्दो सूचनाहरूको अभावमा नीति, योजना तथा कार्यक्रम तर्जुमामा परिपक्वता नदेखिनु ।

१०. आयोजना छनौट, कार्यान्वयन र प्रतिफल-लाभको वितरण र उपयोगमासम्बन्धी लाभ ग्राहीको न्यून सहभागिता । जनसहभागिता विना बजेट तथा योजना तर्जुमा र कार्यान्वयनको कारण त्यस्ता कार्यक्रमहरूको अपनत्व (Ownership) स्थानीय जनसमुदायबाट नलिने प्रवृत्तिको क्रमशः विकास हुँदै जानु ।

११. जनप्रतिनिधि र कर्मचारीबीच अविश्वासको वातावरण बढ्दै जानु । एकले अर्कोलाई विश्वास नगर्ने, निर्वाचित जनप्रतिनिधिले कर्मचारीलाई विश्वासमा लिएर काम गराउनु पर्नेमा गैर कानूनी कामको लागी दबाव दिने, कानून विपरित सरुवा, कारबाही गर्ने, समन्वय र सहकार्य नगर्ने जस्ता कारणहरूले स्थानीयतहको दैनिक प्रशासनिक कार्यमा समेत बाधा अडचन देखिनु ।
१२. अधिकार प्रयोगको विषयलाई लिएर स्थानीय तहका प्रमुख र उपप्रमुख वीच द्वन्द सिर्जना हुनु । अधिकार प्रत्यायोजनमा कन्जुस्याँई गर्नु । सबै अधिकार केन्द्रिकृत गरी कतिपय अवस्थामा आर्थिक अधिकार समेत जनप्रतिनिधि स्वयमले प्रयोग गर्नु ।
१३. केन्द्रदेखि स्थानीयतहसम्म नै केन्द्रिकृत मानसिकता हावी हुनु । माथिबाट तल दिनुपर्ने अधिकार समेत केन्द्रले नै प्रयोग गर्नु । केन्द्रीय संगठन संयन्त्र बोझिलो बनाउनु, प्रदेश र स्थानीय तहले समेत आफू स्वयम् स्वायत्त सरकारको हैसियतमा रहेको बिर्सेर माथिको आश गर्ने प्रवृत्ति कायमै रहनु । प्राप्त अधिकार, साधन स्रोत र जनशक्तिको समुचित उपयोग गर्दै अधिकार प्राप्तिको लागि लड्दै जानु पर्नेमा साना योजना-आयोजना तथा कार्यक्रममा समेत केन्द्रसँग बजेट निकासा माग्ने प्रवृत्ति अझै कायम रहनु । अन्तर प्रदेश परिषद र अन्तर सरकारी वित्त परिषदका निर्णयहरू समेत कार्यान्वयन गर्न आनाकानी गर्नु ।
१४. प्रदेश तथा स्थानीय तहले कतिपय अवस्थामा राष्ट्रिरय नीति र संघीय हित (Interest) को सीमा नाघ्नु, एक प्रदेश वा स्थानीय तहले अर्को प्रदेश वा स्थानीय तहको कानूनी व्यवस्था वा न्यायिक एवम् प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग पुऱ्याउने, साझा चासो, सरोकार वा हितको विषयमा सूचना आदान प्रदान, परमर्श, समन्वय गर्नु पर्नेमा त्यस्ता विषयमा ध्यान नदिनु, प्रदेश तथा स्थानीय तहवीच अस्वस्थ प्रतिस्पर्धा बढ्दै जानु, साधन र स्रोतको स्वेच्छाचारी एवम् स्वविवेकीय प्रयोग वढदै जानु वित्तीय संघीयता कार्यान्वयन र स्रोत व्यवस्थापनमा देखिएका जटिल चुनौतीहरू हुन् ।
१५. अहिले जनताको अपेक्षा र काम गराई वीचमा ठूलो खाडल छ । जनता के चाहन्छन् भन्दा पनि मेरो कार्यकालमा मैले यो गर्नैं पर्छ भन्ने मानसिकता लिएर जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारीहरूले आफूखुसी काम गर्दा संघीयता प्रति नै जनताको दृष्टिकोण क्रमशः नकारात्मक हुदै जाने त होइन भन्ने आशंका पैदा भएको छ ।

यद्यपि संघीयताले स्थानीयस्तरसम्म जनतालाई केही हदसम्म सहभागितामूलक विकासको माध्यमबाट हातेमालो कायम गरी स्रोत साधान जनताको हातसम्म पुऱ्याउन सघाएको छ । ससाना आयोजना, विकास निर्माणका काम, जनताका प्रत्यक्ष्य सरोकारका दैनन्दित कार्यहरू सम्पादनमा सहजता आएको छ । विकासका गतिविधिहरू क्रमशः बढ्दै गएका छन् । जनताले आफू सहभागी भएका कार्यहरूको स्वामित्व लिने प्रवृत्ति बढ्दै गएको छ । स्थानीय स्तरका सीप र प्रविधिको संरक्षण र विकास भएको छ । रोजगारी सिर्जना, आर्थिक कृयाकलापमा विस्तार, सेवा प्रवाहमा शिघ्रताले समग्रमा राष्टिय अर्थतन्त्रमा सकारात्मक

प्रभाव परेको छ । साना तिना विवादको न्यायिक निरूपण स्थानीय तहमै भएका छन् । लगानी आकर्षण गर्न सहुलियत र सेवा सुविधा दिने विषयमा हुने प्रतिस्पर्धाले प्रदेश र स्थानीय तहमा निजी लगानी प्रवाहमा वृद्धि भएको छ । सूचना प्रवाह, पारदर्शिता र केही हदसम्म जिम्मेवारी र जवाफदेहितामा सकारात्मक रूपमा वृद्धि भएको छ ।

## अबको बाटो

संघीयतामा स्रोत परिचालन र व्यवस्थापन क्रमशः जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको यस अघि उल्लिखित तथ्य र विभिन्न अध्ययनहरूले नै देखाएका छन् । तर पनि संघीय प्रणाली र स्थानीय तहप्रति जनताको आशा र भरोसा भने बढ्दो छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले गरेको अध्ययनले पनि ६७ प्रतिशत जनता स्थानीय सरकारले सार्वजनिक सेवामा सुधार ल्याउन सक्ने र विकास योजनाहरूको कार्यान्वयनमा समेत सुधार ल्याउन सक्ने निष्कर्षमा पुगेको देखाएको छ । यसैगरी ६४ प्रतिशत जनताले स्थानीयतहले योजना तथा विकास प्रक्रियामा आफूहरूको सहभागिताको सुनिश्चितता गरेको बताएका छन् । यी दुवै विषयमा १८ प्रतिशत जनताले भने स्थानीय सरकारले जनभावनाअनुरूप काम गरेको पूर्ण रूपमा स्वीकारेका छन् । यसै अध्ययनमा ७० प्रतिशत जनताले स्थानीय स्तरमा विकासको आशाले संघ र प्रदेशको निर्वाचनमा सहभागी भएको धारणा राखेका छन । यसबाट स्थानीय सरकारप्रति जनताको दृष्टिकोण क्रमश सकारात्मक हुदै गएको संकेतको रूपमा लिनुपर्छ ।

त्यसैले जनताको आशा र भरोसालाई मर्न नदिन र साँच्चिकै गाउँ गाउँमा सिंहदरबारको अनुभूति दिलाउन सुशासनका आधार स्तम्भ पारदर्शिता, जिम्मेवारी बहन, जनताप्रति उत्तरदायी, जनसहभागितामूलक विकास, कानूनको प्रभावकारी कार्यान्वयन, राज्यका सबै क्षेत्र, तह र निकायमा समावेशी सहभागिता, मितव्ययिता र आर्थिक अनुशासनमा चट्टानी अडान जस्ता पक्षहरूलाई मनैदेखि आत्मसात गर्दै उल्लिखित चुनौतीहरूलाई ध्यानमा राखी संघ, प्रदेश र स्थानीय तहले निम्नानुसार सुधारका प्रयासहरू गरेमा वित्तीय संघीयताको कार्यान्वयन सफल रूपमा भई स्रोतको परिचालन र व्यवस्थापन जनअपेक्षा अनुरूप हुनेछ -

१. सबै किसिमका आर्थिक तथा वित्तीय क्रियाकलापहरूमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने सम्पादित कार्यहरूको बारेमा नियमित रूपमा सार्वजनिकीकरण तथा जानकारी गराउने । आफ्नो वेवसाइट नियमित रूपमा अद्यावधिक गर्ने ।
२. सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग छलफल, सम्वाद, अनुभव आदान प्रदान र सुझाव ग्रहण गर्दै कार्य सम्पादनमा पारदर्शिता कायम गर्ने जिम्मेवारी लिने र जवाफदेही हुने परिपाटी बसाल्ने ।
३. कार्य सम्पादनमा स्थापित प्रणाली, विधि तथा मापदण्ड अवलम्बन गर्ने । अनावश्यक र फजुल खर्च घटाउने, प्राथमिकता निर्धारण गरी कार्य सम्पादन गर्ने । संघले प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी राजस्व संकलनको क्षमता, खर्चको आवश्यकता र जनताप्रतिको उत्तरदायित्व समेतलाई ध्यानमा राखी सशर्त अनुदान क्रमशः कम गर्दै जाने र समानीकरण अनुदान बढाउँदै लैजाने ।

४. नीति तथा कार्यक्रम तर्जुमा गर्दा विश्वसनीय र भरपर्दो तथ्याङ्क प्रयोग गर्ने, कुनै पनि नीति तथा कार्यक्रमको सकारात्मक तथा नकारात्मक पक्षहरूको विश्लेषण र प्रभाव मूल्याङकन गर्ने परिपाटी बसाल्ने ।

५. सार्वजनिक उत्तरदायित्व कानून र परियोजना व्यवस्थापन तथा कार्यान्वयन कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । बजेट तर्जुमा गर्दा जनसहभागिता बढाउन खुल्ला बजेट प्रणाली अवलम्बन गर्ने । बजेटको प्राथमिकता निर्धारण, स्रोतको उपलब्धता र सीमा, घाटा बजेट पूर्तिको स्रोत, जस्ता महत्त्वपूर्ण विषयहरूमा बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउन सकेमा बजेट वास्तविकतामा आधारित, कार्यान्वयन गर्न सहज र नतिजामूलक हुन्छ ।

६. बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने अर्को महत्त्वपूर्ण पक्ष उपयुक्त खर्च योजना हो । यसमा स्पष्टरूपमा अगामी वर्षको स्रोत परिचालन र खर्च व्यवस्थापनको खाका तयार गर्नु पर्दछ । यसलाई त्रिवर्षीय खर्च योजनाको रूपमा स्वीकारी कार्यान्वयनमा ल्याउने । कार्य सम्पादन योजना बनाई त्यसैअनुरूप कार्यान्वयन र मूल्याङकन गर्ने परिपाटी बसाल्ने । कार्य सम्म्पादन योजनाका सूचकहरू मापन योग्य र नतिजामूखी हुनु अपरिहार्य छ ।

७. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, सबल र पारदर्शि बनाउने, दैनिक प्रयोगमा आउने महत्त्वपूर्ण कानूनहरूको जानकारी अन्तर निकाय समन्वय, जनप्रतिनिधि र कर्मचारीबीच विश्वासको वातावरण निर्माण अधिकार प्रत्यायोजन र आन्तरिक लेखा परिक्षण प्रणालीलाई प्रभावकारी बनाउने ।

८. तीनै तहका सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्व नै संघीयता कार्यान्वयनको महत्त्वपूर्ण चुरो हो । त्यसैले आफ्नो अधिकार क्षेत्रभित्र रही यी तीन पक्षलाई आत्मसात गर्दै कार्य सम्पादन गर्न सकिएमा मात्र संघीयतामा स्रोत परिचालन र व्यवस्थापन प्रभावकारी, मितव्ययी र नतिजामूखी हुनेछ । वित्तीय संघीयताको सफल कार्यान्वयनको लागी उपलब्ध साधन स्रोतको समुचित प्रयोग, आर्थिक अनुशासन कायम र जिम्मेवारी तथा जवाफदेहीता नै महत्त्वपूर्ण पक्ष हुन् । त्यस्तै प्राकृतिक स्रोतको बाडँफाँड र उपयोगको लागी उचित मापदण्ड कानूनी रूपमा नै निर्धारण गरी कार्यान्वयनमा ल्याउन अब ढिला गर्नु हुँदैन ।

वित्तीय संघीयता सफल बनाउन संविधानमा स्पष्ट रूपमा आर्थिक खासगरि राजस्व अधिकारको विषयमा ध्यान दिनु आवश्यक छ । यसको लागि संघीय शासन प्रणाली अवलम्वन गरेका मुलुकहरूको वित्त व्यवस्थापन सम्बन्धमा सुक्ष्म अध्ययन अनुसन्धान र हाम्रोजस्तो मुलुकमा यसको प्रयोगबाट पर्नसक्ने सम्भावित प्रभाव समेतको गहिरो विश्लेषण आवश्यक पर्छ । तर, अधिकार सम्पन्न बनाउने नाममा प्रदेश र स्थानीय तहबिच कहीं कतै मेल नखाने र कार्यान्वयन गर्न कठिन एवम् कालान्तरमा विवाद हुने गरी प्रदेश र स्थानीय तहबीच कराधिकारमा दोहोरो पर्ने गरी एउटै कर दुवैले उठाउन पाउने व्यवस्था गरियो । खासगरी सवारी साधन कर र रजिस्ट्रेसन दस्तुरमध्ये प्रदेश र स्थानीय तहलाई एउटा एउटा संकलन गर्न पाउने अधिकार दिएको भए प्रदेशको आफ्नै छुट्टै स्रोत समेत हुने थियो । तर त्यसो

गरिएन । संघले संघीयतामा रूपान्तरण हुनुअघि संकलन गरेका करहरूमध्ये यी दुईथरी करमात्र कराधिकारसहित हस्तान्तरण गरिएको भएपनि सहज र सरल किसिमले संकलन गर्न सकिने गरी संविधानमा व्यवस्था नगर्दा एकल प्रशासन र बाँडफाँडको सहारा लिनुपर्ने अवस्था आयो ।

स्थानीय तहको राजस्वको ठूलो स्रोत सम्पत्ति कर र व्यवस्थापन गर्नसके बहाल कर समेत महत्त्वपूर्ण स्रोतको रूपमा रहेको छ । यस्तो अवस्थामा सवारी साधन कर र रजिस्ट्रेसन दस्तुर संकलन गर्ने अधिकार प्रदेशलाई दिनुपर्ने थियो जसबाट प्रदेश केही हदसम्म साधन स्रोत सम्पन्न हुने थियो । प्रदेशलाई दिइएको कृषि आयमा कर लगाउने अधिकार टोक्नु न बोक्नु भएको छ । व्यावसायिक कृषि आय संघको आयकरको दायरामा पर्ने हुनाले कृषि आयबाट प्रदेशहरूले राजस्व संकलन गर्न सक्छन् भन्नु झण्डै झण्डै दिउँसै सपना देख्नुजस्तै हो । एकातिर झण्डै ९५ प्रतिशत राजस्वका स्रोत संघमै रहनु अर्कोतर्फ प्रदेशले अधिकार, दायित्व र जिम्मेवारीअनुसार कार्य सम्पादन गर्न संघकै अनुदानको मुख ताक्नुपर्ने स्थिति हुनुले वित्तीय संघीयतलाई सबल र सक्षम बनाउन पक्कै पनि सजिलो छैन । त्यसैले यस्ता विषयमा विज्ञहरूको छलफल, बहस र सरोकारवालासँग समन्वय गरेर संविधानमै संशोधन गरेर भएपनि कराधिकार मिलाउनु पर्छ ।

**सन्दर्भ सामाग्री**


१. नेपाल सरकार (२०७२) नेपालको संविधान,  नेपाल सरकार कानून किताब व्यवस्था समिति काठमाडौं

२. नेपाल सरकार (२०७४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ नेपाल सरकार कानून किताब व्यवस्था समिति काठमाडौं

३. नेपाल सरकार अर्थमन्त्रालय (२०७७) आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, अर्थमन्त्रालय काठमाडौं

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (२०७५) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका काठमाडौं

५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (२०७५) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम वार्षिक प्रतिवेदन २०७६ काठमाडौं

६. सुवेदी शान्तराज (२०७५) संघियतामा कर प्रणालीः सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भ सोपान विशेषाङ्क

७. Ewetan,0. (2012) Fiscal federalism in Nigeria: Theory and practice, International Journal of Development and sustainability, vol (1) no (3) pp1075-1087

८. Saha.A (2006) Fiscal fedralism: principles, practices and challenges, an overview, IIPA New Delhi

# सार्वजनिक खरिदमा करसम्बन्धी पक्षहरू

✍ सुरेश प्रधान *

## १. पृष्ठभूमी

सार्वजनिक निकायहरू वस्तु तथा सेवा खरिद गर्ने ठूलो खरिदकर्ता हो । त्यसैले प्रत्येक वर्ष प्रस्तुत हुने सरकारको बजेट तथा कार्यक्रममा समावेश भएका क्रियाकलाप तथा खरिदसम्बन्धी कार्यहरू सामान्य नागरिक तथा निजीक्षेत्रको लागि पनि चासोको विषय रहने गर्दछ । खरिदको कार्य बिना आर्थिक विकासको मेरुदण्ड मानिने पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्रको रूपमा शिक्षा स्वास्थ्यको क्षेत्रमा पनि आशातीत सफलता हासिल हुन सक्दैन । किनभने जुनसुकै क्षेत्रगत रूपमा समावेश गरिएको बजेटको निकै ठूलो अंश निर्माण कार्य, परामर्श सेवा, मालसामान र अन्य सेवामा खर्च हुने गर्दछ । त्यसैले खरिदसम्बन्धी कार्यहरू बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समयमा सम्पन्न गर्नु आवश्यक हुन्छ । यसबाट नागरिकको हितको सुरक्षा र उच्चस्तरको सेवा सुपुर्दगीको कार्यलाई आश्वस्त गर्दछ । आर्थिक सहयोग तथा विकास संगठनका राष्ट्रहरूमा सार्वजनिक खरिद कार्यमा कुल ग्राहस्थ उत्पादनको करीब १२ प्रतिशत तथा कुल सरकारी खर्चको २९ प्रतिशत खर्च हुने गरेको तथ्याङ्क देखिन्छ । विकासोन्मुख राष्टमा यो प्रतिशत अझ बढी रहेको देखिन्छ । विकासको कार्यमा बढी खर्च गर्नुपर्ने कारणबाट पनि विकासशील राष्ट्रहरूमा सार्वजनिक खरिद कार्यमा बढी खर्च हुने गरेको छ । एक अनुमानको आधारमा विकासशील राष्ट्रहरूमा कुल ग्रार्हस्थ्य उत्पादनको करीब २० प्रतिशत तथा कुल खर्चको ६० देखि ७० प्रतिशतसम्म खर्च हुने गरेको अनुमान गरेको देखिन्छ । यसरी सरकारी बजेटको ठूलै अंश सार्वजनिक खरिद कार्यमा खर्च हुने भएकोले हरेक सरकारले सार्वजनिक निकायबाट खरिद कार्यमा हुने खर्चमा उचित ध्यान दिनुपर्दछ । अझ नागरिकबाट उठेको राजस्वको अंश वा बैदेशिक सहायताको रकम खर्च गरिने भएकोले सो रकमको मूल्य (Value for Money) हुने गरी मितव्ययी र प्रतिस्पर्धी तरिकाबाट खर्च गरिनु आवश्यक छ । एकातिर राजस्वको रकम खर्च हुने कुरा महत्त्वपूर्ण छ भने अर्कोतर्फ सार्वजनिक निकायले खरिद कार्य गर्दा करसम्बन्धी कार्यहरूमा पनि करसम्बन्धी कानूनको प्रावधानअनुसार कर संकलन गर्ने प्रचलन गराउने कार्यमा संलग्न हुनुपर्दछ । यस लेखमा सार्वजनिक निकायसँग अन्तरसम्बन्धित कर भन्नाले खरिद कार्यले समेटने सबै कर शुल्क दण्ड जरिवाना आदि जस्तै स्थानीय करदेखि आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा भन्सार शुल्क आदि सबैलाई जनाउँछ ।

सार्वजनिक खरिदमा करसम्बन्धी विषयलाई लिएर निर्माण व्यवसायी आपूर्तिकर्ता तथा परामर्शदाताहरूको साथै सार्वजनिक निकायहरूमा समेत द्विविधा हुने गरेको देखिन्छ । यसले गर्दा कतिपय अवस्थामा करार सम्झौता गर्न नै ढिलो हुने, करार सम्झौता भई हालेपनि करसम्बन्धी विवाद आई दावी भुक्तानी माग गर्ने, श्रोतमा अग्रिम करकट्टी गरेको रकम भुक्तानी गर्ने, आन्तरिक राजस्व कार्यालयमा दर्ता हुनुपर्ने वा नपर्ने, अग्रिम कर कट्टी रकम कति प्रतिशतले गर्ने जस्ता मामिलाहरू आई रहेको परिप्रेक्ष्यमा

* *पूर्व महालेखा नियन्त्रक*

त्यस्ता विषयहरूको सम्बन्धमा स्पष्ट गरी सार्वजनिक खरिदको कार्य सरल बनाउनको लागि प्रस्तुत लेखको उद्देश्य रहेको छ । यस सन्दर्भमा सार्वजनिक खरिदको लागि करको प्रकृति, खरिदको विभिन्न चरणमा ध्यान दिनुपर्ने करका प्रकार र प्रशासन, करसम्बन्धी सार्वजनिक निकायहरूले जान्नुपर्ने प्रावधान, करसम्बन्धी द्विविधा तथा समाधानका उपायहरूको बारेमा चर्चा गरिएको छ ।

**२. सार्वजनिक खरिदमा करसम्बन्धी पक्षहरू:** सार्वजनिक निकायले करसम्बन्धी विषयमा मुख्यतः निम्न दुई कुरामा ध्यान दिनुपर्दछः

**२.१. खरिद कार्यको प्रकृति, अवस्थाअनुसार जानकारीमा राख्नुपर्ने करसम्बन्धी अभ्यास तपसिल बमोजिम रहेको छ :**

- **लागतको आधारः** बोलपत्रदाता वा प्रस्तावदाताले मालसामान, निर्माण कार्य तथा परामर्श सेवा वा अन्य सेवा उपलब्ध गराउन कबोल गर्ने रकममा अन्तरनिहित लागतको रूपमा बिल अफ क्वान्टीटीमा समावेश भई लागतको आधारको रूपमा पनि करहरू रहेको हुन्छ । यस्तो करहरू मुख्यतः स्थानीय कर वा शुल्क, अन्तशुल्क, भन्सार शुल्क, ढुंगा माटो वा अन्य खानी रोयल्टी, सम्पति कर, प्रवेश वा निकासी शुल्क आदि हुन्छ । यस्तो करहरू बोलपत्रदाता वा प्रस्तावदाताहरूले बोलपत्र वा प्रस्ताव पेश गर्ने समयमा लागतको अंशको रूपमा गणना गरी कबोल अंक निर्धारण गरेको हुन्छ ।
- **आम्दानीमा आधारितः** निर्माण व्यवसायी, आपूर्तिकर्ता वा परामर्शदाताहरूले करार सम्झौता गरेपछि कार्यान्वयन गर्दा प्राप्त हुने रकम वा आयमा आधारित भई लगाइने कर आयकर हो । यस्तो कर अग्रिम कर कट्टीको रूपमा बिल बीजक भुक्तानी गर्ने बेलामा कट्टा गरिन्छ । सम्पन्न गरेको करार सम्झौताको कार्य सम्पन्न गर्न गरेको खर्च वा लागत सो करारबाट प्राप्त आम्दानी वा भुक्तानी रकमबाट घटाई नाफा भएको अवस्थामा यस्तो कर तिर्नु पर्दछ । अग्रिम कर कट्टा गर्दैमा कर अन्तिम नहुने भएकोले वार्षिक रूपमा नाफा नोक्सानको हिसाब गरी यस्तो करको निर्धारण गरिने भएकोले यस्तो कर खुद आम्दानीमा आधारित हुने कुरा बुझ्न आवश्यक छ ।
- **उपभोगमा आधारितः** निर्माण व्यवसायी, आपूर्तिकर्ता वा परामर्शदाताहरूले करार सम्झौताअनुसार कार्यसम्पन्न गर्न कुनै मालसामान, सेवा प्राप्त वा उपभोग गरी करार सम्पादन गरेको अवस्थामा मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने र सार्वजनिक निकायबाट प्रत्येक बिल बीजकको रकममा मूल्य अभिवृद्धि कर रकम थप गरी थप रकम प्राप्त गर्ने गर्दछन । यस अवस्थामा सार्वजनिक निकायबाट प्राप्त गरेको यस्तो कर रकममा तिरेको मूल्य अभिवृद्धि कर रकम घटाई (Tax Credit) बाँकी रकम राजस्वमा जम्मा गर्न सकिन्छ । यसरी उपभोग गरेको मालसामान वा सेवाको कारोवारको आधारमा सार्वजनिक खरिद कार्यसंग यस्तो कर सम्बन्धित हुन जान्छ ।

**२.२. सार्वजनिक खरिद कार्यको चरणअनुसार करसम्बन्धी व्यवस्थाः** सार्वजनिक निकायले खरिद कार्यको विभिन्न चरणहरूमा करसम्बन्धी विषयहरूमा ध्यान दिनुपर्दछ, जुन तपसिलबमोजिम रहेको छः

- **खरिद कार्यको सूचना आह्वानः** दरभाउपत्र, बोलपत्र, प्रस्ताव आह्वानको सूचना गर्दा दरभाउ पत्र पेश गर्ने पक्षले ग्राह्यताको विवरण पूरा गर्दा आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भएको र तोकिएको

मितिसम्मको कर चुक्ता वा आय विवरण पेश गरेको प्रमाण पेश गरेको निस्सा पेश गर्नुपर्ने जानकारी गराउने गरी सुचनामा उल्लेख गर्नुपर्दछ ।

- **लागत अनुमान तयारी समयः** खरिद कार्यको लागत अनुमान विशेष गरी निर्माण कार्यको तयार गर्दा बिल अफ क्वान्टीटीको प्रस्तावना (Preamble) मा निम्न कुराको निर्देशन गरिएको हुन्छः" The rates and prices bid in the priced Bill of Quantities shall, except as otherwise provided under the Contract, include all construction equipment, labor, supervision, materials, erection, maintenance, insurance, profit, taxes, and duties, together with all general risks, liabilities, and obligations set out or implied in the Contract." यसरी बिल अफ क्वान्टीटीमा सबै करहरू समावेश गर्नुपर्ने निर्देशन हुने र सो अनुसार लागत अनुमान तयार गरिने हुँदा सो कार्य सम्पन्न गर्न लाग्ने अन्य लागतको अतिरिक्त सबै करहरू जस्तै स्थानीय कर, सम्पति कर, आयकर, खानीसम्बन्धी कर, अन्तःशुल्क तथा भन्सार शुल्क जस्ता करहरू समावेश गर्नुपर्ने भएकोले लागत अनुमानको संरचनामा करको रकम गणना गरी समावेश गर्नुपर्ने कुरा ध्यानमा राख्नु पर्दछ । मालसामान तथा परामर्श सेवासम्बन्धी दररेटमा पनि यस्तो करहरू समावेश गरी लागत अनुमान गर्नुपर्ने कुरा ख्याल गर्नु पर्र्दछ ।
- **बोलपत्रमा कबोल दररेट पेश गर्ने समयः** बोलपत्रदाता वा प्रस्तावदाताले मूल्य अभिवृद्धि कर तथा आयकरमा दर्ता भएको प्रमाण पत्र तथा करको चुक्ता प्रमाण पत्र वा आय विवरण आन्तरिक राजस्व कार्यालयमा पेश गरेको पत्र पेश गर्नुपर्दछ । बोलपत्र पेश गर्दाको समयमा बोलपत्रसम्बन्धी कागजातमा नै कबोल अंक उल्लेख गर्दा करसम्बन्धी रकम पनि समावेश भएको हुनुपर्ने उल्लेख गरिएको हुन्छ, जस्तैः
- **निर्माण कार्यः** "The bidder is subject to taxes such as VAT, social charges or income taxes on non-resident international personnel, and also duties, fees, levies on amounts payable by the employer under the Contract. (Bid Prices: Taxes) -All duties, taxes, and other levies payable by the Contractor under the Contract, or for any other cause, as of the date mentioned in BDS prior to the deadline for submission of bids, shall be included in the rates and prices and the total bid price submitted by the Bidder.(SBD-Clause 14) "
- **मालसामानः** "the price of the goods quoted EXW (ex works, ex factory, ex warehouse, ex showroom, or off-the-shelf, as applicable), including all customs duties and sales and other taxes already paid or payable.(SBD-Clause 15) "
- **परामर्श सेवाको वित्तीय प्रस्तावः** " Financial Proposal includes all costs associated with the assignment, including (a) remuneration (b) reimbursable expenses should include all duties, taxes and other levies , and other charges imposed under the applicable law payable by the Consultant under the Contract or for any other cause. (Sec. 2) "
- **बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातको बिड डाटा शिटः** यस्तो शिटमा सम्बन्धित आर्थिक वर्षमा

हुने करको दरअनुसार कर लाग्ने कुरा बोलपत्रदाताहरूलाई निर्देशन दिनुपर्दछ । यो फाराममा नै करको प्रकार, लागू हुने दर तथा संकलन हुने वा तिर्ने समय आदिको बारेमा बोलपत्र वा प्रस्ताव पेश गर्न बोलपत्रदाता वा प्रस्तावदातालाई निर्देशन दिईन्छ, जुन निम्नअनुसार हुन्छः

- Civil Works" The date for all duties, taxes, and other levies payable by the Contractor under the contract or for any other cause, as of the date 30 days prior to the deadline for submission of bids.
- Goods: " The price quoted prices shall include all duties, taxes and other levies. "
- "बोलपत्र वा प्रस्ताव मूल्याङ्कन समय" बोलपत्रदाता वा प्रस्तावदाताहरूले बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातको आधारमा कबुल गरेको दररेटमा त्यस्तो कागजातमा उल्लिखित करसम्बन्धमा कुनै कैफियतहरू वा शर्तहरू राखे नराखेको मूल्याङ्कन वा वार्ताको समयमा निश्चित गर्नुपर्दछ । कतिपय प्रस्तावदाताले करसम्बन्धी प्रावधानहरू स्पष्ट नबुझी दरभाउ प्रस्ताव गर्ने र पछि सो विषयमा विवाद हुने गरेको पनि देखिन्छ (जस्तै तनहुँ जलविद्युत आयोजनामा आयकरसम्बन्धी विवाद परी पछि तिर्न मन्जूर गरेको) । त्यसैले खरिद कार्य गर्ने निकायले बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा उल्लिखित करसम्बन्धी प्रावधानहरू मन्जूर गरे नगरेको यकिन गर्नुपर्दछ ।
- **खरिद करार सम्झौता समयः** करसम्बन्धी विषयहरू बोलपत्रदाता वा प्रस्तावदाताहरूले बोलपत्र वा प्रस्तावमा पेश गरेपनि सम्झौता गर्ने बेलामा सोसम्बन्धी प्रावधान समावेश भए नभएको कुरा सम्झौताको मस्यौदा र करार सम्झौता हस्ताक्षर गर्ने समयमा निश्चित हुनुपर्दछ । कतिपय अवस्थामा स्पष्ट नभएमा विशेष गरी परामर्श सेवामा वार्ता (Negotiation) को समयमा सो कुरा स्पष्ट गरेर मात्र करार सम्झौता गर्ने कुरामा ख्याल गर्नुपर्दछ । सम्झौताको शर्तमा उल्लेख हुने कुराहरूको उदाहरणः "Taxes and Duties : For goods supplied, the Supplier shall be entirely responsible for all taxes, duties, license fees, etc., incurred until delivery of the contracted Goods to the Purchaser"
- **करार सम्झौता प्रशासनः** करार सम्झौता गरेपछि कार्यान्वयन तालिकाअनुसार काम गरी बिल बीजक पेश गर्दा स्थानीय कर तथा खानीसम्बन्धी कर जस्ता करहरू निर्माण व्यवसायी वा परामर्शदाताको बीजकमा नै समावेश भएको हुन्छ भने कुल बीजकको मूल्यमा मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी दिनु पर्दछ । तर आयकरको लागि निर्माण व्यवसायी, आपूर्तिकर्ता वा परामर्शदाताको बिल बीजकबाट श्रोतमा नै कर कट्टा गरी (मूल्य अभिवृद्धि कर अघिको बिल बीजक रकमअनुसार) सो बराबरको रकम बिलबाट घटाई भुक्तानी गर्नुपर्दछ । अतः वास्तविक रूपमा सार्वजनिक निकायले करसम्बन्धी कार्यको कार्यान्वयन करार सम्झौता प्रशासनको समयमा गरिने कुरा हेक्का राख्नु आवश्यक छ ।
- **करार सम्झौताको समाप्तिमा रिटेन्सन मनीको भुक्तानीः** करार सम्झौता सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदन जारी भई अन्तिम भुक्तानी गरिसकेपछि कार्यान्वयनको समयमा सम्पूर्ण बिल बीजकबाट कट्टी गरिएको रिटेन्शन मनी वापत काटिएको ५ प्रतिशत (धरौटी) रकम निर्माण व्यवसायी वा परामर्शदातालाई भुक्तानी गर्ने समयमा आयकर दाखिला गरेको र मूल्य अभिवृद्धि कर समायोजन

गरेको आन्तरिक राजस्व कार्यालयको पत्रको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ ।

यसरी सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाताहरूको यस्तो रकम भुक्तानी गर्दा करको प्रावधान पालना गरेको यकिन गर्नुपर्ने हुँदा आन्तरिक राजस्व कार्यालयले गर्ने गराउने कर प्रावधानको प्रचलन (Enforcment) गराउने भूमिका पनि रहेको छ । यस्तो कुरा पालना गराउँदा पनि कर रकमको संकलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ । आन्तरिक राजस्व कार्यालयहरूले पनि करसम्बन्धी उपयुक्त प्रावधानलाई ध्यानमा राखी करसम्बन्धी प्रशासन गर्नुपर्दछ ।

३. सार्वजनिक खरिदमा करको सान्दर्भिक प्रावधानः सार्वजनिक निकायले खरिद कार्य गर्दा आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी विषयमा तपसिलबमोजिमको भूमिका सम्पादन गर्नुपर्ने भएकोले खरिद कार्यमा त्यस्तो व्यवस्थाहरू ध्यान दिनु पर्दछः

३.१. "अग्रिम कर कट्टी गर्ने व्यक्ति" को रूपमा सार्वजनिक निकायले रोजगारी दिंदा, सेवा शुल्क तथा ठेक्का वा करार को भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्ने व्यक्तिको रूपमा भूमिका निर्वाह गर्नुपर्नेछ । यसै सन्दर्भमा विदेशी बोलपत्रदाता वा प्रस्तावदाताहरूलाई लाभांश, भाडा,लाभ, व्याज तथा गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा कर कट्टी गर्ने कर्तव्य भएको व्यक्तिको रूपमा गणना गरि करसम्बन्धी कार्य गर्नुपर्नेछ ।

३.२. सार्वजनिक निकायमा "कम्पनी" करारको पक्ष भएमा प्रचलित कम्पनी कानूनबमोजिम संस्थापित कम्पनी र यस्तो कम्पनी विदेशी भएमा सो कम्पनी समेतलाई कम्पनी सरह व्यबहार गर्नुपर्नेछ ।

३.३. सार्वजनिक निकायले रोजगारी, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा त्यस्तो भुक्तानी प्राप्त गर्ने वा भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्तिसंग कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ ।

३.४. सार्वजनिक निकायले करसम्बन्धी कारोवारको लागि "वासिन्दा व्यक्ति" तथा गैरवासिन्दा व्यक्ति छुट्याउनु आवश्यक छ । किनभने यस्तो व्यक्तिगत अवस्थामा करको रकम फरक हुने गर्दछ । त्यसैले नेपालमा काम गर्ने व्यक्ति वा कम्पनीको ठेक्का सम्झौता वा करारको सम्बन्धमा यसको निक्र्यौल हुनु पर्दछ । वासिन्दा व्यक्तिको सम्बन्धमा प्राकृतिक व्यक्ति भएमा बसोबासको स्थान नेपालमा रहेको, अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको, वा नेपाल सरकारवाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको व्यक्तिलाई जनाउँछ । त्यस्तै "गैर बासिन्दा व्यक्ति" भन्नाले बासिन्दा व्यक्ति बाहेकको व्यक्ति मानिन्छ ।

३.५. प्रत्येक आय वर्षमा सार्वजनिक निकायले सेवा शुल्कको रूपमा कुनै व्यक्तिलाई उपलब्ध गराएको सेवा वापत भुक्तानी हुने कमिशन, बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कको आयमा आयकर ऐनबमोजिम प्रत्येक व्यक्तिलाई कर लगाई असूलउपर गर्नुपर्दछ । यस्तो करको लागि (क) कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति, (ख) कुनै आय वर्षको आय विदेशमा पठाउने गैर-बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र (ग) कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति हुनुपर्नेछ । यसरी कर कट्टी गर्ने समयमा नेपाल सरकार र कुनै विदेशी

राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धिमा उल्लेख भएबमोजिम कर छूटको सुविधा पाउने कुरा भए सो अनुसार छुट दिएर मात्र कर असूल गर्ने व्यवस्था रहेको छ । यसरी नै सम्बन्धित व्यक्तिलाई दोहोरो कर नलाग्ने गर्न नेपाल सरकारले विदेशी सरकारसित अन्तर्राष्ट्रिय सम्झौता गरिएको भए सोअनुसार कर नलगाउन पनि सक्नेछ ।

३.६. सार्वजनिक निकायले कुनै व्यक्तिलाई भुक्तानी गर्दा कर कट्टी गर्नुपर्नेछ । यसरी कर कट्टी गर्दा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री वोनस र अवकाश भुक्तानी को रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । तर ठेक्का वा करारको भुक्तानी गर्दा बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेछ । यसरी भुक्तानी गर्दा एउटै करार अन्तर्गत त्यस्तो व्यक्ति वा निजको सम्बद्ध व्यक्तिबाट सोही करार अन्तर्गत भुक्तानी पाउने व्यक्ति वा निजको सम्बद्ध व्यक्तिलाई विगतको दश दिनमा दिइएका अन्य कुनै भुक्तानीहरू भए सो समेत जोडी यकिन गर्ने व्यवस्था रहेको छ । अतः करकट्टी हुने व्यक्तिको आयको प्रकृति र बसोबासको अवस्थालाई ध्यानमा राखी कट्टा गर्नु पर्नेछ । यस सम्बन्धमा बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीबाट गर्ने कर कट्टी गर्ने दर पनि फरक हुने गरेको छ , जस्मा सेवा सम्वन्धी ठेक्का वा करारमा १० प्रतिशत र अन्य ठेक्का वा करारमा ५ प्रतिशत करकट्टी हुने व्यवस्था रहेको हुँदा सो अनुसार करकट्टी गर्नुपर्दछ ।

३.७. सार्वजनिक निकायले खरिद कार्यको सम्बन्धमा नेपाल भित्र आपूर्ति गरिएको (Supplied) मालसामान वा सेवा र आयात गरिएको (Imported) तथा नेपाल बाहिर निर्यात गरिएको (Exported) मालसामान वा सेवाको कारोवारमा प्रत्येक करयोग्य कारोवारमा मूल्य अभिवृद्धि कर लागू हुने कुरामा ध्यान दिनुपर्दछ ।

**४. करसम्बन्धमा देखिएका मामिलाहरू र सुधारका सम्भाव्य पक्षहरूः** सार्वजनिक खरिद कार्यमा करसम्बन्धमा समय समयमा मामिलाहरू उठने गरेको छ । करसम्बन्धी विषय खरिदको प्रकृति र खरिदको अवस्था अनुसार फरक हुनुसक्छ । खरिद कार्यमा विभिन्न मामिलाहरू भए पनि केही प्रतिनिधिमूलक मामिलाहरू तथा सोको सम्भाव्य समाधानका पक्षहरू तपसिलबमोजिम प्रस्तुत गरिएको छ :

**४.१. सहायता सम्झौतामा दातृनिकायको सहयोगमा सञ्चालित आयोजनामा वैदेशिक श्रोतको रकमबाट कर रकम नतिर्ने प्रावधानका कारण सार्वजनिक निकायको खरिद सम्झौता तयारी र करार प्रशासनमा करसम्बन्धी प्रावधानमा द्विविधाः** वैदेशिक श्रोतको रकमबाट कर रकम नतिर्ने प्रावधान रहेको कारणले कतिपय पूर्वाधार विकासका आयोजना वा कार्यक्रमहरूले करार सम्झौता गर्दा कर बाहेकको रकम वा कर फिर्ता गर्ने प्रावधान समेत राखेको कारणबाट कर विवादमा आएको देखिन्छ । यस सम्बन्धमा सहायता सम्झौता, बजेटमा समावेश हुनेश्रोत तथा करार सम्झौताको प्रावधानका विषयहरूमा ध्यान दिनुपर्दछ । सहायता सम्झौताबाट बजेटको लागि श्रोत उपलब्ध हुने भएपनि करार सम्झौता गर्दा श्रोतवाईज गरिने गरिंदैन । स्वदेशी वा विदेशी मुद्रा उल्लेख गरिन्छ । अतः सहायता सम्झौताको

आधारमा करार सम्झौताको प्रावधानको विषयमा द्विविधा हुनुपर्ने अवस्था छैन । करारका पक्षलाई भुक्तानी दिंदा नेपाल सरकारको श्रोतबाट करको रकम व्यहोर्ने गरी समपूरक (म्याचिंग फण्ड) कोष वा अंशको आधारमा कर रकमको भुक्तानी गर्नुपर्दछ । सहायता सम्झौतामा करको रकम नव्यहोर्ने भनेको आधारमा करार सम्झौतामा करको प्रावधान नराख्ने वा कर फिर्ता गर्ने कार्य गर्नु हुँदैन । यस सम्बन्धमा सहायता सम्झौता, बजेटको श्रोत, लागत अनुमान तथा करार सम्झौतामा उल्लेख गरिने रकम सम्बन्धित भएपनि प्रत्येकको कार्य सञ्चालन पृथक हुने कुरा ध्यानमा राख्नुपर्दछ ।

४.२. **अन्तरर्राष्ट्रिय कर वा दोहोरो करसम्बन्धी व्यवस्थाः** नेपालमा ठेक्का वा सेवा करार अन्तर्गत विदेशी आपूर्तिकर्ता वा परामर्शदाताले नेपालमा आयकर तिर्ने, नतिर्ने सम्बन्धमा कतिपय अवस्थामा द्विविधा हुने गरेकोमा करसम्बन्धी कुरा आम्दानीको श्रोत र वासिन्दाको सिद्धान्तअनुसार नेपालमा नै तिर्नुपर्ने हुन्छ । तर सम्बन्धित देशसँग दोहोरो कर सम्झौता भएको अवस्था सम्बन्धित देशमा तिरेको कर रकम घटाउन पाउन सक्ने तर कर नेपालमा तिर्नुपर्ने हुन्छ ।

४.३. **आयकरको लागि अग्रिम कर कट्टी र अन्तिम करः** अग्रिम करकट्टीको रकम नै अन्तिम कर कट्टी हुने नहुने भनी कतिपय अवस्थामा द्विविधा हुने गरेको सम्बन्धमा अन्तिम कर भनी कट्टा गरिएको अवस्था (आयको श्रोतमा १५ प्रतिशत) बाहेक अग्रिम करकट्टी करको दायरामा ल्याउन प्रयोग गरिएको संयन्त्र मात्र हो खुद आम्दानी नभएको अवस्थामा यस्तो कर तिर्न नपर्ने पनि हुन सक्छ र कर बढी भएमा त्यस्तो कर आगामी वर्षहरूमा मिलान पनि गर्न सकिन्छ । त्यसकारण अग्रिम करकट्टी रकम अन्तिम कर कट्टी हुँदैन ।

४.४. **मासिक कर समायोजनः** मासिक रूपमा अग्रिम करकट्टी र मूल्य अभिवृद्धि करको विवरण आन्तरिक राजस्व कार्यालमा सम्बन्धित कार्यालयले पठाउने गरेकोमा सो को समायोजन भए नभएको निश्चित नहुने अवस्थामा द्विविधा हुने गरेकोमा त्यस्तो समायोजनको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट नियमित रूपमा हुने व्यवस्था गर्नु आवश्यक छ ।

४.५. **विदेशमा बसी सेवा प्रदान गर्ने परामर्शदाता वा आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर र आयकर असूल गर्ने कार्यमा द्विविधा** आउने गरेको देखिन्छ । यस्तो द्विविधाको सम्बन्धमा आयकर तथा मूल्य अभिवृद्धि कर कानूनको आधारमा आम्दानी तथा बसोबास सिद्धान्त (Income Source and Resident Principle) को आधारमा कर गाउनु पर्दछ । असूल गर्न नसकिने अवस्थामा रिभर्स मूल्य अभिवृद्धि करको प्रावधान लागू गर्ने तथा आयकरको सम्बन्धमा निजको लागत अनुमान तथा बजेटमा सो रकम समावेश गरी बिल बीजक, पारिश्रमिक वा मूल्यको आधारमा नै भुक्तानी गरी सम्बन्धित कार्यालयले नै निजहरूको नाममा जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ । छुट गर्नुपर्ने विषय भएमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्दछ ।

४.६. **विदेशी परामर्शदाता वा आपूर्तिकर्ता कम्पनीले नेपालमा ठेक्का प्राप्त गरी स्वदेशी वा विदेशी कर्मचारी वा परामर्शदातालाई नेपालमा काम लगाएमा त्यस्तो कर्मचारीको आयकर वा मूल्य अभिवृद्धि कर**

**असूल वा भुक्तानी गर्ने बारेमा पनि द्विविधा रहेको देखिन्छ ।** यसरी नेपालमा काम गर्ने कर्मचारीहरू (स्वदेशी वा विदेशी) लाई नेपालको आयकरको आम्दानीको श्रोत सिद्धान्तअनुसार आयकर लाग्दछ र त्यस्कोलागि नेपाली भए स्थायी लेखा नम्बर र विदेशी भए बसोवास (Resident) को अवधिको आधारमा वा अस्थायी नम्बर लिएर कर तिर्नुपर्नेछ । मूल्य अभिवृद्धि करको सीमाभन्दा बढी रकमको आम्दानी वा कारोवार भएमा पनि मूल्य अभिवृद्धि करमा दर्ता गराएर मात्र सम्बन्धित विदेशी फर्म वा निकायले रकम जम्मा गर्नुपर्नेछ ।

**४.७. अग्रिम आयकर कट्टी कति गर्ने भन्ने द्विविधा** आउने गरेकोमा अन्तिम कर कट्टीको अवस्था भएमा भुक्तानी हुने रकमको १५ प्रतिशत र मूल्य अभिवृद्धि कर बीजक जारी हुने अवस्थामा १.५ प्रतिशत रकम कट्टा गर्ने व्यवस्था गर्नुपर्नेछ । करको यस्तो दर सम्बन्धित आर्थिक वर्षको आर्थिक नीतिले निर्धारण गरेबमोजिम हुनेछ ।

**५. निष्कर्षः** सार्वजनिक निकायहरूले खरिद कार्यमा करसम्बन्धी विषयहरू आउने भएकोले सोसम्बन्धी कुराहरूमा विचार पुर्याई खरिद कार्य वस्तुगत, प्रभावकारी बनाउनु पर्दछ । यसको लागि खरिद कार्यको चरणहरूमा करसम्बन्धी प्रावधान र आउने मामिला तथा थप आर्थिक भार (दावी) वा सेवा प्राप्त गर्न कठिनाई हुने जस्ता कुराहरूमा ध्यान दिनुपर्दछ । यसको साथै करसम्बन्धी मामिलाहरूमा पनि उचित ध्यान दिई खरिद कार्य सरल र वस्तुगत बनाई समयमा नै खरिद गर्ने कार्यहरू गर्न सजग हुन जरुरी छ ।

**सन्दर्भ सामाग्रीहरूः**


नेपाल कानून आयोग, सार्वजनिक खरिद ऐन २०६३, www. lawcommission.gov.np,, काठमाडौं

नेपाल कानून आयोग, सार्वजनिक खरिद नियमावली २०६४, www.lawcommission.gov.np, काठमाडौं

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, www. lawcommission.gov.np काठमाडौं

नेपाल कानून आयोग, आयकर ऐन २०५८, www. lawcommission.gov.np, काठमाडौं

नेपाल कानून आयोग, आयकर नियमावली, २०५९, www. lawcommission.gov.np, काठमाडौं

नेपाल कानून आयोग, मूल्य अभिवृद्धि कर ऐन २०५२, www. lawcommission.gov.np काठमाडौं

नेपाल कानून आयोग, मूल्य अभिवृद्धि कर नियमावली २०५३, www. lawcommission.gov.np Public Procurement Monitoring Office, Standard Bidding Document (National Bidding-Civil Works & Goods), 2019, www.ppmo.gov.np, Tahachal , Kathmandu

सुरेश प्रधान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सार्वजनिक खरिद व्यवस्थापनसम्बन्धी विभिन्न कक्षासत्रमा श्रोत व्यक्तिको रूपमा सहजीकरण गर्दा प्रशिक्षार्थीहरूले उठाएका करसम्बन्धी प्रश्न तथा मामिलाहरू २०७६

कान्तिपुर दैनिक पत्रिका, तनहूँको परामर्शदाता कर तिर्ने गरी सम्झौता गर्न आउने, २०७२।१।१९ बुधबार कान्तिपुर प्रकाशन, काठमाडौ ।

# प्रदेश सरकारको राजस्व प्रशासन: अभ्यास, समस्या र सम्भावना

✍ राममणि दुवाडी*

## १. प्रदेशमा करारोपणको सैद्धान्तिक पक्ष

संविधानअनुसार नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ । यस अघि पनि कुनै न कुनै रूपमा केन्द्र सरकार र स्थानीय सरकार थिए भने प्रदेश सरकार नितान्त नयाँ संरचना हो । प्रदेश सरकारका आफै उठाउने कर आय तथा स्थानीय एवं केन्द्र सरकारले उठाएर विभाजन गर्ने गरी दुई किसिमका आयस्रोत हुन्छन् । प्रदेश सरकार स्वायत्तताको हिसाबले आफ्नै आयमा निर्भर रहनु राम्रो मानिएता पनि प्रारम्भमा हरेक कुरा नयाँ सिर्जना गर्नुपर्ने हुँदा यसको आम्दानी भन्दा खर्च ठूलो हुन्छ । यसका अतिरिक्त कतिपय प्रदेशका आफ्नै गतिलो र दिगो आयस्रोत नहुँदा सधैंभरि केन्द्र सरकारको अनुदानमा निर्भर रहनुपर्ने अवस्था पनि रहन्छ । तसर्थ, प्रदेश सरकारलाई दिगो रूपमा आत्मनिर्भर र स्वायत्त बनाउन राजस्वका स्रोतहरूको दिगो व्यवस्था र परिचालन गर्नुपर्ने हुन्छ । यसको लागि नेपालको संविधानले एकल तथा साझा अधिकार अन्तर्गत केही कर तथा गैरकरको व्यवस्था गरेको छ ।

करारोपणको सन्निकटताको सिद्धान्तअनुसार कुनै कर सरकारको जुन तहबाट प्रभावकारी ढंगले सङ्कलन हुन सक्छ, त्यस्तो करको जिम्मेवारी त्यही तहलाई दिनुपर्छ । वित्तीय विकेन्द्रीकरणको सिद्धान्तले प्रदेश तथा स्थानीय सरकारको आफू अन्तर्गतका करको आधार, करको दर र कर प्रशासन सम्बन्धमा उनीहरूकै नियन्त्रण हुनुपर्ने पक्षमा वकालत गर्दछ । स्वतन्त्र करहरू पूर्ण रूपले प्रदेश तथा स्थानीय सरकारद्वारा नियन्त्रित हुने हुनाले यस्ता करको सफलता वा असफलताको लागि उनीहरू नै जवाफदेही हुन्छन् । प्रादेशिक कर कार्यालयसँग करदाताको सिधा र प्रत्यक्ष सम्पर्क एवं सम्बन्ध हुने भएकोले उनीहरू सम्भवतः बढी जवाफदेही हुनुपर्छ ।

## २. प्रदेशको राजस्व अधिकारबारे संवैधानिक तथा कानूनी व्यवस्था

### नेपालको संविधान

नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय तहलाई प्रचलित कानूनअनुसार तत् तत् तहमा राजस्व उठाउने अधिकार प्रदान गरेको छ । संविधानको अनुसूची- ६ मा प्रदेश अधिकारको सूची अन्तर्गत प्रदेश सरकारले लगाउन पाउने कर तथा गैर करको सूची उल्लेख छ भने अनुसूची- ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची उल्लेख छ । त्यसैगरी अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची उल्लेख छ जसअनुसार प्रदेशले लगाउन सक्ने एकल तथा साझा अधिकारका राजस्व शीर्षक निम्नअनुसार छन्-

* *पूर्व करप्रशासक*

| प्रदेशको एकल अधिकार क्षेत्रका करहरू | साझा अधिकार क्षेत्रका करहरू |
|---|---|
| करः<br>▪ पर्यटन शुल्क<br>▪ कृषि आयमा कर | ▪ घरजग्गा रजिस्ट्रेशन शुल्क,<br>▪ सवारी साधन कर,<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर |
| गैरकरः<br>▪ सेवा शुल्क<br>▪ दस्तुर,<br>▪ दण्ड, जरिवाना | ▪ सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क |

नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश तथा स्थानीय तहबीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने कुरा उल्लेख गरेको छ भने धारा २३३ ले प्रदेश प्रदेशबीच एक अर्काको कानूनी व्यवस्था, न्यायिक तथा प्रशासनिक निर्णय र आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने कुरा उल्लेख छ । त्यसैगरी धारा २३६ ले यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन भनी व्यवस्था गरेको छ ।

### अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा प्रदेशले कर लगाउने र असुल गर्ने बारेमा देहायअनुसार व्यवस्था गरेको छ-

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने छ भने टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्शामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

उक्त दफाले ती करहरूबाट उठेको रकममध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्छ भन्ने उल्लेख छ ।

त्यसैगरी उक्त ऐनको दफा ६ मा सवारी साधन कर प्रदेशले लगाउने र उठाउने तथा त्यसरी उठेको रकमको ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्नुपर्छ भन्ने उल्लेख छ ।

पर्यटन शुल्क, दहत्तर बहत्तर शुल्क र सेवा शुल्क भने प्रदेशले नै दर तोक्ने र उठाउने कानूनी व्यवस्था गरेको छ ।

यिनका अतिरिक्त प्रदेश संसदले कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, प्रदेश आर्थिक ऐन तथा प्रदेश राजस्व ऐन बनाई लागु गर्दछ ।

## ३. प्रदेश सरकारको अधिकारक्षेत्रभित्रका राजस्व शीर्षकहरू

### ३.१ घरजग्गा रजिष्ट्रेशन शुल्क

घरजग्गा रजिष्ट्रेशन शुल्क एक व्यक्तिले अर्को व्यक्तिलाई घरजग्गाको स्वामित्व हस्तान्तरणमा लाग्ने शुल्क हो । यस्तो शुल्क घरजग्गा रजिष्ट्रेशन पारित गरी स्वामित्व प्राप्त गर्ने व्यक्तिले तिर्नुपर्ने हुन्छ । घरजग्गा रजिष्ट्रेशन शुल्क आफैमा कर नभई क्रेताको नाममा घरजग्गा रजिष्ट्रेशन गरिदिए वापत सरकारले लिने गैरकर प्रकृतिको एक प्रकारको सेवा शुल्क हो । यो शुल्क प्रदेश सरकारले तोक्ने र स्थानीय सरकारले संकलन गर्ने कानूनी व्यवस्था भएतापनि त्यसको कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता अभिवृद्धि नभएसम्म साविकबमोजिम मालपोत विभाग र अन्तर्गत कार्यालयबाट नै यसको संकलन गरी ४० प्रतिशत रकम प्रदेश सरकार र ६० प्रतिशत रकम सम्बन्धित स्थानीय सरकारमा बाँडफाँड गर्ने व्यवस्था अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४ ले गरेको छ । घरजग्गा खरीदबिक्री निरन्तर भइरहने काम भएकोले खरीदबिक्रीमा संकलन गरिने यो शुल्क प्रदेश सरकारको दिगो आयस्रोत मानिन्छ ।

### ३.२ सवारी साधन कर

नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सवारी साधनको दर्ता, नवीकरण लगायत प्रशासनिक कार्यको लागि प्रदेश सरकारलाई तोकेको छ । यो कर लगाउने प्रयोजनका लागि सवारी साधन भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ । सो बाहेकका टाँगा, रिक्सा र अटो रिक्शामा भने सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट नै सवारी साधन कर लगाउने र उठाउने व्यवस्था छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सवारी साधन कर प्रदेश सरकारले सङ्कलन गर्ने भनिएता पनि प्रदेश सरकारको साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकिदिएको कार्यालयले प्रदेश सरकारले तोकेको दरअनुसारको कर उठाई प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्ने अन्तरिम व्यवस्था गरेको छ । यसरी उठाइएको रकम मध्ये ६० प्रतिशत सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा र ४० प्रतिशत रकम स्थानीय सरकारको सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरेको पाइन्छ । साथै, सवारी साधन कर सङ्कलन गर्ने निकायले सङ्कलनको मासिक विवरण अर्को महिनाको २५ गतेभित्र मन्त्रालय एवं सम्बन्धित स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था पनि गरेको छ ।

### ३.३ मनोरन्जन कर

संविधानको अनुसूची ६ र अनुसूची ८ मा मनोरञ्जन करलाई क्रमश प्रदेश सरकार र स्थानीय तहको साझा अधिकार सूचीमा राखिएको छ । अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार यो करको दर प्रदेशले लगाउने र तोकिएका मनोरन्जन सेवामा गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था छ । यसरी उठाइएको रकम मध्ये ६० प्रतिशत सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा र ४० प्रतिशत रकम स्थानीय सरकारको सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरेको पाइन्छ ।

### ३.४ विज्ञापन कर

नेपालको संविधानको अनुसूची ६ को क्र.सं.४ र अनुसूची-८ को क्र.सं. ४ मा विज्ञापन करलाई प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा राखिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१) को (घ) मा विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले तोक्ने र कर उठाउने भनी एकल कर प्रशासनको व्यवस्था गर्दै स्थानीय तहलाई स्वायत्त अधिकार दिएको पाइन्छ । तर यसरी उठाइएको रकम मध्ये ६० प्रतिशत सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा र ४० प्रतिशत रकम स्थानीय सरकारको सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरेको पाइन्छ ।

### ३.५ पर्यटन शुल्क

प्रदेश सरकारले निर्माण गरेको वा गराएको वा हस्तान्तरण भई आएको पर्यटकीय, सांस्कृतिक, पुरातात्विक सम्पदास्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवा वा पूर्वाधार निर्माणको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी तोकिएको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको छ । तर पर्यटन शुल्क उठाउने अधिकार तीनै तहका सरकारलाई भएकोले यो क्षेत्रबाट प्रदेश सरकारलाई त्यति ठूलो परिमाणमा राजस्व संकलन हुने सम्भावना देखिन्न ।

प्रदेशले पर्यटन शुल्क उठाउने अधिकारलाई नेपाल सरकारले विस्तृतीकरण गर्दै पर्यटन क्षेत्रसँग सम्बन्धित देहायका अधिकार प्रदेशभित्र राखिएका छन्-

- तीन तारे भन्दा कम स्तरको पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल गाईड, र्‍याफ्टिङ्ग आदि व्यवसायको दर्ता तथा नवीकरण,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी दर्ता, अनुमति र नवीकरण,
- मिनी क्यासिनो तथा चिठ्ठासम्बन्धी दर्ता, अनुमति र नियमन,
- प्रादेशिक पर्यटकीय क्षेत्रमा प्रवेश,

### ३.६ कृषिमा आयकर

नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची २ ले पनि प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषि आयमा कर लगाउन पाउने कुरा उल्लेख छ । तर नेपालमा कृषि पेशामा शिक्षाको अवसरबाट वन्चित मानिसहरूको संख्या ठूलो छ भने ठूलो संख्याका अर्धबेरोजगारहरूको आश्रयस्थल पनि कृषिक्षेत्र नै रहेको छ । कृषि आयको लेखापालन आफैमा सजिलो छैन । किसानहरू प्रायः गाउँमा बस्ने भएकोले कृषिजन्य वस्तुको कारोवारको भुक्तानीमा बैंक खाताको प्रयोग नगण्य मात्रामा मात्र हुने गर्दछ । भारतको संविधानले सन् १९५० मा नै राज्य सरकारलाई कृषि आयमा कर लगाउन सक्ने अधिकार प्रदान गरे पनि हालसम्म केवल २ । ४ वटा राज्यमा बाहेक अन्यत्र यो कर लगाएको देखिन्न । नेपालमा पनि यस्तै व्यवहारिक कठिनाइले गर्दा प्रदेश सरकारले कृषि आयमा कर लगाउने काम हाललाई करदाताको स्वेच्छिक घोषणको माध्यमबाट प्रारम्भ गरेको छ । अर्को कुरा, आयकर ऐन, २०५८ ले व्यावसायिक कृषि आयमा पहिलेदेखि नै आयकर लाग्ने व्यवस्था गरेकोले प्रदेश सरकारले पनि कृषि आयमा कर लगाउँदा कृषकमाथि दोहोरो कर भार पर्ने आशंका पनि व्यक्त गरिएका छन् । विगत तीन वर्षमा कुनै पनि प्रदेश सरकारले कृषि आयबाट कर संकलन गरेको जानकारी पाइएको छैन ।

### ३.७ दहत्तर बहत्तर शुल्क

नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश सरकारको आयस्रोतको रूपमा दहत्तर बहत्तर शुल्कलाई पनि तोकेको छ । प्रदेश सरकारका विगत वर्षका आर्थिक ऐनहरूले पनि आआफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, बालुवा, दहत्तर र बहत्तरको शुल्क सङ्कलन, निकासी वा बिक्रीमा तोकिएबमोजिम शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । तर त्यस्तो शुल्क प्रदेश सरकार आफैले सङ्कलन गर्ने नभई प्रदेशले तोकेको दरमा सम्बन्धित स्थानीय निकायले सङ्कलन गर्ने व्यवस्था छ । दहत्तर बहत्तरका वस्तुको बढी उत्खनन र कारोवार हुने प्रदेशमा यो कर स्थानीय तथा प्रदेश सरकारको भरपर्दो स्रोत मानिन्छ ।

### ३.८ अन्य सेवा शुल्क, दस्तुर तथा दण्ड सजाय

प्रदेश सरकारको स्थापना नै केन्द्र सरकार पुग्न नसकेको ठाउमा प्रदेश सरकार पुगोस् र जनतालाई अझ बढी सेवा सुविधा प्रदान गर्न सफल होस् भन्ने उद्देश्यले गरिएको हुँदा सो उद्देश्य पूरा गर्न पनि प्रदेश सरकारले आगामी दिनमा केन्द्र सरकार पुग्न नसकेको ठाउँमा जनतालाई अधिकतम सेवा सुविधा प्रदान गर्नुपर्ने हुन्छ । यसरी सेवा सुविधा प्रदान गर्दा सेवाको लागतलाई समेत ध्यानमा राखी सेवा शुल्क असुल गर्नुपर्ने हुन्छ । प्रदेश सरकार नयाँ भएकोले यसले प्रदान गर्ने सेवाका क्षेत्रहरूको पहिचान, विकास तथा परिचालन गर्न बाँकी नै रहेको हुनाले हालसम्म सेवा शुल्कबाट उल्लेखनीय मात्रामा राजस्व संकलन हुन सकेको छैन । आगामी दिनमा सेवा शुल्क तथा दस्तुर तोक्दा सेवाको लागत समेतलाई ध्यानमा राखी तोक्नुपर्ने देखिन्छ ।

### ४. राजस्व साझेदारी अन्तर्गत संघीय सरकारबाट प्रदेशले प्राप्त गर्ने अंश

प्रदेशले आफै उठाउने र स्थानीय सरकारले उठाई प्रदेश सरकारलाई तोकिएको अंश प्रदान गर्ने उल्लिखित व्यवस्थाका अतिरिक्त नेपाल सरकारले देहायका कर संकलन गरी प्रदेश तथा स्थानीय तहमा देहायबमोजिम विभाजन गर्ने कानूनी व्यवस्था रहेको छ । राजस्व परिचालनमा प्रदेश सरकार आत्मनिर्भर नभएसम्म केन्द्र सरकारबाट यसरी सहयोग गर्ने परिपाटी अन्य देशमा पनि पाइन्छ ।

**तालिका- १**

**राजस्व विभाजन प्रतिशत**

| राजस्व शीर्षक | राजस्व संकलन गर्ने सरकार | राजस्व विभाजन प्रतिशत | | |
|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| अन्तःशुल्क (आन्तरिक) | नेपाल सरकार | ७० | १५ | १५ |
| मू.अ.कर | नेपाल सरकार | ७० | १५ | १५ |

### ५. रोयल्टी आय

रोयल्टी पनि गैरकर राजस्व अन्तर्गत पर्दछ । नेपाल सरकारले देहायका शीर्षकमा संकलन गरेको रोयल्टीको पच्चीस प्रतिशत सम्बन्धित प्रदेश सरकारले प्राप्त गर्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको छ ।

**तालिका- २**

**रोयल्टी विभाजन प्रतिशत**

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकारको अंश | प्रदेश सरकारको अंश | स्थानीय सरकारको अंश |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |
| २ | विद्युत | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |
| ३ | वन | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |
| ४ | खानी तथा खनिज | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |

### ६. प्रदेश सरकारको आय संरचना

प्रदेश सरकारले आफ्नो राजस्व आयको अतिरिक्त नेपाल सरकारबाट हरेक वर्ष विभाज्य कर, रोयल्टी र अनुदान पनि प्राप्त गर्दछ । यस्तो आयको पछिल्ला आ.व. को विवरण उपलव्ध हुन नसकेतापनि आ.व.२०७५ । ७६ मा प्रदेश सरकारको आन्तरिक राजस्व आय, राजस्व बाँडफाँडबाट प्राप्त आय तथा संघीय अनुदान रकमलाई देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका- ३**

**प्रदेश सरकारको आय संरचना**

(रू. हजारमा)

| प्रदेशको नाम | आन्तरिक राजस्व र राजस्व बाँडफाँडबाट प्राप्त रकम | संघीय अनुदानबाट प्राप्त रकम | प्रदेशको आय |
|---|---|---|---|
| प्रदेश १ | १०,८८,२२,१३ | १८,४९,४७,६२ | २९,३७,६९,७५ |
| प्रदेश २ | ९,०७,१८,३१ | १४,९६,४६,०७ | २४,०३,६४,३८ |
| बागमती प्रदेश | १७,८९,५७,८६ | १५,१२,६५,९५ | ३३,०२,२३,८१ |
| गण्डकी प्रदेश | ८,७०,९३,२० | १,२८,२२,३११ | २१,५३,१६,३१ |
| प्रदेश ५ | १०,१८,६७,९५ | १७,२५,३२,०० | २७,४३,९९,९५ |
| कर्णाली प्रदेश | ५,०५,१२,९६ | १६,६१,३८,८७ | २१,६६,५१,८३ |
| सुदूर पश्चिम प्रदेश | १०,८८,२२,१३ | १८,४९,४७,६२ | २९,३७,६९,७५ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालयको प्रदेशसम्बन्धी वार्षिक प्रतिवेदन, २०७६*

## ७. प्रदेश सरकारको राजस्व प्रशासनमा देखिएका समस्या र समाधानका लागि सुझावहरू

प्रदेश सरकारको आयको लागि संविधानले नै विभिन्न कर तथा गैरकरहरू तोकेर ती शीर्षकबाट हुने राजस्वको निरन्तरता तथा निश्चितताको प्रत्याभूति दिएको छ । ती कर तथा गैर करको प्रशासन, संकलन तथा बाँडफाँडको बारेमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले उल्लेख गरेको छ । प्रदेशको अधिकार क्षेत्रका विज्ञापन कर बाहेक अन्य करहरूको दर प्रदेश आर्थिक ऐनले तोक्दछ भने करको कार्यान्वयनसम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले ऐन बनाई लागु गर्दछ । प्रदेश सरकारले आफै संकलन गर्ने तथा स्थानीय सरकारले संकलन गरी प्रदेशलाई बझाउने करका अतिरिक्त नेपाल सरकारको विभाज्य कोषबाट राजस्व, रोयल्टी तथा अनुदान पाउने व्यवस्था प्रदेश सरकारका सबल पक्ष हुन् । यी सकारात्मक पक्षका बाबजुद पनि विगत ३ वर्षको कार्यान्वयनको क्रममा केही समस्याहरू देखिएका छन् ।

### ७.१ मुख्य समस्याहरू

प्रदेशलाई तोकिएका राजस्व अधिकारमध्ये घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर तथा दहत्तर बहत्तर शुल्क स्थानीय सरकारले उठाउने हुँदा त्यसमा प्रदेश सरकारले करका दर तोक्नु बाहेक कुनै प्रशासनिक भूमिका देखिदैन । सवारी साधन कर प्रदेशले उठाउने भनिएता पनि सोको लागि प्रदेश सरकारको प्रशासनिक क्षमता विकाश गर्न अझै केही वर्ष लाग्ने देखिन्छ । त्यसैले यो करको प्रशासन हाल साविककै यातायात व्यवस्था कार्यालयहरूले गर्ने गरेका छन् । उल्लिखित सबै सहभाजित कर हुनाले

एकल कर संकलनमा जस्तो विभाज्य कर संकलनमा प्रदेश सरकारमा अपेक्षित जोश, जाँगर तथा तत्परता पाइदैन । पर्यटन शुल्क तीनै तहको सरकारले आआफूले पूर्वाधारमा लगानी र विकास गरेका तोकिएका क्षेत्रबाट मात्र उठाउन पाउने हुँदा केही महत्त्वपूर्ण पर्यटकीय क्षेत्र बाहेक अन्य श्रोत नहुँदा प्रदेशमा तत्काले ठूलो आम्दानी हुने सम्भावना देखिन्न ।

प्रदेश सरकारको एकल अधिकार क्षेत्रमा पर्ने अर्को शीर्षक कृषि आयमा कर हो, जुन नेपाल जस्तो परम्परागत ढाँचाको कृषिको बाहुल्य भएको र अधिकांश अर्ध बेरोजगार जनसंख्याको आश्रयस्थल पनि कृषि नै भएको हुँदा यस शीर्षकबाट प्रदेश सरकारलाई खास राजस्व संकलन हुने सम्भावना देखिन्न । सेवा शुल्क र दस्तुर आयको सन्दर्भमा पनि प्रदेश सरकारले त्यस्ता नयाँ क्षेत्रहरूको पहिचान, विकास र लगानी नगरेसम्म उल्लेखनीय रूपमा राजस्व संकलन हुने सम्भावना कम छ ।

अतः प्रदेश सरकारको राजस्व आय स्थानीय तथा केन्द्र सरकारमाथि नै निर्भर रहनुपर्ने अवस्था छ । प्रदेश राजस्व प्रशासनलाई बढी प्रभावकारी बनाउन प्रदेशस्तरमा पनि राजस्व प्रशासनको लागि छुट्टै विभाग तथा कार्यालयको आवश्यकता देखिन्छ । प्रदेश राजस्व प्रशासनमा दक्ष जनशक्तिको अभाव छ । हालसम्म केन्द्रबाट काजमा आएका कर्मचारीबाट कार्यसम्पादन भइरहेको अवस्था छ । तर काजमा आएका कर्मचारीमा स्थायित्व भाव नहुने र प्रदेश राजस्वबारे ज्ञान, अनुभव र तालिमको कमी हुने हुँदा यी पक्षमा ध्यान दिनुपर्ने देखिन्छ । प्रदेश सरकारको अधिकांश राजस्व नेपाल सरकार वा स्थानीय सरकारसँग संयुक्त स्वामित्व भएको सहभाजित करबाट प्राप्त हुने भएकोले ती तहसँग प्रदेश सरकारको निरन्तर आपसी सहयोग र समन्वयको थप खाँचो देखिन्छ ।

प्रदेश सरकारको कार्यक्षेत्रभित्र कर कार्यान्वयनका लागि छुट्टै ऐन, नियम, निर्देशिका तथा कार्यविधिको आवश्यकता पर्दछ । तर अहिलेसम्म केही अपवाद बाहेक अधिकांश प्रदेश सरकारबाट यो काम भएको देखिन्न । कुनै पनि कर प्रणालीको सफलताको लागि करदाता शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रदेश सरकार जस्तो नयाँ संरचना तथा नयाँ करका लागि त यसको महत्त्व झन् बढी नै रहन्छ । तर प्रदेश सरकारसँग छुट्टै कर प्रशासन, आफ्नै कर्मचारी, कर कानून, निर्देशिका, कार्यविधि तयार भई नसकेको वर्तमान अवस्थामा कर प्रणाली र कार्यविधिबारे करदातालाई सुसूचित गराउन करदाता शिक्षा कार्यक्रमको अभाव रहेको देखिन्छ ।

### ७.२ समस्या न्यूनीकरणका सम्भावित उपायहरू

कुनै पनि सरकार, संगठन वा संरचनालाई सक्षम, सुदृढ र कृयाशील बनाउन आर्थिक पक्षमा त्यस्तो संरचना आत्मनिर्भर हुनु आवश्यक पर्दछ । प्रदेश सरकारको दीर्घकालीन सफलताको लागि पनि आफ्नै स्रोत र साधनमा निर्भर हुनसक्नु पर्दछ । उल्लेख गरिए झैं यसका अधिकांश आय स्थानीय सरकारसँगका सहभाजित करहरू, नेपाल सरकारबाट प्रदान गर्ने मू. अ. कर तथा अन्तःशुल्क (आन्तरिक तर्फ) को अंश, रोयल्टी आय तथा अनुदानबाट पूर्ति हुने व्यवस्था छ । यसको एकल आयस्रोतका पर्यटन शुल्क,

कृषि आयमा कर तथा सेवा शुल्कहरूबाट आयको अंश नगण्य मात्र छ भने निकट भविष्यमा नै यी स्रोतबाट राजस्व आय बढ्ने सम्भावना पनि अत्यन्त न्यून देखिन्छ । यसका अतिरिक्त ऋण लिनका लागि पनि केन्द्र सरकारको स्वीकृति आवश्यक पर्दछ । प्रदेश राजस्व प्रशासनले सामना गरेका उल्लिखित समस्याहरूका आधारमा न्यूनीकरण गर्न सकिन्छ ।

- प्रदेश सरकारको स्वरूप, राजस्व संरचना, कर कानून, जनशक्ति र करदाता सबै नयाँ भएकोले यी सबैबीच समन्वय र सहयोग जुटाउन दीर्घकालीन नीति तथा गतिशील र दूरदर्शी नेतृत्वको व्यवस्था ।
- प्रदेशको विद्यमान अवस्था र आवश्यकताअनुरूप राजस्व नीति तथा कानून निर्माण ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यमूलक संगठन निर्माण, दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन ।
- संघीय आवधिक योजना र राजस्व नीतिसँग प्रदेश आवधिक योजना र राजस्व नीतिबीच तालमेल ।
- कर कानून, निर्देशिका, कार्यविधि निर्माण, करदाता सर्वेक्षण, करदाता शिक्षा र गुनासो व्यवस्थापन तथा करदाताको विश्वास आर्जन ।
- अनलाइन माध्यमबाट अभिलेख व्यवस्थापन करदाता सेवाको कार्यान्वयन तथा विस्तार ।
- प्रदेशको एकल अधिकारभित्र पर्ने सेवाशुल्क, दण्ड जरिवाना आदिको दायरा विस्तार ।
- केन्द्र र स्थानीय सरकारसँगको नीतिगत सामन्जस्यता तथा कार्यगत समन्वय ।
- सेवा लागतमा आधारित गैरकर तथा सेवा शुल्कको दर निर्धारण ।
- विभिन्न प्रदेश सरकारबीच पारस्परिक सहकार्य र समन्वय ।
- कृषि आयमा करारोपण तथा समग्र राजस्वको चुहावट नियन्त्रण ।

**अन्त्यमा,**

नेपालमा केन्द्र सरकार तथा स्थानीय सरकारको अभ्यास धेरै अघिदेखि भई आएतापनि प्रदेश सरकार नेपालको संविधानले परिकल्पना गरेको नयाँ संरचना भएकोले यसलाई दिगो रूपमा स्थापित र सुदृढ गराउन विशेष योगदान गर्नुपर्ने देखिन्छ । नयाँ संरचना भएकैले प्रदेश सरकारका अगाडि धेरै चुनौतीहरू छन् । नयाँ सरकारका आयस्रोतहरू कम हुन्छन् भने खर्चको माग बढी हुनु स्वाभाविक हो । त्यसैले अहिलेको अवस्थामा प्रदेश सरकार केन्द्र सरकार तथा स्थानीय सरकार माथि बढी निर्भर रहनुपरेको अवस्था देखिन्छ । नयाँ संविधानको प्रमुख उपलव्धिको रूपमा ल्याइएको प्रदेश सरकारलाई आगामी दिनमा एउटा सक्षम, सुदृढ र क्रियाशील अंगको रूपमा विकास गर्न यसको राजस्व परिचालनमा देखिएका चुनौतिहरूको कुशल व्यवस्थापन गर्दै अघि बढ्नुपर्ने हुन्छ ।

# नेपालमा विद्युतीय व्यापार (ई-कमर्श) र कर

✍ पदमकुमार श्रेष्ठ*

## पृष्ठभूमि

विद्युतीय व्यापार (ई-कमर्श) भन्नाले इन्टरनेट प्रयोग गरी विद्युतीय माध्यमबाट कुनै वस्तु वा सेवा खरिद वा बिक्री गर्ने कार्यलाई बुझाउदँछ । विद्युतीय व्यापारको सीमाविहिन स्वरूपले विश्व कर प्रणालीलाई वैधानिक कराधारको संरक्षण र सही करारोपण गर्न चुनौती बन्न पुगेको छ । केही मुलुकले विद्युतीय व्यापारको कारोबारमा करारोपण गर्न करको रूपमा Equalization Levy लगाउने प्रणालीको शुरूवात गरेका छन् । विद्युतीय व्यापारमा आएको व्यापकताले भौतिक अवस्थितिसहितको परम्परागत स्थायी संस्थापनको सट्टा आर्थिक वा विद्युतीय अवस्थितिको आधारमा स्थायी संस्थापन मानी करारोपण गर्ने अवधारणाको विकास भएको छ । त्यसैगरी विद्युतीय व्यापारको परिमाणको आधारमा नाफाको बाँडफाँट गर्ने र कर लगाउने अवधारणाको समेत विकास भएको छ । विद्युतीय व्यापारलाई करको दायरामा ल्याउने सन्दर्भमा स्रोतको सिद्धान्त र बासिन्दा सिद्धान्त (Source VS Residence Principle) बीच लामो समय देखिको द्वन्द्व नै असान्दर्भिक हुँदै गइरहेको छ । विद्युतीय कारोबारको सन्दर्भमा मूल्य अभिवृद्धि करको गन्तव्य सिद्धान्त पनि असान्दर्भिक हुन सक्ने भएकोले उत्पत्ति र गन्तव्यको सम्मिश्रण सिद्धान्तको अवधारणा विकास हुँदै गएको छ ।

विद्युतीय व्यापार गर्ने ठूला कम्पनीहरूलाई करको दायरामा ल्याउने, यस्ता कम्पनीको सम्पत्तिको अभौतिक अदृश्य अवस्थितिको कारण देशगत आधारमा करारोपण गर्ने विषय र उपभोक्ता रहेको मुलुकमा भौतिक उपस्थिति नै नभई वस्तु तथा सेवाको कारोबार गर्न सकिने गरी भएको प्रविधिको कारण कर प्रशासनलाई सही करारोपण गर्ने विषय अत्यन्त चुनौतीपूर्ण रहेको छ ।

## विद्युतीय व्यापारको संरचना

भौतिक उपस्थिति बेगर विद्युतीय माध्यमबाट उपभोक्ताहरूलाई लक्षित गरी वस्तु वा सेवाको खरिद विक्री गर्ने उद्धेश्य रहेको विद्युतीय व्यापारको कार्य सञ्चालन गर्ने सामान्यतया ई-कमर्श अपरेटर (जसले प्लेटफर्म उपलब्ध गराउदँछ), वस्तु वा सेवा विक्रेता र खरिदकर्ता गरी तीन पक्षको संलग्नता रहेको हुन्छ । विद्युतीय व्यापारको सूचना सम्प्रेषण तथा विज्ञापन गर्ने कार्यको लागि सामाजिक सञ्जालको प्लेटफर्म जस्तैः फेसबुक, इन्स्टाग्राम, ट्वीटर, यूट्युब आदिको प्रयोग हुने गर्दछ । अनलाइन व्यवसाय, अनलाइन विज्ञापन र नेटवर्क प्लेटफर्मको माध्यमबाट ई-कमर्शको कारोबार सञ्चालन भएको हुन्छ ।

नेपालमा पछिल्लो ५ वर्षमा इन्टरनेट व्याण्डविथको खपत करिब ४ गुणाले बढेको छ । नेपालमा औसत परिवारले खपत गर्ने आन्तरिक तथा अन्तर्राष्ट्रिय व्याण्डविथमा गुगल, फेसबुक तथा टिकटकको अंश ठूलो

* *निर्देशक, आन्तरिक राजस्व विभाग*

मात्रामा रहेको छ । गुगल र फेसबुकले आ-आफ्नो कन्टेन्टको लागि नेपालमा स्थानीय (क्यास) सर्भर राखेको छ । इन्टरनेट प्रदायक संस्था World Link ले गुगलको स्थानीय सर्भरको लागि सहकार्य गर्दै आएको छ । त्यसैगरी वाईफाई मार्फत फेसबुकले World Link सँग सहकार्य गर्दै आफ्नो सफ्टवेयर प्रयोग गर्न दिने व्यवस्था हालै मात्र शुरूवात गरेको छ । व्यापार व्यवसाय गर्ने व्यक्तिले फेसबुक लगायतको सामाजिक सञ्जालमा आफ्नो एकाउन्ट खोली सामाजिक सञ्जाल मार्फत नै वस्तु वा सेवाको विज्ञापन गर्ने र सामान अर्डर गर्ने कार्य बढदो रूपमा सञ्चालन भइराखेको छ । नेपालमा इन्टरनेट व्याण्डविथमा गुगल र फेसबुकको बढ्दो प्रयोगसँगै अनलाइन मार्फत व्यापार गर्ने प्रचलन पनि बढेको छ ।

**भारतको अभ्यास**

भारतमा १ जुन २०१६ देखि अनलाइन विज्ञापन वा विज्ञापनको लागि विद्युतीय प्लेटफर्म उपलब्ध गराएबापत् भुक्तानी गरिने सेवा शुल्क वा अनलाइन सेवाको लागि कुनै शुल्क भुक्तानी गर्दा कुल रकममा ६ प्रतिशतका दरले समपूरक दस्तुर (Equalization Levy) दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ भने १ अक्टोबर २०२० देखि लागू हुने गरी ई-कमर्श सेवा प्रदायक गैर बासिन्दा व्यक्तिले दाखिला गर्ने गरी यस्तो समपूरक दस्तुरसम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गरेको र करको दर ६ प्रतिशतबाट २ प्रतिशतमा झारेको छ ।

**नेपालमा विद्युतीय व्यापार सम्बन्धमा नीतिगत तथा कानूनी व्यवस्था**

- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ तथा विद्युतीय कारोबार नियमावली, २०६४
- ब्रोडब्याण्ड नीति, २०७१
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- आर्थिक वर्ष २०७२/७३ को स्वीकृत राजस्व नीति तथा कार्यक्रममा इलेक्ट्रोनिक व्यापार (E-Commerce) बाट कर प्रणालीमा देखापर्ने चुनौतिहरू समाधान गर्न लिनुपर्ने आवश्यक रणनीति तयार गर्न विज्ञ टोली मार्फत अध्ययन गर्ने कार्यक्रम रहेको ।
- नेपालमा विद्युतीय व्यापारको विकास र उपयोगसम्बन्धी राष्ट्रिय रणनीति, २०७६
- मिति २०७७ भदौ ९ गतेको मन्त्रिपरिषद्को बैठकबाट विद्युतीय माध्यमद्वारा सञ्चालत गरिने व्यापार(ई-विजिनेस)सम्बन्धी विधेयक तर्जुमा गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको ।

**महालेखापरीक्षकको छपन्नौ तथा सन्ताउन्नौं वार्षिक प्रतिवेदन**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा विद्युतीय व्यापारमा करारोपणसम्बन्धी निम्न विषयहरू औंल्याइएको छः

- इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, फेसबुक मेसेन्जर, स्काइप, ह्वाटस् एप, वीच्याट, इमो जस्ता एप्लिकेसनहरूलाई करको दायरामा ल्याउन कानूनी तथा नीतिगत सुधार गर्नुपर्ने ।
- नेपालबाट सिधै अन्तर्राष्ट्रिय अलिबाबा, अमेजन लगायतका ई-कमर्श साइटहरूमा प्रवेश गरी स्वदेश वा विदेशबाट कारोबार गरी वस्तु तथा सेवा प्राप्त गर्न सकिने अवस्था रहेकोले विदेशी साइटहरू प्रयोग गरी स्वदेश वा विदेशबाट गरिने व्यावसायिक कारोबार करको दायरामा ल्याउनु पर्ने ।
- फेसबुक, मेसेन्जर, भाइबर, इमो, ह्वाट्स एप लगायतका सामाजिक सञ्जालहरूका साइटमा अपलोड हुने विज्ञापनको पहुँच वा विज्ञापन हेरिएको आधारमा नेपालमा कर लाग्ने व्यवस्था गर्नुपर्ने ।
- भौतिक उपस्थिति बेगर नै अन्य देशहरूबाट व्यवसाय गरेको अवस्थामा समेत स्थायी संस्थापन मान्न सकिने र त्यस्ता कम्पनीको आम्दानी र कराधारलाई व्यावसायिक क्रियाकलाप सम्पादन भएको स्थानको आधारमा बाँडफाँड गर्ने वा स्थानगत आम्दानी प्राप्तिको आधारमा बाँडफाँड गर्ने विकल्प प्रयोग गरी कानूनमा संशोधन गर्नुपर्ने ।
- ई-कमर्शबाट हुने व्यापारलाई करको दायरामा ल्याउने ऐन, नियम, संरचना र पूर्वाधार तयार गर्ने र तत्सम्बन्धी ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्नुपर्ने ।

**JKK & Associates, Chartered Accountants को सुझाव**

नेपालमा ई-कमर्शसम्बन्धी **JKK & Associates, Chartered Accountants** नामक संस्थाबाट सन् २०१७ अगष्ट ३१ मा पेश गरेको प्रतिवेदनमा निम्न सुझाव दिइएको पाइयोः

- ई-कमर्शको लागि इन्टरनेट सञ्जाल, विद्युतीय भुक्तानी र साइबर कानून जस्ता पूर्वाधारहरूको विकास हुनुपर्ने ।
- ई-कमर्शको शब्दावलीको परिभाषा गर्नुपर्ने, ई-कमर्श तथा डिजिटल कारोबारमा स्रोतमा कर कट्टी तथा स्रोतमा कर संकलन गर्नुपर्ने ।
- बिक्री कारोबार, डिजिटल कारोबारको संख्या तथा प्रयोगकर्ताको संख्याको आधारमा स्थायी संस्थापनको उल्लेखनीय आर्थिक उपस्थिति मानी स्थायी संस्थापनको परिभाषा गर्नुपर्ने ।
- ई-कमर्श व्यवसाय मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता गर्ने व्यवस्था हुनुपर्ने ।
- आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्य ऐनहरूमा संशोधन गर्न ई-कमर्श तथा करसम्बन्धी समिति गठन गर्नुपर्ने । उक्त समितिमा अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, उद्योग मन्त्रालय, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, व्यवसायीहरूको प्रतिनिधिमूलक संगठनहरू र ई-कमर्श र तत्सम्बन्धी करका विज्ञहरू समावेश गर्नुपर्ने ।
- ई-कमर्श निर्देशिका बनाउनु पर्ने ।

## राजस्व परामर्श समितिको प्रतिवेदन, २०७७ को सुझाव

- सीमापार विद्युतीय कारोबार तथा सञ्जाल (Cross Border E-Commerce) को कार्यान्वयका लागि आवश्यक कानूनी तथा संरचनागत पूर्वाधार तयार गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- ई-कमर्श रणनीति (E-Commerce Strategies) को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी अनलाईन (Online) मार्केटिङको लागि आवश्यक कानूनी तथा अन्य संरचनात्मक व्यवस्था गरी करको दायरामा ल्याउनुपर्ने ।
- भाइवर, म्यासेञ्जर, स्काइप, वीच्याट, ट्विटर, फेसबुक, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने प्लेटफर्ममा अनलाइन विज्ञापन Over The Top (OTT) सेवा जस्ता कारोबारलाई करको दायरामा ल्याइनु पर्ने ।

## नेपालमा सञ्चालित विद्युतीय व्यापारको कारोबारको प्रकृतिका केही उदाहरण

### १. दराज डटकम (Daraz.com)

- Daraz को Platform मा सामान बिक्री गर्ने Vendor दर्ता हुन्छ । सामान डेलिभरीको लागि ढुवानी सेवा दिने Transporter दर्ता हुन्छ ।
- Daraz को Platform मा Vendor को सामान Display हुन्छ ।
- उपभोक्ताले डिस्प्ले हेरेर सामान खरिद गर्न अर्डर गर्दछ ।
- अर्डर भएपछि Daraz ले Vendor लाई सामान डेलिभरी गर्न सूचित गर्दछ । Vendor ले आफैले सामान डेलिभरी गरेको अवस्थामा बिलिङ्ग उपभोक्तालाई जारी हुने गर्दछ । उपभोक्ताले सामान बुझी Vendor लाई नै रकम भुक्तानी गर्ने गर्दछ । Vendor ले सामान आफै डेलिभरी नगरी Transporter मार्फत पठाउदा Vendor ले उपभोक्तालाई बिल जारी गर्ने गर्दछ, उपभोक्ताले सामान बुझी रकम Transporter मार्फत Vendor लाई भुक्तानी गर्ने गर्दछ ।
- Daraz ले आफ्नो Platform प्रयोग गरेबापत् Vendor र Transporter दुवैबाट सेवाशुल्क/कमिशन लिने र सो शुल्कमा मूल्य अभिवृद्धि कर बीजक जारी गर्ने गर्दछ ।



२. **Pioneer Info Solutions (merovahan)**

- मेरोबाहनले अनलाइन सिस्टमबाट Mobile Apps प्रयोग गरी मालसामान ढुवानीको सेवा प्रदान गर्ने गर्दछ ।
- Mobile Apps बाट सेवा प्राप्त गर्न Vehicle owner, Driver, Booker अलग अलग दर्ता हुन्छ ।
- Booker ले मालसामान कुनै ठाउँमा डेलिभरी गर्न एप मार्फत बुक गर्दछ । Booker ले बुक गरेपछि मोबाइल एपले Vehicle owner र Driver लाई Inform गर्दछ । ड्राइभरले सो सामान डेलिभरी गर्दा लाग्ने ढुवानी शुल्क तोक्दछ । करिब ५ जना ड्राइभरले Rate दिएपछि Booker (उद्योग) ले तीमध्ये एक ड्राइभरलाई छान्ने गर्दछ । छनौट भएको ड्राइभरले सामान ढुवानी गर्न उद्योगमा गएर सामान लोड गरी तोकिएको स्थानमा पुऱ्याउने गर्दछ । Driver/Vehicle Owner ले ढुवानी गरेबापत् उद्योगलाई बिलिङ्ग गर्ने गर्दछ ।
- Merovahan ले मोबाइल एपबाट मालसामान ढुवानी गर्ने कार्यको संयोजन गरे बापत Driver/ Vehicle Owner र Booker (उद्योग) दुवैबाट शुल्क लिने गर्दछ । शुल्कमा मूल्य अभिवृद्धि कर असुल गर्ने गर्दछ । सामान प्रापकले सामान बुझेको Receipt Entry भएपछि मूल्य अभिवृद्धि कर बीजक स्वचालित रूपमा अटो जारी हुने गर्दछ । बीजक जारी भएपछि ती दुवैको Wallet बाट शुल्क बापतको रकम कट्टा हुने गर्दछ । Wallet जस्तै e-sewa, Khalti etc.
- बिलिङ्ग गर्दा ढुवानी गरेको सामानको नाम, परिमाण, क्रेताको नाम र ढुवानी शुल्क समेत उल्लेख गरी उक्त शुल्कको केही प्रतिशत कमिशन वा शुल्क बापत लिइने हुँदा क्रेता, विक्रेता र ढुवानीकर्ताको कारोबार समेत पारदर्शी हुनेछ ।




३. **Pathao/ Tootle**

- Pathao/Tootle बाट सेवा लिन Vehicle Driver/ Public दर्ता हुनुपर्दछ ।
- Public ले Vehicle भाडामा चाहिएमा Pathao/Tootle को एप्समार्फत अर्डर गर्ने गर्दछ ।
- अर्डर प्राप्त भएपछि मोबाइल एपबाट भेहिकल ड्राइभरलाई Inform हुन्छ । भेहिकल ड्राइभरले Public लाई निश्चित स्थानमा पुऱ्याउँदछ । सोबापत तोकिएको भाडा Public ले भेहिकल

ड्राइभरलाई नगद भुक्तानी गर्ने गर्दछ । ड्राइभरले भुक्तानी पाएपछि तोकिएको दरले कमिशन बापतको रकम वालेट मार्फत Pathao/Tootle लाई पठाउने गर्दछ । वालेट जस्तै e-sewa, Khalti etc.




**विद्युतीय व्यापारमा करारोपण गर्न सम्बोधन गरिनु पर्ने विषय**

Digital Marketing व्यवसायमा संलग्न सफ्टवेयर डेभलपर्स, वेबसाइट डिजाइनर्स, एप्स स्टोरको कारोबार गर्ने निम्न कारोबारको प्रकृतिदेखि करारोपणको विषयसम्म अध्ययन, छानविन तथा अनुसन्धान गरी करारोपण गर्नुपर्ने देखिन्छः

- अनलाइनको माध्यमबाट स्वदेशी तथा विदेशी साइटबाट नेपाल भित्र गरिने वस्तु तथा सेवाको खरिद विक्री कारोबार ।
- सामाजिक सञ्जालमार्फत गरिने विज्ञापन सेवा ।
- सामाजिक सञ्जालको प्लेटफर्म मार्फत सेवा प्रदान गर्न सञ्चालन गरिएका एप्स ।
- विद्युतीय माध्यमबाट भुक्तानी गर्न प्रयोग गरिने एप्स ।
- वेवसाइट होस्टिंग सेवा ।
- डोमेन रजिष्ट्रेशनसम्बन्धी सेवा ।

**सुझावहरू**

माथि उल्लिखित व्यहोरा समेतलाई मध्येनजर राखी नेपालमा सञ्चालित विद्युतीय व्यापारको नियमन तथा करको दायरामा ल्याई करारोपण गर्न निम्न सुझावहरू प्रस्तुत गरिएको छः

- विद्युतीय माध्यमबाट गरिने व्यापार व्यवसायलाई नियमनको लागि दर्ता गर्न कानूनमा व्यवस्था गरिनु पर्ने ।
- विद्युतीय व्यापार तथा भुक्तानीलाई मान्यता दिन पूर्वाधारहरूको विकास हुनु पर्ने ।
- विद्युतीय माध्यमबाट गरिने व्यापारिक कारोबारलाई अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता गरिनु पर्ने ।
- विद्युतीय माध्यमबाट प्रदान गरिने सेवा कारोबारमा सेवा शुल्क वा रोयल्टी वा प्राविधिक शुल्कको

परिभाषा स्पष्ट रूपमा गर्नुपर्ने ।

- विद्युतीय माध्यमबाट गरिने व्यापारिक कारोबारको हकमा स्थायी संस्थापनको लागि समय सापेक्ष हुने गरी अलग्गै परिभाषा गर्नुपर्ने ।
- विद्युतीय माध्यमबाट गरिने व्यापारको सफ्टवेयरमा आन्तरिक राजस्व विभागको सफ्टवेयर Link गरी कसको के कति सामान कसले कतिमा बिक्री गरेको छ भन्ने तथ्याङ्क लिने प्रणालीको विकास गर्नुपर्ने ।
- विद्युतीय व्यापारको लागि प्लेटफर्म उपलब्ध गराउने व्यक्ति वा निकायले उक्त प्लेट फर्ममा संलग्न सबैलाई अग्रिम कर कट्टीको माध्यमबाट करको दायरामा ल्याउन कर कानूनमा आवश्यक संशोधन गर्नुपर्ने ।
- Domain जस्तै डटएनपी (.np) को रजिष्ट्रेशन नेपालमा मर्केण्टाइल कम्पनीले गर्दै आएको छ । त्यसैगरी डटकम (.com) को रजिष्ट्रेशन र रजिष्ट्रेशन वापत भुक्तानी गरिने शुल्कलाई करको दायरामा ल्याउनुपर्ने ।
- Facebook लगायत विभिन्न सामाजिक सञ्जालमा विज्ञापन गरे बापत गरिने भुक्तानी तथा प्राप्त भुक्तानी रकमको विवरण संकलन गर्ने प्रणालीको विकास गर्नुपर्ने ।
- Google/Facebook लाई नेपालको प्रयोगकर्ता (युजर) बाट हुने आयलाई करको दायरामा ल्याउनु पर्ने । यस्तो आयको यकिन गर्न कठिन हुने हुँदा गुगल, फेसबुक, टिकटक लगायत विदेशी सामाजिक मिडियाहरूलाई शुरूमा कारोबारको आधारमा समपूरक दस्तुर (Equalization Levy) वा Digital Service Tax (GST) लगाउने व्यवस्था गरी करको दायरामा ल्याउनु पर्ने ।
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३, विद्युतीय कारोबार नियमावली, २०६४, ब्रोडब्याण्ड नीति, २०७१, सुचना तथा सञ्चार प्रविधि नीति, २०७२ र नेपालमा विद्युतीय व्यापारको विकास र उपयोगसम्बन्धी राष्ट्रिय रणनीति, २०७६ समेतलाई मध्येनजर राखी विद्युतीय व्यापारको व्यवसाय दर्ता र करारोपणको विषयमा यकिन गर्न अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, व्यवसायीहरूको प्रतिनिधिमूलक संगठनहरू र ई-कमर्श र तत्सम्बन्धी करका विज्ञहरू समावेश गरी नेपाल राजस्व परामर्श विकास समितिको संयोजकत्वमा एउटा कार्य टोली गठन गर्नुपर्ने ।
- ई-कमर्शमा करारोपणसम्बन्धी निर्देशिका बनाउनु पर्नेः
  - प्रथम चरणमा विद्यमान कर कानूनको आधारमा अनलाइन माध्यमबाट गरिने वस्तु वा सेवाको कारोबारमा करारोपण गर्ने सम्बन्धमा निर्देशिका तयार गर्ने ।
  - दोस्रो चरणमा कर कानूनमा संशोधन गरी ई-कमर्शमा करारोपणसम्बन्धी निर्देशिका तयार गर्ने ।

## निष्कर्ष

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को विषम परिस्थितिमा बजारमा भौतिक उपस्थितिको विकल्पको रूपमा विश्वमै बढिरहेको अनलाइन, विद्युतीय व्यापारबाट नेपाल पनि अछुतो रहेको छैन । नेपालमा पनि घरघरमा यस्तो व्यापारको उपस्थिति बढदो छ । यस्ता अनलाइन व्यापारको कर सहभागिताको अवस्था सम्बन्धमा कर प्रशासन चनाखो हुनु जरूरी छ । विद्युतीय व्यापारको कारोबार दर्ता गर्ने कार्यदेखि करको सहभागितासम्मको कार्यलाई सरल र सहज बनाउन व्यवसाय दर्ता गर्ने निकाय र कर संकलन गर्ने निकाय दुवैले समन्वयात्मक भूमिका निर्वाह गर्नु आवश्यक हुन्छ । विद्युतीय माध्यमबाट हुने सबै प्रकारको व्यवसायलाई करको दायरामा ल्याउन प्रचलित कर कानूनमा समसामयिक परिमार्जन गरी विद्युतीय व्यापारसम्बन्धी आवश्यक निर्देशिका बनाई करको दायरा विस्तार गरी स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने दिशामा कर प्रशासन अग्रसर हुन जरूरी देखिएको छ ।

## सन्दर्भ सामाग्री


- आर्थिक वर्ष २०७२/७३ को राजस्व नीति तथा कार्यक्रम, अर्थ मन्त्रालय ।
- महालेखापरीक्षकको छपन्नौं तथा सन्ताउन्नौं वार्षिक प्रतिवेदनहरू ।
- राजस्व परामर्श समितिको प्रतिवेदन, २०७७

# प्रशासकीय पुनरावलोकनः कानूनी एवम् प्रकृयागत व्यवस्थासम्बन्धी सामान्य जानकारी

✍ जगदीश बसेल*

## विषय प्रवेश

मुलुकको विकास र समृद्धिको लागि आन्तरिक राजस्व परिचालन एउटा बलियो आधार हो । फराकिलो र दिगो कराधारबाट मुलुकले अंगिकार गरेको स्वाधीन, स्वतन्त्र, आत्मनिर्भर, समाजवाद उन्मुख अर्थतन्त्र र सामाजिक न्यायमा आधारित सभ्य समाज निर्माण गर्नका लागि आवश्यक पर्ने स्रोत र साधनको परिपूर्ति गर्न सकिन्छ । आन्तरिक राजस्व परिचालनमा प्रभावकारिता ल्याउन सरकारद्वारा राजस्व नीति, कर कानून र राजस्व प्रणालीमा समसामयिक परिवर्तन र समय सापेक्ष सुधारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । आन्तरिक राजस्व विभागबाट विभिन्न किसिमका प्रणालीगत, प्रकृयागत एवम् व्यवहारगत सुधार हुँदै आएका छन् । सुधारको क्रममा अपनाइएको स्वयं कर निर्धारण प्रणालीलाई महत्त्वपूर्ण मानिन्छ । करदाताले नै आफ्नो कारोवारको विवरण र सोबमोजिम आफूले तिर्नुपर्ने कर स्वयं निर्धारण गरी विवरण र सोअनुसार लाग्ने कर दाखिला गर्न पाउने व्यवस्था नै स्वयंकर प्रणाली हो । सामान्यतया यसरी स्वयं कर निर्धारण गरी दाखिला गरेको कर अन्यथा प्रमाणित नभएसम्म अन्तिम मान्ने गरिन्छ ।

करदाताहरूले स्वयं कर निर्धारण गरी पेश गरेको विवरण र सोअनुसार दाखिला गरेको कर जानीजानी वा अज्ञानतावस यथार्थमा आधारित नभई न्यून कर दाखिला भएको पनि हुन सक्दछ । यस्तो न्यून कर दाखिला भएको छ वा छैन भनी पत्ता लगाउनको लागि करदाताहरूको कारोबार, अन्य निकायहरूबाट प्राप्त सूचना र तथ्याङ्क समेतको आधार लिई कर छली भए नभएको सत्य तथ्य पत्ता लगाई छली भएको पाइएमा कानूनबमोजिम कर, शुल्क, जरिवाना र व्याज समेत असुलउपर गर्नको लागि कर प्रशासनबाट संशोधित कर निर्धारण गर्ने गरिन्छ ।

कर निर्धारण गर्दा कर प्रशासन र करदाताहरूबीचमा आउने मुख्य विवादमा सुनुवाइको मौका नदिइ कर निर्धारण गरेको, प्रमाण तथा कागजातको अध्ययन र विश्लेषण नगरी कर निर्धारण गरेको, पालना गर्नुपर्ने कार्यविधि कानूनको पालना नगरी कर निर्धारण गरेको, हदम्याद नघाई कर निर्धारण गरेको, कानूनको गलत व्याख्या भएको, एकरूपता नभएको, लगाउनु नपर्ने शुल्क, व्याज तथा जरिवाना लगाएको, परिपत्र र विभागीय निर्देशन विपरीत कर निर्धारण हुने गरेको भन्ने विषय उठान हुने गरेका छन् । आन्तरिक राजस्व कार्यालयका कर अधिकृत वा विभागद्वारा भएका आदेश, पूर्वादिश र निर्णयहरूमा करदाताले चित्त नबुझाई चित्त नबुझेको आधार र कारण स्पष्ट खुलाई कानूनबमोजिम दिएको प्रशासकीय पुनरावलोकनको निवेदन उपर छानविन गरी कानून, विधि र प्रकृयासम्मत कर निर्धारण भए नभएको हेरी प्रशासकीय

* *निर्देशक, आन्तरिक राजस्व विभाग*

पुनरावलोकन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । यसरी कानूनबमोजिम महानिर्देशकबाट निवेदन उपर छानविन गरी कानून, विधि र प्रकृया सम्मत कर निर्धारण भए नभएको हेरी गरिने निर्णयलाई प्रशासकीय पुनरावलोकन भनिन्छ । यसरी छानविन गर्दा कार्यालयबाट भएका निर्णयहरू कानून, विधि र प्रकृया सम्मत नभएको देखिएको हदसम्म त्यस्ता निर्णयहरू वा आदेशहरू बदर गर्ने, कर अधिकृतको निर्णयलाई सदर गर्ने वा पुनः कर निर्धारण गर्नको लागि कार्यालयमा लेखी पठाउने गरिन्छ । विभागको महानिर्देशकबाट गलत कर निर्धारण भएको अवस्थामा त्यसलाई सच्चाई करदातालाई न्याय दिने उद्देश्यले प्रशासकीय पुनरावलोकनको व्यवस्था गरिएको हो । कर निर्धारण सम्बन्धमा उठेका विवादहरू समाधान गर्नको लागि करसम्बन्धी कानूनहरूमा र सो कर निर्धारणमा करदातालाई चित्त नबुझेमा करदाताले न्यायिक उपचार पाउनको लागि विभाग समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिन पाउने र विभागबाट सो निवेदन उपर दिएको निर्णयमा चित्त नबुझेमा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने व्यवस्था आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क, ऐन २०५८ ले गरेको छ । त्यसैगरी राजस्व न्यायाधिकरणको निर्णयमा चित्त नबुझेमा सर्वोच्च अदालतमा समेत अनुमतिको लागि न्यायिक उपचारमा जानको लागि राजस्व न्यायाधिकरण ऐन, २०३१ ले मार्ग प्रशस्त गरेको छ । यस सम्बन्धमा कानूनमा भएका व्यवस्थाहरू यस प्रकार छन् -

### १. कानूनी व्यवस्था

### (क) आयकर ऐन, २०५८

आयकर ऐन, २०५८ को दफा ११४ मा विभाग र कार्यालयबाट भएका देहायबमोजिमका आदेश र निर्णयहरू उपर प्रशासकीय पुनरावलोकन हुन सक्ने व्यवस्था गरेको छ -

(क) विभागले जारी गरेको पूर्वादेश । (ख) दफा ९० को उपदफा (८) बमोजिम गरिएको निर्णय वा दिइएको आदेश । (ग) अनुमानित करका बारेमा विभागले गरेको अनुमान वा अनुमान गर्नको लागि गरेको निर्णय । (घ) आय विवरण पेश गर्न कुनै व्यक्तिलाई आदेश दिने गरी विभागले गरेको निर्णय । (ङ) आय विवरणको म्याद थप गरिपाउन दिएको निवेदनमा विभागले गरेको निर्णय । (च) लिलाम बिक्री खर्चको निर्धारण वा कुनै व्यक्तिले बुझाउनु पर्ने शुल्क तथा व्याजको निर्धारण । (छ) दफा १०८ को उपदफा (२) बमोजिम प्रापकको हैसियतमा कुनै व्यक्तिले पाउने रकम भनी छुट्टयाई राख्नु पर्ने गरी विभागले दिएको सूचना । (ज) दफा १०९ को उपदफा (२) बमोजिम कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउन पर्ने रकम राख्ने कुनै व्यक्तिलाई विभागमा दाखिला गर्न विभागले गरेको निर्णय । (झ) गैरबासिन्दा व्यक्तिको तर्फबाट कुनै व्यक्तिको कर दाखिला गर्न कुनै व्यक्तिलाई आदेश दिने गरी विभागले गरेको निर्णय । (ञ) कर फिर्ता पाऊँ भनी कुनै व्यक्तिले दिएको निवेदन उपर विभागले गरेको निर्णय । (ट) उजुरी दर्ता गर्ने म्याद थपको लागि कुनै व्यक्तिले दिएको निवेदन उपर विभागले गरेको निर्णय ।

आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (१) मा दफा ११४ बमोजिमका प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस

दिनभित्र सो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ । सोही दफाको उपदफा (२) मा पुनरावलोकन हुनु पर्ने कारण तथा आधारहरू स्पष्टरूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको उपदफा (३) मा तीस दिनको म्याद गुज्रिन गई कुनै व्यक्तिले म्याद थपको लागि म्याद गुज्रेको मितिले सात दिनभित्र निवेदन दिएमा मनासिब कारण देखिएमा निवेदन दिने म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको लागि म्याद थप गर्न सकिने व्यवस्था गरेको छ । उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करका सम्पूर्ण रकम र विवादित करको एक चौथाई रकम बुझाउनु पर्ने व्यवस्था गरेको छ । सोही ऐनको उपदफा (८) मा करदाताले निवेदन दिएको मितिले साठी दिन भित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना निवेदकलाई नदिएमा निवेदकले सोको जानकारी विभागमा दर्ता गराई विभागले निवेदन अस्वीकार गरेको मान्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । दफा ११५ बमोजिम विभागमा दिएको निवेदन उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएको छ ।

### (ख) मूल्य अभिवृद्धि कर ऐन, २०५२

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. (१) मा कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ ।

सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ ।

सोही दफाको उपदफा (३) मा उपदफा (१) बमोजिम परेको निवेदन उपर छानविन गर्दा निवेदकको जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले त्यस्तो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कर अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था गरेको छ ।

सोही दफाको उपदफा (४) मा उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिन भित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय दिनु पर्नेछ । सोही दफाको उपदफा (५) मा उपदफा (४) बमोजिको म्यादभित्र महानिर्देशकले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ । सोही ऐनको उपदफा (६) मा उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक चौथाई रकम दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ ।

**(ग) अन्तःशुल्क ऐन, २०५८**

अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ ।

## २. प्रशासकीय पुनरावलोकनको निवेदन दिँदा र म्याद थप गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरू

प्रचलित करसम्बन्धी कानूनहरूमा व्यवस्था भएबमोजिम कर अधिकृतले गरेको कर निर्धारणमा चित्त नबुझाई विभागमा प्रशासकीय पुनरावलोकनको निवेदन दिने करदाताले देहायबमोजिमका कागजातहरू अनिवार्यरूपमा पेश गर्नुपर्दछ-

**(१) म्याद थप गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

- म्याद थप गर्नुपर्ने स्पष्ट कारण उल्लेख भएको म्याद थपको निवेदन,
- रु. १० को हुलाक टिकट,
- सम्बन्धित कार्यालयबाट कर निर्धारण आदेश बुझेको भरपाईको प्रमाणित प्रतिलिपि,
- कर निर्धारण आदेशको प्रतिलिपि,

**(२) प्रशासकीय पुनरावलोकनको निवेदन दिँदा पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

- रु. १० को हुलाक टिकट,
- निर्णयपर्चाको प्रमाणित प्रतिलिपि,
- सम्बन्धित कार्यालयबाट कर निर्धारण आदेश बुझेको भरपाईको प्रमाणित प्रतिलिपि,
- कर निर्धारण आदेशको प्रतिलिपि,
- म्याद थप गरेको भए म्याद थप गरेको पत्रको प्रतिलिपि,
- विवादित कर रकमको एक चौथाइ रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको भौचरको प्रतिलिपि,
- अविवादित रकम पूरै दाखिला गरेको भौचरको प्रतिलिपि,
- सम्बन्धित व्यक्ति नभएको अवस्थामा फर्म, कम्पनी वा प्रतिष्ठानले प्रदान गरेको अख्तियारनामा,
- पुनरावलोकन हुनुपर्ने आधार र कारण स्पष्ट रूपमा उल्लेख गरी दिएको निवेदनपत्र,
- निवेदनपत्रको थप एक प्रति प्रतिलिपि र आवश्यक प्रमाण कागजातहरू,
- निवेदनको Soft copy लाई appealird@ird.gov.np मा इमेल गर्ने वा Soft copy सँगै ल्याउने,
- तोकिएको म्याद भित्र महानिर्देशकले निर्णय नगरेमा वा गरेको निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरणमा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिन भित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनुपर्ने ।

**3. विभागले प्रशासकीय पुनरावलोकनको निवेदनका सम्बन्धमा निर्णय गर्दा देहाय बमोजिमका कार्यप्रकृया अवलम्वन गर्दछ -**

(क) प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गर्ने,
(ख) निवेदन जिकिरका सम्बन्धमा कार्यालयको प्रतिकृया सहितको निर्णयको सक्कल फाइल माग गर्ने,
(ग) कार्यालयबाट भएको निर्णय राय, प्रतिकृया अध्ययन गर्ने,
(घ) निवेदन जिकिर र कार्यालयबाट भएको निर्णय समेतको विश्लेषण गरी निर्णय गर्ने,
(ङ) निर्णयको जानकारीसहितको सक्कल फाइल कार्यालयमा पठाउने,
(च) नीतिगत एकरूपताको लागि कुनै विषयमा परिपत्र गर्नुपर्ने भएमा परिपत्र गर्ने,
(छ) कार्यालयको नियमित अनुगमन गर्ने ।

**४. राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्थाहरू**

प्रशासकीय पुनरावलोकनको निवेदन उपर महानिर्देशकले निर्णय नगरेमा निर्धारित म्याद नाघेपछि वा प्रशासकीय पुनरावलोकनको निवेदन उपर महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरेको छ । राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा कानूनबमोजिम बुझाउनु पर्ने धरौटी राख्नु पर्दछ । करसम्बन्धी कानूनहरूमा उल्लेख भएको राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने व्यवस्थाहरू यस प्रकार छन् -

**१. आयकर ऐन, २०५८**

(क) आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (१) मा दफा ११५ बमोजिम प्रशासकीय पुनरावलोकनको लागि विभागमा दिएको निवेदन उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको छ ।

(ख) आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (४) प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णय स्वयं महानिर्देशकले गरेको रहेछ भने त्यस्तो निर्णयमा भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ ।

(ग) आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (२) मा उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।

**२. मूल्य अभिवृद्धि कर ऐन, २०५२**

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२(१) मा दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश उपर र दफा ३१क. को उपदफा (४) बमोजिम महानिर्देशकले

गरेको निर्णयमा चित्त नबुझने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको छ ।

(ख) उपदफा (२) मा उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदनपत्रको प्रतिलिपि सलग्न गरी विभाग समक्ष लिखित जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ ।

## ३. अन्तः शुल्क ऐन, २०५८

(क) अन्तः शुल्क ऐन, २०५८ को दफा १९ (१) बमोजिम दफा १६ को उपदफा (१) (२) (३) र (४) बमोजिमको कसुरमा अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरेको छ ।

(ख) अन्तः शुल्क ऐन, २०५८ को दफा १९ को उपदफा (६) मा उपदफा (४) बमोजिमको म्याद भित्र महानिर्देशकले निर्णय नगरेमा निर्धारित म्याद नाघेपछि वा प्रशासकीय पुनरावलोकनको निवेदन उपर महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरेको छ ।

(ग) अन्तः शुल्क ऐन, २०५८ को दफा १९ को उपदफा (७) मा यस दफाबमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था गरेको छ ।

## ५. सर्वोच्च अदालतमा अनुमतिको लागि निवेदन दिन सक्ने अवस्थाहरू

सामान्यतया राजस्व न्यायाधिकरणले गरेको फैसला अन्तिम हुन्छन् । राजस्व न्यायाधिकरणको फैसला उपर सिधै पुनरावेदन लाग्ने व्यवस्था छैन । राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ मा उल्लेख भएका प्रश्नमा त्रुटि भएको पाइएमा पुनरावेदन गर्न अनुमति पाऊँ भनी पहिला अनुमतिको निवेदन दर्ता गर्नु पर्दछ । सर्वोच्च अदालतमा पुनरावेदनको लागि अनुमति माग गरी करदाता र कर प्रशासन दुवै जान सक्ने व्यवस्था रहेको छ । त्यस्ता प्रश्नमा कानूनी त्रुटि भई न्यायाधिकरणको फैसला पूर्ण वा आंशिकरूपमा उल्टी हुन सक्ने देखि सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएमा मात्र न्यायाधिकरणको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ । राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ मा उल्लेख भएका प्रश्न देहायबमोजिम रहेका छन्-

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न, वा

(ग) बाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न,

(घ) गम्भीर कानूनी त्रुटिसम्बन्धी प्रश्न ।

**६. प्रशासकीय पुनरावलोकनको क्रममा देखिएका समस्याहरू**

करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दिदा पुनरावलोकन हुनुपर्ने कारण तथा आधारहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । अधिकांश करदाताहरूले पुनरावलोकन हुनुपर्ने कारण तथा आधारहरू स्पष्ट उल्लेख गरी निवेदन दिने गरेको पाइदैन । आफूलाई चित्त नबुझेको विषय भन्दा पनि कर निर्धारण भएका सबै विषयमा पुनरावलोकनमा आउने प्रवृत्ति देखिन्छ । कार्यालयबाट कर परीक्षण गर्ने क्रममा माग गरिएका प्रमाण कागजाहरू पेश नगर्ने, कतिपय करदाता सम्पर्कमा नआउने, कर निर्धारणको चिठी नबुझ्ने र राष्ट्रियस्तरको पत्रिकामा सूचना निकाली कर निर्धारण भइसकेपछि करदाताले मैले जानकारी नगराई सुनुवाईको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरीत प्रमाणको छानविन तथा विश्लेषण नगरी भएको कर निर्धारण बदर गरी पाऊँ भनी जिकिर लिने गरेको देखिन्छ । कार्यालयतर्फ प्रशासकीय पुनरावलोकनमा गएका र न्यायिक निकायहरूमा गएका करदाताहरूको अभिलेख व्यवस्थित बनाउनु पर्ने देखिन्छ । कर परीक्षणको क्रममा करदाताले पेश गरेका जवाफ, प्रतिक्रिया र प्रमाणहरूलाई अध्ययन विश्लेषण, छानविन र खण्डन गर्ने कार्यमा अझै सुधार गर्नुपर्ने देखिन्छ । विभागमा पनि मुद्दाको अभिलेख व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाउनु पर्ने देखिन्छ । कानूनमा तोकिएको समय भित्र प्रशासकीय पुनरावलोकनको निवेदन उपर निर्णय दिन सकेको अवस्था छैन । विभागबाट भएको निर्णयको कार्यान्वयन भए नभएको सम्बन्धमा गर्नुपर्ने अनुगमनको कार्यलाई निरन्तरता दिन सकिएको छैन ।

**उपसंहार**

कानूनबमोजिम बाहेक कर लगाउन र उठाउन नपाइने संवैधानिक व्यवस्था रहेको छ । कर निर्धारण गर्दा सुनुवाईको मौका दिई करदाताले पेश गरेका जवाफ, प्रतिक्रिया र प्रमाणहरूलाई अध्ययन विश्लेषण, छानविन गरी सत्य तथ्यको आधारमा कर निर्धारण गर्नु पर्दछ । कानूनबमोजिम पूरा गर्नुपर्ने प्रकृया पूरा गरेर मात्र कर निर्धारण गर्नु पर्दछ । कर अधिकृतले गरेको कर निर्धारणमा चित्त नवुझेमा करदाताले विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन पाउने र सो निवेदन उपर भएको निर्णयमा चित्त नबुझेमा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने करदाताको कानूनी उपचारको हक हो । कानूनी उपचारको खोजीमा जाँदा मुद्दाको अन्तिम किनारा हुन समय लाग्ने गरेको र सरकारलाई प्राप्त हुने राजस्व पनि समयमा आउन सकेको छैन । करका विवादहरू छिटो छरितो तरिका अपनाई फर्छ्यौट गर्नुपर्ने आवश्यकता रहेको छ । प्रशासकीय पुनरावलोकन हुँदै न्यायिक निकायहरूमा गएका करदाताहरूको अन्तिम फैसला हुन लामो समय लाग्ने हुँदा अभिलेख व्यवस्थापन चुस्त दुरुस्त राख्नको लागि File Tracking Software बनाइ कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । प्रशासकीय पुनरावलोकनमा रहेका निवेदनहरू तोकिएको समयमा फर्छ्यौट गर्ने र राजस्व न्यायाधिकरण र अदालतबाट उल्टी भएका विषयहरूमा कानूनी र प्रकृयागत सुधारहरू निरन्तर गर्नुपर्ने देखिन्छ । प्रशासकीय पुनरावलोकनको कार्यलाई थप व्यवस्थित र कार्य प्रणालीलाई सहज बनाउनको लागि कार्यविधि समेत तयार गर्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सामाग्रीः**

आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९, कानून किताव व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२, तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३, कानून किताव व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

अन्तःशुल्क ऐन, २०५८ तथा अन्तःशुल्क नियमावली, २०५९, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

एकीकृत कर लेखा परीक्षण दिग्दर्शन, २०६८, पहिलो संशोधन, २०७३ सहित), आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ ।

आयकर निर्देशिका, २०६६, -तेस्रो संशोधन,२०७७, सहित), आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।

राजस्व न्यायाधिकरण ऐन, २०३१, कानून किताव व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

# नेपाल बाहिरबाट प्रदान गरेको सेवामा मूल्य अभिवृद्धि कर : कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था

✍ सूर्यप्रसाद पोखरेल*

## १. परिचय

सूचना प्रविधिको नवीनतम् विकासले डिजिटल अर्थतन्त्रको द्रुत विकासमा महत्त्पूर्ण योगदान गरेको छ । नयाँ प्रविधिको विकास र विस्तारसँगै वस्तु तथा सेवाको बिक्री वितरण तथा भुक्तानीका परम्परागत शैलीहरूमा परिवर्तन हुदै गएको छ । यसले व्यवसायिक कारोवार तथा भुक्तानी प्रणालीलाई सरलीकृत गरेको छ । विश्वको कुनै एउटा देशमा बसेर विश्वका अन्य मुलुकका वासिन्दालाई डिजिटल रूपमा विभिन्न वस्तु तथा सेवा विक्री गर्न सम्वभ भएकोले यस्ता कम्पनीहरूको संख्या तथा कारोवारको विस्तार द्रुत गतिले भइरहेको देखिन्छ ।

विश्व परिवेशमा भएको सूचना प्रविधिको विकासले कुनै पनि व्यक्तिले नेपालमा आफ्नो भौतिक उपस्थिति विना नै वस्तु तथा सेवाहरू विक्री गर्न सक्ने अवस्था श्रृजना गरेको छ भने नेपाली उपभोक्ताहरूले घरमै बसेर विदेशमा उपलब्ध वस्तु तथा सेवाहरूको उपभोग गर्न सक्ने अवसर प्राप्त गरेका छन् । प्रविधिमा भएको विकास र यसले ब्यवसाय गर्ने ढाँचामा पारेको प्रभावले परम्परागत रूपमा गरिदै आएको करारोपण तथा कर संकलन गर्ने प्रकृयामा समेत चुनौति थपिदिएको छ । सूचना प्रविधिको माध्यमबाट हुने यस किसिमका कारोवार र व्यवसायको प्रभाव राज्यले संकलन गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै किसिमका करमा पर्ने भएकाले यस्तो कारोवार र व्यवसायलाई करको दायरामा ल्याउने र आफ्नो देशको कर प्रणालीमा आवद्ध गराउने चुनौति अनलाइन कारोवार र व्यवसायको विस्तारसँगै बढ्दै गएको छ ।

नेपाल बाहिर रहेका विद्युतीय माध्यमबाट डिजिटल सेवाहरू उपलब्ध गराउने सेवा प्रदायहरूको संख्या र यस्ता सेवाहरूको माग र उपभोगमा वृद्धि हुँदै गएको भएता पनि सोहीअनुसार कर संकलनमा वृद्धि भएको छैन । सेवा उपभोग गर्ने व्यक्तिले नै मूल्य अभिवृद्धि कर निर्धारण गरी असुलगर्नु पर्ने कानूनी व्यवस्था छ । तर सोअनुसार सबै उपभोक्ताहरूले उपभोग गरेको सेवामा कर असुल र दाखिला गरेको विवरण कर प्रशासन समक्ष पेश गर्ने व्यवस्था नभएकोले कर कानूनको परिपलाना भएनभएको अनुगमन तथा परीक्षण गर्ने प्रभावकारी संयन्त्र र त्यसका लागि दक्ष जनशक्तिको अभाव भएकाले कर कानूनको कार्यान्वयन तथा कर संकलन प्रभावकारी हुन सकेको छैन ।

## २. नेपालमा मूल्य अभिवृद्धि कर

विश्वका अधिकांश देशले कुनै न कुनै रूपमा उपभोगमा कर लगाउने र असुल गर्ने गरेको पाइन्छ ।

* *निर्देशक, आन्तरिक राजस्व विभाग*

उपभोगमा लाग्ने कर असुल गर्न मूल्य अभिवृद्धि कर प्रणाली प्रभावकरी भएकोले सन् २०१८ को नोभेम्वरसम्ममा विश्वका १६८ देशले मूल्य अभिवृद्धि कर प्रणाली कार्यान्वन गरेका छन् । यो कर उपभोगमा आधारित र कारोवारको विभिन्न तहमा हुने मूल्य अभिवृद्धिमा लाग्ने भएकोले कराधार फराकिलो हुन्छ । अन्तिम उपभोक्ता वाहेक उत्पादन तथा विक्री वितरणको विभिन्न तहमा तिरको मूल्य अभिवृद्धि कर करदाताले कर कट्टी पाउने भएकाले उत्पादन तथा विक्री वितरणमा करको भार नपर्ने हुँदा आर्थिक क्रियाकलापसम्बन्धी निर्णयमा यसको प्रभाव शुन्य हुने र वस्तु तथा सेवाको मूल्यमा समेत यसको असर नपर्ने भएकोले यो करको लोकप्रियता र कार्यान्वयन गर्ने देशहरूको संख्यामा वृद्धि हुँदै गएको छ । मूल्य अभिवृद्धि कर प्रणालीको कार्यान्वयनबाट राज्यलाई आवश्यक पर्ने राजस्व परिचालन प्रभावकारी, दिगो र फराकिलो कराधारयुक्त बनाउने उद्देश्यले विश्वका अधिकांश देशमा प्रचलनमा रहेको मूल्य अभिवृद्धि कर नेपालमा पनि २०५४ मार्ग १ देखि कार्यान्वयनमा छ ।

नेपालमा तत्काल प्रचलनमा रहेका विक्री कर, ठेक्का कर, मनोरन्जन कर र होटल करलाई खारेज गरी यी सबै करलाई मूल्य अभिवृद्धि करको एकल दर १० प्रतिशतले कर लाग्ने गरी प्रतिस्थापन गरिएको थियो । मूल्य अभिवृद्धि करको दर वि. सं. २०६२ माघ १ गते देखि वृद्धि गरी १३ प्रतिशत कायम गरिएको र त्यसपछिका वर्षहरूमा यसमा कुनै गरिएको छैन । मूल्य अभिवृद्धि कर वस्तु तथा सेवाको उत्पादन र विक्री वितरणको हरेक तहमा लाग्ने भएकोले साना करदाताहरूलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्न नपर्ने तर स्वैच्छिक रूपमा दर्ता भई कारोवार गर्न सक्ने व्यवस्था गरी कर लाग्ने कारोवारको सीमा तोकिएको देखिन्छ । मूल्य अभिवृद्धि करको एकल दरमा हालसम्म कुनै परिवर्तन नगरिएको भएता पनि दर्ता हुन नपर्ने कारोवारको सीमा समय समयमा परिवर्तन गरिदै आएको छ ।

नेपालमा लागू गरिएको मूल्य अभिवृद्धि कर प्रणाली Destination Principles मा आधारित छ । यस सिद्धान्तअनुसार जुन देशमा वस्तु तथा सेवाको उपभोग गरिन्छ त्यस्तो वस्तु तथा सेवामा कर लागाउने अधिकार त्यही देशको हुने भएकाले नेपालबाट गरिने निर्यातमा करको भार नपार्न शून्य दरले र आयात गरिने वस्तु तथा सेवामा प्रचलित दरले कर लागाई असुल गरिन्छ । यस सिद्धान्तअनुसार नेपालमा कुनै वस्तु तथा सेवा आयात गरी उपभोग गरिन्छ भने त्यस्तो वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लगाउने र असुल गर्ने अधिकार नेपालको हुन्छ । यही आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा २ ले नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट नेपालभित्र सेवा प्राप्त गर्ने व्यक्तिले सो ऐन र ऐन अर्न्तर्गत बनेको नियमबमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ ।

## ३. नेपालमा विदेशबाट प्रदान गरेको सेवामा मूल्य अभिवृद्धि कर

नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गर्ने व्यक्तिले कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्ने ऐनमा व्यवस्था गरिएको भएता पनि यस्तो कर कहिले असुल गरी दाखिला गर्नुपर्ने हो ऐन तथा नियमावलीमा स्पष्ट उल्लेख नभएकाले कार्यान्वयन हुन सकेको थिएन । आर्थिक ऐन,

२०६६ ले नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा नभएको व्यक्तिले कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण गरी असुलउपर गर्नुपर्ने र यसरी तिरेको कर सम्बन्धित करदाताले कट्टी गर्न पाउने गरी संशोधन गरे पछि यस्तो सेवामा मूल्य अभिवृद्धि कर निर्धारण र असुल गर्ने कानूनी व्यवस्थाको कार्यान्वयनमा केही स्पटता आएको र सोहीअनुसार कर संकलन हुन थालेको देखिन्छ ।

नेपाल सरकारले मूल्य अभिवृद्धि करको दायरा वढाउदै लैजाने र ऐनमा रहेको अस्पष्टता र दुविधालाई स्पष्ट गर्ने क्रममा आर्थिक ऐन, २०७३ ले मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८ को उपदफा २ मा पूनः संशोधन गरी नेपाल बाहिरका व्यक्तिबाट प्राप्त गरेको सेवामा मूल्य अभिवृद्धि कर निर्धारण र असुलउपर भुक्तानीको वखत वा सेवा प्राप्त गर्दाको वखतमध्ये जुन पहिले हुन्छ सोही समयमा गर्नु पर्ने गरी थप स्पष्ट गरेको देखिन्छ । कानूनमा भएको यही व्यवस्थाबमोजिम नेपाल बाहिरको कुनै पनि व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्त्तिले कर लाग्ने मूल्यमा भुक्तानीका वखत वा सेवा प्राप्त भएको वखत मध्ये जुन पहिले हुन्छ, सोही समयमा कर निर्धारण गरी असुलउपर गर्नुपर्ने भएकोले सोहीअनुसार कर निर्धारण तथा असुली गर्नु पर्दछ ।

## ४. कानून कार्यान्वयनको अवस्था र देखिएका समस्या

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले कर लाग्ने वस्तु तथा सेवाको तोकिएको सीमाभन्दा बढीको कारोवार गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भई करोवार गर्नुपर्ने, कारोवारको लेखा तथा अभिलेख राख्नु पर्ने, सो अनुसारको मासिक विवरण र विवरणअनुसारको दाखिला गर्नुपर्ने कर तोकिएको समयभित्र दाखिला गर्नुपर्ने स्पष्ट उल्लेख छ । यस्ता प्रावधानहरूको परिपालना गर्न करदातालाई सहयोग गर्न निर्देशिकाहरू तयार गरी जारी गरिएको छ भने करदाता शिक्षा जस्ता कार्यक्रमहरू समेत सञ्चालन गरिदै आएको छ । यसका अतिरिक्त ऐनमा भएको व्यवस्थाअनुसार करदाताले कारोवारको अभिलेख राखेको, कर संकलन गरेको, कर विवरण तथा कर दाखिला गरेको कुरा सुनिश्चित गर्न त्यस्ता करदाताहरूको कारोवारको कर प्रशासनले नियमित अनुगमन, परीक्षण तथा अनुसन्धान समेत गर्ने गरेको छ । यसबाट मूल्य अभिवृद्धि करमा दर्ता भएका नेपाल बाहिरबाट सेवा प्राप्त गर्ने करदाताले प्राप्त गरेको सेवामा कर निर्धारण गरी असुलउपर गरे नगरेको अनुगमन तथा परीक्षण गर्न सकिने देखिन्छ । तर नेपाल बाहिरबाट सेवा प्राप्त गरेका दर्ता नभएका व्यक्तिहरूले त्यस्तो सेवा प्राप्त गर्दा वा भुक्तानी गर्दा कर असुल गर्नुपर्ने भएता पनि यस्तो कारोवार तथा असुल गरेको रकमको विवरण कर प्रशासनलाई पेश गर्नुपर्ने व्यवस्था नभएकोले त्यस्तो सेवा प्राप्त गर्दा वा रकम भुक्तानी गर्दा कर असुल गरे नगरेको यकिन गर्न सकिने अवस्था छैन ।

नेपाल बाहिरका व्यक्तिले प्रदान गरेको सेवा Business to Business (B2B) हो र सेवा प्राप्त गर्ने Business दर्ता छ भने यस्तो करदाताहरूले प्रयोग गरेको सेवामा कर निर्धारण र असुली अन्य कारोवारसंगै अनुगमन र परीक्षण गर्न सकिन्छ । तर सोही सेवा नेपाल बाहिरबाट दर्ता नभएको Business to Consumer (B2C) तथा Consumer to Consumer (C2C) लाई प्रदान गरिएको हो भने यस्तो सेवाको कारोवारमा कानूनमा

उल्लेख भएअनुसार रकम भुक्तानी गर्दा वा सेवा प्राप्त गर्दाको अवस्थामा कर निर्धारण र असुलउपर भए नभएको यकिन गर्न चुनौतिपूर्ण र कठिन छ । दर्ता नभएको व्यक्तिले समेत कर लाग्ने मूल्यमा रकम भुक्तानी गर्दा वा सेवा प्राप्त गर्दाको अवस्था मध्ये जुन अगाडि हुन्छ सोही अवस्थामा कर निर्धारण गरी असुल गर्नुपर्ने तर सोअनुसारको कारोवारको अभिलेख एवं असुल गरेको कर र कर दाखिला गरेको विवरण कर प्रशासन समक्ष पेश गर्नुपर्ने जस्ता अनुगमन र परीक्षणका लागि आवश्यक न्यूनतम विवरण समेत पेश गर्नु पर्ने व्यवस्था नहुँदा कानूनको परिपालन भए नभएको यकिन गर्न सकिएको छैन । उपभोग गरेको सेवाको कारोवार रकममा कर छुटको सीमा समेत नतोकिएकोले नेपाल बाहिरबाट सेवा प्राप्त गर्ने वेदर्तावाल व्यक्तिहरूको कर सहभागिताको अवस्था कमजोर रहेको सहजै अनुमान गर्न सकिन्छ ।

मूल्य अभिवृद्धि कर ऐन र सो अन्तरगत बनेका नियम तथा निर्देशिकाहरू मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले कर असुल गर्ने, त्यसको अभिलेख राख्ने, विवरण पेश गर्ने र कर दाखिला गर्ने विषयमा केन्द्रित र सीमित छ । वेदर्तावाल व्यक्तिहरूले नेपाल बाहिर रहेका व्यक्तिबाट प्राप्त गर्ने सेवामा निर्धारण र असुल गरेको करको अभिलेख राख्ने, विवरण पेश गर्ने तथा कर दाखिला गर्ने जस्ता विषयमा थप स्पष्ट गरी निर्देशिकाहरू अद्यावधिक नगरिएकोले सेवा उपभोग गर्ने व्यक्तिले कर कानूनको परिपालना गर्न चाँहदा पनि सहजै गर्न सक्ने अवस्था छैन । कर प्रशासनलाई नेपाल बाहिरका व्यक्तिले प्रदान गरेको यस्तो सेवाको कारोवारको सूचना सेवा प्रदान गर्ने र उपभोग गर्ने कुनै पनि पक्षबाट प्राप्त नहुने भएकोले कानूनको परिपालना भए नभएकोले अनुगमन तथा परीक्षण गर्न प्रभावकारी आधार समेत उपलब्ध छैन ।

गैह्र वासिन्दा सेवा प्रदायहरूको बढदो संख्या, डिजिटल उत्पादनहरूको विविधता र उपलब्धता, यस्ता उत्पादनको कारोवारमा अनलाइन विद्युतिय माध्यमको प्रयोगले यस्ता उत्पादनहरूमा उपभोक्ताको सहज पहुँचले माग तथा उपभोग दुवैमा वृद्धि भएकोले यस्तो कारोवारलाई करको दायरामा ल्याउने प्रयास विश्वका अधिकाँस देशले प्राथमिकता राखेको देखिन्छ । आफ्नो देशभन्दा बाहिर रहेका सेवा प्रदायक आपूर्तिकर्ताहरू सम्बन्धित देशको कर प्रशासनको कार्यक्षेत्र र कानूनी दायराभन्दा बाहिर हुने भएकाले यस्ता सेवा प्रदायकहरूलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउने र कर संकलन गर्ने विषय विश्वका विकसित देशहरूलाई समेत चुनौति बनेको छ ।

नेपाल बाहिरका व्यक्तिले प्रदान गर्ने सेवामा मूल्य अभिवृद्धि कर निर्धारण र असुल गर्ने कानूनी व्यवस्था भएता पनि यस्तो सेवाको आपूर्ति र उपभोगको तथ्याङ्क उपलब्ध नभएकोले यस्तो सेवामा उठनु पर्ने मूल्य अभिवृद्धि करको आँकलन गर्न सकिएको छैन । यस्ता सेवा प्रदायकले नेपालमा के कति सेवा प्रवाह गरी कति मूल्यको करोवार गरे भन्ने तथ्याङ्कमा कर प्रशासनको पहुँच छैन । त्यस्तो सेवा उपभोग गर्ने व्यक्तिहरूले नै कर निर्धारण गरी असुल गर्नु पर्ने तर सो अनुसार वेदर्तावाल व्यक्तिले कारोवार र कर विवरण पेश गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था नहुनाले यस्तो कारोवारमा अपेक्षाअनुसारको कर सहभागिता भए नभएको यकिन गर्न सकिएको छैन ।

## ५. अन्तर्राष्ट्रिय अभ्यास

विद्युतीय माध्यमबाट हुने अनलाईन कारोवारको वृद्धिसँगै कुनै एक देशमा वसेर अन्य देशमा वस्तु तथा सेवाको विक्री गर्न सक्ने तर त्यस्तो व्यक्ति सम्बन्धित देशको कानूनको कार्यक्षेत्रभन्दा बाहिर हुने भएकोले यस्तो कारोवार करको दायराभन्दा बाहिर रहने र राज्यले प्रप्त गर्नुपर्ने राजस्व समेत प्राप्त गर्न नसक्ने अवस्था छ । विद्युतीय माध्यमबाट हुने अनलाईन कारोवारले कर लगाउने राष्ट्रको अधिकारको प्रयोग गर्न, अर्थतन्त्रमा करको प्रभाव तटस्थ रहोस् र प्रतिस्पर्धा प्रवर्धनमा यसले कुनै नकारात्मक प्रभाव नपारोस् भन्ने सिद्धान्त कायम राख्न कठिन हुदै जाने तथ्य अन्तर्राष्ट्रियस्तरमा नै महसुस गरिएको छ । राष्ट्रको कर लगाउने अधिकार सुरक्षित र सुनिश्चित गरी आयकर तथा मूल्य अभिवृद्धि कर राजस्वमा भएको क्षतिलाई कसरी कम गर्न सकिन्छ भन्ने सम्वन्धमा वौद्धिक एवं राजनैतिक वृतमा अनुसन्धान र बहस हुँदै आएको छ ।

गैह्र वासिन्दा आपूर्तिकर्ताहरूले प्रदान गरेको सेवा तथा अदृश्य सम्पत्तिमा त्यस्तो सेवा जुन देशमा उपभोग हुन्छ सोही देशको कर लगाउने अधिकार हुने विषय मूल्य अभिवृद्धि करको Destination Principle को अवधारणामा आधारित र अन्तर्राष्ट्रिय रूपमा सर्वस्वीकार्य रहेको छ । अन्तर्राष्ट्रिय रूपमा कर लगाउने अधिकार वस्तु तथा सेवाको उपभोग जुन देशमा हुन्छ त्यही देशको हुने मान्यता भएता पनि यसको कार्यान्वयनमा थुप्रै चुनौति र समस्याहरू रहेका छन् । केही देशहरूले आफ्नो कर लगाउने अधिकार सुरक्षित गरी कर संकलन गर्ने प्रयास शुरु गरिसकेका छन् । OECD जस्ता संस्थाले अन्तर्राष्ट्रिय रूपमा नै यस्तो सेवामा कर निर्धारण र संकलन गर्ने कुरालाई व्यवस्थित र सर्वसम्मत बनाउन Guideline समेत तयार गरी जारी गरेको छ ।

समूह २० मा संलग्न देशका राजनैतिक नेतृत्व तहले सूचना प्रविधिमा आधारित अनलाईन करोवारमा भएको वृद्धिसँगै राष्ट्रहरूको कर लगाउने अधिकार र कर नीतिहरूको कार्यन्वयनमा परेका समस्याहरूलाई छलफलमा ल्याएपछि समस्या समाधानका लागि OECD ले Base Erosion and Profit Shifting Project अन्तर्गत विभिन्न अध्ययन अनुसन्धान गरी प्रतिवेदनहरू प्रकाशन गरेको छ । यिनै अध्ययन प्रतिवेदनका आधारमा यस्तो समस्या समाधानका लागि राष्ट्रहरूले गर्नुपर्ने नीतिगत तथा कानूनी व्यवस्थाका सम्बन्धमा Guidelines समेत तयार गरी जारी गरेको देखिन्छ । यस क्रममा OECD ले देश बाहिरबाट प्रदान गरिने सेवा तथा अदृश्य सम्पत्तिमा मूल्य अभिवृद्धि कर असुल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा मान्य सिद्धान्त र मापदण्डका आधारमा तयार गरेको The International VAT/GST Guidelines पनि महत्त्पूर्ण मानिन्छ ।

यो Guidelines ले अन्तर्राष्ट्रिय रूपमा हुने सेवा तथा अदृश्य सम्पत्तिको कारोवारमा मूल्य अभिवृद्धि कर लगाउने सम्बन्धमा रहेको विविधता तथा दोहोरो कर लाग्ने वा कुनै देशमा पनि कर नलाग्ने अवस्थालाई कम गर्ने र कर संकलनको प्रभावकारी संयन्त्र कसरी स्थापित गर्ने भन्ने विषयमा सुझावहरू प्रस्तुत गरेकोछ । सन् २०१५ को नोभेम्वरमा भएको तेश्रो Global Forum on VAT मा सहभागी १०४ देश

तथा अन्तर्राष्ट्रिय संगठनहरूले अनुमोदन गरेपछि यो Guidelines सेवा र अदृश्य सम्पत्तिको अन्तर्राष्ट्रिय व्यापारमा मूल्य अभिवृद्धि कर लगाउने, असुल गर्ने सम्बन्धमा कानून तयार गरी कार्यान्वयन गर्ने भरपर्दो सन्दर्भ समाग्रीको रूपमा प्रयोग हुँदै आएको छ ।

सेवा तथा अदृश्य सम्पत्तिको अन्तर्राष्ट्रिय व्यापारमा मूल्य अभिवृद्धि करसम्बन्धी यस Guidelines ले यस्तो सेवामा कर लगाउदा करको भार व्यवसायमा नपर्ने तटस्थताको सिद्धान्त (Neutrality Principle) र जुन देशमा यस्तो सेवा उपभोग गरिन्छ सोही देशको कानूनबमोजिम कर लाग्ने सिद्धान्त (Destination Principle) का आधारमा नै कर प्रणालीको तर्जुमा गरी अन्तरदेशीय कारोवारमा मूल्य अभिवृद्धि करको अन्तर्राष्ट्रिय तटस्थता कायम गर्न सुझाएकोछ । सेवा तथा अदृश्य सम्पत्तिको अन्तर्राष्ट्रिय व्यापारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्न निर्यातमा शून्य दर र आयातमा स्थानीय प्रचलित दरमा कर लाग्ने, स्वदेशी वजारमा स्वदेशी तथा विदेशी व्यवसायीहरू वीच भेदभाव नहुने र करको भार व्यवसायमा नपर्ने गरी तटस्थता कायम हुने गरी कानूनको निर्माण गर्न सकिने विकल्पहरू Guidelines मा उल्लेख छ ।

उक्त Guidelines मा अन्तरदेशीय सेवा तथा अदृश्य सम्पत्तिको कारोवारमा मूल्य अभिवृद्धि कर संकलन गर्ने विभिन्न चार विकल्पहरू प्रस्तुत गरिएको छ । यी चार विकल्पमा सेवाको आपूर्तिकर्ता, उपभोक्ता, सूचना प्रणालीमा आधारित स्वचालित प्रणाली र मध्यस्ताकर्ता रहेका छन् । सेवाको विदेशी आपूर्तिकर्ता मार्फत कर संकलन गर्न त्यस्ता आपूर्तिकर्तालाई दर्ता गराउने, उसले प्रदान गरेको सेवामा कर संकलन गर्ने, कर विवरण पेश गर्ने र संकलन भएको कर दाखिला गर्ने गरी कर संकलनको विधि तय गर्न सकिन्छ । सेवा उपभोग गर्ने ग्राहकलाई कर संकलन गर्न जिम्मेवार बनाउदा B2B कारोवारमा Reverse Charge र B2C कारोवारमा ग्राहक वा उपभोक्ताले कर संकलन गर्ने र छुट्टै मूल्य अभिवृद्धि करको विवरण दिने वा सोको विवरण आय विवरणसँगै पेश गर्न लगाउन सकिन्छ । सेवा उपभोग गर्ने ग्राहकलाई संकलन गर्न जिम्मेवार बनाउँदा B2B कारोवारमा Reverse Charge सान्दर्भिक भएता पनि B2C कारोवारका सन्दर्भमा यो माध्यम प्रभावकारी र उपयुक्त नहुने उल्लेख छ ।

तेश्रो विकल्पको रूपमा अनलाईन कारोवार गर्न Platform उपलब्ध गराउने र भुक्तानीको लागि Payment Gateway उपलब्ध गराउने मध्यस्तकर्तालाई विदेश स्थित आपूर्तिकर्ताको प्रतिनिधिको रूपमा यस्तो सेवामा मूल्य अभिवृद्धि कर संकलन गर्न जिम्मेवार हुने गरी तोक्न सकिने र चौथोमा सूचना प्रविधिमा आधारित स्वचालित प्रणाली पनि प्रयोग गर्न सकिने उल्लेख छ । तर यी चार विकल्पमध्ये कुन विकल्पको प्रयोग गर्ने भनी निर्णय गर्ने स्वतन्त्रता सम्बन्धित राष्ट्रहरूमा नै रहने उल्लेख छ । OECD ले विदेशबाट प्रदान गरिने सेवामा मूल्य अभिवृद्धि कर संकलन गर्न अपनाउन सकिने विभिन्न चार विकल्पहरूको विश्लेषण गरी सोही विश्लेषणका आधारमा अन्तरदेशीय सेवा तथा अदृश्य सम्पत्तिको B2B कारोवारमा Reverse Charge उपयुक्त हुने भएता पनि B2C कारोवारमा मूल्य अभिवृद्धि कर संकलन गर्ने विधि र प्रणाली दर्तामा आधारित बनाउन उपयुक्त हुने भनी सिफारिस गरेको छ ।

अन्तरदेशीय सेवा तथा अदृश्य सम्पत्तिको B2C कारोवारमा मूल्य अभिवृद्धि कर संकलन गर्ने प्रणाली तय गर्दा यस्तो सेवा प्रदायले कर कानूनको पालना गर्न लाग्ने लागत तथा कर संकलन गर्न लाग्ने प्रसाशनिक लागत र सोबाट प्राप्त हुने राजस्व समेतलाई विचार गर्नु पदर्छ । थोरै कारोवार गर्ने विदेश स्थित आपूर्तिकर्तालाई तोकिएको सीमासम्मको कारोवारमा दर्ता हुन नपर्ने व्यवस्था गरी करदातालाई करको भारबाट मुक्त गर्न सकिन्छ । यसबाट कर प्रसासनको कर संकलन लागत समेत कम हुन्छ । तोकिएको सीमाभन्दा बढीको कारोवार गर्ने विदेशस्थित आपूर्तिकर्ताहरूले विवरण पेश गर्ने, कर तिर्ने जस्ता कानूनको परिपालना गर्न अन्य कुनै तेश्रो व्यक्तिको सेवा लिन सक्ने जस्ता सुविधा सहितको दर्तामा आधारित संकलन प्रणाली तय गर्न सुझाइएको छ । दर्तामा आधारित कर संकलन प्रणाली तयार गर्दा कर कट्टी, खरिदमा तिरेको कर फिर्ता, कर विवरण, कर भुक्तानी, कारोवारसम्बन्धी अभिलेख र कर बीजक जस्ता बिषयलाई समेत विचार गरी सोसम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

## ६. निष्कर्श

सूचना प्रविधिको विकाससँगै नेपाल बाहिरबाट सेवा प्रदान गर्ने सेवा प्रदायकहरूले विभिन्न डिजिटल उत्पादनहरू अनलाइन कारोवार मार्फत उपलब्ध गराउने हुँदा नेपालीहरूको यस्ता सेवामा पँहुच सहज हँदै गएकोले माग तथा उपभोगमा वृद्धि हुँदै गएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा २ ले नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट नेपालभित्र सेवा प्राप्त गर्ने व्यक्तिले प्राप्त गरेको सेवामा मूल्य अभिवृद्धि कर निर्धारण र असुलउपर भुक्तानीको वखत वा सेवा प्राप्त गर्दाको वखत मध्ये जुन पहिले हुन्छ सोही समयमा गर्नु पर्ने व्यवस्था गरेको छ । नेपाल बाहिरका व्यक्तिले प्रदान गरेको सेवा B2B हो र सेवा प्राप्त गर्ने व्यक्ति दर्ता छ भने यस्तो करदाताहरूले प्रयोग गरेको सेवामा कर निर्धारण र असुली त्यस्तो व्यक्तिको अन्य करयोग्य कारोवारसँगै अनुगमन र परीक्षण गर्न सकिन्छ । तर सोही सेवा दर्ता नभएको B2B वा B2C वा C2C लाई प्रदान गरिएको हो भने यस्तो सेवाको कारोवारमा कानूनमा उल्लेख भएअनुसार रकम भुक्तानी गर्दा वा सेवा प्राप्त गर्दाको अवस्थामा कर निर्धारण र असुलउपर भए नभएको एकिन गर्न भने चुनौतिपूर्ण र कठिन छ ।

विद्यमान ऐनमा नेपाल बाहिरवाट सेवा आपूर्ति गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने तर त्यस्तो सेवा उपभोग गर्ने दर्ता भएको वा नभएको व्यक्तिले मूल्य अभिवृद्धि कर निर्धारण गरी असुलउपर गर्नुपर्ने व्यवस्था छ । दर्ता नभएको सेवा उपभोग गर्ने व्यक्तिले गरेको कारोवारमा कर छुटको सीमा समेत नतोकिएकोले नेपाल बाहिरबाट सेवा प्राप्त गर्ने सबै व्यक्ति करको दायरामा पर्ने तर यस्तो सेवाको करोवार अभिलेख र विवरण कर प्रशासन समक्ष पेश गर्न नपर्ने भएकाले कर प्रशासनले यसको अनुगमन गरी कानूनको परिपालन भए नभएको यकिन गर्न सक्ने अवस्था छैन । सेवा प्रयोग गर्ने सवै व्यक्तिले कर निर्धारण र असुल गर्नुपर्ने वर्तमान कानूनी व्यवस्था अनुसार संकलन हुन सक्ने सम्भावित कर र सो कार्य सम्पन्न गर्न लाग्ने लागतको आधारमा पनि उपयुक्त मान्न सकिदैन । विदेशबाट नेपालमा दर्ता भएको

व्यक्तिलाई आपूर्ति हुने B2B सेवामा कर संकलन केही सहज भएता पनि दर्ता नभएको B2B वा B2C लाई हुने सेवा आपूर्तिमा सेवा उपभोग गर्ने वदेर्तावाल व्यक्तिले कर संकलन र असुलउपर गरी दाखिला गरेको सुनिश्चित गर्न चुनौतिपूर्ण देखिन्छ । नेपाल बाहिरबाट प्रदान गरिने सेवामा मूल्य अभिवृद्धि कर संकलन तथा दाखिला गर्ने सम्बन्धमा रहेका समस्याहरूको अन्तर्राष्ट्रिय असल अभ्यासलाई समेत ध्यानमा राखी कानूनमा आवश्यक परिमार्जन गरी कर संकलनको प्रकृया सहज, सरल र स्पष्ट बनाँउदा कार्यान्वयन प्रभावकारी हुने र कर सहभागिता समेत वृद्धि भई राजस्व वढ्ने भएकाले यस तर्फ नीति निर्माताहरूले ध्यानदिन जरुरी देखिन्छ ।

**सन्दर्भ सामग्री**

OECD (2018), Consumption Tax Trends 2018: VAT/GST and Excise Rates, Trends and Policy Issues, OECD Publishing, Paris, https://www.oecd.org/tax/consumption/consumption-tax-trends-19990979.htm

OECD (2017), International VAT/GST Guidelines, OECD Publishing, Paris, https://www.oecdilibrary.org/taxation/international-vat-gst-guidelines_9789264271401-en

OECD (2017), Mechanism for the Effective Collection of VAT/GST When the Supplier is not Located in the Jurisdiction of Taxation, OECD Publishing, Paris, https://www.oecd.org/tax/tax-policy/mechanisms-for-the-effective-collection-of-VAT-GST.pdf

अर्थ मन्त्रालय (२०६६), आर्थिक ऐन, २०६६

अर्थ मन्त्रालय (२०७३), आर्थिक ऐन, २०७३

आन्तरिक राजस्व विभाग (२०५४), मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३

# राजस्वमा सूचना प्रविधि प्रणालीः घरबाटै दर्ता अनलाइनबाटै भुक्तानी

✍ चुडामणि ढुङ्गाना*

**विषय प्रवेश**

सूचना प्रविधिको प्रयोगमा सरकारी निकायहरूमध्ये राजस्व प्रशासन अग्रणी रहँदै आएको छ । अर्थ मन्त्रालय अन्तर्गतका तीन विभागहरू आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा महालेखा नियन्त्रकको कार्यालय आफ्नो सीमित प्राविधिक जनशक्ति र सूचना प्रविधि पूर्वाधारका बाबजुद आफ्ना सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउने कार्यमा निरन्तर अगाडि बढिरहेका छन् । नेपाल सरकारले यसै वर्षदेखि शुरु गरेको डिजिटल नेपाल फ्रेमवर्कको आठ मुख्य क्षेत्रमध्ये वित्तीय क्षेत्र अन्तर्गत पर्ने कर प्रशासनको सूचना प्रविधिमैत्री कार्य प्रकृया तथा व्यवस्थापनले सरकारको उद्देश्य प्राप्तिमा महत्त्वपूर्ण योगदान गर्ने निश्चित छ ।

सर्वसाधारण जनताले कर कार्यालय भनेर बुझ्ने गरेको आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका कार्यालयहरूले प्रवाह गर्ने सेवालाई सूचना प्रविधिको प्रयोग गरी निरन्तर परिमार्जित तथा परिष्कृतरूपमा करदातासम्म पुऱ्याउने सिलसिला दुई दशकभन्दा बढीदेखि अविरलरूपमा अघि बढिरहेको छ । विश्वभर महामारीको रूपमा फैलिएको कोरोना संक्रमणको त्रासको कारणले जोखिम न्यूनीकरणको लागि अवलम्वन गरिने सामाजिक दुरी कायम राख्ने कार्यमा सूचना प्रविधि प्रणालीहरू सरल, सहज, सवल एवम् भरपर्दो सहयोगी बनेका छन् । ईन्टरनेटको बढ्दो प्रयोग, डिजिटल भुक्तानी (e-Payment) को लागि उपलब्ध विभिन्न माध्यम सँगसँगै कर प्रशासनका कर्मचारीका साथै लेखा परीक्षक तथा कर सहयोगी (Auditors and Tax Intermediaries) र करदातासमेत अनलाईन प्रणालीमा अभ्यस्त हुँदै गएको परिवेशमा सूचना प्रविधि प्रणालीलाई थप सरल र भरपर्दो बनाउन विभागलाई थप प्रेरित गरेको छ ।

विक्रम सम्वत् २०५२ सालदेखि तात्कालीन कर कार्यालयहरूको सेवा प्रवाहमा सूचना प्रविधिले प्रवेश पाएकोमा हाल कर कार्यालयका सबैजसो काममा अनलाइन प्रणाली उपयोगमा आइरहेको छ । हाल प्रयोगमा रहेको सूचना प्रविधि प्रणालीका विभिन्न विशेषताहरूको स्पष्ट जानकारी सरोकारवाला व्यक्ति तथा निकायहरूमा उपलब्ध भएमा उक्त प्रणालीको प्रयोगका साथै सेवा प्रवाहको प्रभावकारिता गुणस्तरीयरूपमा बढ्ने निश्चित छ । प्रस्तुत लेखमा विशेषतः सूचना प्रविधि प्रणालीका विगत दुई वर्षमा थप गरिएका बढी उपयोगी विशेषता तथा सुविधाबारे जानकारी उजागर गराउने प्रयास गरिएको छ ।

* *निर्देशक, आन्तरिक राजस्व विभाग*

**सर्वसाधारण व्यक्तिका लागि**

सरकारी निकायले गर्ने सेवा प्रवाहको प्रत्यक्ष वा परोक्ष प्रभाव सर्वसाधारण जनतामा परिरहेको हुन्छ । निश्चित प्रकारको सेवा प्राप्त गर्न चाहने सेवाग्राहीले सम्बन्धित निकायमा गएर सेवा लिने अवस्था विस्तारै बदलिएर अधिकांश सेवा घरमै बसेर लिन सकिने अनलाईन प्रणालीहरूको प्रयोग विस्तार हुँदै गएको छ । आन्तरिक राजस्व विभागले पनि आफ्नो वेबसाइट, मोबाइल एप तथा वेब एप्लिकेसन सफ्टवेयरको माध्यमबाट आफूले प्रवाह गर्ने सेवालाई सरल, चुस्त, तथा भरपर्दो बनाउँदै आएको छ । यस सन्दर्भमा प्रयोगमा ल्याइएका जोसुकैले उपयोग गर्न पाउने प्रमुख सेवाहरू यहाँ उल्लेख गरिएको छ ।

वेबसाइट (Website): सूचना प्रविधि प्रणालीको अधिक उपयोगको अनिवार्यताले हालका दिनहरूमा निकायको वेबसाइट उक्त निकायले प्रवाह गर्ने सेवाहरूको प्रवेशविन्दुको रूपमा स्वीकार्नुपर्ने अवस्था सिर्जना हुन पुगेको छ । आन्तरिक राजस्व विभागको वेबसाइट https://ird.gov.np लाई हालसालै परिमार्जित गरी नयाँ स्वरूपमा प्रस्तुत गरिएको छ । वेबसाइट खोल्नासाथ विभागसँग सम्बन्धित सेवा प्रवाहका विविध पक्ष समेटिएका स्लाइडर देखिन्छन् । करदाता तथा सर्वसाधारण व्यक्ति तथा निकायहरूको चासोका विषयहरूलाई पहुँच दिने लिंक/बटनहरूलाई एकै लहरमा समेटिएको छ । विषयवस्तुको प्रकृति अनुसारका छुट्टै पाताहरू (Tabs) मा सम्बन्धित सूचनाहरू राखी सम्प्रेषित गरिएको छ । सामाजिक सञ्जाल तथा जानकारीमूलक श्रव्यदृष्य सामग्रीको छुट्टै खण्ड तयार गरेर राखिएको छ । बारम्बार सोधिने प्रश्नहरू (FAQ) तथा एकीकृत कर प्रणालीका विभिन्न मेनुहरूको सञ्चालन प्रकृयाहरू (SOP) समेत अद्यावधिक गरेर राखिएको छ । विभिन्न करसम्बन्धी ऐन, नियम, निर्देशिका तथा कार्यविधिसमेत अद्यावधिक गरी उपलब्ध गराइएको छ । अन्तरक्रियात्मक जानकारीको लागि काल्पनिक सहयोगी (Virtual Assistant/ChatBot) समावेश हुने प्रकृयामा रहेको छ ।

**करदाता पोर्टल (Taxpayer Portal):** एकीकृत कर प्रणालीका दुई महत्त्वपूर्ण पोर्टलमध्ये एक Taxpayer Portal करदाताको लागि आवश्यक सबै कर परिपालनासम्बन्धी सुविधाहरू एकीकृतरूपमा उपलब्ध गराइएको वेब एप्लीकेसन हो । भौतिकरूपमा संसारको जुनसुकै कुनामा रहेर पनि ईन्टरनेटको माध्यमबाट यसमा सजिलै पहुँच पाउन सकिन्छ ।

**बारम्बार सोधिने प्रश्नहरू (Frequently Asked Question - FAQ):** करदातालगायत सरोकारवाला व्यक्तिले बारम्बार सोध्ने प्रश्नहरू र तिनीहरूको उत्तर समावेश भएको FAQ अद्यावधिक गरेर राखिएको छ । त्यसले कर प्रशासनसम्बन्धी विभिन्न जिज्ञासाको समाधान गर्न उल्लेख्य सहयोग गर्दछ ।

**कर चुक्ता खोजी (Tax Clearance Search):** करदाताले विभिन्न कामको सिलसिलामा सम्बन्धित निकायमा पेश गरेको करचुक्ता प्रमाणपत्र सही हो वा होइन भनेर परीक्षण गर्न यो लिङ्क प्रयोग हुन्छ । स्थायी लेखा नम्बर, कर चुक्ता नम्बर र आर्थिक वर्ष ईन्ट्री गरेपछि करदाताको नामका साथै उक्त आयवर्षको कारोबार र भुक्तानी गरेको कर रकम समेत देखिने हुँदा पेश गरेको कागजात नक्कली हो वा होइन सजिलै पत्ता

लगाउन सकिन्छ । यसले कानूनी रूपमा कुनै निर्णय गर्नु अघि करचुक्ता प्रमाणपत्र आवश्यक पर्ने निकायमा कार्यरत पदाधिकारीलाई निर्णयमा पुग्न सहज गराउँछ ।

**स्थायी लेखा नम्बर खोजी (PAN Search):** यसको प्रयोग गरी कुनै व्यक्तिले पेश गरेको स्थायी लेखा नम्बरको दर्तासम्बन्धी जानकारीका साथै उक्त करदाताले नियमित विवरण पेश गरे नगरेको र पछिल्लो कर चुक्ता प्रमाणपत्र कुन आर्थिक वर्षको जारी भएको छ सो समेत हेर्न सकिन्छ । व्यक्तिगत व्यवसायको हकमा उक्त व्यक्तिका मुख्य व्यवसायकका अतिरिक्त अन्य कुन कुन व्यवसाय छ भन्ने जानकारी समेत पाउन सकिन्छ ।

**करको दर तथा छुटहरू (Tax Rate and Incentives):** हालैका वर्षहरूमा लागू हुने करका दरका साथै विभिन्न किसिमका छुट सुविधा समेतको जानकारी यहाँबाट प्राप्त गर्न सकिन्छ । अघिल्लो र चालु आर्थिक वर्षका करका दरहरू र सुविधा एकै ठाउँबाट उपलब्ध हुँदा करदाता, लेखापालन अधिकारी तथा कर सहयोगीका साथै लेखापरीक्षक समेतलाई धेरै सजिलो हुने देखिन्छ । करसम्बन्धी अध्ययन गर्ने विद्यार्थी तथा शोधकर्ताको लागि समेत यो विवरण उपयोगी हुन्छ ।

### व्यवसायिक करदाताको लागि

व्यवसायिक करदाता राजस्व संकलनका आधारमात्र होइनन् तिनीहरू कर संकलन गरिदिने सरकारका वैधानिक प्रतिनिधि तथा आफ्नो कर आफैं निर्धारण गर्नसक्ने व्यक्ति पनि हुन् । उनीहरूलाई सवल र सक्षम बनाउनु कर प्रशासनको दायित्व हो । यस कुरालाई मध्यनजर गर्दै विभागले तयार गरी लागू गरेको सूचना प्रविधि प्रणालीमा करदाताका सुविधाहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । करदाताले निर्वाह गर्नुपर्ने कर दायित्व परिपालनाका अधिकांश कार्यको लागि कर कार्यालयसम्म जानु नपर्ने गरी एकीकृत कर प्रणाली (ITS) सञ्चालनमा रहेको छ ।

**करदाता पोर्टल (Taxpayer Portal):** हरेक करदातालाई कर कार्यालयमा नगई ईन्टरनेटको माध्यमबाट अनलाइन प्रणाली प्रयोग गरेर कर परिपालनाको सिलसिलामा आवश्यक पर्ने क्रियाकलाप गर्नको लागि एकीकृत कर प्रणाली (Integrated Tax System) को महत्त्वपूर्ण अङ्गको रूपमा यो पोर्टल तयार गरिएको हो । करदाताले आफू कर कार्यालयमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गर्नदेखि आवधिक विवरण बुझाउन, कर भुक्तानी गर्न तथा दर्ता खारेजीको लागि निवेदन दिनसम्मका कार्यहरू गर्न आवश्यक सूचना तथा प्रक्रिया यसमा समावेश गरिएको छ । यस पोर्टलमा करसम्बन्धी सामान्यदेखि विशिष्टिकृत सेवासम्मलाई समावेश गर्दैजाने कार्य निरन्तर चलिरहेको छ । करदाताले आफ्नो करदाता लगईन युजर (Taxpayer Login User) आफैं बनाउन सक्ने र पासवर्ड बिर्सिएमा आफैंले Reset गर्ने सेवा पनि हालसालै थप गरिएको छ ।

**करदाता लगइन (Taxpayer Login):** हरेक करदातालाई आफ्नो युजरनेम तथा पासवर्ड प्रयोग गरी

विभागको एकीकृत कर प्रणालीको करदाता पोर्टलमा गएर लगइन गर्ने र आफ्ना कारोवारको जानकारी लिने तथा कारोवारको विवरण पेश गर्नुका साथै कर भुक्तानी गर्ने समेतको सुविधा यहाँ उपलब्ध छ । यसमा आय विवरणको म्याद थप माग गर्ने, आफ्नो सम्पर्क सूचना अद्यावधिक गर्ने लगायतका सुविधा पनि समावेश गरिएका छन् । सोही अद्यावधिक गरिएको सम्पर्क मोबाइलमा विभागबाट स्वचालित एस्एम्एस् (SMS) सूचना प्रवाहित हुने व्यवस्था मिलाइएको छ ।

**विद्युतीय भुक्तानी (e-Payment):** करदाताले स्वयम् कर निर्धारण गर्न पाउने कानूनी प्रावधानअनुसार ट्याक्सपेयर पोर्टलबाट कर विवरण तथा आय विवरण बुझाउने व्यवस्था भएपनि तिर्नुपर्ने कर बुझाउन बैंकसम्म जानुपर्ने बाध्यता रहेकोमा महालेखा नियन्त्रकको कार्यालयसँगको समन्वय र प्रणाली अन्तरआवद्धताबाट विद्युतीय भुक्तानी सेवासमेत एकीकृत कर प्रणालीमा समावेश गरिएको छ । यसको प्रयोग गरेर सम्बन्धित राजस्व शीर्षकमा कर भुक्तानीको भौचर तयार गरी उपयुक्त भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक छनौट गरी आफ्नो खाताबाट सीधै भुक्तानीसमेत गर्न सकिन्छ । विद्युतीय भुक्तानी गर्न नजानेमा वा अप्ठेरो भएमा सो भौचरको Reference Number लिई बैंकमा गई भुक्तानी गर्न पनि सकिन्छ । यस प्रणालीबाट भौचर तयार गरेमा स्थायी लेखा नम्बर छुट्ने, गलत पर्ने जस्ता समस्या आउँदैन भने राजस्व शीर्षक पनि लिष्टबाट छनौट गर्ने भएकाले फरक पर्ने सम्भावना नगन्य हुन्छ ।

**बैंकबाटै डे-०१ आय विवरण (D-01 through Bank):** कर तिर्न बैंकमा जानुपर्ने र आय विवरण बुझाउन कर कार्यालय जानुपर्ने झञ्झटिलो व्यवस्थाको सट्टा बैंकमा नै साना करदाताहरूले डे-०१ आय विवरण भरी बुझाउँदा एकीकृत कर प्रणालीले उपलब्ध गराएको तिर्नुपर्ने कर रकम बैंकले बुझी राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मार्फत दाखिला गरिदिन्छ । यसरी दाखिला भएको करको आधारमा उक्त करदाताको करचुक्ता प्रमाणपत्र स्वतः एकीकृत कर प्रणाली ले तयार गरिदिन्छ । उक्त प्रमाणपत्र करदाताले आफ्नो लगइन प्रयोग गरी छपाई गरेर उपयोग गर्नसक्छ ।

**अनलाइन अन्तःशुल्क इजाजत नवीकरण (Online Excise Permit Renewal):** वार्षिकरूपमा अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्नुपर्ने करदाताले अनलाइनबाटै आवश्यक दस्तुर भुक्तानी गरी निवेदन दिन सकिन्छ । निवेदन र सो अनुसारको दस्तुर विभागको प्रणालीमा प्राप्त भएपछि स्वतः इजाजतपत्र नवीकरण हुन्छ जसलाई करदाता आफैंले प्रिन्ट गरेर कार्यस्थलमा राख्न सक्छन् ।

**स्वतः करचुक्ता (Automatic Tax Clearance):** आय विवरण र सो अनुरूप भुक्तानी गर्नुपर्ने राजस्वको अभिलेख विभागको प्रणालीमा प्राप्त भएपछि स्वतः उक्त आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र तयार हुने प्रणालीको शुरुवात डे-०१ आय विवरण बुझाउने करदाताबाट शुरु गरिएको छ । यसलाई विस्तार गर्दै कारोबारका आधारमा कर तिर्ने डे-०२ लगायत अन्य आय विवरणमा पनि लागू गर्न आवश्यक अध्ययन भइरहेको छ । तयार/जारी भएका करचुक्ता प्रमाणपत्र सम्बन्धित करदाताले Taxpayer Login मार्फत Taxpayer Portal बाट आफैंले प्रिन्ट गर्न सक्ने व्यवस्था छ ।

**क्रियाकलाप रेकर्डिङ्ग (Activity Recording):** भौतिक नियन्त्रण प्रणालीमा रहेका अन्तःशुल्कजन्य वस्तुको उत्पादन गर्ने उद्योगले आफूले उत्पादन गर्ने वस्तुको लागि आवश्यक कच्चा पदार्थ पैठारीको अनुमति माग्नेदेखि वस्तुको उत्पादन प्रकृयाका साथै तयारी उत्पादनको अभिलेखनसम्मका सबै क्रियाकलाप विभागको सूचना प्रविधि प्रणालीमा अंकित गराउन सकिन्छ । सोही आधारमा मासिक अन्तःशुल्क विवरण तयार गरी अनलाइनबाटै विभागमा पेश गर्न सकिन्छ । सोको अतिरिक्त आफूलाई आवश्यक अन्तःशुल्क स्टिकर माग गर्ने, प्राप्त गर्ने र प्रयोग गर्ने प्रकृया पनि स्टिकर व्यवस्थापन प्रणालीमा आवद्ध गरिएको छ ।

**मोबाइल एप (Mobile App)**: विभागले IRD Nepal नामक मोबाइल एप एन्ड्रोइड तथा एप्पल (Android and iOS) दुबै प्लेटफर्ममा तयार गरी प्रयोगमा ल्याएको छ । उक्त एपको प्रयोग गरेर करदाताले आफ्नो विवरण तथा भुक्तानीको अवस्था हेर्न सक्ने व्यवस्था छ । यसका साथै मोबाइलबाटै कर दाखिला भौचर तयार गर्न तथा e-Payment को प्रयोग गरेर भौचर अनुसारको तिर्नुपर्ने कर भुक्तानी पनि गर्न सकिन्छ । हाल उक्त एपमा व्यक्तिगत स्थायी लेखा नम्बरको लागि निवेदन दिने र पूर्वानुमानित कर तिर्ने करदाताहरू (Presumptive Taxpayers) ले आय विवरण (डे-०१) पेश गर्न सक्ने व्यवस्था थप हुने क्रममा छन् ।

**मू.अ.कर फिर्ता (VAT Incentive):** कुनै पनि करयोग्य सामान खरिद गर्दा विद्युतीय माध्यमबाट रकम भुक्तानी गरेमा उक्त सामानमा तिरेको करको दश प्रतिशत रकम उपभोक्तालाई फिर्ता गर्ने आर्थिक वर्ष २०७६ । ०७७ देखिका आर्थिक ऐनको प्रावधानअनुसार सम्भाव्यता अध्ययनको क्रममा प्रणाली तयार गरिएको र नमूनाको रूपमा लागू गरिएको छ । राष्ट्रिय भुक्तानी गेटवे (National Payment Gateway) को अभावको कारणले यसलाई विस्तारित रूपमा लागू गर्न केही कठिनाई भैरहेको छ ।

**विद्युतीय हस्ताक्षर (Digital Signature):** विद्युतीय हस्ताक्षरको प्रयोगको लागि एकीकृत कर प्रणालीका सेवालाई PKI Enabled बनाई नमूनाको रूपमा ठूला करदाता कार्यालयबाट जारी हुने केही कर चुक्ता प्रमाणपत्रमा लागू गरिएकोमा विस्तारित प्रयोगको लागि तयारी भइरहेको छ । विद्युतीय कारोबारसम्बन्धी ऐनको प्रावधानअनुसार विद्युतीय हस्ताक्षर भएको कुनैपनि डकुमेन्टको आधिकारिकता अदालतमा पनि स्वीकार्य हुन्छ जसको लागि कागजी डकुमेन्ट आवश्यक हुँदैन ।

**एसएमएस् सेवा (SMS Service):** करदाताको मोबाइल नम्बरमा छोटो सूचना प्रवाह गर्नको लागि विभागले प्रयोगमा ल्याएको एसएमएस् सेवाको फाइदा लिन हरेक करदाताले आफ्नो मोबाइल नम्बर अद्यावधिक गराउनु पर्दछ । अनाधिकृत मोबाइल नम्बर प्रयोग गरी गलत व्यक्तिको हातमा आफ्नो कारोबार लगायतका आधिकारिक सूचना नजाओस् भन्ने कुरामा हरेक करदाता सचेत हुनु जरुरी छ ।

**नागरिक एप (Nagarik App):** प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको अग्रसरतामा तयार गरिएको मोबाइल एप्लिकेसन नागरिक एपसँग करदाताको विवरणहरू अन्तरआवद्ध गराइएकोले उक्त एपमा दर्ता

भएका प्राकृतिक व्यक्तिको स्थायी लेखा नम्बर दर्ताको विवरण तथा स्रोतमा कर कट्टी गरिएको विवरण सहजै प्राप्त गर्नसक्ने व्यवस्था मिलाइएको छ ।

**केन्द्रीय बीजक अनुगमन प्रणाली (Central Billing Monitoring System- CBMS):** प्रणाली सम्भाव्यता अध्ययनको सिलसिलामा विकास गरिएको CBMS को नमूना सफ्टवेयरको माध्यमबाट एक सयभन्दा बढी तोकिएका करदाताको विद्युतीय बीजक प्रणालीले हरेक कर बीजकको कारोबार विवरण तोकिएको ढाँचामा बीजक जारी गर्दाकै बखत पठाउने गरेको छ । यस प्रणालीलाई पूर्ण स्वरूपमा लागू गर्नको लागि प्रणाली विकासको कार्य भइरहेको छ । उक्त प्रणाली लागू भएपछि यसमा आवद्ध करदाताहरूको आवधिक कर विवरण खेस्राको रूपमा करदातालाई उपलब्ध गराउनेगरी विभागले पूर्वतयारी शुरु गरेको छ ।

**बायोमेट्रिक विवरण (Biometric Information):** सरकारले मूल्य अभिवृद्धि करमा दर्ता भएका र हुने करदाताको दर्ता विवरणमा बायोमेट्रिक सूचना समेत समावेश गरी अद्यावधिक गर्ने निर्णय गरेपछि सोअनुसार दर्ता प्रणाली परिमार्जन गरेर लागू गरिएको छ । यसमा करदाताको फोटो, हस्ताक्षर र औंठा छाप समावेश गरिएकोले वास्तविक करदाताको पहिचान कायम हुने हुँदा झुक्याएर फरक व्यक्तिको नाममा फर्म दर्ता गरेर कारोबार गरी राजस्व छली गर्ने र निर्दोष व्यक्तिलाई अनावश्यक झमेलामा पार्ने क्रियाकलापलाई रोक्न समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

हाल उपलब्ध भएका सूचना प्रविधि प्रणालीका सुविधाहरू प्रयोग गरेमा करदाताले मुलतः निम्न कार्यको लागि कार्यालयसम्म जानु पर्दैन ।

- व्यक्तिगत स्थायी लेखा नम्बर (Personal PAN) दर्ता गर्न तथा व्यवसायिक स्थायी लेखा नम्बर (Business PAN), स्रोतमा करकट्टी गरिदिने निकायको स्थायी लेखा नम्बर (Withholder PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको लागि तथा अन्तःशुल्क इजाजतपत्रको लागि निवेदन दिन,
- आवधिक मूल्य अभिवृद्धि कर विवरण (VAT Return), स्रोतमा करकट्टी विवरण (TDS Return), अन्तःशुल्क विवरण (Excise Return) तथा आय विवरण (Income Tax Return) पेश गर्न तथा रूजु गर्न,
- नियमानुसार भुक्तानी गर्नुपर्ने कर रकम भुक्तानी गर्नको लागि भौचर तयार गर्न तथा e-Payment को प्रयोग गरी भुक्तानी गर्न,
- आफूले पेश गरेको विवरण तथा भुक्तानी गरेको करको विवरण चाहेको समयमा प्राप्त गर्न ।

माथि उल्लेख गरिएका कार्यहरूका अतिरिक्त आर्थिक ऐनमा समावेश छुट तथा सहुलियतका प्रावधानहरूलाई विभागको एकीकृत कर प्रणालीमा समावेश गरिएको छ । सोअनुसार सुविधा उपभोग गर्ने करदाताहरूले उक्त प्रणालीमार्फत सहजरूपमा सेवा लिंदै आएका छन् ।

### कर्मचारीहरूको लागि

कर प्रशासनमा कार्यरत कर्मचारीहरूले आफ्नो दैनिक कार्यजिम्मेवारी अनुसारका कार्यहरू सम्पादन गर्न अनिवार्यरूपमा सूचना प्रविधि प्रणालीको प्रयोग गर्नुपर्दछ । एकातर्फ एकीकृत कर प्रणालीको प्रयोग नगरी गर्न सकिने कामहरू घट्दै गएका छन् भने अर्कोतर्फ अनलाइन प्रणालीबाटै सबैजसो काम गर्न सकिनेगरी प्रणाली लगातार सुधार एवम् विस्तार हुँदै गएको छ । विद्युतीय प्रणालीको बढ्दो प्रयोग र विस्तारले कर्मचारीहरूको कार्यबोझ समेत उल्लेख्य रूपमा घटाएको छ ।

- करदाता प्रशासन, कर परीक्षण तथा अनुसन्धानको लागि आवश्यक करदाताको कारोबारसँगसम्बन्धी विभिन्न तथ्याङ्क तथा जानकारी कम्प्युटर प्रणालीबाट प्राप्त गर्न सकिने गरी एकीकृत कर प्रणालीमा निरन्तर परिमार्जन गर्दै लगिएको छ । एक अर्कामा कारोबार गर्ने करदाताहरूको कारोबारलाई दाँजेर हेर्न सकिने सुविधा समेत थप व्यवस्थित गर्दै लगिएको छ जसले कारोबार लुकाउन निरुत्साहित गराउने अपेक्षा गर्न सकिन्छ ।
- कर परीक्षण तथा कर अनुसन्धान गर्न छनौट गर्ने कार्यदेखि परीक्षण तथा अनुसन्धान सकेर कर निर्धारण गरेको, करदाता प्रशासनिक पुनरावलोकन वा पुनरावेदनमा गएको र सो को निर्णय (Appeal Decision) भएको समेतका अवस्थाहरू प्रणालीमा व्यवस्थित गर्ने गरी प्रणाली सञ्चालनमा आएको छ ।
- मोबाईल एपबाट कर्मचारीले राजस्व संकलन र दर्ता विवरण हेर्न सक्ने व्यवस्था रहेको, एन्ड्रोईड र एप्पल iOS प्लेटफर्ममा विकास गरी प्रयोगमा ल्याइएको छ जसमा अन्तःशुल्क स्टिकरमा प्रयोग गरिएको QR Code लाई स्क्यान गरी उक्त स्टिकर सक्कली हो वा होइन पत्ता लगाउन सकिने सुविधा पनि थप हुँदैछ ।
- कार्यसम्पादनको आधारमा कार्यालयको मूल्याङ्कन गर्नको लागि लक्ष्य निर्धारण, कार्य प्रगति प्रविष्टि तथा रिपोर्टिङ्गको कार्य सफ्टवेयरमार्फत हुने गरेको छ ।

### अन्तरनिकाय प्रणाली आवद्धता

सरकारी निकायहरूमा सूचना प्रविधि प्रणालीको बढ्दो प्रयोगसँगै अन्तरनिकाय प्रणाली आवद्धता (System Integration) बढ्दोक्रममा छ । सञ्चालनमा रहेका प्रणालीको स्तरोन्नति तथा नयाँ प्रणालीको विकासको सिलसिला निरन्तर चलिरहेको छ । हाल अन्तरआवद्धता कायम गरी सञ्चालनमा रहेका प्रमुख विषयहरू यहाँ उल्लेख गरिएको छ ।

- कर भुक्तानीको लागि महालेखा नियन्त्रकको कार्यालयद्वारा विकास तथा व्यवस्थापन गरिएको राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) सँग प्रणालीबाटै सूचना आदान प्रदान हुने व्यवस्था गरिएको छ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा प्रमाणपत्र नवीकरण गरेको (COP Validation with ICAN) लेखापरीक्षकद्वारा लेखा परीक्षण भएको करदाताको आय विवरणमात्र एकीकृत कर प्रणालीमार्फत पेश

गर्न सकिने गरी प्रणाली अन्तरआवद्धता (System Interconnection) कायम गरिएको छ ।

- राष्ट्रिय पोर्टलमा करदाताको दर्ता विवरण उपलब्ध गराउन राष्ट्रिय सूचना प्रविधि केन्द्रसँग विद्युतीय माध्यमबाट सूचना सञ्चार हुने व्यवस्था मिलाइएको छ ।
- आयात निर्यात कोड (Exim Code) को लागि करदाताको दर्तासम्बन्धी विवरण तथा करचुक्ताको जानकारी भन्सार विभागलाई उपलब्ध गराउने र आशिकुडा वर्ल्डबाट जाँचपास भएका प्रज्ञापनपत्रको विवरण भन्सार विभागबाट विद्युतीय सूचना सञ्जालमार्फत प्राप्त गर्ने गरिएको छ ।
- हरेक कम्पनी दर्ता हुँदाकै अवस्थामा उक्त कम्पनीको लागि एकीकृत कर प्रणालीबाट स्थायी लेखा नम्बर सुरक्षित (PAN Reserve) गर्नको लागि कम्पनी रजिष्ट्रार कार्यालयसँग सूचना प्रविधि प्रणालीहरू बीच अन्तरआवद्धता कायम गरिएको छ ।
- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको अग्रसरतामा तयार गरिएको नागरिक मोबाइल एपसँग करदाताको विवरणहरू अन्तरआवद्ध गराइएको छ । यसका अतिरिक्त उक्त एपबाट व्यक्तिगत स्थायी लेखा नम्बर पाउनको लागि नागरिकले निवेदन दिएमा Web API मार्फत प्रणालीबाटै उपलब्ध गराउने व्यवस्था पनि मिलाइएको छ ।
- राजस्व संकलन गर्ने बैंकबाट नै साना करदाताको कर दाखिलासँगै आय विवरण (डे-०१) समेत बुझाउन सक्ने व्यवस्था गर्नुका साथै आन्तरिक राजस्व विभागमा ठूला करदाता लगायतले पेश गरेको आय विवरण (डे-०३) का जानकारी जुनसुकै बैंकबाट ऋण स्वीकृत गर्नुपूर्व सम्बन्धित बैंकको आधिकारिक कर्मचारीले हेरेर निर्णय गर्ने व्यवस्था लागू गरिएको छ ।

**उपसंहार**

"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन" भन्ने राष्ट्रिय कर दिवस २०७७ को नाराले पनि आन्तरिक राजस्व विभाग सूचना प्रविधिको प्रयोगको माध्यमबाट स्वच्छ एवम् पारदर्शी कर प्रशासनको सेवा करदातालाई उपलब्ध गराउने दिशामा प्रतिवद्ध रहेको प्रष्ट देखिन्छ । प्रविधिमैत्री सेवा प्रवाहद्वारा प्रत्याभूत सुशासनको माध्यमबाट संकलित राजस्वको परिचालनबाट देशमा विकास र समृद्धि सम्भव छ भन्ने यसको सन्देश रहेको हुँदा हरेक सरोकारवाला व्यक्ति तथा निकायले उपलब्ध सूचना प्रविधि प्रणालीको अधिकाधिक उपयोग गर्नुपर्ने आजको आवश्यकता हो ।

विभागले प्रयोगमा ल्याएका सूचना प्रविधि प्रणालीको समग्र कार्यप्रणाली तथा प्रकृयाहरूको समय समयमा प्रणाली परीक्षण (System Audit) गराई प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने गरिएको छ । प्रविधिको विकास तथा विस्तारलाई पछ्याउँदै थप व्यवसायिक प्रकृयाहरूलाई सूचना प्रविधि प्रणालीमा समावेश गर्ने कार्य प्राथमिकतासाथ अघि बढेका छन् । तसर्थ आगामी दिनहरूमा व्यवसायिक दक्षतायुक्त जनशक्तिलाई प्राविधिक सीप तथा प्राविधिक जनशक्तिलाई व्यवसायिक ज्ञान उपलब्ध गराई दक्षता अभिवृद्धि गराउँदै प्रविधिमैत्री सुलभ सेवा हरेक करदातालाई उपलब्ध गराउनेतर्फ निरन्तर कार्य भैरहने कुरामा विश्वस्त हुन सकिन्छ ।

आन्तरिक राजस्व विभागले आफ्नो वेवसाइटमार्फत करदाता शिक्षा लगायत करसम्बन्धी सबैजसो जानकारी पारदर्शी तथा व्यवस्थितरूपमा राखेको छ । एकीकृत कर प्रणालीमा करदाताको लागि ट्याक्सपेयर पोर्टल तथा कर्मचारीको लागि अफिसर पोर्टल मार्फत एकीकृत सेवा उपलब्ध गराउँदै आएकोमा सरोकारवाला पक्षहरूको सुझावले अझ व्यवस्थित बनाउनमा अवश्य मद्दत मिल्नेछ । अन्तरनिकाय समन्वय तथा प्रणाली अन्तरआवद्धताले करदाताले पाउने सेवा अझ व्यवस्थित एवम् चुस्त हुनेमा आशावादी हुने आधार बन्दै गएको छ ।

**सन्दर्भ सामग्री**


आन्तरिक राजस्व विभागको वेवसाइट ।

आन्तरिक राजस्व विभागले प्रयोगमा ल्याएका सूचना प्रविधि प्रणालीहरू ।

आर्थिक ऐन, २०७६, नेपाल सरकार ।

आर्थिक ऐन, २०७७, नेपाल सरकार ।

# करसम्बन्धी विवादमा न्यायिक दृष्टिकोण

✍ निर्मला शर्मा सुवेदी*

नेपालको संविधान र करसम्बन्धी बनेका ऐन कानूनको अधिनमा रही मुलुकको विकास र सामाजिक उद्देश्यहरू पूरा गर्नको लागि आवश्यक सार्वजनिक वित्त जुटाउने कार्यको जिम्मा अर्थ मन्त्रालय अन्तर्गत स्थापित आन्तरिक राजस्व विभाग र विभाग अन्तर्गत रहेका कर कार्यालयहरूमा रहेको छ । कर प्रशासन सञ्चालन गर्ने क्रममा हाल आन्तरिक राजस्व विभाग र यस विभागको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कर प्रशासन सञ्चालन गर्ने ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ४३ र करदाता सेवा कार्यालय ३९ मार्फत कर प्रशासन सञ्चालित भएको पाइन्छ ।

आन्तरिक राजस्व विभाग र मातहत कार्यालयहरूबाट प्रमुख रूपमा आयकर ऐन, २०५८, आयकर नियमावली, २०५९, मूल्य अभिवृद्धि कर ऐन, २०५२, मूल्य अभिवृद्धि कर नियमावली, २०५३, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९ र मदिरा ऐन २०३१ तथा मदिरा नियमहरू २०३३ मार्फत कर प्रशासन सञ्चालन गर्ने गरेको पाइन्छ ।

यसका साथै प्रदेश सरकारले आवधिक योजना तथा वार्षिक बजेटको साथमा कर तथा गैरकर नीति सार्वजनिक गर्दछन् । सबै प्रदेश सरकारले आ-आफ्नो अनुकुल हुने गरी कर तथा गैरकरसम्बन्धी ऐन निर्माण गरी सञ्चालनमा ल्याएका छन् । यसका अतिरिक्त सालवसाली आर्थिक ऐनबाट कर तथा गैरकरका दरहरू तोक्ने गरेको पाइन्छ ।

यसरी संविधान र कानूनबमोजिम कर प्रशासन सञ्चालन गर्न स्थापित करसम्बन्धी निकायहरूले ऐन कानूनबमोजिम कर निर्धारण गरी सकेपश्चात चित्त नबुझ्ने पक्षले आयकर ऐनको दफा ११५ , मूल्य अभिवृद्धि कर ऐनको दफा ३१ क र अन्तःशुल्क ऐनको दफा १९ बमोजिम निर्णयको सूचना पाएको मितिले तीस (३०) दिन भित्र प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिन सक्ने, विभागका महानिर्देशकबाट साठी (६०) दिन भित्र निर्णय गरी सक्नु पर्ने र यदि विभागबाट साठी (६०) दिन भित्र निर्णय हुन नसकेको अवस्थामा साठी (६०) दिन भित्र निर्णय भएको मानी वा विभागले गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सूचना पाएको मितिले पैतिस (३५) दिन भित्र चित्त नबुझ्ने पक्षले (व्यक्तिले) राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

आयकर ऐन, २०५८ को दफा ७६ बमोजिम विभागबाट जारी भएको पूर्वादेश विरूद्ध, अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (१), (२), (३) र (४) बमोजिम अन्तःशुल्क अधिकृतबाट कैद गर्ने गरी भएको निर्णय, मदिरा ऐन, २०३१ बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैतीस (३५) दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था छ ।

* *उपन्यायाधिवक्ता, आन्तरिक राजस्व विभाग*

यसका साथै नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था मदिरा ऐन, २०३१ को दफा १५ मा गरिएको छ ।

आयकर ऐन, अन्तःशुल्क ऐन र मूल्य अभिवृद्धि कर ऐन अन्तर्गत विभागका महानिर्देशक वा कर अधिकृतबाट भएको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता भएपश्चात राजस्व न्यायाधिकरणबाट कानूनका प्रकृया पूरा गरी निर्णय हुने र सो निर्णय अन्तिम हुने व्यवस्था राजस्व न्यायाधिकरण ऐन , २०३१ मा गरिएको छ ।

यति हुँदा हुँदै पनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ मा «सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने शीर्षक अन्तर्गत «देहायको कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटि भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखी सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा मात्र न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः (क) अधिकारक्षेत्रको प्रश्न, (ख) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्नु नहुने प्रमाण बुझेको प्रश्न वा (ग) बाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न, (घ) गम्भीर कानूनी त्रुटिसम्बन्धी प्रश्न ।" भन्ने कानूनी व्यवस्था भएको आधारमा यदि राजस्व न्यायाधिकरणबाट भएको फैसलामा माथि उल्लेखित अवस्था विद्यमान भएमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको लागि निवेदन दिन सकिने कानूनी व्यवस्था छ । यसरी पुनरावेदनको अनुमतिको लागि निवेदन दिएपछि सम्मानित सर्वोच्च अदालतबाट अनुमति पाएमा सो मुद्दा पुनरावेदनको रूपमा दर्ता हुन्छ । यदि सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदन अनुमतिको आदेश नभएमा राजस्व न्यायाधिकरणबाट भएको फैसला नै अन्तिम भई सो फैसला कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका साथै केही करदाताहरू प्रशासकीय पुनरावलोकनमा र राजस्व न्यायाधिकरणमा पुनरावेदन जाने साधारण कानूनी उपचारको माध्यमबाट नभई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतको संविधानद्वारा प्रदत्त असाधारण अधिकार क्षेत्र अन्तर्गत रीट निवेदन दर्ता गर्न जाने र सम्मानित अदालतबाट ती रीट निवेदनहरूमा समेत फैसला हुने गरेको पाइन्छ ।

यसरी सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदन अनुमति पाई फैसला भएका र रीट क्षेत्राधिकार मार्फत दर्ता भएका निवेदन समेतमा भएका केही महत्त्वपूर्ण प्रतिनिधिमूलक फैसलाहरूको यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । यसबाट कर निर्धारण गर्दा केही मात्रामा भएपनि सहयोग पुग्ने छ भन्ने आशा गरिएको छ ।

**निवेदकः मोहनलक्ष्मी मास्के विरूद्ध अर्थ मन्त्रालय समेत भएको ( रिट नं.-०६४-WF- ०००१) मुद्दा उत्प्रेषण फैसला मिति २०६६।१०।७**[१]

- आरोपको सूचना दिनु मात्र पर्याप्त हुने नभई सो सूचनाबमोजिम आरोपको खण्डन गर्न, प्रतिवाद गर्न र प्रमाण प्रस्तुत गर्न पर्याप्त र मनासिव समय पनि दिनुपर्ने हुन्छ । साथै, सो प्रतिवाद र प्रतिवादको

१ *नेकाप २०६७ अंक १ निर्णय नं ८२९४*

समर्थनमा प्रस्तुत प्रमाण समेतको विश्लेषण गरी स्वतन्त्र भई निर्णयकर्ताले तर्क र प्रमाणमा आधारित भएर प्रचलित कानूनको प्रयोग गरी निर्णय गर्नुपर्ने तथा सो निर्णयमा निष्कर्षमा पुगेको स्पष्ट आधार र कारण खुलाउनु पर्ने ।

- कुन निकायमा पुनरावेदन गर्न पाउने हो वा के कुन आधारमा पुनरावेदन गर्न नपाउने हो, कुन कानून र प्रमाणको आधारमा त्यस्तो निर्णय गरिएको हो भन्ने जस्ता कुराहरू समेत निर्णयमा उल्लेख हुनुपर्छ र सो कुराको जानकारी सम्बन्धित व्यक्तिलाई सहज रूपमा उपलव्ध गराउनु पर्दछ । अन्यथा त्यस्तो निर्णयलाई न्यायिक दृष्टिकोणबाट उचित, निष्पक्ष र न्यायसंगत नमानिने ।
- कानूनबमोजिम कारवाही र निर्णय गर्ने अधिकार पाएको कर अधिकृतले कानूनले स्पष्ट रूपमा तोकेको कार्यविधि र प्रक्रियालाई पूर्णरूपमा अनुशरण र पालना गर्नुपर्छ । कानूनको प्रयोग र पालनामा सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएमा बाहेक अन्य आधार र प्रक्रियाबमोजिम वा आफ्नो स्वविवेकीय अधिकार बमोजिमको छुट्टै प्रक्रिया वा कार्यविधि निर्धारण गर्न मिल्ने हुँदैन । साथै, कानूनले म्याद जारी गर्ने स्पष्ट रूपमा ढाँचा तोकिएकोमा कुनै प्रशासकीय वा अर्ध न्यायिक अधिकारीले कानूनले नै अधिकार दिएमा बाहेक सो ढाँचालाई बदल्न, हेरफेर वा संशोधन गर्ने अधिकार नराख्ने ।
- कार्यविधि कानूनको प्रयोग र पालनमा स्वेच्छाचारी प्रयोग वा त्रुटिपूर्ण प्रयोग भएमा सारवान कानूनको प्रयोग प्रभावित हुनसक्ने खतरा हुन्छ । साथै, अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको प्रयोग नगरी मुद्दाको कारवाही र निर्णय गरिएमा सो निर्णय नै त्रुटिपूर्ण मान्नुपर्ने ।
- सुनुवाइको मौका भनेको प्राकृतिक न्यायको आधारभूत विधिशास्त्रीय सिद्धान्तको रूपमा रहेको छ । जुन व्यक्तिको हक वा हितको प्रतिकूल कारवाही वा निर्णय गर्न लागिएको हो सो व्यक्तिको कुरा सुन्नु (Audi Alteram Partem) तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिव अवसर दिइनु पर्दछ भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्त रहेको छ । यस्तो व्यक्तिलाई प्रशासकीय वा न्यायिक कारवाही र निर्णयको प्रतिकूल प्रभावबाट कार्यविधिगत सुरक्षा प्रदान गर्नु नै सुनुवाइको सिद्धान्तको मूलभूत उद्देश्य रहने ।
- कसैको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी उक्त हकहरूको प्रचलनमा रोक लगाउँदा सम्पत्ति धारकलाई सो सम्बन्धमा सफाइ पेश गर्ने वा तत्सम्बन्धी प्रमाण पेश गर्ने अवसर दिएर मात्र निर्णय गर्नुपर्ने ।

**पुनरावेदक ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको विरूद्ध स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड रिट नं ०७२-RB-०१५० मुद्दा आयकर फैसला मिति २०७५।२।१४**[२]

- करदाताले पेस गरेको आय विवरणमा संशोधन गरी करदातालाई थप कर निर्धारण गर्दा सोको आधार र कारण खुलाई करदाताले पेस गरेको विवरण यस कारणले त्रुटि हो भन्ने औंल्याई यो कारणले यो यसरी समायोजन गरी संशोधित कर निर्धारण गर्ने भन्ने बारेमा आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) बमोजिम सफाइको मौका प्रदान गरी पर्याप्त प्रमाणको आधारमा विभागले निर्णय

२ *नेकाप २०७६ अंक ६ निर्णय नं.१०२९७*

गर्नुपर्ने ।

माथि उल्लेखित यी दुई मुद्दामा स्थापित भएको सिद्धान्तलाई हेर्दा कार्यालयहरूबाट म्याद जारी गर्दा ऐन कानूनमा ढाँचा तोकिदिएकोमा ढाँचागत रूपमा नै म्याद पठाउन पर्ने , म्याद पठाएको मितिले दिन गणना नगरी करदाताले सो म्याद प्राप्त गरेको मितिदेखि गणना गर्नुपर्ने, ऐन कानूनले यति दिन म्याद दिनु भनी उल्लेख गरेको अवस्थामा ऐनले तोकेको म्याद अनिवार्य दिनुपर्ने देखिन्छ । यस्ता सानातिना प्राविधिक त्रुटिले गर्दा अदालतबाट कर अधिकृत वा विभागबाट भएका निर्णयहरू बदर भई समग्र कर प्रशासनमा नै असर पर्न जाने देखिन्छ ।

हालसम्म कर कार्यालयबाट भएका निर्णय हेर्दा करदाताको नाममा म्याद सूचना बुझाएको, हुलाकमा पठाएको वा तामेली भएको मितिदेखि १५ दिन गणना गरी १६ औ दिनको दिन निर्णय गर्ने गरेको अवस्था विद्यमान देखिएको हुँदा आगामी दिनमा यस तर्फ गम्भिरता पूर्वक ध्यानदिन समेत जरूरी देखिन्छ ।

**निवेदक रामप्रसाद भट्टराई विरूद्ध कैलाली भन्सार कार्यालय, धनगढी कैलाली समेत रिट नं ०६६-NF-००३ मुद्दामा उत्प्रेषण फैसला मितिः २०६६।११।२०[३]**

- प्रशासकीय अधिकारीले न्यायिक अधिकारको प्रयोग गर्दा तह-तह उठेको टिप्पणी सदर नगरी न्यायिक मनको प्रयोग गरी न्यायिक प्रक्रिया र विधिको अवलम्बनबाट आधार र कारणसहित निर्णय गर्नुपर्ने ।
- कानूनले स्पष्ट व्यवस्था गरी अन्यथा गरेमा बाहेक अर्धन्यायिक अधिकारको प्रत्यायोजन हुन नसक्ने हुँदा तोकिएको अधिकारीबाटै त्यसको प्रयोग हुनुपर्दछ भन्ने जस्ता कुराहरू अर्ध न्यायिक प्रक्रियाका आधारभूत मापदण्ड हुन् । न्यायको मूल मर्म र कानूनका आधारभूत प्रक्रियाको अनुशरण बिना अर्धन्यायिक निर्णय न्यायपूर्ण हुन नसक्ने ।

प्रस्तुत फैसला अध्ययन गर्दा कर अधिकृतहरूले कानूनद्वारा आफूलाई प्राप्त निर्णय गर्ने न्यायिक अधिकारहरू र आफूलाई नै आफु भन्दा माथिल्लो अधिकारी वा निकायबाट प्रत्यायोजित भई प्राप्त भएका अधिकारहरू प्रत्यायोजन हुन नसक्ने देखिन्छ र यदि त्यसरी निर्णय भएमा सो निर्णय बदरभागी हुने अवस्था देखिन्छ । यसै गरी निर्णय गर्दा आफू भन्दा तल्लो अधिकारीबाट तह तह रूपमा उठी आएको टिप्पणी सदर नगरी निर्णय गर्ने अधिकारीबाट नै कुन आधार र प्रमाणका आधारमा सो नर्णय गरिएको हो सो कुरा निर्णय पर्चामा स्पष्ट रूपमा उल्लेख गरी निर्णय गर्नुपर्ने कुरा तर्फ ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

**पुनरावेदक आन्तरिक राजश्व कार्यालय विराटनगर विरूद्ध हुलास बायर इण्डष्ट्रिज प्रा.लि. को (२०५८ सालको फौ.पु.नं.२९६६) मुद्दा आयकर फैसला मिति २०६२।१२।१४[४]**

- कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो । कर अधिकृत कर निर्धारणको प्रकृयामा छानविन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत

*३ नेकाप २०६७ अंक ५ निर्णय नं. ८३६५*

*४ नेकाप २०६३ अंक ७ निर्णय नं.७७३०*

आरोपी एवं निर्णयकर्ता दुवै हुने ।

- करसम्बन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिबन्दबाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ । कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्‍याउने भार कर कार्यालय वा कर अधिकृत उपरनै हुने ।
- करसम्बन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्त्व र आवश्यकता हुँदा करदाता उपर मात्र प्रमाण पुऱ्याउने भार नरहने ।
- करदाताले भूलबाट पूरा कट्टा हुन नसकेको भन्दै पछि कानूनबमोजिमको रकम स्रोतबाट कट्टी गरी वुझाएको भन्ने देखिएपछि करदाताले कानून उल्लंघन गरेको भन्न सकिने नहुदा सो रकमलाई खूदआयमा समावेश नगर्ने ठहराएको राजस्व न्यायाधिकरणको फैसला न्यायोचित देखिँदा अनुमति प्रदान भएको आदेशसँग सहमत हुन नसकिने ।

प्रस्तुत मुद्दामा स्थापित भएको सिद्धान्तलाई अध्ययन गर्दा कर अधिकृतले कर निर्धारण गर्दा करदाताको करयोग्य आय कति हो, छुट नपाउने आय कति हो र सो कर कुन कानूनको कुन दफा वा कुन दफाको कुन उपदफा अनुसार लाग्ने हो सो कुरा आधार, कारण र कानूनी दफा समेत स्पष्ट रूपमा उल्लेख गरेर मात्र निर्णय गर्ने तर्फ ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

यसका साथै कर अधिकृतको कर निर्धारण गर्ने कार्य प्रशासनिक कार्य नभई न्यायिक कार्य भएको हुँदा न्यायिक मन प्रयोग गरी न्याय निरूपण गर्दा पुऱ्याउनुपर्ने कानूनी प्रकृया र रीत पुऱ्याएर मात्र निर्णय गर्नुपर्ने तर्फ समेत प्रस्तुत फैसलामा प्रतिपादित सिद्धान्तबाट स्पष्ट हुन्छ ।

**निवेदक अधिवक्ता विष्णुप्रसाद पोखरेलसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (०७४-WO-०३६४) मुद्दा परमादेश फैसला मिति २०७५।५।१८**[५]

- विद्यमान मदिरा ऐनले सर्वसाधारणको स्वास्थ्य, सार्वजनिक हित, क्षतिपूर्तिको अधिकार, उपभोक्ताको अधिकारहरूको संरक्षण प्रवर्द्धन गर्न पर्याप्त नरहेको र गैरकानूनी कार्यलाई नियन्त्रण एवं दण्डनीय बनाउन तथा अवाञ्छित वा नैतिकता प्रतिकूल काम कार्यलाई निषेध गर्न, रोक लगाउन तथा नियमन नियन्त्रण गर्न पर्याप्त नरहेको, विद्यमान मदिरा ऐनसमेतको सक्रिय कार्यान्वयन नभएको भन्ने देखिन आएकोले विद्यमान मदिरा ऐनसमेतमा आवश्यक संशोधन परिमार्जन गरी उपभोक्ताको अधिकार, वातावरणीय अधिकार, जीवनको अधिकारसमेतको संवैधानिक मौलिक अधिकार तथा मानवअधिकारको कार्यान्वयन हुनु जरूरी देखिने ।

५ *नेकाप २०७६ अंक २ निर्णय नं. १०१८६*

**त्यसैगरी निवेदक अधिवक्ता ज्योति बानियासमेत विरूद्ध मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (०६८-WO-०३८३) मुद्दामा परमादेशसमेत फैसला मिति २०७०।९।१४**[६]

- जनस्वास्थ्यको सम्बन्ध व्यक्तिका जीवनलगायतका अनेकौं हकहरूको प्रचलनसँग पनि सम्बन्धित हक हुनाले सूर्तिजन्य पदार्थ सेवनको समस्याले अन्य मौलिक हकहरूमा असर र प्रभावसमेत पार्दछ । यसक्रममा राज्यले विधायिकी अधिकारको प्रयोग गरी कानूनको निर्माण, कार्यान्वयन तथा आवश्यक नियम बनाई सोको कार्यान्वयन भए नभएको सम्बन्धमा सरकारी संयन्त्रमार्फत प्रभावकारी नियमन गर्नु राज्यको कर्तव्य हुन आउँछ । यदि राज्यको तर्फबाट यस्ता कदमहरू चालिदैनन् भने नागरिकलाई संविधानले प्रत्याभूत गरेको जीवनको अधिकारको संरक्षण गर्ने दिशामा राज्य संयन्त्र उदासिन भएको मान्नुपर्ने ।

यसरी माथि उल्लेखित यी दुबै मुद्दामा जारी भएको निर्देशनात्मक आदेशको अध्ययन गरी हेर्दा राज्यले कर प्रशासन सञ्चालन गर्ने कानून निर्माण गरी ती कानून कार्यान्वयन गर्दा कर उठाउने दायित्व मात्रै बहन गरेर नपुग्ने कुरा तर्फ समेत ध्यानाकर्षण गराएको पाइन्छ । राज्यको कर उठाउने दायित्वका साथ साथै उपभोक्ताको अधिकार, वातावरणीय अधिकार, जीवनको अधिकार समेतको संवैधानिक मौलिक अधिकारहरूको समेत हनन नहुने गरी कानून निर्माण गरी ती कानून कार्यान्वयन गर्नुपर्ने कुरामा ध्यान दिनुपर्ने जरूरी देखिन्छ ।

**अधिवक्ता राजीवजंग शाह समेत विपक्षी आन्तरिक राजस्व विभाग लाजिम्पाट समेत भएको (रिट नं ०७३-WO-००८१) मुद्दा उत्प्रेषण | परमादेश फैसला मिति २०७४।७।३०**[७]

- प्रमाण ऐन, २०३१ को दफा १४ बमोजिम नियमित रूपमा खाता, बही, हिसाब, किताब वा अन्य स्रेस्तामा जनिएको कुराहरूमा राजस्व प्रशासनको पहुँच वाञ्छनीय भएको र त्यसको खाताबही हिसाब आदि भौतिक रूपमा नराखी आफ्नो सुविधा एवं पारदर्शिताको लागि कुनै कम्प्युटर सफ्टवेयरको माध्यमबाट राखिएको वा कानूनले त्यसरी लेखा राख्नु पर्ने बाध्यता भए त्यसमा प्रवेश गर्नु अपरिहार्य हुने ।
- असामान्य, अनपेक्षित वा कानूनको परिपालनाको प्रश्न उठेको विशेष अवस्थामा प्रयोग हुनेगरी गोपनीयता कायम राख्ने गरी राजस्व प्रशासनलाई जिम्मेवारी पूर्वक काम गर्ने प्रतिबद्धतासाथ बुझाइएको स्रोतको संकेत (सोर्स कोड)सम्बन्धी कार्यविधिको व्यवस्थाबाट त्यस्तो सफ्टवेयर वा स्रोतको संकेत (सोर्स कोड) को दुरूपयोग नभएसम्म त्यस्तो सफ्टवेयरको रचयिता सर्जकको संवैधानिक वा कानूनी हक हनन् हुने अवस्था नरहने ।

प्रस्तुत फैसलामा प्रतिपादन भएका सिद्धान्त र भएका आदेश समेतलाई अध्ययन गर्दा कर कार्यालयहरूले आफ्नो कार्य सञ्चालन गर्नको लागि ऐन कानूनको परिधि भित्र रही कार्यविधि र निर्देशिकाहरू बनाउदा

*६ नेकाप २०७१ अंक ३ निर्णय नं ९१३२*

*७ नेकाप २०७६ अंक ७ निर्णय नं.१०३१५*

संविधान र नेपालमा प्रचलित अन्य ऐन कानून समेतले प्रदान गरेको व्यक्तिका गोपनियता लगायतका अधिकारहरू समेतलाई ध्यान दिदै सतर्कतापूर्वक विचार गरी कार्यविधि बनाउनुपर्ने कुरा तर्फ ध्यानाकर्षण गराइएको पाइन्छ । यसका साथै कर प्रशासन सञ्चालन गर्ने क्रममा कर प्रशासनसँग सम्बन्धित ऐन नियमहरू अन्तर्गत रहेर कम्प्यूटर बीजकसम्बन्धी कार्यविधि, २०७१ बनाई जारी भएकोमा गोपनियता कायम राख्ने गरी राजस्व प्रशासनलाई जिम्मेवारी पूर्वक काम गर्ने प्रतिवद्धता साथ बुझाइएको स्रोतको संकेत (सोर्स कोड)सम्बन्धी कार्यविधिको व्यवस्थाबाट त्यस्तो सफ्टवेर वा स्रोतको संकेत (सोर्स कोड) को दुरूपयोग र त्यसको अनधिकृत प्रयोग र त्यसमा अनपेक्षित पहुँच रोकी प्रतिलिपि अधिकारको आवश्यक संरक्षण समेत गरी संबैधानिक एवं कानूनी हक समेत हनन नहुने गरी व्यवस्था गर्ने तर्फ समेत सचेत रहनुपर्ने आवश्यकता देखिन्छ ।

**निवेदक द्वारिकानाथ ढुंगेलसमेत विरूद्ध ठूला करदाता कार्यालय (०७४-WO-०४७५) परमादेश मुद्दा फैसला मिति २०७५।१०।२३**[८]

- कर लाग्ने वा नलाग्ने भन्ने विषयको मूल आधार राष्ट्रिय कानून नै हो । राष्ट्रिय कानूनले पुँजीगत लाभकर लाग्छ भनेमा कर लाग्ने हो र लाग्दैन भनेमा नलाग्ने हो । यसबारे द्बिविधा रहनुपर्ने कुनै कारण नदेखिने ।
- लाभमा कर लाग्ने भनेको स्वामित्वको निसर्ग हुँदा प्राप्त हुने लाभमा लाग्ने कर रहेछ भन्ने बुझिन्छ । स्वामित्वको प्रत्यक्ष रूपमा हस्तान्तरण भएको अवस्थामा लाभ प्राप्त गर्ने व्यक्तिले कर तिर्नुपर्ने अवस्था हुने ।
- वास्तविक कारोबार नगरी फगत सन्धिको सुविधा लिने (Treaty shopping) कार्यलाई निरूत्साहित गर्ने उद्देश्यबाट समेत आयकर ऐन, २०५८ को दफा ७३ उपदफा (५) ले कर छुट नपाउने व्यवस्था गर्दै सो उपदफाको देहाय खण्ड (ख) मा भएको व्यवस्थाअनुसार कुनै निकायको निहित स्वामित्वको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा अन्य कुनै निकायद्वारा ग्रहण गरिएको र त्यस्तो व्यक्ति वा निकाय सम्झौताको अर्को पक्ष वा नेपालको पनि बासिन्दा नभएको अवस्थामा अन्तर्राष्ट्रिय सम्झौताबमोजिमको सुविधा नपाइने ।

प्रस्तुत फैसलामा पुँजीगत लाभकरको सम्बन्धमा स्पष्ट रूपमा नबोलेता पनि सो फैसला अध्ययन गर्दा पुँजीगत लाभकर सम्बन्धमा केही कुराहरू प्रष्ट पार्न खोजेको पाइन्छ । साथै, सो मुद्दामा फैसला गर्दा स्पष्ट रूपमा निर्देशनात्मक आदेश जारी नभएतापनि यदि कुनै व्यक्तिको जग्गा वा सम्पत्ति बैंकमा धितोमा छ र सो व्यक्तिले कुनै कारणवस बैंकको ऋण तिर्न नसकिरहेको अवस्थामा बैंकले सो सम्पत्ति तेस्रो कुनै व्यक्तिलाई बिक्री गर्छ भने सो अवस्थामा पुँजीगत लाभकर तिर्ने दायित्व पनि शुरूमा जसको नाममा सो जग्गा वा सम्पत्ती थियो वा जसको नाममा ऋण स्वीकृत भएको छ सो व्यक्तिको नै हुन्छ भन्ने कुरा सो

---

८ *नेकाप २०७६ अंक ७ निर्णय नं १०३०१*

फैसलामा प्रष्ट पार्न खोजिएको पाइन्छ ।

यसका साथै कानूनबमोजिम पुँजिगत लाभकर लगाउँदा आयकर ऐन, २०५८ को दफा ६७ बमोजिम सो कर लगाउने निकाय बासिन्दा निकाय हो होइन,सो निकायको सम्पत्तिको श्रोत नेपालमा रहेको छ छैन र ऐनको दफा ५७ को उपदफा (१) मा उल्लेख भएको कानूनी व्यबस्थाअनुसार सम्पत्तिको नियन्त्रणमा परिवर्तन भएको अवस्था छ छैन सो समेतलाई ध्यान दिदै जसको सम्पत्ति निसर्ग भएको हो सो निकायको नै पुँजीगत लाभकर तिर्ने दायित्व हुन्छ भन्ने कुरा तर्फ समेत ध्यान दिई पुँजिगत लाभ कर लगाउन पर्ने कुरा प्रस्तुत फैसला अध्ययन गर्दा स्पष्ट हुन्छ ।

**निवेदक एनसेल प्रा..लि विरूद्ध ठूला करदाता कार्यालयसमेत (०७५-WF-०००५) मुद्दा उत्प्रेषण समेत फैसला मिति २०७६।०५।०९**[१]

- कर निर्धारण गर्दा कर अधिकृतले कानूनी व्यवस्थाको भावना र मर्म अनुकूल हुने गरी निर्धारण गर्नुपर्छ । कर निर्धारण गर्दा न्यायोचित (Justiciable) आधारलाई वास्तविक व्यवहारमै अवलम्बन गर्न सकेको अवस्थामा मात्र कर निर्धारणको कार्यको कानूनी प्रक्रियाले पूर्णता प्राप्त गरेको मानिन जाने ।
- फौजदारी कसुरको झलक दिने प्रकृतिको कार्य व्यवहारमा निर्णय गर्दा प्रमाण कागजातहरू बुझ्ने, पक्षलाई आफ्ना प्रमाणहरू पेस गर्ने पर्याप्त मौका दिने र सोका आधारमा कारण र आधारहरू स्पष्ट रूपमा खुलाई अत्यन्तै सावधानीपूर्वक शुल्क निर्धारण गर्नुपर्ने ।

प्रस्तुत मुद्दामा प्रतिपादित सिद्धान्तलाई अध्ययन गर्दा कर निर्धारण गर्ने कर अधिकृतको कार्यलाई अर्धन्यायिक निकायको न्यायिक कार्य र निर्णयको प्रकृतिमा पर्ने र यस्तो कार्यमा सद्विवेक र न्यायिक मनको प्रयोग गर्नुपर्ने र सो अनुसार निर्णय गर्नुभन्दा अगाडि प्रमाण बुझ्ने, कागजात र विवरण दाखिला गराउने र आफ्ना भनाइ एवं सबूद प्रमाण पेश गर्ने मौका दिने जस्ता सम्पूर्ण न्यायिक प्रक्रिया र कार्यविधिहरू पूरा गर्नुपर्नेतर्फ कर अधिकृतले अनिवार्य रूपमा ध्यान दिनु जरूरी देखिन्छ । कर निर्धारण गर्ने कर अधिकृतबाट आफ्नो अधिकारको प्रयोग र पालना गर्दा सो कानूनमा ब्यवस्था भएका प्रावधान कुन उद्देश्यले कानूनमा सो व्यबस्था गरिएको हो सो कुरालाई समेत ध्यान दिनु पर्ने समेत उत्तिकै जरूरी देखिन्छ ।

यसका साथै आयकर ऐन, २०५८ को दफा १२० मा विस्तृत रूपमा झुट्टा भ्रमपूर्ण विवरण दाखिला गर्न लगाई शुल्क लाग्ने व्यवस्था उल्लेख भएको र ऐ. ऐनको दफा १२४ मा झूट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजायको व्यवस्था गर्ने क्रममा कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुठ्ठा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो

१ *नेकाप २०७६ अंक १ निर्णय १०१६३*

विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालिस हजार रूपैयाँदेखि एक लाख साठी हजार रूपैयाँसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।" भन्ने कानूनी व्यवस्था भएको अवस्था छ । कानूनमा भएका यी प्रावधान हेर्दा फौजदारी कसूर समेत हुन सक्ने प्रकृतिको कानूनका दफा प्रयोग गरी निर्णय गर्दा दफा मात्रै उल्लेख नगरी सो दफा अन्तर्गतको कुन उपदफामा के कुरा उल्लेख छ सो कुरा समेत स्पष्ट रूपमा उल्लेख गरी स्पष्ट रूपमा आधार र कारण समेत खुलाई कर, शुल्क र जरिवाना समेत निर्धारण गर्नुपर्ने तर्फ समेत ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

**निवेदक पियुषबहादुर अमात्य विरूद्ध नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत (रिट नं ०७३-WO-0497) मुद्दा उत्प्रेषण फैसला मिति २०७४।९।१६**

"निवेदकले बक्यौता रकम क्रमशः बुझाउन मञ्जुर गरेको अवस्थामा उद्योग नै रूग्ण अवस्थामा पुगेको भनी नेपाल सरकारले रूग्ण उद्योग घोषणा गरेको देखियो । रिसोर्ट नै रूग्ण अवस्थामा रहेको भनी रूग्ण उद्योग घोषणा भएको देखिंदा रिसोर्टका नाममा रहेको रोयल्टी लगायतको बक्यौता रकम असूली प्रक्रिया केवल कुमारी चोक केन्द्रीय तहसील कार्यालयमा लगत कस्न लेख्दैमा जिम्मेवारी पुरा भएको मानिंदैन । रूग्ण उद्योगलाई व्यवस्थित गर्ने दायित्व नेपाल सरकारको समेत भएकाले त्यस्ता उद्योगलाई पुनः सञ्चालनमा ल्याई रूग्ण उद्योग घोषणा गर्दा दिने भनिएका सुविधा र कानूनले प्रदान गरेका सुविधा समेत प्रदान गरी बक्यौता रकम असूल उपर गर्नु नै न्यायिक एंव उत्तम विकल्प हुने देखिंदा दि फूलवारी रिसोर्टलाई जे जसरी हुन्छ त्यसको उचित व्यवस्थापन गरी रूग्ण उद्योगले पाउनु पर्ने सुविधा प्रदान गरी बक्यौता रकम असूल गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।" भनी उल्लेख भएको पाइन्छ ।

प्रस्तुत फैसलामा कर प्रशासनको दायित्व केवल करदाताबाट कर उठाउनु मात्रै नभई रूग्ण उद्योगलाई व्यवस्थित गरी त्यस्ता रूग्ण उद्योगलाई पुनः सञ्चालनमा ल्याउन सरकारद्वारा समय समयमा घोषणा गर्दा दिने भनिएका सुविधा र नेपालमा प्रचलित अन्य कानूनले प्रदान गरेका सुविधा समेतलाई ध्यान दिई बक्यौता समेत असूल गर्नेतर्फ कर प्रशासनद्वारा कदम चाल्न उपयुक्त हुने कुरामा ध्यान दिनु आवश्यक देखिन्छ ।

**मिठूमाया डल्लाकोटी विरूद्ध ग्राण्ड बैंक लि काठमाडौं समेत (रिट नं ०७१-WO-०२०७) मुद्दा उत्प्रेषण मुद्दामा फैसला मिति २०७५।५।१९**

- पुँजीगत लाभकर कसबाट लिने भन्ने कानूनी व्यवस्था हेर्दा बैंकले सुरेन्द्रबहादुर थापाबाट असूल उपर गर्नुपर्ने ऋण रकम ८ करोड ४५ लाख ३८ हजार ९ सय ५८ रूपैयाँ ११ पैसा मध्य २ करोड ६० लाख कटाई बाँकी ५ करोड ४४ लाख ३२ हजार ९ सय ९८ रूपैयाँ ९३ पैसा लिनुपर्ने रकममा पुँजीगत लाभकर समेत समावेश गरी ऋण असूल उपर गर्न सक्ने नै देखिन्छ । जग्गा तथा

घरजग्गा निःसर्गमा पुँजीगत लाभसम्बन्धी निर्देशिका,२०७२ को दफा ४.१२ मा "धितो लिएको सम्पत्ति कब्जामा लिने र त्यसको बिक्री गर्ने व्यक्तिको सो सम्पत्ति आफ्नो स्वामित्वमा रहेको हैसियतले नभई एक एजेण्टको हैसियतले बिक्री गर्ने हो र बिक्री र हस्तान्तरणसँग सम्बन्धित सबै खर्च ऋणीको दायित्वमा रहन्छ' भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त व्यवस्थाबमोजिम लाभकर बापतको रकम बैंकले ऋणी सुरेन्द्रबहादुर थापा क्षेत्रीबाट असूल हुन बाँकी लेनाबाट लिन सक्ने नै देखिन्छ ।"

**निष्कर्ष**

यसरी माथि उल्लेख गरिएका केही प्रतिनिधिमूलक मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट फैसला गर्दा उल्लेख गरिएका आधार, कारण र दिइएका निर्देशनात्मक आदेशहरूको अध्ययन गर्दा कर प्रशासन सञ्चालन गर्ने कानूनको कार्यान्वयन गर्दा ती कानूनमा व्यवस्था गरिएका प्रावधान सावधानीपूर्वक अनिवार्य रूपमा पालना गरिनु पर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा निर्देशिका र कार्यविधि बनाउँदा, नेपालको संविधान र प्रचलित अन्य कानूनले करदातालाई प्रदान गरेका संवैधानिक हक अधिकार समेतलाई ध्यान दिनुपर्ने देखिन्छ । कर निर्धारणसम्वन्धी निर्णय गर्दा स्पष्ट आधार प्रमाण र कानूनी आधारमा कुन ऐनको कुन दफा, उपदफा अन्तर्गतको परिधि भित्र रहेर निर्णय गरिएको र सो दफा, उपदफामा के उल्लेख छ सो कुरा स्पष्ट उल्लेख गरिनुपर्ने तर्फ समेत सचेत हुन पर्ने देखिन्छ । यसका साथै निर्णय गर्दा तह तह टिप्पणी उठाई निर्णय गरेजस्तो नगरी आधार, प्रमाण र कानूनी आधारमा न्यायिक मन प्रयोग गरी सद्विवेकपूर्ण निर्णय गर्नुपर्ने र फैसला गर्दा सम्मानित सर्वोच्च अदालतबाट अघिल्ला त्यस्तै किसिमका मुद्दामा प्रतिपादन भएका सिद्धान्तहरूको समेत अनुशरण गरी निर्णय गर्नु पर्ने तर्फ कर प्रशासकहरूले ध्यान दिएर निर्णय गर्नुपर्ने मार्ग निर्देश भएको छ । यसो भएमा आगामी दिनमा करसम्बन्धी मुद्दा अदालतबाट फैसला हुँदा कर कार्यालयहरूबाट भएका निर्णय बदर हुने दरमा कमी आउनुको साथै करदाताले नियमित कानूनी उपचारको बाटोबाट अदालतसम्म जाने र अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत रीटको माध्यमबाट उपचार माग्न जाने दरमा कमी आई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतबाट समेत अर्थ मन्त्रालय , आन्तरिक राजस्व विभाग समेतका नाममा निर्देशनात्मक आदेश दिनु पर्ने अवस्थामा समेत कमी आउने देखिन्छ ।

# राजस्व परिचालनमा कोभिड-१९ को प्रभाव र चुनौती

✍ रमेश अर्याल*

## १. पृष्ठभूमि

सरकारले जनतालाई विभिन्न किसिमका सामाजिक, आर्थिक, पूर्वाधार विकास तथा अन्य सेवाहरू उपलब्ध गराए वापत् जनतासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लिने रकम, शुल्क राजस्व हो । यो सरकारको आम्दानीको दिगो, भरपर्दो र प्रमुख श्रोत हो । दैनिक प्रशासन सञ्चालन गर्न, जनतालाई सामाजिक सुरक्षा प्रदान गर्न, कल्याणकारी कार्य गर्न, विकास निर्माणका काम गर्न, रोजगारी बढाउन, समावेशी विकास गर्न, क्षेत्रीय सन्तुलन कायम गर्न सरकारले राजस्व संकलन गर्दछ । त्यस्तै, सीमित व्यक्तिका अधिनमा बढी सम्पत्ति हुनबाट रोक्न, सार्वजनिक हितको लागि सम्पत्तिको पुनर्वितरण गर्न, विदेशी सहायताले देशमा परनिर्भरता बढाउने भएकोले देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन राजस्वको आवश्यकता पर्दछ ।

सन् २०१९ को डिसेम्बर ३१ मा पहिलो पटक कोभिड -१९ (नोवल कोरोना भाईरस) को प्रकोप देखिए पश्चात विश्व अर्थतन्त्र संकुचनमा गएको छ । नेपालमा समेत यसले अर्थतन्त्रमा गम्भीर प्रभाव पारेको छ । सरकारको आम्दानीको प्रमुख स्रोतको रूपमा रहेको राजस्व परिचालनमा कोभिड -१९ ले असर गरेकोले आर्थिक वर्ष २०७६/७७ मा बजेटले तोकेको लक्ष्यअनुसारको राजस्व संकलन हुन सकेन । यद्यपि करदाताको सहयोग र कर प्रशासनको सक्रियताले आर्थिक वर्ष २०७६/७७ को संशोधित राजस्व लक्ष्य प्राप्त भएको छ । आगामी दिनमा पनि राजस्व परिचालनमा कोभिड -१९ को असर देखापर्ने र कोरोना कहरका बीच राजस्व संकलन गर्न चुनौतीपूर्ण देखिएको छ ।

## २. राजस्व अधिकार र राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ६० मा राजस्व स्रोतको बाँडफाँडसम्वन्धी व्यवस्था छ जसअनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने प्रावधान छ । संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेका विषयहरू सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क रहेका छन् ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद २ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई राजस्वको अधिकारको व्यवस्था गरिएको छ जसअनुसार नेपाल सरकारले संघीय कानून, प्रदेशले प्रदेश कानून र स्थानीय तहले स्थानीय कानूनबमोजिम देहायअनुसार कर तथा गैर कर उठाउन पाउँछन् । साथै, प्रचलित कानूनबमोजिम लागेको आफ्नो अधिकार भित्रको दण्ड जरिबाना उठाउन सक्छन् ।

---

* *उपसचिव, अर्थ मन्त्रालय*

**तालिका १ : संघ, प्रदेश र स्थानीय तहको राजस्व अधिकार**

| | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| कर | भन्सार,<br>अन्तःशुल्क,<br>मूल्य अभिवृद्धि कर,<br>संस्थागत आयकर,<br>व्यक्तिगत आयकर,<br>पारिश्रमिक कर | घर जग्गा रजिष्ट्रेशन शुल्क,<br>सवारी साधन कर,<br>मनोरञ्जन कर,<br>विज्ञापन कर,<br>कृषि आयमा कर, | सम्पति कर,<br>घर वहाल कर,<br>घर जग्गा रजिष्ट्रेशन शुल्क,<br>सवारी साधन कर,<br>विज्ञापन कर,<br>व्यवसाय कर,<br>भूमिकर (मालपोत),<br>मनोरञ्जन कर, |
| गैरकर | राहदानी शुल्क,<br>भिसा शुल्क,<br>पर्यटन दस्तुर,<br>सेवा शुल्क<br>जुवा चिठ्ठा, क्यासिनो<br>दण्ड जरिवाना | सेवा शुल्क<br>पर्यटन दस्तुर,<br>दण्ड जरिवाना | सेवा शुल्क दस्तुर,<br>पर्यटन शुल्क,<br>दण्ड जरिवाना, |

*स्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी, प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनुपर्दछ । नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दर निर्धारण गर्नुपर्दछ । नेपाल सरकार, प्रदेश वा स्थानीय तह मध्ये कुनै दुई तहले उठाउने कर तथा गैरकर देहायबमोजिम एकल कर प्रशासनसम्बन्धी व्यवस्थाबमोजिम उठाउने व्यवस्था छ :

- प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउने,
- स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने,
- स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने,
- स्थानीय तहले मनोरञ्जन कर उठाउँदा प्रदेशले लगाएको मनोरञ्जन कर समेत उठाउने ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तह बीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाडँफाँट गर्न नेपाल सरकारले एक

संघीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्दछ । सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकम मध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्ने उल्लेख छ ।

नेपाल सरकारले संघीय कानूनबमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्छ । सोको बाँडफाँट निम्नानुसार हुने उल्लेख छ :

**तालिका २ : रोयल्टीको बाँडफाँट**

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तह बीच र प्रदेश तथा स्थानीय तह बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिश गर्नुपर्ने उल्लेख छ । ती आधारहरू जनसंख्या र जनसाख्यिंक विवरण, क्षेत्रफल, मानव विकास सूचकाकं, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्था हुन् ।

## ३. राजस्व संकलनको विद्यमान अवस्था

नेपालमा राजस्व संकलनको विद्यमान अवस्था विश्लेषण गर्दा संकलन अवस्था, राजस्वको संरचना लगायतलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

### ३.१ राजस्व संकलन स्थिति

नेपालमा कर राजस्व र गैरकर राजस्वबाट हुने राजस्व संकलनको अवस्था देहायबमोजिम रहेको छ :

**तालिका ३ : आ.ब. २०७६/७७ को वार्षिक राजस्व संकलनको विवरण** (रू. करोडमा)

| * | उपसचिव, अर्थ मन्त्रालय | आ.ब. २०७६/७७ को वार्षिक लक्ष्य | आ.ब. २०७६/७७ को संशोधित वार्षिक लक्ष्य | आ.ब. २०७५/७६ को संकलन | आ.ब. २०७६/७७ को संकलन | गत वर्षको तुलनामा संकलन वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | मूल्य अभिवृद्धि कर | ३१५०१ | २३४३१ | २४१६१ | २२४०७ | (७.२६) |
| | उत्पादन, बिक्री, सेवा | ११८३८ | ८८०५ | ८९५५ | ९८२६ | ९.७३ |
| | पैठारी | १९६६३ | १४६२६ | १५२०६ | १२५८१ | (१७.२६) |
| २ | आयकर | २८०३५ | २०८५४ | १९४२८ | २१९६९ | १३.०८ |
| ३ | भन्सार महसुल | २१३२० | १५८५८ | १५५३७ | १३७९९ | (११.१९) |
| ४ | अन्तःशुल्क | १६९९८ | १२६४४ | १२१८६ | १००६२ | (१७.४३) |
| | आन्तरिक उत्पादन | १०६३० | ७९७३ | ७३७६ | ६४९७ | (११.९२) |
| | पैठारी | ६३६८ | ४६७१ | ४८१० | ३५६५ | (२५.८८) |
| ५ | शिक्षा सेवा शुल्क | ११५ | ७१ | १०८ | ५८ | (४६.३०) |
| ६ | अन्य कर | २०४७ | २१९१ | १४८३ | १७१० | १५.३१ |
| कर राजस्व जम्मा | | १००९१६ | ७५०४९ | ७२९०३ | ७०००५ | (३.९८) |
| गैर कर राजस्व जम्मा | | १०२८७ | ७६५२ | १००५९ | ९३७३ | (६.८२) |
| कुल राजस्व जम्मा | | १११२०३ | ८२७०१ | ८२९६२ | ७९३७८ | (४.३२) |
| अन्य प्राप्ति | | - | - | १००४ | ४७५८ | - |
| जम्मा राजस्व प्राप्ति | | १११२०३ | ८२७०१ | ८३९६६ | ८४१३६ | ०.२० |

*स्रोत : अर्थ मन्त्रालय*

आ. व. २०७६-७७ मा नेपाल सरकारले रू.११ खर्व १२ अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा कोभिड-१९ कारण राजस्व संकलन प्रभावित हुने भएकोले २०७७ जेठ १५ गते संघीय संसदमा पेश भएको आ.व.२०७७/७८ को बजेट वक्तव्यमा आ. व. २०७६-७७ मा संशोधित राजस्व संकलन लक्ष्य

रू. ८ खर्ब २७ अर्ब अनुमान थियो । कोभिड-१९ कारण राजस्व संकलनमा असर परेको भएतापनि करदाताहरूको सहयोग र कर प्रशासनको सक्रियताले समग्रमा राजस्व प्राप्ति संशोधित लक्ष्य भन्दा बढी भएको छ । आर्थिक वर्ष २०७५/७६ मा ८ खर्ब ३९ राजस्व संकलन भएकोमा आर्थिक वर्ष २०७६/७७ मा रू. ८ खर्ब ४१ अर्ब राजस्व प्राप्ति भएको छ । भन्सार विन्दुमा संकलन हुने राजस्व लक्ष्यअनुसार उठ्न नसके तापनि गत वर्षको भन्दा आयकरमा १३ प्रतिशत तथा आन्तरिक उत्पादन, बिक्री र सेवामा मूल्य अभिवृद्धि कर १० प्रतिशतले वृद्धि भएको छ । यदि कोभिड-१९ को असर नभएको भए बजेटले तोके अनुसारको राजस्व संकलन हुने अपेक्षा गर्न सकिन्छ ।

### ३.२कर राजस्वको संरचना

राजस्वको प्रमुख स्रोतको रूपमा रहेको कर राजस्वको संरचनामा मूल्य अभिबृद्धि कर, आयकर, भन्सार, अन्तःशुल्कलगायतका करको हिस्सा आ.व. २०७६/७७ मा निम्नानुसार रहेको छ :

**तालिका ४ : आ.व. २०७६/७७ मा कर राजस्वको संरचना**

| शीर्षक | असुली रू. करोडमा | कर राजस्वमा अनुपात (प्रतिशत) | कुल राजस्वमा अनुपात (प्रतिशत) |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर | २२४०७ | ३२.० | २८.२ |
| आयकर | २१९६९ | ३१.४ | २७.७ |
| भन्सार महसुल | १३७९९ | १९.७ | १७.४ |
| अन्तःशुल्क | १००६२ | १४.४ | १२.७ |
| शिक्षा सेवा शुल्क | ५८ | ०.१ | ०.१ |
| अन्य कर | १७१० | २.४ | २.१ |
| जम्मा कर राजस्व | ७०००५ | १००.० | ८८.२ |

*स्रोत : अर्थ मन्त्रालय*

कर राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा बढी छ । यसपछि आयकरको छ । विगतमा राजस्वको ठूलो हिस्साको रूपमा भन्सार रहेकोमा विश्व व्यापार संगठनको सदस्यता पश्चात भन्सारको योगदान घट्दै गएर हाल तेस्रो स्थानमा रहेको छ । अन्तःशुल्क चौथो स्थानमा रहेको छ । समग्रमा कुल राजस्वमा कर राजस्वको अंश ८८ प्रतिशत र गैरकर राजस्वको अंश १२ प्रतिशत रहेको छ ।

## ४. राजस्व परिचालनमा कोभिड-१९ को प्रभाव

कोभिड-१९ का कारण विश्व अर्थतन्त्र संकुचनमा गएको छ । समग्र उत्पादन, उत्पादकत्व एवम् आपूर्ति

प्रणालीमा प्रतिकूल प्रभाव परेको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले जुन २०२० मा प्रकाशित गरेको World Economic Outlook अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र ४.९ प्रतिशतले संकुचन हुने प्रक्षेपण छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०१९ मा १.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ८ प्रतिशतले संकुचन हुने प्रक्षेपण छ । सन् २०२० मा उदीयमान तथा विकासशील अर्थतन्त्र ३ प्रतिशतले तथा एशियाली अर्थतन्त्र १.६ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । यसमध्ये भारतको अर्थतन्त्र ४.५ प्रतिशतले संकुचन हुने र चीनको अर्थतन्त्र १ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । नेपालको आर्थिक वृद्धि भने १ प्रतिशतमा सीमित हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

कोभिड-१९ को महामारीको कारण सिर्जित असहज परिस्थितिले नेपालको अर्थतन्त्रमा पनि गम्भिर असर परेको छ । आर्थिक सर्वेक्षणअनुसार आर्थिक वर्ष २०७५/७६ मा ७ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशतमा सीमित रहेको प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः २.५ प्रतिशत, ३.४ प्रतिशत र २.० प्रतिशत रहने अनुमान छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र तृतीय क्षेत्रको योगदान क्रमशः २८.२ प्रतिशत, १३.७ प्रतिशत र ५८.१ प्रतिशत रहने अनुमान छ ।

कोरोना महामारीले पर्यटन यातायात, भण्डारण तथा सञ्चार, उत्पादनमूलक उद्योग, खानी तथा उत्खनन र निर्माण क्षेत्रको वृद्धिदर समेत ऋणात्मक हुने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कोरोना महामारीबाट प्रतिकूल प्रभाव नपरेका मत्स्यपालन, विद्युत, ग्यास तथा पानी, स्वास्थ्य तथा सामाजिक कार्य र सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको वृद्धिदर गत आर्थिक वर्ष भन्दा उच्च रहने र बाँकी क्षेत्रहरूको वृद्धिदर गत वर्ष भन्दा न्यून रहने अनुमान छ ।

आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ का कारण गत वर्षको भन्दा पैठारी १६ प्रतिशत र निकासी १ प्रतिशतले कमी आएकोले भन्सार विन्दुमा संकलन हुने राजस्वमा ठूलो गिरावट आयो । त्यस्तै, कोरोना रोगको संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, स्वास्थ्य सामाग्री र उपकरण, मास्क, सेनिटाइजर लगायतमा भन्सार महसुल र अन्य कर छुट दिएका कारण भन्सार बिन्दुमा संकलन हुने राजस्वमा कमी आयो ।

कोरोना रोगको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्टिय सीमा नाका बन्द गर्ने तथा देश भित्र लकडाउन भएका कारण आयात, निर्यात, उत्पादन, बिक्री वितरण घट्न गयो । लकडाउन विस्तारै खुकुलो हुँदै गए पनि सबै श्रमिक तथा कर्मचारीहरू काममा उपस्थित नहुँदा उद्योग व्यवसाय पूर्ण रूपमा सञ्चालन हुन सकेन । उद्योग व्यवसाय सञ्चालन हुन नसक्दा व्यवसायिक कारोवारबाट संकलन हुने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क जस्ता अप्रत्यक्ष कर र आय तथा मुनाफामा आधारित आयकर समेत प्रभावित बन्न पुग्यो । लकडाउनका कारण करदाताले नियमित रूपमा बुझाउनुपर्ने कर विवरण, आयविवरण र

विवरणअनुसारको कर समयमै नबुझाएका कारण राजस्व संकलन प्रभावित भयो ।

अत्यावश्यक बाहेकका सार्वजनिक सेवा प्रवाह नियमित नहुँदा गैरकर असुलीमा समेत नकारात्मक असर परेको छ । कोभिड-१९ का कारण विप्रेषण आयमा केही कमी आएको छ । विप्रेषण उपभोग वृद्धि गराउने महत्त्वपूर्ण आधार भएकोमा विप्रेषण आय घट्दै जाँदा वस्तु तथा सेवाको मागमा कमी आई व्यवसायिक गतिविधि खुम्चिन गई राजस्वमा असर परेको छ ।

### ५. राजस्व परिचालनका चुनौती

नेपालमा राजस्व परिचालनका प्रमुख चुनौती निम्नानुसार छन् :

- कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायलाई राहत दिई शिथिल भएको आर्थिक क्रियाकलापलाई चलायमान बनाई पुनरूत्थान गरेर राजस्व परिचालन गर्नु चुनौतीपूर्ण छ ।
- कोभिड-१९ को संक्रमणको समयमा समेत राजस्व प्रशासन र गैरकर उठाउने विभिन्न कार्यालयका कर्मचारीले ज्यान जोखिममा राखेर राजस्व संकलन गरेका छन् । संक्रमणबाट सुरक्षित रहेर राजस्व संकलन गर्नु चुनौतीपूर्ण छ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा साझा अधिकार सूचीमा रहेका कर तथा गैरकर एकल प्रशासनबाट उठाउने भनिएको छ । यसको लागि ती निकाय बीच उचित समन्वय गरी राजस्व परिचालन गर्नु चुनौती छ ।
- उद्योगी र व्यापारी मात्र करदाता हुन भन्ने विद्यमान आम बुझाइलाई परिवर्तन गरी आय आर्जन गर्ने सबै नागरिक करदाता हुन भन्ने धारणालाई आम नागरिक र करदातामा सचेतना जागृत गराउन विभिन्न करदाता शिक्षा, सूचना तथा सञ्चारको कार्यक्रम गर्नु चुनौतीपूर्ण छ ।
- विश्व बैंकको एक अध्ययनअनुसार नेपालको अनौपचारिक अर्थतन्त्र करिव ४० प्रतिशत भएको पाइएकोले अनौपचारिक अर्थतन्त्रको मात्रालाई घटाउदै लगेर करको दायरामा ल्याउनु चुनौतीपूर्ण छ ।
- विना दर्ता कारोवार गर्ने, दर्ता भएर पनि बिलबीजक जारी नगर्ने, बिलबीजक जारी गरे पनि कारोवार मूल्यमा जारी नगर्ने, नक्कली बिलजिक जारी गर्ने, समयमा विवरण नबुझाउने, शुन्य विवरण बुझाउने, क्रेडिट विवरण बुझाउने, विवरण पेश गर्ने तर कर नतिर्ने, कर बक्यौता राख्ने लगायतका कर कानूनको अवज्ञा गर्नेहरूलाई स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी करपरिपालना बढाउनु चुनौती छ ।
- करको दर घटाउने र दायरा बढाउने कार्यमा जोड दिनु, राजस्वका दृष्टिकोणले जोखिमपूर्ण मानिएका करदाताको पहिचान र विश्लेषण गरी करपरीक्षण, अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिनु, राजस्व चुहावटलाई कुशलतापूर्वक नियन्त्रण गर्नु चुनौतीपूर्ण छ ।
- न्यून बीजकीकरणको समस्यालाई निराकरण गरी भन्सार मूल्याङ्कनालारइ यथार्थपरक बनाउनु र सीमा

नाकामा हुने चोरी पैठारी तथा चोरी निकासी नियन्त्रण गर्नु चुनौती छ ।

- राजस्वसम्बन्धी ऐन नियम र निर्देशिकालाई सरलीकृत बनाउनु, कार्यालयको कार्यसरंचना र कार्यप्रणालीलाई कार्यमैत्री र करदातामैत्री बनाउन थप सुधार र लगानी गर्नु, कर्मचारीहरूले सदाचारितामा जोड दिँदै करदातामैत्री भई सेवा प्रवाह गर्नु चुनौती छ ।
- दक्ष, व्यवसायिक र स्वच्छ कर प्रशासनको विकास, सूचना प्रविधिको प्रयोग, कर कानूनको परिपालना मार्फत कर सहभागिता वृद्धि गर्नु राजस्व चुहावट नियन्त्रण गर्नु चुनौती छ ।

## ६. निष्कर्ष

राज्य सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक खर्च र देशको विकासको लागि आवश्यक पर्ने विकास खर्च जुटाउन, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र वैदेशिक सहायता माथिको निर्भरता कम गर्न राजस्व परिचालनको आवश्यकता पर्दछ । अहिले कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि थप स्रोतको आवश्यकता परेको अवस्थामा तीनै तहका सरकारले कोरोना संक्रमणबाट सुरक्षित रहदै राजस्व संकलन गरी राजस्वलाई सार्वजनिक वित्तको दिगो र भरपर्दो स्रोतको रूपमा स्थापित गराउँदै जानु आजको आवश्यकता हो ।

## सन्दर्भ सामाग्री

नेपालको संविधान, २०७२, कानून किताव व्यवस्था समिति, काठमाडौं ।
अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
आर्थिक सर्वेक्षण २०७५/७६, अर्थ मन्त्रालय, काठमाडौं ।
आर्थिक ऐन, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को प्रतिवेदन ।
राजस्व परामर्श समितिको प्रतिवेदन, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, जुन २०२० ।
रमेश अर्याल, राजस्व परिचालनको विद्यमान अवस्था र चुनौती, भन्सार स्मारिका, २०७४, भन्सार विभाग ।

# डिजिटल अर्थतन्त्र र कर

✍ ऋषिराम पोखरेल*

## पृष्ठभूमि

वर्तमान युग सूचना प्रविधिको युग हो । विश्वमा दैनिक गतिविधि, व्यक्तिगत कृयाकलाप एवं शासकीय व्यवस्थापनका हरेक क्षेत्रमा सूचना प्रविधिको अत्यधिक प्रयोग बढिरहेको छ । नेपाल पनि यसवाट अछुत रहन सक्दैन । समृद्ध नेपाल सुखी नेपालीको गन्तब्यमा पुग्न सूचना प्रविधिको उच्चतम उपयोग अपरिहार्य छ । विश्व अर्थतन्त्रमा विद्युतीय माध्यमबाट हुने कारोवारको आकारमा दिनानुदिन वृद्धि भइरहेको छ । नेपाली अर्थतन्त्र पनि क्रमशःविद्युतीय कारोवारमा आधारित हुँदै गइरहेको छ । उच्च बजार माग ,प्रविधिको विकास (मोवाईल ईन्टरनेट, डिजिटल प्लेटफर्म आदि), उपभोक्ताको ब्यवहारमा आएको परिवर्तन, युवापुस्तामा डिजिटल विश्वासमा भएको वृद्धि, सामाजिक सद्भाव र वातावरण प्रतिको सजकताका कारण डिजिटल कारोवारमा वृद्धि भइरहेको छ ।

प्रस्तुत लेखमा डिजिटल अर्थतन्त्रको सामान्य परिचय, स्वरूपहरू, डिजिटल कारोवारमा कर तथा यससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा विद्युतीय कारोवारको बर्तमान अवस्था, डिजिटल कारोवार र करको दायरा, समस्या एवं चुनौती र सुधारका क्षेत्रहका विषयमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ।

डिजिटल अर्थतन्त्र यही हो भनी स्पष्ट सीमारेखा कोर्न कठिन छ । सामान्यतया सूचना सञ्चार प्रविधिको प्रयोग गरी सबै क्षेत्रका ब्यवसायमा गरिएको नवीनतम् रूपान्तरणलाई नै डिजिटल अर्थतन्त्रका रूपमा लिन सकिन्छ । OECD का अनुसार The Digital Economy is Transformative process brought by information and communication technolgy that permeates all sectors. धनी परिभाषित गरिएको पाइन्छ । नयाँ व्यवसायका स्वरूपहरू जस्तै - electronic commerce, payment service, Apps store, online advertising,cloud computing (eg.infrastructure, plateforms, software, content and data as a service) and participative networked plate forms आदिलाई यसका अवयवहरूका रूपमा लिन सकिन्छ । डिजिटलाईजेशनले विद्युतीय माध्यमबाट वस्तु तथा सेवाको कारोवार गर्ने तथा विद्युतीय वस्तु तथा सेवा उत्पादन गर्ने जस्तै सफ्टवेयर वेभ डिजाईन, एनिमेशन आदिको निर्माण समेतलाई जनाउँदछ । विद्युतीय कारोवारमा प्रयोगकर्ता, नेटबर्क सञ्चालक, प्लेटफर्म, वाणिज्य मध्यस्थकर्ता, आपूर्तिकर्ता वा कन्टेन्ट प्रोभाईडर र वित्तीय संस्थाहरू आवद्ध रहेका हुन्छन् ।

## डिजिटल बजारका स्वरूपहरू

**क. Sharing Economy/gig / Peer to Peer Economy**

माग आपूर्ति पक्षको पहुँच अभिवृद्धि गर्ने एक नयाँ आर्थिक मोडल हो । यहाँ मौद्रिक र गैर मौद्रिक

---

* *प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय पोखरा*

लाभका लागि मानवीय भौतिक स्रोत र सम्पत्ति आदान प्रदान गरिन्छ । डिजिटल प्लेटफर्मले वस्तु तथा सेवा र क्रेता र विक्रेतालाई मिलाउने काम गर्दछ । विक्रेताले डिजिटल प्लेटफर्म मार्फत उपभोक्तालाई वस्तु तथा सेवा उपलब्ध गराउने गर्दछन् । यसमा प्रविधियुक्त ईन्टरनेटर स्मार्टफोन मार्फत पहुँच र कार्य हुन्छ । यो नगद विहिन र रेटिङवेशमा आधारित हुन्छ । जस्तै - आवाशको क्षेत्रमा बुकिङ डटकम, Airbnb श्रमिकको क्षेत्रमा Task rabbit, यातायातमा उवर, फूलमा फुडमाण्डु अन्यमा amazon, alibaba आदि । डिजिटल प्लेटफर्मलाई ईकमर्शको चालकका रूपमा लिने गरिन्छ ।

**ख. Multisided Plateform:** google, Booking.com, Trivago आदि यसका उदाहरण हुन् । उपभोक्ताले google मा निःशुल्क रूपमा search गर्दछन् । Content को rank का आधारमा विज्ञापनदाताले विज्ञापन गर्दछन्, यसमा गुगलले सेवा शुल्क लिन्छ । त्यसमा कर लगाउने विषय अहिलेको चुनौती हो । उपभोक्ताका आधारमा उसले स्थायी संस्थापन स्थापना गर्ने गर्दछ । उदाहरणका लागि भारतमा गुगलको स्थायी संस्थापन छ तर नेपालमा युजर न्यून रहेकाले स्थायी संस्थापन छैन । त्यसैले यहाँ भएको सम्पूर्ण कारोवारलाई करको दायरामा ल्याउन सकिएको छैन ।

**ग. Reseller**ः जस्तै amazon, alibaba, Daraj आदिले सप्लार्यस मार्फत वस्तु प्राप्त गर्दछन् र उपभोक्तालाई उपलब्ध गराउदै आएका छन् ।

**घ.** Vertically integrated firm: Netflix ले streaming plate form मार्फत फिल्म उत्पादन गरी उपभोक्तालाई उपलब्ध गराउदै आएको छ ।

**ङ. Input suppliers:** जस्तै Intel ले Micro processors, manufactures लाई विक्री गर्दछ । उत्पादकले उपभोक्तालाई विक्री गर्दछ ।

**सेवा प्रदायकहरुः**

क. collaborative consumption: Airbnb, uber etc

ख. social network: facebook, twitter etc

ग. search engine: google, bing, yahoo etc

घ. email : gmail, yahoo, hotmail etc

ङ. online content: youtube, tripadvisor etc

च. e- payment: alipay, e-sewa, imepay, prabhupay, cellpay etc

छ. Cloud computing: microsoft, IBM, intel, huawei etc

**डिजिटल कारोवारमा करः**

अन्तर्राष्ट्रिय ब्यापारमा तटस्थता कायम गर्न गन्तब्यको सिद्धान्त (Destination Principle) का आधारमा डिजिटल कारोवारमा कर लाग्ने गर्दछ । यस सिद्धान्तअनुसार उपभोक्ता वा युजर रहेको स्थान अर्थात वस्तु तथा सेवाको उपयोग भएको स्थानमा कर लाग्दछ । जस्तै कुनै विदेशमा उत्पादन भएको डिजिटल

प्रोडक्ट्स Business to Business अन्तर्गत नेपालमा डाउनलोड गरिएमा त्यो कारोवारमा नेपालमा नै कर लाग्दछ । यो सामान्यतया रिभर्स भ्याटका माध्यमबाट असुल गरिन्छ । Business to Customers का सम्बन्धमा भने गैर वासिन्दा आपूर्तिकर्ता स्थायी संस्थापनका रूपमा दर्ताभई त्यहाँको कारोवारमा त्यही नै कर बुझाउनु पर्दछ । बोर्डरबाट हुने न्यून मूल्यका वस्तुको अनलाईन विक्रीमा vendor/Intermediary मार्फत उनीहरूलाई दर्ता गरी वस्तु आयात भएको मुलुकमा कर संकलन गर्नु पर्दछ ।

### डिजिटल कारोवारमा करसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

डिजिटल कारोवारलाई करको दायरामा ल्याउने विषय अन्तर्राष्ट्रियस्तरमा पनि चुनौतीपूर्ण देखिन्छ । OECD मुलुकहरूले पनि यसलाई करको दायरा ल्याउने सम्बन्धमा BEPS का १५ सुझावहरू मध्ये पहिलो सुझावका रूपमा डिजिटल अर्थतन्त्रलाई लिएको देखिन्छ । ग्लोवल फोरमको सदस्य भएका अन्य मुलुकहरूले पनि यही सुझावलाई कार्यान्वयन गर्ने गर्दछन् । IMF का अनुसार हाल अलिवावाको ४४ करोड, अमेजनको ३० करोड, एयर विएनविको १० करोड र उवरका ४ करोड प्रयोगकर्ता रहेको अनुमान छ । OECD का अनुसार ६० देखि ७० प्रतिशत अन्तरदेशीय वस्तुको कारोवार डिजिटल प्लेटफर्म मार्फत हुने गरेको छ । यसको पनि ५० देखि ६० प्रतिशत हिस्सा अमेजन, अलिवावा र ईवे (ebay) को रहेको छ । emarketer को मे २०१९ को रिपोर्टअनुसार सन् २०१९ मा विश्वव्यापी रूपमा खुद्रास्तरको विद्युतीय कारोवार २०.७ प्रतिशतले वृद्धि भएको छ ।

डिजिटल कारोवारमा कर लगाउने सम्बन्धमा विभिन्न मुलुकमा एकरूपता देखिदैन । केही महत्त्वपुर्ण अभ्यासहरू निम्न छन्-

- ईटली, फ्रान्स र स्पेन आदिमा Digital service Tax लगाउने गरिएको छ । यसमा निश्चित थ्रेसहोल्ड कायम गरी सो भन्दा बढी भएको आयमा निश्चित प्रतिशतका दरले कर लाग्दछ । बेलायतमा ५० मिलियन युरो भन्दा बढीको कारोवारमा ३ प्रतिशतका दरले कर लाग्दछ । थाईल्याण्डमा अनलाईन विज्ञापनमा अग्रिम कर कट्टीका रूपमा कर लाग्दछ । युरोपियन युनियनले सन् २०१५ देखि टेलिकम्युनिकेशन सप्लायर्स, सूचना संम्प्रेषण र ईलेक्ट्रोनिक सेवा उपलब्ध गराउने गैर वासिन्दालाई समेत मूल्य अभिवृद्धि कर अर्थात GST लगाउने ब्यवस्था गरेको छ ।
- EU लगायतका ६० भन्दा बढी देशमा उपभोक्ताको स्थानका आधारमा Place of Taxation नियम लागू गरिएको छ ।
- अमेरिकामा Base erosion and Anti - abuse tax लाग्ने गर्दछ ।
- भारतमा Equlisation levy लाग्ने गर्दछ । यो अन्तशुल्क जस्तै गैर आयकर हो । यो गैर वासिन्दा ब्यक्ति जसको भारतमा स्थायी संस्थापन छैन, त्यसलाई ६ प्रतिशतका दरले कर लाग्ने गरेकोमा हाल २ प्रतिशतका दरले लाग्दछ । यो जसले भुक्तानी गर्दछ उसले काट्नु पर्दछ । अप्रिल १,२०२० देखि विद्युतीय कारोवारमा भुक्तानी गर्दा दर्ता भएकाहरूलाई १ प्रतिशत र नभएकाहरूलाई ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था गरिएको छ । यसको थ्रेसहोल्ड भारतीय रूपैंया ५

लाख रहेको छ ।

- बेलायतमा Diverted profit Tax प्रस्ताव गरिएको छ । यसका लागि डिजिटल सर्भिसका रूपमा सोसलमिडिया प्लेटफर्म, ईन्टरनेट सर्च ईन्जिन र अनलाईन मार्केट प्लेसलाई समेटिएको छ । यसका लागि २ वटा थ्रेसहोल्ड कायम गरिएको छ । पहिलो कुल डिजिटल सर्भिस आय रू ५०० मिलियन युरो र वेलायत भित्रको कारोवार २५ मिलियन युरो हुनु पर्दछ । २५ मिलियन युरो भन्दा बढी भएमा बढी भएको रकममा २ प्रतिशतका दरले कर लाग्ने ब्यवस्था रहेको छ ।
- नेपालमा पनि वसोवास तथा भुक्तानीको स्रोतका आधारमा कर लाग्ने ब्यवस्था रहेको छ । फेसबुक, Twitter आदिलाई विदेशमा रकम भुक्तानी गर्दा विदेशी विनिमय नियमन गर्ने ऐन तथा नेपाल राष्ट्र बैकको निर्देशानुसार १३ प्रतिशत रिभर्स भ्याट र १५ प्रतिशत अग्रिम कर कट्टी गरेर भुक्तानी गर्ने गरिएको । युटुव र नेपाल टेलिकम वीच शुल्कका वीचमा सझौता भएको छ ।

**नेपालमा डिजिटल कारोवार र करसम्बन्धी ब्यवस्था**

नेपाल क्लियरिङ हाउस लि.का अनुसार २०७६ पौष महिनामा I\Ps\ मार्फत भुक्तानी भएको रकम रू १२.०५ अर्व रहेबाट यसको आकार बढदै गएको देखिन्छ । ई'सेवा, आईएमई पे,प्रभु पे, सेल पे आदि डिजिटल वालेटहरू मार्फत विद्युत महसुल, टेलिफोन शुल्क, पानीको विल, सिम रिचार्ज ब्यालेन्स टप अप गर्नेकार्य भइरहेको छ । डिजिटल प्लेट फर्मका रूपमा दराज, ठमेल डटकम, सस्ताडिल, स्मार्ट डोको, मुञ्चहाउस आदिले डिजिटल प्लेटफर्ममार्फत सामान उपलब्ध गराउदै आएका छन् । फुडमाण्डु, फुडमारिओ आदि मार्फत खानेकुराहरू आपुर्ति भइरहेको छ । राईट शेयरिङमा टुटल, पठाओ आदि सञ्चालनमा छन् । ईन्टरनेट सेवाको विस्तार र स्मार्टफोनको प्रयोगमा भइरहेको वृद्धिले डिजिटल कारोवारमा वृद्धि भइरहेको छ । बैकिङक्षेत्रमा पनि ईन्टरनेट मार्फत कारोवार गर्ने र डेबिट, क्रेडिट कार्डको प्रयोग गर्ने निरन्तर रूपमा बढिरहेका छन् । उद्योग ब्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन तथा सरकारी सेवाका क्षेत्रमा पनि सूचना सञ्चार प्रविधिको प्रयोग निरन्तर रूपमा बढिरहेको छ । हाल अनलाईन मार्फत आयकर, मू.अ.कर तथा अन्तःशुल्कमा दर्ता हुन र विवरण बुझाउन सकिन्छ । नेशनल पेमेन्ट गेटवे मार्फत राजस्व भुक्तानी गर्न सकिने ब्यवस्था रहेको छ । नेपालमा आर्थिक उदारीकरणसँगै Business process outsources (BPO) पनि विकास हुँदै आएको हो । कर्मशियल सफ्टवेयर विकास, वेभ डिजाइन, डाटा सोलुसन ब्यवस्थापन, एनिमेशन र ब्यवस्थापन सूचना प्रणाली आदि सूचना प्रविधिका क्षेत्रमा BPO फर्महरू सञ्चालन रहेको पाईन्छ । नेपालमा रिभर्स चार्जका रूपमा मू.अ.कर लाग्दछ । डिजिटल कारोवार गर्नेहरू मू.अ.करमा दर्ता हुनु पर्दछ । विद्युतीय सफ्टवेयरको कारोवार गर्ने अनिवार्य रूपमा मू.अ.करमा दर्ता हुनु पर्दछ । अन्य डिजिटल सेवाका लागि थ्रेसहोल्ड हाल रू २० लाख रहेको छ ।

नेपालमा गुगलमा गरिने विज्ञापनलाई करको दायरा ल्याउन सकिएको अवस्था छैन । विशेष गरी ब्यक्तिगत रूपमा गरिने विज्ञापन तथा केही फर्महरूले समेत विज्ञापन गरी विदेशमा वस्ने साथी वा आफन्तहरू मार्फत वा हुण्डी गरी पैसा पठाई विज्ञापनको भुक्तानी गर्ने गरेको बुझिन्छ । यसैगरी booking.com मार्फत भएको कारोवारको कमिशन विदेशमा नै कटाई पठाउने गरेको, wechat तथा

what apps मार्फत भएको कारोवार नदेखाउने प्रवृति छानविनको क्रममा देखिएकाले यस मार्फत पनि कर छली भइ रहेको हुन सक्दछ

महालेखा परीक्षकको कार्यालयको ५७ औ प्रतिवेदनका अनुसार फेसवुक, मेसेन्जर, भाइवर इमो, ह्वाट्स एप लगायतका सार्वजनिक सञ्जालहरूमार्फत गरिने विज्ञापन मार्फत राज्यको ठूलो धनराशी विदेशिएको अवस्था छ । यस्ता सामाजिक सञ्जालहरू नेपालमा दर्ता नभएको र नेपालबाट वैधानिक रूपमा ती सञ्जाल सञ्चालकहरूलाई भुक्तानी गर्ने पेमेन्ट गेटवे समेत नभएकोले स्वदेश र विदेशमा रहेका ब्यक्ति वा ब्यवसायीले पेटिएम, पेपल क्रेडिट कार्ड लगायतका अन्तर्राष्ट्रिय विद्युतीय भुक्तानी माध्यम प्रयोग गरी सम्बन्धित सञ्जालका सञ्चालकहरूलाई रकम भुक्तानी गरेपछि मात्र विज्ञापन अपलोड हुने गरेको स्थिति छ । यसरी अपलोड हुने विज्ञापनको पहुँच वा विज्ञापन हेरिएको आधारमा विज्ञापन शुल्क सम्वन्धित सामाजिक सञ्जाल सञ्चालकले असुल गर्दछन् । उक्त विज्ञापन सेवा नेपालमा प्रदान गरिएकाले आयको स्रोत सिद्धान्तको आधारमा सो वापतको भुक्तानी जहाँ भए पनि नेपालमा कर तिर्नुपर्ने हुन्छ । तर कारोवार पहिचान हुन नसकेको र सञ्जालहरू नेपालमा दर्ता नभएकाले कुनै कर प्राप्त हुन सकेको छैन ।

विदेशी च्यानलहरूमा हुने विज्ञापन खारेज गरी क्लिनफिड २०७७ कार्तिक ८ देखि लागु भएको छ । यसलाई यस दिशामा भएको सकारात्मक पहलका रूपमा लिन सकिन्छ ।

**चुनौती/समस्याहरू**

- करारोपणका लागि विदेशमा रहेको डिजिटल प्लेटफर्मबाट स्वदेशमा भएको कारोवारको भरपर्दो सूचना प्राप्त गर्न पहुँच कसरी स्थापित गर्ने भन्ने विषय । B2B मा रिभर्स चार्जका माध्यमबाट कर संकलन गर्न सकिने भएता पनि B2C मा विशेष गरी सीमा पारको कारोवारमा आपूर्तिकर्ताको पहिचान गरी कर संकलन गर्न कठिन ।
- एक देशबाट अर्को देशमा ईन्टरनेट मार्फत हुन (B2C) वस्तु तथा सेवाको कारोवार (अदृश्यसमेत) मा कहाँ र कसरी कर लगाउने ।
- गैर वासिन्दा ब्यक्ति जसको नेपालमा कुनै स्थायी संस्थापन नभएकाहरूले विदेशमा रही नेपालका ग्राहक वा ब्यवसायीलाई प्रवाह गरेको डिजिटल कारोवारमा कर लगाउने सम्बन्धमा थ्रेसहोल्ड राख्ने नराख्ने, कारोवारको स्थानलाई परिभाषित गर्ने, करयोग्य, कर छुट वा शुन्य दर के लगाउने, मुख्य फर्मवाट भएको र एजेन्ट मार्फत भएकोमा कसरी कर लगाउने ।
- Netflix लगायतका विदेशी फिल्मको सेवा प्रदायकका साथै विदेशी फिल्महरूमा देखाइने विज्ञापनलाई करको दायरामा ल्याउने ।
- Sharing economy को आकारमा भएको वृद्धिसँगै यसले करको आधारमा गरेको क्षयीकरण गरेको छ ।
- स्वदेशमा हुने कारोवारमा कर लाग्ने तर आयातमा नलाग्दा यसले प्रतिष्पर्धामा विचलन ल्याउने, रोजगारी र प्रत्यक्ष करमा समेत असर पर्ने देखिन्छ ।
- डिजिटल कारोवार offsore वाट गर्न सकिने र भौतिक उपस्थिति आवश्यक नपर्ने भएकाले यसको

वितरण र विक्रीको गतिविधि पहिचान गर्न कठिन हुन्छ ।

- विद्युतीय उत्पादन (सेवा र अदृश्य) दुर्गम क्षेत्रका विक्रेताले पनि विश्व भर ईन्टरनेट मार्फत विक्री गर्न सक्ने B2C भएकाले उपभोक्ताको देशमा कर नलाग्ने वा लागे पनि न्यून लागेको हुन सक्दछ ।
- विद्युतीय कारोवारमा भएको वृद्धिसंगै न्यून मूल्यका वस्तुहरूको आपूर्ति दिनानुदिन बढिरहेको छ । थ्रेसहोल्डका कारण यस्तो कारोवार करको दायरा बाहिर पर्न गई कर नलाग्ने वा न्यून लाग्ने हुन्छ ।

**सुझावः**

- विद्युतीय माध्यमबाट हुने कारोवारलाई करको दायरामा ल्याउन ऐन नियम संरचना र पूर्वाधार तयार गर्ने र तत्सम्बन्धी ज्ञान सीप क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- स्थायी संस्थापनको परिभाषालाई परिमार्जन गरी भौतिक उपस्थिति वेगर नै अन्य देशबाट ब्यवसाय गरेको अवस्थामा समेत स्थायी संस्थापन मान्न सकिने ब्यवस्था गर्ने र त्यस्ता कम्पनीको आम्दानी र कराधारलाई ब्यवसायिक क्रियाकलाप सम्पादन भएको स्थानको आधारमा वाँडफाँड गर्ने वा स्थानगत आम्दानी प्राप्तिको आधारमा वांडफांड गर्ने विकल्प प्रयोग गरी कानून संशोधन गर्नु पर्ने ।
- कर लगाउने प्रभावकारी कानूनी आधार तयार गरी Place of Taxation का आधारमा उपभोक्तालाई विद्युतीय कारोवार मार्फत गर्ने कारोवारलाई करको दायरामा ल्याउन उपभोक्ता रहेको वासिन्दा मुलुकमा कर लगाउने ।
- गैर वासिन्दा ब्यक्तिलाई दर्ता गरी कर संकलन गर्न दक्ष र प्रभावकारी कर संकलन संयन्त्रको कार्यान्वयन ।
- डिजिटल प्लेटफर्महरूलाई कानून निमार्ण गरी पुर्ण उत्तरदायी बनाउदै उनीहरू मार्फत कर संकलन गर्ने ।
- मध्यस्थकर्ताका रूपमा रहेका बैक मार्फत पनि भुक्तानीका समयमा कर संकलन गर्ने ।
- अन्तर्राष्ट्रियस्तरमा सूचनाको आदान प्रदान गरेर आपूर्तिकर्ता र कारोवार पहिचान गरी करको दायरामा ल्याउने ।
- नेपालमा हुने विद्युतीय उत्पादनहरू जस्तै वेभ पेज डिजाईन, ईन्जिनियरिङ सेवा, डाटा सोलुसन ब्यवस्थापन आदिको पहिचान गरी त्यसको निर्यातमा समेत सही करारोपण भए नभएको छानविन गर्नु पर्ने ।
- अन्तर्राष्ट्रिय अनलाईन सेल्सको स्वदेश भित्रको कारोवारमा कर लगाउन Place of Taxation को नियमअनुसार अग्रिम कर कट्टीका रूपमा निश्चित करको दर र थ्रेसहोल्ड कायम गर्नु उपयुक्त हुन्छ ।
- अन्तर्राष्ट्रिय रूपमा ई कमर्श सञ्चालन गर्ने ब्यवसायीलाई नेपालमा दर्ता गर्नुपर्ने कानूनी ब्यवस्था मिलाउने
- OECD ले तयार गरेको कराधार क्षयीकरण तथा नाफा हस्तान्तरणको कार्ययोजनालाई नेपालको सन्दर्भअनुरूप कार्यान्वय गर्नुपर्ने ।

- उपभोक्ताको अवस्था, आपूर्तिको प्रकृति, Place of Taxation का लागि निर्धारण गर्ने तत्वहरू, मू.अ.करको छुटको सीमा, करारोपण गर्ने विन्दु, प्लेटफर्म, न्यून मूल्यका वस्तु, डिजिटल उत्पादन वस्तु तथा सेवाहरू, (B2B) र (B2C) सप्लायर्सहरू, आदि सम्वन्धी सूचनाको संकलन र विश्लेषण गरी विस्तृत रूपमा अध्ययन गर्नुपर्ने ।
- दर्ता प्रक्रियाको सरलीकरण, अग्रिम कर कट्टी र रिभर्स चार्जका माध्यमबाट विद्युतीय कारोवारलाई करको दायरामा ल्याउनु पर्ने ।
- विद्युतीय कारोवारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने । यसको दुरूपयोग हुन सक्ने तर्फ साईवर क्राईमसम्बन्धी जनचेतना अभिवृद्धि र कानूनको परिपालनामा जोड दिने ।
- डिजिटलाईजेशनको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीको सूचना प्रविधिसम्वन्धी क्षमता अभिवृद्धि गर्न तालिमको ब्यवस्था गर्ने ।
- ईन्टरनेट सेवाको पहुँचलाई विस्तार गर्न ईन्टरनेट सेवाको लागत न्यून गर्दे गतिलाई उच्च बनाउन आवश्यक छ । IP addressTracking गरेर वस्तु तथा सेवाको कारोवार दर्ता गरी विच्याट र ह्वाट्एप मार्फत हुने कारोवारलाई करको दायरामा ल्याउने । फेसवुकमा हुने विज्ञापनमा भुक्तानीका वखत निश्चित प्रतिशत (भारतमा १ प्रतिशत रहेको) का दरले अग्रिम कर कट्टी गर्ने ब्यवस्था उपयुक्त हुन्छ ।

अन्तमा, डिजिटल कारोवार देश भित्र र देश बाहिर समेत वृद्धि भईरहेको सन्दर्भमा त्यसलाई पहिचान गरी करको दायरामा ल्याउन उपयुक्त कदम चाल्न ढिला भइसकेको छ । यसका लागि कानूनी तथा नीतिगत ब्यवस्थाका साथै मानव संसाधनको क्षमता अभिवृद्धिमा तत्काल ध्यान दिन आवश्यक देखिन्छ । विश्व अर्थतन्त्रमा भइ रहेको डिजिटलाईजेशनलाई आत्मसात गरी तदनुसार अघि बढन सकेमात्र राजस्व अन्तर पूरा गर्न सकिन्छ । सन् २०२२ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुन र सन् २०३० मा मध्यमस्तरीय आय भएको मुलुकमा रूपान्तरण हुनका लागि सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोगका साथै विद्युतीय कारोवारलाई करको दायरामा ल्याई कराधारको संरक्षण गर्नु नितान्त आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री

Addressing The Tax Challenges of the Digitalisation of the Economy,Ankara Turkey,4-8Nov,2014,OECD

Digitalization of the economy,New Business Age vol.19 Magh 2076.

www.google.com,Digital Nepal Framework.

महालेखा परीक्षकको कार्यालयको ५७ औ प्रतिवेदन ,२०७७

Virtual presentation by Sergio Oscar Vieiro in the topic:Assistance: Taxation on Digital Transaction, Argentina,september 9,2020.

Digital economy:Models and Practices,S. Devkota and Company,CA,SFAI, 2020

# डिजिटल नेपाल अभियानमा आन्तरिक राजस्व विभागको भूमिका

✍ मोहन सिंह बस्नेत*

## विषय प्रवेश

एक्काइसौं शताब्दी डिजिटल युगको रूपमा अघि बढेको छ । यस अवधिमा सूचना प्रविधि तीव्रतर गतिमा विकास भएको छ । सन् १९८० को दशकको अन्त्यतिर वर्ल्ड वाइड वेभ र इन्टरनेट ब्राउजरको विकासले सर्वसाधारणमा इन्टरनेट सेवा पहुँच योग्य हुन पुगेको छ । सन् २०२० सम्म आइ पुग्दा इन्टरनेट प्रयोगकर्ताको सङ्ख्यामा उल्लेख्य मात्रामा वृद्धि हुन पुगेको छ भने फेसबुक, भाइवर जस्ता इन्टरनेटको माध्यममा चल्ने एप्सहरू सर्वसाधारणको दैनिकी जस्तो भइसकेका छन् । विश्व बैङ्कका अनुसार इन्टरनेटमा लगानी हुने प्रत्येक १० प्रतिशतको वृद्धिले १.३ प्रतिशत आर्थिक वृद्धि ल्याउँछ । यसबाट डिजिटल प्रविधिको महत्त्व अझ धेरै रहेको पुष्टि हुन्छ । यसैले हरेक मुलुक डिजिटल प्रविधिको उपयोग र सेवा प्रवाह सुधारमा निरन्तर लागि परेका छन् । पछिल्लो समय विश्वभर कोभिड १९ को सङ्क्रमण जोखिम बढ्दै गएको छ । यस सङ्क्रमणका कारण समेत इन्टरनेट सेवाको प्रयोगमा विस्तार भइरहेको छ । विद्यालय तथा विश्व विद्यालय शिक्षामा अनलाइन कक्षा सञ्चालन, अनलाइन सपिङ्ग, मोवाइल बैंकिङ्ग जस्ता डिजिटल माध्यमबाट सेवा प्रदान गर्ने कार्य भइरहेका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणको २०७७ साउनको प्रतिवेदनअनुसार नेपालमा ब्रोडब्याण्ड सेवा प्रयोगकर्ताको संख्या २ करोड २९ लाख रहेको छ । ब्रोडब्याण्ड सेवामा मोवाइल प्रयोगकर्ताको अंश ७५ प्रतिशत रहेको छ भने करिब ६० प्रतिशत मानिसहरू इन्टरनेट प्रयोग गर्छन् । इन्टरनेट प्रयोगका लागि मोवाइल ल्यापटप जस्ता उपकरणको सहज उपलब्धता र सेवाको गुणस्तरमा भएको सुधारले डिजिटल सेवाको उपयोग बढ्दो छ । यसै पृष्ठभूमिलाई दृष्टिगत गर्दै नेपाल सरकारले डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी अर्थतन्त्रको बृहत्तर आयामहरूको रूपान्तरण गरी आधुनिकीकरण गर्ने लक्ष्यका साथ डिजिटल नेपाल फ्रेमवर्क २०७६ जारी भएको छ । अबका दिनमा यस फ्रेमवर्कले निर्धारण गरेका लक्ष्य हासिल गर्न यससँग सम्बद्ध सबै निकाय तथा सरोकारवाला पक्ष अघि बढ्नु पर्ने आवश्यकता रहेको छ ।

## के हो डिजिटल नेपाल फ्रेमवर्क २०७६?

डिजिटल नेपाल फ्रेमवर्क नेपाल सरकारले डिजिटल पहलका लागि तय गरेको खाका हो जसले आर्थिक वृद्धिका लागि गर्ने योगदान, समाजले बेहोरी रहेका समस्याहरूको निदानका लागि थोरै समय र सीमित श्रोतमा नव प्रवर्द्धनात्मक उपायहरू पहिल्याउन र नेपाललाई विश्वको अर्थ व्यवस्थामा सहभागी गराउने

* *प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय ठमेल*

अवसरको पहिचान गर्ने कार्यमा कसरी सहयोग पुऱ्याउन सक्छ भनी मार्ग चित्र प्रशस्त गर्दछ । यस फ्रेमवर्कका तीन मुख्य उद्देश्य रहेका छन् । पहिलो ज्ञानमा आधारित सामाजिक तथा डिजिटल अर्थतन्त्रको आधार निर्माण गर्नु रहेको छ । दोस्रो उद्देश्यमा डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विकास र समृद्धिका लक्ष्य हासिल गर्नु रहेको छ भने तेस्रो उद्देश्य आम नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सही रूपमा उपलब्ध गराउनु रहेको छ । यस फ्रेमवर्कमा ८ क्षेत्र र ८० पहलहरू पहिचान गरिएकोले यसलाई १-८-८० को फ्रेमवर्कको रूपमा पनि लिन सकिन्छ ।

**फ्रेमवर्क भित्रका पक्षहरू**

**क. चरण**

डिजिटल नेपाल कार्यक्रम विकास प्रणालीलाई मुख्यतः ६ चरणमा विभक्त गरिएको छ । डिजिटल फ्रेमवर्कको पहिलो चरणमा तथ्याङ्क सङ्कलन गर्ने, कार्यशाला गोष्ठी आयोजना लगायतका कार्यबाट मस्यौदा तयार गरिन्छ । यस पश्चात् प्राप्त मस्यौदा प्रतिवेदनमा तथ्याङ्क विश्लेषण गरी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई समावेशीकरणको चरण भनिन्छ । तेस्रो चरणमा सुझावसहितको रोडम्याप तयार गर्ने रहेको छ । चौथो चरणमा फ्रेमवर्क प्रतिपादनको कार्यप्रणाली रहेको छ । फ्रेमवर्कलाई कार्यक्रमका रूपमा अघि बढाउन सञ्चालन गर्नुपर्ने क्रियाकलापसहितको कार्यक्रम र त्यसलाई आवश्यक बजेटको तयारी यस चरणमा गरिन्छ । पाँचौं चरणमा लागू भएका कार्यक्रमको प्रभाव आकलन गरी फ्रेमवर्क कार्यान्वयन गरिन्छ । अन्तिम चरणमा अनुगमन तथा मूल्याङ्कन रहेको छ । यी चरणहरूलाई तलको चित्र १ मा प्रस्तुत गरिएको छ ।

**चित्र - १ डिजिटल नेपाल कार्यक्रम विकास चक्र**




*स्रोतः डिजिटल नेपाल फ्रेमवर्क २०७६*

### ख. क्षेत्र तथा पहल

यस फ्रेमवर्कले डिजिटल फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधार गरी ८ क्षेत्रलाई पहिचान गरेको छ । यी क्षेत्रहरू बीच पनि अन्तर आवद्धता खोजिएको छ । त्यसैले यी ८ क्षेत्रलाई डाइमण्ड सञ्जालको रूपमा चित्रित गरिएको छ ।

यी ८ क्षेत्रलाई समेट्ने गरी नेपालको आर्थिक सामाजिक प्रगति तर्फ उन्मुख हुने गरी ८० डिजिटल पहलहरू पहिचान गरिएका छन् । डिजिटल फाउन्डेसन अन्तर्गत १९, कृषि क्षेत्र अन्तर्गत ११, स्वास्थ्य क्षेत्र अन्तर्गत ७, शिक्षा क्षेत्र अन्तर्गत ८, ऊर्जा क्षेत्र अन्तर्गत ९, पर्यटन क्षेत्र अन्तर्गत ७, वित्त क्षेत्र अन्तर्गत ८ र सहरी पूर्वाधार क्षेत्र अन्तर्गत ११ पहलहरू रहेका छन् ।

**चित्र २ डाइमण्ड सञ्जाल**




| क्षेत्र | पहल |
|---|---|
| डिजिटल फाउन्डेसन | १९ |
| कृषि | ११ |
| स्वास्थ्य | ७ |
| शिक्षा | ८ |
| ऊर्जा | ९ |
| पर्यटन | ७ |
| वित्त | ८ |
| सहरी विकास | ११ |

*स्रोतः डिजिटल नेपाल फ्रेमवर्क २०७६*

डिजिटल फाउन्डेसनलाई यस कार्यक्रमको मुख्य आधार मानिएको छ । इन्टरनेटको पहुँच विस्तार, डिजिटल साक्षरता र सुशासनका लागि विद्युतीय सेवा उपलब्ध गराई डिजिटल फाउन्डेसन तयार गर्न पहल गर्ने उद्देश्य रहेको छ ।

कृषि क्षेत्रमा सूचना प्रविधि मार्फत लागत घटाउने र प्रतिफल बढाउने कार्यक्रमहरू सञ्चालन हुनेछन् । यस कार्यका लागि कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आय वृद्धि गर्न एग्रिटेकलाई अघि बढाउने उद्देश्य रहेको छ ।

स्वास्थ्य क्षेत्रमा राज्यको दायित्व पूरा गर्न प्रविधिको सहयोगले मद्दत गर्ने विश्वास लिइएको छ । भिडियो कन्फरेन्स, मोबाइल स्वास्थ्य जस्ता डिजिटल प्रविधिको प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

शिक्षणमा सहयोग गर्ने सिकाइसम्बन्धी अनुभवलाई समृद्ध पार्ने र शैक्षिक नतिजाहरूमा सुधार ल्याउने विषयमा डिजिटल प्रविधिको प्रयोग हुने सम्भावना रहेको छ । परिष्कृत शिक्षण सिकाइ वातावरण निर्माण लगायत अन्य पहलहरूले नयाँ अवसर उपयोग गर्न सक्ने मानव संसाधन तयार गर्ने उद्देश्य लिएको छ ।

ऊर्जाको लागत मूल्य घटाउन मात्र नभई ऊर्जा नेटवर्कलाई बलियो बनाई पूर्वाधार सिर्जना गर्ने दिशामा ऊर्जा क्षेत्रका पहलहरू निर्देशित छन् । ग्राहक केन्द्रित समाधान, स्मार्ट ट्रान्समिसन तथा वितरण नेटवर्क जस्ता विषयमा डिजिटल प्रविधिको प्रयोग महत्त्वपूर्ण मानिएको छ ।

डिजिटल नेपालका पहलहरूले पर्यटन क्षेत्रको प्रचार प्रसार, आगन्तुकलाई आकर्षित गर्ने र नेपालीका लागि रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य राखेको छ ।

डिजिटल प्रविधि र टेलिकमका पूर्वाधारबाट लाभ लिँदै बैङ्क सञ्जालमा आवद्ध नभएका नागरिकलाई लक्षित गरिएका पहलहरू वित्त क्षेत्र अन्तर्गत रहेका छन् । वित्तीय सेवाको पहुँच पुऱ्याउने, वित्तीय प्रणालीलाई पारदर्शी र जबाफदेही बनाउने तथा कर प्रणालीलाई लागत कम गरी स्वैच्छिक कर सहभागिता प्रवर्द्धन र राष्ट्रिय राजस्व संरक्षण गर्ने उद्देश्य लिइएको छ ।

जल व्यवस्थापन, फोहर मैला व्यवस्थापन, सार्वजनिक यातायात र ट्राफिक व्यवस्थापन जस्ता सहरी पूर्वाधारका आवश्यक सेवाहरूमा सुधार ल्याई सहरी जनजीवनको गुणस्तर सुधारमा नवीन प्रविधिबाट अधिकतम फाइदा लिने उद्देश्य सहरी पूर्वाधार क्षेत्रको पहलहरूले राखेको छ ।

**डिजिटल नेपाल सफल कार्यान्वयनका आधार स्तम्भ**

प्रविधि र पूर्वाधार, उद्यमशीलता- सार्वजनिक-निजी-साझेदारी र प्रतिभा र सीप विकासका यी तीन प्राथमिकताका क्षेत्रलाई डिजिटल नेपाल सफल कार्यान्वयनका आधार स्तम्भको रूपमा लिइएको छ ।

## क. प्रविधि र पूर्वाधार

डिजिटल प्रविधि कुनै न कुनै रूपमा हरेक व्यक्तिको दैनिक जीवन यापनका लागि अपरिहार्य बनी सकेको अवस्था छ । डिजिटल प्रविधिको एक पाटोको रूपमा हेरिने मोबाइल प्रयोगको तथ्याङ्क हेर्ने हो भने नेपालमा वि.सं.२०७७ असार मसान्तसम्म ३ करोड ६९ लाख ८४ हजार मोबाइल प्रयोगकर्ता रहेका छन् । यो नेपालको कुल जनसङ्ख्या भन्दा बढी हो । उक्त मोबाइल प्रयोगकर्ता मध्ये १४.९ प्रतिशत प्रयोगकर्ताले ४G सेवा प्रयोग गरिरहेका छन् । तर पनि डिजिटल समाजको विकासका लागि महत्त्वपूर्ण मानिने डिजिटल भुक्तानी, अनलाइन बैंकिङ्ग जस्ता क्षेत्रमा प्रयोगकर्ताको सङ्ख्या ज्यादै न्यून रहेको छ ।

डिजिटल नेपाल फ्रेमवर्कले सबल वित्तीय प्रणालीको विकासमा सहजीकरण गर्न डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने, वित्तीय समावेशितालाई प्रवर्द्धन गर्ने गरी फिन्टेकमा लगानी आकर्षित गर्न स्टार्टअप तथा टेलिफोन सेवा प्रदायक कम्पनीको विकासलाई प्रोत्साहन गर्ने र ५G नेटवर्क प्रयोगमा ल्याई अधिकतम

फाइदा लिने कार्यक्रमहरू प्राथमिकतामा राखेको छ । डिजिटल नेपालको विकासका लागि प्रविधिको विकासले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले र प्रविधिको विकाससँगै आवश्यक पूर्वाधार विकासमा पनि उत्तिकै लगानी गर्नु पर्ने आवश्यकता हुन्छ । विश्वमा ४G सेवा आरम्भ भए लगत्तै काठमाडौं र पोखरा सहरलाई लक्षित गर्दै नेपाल टेलिकमले वि.सं. २०७३ पौष देखि मोबाइल ब्रोडब्याण्डमा चौथो पुस्ताको ४G सेवा आरम्भ गरेको थियो । अव विकास हुने पाँचौं पुस्ता भनेको ५G सेवा नै हो । यो सेवा हाल शुरु नभए तापनि यसका लागि सम्भावित पूर्वाधारको विकासमा लगानी आवश्यक छ ।

डिजिटल प्रविधिमा यसको कनेक्टिभिटीलाई सुधार गर्नु आवश्यक छ र नेपालको सन्दर्भमा यस्ता सुधारको कार्य निरन्तर भइरहेको छ । प्रत्येक नागरिकलाई इन्टरनेटमा पहुँच सुनिश्चित हुने गरी इन्टरनेट सेवा विस्तार, सेवा प्रदायकहरूका लागि स्पेक्ट्मको उपलब्धताको स्तरमा सुधार र देशभर अप्टिकल फायवर नेटवर्कको स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राखी निरन्तर सुधार गर्दै जानुपर्छ । यसका साथै विश्वमा हुने डिजिटल प्रविधिमा भएको विकासलाई जतिसक्दो छिटो नेपालमा पनि उपलब्ध गराउनु उत्तिकै जरूरी छ ।

आधुनिक वित्तीय प्रणालीमा धेरै महत्त्व राख्ने मोबाइलमा आधारित डिजिटल भुक्तानी र वित्तीय कारोबार नेपालको सन्दर्भमा नवीन प्रविधि भएकोले यसको ज्यादै सीमित मात्रामा उपयोग भएको पाइन्छ । मोबाइल भुक्तानीमा इसेवाको सुरुवात भए सँगै यसको प्रयोग बढ्दै गएको छ । हाल बजारमा इ सेवा, कनेक्ट आइपिएस लगायत विभिन्न कम्पनीहरू डिजिटल भुक्तानी कारोबारमा संलग्न हुँदै आएका छन् । यसको प्रयोगमा डिजिटल प्रविधिको शिक्षाले प्रयोगको स्तर वृद्धिमा भूमिका खेल्छ । मानिसले मोबाइलमा उपलब्ध सुविधाहरू बढी भन्दा बढी प्रयोग गर्न प्रविधिको गुणस्तर र त्यसको सञ्चालन गर्ने शिक्षा प्रदान गर्नु आवश्यक छ । डिजिटल वित्तीय सेवालाई सर्वसाधारणको प्रविधि उपयोग स्तरले निर्धारण गर्ने भएकोले यसको विकासका लागि वित्तीय भुक्तानी प्रणालीको प्रवर्द्धन गर्ने, वित्तीय समावेशितालाई प्रोत्साहन गर्ने सेवा प्रदान गर्ने, बैङ्क तथा वित्तीय संस्था एवं दूरसञ्चार सेवा प्रदायकहरूलाई Fintech मा लगानी गर्न आकर्षित गर्ने र बचत, लगानी, खर्च कर लगायतका विषयमा पारदर्शिता हासिल गर्ने जस्ता क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रम यस फ्रेमवर्कको रहेको छ ।

### ख. उद्यमशीलता- सार्वजनिक-निजी-साझेदारी

डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन, दिगोपन र विस्तार कार्यमा सरकार एक्लैले सम्भव छैन । यसमा आवश्यक प्रविधि भित्र्याउन र विकास गर्न एकातर्फ पुँजी परिचालन गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ प्रविधि सञ्चालनका लागि दक्ष जनशक्तिको विकास गर्नुपर्ने हुन्छ । यस कार्यमा सार्वजनिक-निजी-साझेदारी र वैदेशिक लगानी उत्तम हुन्छ । यसका लागि निजी क्षेत्रको सहभागिता बढाउन सरकारले डिजिटल नेपाल फ्रेमर्वक मार्फत निजी लगानी परिचालन गर्न सार्वजनिक-निजी-साझेदारीको प्रवर्द्धन गर्ने, दुर्गम तथा ग्रामीण क्षेत्रमा स्मार्ट स्वास्थ्य, कृषि, शिक्षा, पर्यटन लगायतका महत्त्वपूर्ण तथा

प्राथमिकताका क्षेत्रमा लगानी गर्न आवश्यक आर्थिक प्रोत्साहनको व्यवस्था गर्ने र नव प्रवर्तन र सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा वृहत् रोजगारीको अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरूका लागि स्टार्टअप कार्यक्रम सुरुवात गर्ने जस्ता कार्यक्रम निर्धारण गरेको छ ।

नवीन सोच र उद्यमशीलताको विकासका लागि आवश्यक पर्ने बलियो पर्यावरण निर्माण कार्यलाई द्रुत गतिमा प्रवर्द्धन गर्ने, प्राथमिक क्षेत्रहरूमा प्रत्यक्ष वैदेशिक लगानी प्रोत्साहन गर्न फास्ट ट्र्याक विधि अपनाउने तथा शत प्रतिशत वैदेशिक लगानी र कोषको प्रत्यावर्तनमा सहजीकरण गर्ने उद्देश्य राखिएको छ । यसबाट डिजिटल नेपालका पहलहरूमा वैदेशिक लगानी आकर्षण गर्न सकिन्छ । तर यी उद्देश्य हासिल गर्न निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ताका लागि उपयुक्त लगानीको वातावरण तयार हुनु अति आवश्यक छ । हालसम्म नेपालमा सार्वजनिक निजी साझेदारी कार्यक्रम सफल रूपमा सञ्चालन भएको उदाहरण पाउन सकिन्न । सरकारले सार्वजनिक-निजी साझेदारी नीति.२०७२ जारी गरेको छ । यस नीतिको कार्यान्वयनका लागि ऐन तथा नियमावली तयार गरी त्यसको कार्यान्वयनमा विश्वास जित्नु पर्ने हुन्छ ।

**ग. प्रतिभा र सीप विकास**

डिजिटल नेपाल फ्रेमवर्क सफल कार्यान्वयनका लागि प्रतिभा र सीप विकासको महत्त्वपूर्ण भूमिका हुन्छ । डिजिटल प्रतिभा र सीप विकासको सम्बन्ध प्रविधि र पूर्वाधारसँग पनि रहेको छ । प्रतिभाले प्रविधिलाई परिष्कृत गर्न मद्दत गर्छ भने सीप विकासले प्रविधिको उपयोग स्तरमा सघाउ पुऱ्याउँछ । यस पक्षलाई मध्यनजर गर्दै सार्वजनिक क्षेत्रका कर्मचारीहरूका लागि डिजिटल सीप विकास तालिम सञ्चालन गर्ने, विद्यालय र क्याम्पसहरूमा अनिवार्य सूचना तथा सञ्चार प्रविधि शिक्षा लागू गर्ने तथा व्यावसायिक शिक्षा र तालिमका लागि Finishing School सञ्चालन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता क्षेत्रमा राखेको छ ।

डिजिटल नेपाल कार्यक्रमको वास्तविक लाभ हासिल गर्न डिजिटल शिक्षामा लगानी गर्ने, जनशक्तिहरूको डिजिटल सीप विकास गर्ने, प्रतिभावान तथा नवप्रवर्तनात्मक उद्यमशीलता विकास तथा अनुसन्धानलाई बढावा र प्रोत्साहन गर्ने तथा उद्योग र शिक्षा क्षेत्र बीच रहेको सीप खाडल (Skill Gap) हटाउनका लागि Finishing School स्थापना र सञ्चालन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ । यसैगरी डिजिटल शिक्षा विकासका लागि विद्यालय र क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा अनिवार्य गर्ने, ती शैक्षिक प्रतिष्ठानमा जियोस्प्याशियल (Geospatial)/ जिआइएस (GIS) प्रदान गर्ने, उच्च तहको सूचना प्रविधि शिक्षा प्रदान गर्न शिक्षा प्रणालीको क्षमता अभिवृद्धि गर्ने र डिजिटल समावेशिताको लागि सबैलाई सूचना प्रविधि साक्षरता कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमहरू तय गरिएको छ । यस कार्यक्रमको सफलताका लागि जनशक्तिहरूलाई डिजिटल रूपमा तयार पार्न सबै सरकारी कार्यालयका कर्मचारीहरूलाई डिजिटल प्रशिक्षण दिने, नयाँ प्रणाली र प्रविधिहरूमा कर्मचारीहरूलाई तालिम प्रदान गर्न प्रस्तावित राष्ट्रिय ई-सिकाइ प्लेटफर्मको उपयोग गर्न तथा सार्वजनिक प्रवाहका लागि आवश्यक एकीकृत तथ्याङ्क प्रणाली विकास र

सञ्चालनबाट शासकीय सुधार गर्ने समेत कार्यक्रमहरू तय भएका छन् ।

### डिजिटल नेपाल फ्रेमवर्क र राजस्व प्रणाली

डिजिटल नेपाल फ्रेमवर्कको वित्तसँग सम्बन्धित पहल अन्तर्गत कर प्रणालीलाई लागत कम गरी स्वैच्छिक कर सहभागिता प्रवर्द्धन र राष्ट्रिय राजस्व संरक्षण गर्ने उद्देश्य हासिल गर्न आन्तरिक कर प्रशासन गर्ने आन्तरिक राजस्व विभागको भूमिका रहेको छ । प्रविधिको प्रयोगले करदाता कर भुक्तानीसम्मको कार्यमा सुधार हुँदै आएको छ । डुइङ्ग बिजनेश रिपोर्ट २०२० का अनुसार कर भुक्तानी (Paying Tax) सूचकमा नेपाल १७५औं स्थानमा रहेको छ । कर प्रणालीमा सुधार गरी उक्त सूचकमा समेत सुधार गर्न डिजिटल प्रविधिको प्रयोगमा नै जोड दिनु पर्छ । यसको अर्थ डिजिटल नेपाल फ्रेमवर्कले पहिचान गरेका पहलमा केन्द्रित रही कर प्रणालीमा सुधार गर्नु आवश्यक छ ।

वि.सं. २०५४ मंसिर १ गतेबाट शुरु भएको मूल्य अभिवृद्धि कर प्रणालीको थालनीसँगै कर प्रशासनमा डिजिटल प्रविधिको प्रयोग भएको हो । करदाताहरूले आफ्नो कारोबारलाई कर विवरणको माध्यमबाट मूल्य अभिवृद्धि कर कार्यालयमा उपलब्ध गराउँथे भने इन्टरनेटको प्रयोग गरी उक्त विवरणहरू तत्कालीन मूल्य अभिवृद्धि कर विभागको तथ्याङ्क केन्द्रमा विवरण उपलब्ध गराउँथे । आयकर तर्फ भने आयकर ऐन, २०५८ जारी गरी कर लेखामा आधारित कर प्रणाली शुरुवात भएको थियो । आयकरतर्फ शुरुवाती समयमा सम्बन्धित करदाताले आफ्नो वार्षिक कारोबारको विवरण तोकिएको फाराम भरी पुष्टि हुने प्रमाण पेस गर्नुपर्ने व्यवस्था थियो । आर्थिक वर्ष २०६३/६४ देखिको आय विवरण र वासलात तथा अन्य विवरण कम्प्युटर प्रणालीमा आवद्ध गरियो । कर प्रयोजनका लागि व्यवसाय दर्ताको विवरण कम्प्युटर प्रणालीमा नै हुने व्यवस्था गरी स्थायी लेखा नम्बर प्रदान गरिन्थ्यो र हालसम्म पनि यसलाई निरन्तरता दिइएको छ । व्यवसायलाई दर्ता गर्न, व्यक्तिगत स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर विवरण, अन्तःशुल्क विवरण र आय विवरण लगायत करदाताले कर प्रशासनमा पेश गर्ने कागजातहरू Online माध्यमबाट आफैंले भरी पेश गर्न सक्ने अवस्था हालको कर प्रशासनमा विद्यमान छ । तोकिएका करदाताले आन्तरिक राजस्व कार्यालयमा उपस्थित नभई कर चुक्ता प्रमाण पत्र समेत प्राप्त गर्ने गरी प्रणालीमा सुधार गरिएको छ । हाल कनेक्ट आइपिएस मार्फत अनलाइन कर भुक्तानीको सुविधा समेत उपलब्ध गराई सकिएको छ । यसबाट डिजिटल नेपाल फ्रेमवर्कले दिशा निर्देश गरेको डिजिटल प्रयोगमा सहयोग पुग्न जाने देखिन्छ ।

कर प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउन आन्तरिक राजस्व विभाग लागि परेको छ । आर्थिक वर्ष २०६९/७० देखि २०७३/७४ सम्म पहिलो रणनीतिक योजना कार्यान्वयनमा आएको थियो । यस योजनाको उद्देश्य कर प्रणालीको सक्षमता र दक्षता अभिवृद्धि गर्ने रहेको थियो । यसले आधुनिक प्रविधिको उच्चतम उपयोगमा जोड दिएको थियो । यसका लागि विभागले अवलम्बन गरेको डिजिटल सेवालाई नै प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्ने हुन्छ । यसका साथै करदातालाई कर प्रणालीमा शिक्षित

गराउन करदाता शिक्षामा समेत जोड दिएको थियो । हाल दोस्रो रणनीतिक योजना २०७५/७६ देखि २०७९/८० कार्यान्वयनमा रहेको छ । यसले समतामूलक, प्रगतिशील, पारदर्शी र अनुमान योग्य कर प्रणालीको विकास गर्ने उद्देश्य राखेका साथै करदाता सेवा एवं शिक्षा र पूर्वाधार एवं प्रणालीको सुदृढीकरणमा जोड दिइएको छ ।

यसैगरी विभागले आर्थिक वर्ष २०६९/७० देखि हालसम्म दुईवटा तीन वर्षीय सुधार कार्य योजना सञ्चालनमा ल्याइसकेको छ भने हाल तेस्रो चरणको सुधार कार्य योजना कार्यान्वयनको चरणमा छ । यी समग्र सुधार योजना डिजिटल सेवामा कसरी बढी भन्दा बढी सक्षमता र दक्षता हासिल गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहेको छ । सुधारकै क्रममा हाल डे १ विवरण भर्ने करदाताले बैङ्कमा दाखिला गर्ने बैङ्क भौचर मार्फत नै आय विवरण बुझाउन सक्ने र सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । करदाता आन्तरिक राजस्व कार्यालयमा उपस्थित नभई आफैंले व्यक्तिगत स्थायी लेखा नम्बर सरल रूपमा प्राप्त गर्न सकिने व्यवस्था गरी सकिएको छ । आन्तरिक राजस्व विभाग मोबाइल वालेटबाट नै कर दाखिला गर्ने सुविधा उपलब्ध गराउन लागी परेको छ । यसका अतिरिक्त इ बैङ्किङ्ग सेवा मार्फत भुक्तानी भएमा १० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता गर्ने व्यवस्था आर्थिक वर्ष २०७६/७७ देखि कार्यान्वयनमा ल्याइएको छ । यसबाट पनि डिजिटल नेपाल फ्रेमवर्कको स्वैच्छिक कर सहभागिता प्रवर्द्धन र राष्ट्रिय राजस्व संरक्षण गर्ने उद्देश्य प्राप्तिमा टेवा पुग्न जाने देखिन्छ ।

## अन्त्यमा

डिजिटल नेपाल फ्रेमवर्कले हरेक क्षेत्रमा डिजिटल प्रविधिको उपयोग बढाउन अभिप्रेरित गर्न लागी परेको छ । आन्तरिक राजस्व विभाग पनि करदाताको सहजता र सरलताका लागि कर प्रणालीलाई बढी भन्दा बढी डिजिटल प्रविधिको उपयोगमा केन्द्रित छ । डिजिटल नेपाल फ्रेमवर्कले कर सहभागिता प्रवर्द्धन र राष्ट्रिय राजस्व संरक्षण गर्ने उद्देश्य राखेको र आन्तरिक राजस्व विभाग कर प्रणाली सुधारमा लागि परेको हुँदा दुवै पक्ष डिजिटल सेवालाई केन्द्र विन्दुमा राखी अघि बढिरहेको अवस्था छ । आगामी दिनमा डिजिटल शिक्षालाई बढाउँदै लैजाँदा यसको प्रयोगमा विस्तार हुन गई फ्रेमवर्कले राखेका उद्देश्यसमेत पूरा हुन जाने देखिन्छ ।

## सन्दर्भ सामाग्री

डिजिटल नेपाल फ्रेमवर्क २०७६, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय

विभिन्न रणनीतिक योजना तथा सुधार कार्य योजना, आन्तरिक राजस्व विभाग

Doing Business Report 2020 - Nepal

# नेपालमा पुँजी बजारको परिदृष्य

✍ युक्त सुवेदी*

नेपालको पुँजी बजारमा सीमित क्षेत्रको मात्र वाहुल्यता हुँदा विकसित अवस्थामा पुग्न सकेको छैन । हाल पुँजी बजारमा सीमित क्षेत्र (वैंकिङ क्षेत्र) को वाहुल्यता रहेको छ । बजारको दायरा बढाउन रियल स्टेट सेक्टर, उत्पादनमूलक क्षेत्र, औद्योगिक क्षेत्र र जलविद्युत लगायतका क्षेत्रहरू उल्लेख्य रूपमा ल्याउन जरूरी छ । अहिलेसम्म यी क्षेत्रहरू उल्लेख्य आउन नसक्दा पनि पुँजी बजार प्रभावित छ । पुँजी बजारमा बैंकिङ क्षेत्रमा उतारचढाव हुने वित्तिकै समग्र पुँजी बजार नै प्रभावित हुने गरेको देखिन्छ । पुँजी बजारलाई प्रतिस्प्रधात्मक, चलायमान बनाउन सरोकारवाला निकायको यस प्रतिको दृष्टिकोण सकारात्मक हुनुपर्छ ।

नेपालका अधिकांश ठूला व्यावसायिक घरानाका कम्पनीहरू पारिवारिक रूपमा सञ्चालन हुँदै आएका छन् । पुँजी बजारमा गएपछि परिवारका सदस्यहरूको भूमिका गुम्ने भय तथा पारदर्शीताको कुरा आउँछ । सूचीकृत कम्पनीले तोकेको समयमा नियमित रूपमा वित्तीय तथा कारोबार विवरणहरू नियमक निकायलाई बुझाउनुपर्दछ । त्यस्ता विवरणमा कर्मचारीको तलबभत्तादेखि उच्चतम कर्मचारीको सबै कुरा उल्लेख गर्नुपर्ने हुन्छ । तर उद्योग व्यवसायीहरू त्यसो गर्न चाहँदैनन । कम्पनीले आफ्नो वास्तविक स्थिति बाहिर ल्याउन नचाहने भएकोले शेयर बजारमा ल्याउन ठूलो चुनौती देखिन्छ ।

बजारमा राज्यको उपस्थितिले उत्पादनमूलक उद्योग क्षेत्रमा लगानीकै लागि समस्या खडा गर्दछ । चलिरहेका होइन नयाँ उद्योग व्यवसाय गर्नका लागि यहाँ अस्थिर नीति मुख्य वाधक बन्छ । लगानीकर्ता र सरकारलाई प्रतिफल तुरून्त चाहिन्छ । तर उत्पादनमूलक उद्योगलाई प्रतिफल दिन समय लाग्छ । त्यस्ता उद्योगको लगानी दीर्घकालको हुन्छ । आजको भोलि नै नाफा हुँदैन । यस्तो अवस्थामा कर पनि आउँदैन । त्यसैले लगानीको सूनिश्चितता र सुरक्षाको लागि आधारभूत नीतिमा परिवर्तन गर्नुहुँदैन । बजारको मागबमोजिमका नीति निर्माण गरी स्थायित्व कायम गर्नुपर्छ । लगानीकर्ताले राज्यबाट यही कुराको प्रत्याभूति खोजेको हुन्छ । हाम्रोमा सरकार फेरिएसँगै नीति परिवर्तन हुने समस्या लामो समयसम्म रह्यो । संविधान जारी भएसँगै स्थिर सरकार गठन भएको छ । यो अवस्थामा नीतिगत स्थिरता कायम गर्दै आवश्यक कानूनहरू निर्माण गरी बजारलाई Fascilate गर्नुपर्छ । नियमन र सुपरीवेक्षणलाई प्रभाकारी बनाउनुपर्छ । जोखिममा कसैले लगानी गर्दैन । पुँजी बजारमा जोखिम कम हुने वातावरण सिर्जना गरी व्यापक लगानी भित्र्याउनुपर्छ । आन्तरिक तथा बाह्य पुँजी सर्वसुलभ रूपमा परिचालनका लागि वातावरण वनाउन सकेमा पुँजी बजार आर्थिक क्रान्तिको आधार वन्न सक्छ ।

* *शाखा अधिकृत, आन्तरिक राजस्व विभाग*

## १. अवधारणा

वित्तीय साधन तथा सेवाहरूको कारोवार हुने बजारलाई वित्तीय बजार भनिन्छ । यस्तो बजारमा चेक, शेयर, वोण्ड आदिको खरिद तथा बिक्री हुन्छ । वित्तीय बजारमा विभिन्न किसिमको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋण लिने दिने कार्य हुन्छ । वित्तीय बजार अन्तर्गत मुद्रा बजार, पुँजी बजार र डेरिभेटिभ मार्केट पर्दछन् ।

### क) मुद्रा बजार

अल्पकालीन वित्तीय उपकरणहरूको माग र आपूर्ति स्वदेशी मुद्रामा गरिने बजारलाई मुद्रा बजार भनिन्छ । मुद्रा बजारमा वैंकहरू, डिष्काउन्ट गृहहरू, स्वीकृत गृहहरू, फाइनान्स कम्पनीहरू, शहकारीहरू, तथा विल दलालहरू क्रियाशील रहन्छन् । मुद्रा बजारमा मुलतः सन्निकट मुद्राहरू जस्तै ट्रेजरी विल, विनिमय विल, प्रमिसरी नोट, ओभरड्राफ्ट जस्ता तरल सम्पत्तिहरूको कारोवार गरिन्छ । यस्तो बजारले वचत संकलन तथा परिचालन गर्दै अर्थतन्त्रमा वित्तीय गतिशीलता सिर्जना गर्छ ।

### ख) पुँजी बजार

पुँजी बजार एक वित्तीय बजार हो जसमा दीर्घकालीन ऋण (एक वर्ष भन्दा बढी) वा इक्विटी-समर्थित धितो खरिद बिक्री गरिन्छ । यस किसिमको बजारमा दीर्घकालीन कोषको लेनदेन हुन्छ । यो दीर्घकालीन वित्तीय बजार हो । कृषि, उद्योग,अन्य व्यवसाय तथा सरकारलाई आवस्यक पर्ने पुँजीको आपूर्ति पुँजी बजारबाट गरिन्छ । यो बजारमा दीर्घकालीन वित्तीय उपकरणहरूको खरिद बिक्री हुन्छ । यस किसिमको बजारले शेयर तथा ऋणपत्रको खरिद बिक्री, मर्चन्ट वैंकिङ, म्युचुअल फण्ड, कमोडिटी ट्रेडिङ लगातका कारोवार समेट्छ । त्यस्तै, मध्यकालीन वा दीर्घकालीन कर्जा, विमा प्रिमियम, सरकारी वोण्ड, सेक्युरिटिजहरू, संगठित कम्पनीहरूले जारी गरेको ऋणपत्रहरू (Debenture), नागरिक वचत कोषको वचत स्किम लगायतको लेनदेन हुने गर्छ । अर्थतन्त्रको विकासको लागि पुँजी बजारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै संगठित संस्थाले आफ्नो व्यापार व्यवसाय विस्तार गर्न आवश्यक पर्ने साधनहरू पुँजी बजारबाट जुटाउन सक्छ ।

पुँजी बजार दुई किसिमको हुन्छ-

**प्राथमिक बजारः** सर्वसाधारण लगानीकर्ताबाट संगठित क्षेत्रले सिधै पुँजी संकलन गर्ने बजार प्राथमिक बजार हो । यस किसिमको बजारमा सरकारी निकाय तथा संगठित क्षेत्रले सर्वसाधारणबाट विभिन्न किसिमका धितोपत्रहरू निष्काशन गरी आवश्यक पुँजीको परिचालन गर्दछन् । यो बजार दीर्घकालीन पुँजीको परिचालन गर्ने प्रमुख श्रोत हो । आफ्नो व्यवसाय वृद्धि गर्न वा विविधिकरण गर्न पुँजी आवश्यक हुने पक्षले वचत हुने पक्षको लागि धितोपत्र जारी गरी पुँजी उठाउने गर्छन् । साधारण शेयर, अग्राधिकार शेयर, हकप्रद शेयर, वोनस शेयर, ऋणपत्र लगायत निष्काशन गरी पुँजी परिचालन गर्ने गर्दछन् ।

**दोस्रो बजारः** प्राथमिक बजारबाट आपूर्ति भएको धितोपत्रहरूलाई तरलता प्रदान गर्ने बजार दोस्रो बजार (Secondary Market) भनिन्छ । यस बजारको कारोवारबाट लगानीकर्ताहरू आफ्नो स्वामित्वअनुसारको नाफाको अंशमा सहभागी हुन्छन् । यस बजारबाट लगानीकर्तालाई पुँजीगत लाभ प्राप्त हुन्छ । प्राप्त भएको लाभवमोजिम कर भुक्तानी गर्छन् र अर्थतन्त्रमा टेवा पुऱ्याउँछन् । दोस्रो बजारको अस्तित्वले प्राथमिक बजारमा लगानीकर्ताहरूको इच्छुकता बढाउँद किनकी उनीहरूलाई थाहा हुन्छ लगानीको आवश्यकता छ भने द्रुत गतिमा लगानी गर्न सकिन्छ ।

इटालियन राज्यहरूले पहिलो औपचारिक वण्ड बजारको शुरूवात गरे पनि पूर्ण पुँजी बजारमा आवश्यक पर्ने अन्य घटकहरूको विकास गरेनन् । औपचारिक रूपमा शेयर बजारको शुरूवात गर्ने डचहरू पहिलो थिए ।

लगानीकर्ताहरूलाई नाफा नोक्सानमा सहभागी हुन पाउने गरी लगानी गर्न डचहरूले ज्वाइन्ट स्टक कम्पनीहरू शुरू गरेका थिए जसले पूर्णरूपमा विभन्न फाइनान्स कम्पनीहरू (जस्तै डच ईस्ट इण्डिया कम्पनी र डच वेस्ट इण्डिया कम्पनी) मार्फत विकसित पुँजी बजारहरू बण्ड मार्केट र शेयर मार्केट प्रयोगमा ल्याएको इतिहास देखिन्छ । डच गणतन्त्रबाट नै विश्वव्यापीरूपमा सुरक्षण बजारले आफ्नो आधुनिक रूप लिन शुरू गऱ्यो । सन् १६०२ मा आर्मस्टर्डम स्टक एक्सचेन्ज मार्फत डच ईस्ट इण्डिया कम्पनी शेयर जारी गरी शेयर जारी सूचीकृत हुने कम्पनी बन्यो । डच ईस्ट इण्डिया कम्पनी शेयर र ऋणपत्र जारी गर्ने पहिलो कम्पनी हो । परिणामस्वरूप सेक्युरिटीमा माध्यमिक बजारहरू सिर्जना गर्न र यसलाई निरन्तरता दिन विशेषज्ञ आधुनिक स्टक एक्सचेन्जको उत्पत्ति हो भनेर मान्यता प्राप्त छ । डच लगानीकर्ताहरू शेयर विनिमयमा सेयरको कारोबार गर्ने पहिला व्यक्तिहरू थिए । शेयरको किन्ने र बेच्ने प्रक्रिया इतिहासको पहिलो आधिकारिक शेयर बजारको आधार मानिन्छ । त्यस समयदेखिनै डच गणतन्त्रमा शेयर बजार हेरफेरको प्रारम्भिक प्रविधि विकसित भएको थियो । सन १९६८ देखि लण्डन स्टक एक्सचेन्जले शेयरको कारोवार गर्न शुरूवात गरेको हो । सार्क क्षेत्रमा भारतबाट सन १८६१ बाट शेयर कारोवार भएको देखिएता पनि सन १८७५ मा मुम्वई स्टक एक्सचेन्जको स्थापना भएपछि स्टकको कारोवार व्यवस्थित भएको देखिन्छ ।

नेपालमा पुँजी बजारको इतिहाँस हेर्दा वि.स. १९९३ मा कम्पनी ऐन जारी भएपछि विराटनगर जुट मिल्स र नेपाल वैंक लिमिटेडले वि.स. १९९४ मा सर्वसाधारणको लागि धितोपत्र निष्काशन गरेको पाइन्छ । वि.स. २०३३ मा सेक्युरिटी खरिद बिक्री केन्द्रको स्थापना भएपछि धितोपत्र बजारसम्बन्धी कामहरू सो केन्द्रमार्फत हुने गरेको पाइन्छ । धितोपत्र कारोवार ऐन, २०४०, पुँजी बजारको नियमन निकायको रूपमा धितोपत्र वोर्डको स्थापना २०५०, धितोपत्रसम्बन्धी ऐन, २०६३ हुँदै पुँजी बजारको विकास हालसम्मको अवस्थामा पुगेको देखिन्छ । हाल पुँजी बजारको खास लक्ष्य संगठित संस्थाको धितोपत्र निष्काशन गरी आवश्यक पुँजी प्राप्त गर्ने र पुँजीको परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने रहेको देखिन्छ ।

## २. नेपालको वर्तमान अवस्था

लगानी योग्य रकम भएका व्यक्ति वा संस्थाहरूबाट रकम परिचालन गरी पुँजीको आवश्यकता भएका लगानीकर्ताहरूलाई रकम उपलव्ध गराउने काम पुँजी बजारको हो । पुँजी बजारले साधनश्रोतको परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउदै आर्थिक वृद्धिमा सहयोग पुऱ्याउँछ । देशको वित्तीय शक्तिको मापन गर्ने आधारको रूपमा पुँजी बजारलाई लिइएतापनि नेपालमा आशातित रूपमा यो बजारले काम गर्न सकेको देखिदैन । बजारका मुख्य सहभागी र उपकरणहरूको आधारमा पुँजी बजारको विकासको अवस्थालाई विश्लेषण गर्न सकिन्छ । नेपालमा अझै पनि पुँजी बजारका उपकरणहरूमा ९० प्रतिशत भन्दा वढि शेयरको नै वर्चस्व रहेको छ । यसले नेपालको पुँजी बजार प्रारम्भिक अवस्थामा रहेको इंगित गर्छ ।

नेपालमा आर्थिक उदारीकरणको शुरूवातसँगै पुँजी बजारको क्षेत्रमा पनि सुधारको शुरूवात भएको हो । नियामक निकायको रूपमा नेपाल धितोपत्र वोर्डले सन १९९३ देखि काम गरिरहेको छ । नेपाल स्टक एक्सचेन्जले सन १९९४ देखि शेयर बजारको कारोवार गरेको भएतापनि हालसम्म यसले अपेक्षित विस्तार र गहिराइ प्राप्त गर्न सकेको देखिदैन । धितोपत्र तथा दीर्धकालीन ऋणको सेवा विस्तार गर्दै यसलाई उदयीमान पुँजी बजारको स्तरमा वृद्धि गर्न आवश्यक छ । नेपालको धितोपत्र कारोवारलाई अर्थतन्त्रका क्रियाकलापले असर गरेको हुन्छ । खासगरी वित्तीय क्षेत्रको अस्थिरताले पुँजी बजार नराम्रोसँग प्रभावित हुन पुग्छ । पुँजी बजारको वर्तमान अवस्थालाई हेर्दा बजारमा मुख्य सहभागीहरूको अवस्था त्यति सन्तोषजनक देखिदैन ।

**क) बजारमा मुख्य सहभागीहरूको आधारमा पुँजी बजार**

| सि.नं | सहभागीहरू | २०६७/६८ | २०७२/७३ | २०७६/७७ | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्टक एक्सचेन्ज | १ | १ | १ | |
| २ | हितग्राही खाताको संख्या | | ८ लाख ६६ हजार | १५ लाख ७० हजार | |
| ३ | अभौतिकृत धितोपत्रको संख्या | | २ अर्व ३७ करोड | ४ अर्व विस करोड | |
| ४ | कम्पनी दर्ताको संख्या | ६१ | १८७ | २१२ | |
| ५ | धितोपत्र दलाल संख्या | २३ | ५० | ५० | |
| ६ | कम्पनी दर्ताको संख्या | | १८७ | २१२ | |
| ७ | निक्षेप सदस्यको संख्या | | ५३ | ७५ | |

| सि.नं | सहभागीहरू | २०६७/६८ | २०७२/७३ | २०७६/७७ | कैफियत |
|---|---|---|---|---|---|
| ८ | क्रेडिट रेटिङ कम्पनी स्थापना २०६८ | | १ | १ | |
| ९ | केन्द्रीय निक्षेप कम्पनी स्थापना २०६८ | | १ | १ | |
| १० | कुल गार्हस्थ्य उत्पादनसँग बजार पुँजीकरणको अनुपात | ३१.८६ प्रतिशत | ४६.५७ प्रतिशत | ४६.७ प्रतिशत | |

*श्रोतः नेपाल स्टक एक्सचेन्ज र आर्थिक सर्वेक्षण २०७६/७७*

कुनै पनि देशको कुल गार्हस्थ्य उत्पादन र कुल बजार पुँजीकरणको अनुपातलाई लिएर पोजिशनको रूपमा पुँजी बजारलाई निर्धारण गर्न सकिन्छ । कुल बजार पुँजीकरण मात्र पुँजी बजारको स्तर निर्धारण गर्ने औजार होइन । माथिको तालिकाबाट हाम्रो बजारको अवस्था के छ? बजारको आकार, बजार उपकरणहरूको प्रयोग, नवीनतम् प्रविधिको प्रयोग, बजारमा समेटिएका क्षेत्रहरू र पुँजीको अवधारणा लगायत सबै पक्षमा हाम्रो अभ्यास औषत मापनको अंकगणितीय आधार वा व्यवहारिक अनुभव भन्दा न्युन रहेको देखिन्छ । यसले हाम्रो पुँजी बजार जति मात्रामा विकसित हुनुपर्ने हो त्यति विकास भएको इंगित गर्दैन ।

**ख) नेप्से परिसूचकाङ्क (विन्दुमा)**

| सि.न | आर्थिक वर्ष | नेप्से सूचकाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०६५/६६ | १०८५ | |
| २ | २०६६/६७ | ४७७.७ | |
| ३ | २०६७/६८ | ३६२.९ | |
| ४ | २०६८/६९ | ३८९.७ | |
| ५ | २०६९/७० | ५१८.३ | |
| ६ | २०७०/७१ | १०३६.१० | |
| ७ | २०७१/७२ | ९६१.२ | |
| ८ | २०७२/७३ | १७१८.२ | |
| ९ | २०७३/७४ | १५८२.७ | |
| १० | २०७४/७५ | १२१२.४ | |
| ११ | २०७५/७६ | १२५९ | |
| १२ | २०७६/७७* | १३७७.२ | |

** प्रथम आठ महिना*

*श्रोतः आर्थिक सर्वेक्षण २०७६/७७*

**नेप्से सूचकाङ्कलाई लेखाचित्रमा देखाउदा**




नेप्से सूचकाङ्क आर्थिक वर्ष २०६५/६६ मा १०८५ को विन्दुमा रहेकोमा आर्थिक वर्ष २०६८.६९ आउँदा घटेर ३९० को विन्दुमा पुग्यो । दोस्रो संविधन सभाको निर्वाचन पश्चात संविधान जारी भएपछि रेमिट्यान्स आयमा वृद्धि, अर्थतन्त्रका परिसूचकमा सकारात्मक परिवर्तन, वैंकिङ तरतला स्थितमा सुधार, मार्जिन ऋणमा वृद्धि लगायतले नेप्से परिसूचक बढेर आर्थिक वर्ष २०७/७३ को अन्त्यसम्म हालसम्मकै उच्चत्तम विन्दु १७१८ मा पुग्यो । यसरी नेप्से ह्वात्तै वढ्दा जोखिम पनि बढ्ने सम्भावना त्यतिकै हुन्छ । कम्पनीहरूमा पुँजी वृद्धिसँगै वोनस र हकप्रद मार्फत शेयर संख्या बढ्ने हुँदा प्रतिफल नबढी घट्न जाने हुन्छ । कुनै अकस्मात आउने घट्नाहरूले वढेको पुँजी बजारमा स्थायित्व हुँदैन र यस किसिमको अवस्था देखिन्छ । मुलुकको राजनीतिक स्थायित्वसँगै अर्थतन्त्रको दिगो रूपमा आकार वृद्धि हुने हो भने पुँजी बजारले पनि गति लिन्छ र त्यसमा स्थायित्व पनि हुन्छ । अफसोच पुँजी बजारमा उतारचढाव आउने र स्थायित्व नहुने अवस्था सधै देखियो । फलस्वरूप नेप्से परिसूचक ओरालो लाग्दै आर्थिक वर्ष २०७६/७७ को प्रथम आठ महिनाको अन्त्यसम्म १३७७ मा पुगेको छ । हल्लाको भरमा बढ्ने र घट्ने पुँजी बजार निश्चयनै टिकाउ हुँदैन ।

विकसित देशमा बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि हुँदा शेयरको प्रतिफल घट्ने हुँदा यसको असर प्राय नकारात्मक पर्ने र शेयर बजारमा ह्रास आउने हुन्छ । यस्ता देशमा सुधारका ठूला घटना हुँदा पनि पुँजी बजारले केही सुधारको संकेत गर्छ तर ह्वात्तै वढ्ने र घट्ने हुँदैन । विश्वव्यापी रूपमा देखिएको कोभिड-१९ को असर तथा लामो समयको लकडाउन र बन्दको कारणले अर्थतन्त्रमा आएको सिथिलतासँगै

पुँजी बजारको स्थिति खस्किदै गएको छ । लगानीकर्ताकहरूको लगानी जोखिममा रहेको छ । लगानीकर्ताहरूले पुँजीगत लाभ प्राप्त गर्न नसिकरहेको अवस्था छ । नेप्से सूचकाङ्क घटिरहेको छ । वित्तीय साक्षरता नभइसकेको नेपालको पुँजी बजार एकदमै अस्थिर देखिन्छ । यस्तो अवस्थामा लगानीकर्ताले आधारभुत विश्लेषण गरेर मात्र लगानी गर्नुपर्ने हुन्छ ।

### ३. वर्तमान विषम् अवस्थामा (माहामारी) लगानीकर्तालाई विश्वासमा लिन के गर्ने त?

अर्थतन्त्रलाई चलायमान बनाउन संकटग्रस्त अबस्थामा पुगेको पुँजी बजारलाई राहत दिएर लगानीकर्ताको मनोबल उच्च बनाउन ढिला गर्नु हुँदैन । कोरोना संक्रमण र लकडाउनका कारण शेयर बजारमा सूचीकृत अधिकांश कम्पनीहरूको वितरणयोग्य नाफा असार मसान्तमा न्यून रहेको देखिन्छ । यो असरबाट चालु आर्थिक वर्ष समेत नराम्रोसँग प्रभावित हुने निश्चित छ । कोभिडको असर कहिलेसम्म रहने हो प्रक्षेपण गर्न गाह्रो छ । त्यसबाट लगानीकर्तामा पर्न जाने नकारात्मक असर कम गर्न तल उल्लेख भएबमोजिमका कदम चाल्नुपर्छ-

#### क. मार्जिन कर्जाको सिमा वृद्धि गरी बजार अनुकूल बनाउने

बैंकबाट कर्जा लिएर दोस्रो बजारमा लगानी गरिरहेका धेरै शेयर लगानीकर्ताहरू मार्जिन कलको सामना गर्ने अबस्थामा पुगेका छन् । यसले दोस्रो बजारलाई अरू संकटग्रस्त बनाइदिन्छ । सामान्य अवस्थामा बैंकले मार्जिन कल गर्न पाउँदैन, नगर भन्न पनि कसैले पाउँदैन तर अहिलेको अवस्था सामान्य हैन, अभूतपूर्व हो । बजारलाई राहत दिने भनेकै यस्तै बेलामा हो । मार्जिन कलको नियमलाई बजार अनुकुल बनाउन जरूरी देखिन्छ ।

#### ख. कर्जाको ब्याज पुँजीकरण र कर्जा नवीकरण गर्ने

बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिएका धेरैले समयमा नै सावाँ तथा ब्याज तिर्न नसक्ने अवस्था रहेकोले बैंकहरूको वित्तीय अवस्थामा पनि धेरै फरक पर्छ । यो समयमा ऋणीहरूले अपूरणीय क्षति भोग्नुपर्ने अवस्था हुँदा निश्चित समयावधिसम्मको बक्यौता ब्याज पुँजीकरण गर्नुपर्छ । सरकारको कर उठाउने रणनीतिलाई यस कार्यले थप वल पुग्छ । बैंकको निस्क्रिय कर्जा अनुपात पनि सन्तुलनमा रहन्छ ।

**चालु आर्थिक वर्ष २०७७/७८ को वजेटमा पुँजी बजारसम्बन्धी व्यवस्था**

- पुँजी बजारको दायरा विस्तार गर्ने
- ऋणपत्रको दोस्रो बजार कारोवारको शुरूवात गर्ने
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडको दोस्रो बजार कारोवारलाई पुर्णरूपमा विद्युतिय प्रविधिमा आधारित वनाउने
- पुँजी बजारमा संस्थागत लगानी वृद्धि गर्न स्टक डिलर सञ्चालनमा ल्याउने
- वस्तु विनिमय बजार सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाउने
- धितोपत्र वोर्ड नेपाल स्टक एक्सचेन्ज लि. सिडिएस एण्ड क्लियरिङ लिमिटेडको संरचनात्मक सुधार गर्ने ।

### ग. ब्रोकर कमिशन कटौती र क्षेत्र विस्तार गर्ने

शेयर बजारका लगानीकर्ताहरूलाई राहत दिन ब्रोकरेज कमिशन अल्पकालीन रूपमा घटाउदा राम्रो हुन्छ । यसो गर्दा यो माहामारीको समयमा पनि लगानीकर्ताको मनोबल बलियो भई कारोबार रकम बढेर जान्छ । कमिशन दर घटेबाट ब्रोकर, सरकार तथा नेप्सेलाई पर्न सक्ने आम्दानी कटौतीको मार बढ्दो कारोबार रकमले पूर्ति गर्छ । कारोबार रकम बढ्न थालेपछि कमिशन रकम पनि स्वतः बढ्छ । चर्को कमिशन घटाएर जति धेरै कारोबार, उति धेरै नाफाको सिद्धान्तमा जानुपर्छ । कमिशन दर कटौती गर्दा ब्रोकरहरूलाई पर्न जाने मर्का सम्बोधन गर्न उनीहरूको दायरा विस्तार गरी आधिकारिक प्रतिनिधिको मोडलमा लगानीकर्तासँग पहुँच विस्तार गर्न सकिने गरी अनुमति दिनुपर्छ । यो काममा नेपाल धितोपत्र बोर्डले सक्रियता देखाउनुपर्छ ।

### घ. मार्जिन ट्रेडिङ कर्जाको ब्याज दर तय र तत्काल प्रवाह गर्ने

ब्रोकरहरूबाट प्रबाह हुने भनिएको मार्जिन ट्रेडिङ कर्जा वास्तविक लगानीकर्ताले सहज रूपमा लिनसक्ने गरी सहजीकरण गर्नुपर्छ ।

### ङ. लगानीकर्ता र ब्रोकरलाई पुनरकर्जा दिने

सरकारले राष्ट्र बैंक मार्फत कोरोना राहत अन्तर्गत डेढ खर्बको पुनरकर्जा कोष सञ्चालनमा ल्याएकोमा त्यसबाट ब्रोकर लगानीकर्तालाई पुनरकर्जा प्रवाह हुने गरी ब्यवस्था गर्न उपयुक्त देखिन्छ । यसले शेयर बजारको मनोबल बढाउन ठूलो भूमिका खेल्छ । अहिले थप लगानी गर्ने र सेटलमेन्ट गर्ने रकम नभएर छटपटिएका लगानीकर्ता र ब्रोकरलाई राहत दिन्छ ।

### च. कम्पनीहरूले शेयर बजारमा आफैले लगानी गर्नसक्ने सीमा बढाउने

पब्लिक कम्पनीहरूले आफ्नो प्राथमिक पुँजीको ५० प्रतिशत रकमसम्म दोस्रो बजारमा प्रत्यक्ष रूपमा लगानी गर्न पाउने व्यवस्था गर्न सकेमा यसले बजारमा संस्थागत लगानीकर्ताको हैसियतबाट माग सिर्जना गर्छ ।

**पुँजी बजारसँग सम्वन्धित ऐनहरू**

- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४
- धितोपत्रसम्बन्धी ऐन, २०६३
- वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४
- सामूहिक कोष नियमावली, २०६७
- धितपत्र व्यवसायी(मर्चन्ट वैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलात तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र वोर्ड कर्मचारी सेवा सर्त नियमाली, २०६८
- धितोपत्र वोर्ड आर्थिक प्रशासनसम्बन्धी नियमाली, २०६६
- नेपाल धितोपत्र वोर्ड खरिद नियमावली,२०७४
- धितोपत्र सूचीकरण तथा कारोवार नियमावली,२०७५
- वस्तु विनिमय बजारसम्बन्धी नियमावली, २०७४
- क्रेडिट रेटिङ नियमावली, २०६४
- धितोपत्र बजार सञ्चालन नियमावली,२०६४
- नेपाल धितोपत्र वोर्डसम्बन्धी नियमावली, २०६४

**छ. अनलाईन प्रणालीमा बैंक तथा हितग्राही खाता ईन्टिग्रेशन गर्ने**

दुई वर्ष अघि सञ्चालनमा आएको नेप्सेको पूर्ण अनलाईन कारोबार प्रणालीमा बैंक र हितग्राही खाता ईन्टिग्रेशन धेरै जटिल भएकोले यसलाई सहज बनाउनुपर्छ । बैंक ईन्टिग्रेशन, नेप्से र ब्रोकरहरूले गर्नुपर्ने काम भएकाले सो कार्य प्रभावकारी बनाई लगानीकर्ताहरूलाई सहजीकरण गर्नुपर्छ ।

**ज. ब्रोकरहरूका तर्फबाट बिक्री चाप हैन, माग सिर्जना गर्ने**

अहिले अधिकांश ब्रोकरहरूमा लगानीकर्ताहरूले तिर्नुपर्ने बक्यौता रकम बाँकी रहेको र कयौं लगानीकर्ताले शेयर बिक्री गरेको रकम पाउँन नसक्नेको अबस्थामा ब्रोकरहरूले शेयर खरिद गर्ने लगानीकर्ताहरूलाई बिक्रीका लागि दबाब दिइरहेका छन् । शेयर बजारमा लागेका ब्रोकरहरू विशुद्ध ब्रोकर नभई ठूला लगानीकर्ता पनि हुन् । बजारमा खरिद चाप देखाउने कि बिक्री चाप भन्ने कुरा पनि उनीहरूकै हातमा छ । बजार सम्बद्ध पक्षहरूले तत्काल ठोस छलफल गरी रकम तथा शेयर भुक्तानीका ब्यवधान र सिमाहरूलाई हटाउन सक्नुपर्छ ।

ब्रोकरका तर्फबाट बिक्रीमा दबाब नभई कसरी माग सिर्जना गर्ने हो भन्ने बारेमा उनीहरूले गम्भिरतापूर्वक सोच्नुपर्छ । यसका लागि नेप्से, ब्रोकर र लगानीकर्ताका बीचमा एक खालको समझदारी बन्नु अति आबश्यक छ । शेयर लगानीकर्ताहरूले दबाब समूह बनाई यसका लागि भूमिका खेल्न सक्छन् ।

**झ. संस्थागत लगानीकर्ताबाट माग सिर्जना गर्ने**

नागरिक लगानी कोष, विमा कम्पनी लगायतलाई शेयर बजारमा लगानीका लागि थप दायरा दिने हो भने उनीहरूले बैंक निक्षेप र घरजग्गामा लगाइरहेको रकम पुँजी बजारमा लगाउन सक्छन् । यसले बैंक तथा हाईड्रो कम्पनीमा रहेको अधिक आपूर्तिलाई नियन्त्रण गर्न भूमिका खेल्न सक्छ । यसका लागि अर्थ मन्त्रालय र धितोपत्र बोर्डले पहलकदमी गर्नुपर्ने देखिन्छ ।

**ञ. अनलाईनबाटै रोक्का तथा फुकुवा गर्ने**

कोरोना संक्रमण जोखिम र स्थानहदका कारण लगानीकर्ताहरूले धेरै गतिविधि गर्नु जोखिमपूर्ण भएकाले शेयर धितो राखी कर्जा लिएका र लिनेहरूको सवालमा नयाँ ब्यवस्था गर्नु एकदम आवश्यक देखिएको छ । शेयर धितोका लागि शेयर रोक्का तथा फुकुवा गर्दा सम्बन्धित बैंकले पूर्णतः विद्युतीय माध्यमबाट मात्र रोक्का वा फुकुवा गर्नुपर्ने ब्यवस्था अनिवार्य गर्नुपर्छ । रोक्का भएको शेयर सम्बन्धित ब्रोकरको विद्युतीय पत्रको आधारमा सम्बन्धित बैंकले बिक्री गर्न स्वीकृति दिई सो बिक्री वापतको सम्पूर्ण रकम धितो रोक्का राख्ने बैंकको खातामा विद्युतीय माध्यमबाट राफसाफकै दिन जम्मा हुने ब्यवस्था गर्नुपर्छ ।

**पुँजी बजारसँग सम्वद्ध निकायहरू**

- नेपाल सरकार,अर्थ मन्त्रालय
- नेपाल राष्ट्र बैंक
- कम्पनी रजिष्टारको कार्यालय
- धितोपत्र वोर्ड
- नेपाल स्टक एक्सचेन्ज
- ब्रोकरहरू
- धितोपत्र व्यवसायीहरू
- सूचीकृत कम्पनीहरू

उसबाट लगानीकर्ताको दौडधुपमा कमी आई कोरोना संक्रमण जोखिम कम हुन्छ र छिटो छरितो, कम खर्च र कागजी झन्झट बिनानै काम हुन्छ । शेयर धितो रोक्का र फुकुवा पूर्व अभौतिक गराउनुपर्छ । यसका लागि राष्ट्र बैंक, ऋण दिने बैंक, क्यापिटल, शेयर रजिष्ट्रार र निक्षेप सदस्यहरूबीचमा तत्काल ठोस सहमति भई कार्यान्वयनमा जानुपर्छ ।

**ट. लगानी रणनीति वनाउने**

खस्कदै गएको शेयर बजारलाई पूर्ववत अवस्थामा ल्याउनको लागि लगानीकर्ताहरूले पनि आफ्नो अवस्था सुदृढ पार्ने, लगानीयोग्य रकम जुटाउने र जोखिमरहित लगानीको रणनीति बनाउने काम गर्नुपर्छ ।

अर्थतन्त्रका परिसूचकमा आउने उतरचढावले पुँजी बजारमा पनि उतारचढाव आउँछ । पुँजी बजारमा धितोपत्रको मूल्य घट्छ कि बढ्छ भन्ने कुरा भन्दा पनि यो कठिन अवस्थामा बजारका लागि आवश्यक प्रबन्धन गर्नु चाँहि धेरै महत्त्वपूर्ण कुरा हो । बजारका परिसूचकहरूमा घटवढ हुन्छ । यो कुरा बजारमा नै निर्भर गर्छ । पुँजी बजारमा तत्काल गर्नुपर्ने माथिका सुधारहरू गर्न सकेमा लगानीकर्ताहरू हतोत्साही हुने वातारण बन्ने थिएन ।

## ४. अर्थतन्त्रमा पुँजी बजारको भूमिका

देशमा छरिएर रहेको वचतलाई दीर्घकालीन वचतका उपकरण मार्फत परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउन पुँजी बजारले महत्त्वपूर्ण भुमिका खेल्छ । प्रभावकारी बजार व्यवस्थापन र नियमनले पुँजी बजार अझ गहिरो स्थिर हुन जान्छ । हालसम्म पनि यसले अपेक्षित मात्रामा विस्तार र गहिराइ प्राप्त गर्न सकेको छैन । पुँजी बजारमा धितोपत्र तथा दीर्घकालीन ऋणको सेवा विस्तार गर्दै अर्थतन्त्रको लागि उदयमान क्षेत्रको रूपमा विकास गर्न जरूरी छ । आर्थिक वृद्धिलाई प्रत्यक्ष सघाउ पुग्ने गरी अर्थतन्त्रमा पुँजी बजारले निम्न भूमिका खेलेको हुन्छ ।

- लगानी गर्न चाहने संस्थाहरूलाई कोष उपलव्ध गराउने,
- वचत कोषको परिचालन गर्ने,
- मौद्रिक नीतिको कार्यान्वयमा सहयोग,
- वित्तीय गतिशिलतामा सहयोग गर्ने,
- पुँजी निर्माण गर्ने,
- लगानी वृद्धि गर्ने,आर्थिक वृद्धि र विकास गर्ने
- सरकारलाई सहयोग गर्ने ।

**पन्ध्रौ योजनामा पुँजी बजारसम्बन्धी रणनीतिहरू**

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने,
- पुँजी बजारको क्षेत्र तथा दायरा विस्तार गर्ने,
- कानूनी संस्थागत तथा संरचनागत सुधार गर्ने,
- धितोपत्र तथा वस्तु विनिमय बजार सञ्चालन तथा नियमन प्रणाली अन्तर्राष्ट्रियस्तरको वनाउने
- धितोपत्र बजारमा साना र स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउने ।

## ५. चुनौती तथा अवसर

नेपालमा प्राथमिक बजार प्रारम्भ भएको ८४ वर्ष र नेपाल धितोपत्र वोर्ड र नेप्सेको स्थापनासँगै दोस्रो बजारको शुरूवात भएको लगभग तीन दशक नाघेपनि विकासको दृष्टिले धितोपत्र बजार प्रारम्भिक अवस्थाबाट नै गुज्रिरहेको छ । धितोपत्र बजार हालसम्म पूर्ण आधुनिकिकरण र गतिशिल हुन सकिरहेको छैन । तसर्थ, यो बजार पूर्ण, आधुनिक, स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी तथा लगानीमैत्री बनाउने मुख्य चुनौती छ । धितोपत्र वोर्डको संगठनात्मक र संरचनात्मक सुधार गरी नियमन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्दै स्वतन्त्र निकायको रूपमा विकास गर्नु अर्को चुनौती रहेको छ । यी चुनौतीहरूको साथै पुँजी बजारको स्थायी दिगो विकासको सम्बन्धमा नीतिगत, बजार प्रविधि, संस्थागत तथा संरचनात्मक, कानूनी लगायतका देहायअनुसारका चुनौतीहरू रहेका छन्-

### क) चुनौतीहरू

**उदारीकरण नीतिमा स्थिरता कायम गर्नु**

पुँजीबजारको विकासको लागि उदार आर्थिक नीति महत्त्वपूर्ण पूर्वशर्त हो । समय समयमा हुने नीतिगत परिवर्तनले पुँजीबजारको विकासमा गतिशिलता आउन सकेको छैन । तसर्थ, नीतिगत स्थिरतासहितको दिगो बजारको विकास गर्ने कार्य चुनौतिपूर्ण छ ।

**बजार र प्रविधि सुधार गर्ने चुनौतीहरूः**

- कारोबार अटोमेशन, कारोवारको लागि अटोमेटिक राफराफ, कागजविहिन द्रूत विद्युतीय शेयर नामसारी जस्ता कार्य प्रभावकारी बनाई बजारको पूर्ण आधुनिकिकरण गर्नु,
- पुँजी बजारको दोस्रो बजार व्यवस्थित गर्न नागरिक लगानी कोषलाई बजार निर्माताको रूपमा विकास गर्नु,
- वस्तु विनिमय बजारलाई स्थानीय वस्तुसँग आवद्ध गराई कृषि क्षेत्रको समेत स्तरोन्नति हुने गरी बजार विकास गर्नु,
- दोस्रो बजार देशव्यापी रूपमा विस्तार गर्नु,
- नागरिक लगानी कोष विमा कम्पनी कर्मचारी सञ्चय कोष जस्ता संस्थालाई संस्थागत लगानीकर्ताको रूपमा विकास गर्नु,
- गैर आवाशिय नेपालीहरूलाई दोस्रो बजारमा उत्साहपूर्ण उपस्थित गराउनु,
- लगानीकर्ताको लागि सिंगल आइडेन्टिटी कार्डको व्यवस्था गरी यथाशीध्र वेभमा आधारित व्यापार शुरू गर्नु,
- म्याचुअल फण्ड, वण्ड मार्केट र ओटिसी बजार प्रभावकारी वनाउनु,
- Private Equity, Venture Capital र Hedge Fund को विकास गर्नु,
- शेयरको प्राथमिक निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणको व्यवस्था गर्नु,
- हकप्रद शेयर निष्काशन मार्फत डेरिभेटिभ मार्केटलाई प्रभावकारी बनाउनु ।

**संरचनात्मक तथा संस्थागत सुधारसम्बन्धी चुनौतीहरू**

- धितोपत्र वोर्डको संगठनात्मक र संरचनात्म सुधार गरी आधुनिक स्टक एक्सचेन्ज हाक्न सक्ने नियमन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्नु,
- वोर्डमा आवश्यक जनशक्तिको परिमाणात्मक तथा गुणात्मक प्रतिष्पर्धा विकास गर्नु,
- नेपाल स्टक एक्सचेन्जलाई प्रतिस्पर्धी बनाउनु,
- नेप्सेको सहायक कम्पनीको रूपमा रहेको सिडिएससी कम्पनीको शेयर स्वामित्वमा क ग्रेडका कम्पनीहरूलाई सहभागी गराई संरचनात्मक सुधार गर्नु,
- सार्क क्षेत्रमा पुँजी बजार विकास गर्न क्रसबोर्डर लिष्टिङ र ट्रेडिङमा सहभागी गराउन नियामक निकायहरू, सूचीकृत कम्पनीहरू, दलाल व्यवसायीहरू सबै सहभागीको क्षमता अभिवृद्धि गर्नु ।

**ब्रोकर व्यवसायलाई अझ स्तरीय व्यवसायिक र प्रतिष्पर्धी बनाउने चुनौतीहरू**

- समसायिक ब्रोकर व्याक अफिस वेभ सफ्टवयर डिजाइन गरी लागु गर्नु,
- बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनी खोली ब्रोकर तथा बजार निर्माताको कार्य गर्नु,
- विदेशी प्रविधि र पुँजी भित्र्याई ब्रोकर व्यवसायको विकास गर्नु,
- कारोवार फर्छ्यौट सुनिश्चित कोष (Settlement Gurantee Fund) को व्यवस्था गर्नु,
- ब्रोकर व्यवसायमा गुणस्तर र क्षमता वृद्धि गराई यी व्यवसायी मार्फत नै अन्तर्राष्ट्रिय असल प्रयोगअनुसार लगानीकर्तालाई लेण्डिङ मार्जिन सुविधा प्रदान गर्नु ।

**वास्तविक क्षेत्रका कम्पनीहरूलाई पुँजी बजारमा आकर्शित गर्ने चुनौतीहरू**

हाल नेपालको पुँजी बजारमा बैंक तथा वित्तीय क्षेत्रको अधिपत्य रहेको छ । वास्तविक क्षेत्रलाई यस बजारमा आशातित संलग्न गराउन सकिएको छैन। पछिल्लो समयमा केही हाइड्रोपावर कम्पनीहरू सूचीकृत भएका छन्। यो राम्रो शुरूवात हो। अधिकांश सर्वसाधारण वास्तविक क्षेत्रसँग नजिक हुन्छन् । उत्पादनशील वास्तविक क्षेत्रका कम्पनीमा सुशासन र वित्तीय पारदर्शिता अभिवृद्धि गर्ने तथा मौद्रिक नीति वित्त नीतिमा प्रोत्साहनमूलक कार्यक्रम लागु गरी पुँजी बजारमा भित्र्याउने कार्य चुनौतीपूर्ण छ ।

**कानून निर्माण तथा सुधारसम्बन्धी चुनौतीहरू**

- पुँजी बजारसँग सम्बन्धित कानून संघीयता अनुकुल हुने गरी समसामयिक परिमार्जन गर्नु,
- कतिपय नियमावलीलाई कानूनमा परिणत गर्नु जस्तै- सिडिएससी र सामुहिक लागनीसम्बन्धी कोषलाई व्यवस्थित गर्न ट्रष्ट ऐन वा यससँग सम्बन्धित अन्य ऐनहरू बनाउनु,
- विभिन्न नियमावली तथा विनियामलीहरू समयानुकूल संशोधन गर्नु ।

**वनाउनुपर्ने कानूनहरू**

- Private Equity Act
- Venture Capital Act
- Hedge Fund Act
- Trustiship Act
- कतिपय भइरहेका नियमावलीको ऐन बनाउनु पर्ने ।

**सुशासन कायम गर्ने चुनौतीहरू**

- पुंजीबजारमा नियामन निकाय तथा सम्पूर्ण सूचीकृत संगठित संस्थाहरूमा सुशासन कायम गर्नु,
- भेन्चर क्यापिटल र प्राइभेट इक्विटीको नियमन व्यवस्था गर्नु,
- लगानी उत्प्रेरणाको लागि लगानीकर्ता शैक्षिक कार्यक्रम र वित्तीय साक्षरता अभिवृद्धि गर्नु ।

पुँजी बजारको स्थायी एवं दिगो विकासको लागि नीतिगत, बजार प्रविधि, कानूनी, सुशासन लगायतका चुनौतीहरूको समयमा सम्बोधन हुन जरूरी छ । चुनौतीको सम्बोधनबाट नेपालको पुँजी बजार पूर्ण आधुनिक प्रतिस्पर्धी एवं विश्सनीय हुन जान्छ । सुधारबाट नै मुलुकको आर्थिक विकासमा उल्लेख्य योगदान दिन सकिन्छ ।

**ख) अवसरहरू**

पुँजी बजार मुलुकको अर्थतन्त्रको इण्डिकेटर हो । यसको अवस्थाले देशको अर्थतन्त्र कता जाँदैछ भन्ने संकेत गर्छ । अन्तर्राष्ट्रियस्तरमा यसलाई अर्थतन्त्रको ऐनाको रूपमा हेरिन्छ । तर नेपालको पुँजी बजारको प्रकृति वेग्लै खालको छ । हामी कहाँ पुँजी बजारले अर्थतन्त्रको प्रतिनिधित्व गर्न सकिरहेको छैन । अर्थतन्त्र नकारात्मक दिशामा हुँदा पनि यहाँ शेयर बजार बढेको र सकारात्मक दिशामा हुँदा शेयर बजार घटेको थुप्रै उदाहरणहरू छन् । यस्तो अवस्था भनेको अर्थव्यवस्था र पुँजीकरण विचमा पूर्ण समन्वयको स्थिति नरहेको देखिनु हो । पुँजी बजारले सबै क्षेत्र समेट्न नसकेको तथा क्षेत्रगत सन्तुलन हुन नसकेकोले यस्तो अवस्था आएको हो । पुँजी बजारमा क्षेत्रगत सन्तुलन गरी उपलव्ध अवसरहरूको प्रयोगबाट अर्थतन्त्रको दिगो श्रोतको रूपमा स्थापित गर्न आवश्यक छ । नेपालको पुँजी बजारमा विद्यमान अवसरहरू संक्षेपमा निम्न रहेका छन्-

- संघीयता कार्यान्वयसँगै राजनीतिक स्थिरता कायम भएको छ ।
- देशको अर्थतन्त्रको व्यवसायीकरण तथा आधुनिकिकरण गर्न आवश्यक दीर्घकालीन पुँजी न्यून लागतमा उपलव्ध गराउन सकिने अवस्था छ ।
- लगानीयोग्य वातावरणको लागि आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिएको छ ।
- बास्तविक क्षेत्रका संगठित संस्थाहरू धितोपत्र बजारमा प्रवेश शुरू भएको छ ।
- पुंजी बजारमा गैरआवाशीय नेपालीहरूले समेत लगानी गर्न सक्ने संवैधानिक व्यवस्थाले यस क्षेत्रमा आकर्षण बढ्दै गएको छ ।
- धितोपत्र बजारमा साना लगानीकर्ताको आकर्षण बढ्दै गएको छ ।
- धितोपत्रको कारोवारको प्राथमिक बजार सबै जिल्लासम्म विस्तार गरी सर्वसाधरणको पहुँच स्थापित गरिएको छ ।
- सूचीकृत कम्पनी तथा धितोपत्र व्यवसायीको संख्यामा वृद्धि हुँदै गएको छ ।
- पुंजी बजारको सन्तुलित विकासमा योगदान गर्न सकिने सम्भावना त्यतिकै रहेको छ ।

- स्वचालित कारोवार प्रणालीमा वृद्धि भएको छ ।
- कतिपय आवश्यक नीति तथा कानूनहरू बनिसकेको अवस्था छ भने कतिपय बन्ने क्रममा रहेका छन् ।

## निष्कर्ष

पुँजी बजारमा धेरै अवसरहरू छन् । यी अवसरबाट फाइदा लिनको लागि देशले नीतिगत र कानूनी अवरोधहरूमा सुधार गर्दै लैजान आवश्यक छ । नियमन निकाय र संगठित संस्थाहरूमा संस्थागत सुशासन कायम गर्नुपर्छ । प्राप्त अवसरहरूको भरपूर प्रयोगबाट यस क्षेत्रमा लगानी वृद्धि गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य छ । सञ्चालनमा आएका वास्तविक क्षेत्रका कम्पनीहरूलाई अनिवार्य रूपमा पुँजी बजारमा सूचीकृत हुनैपर्ने गरी राज्यले कानूनमा व्यवस्था गर्नु पर्छ । जस्तो- बैंक तथा वित्तीय संस्था तथा विमा कम्पनीलाई गरिएको छ । सूचीकृत हुनेलाई विशेष सुविधा पनि दिनुपर्छ । प्रिमियम शेयर निष्काशन गर्न दिनुपर्दछ । सूचीकरणको प्रक्रियामा लागत घटाउनु जरूरी छ । पुँजी बजारमा कम्पनीले आइपिओ जारी गर्दा आइपिओको निस्काशन रकम भन्दा उसको लागत वढि पर्ने अवस्था आयो भने वास्तविक क्षेत्रका संगठित कम्पनीहरू बजारमा प्रवेश गर्न हिच्किचाउने हुन्छ । त्यसकारण धितोपत्र बजारमा सूचीकरण हुँदा लाग्ने लागत घटाउने नीति लिनुपर्छ ।

नेपालको पुँजी बजारको प्रमुख चुनौती भनेको नै आधुनिक प्रविधिको प्रयोग र वास्तविक क्षेत्रका कम्पनी भित्र्याउनु हो । यो अवस्थामा सरकार र नियमक निकायले विभिन्न किसिमका छुट र सुविधासहित कम्पनीलाई प्रोत्साहन गर्नुपर्दछ । विभिन्न तहका वास्तविक क्षेत्रका कम्पनी बजारमा भित्र्याउन सके बजार सन्तुलित हुन्छ । क्षेत्रगत जोखिम कम हुन्छ । लगानीकर्ताले लगानी विविधिकरण गर्न पाउँछन् । बजारप्रति सर्वसाधारण लगानीकर्ताको विश्वास बढ्छ । बजार विश्वसनीय हुँदा आन्तरिक तथा बाह्य पुँजी सर्वसुलभ रूपमा परिचालनका लागि वातावरण बन्छ । अतः यसलाई मुलुकको आर्थिक क्रान्तिको आधार बनाउन सरोकारवाला निकायले ढिलो गर्नु हुँदैन ।

## सन्दर्भ सामग्रीहरू

Books & Articles

Paul, R.R., Monetary Economics, Kalyani Publishers, New Delhi, Revised Edition, 2013

Sharma & Bistha, Public Economics, Pairabi Prakashan, Third Edition, 2068

Subedi, Yukta, Nasu & Officer Digdarshan, Economics, Utshav Books Publication, Kathmandu, 2069

Bhattarai, Dr. Ramchandra, Monetary Economics, Oxford books House, Kritipur, Kathmandu, 2070

सुवेदी, युक्त, चुनौतीको चाङमा पुँजी बजार, अभियान दैनिक, काठमाडौं, भाद्र २२, २०७३
सुवेदी, युक्त, गौरवको लागि तिरौं कर, कान्तिपुर दैनिक, काठमाडौं, मंसिर १, २०७३
सुवेदी, युक्त, समृद्धिको लागि तिरौं कर, कारोवार दैनिक, काठमाडौं, मंसिर १, २०७३
अर्थनीति, सेजन स्मारिका, समृद्धि सपना, काठमाडौं, २०७२
पन्ध्रौं योजना, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, वैशाख, २०७६
आर्थिक सर्वेक्षण, आर्थिक वर्ष, २०७६/७७, नेपाल सरकार, अर्थ मन्त्रालय, जेठ, २०७७
वजेट, आर्थिक वर्ष, २०७७/७८, नेपाल सरकार, अर्थ मन्त्रालय, जेठ, २०७७
मौद्रिक नीति, आर्थिक वर्ष, २०७७/७८, नेपाल राष्ट्र बैंक, असार, २०७७
पत्रपत्रिकामा प्रकाशित समसामयिक लेखहरू

Web Sites

www.nepalstock.com.np

www.merolagani.com

www.mof.np

www.nrb.org.np

# म्युचुअल फन्डको बहुआयामिक लाभ

✍ भीमप्रकाश देवकोटा*

**विषय प्रवेश**

छरिएर रहेको स-साना रकमलाई एकीकृत गरी पुँजी बजारमा लगानीगर्ने संस्थाहरू नै म्युचुअल फन्ड हुन् । सन् १७७० मा वित्तीय संकटबाट डगमगाएको युरोपलाई राहत दिन म्युचुअल कोष जन्म भएको थियो । हाल संसारका प्राय सबै मुलुकमा यस्ता सामुहिक लगानी कोषहरू छन् । नेपालमा खुला र बन्द गरी दुई प्रकृतिका छन् ।

सहभागितामूलक कोष व्यवस्थापन (Mutual funds) कार्यक्रमहरूमा लगानीकर्ता जुनसुकै समयमा पनि सहभागी हुन सक्छन् । मुच्युअल फन्डले लगानीकर्ताको बचतलाई संकलन गरी निश्चित वित्तीय औजारमा लगानी गर्छ यस्तो योजना परिपक्व हुने निश्चित अवधि तोकिएको हुँदैन । लगानीकर्ताले आफूसँग भएको सेयर जनुसुकै समयमा बेच्न सक्छन् र किन्न पनि सक्छन् । प्रचलित खुद सम्पत्ति मूल्यका आधारमा यसको किनबेच हुन्छ ।

म्युचुअल फन्डको बन्दमूखी योजना निश्चित परिमाण र निश्चित समयका लागि सञ्चालित हुन्छ । पूर्व निर्धारित समयावधिमा लगानीकर्ताले योजनाको सेयरकिन्न पाउँछन् । योजना परिपक्व भएपछि लगानीकर्ताले प्रचलित खुद सम्पत्ति मूल्यमा सेयर बिक्री गर्छन् ।

सामुहिक लगानी कोष नियमावली, २०६७ जारी भए पश्चात् सञ्चालनमा आएको पहिलो म्युचुअल फण्ड सिद्धार्थ बैंकद्वारा प्रवर्द्धित सिद्धार्थ म्युचुअल फण्ड हो भने तत्पश्चात हाल नेपालमा खुला र बन्द गरी हाल २० वटा म्युचुअल फन्ड सञ्चालनमा छन् । यस्ता म्युचुअल फन्डहरूले व्यावसायिक व्यवस्थापकको ज्ञान तथा अनुभव (जुन व्यक्तिगत लगानीकर्तामा नहुन सक्छ) को अधिकतम उपयोग गरी मूनाफा सुनिश्चित गर्दछन् जुन क्षमता व्यक्तिगत लगानीकर्तामा नहुन सक्छन् ।

## १. म्युचुअल फण्डबाट लगानीकर्तालाई हुने लाभहरू

### (१) सहज सहभागिता

ठूला लगानीकर्ताहरूलाई मात्र उपलब्ध हुन सक्ने लगानीमा म्युचुअल फन्ड मार्फत साना लगानीकर्ताहरूले पनि भाग लिन सक्ने क्षमता रहन्छ । म्युचुअल फण्ड अन्तर्गत सञ्चालन गरिने योजनाका ईकाइहरूको प्रति ईकाइ मूल्य रू.१० (दश) तोकिएको छ । साधारणतया न्यूनतम खरीद गर्नुपर्ने ईकाइ संख्या १०० रहेको छ । यस प्रकारलेकुनै एक व्यक्तिले रू.१,००० (एक हजार) मात्र पनि लगानी गर्न सक्छ । कुनै पनि म्युचुअल फण्ड योजनामा योजना निष्काशनमा आवेदन गरी लगानी गर्न सक्छन् । साना लगानीकर्ता, वित्तीय विश्लेषण गर्ने क्षमता नभएका, समय दिन नसक्ने लगानीकर्ताको लागि म्युचुअल

* *शाखा अधिकृत, आन्तरिक राजस्व विभाग*

फन्डहरूले निकै सहजता दिएको छ ।

### (२) लगानी बिविधीकरण

म्युचुअल फन्डहरूले पुँजी बजारमा सूचीकृत धेरै धितोहरू समात्दै लगानी विविधीकरण (portfolio Management) गर्दछन् जसले लगानीकर्ताको लगानी जोखिमसमेत न्यूनीकरण हुन जान्छ ।

### (३) व्यवसायिक व्यवस्थापन

सञ्चालकमा आधारभूत प्राविधिक विज्ञदेखि विभिन्न अत्याधुनिक प्रविधिले सुसज्जित विभिन्न क्षेत्र र विषयहरूको ज्ञान तथा व्यवसायिक क्षमताभएका दक्ष जनशक्तिले विभिन्न लगानीका क्षेत्रहरूसम्बन्धी वित्तीय तथ्याङ्क तथा विवरणको संग्रह, वित्तीय तथा अन्य विवरण तथा सूचनाहरूलाई विश्लेषण गरी सोका आधारमा लगानी निर्णयमा पुग्न सघाउ पुऱ्याउने विधिहरू भएको अवस्थामा मात्र नियमन निकायबाट त्यस्तो संगठित संस्थालाई कोष व्यवस्थापन गर्ने अनुमति दिने गरिन्छ जसबाट लगानीकर्ताको रकमको लगानी व्यवस्थापन गरी जोखिम कम गरी लगानीकर्तालाई लाभांश दिन सक्छन् ।

### (४) कम लागत

सानो कारोबार र ठूलोकारोबार गर्दा लाग्ने प्रकृया एउटै हुने र त्यसमा उत्तिकै समय, शुल्क लाग्ने भएकोले तुलनात्मक रूपले सानो सानो कारोबारमा भन्दा ठूलो कारोबारमा लागत कम हुन जान्छ । सानो लगानीलाई म्युचुअल फण्डअन्तर्गतको योजनाका ईकाइहरूमा लगानी गर्दा यस्ता साना साना रकम जम्मा गरी ठूलो रकम योजना व्यवस्थापकले लगानी गर्दा सो को लागत समेत समानुपातिक हिसाबले आफ्नो लगानी रकममा भाग लगाउँदा आफैले गर्दा लाग्ने लागत भन्दा निकै कम लागत पर्न आउँछ ।

### (५) दैनिक तरलता व्यवस्थापनमा सहजता

म्युचुअल फण्डमा गरेको लगानीलाई उचित मूल्यमा कुनै पनि समय बिक्री गर्न सकिन्छ । बन्दमूखी योजनाका ईकाइहरू स्टक एक्सचेन्जमार्फत बिक्री गर्न सकिन्छ भने खुलामूखी योजनाको हकमा कुनै पनि समयमा योजना व्यवस्थापक वा निजले तोकेको स्थानमा गई बिक्री गर्न सक्ने व्यवस्था गरिएको हुन्छ ।

### (६) पारदर्शिता र तुलनाको सहजता

सामूहिक लगानी कोष नियमावली,२०६७ ले गरेको व्यवस्था अनुरूप सबै म्युचुअल फण्डहरूले लगानीकर्तालाई समान जानकारी रिपोर्ट नियमित रूपले राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक जानकारी गराउनु पर्ने व्यवस्था छ जसले गर्दा लगानीकर्ताहरूलाई आफ्नो लगानीको अवस्थाको जानकारी हुनुको साथै एक अर्कासँग तुलना गर्न सजिलो बनाउँदछ ।

### (७) सेवा र सुविधा

लगानीकर्ताहरूलाई Portfolio Management लगायत विभिन्न प्राविधिक र विशेषज्ञ सेवाहरू प्रदान

गर्दछन् । फलस्वरूप बजारको जस्तोसुकै उत्तारचढाव र अवस्थाबाट नै कमाउने अवसर सिर्जना भइरहेको हुन्छ ।

### (८) कर बचत

स-साना लगानीलाई परिचालन गर्न तथा देशकोउद्योग धन्दामा सर्वसाधारण जनताको सहभागिता गराई सोको प्रतिफलमा समेत उनीहरूको सहभागिता गराउने र यसबाट देशको अर्थतन्त्रको दिगो विकासमा ठूलो योगदान पुग्न जाने हुँदा धितोपत्र बजार रहेका हरेक मुलुकमा म्युचुअल फण्डलाई प्रोत्साहन गर्नका लागि आइपीओमा ५ प्रतिशत आरक्षण,योजनाको आयमा करनलाग्ने, लाभकर छुट, कर्पोरेट कर छुट लगायत विविध सुविधा उपलब्ध गराइएको छ । यद्यपि, हालसालै प्रकाशित महालेखा परीक्षकको ५७ औं प्रतिवेदनले बैंक सरह तीस प्रतिशत कर लगाउनु पर्ने सुझाव नेपाल सरकारलाई दिएपछि आन्तरिक राजस्व विभागमा यस सम्बन्धमा अध्ययन-अनुसन्धान र विश्लेषण गरी नीति सिफारिस गर्न गठित कार्यदले अध्ययन गर्ने कार्य गरिरहेको छ ।

### (९) सरकारी निरीक्षण

म्युचुअल फन्डहरू सरकारी निकायद्वारा विनियमित हुन्छन् जसबाट वित्तीय सुशासन कायम हुन गई विश्वसनीयता अभिवृद्धि हुन्छ । सामुहिक लगानी कोषका कार्यहरूमा कुनै कैफियत भएमा अनुगमनकारी निकायहरूले सुधारको लागि आवश्यक सुझाव, निर्देशन दिने व्यवस्था गरिएको छ ।

### (१०) लगानीको विकल्प

सेयर बजारबारे जानकार नभएका तर सेयर लगानीबाट प्रतोफल (रिटर्न) लिन चाहनेहरूका लागि म्युचुअल फण्डहरू राम्रो लगानीको विकल्प मानिन्छन् ।

## २ म्युचुअल फण्डबाट पुँजीबजारमा पुग्ने योगदान

पुँजी निर्माणमा सामुहिक लगानी कोषको विशेष महत्त्व रहेको हुन्छ । म्युचुअल फण्ड पुँजी बजारको मुख्य संस्थागत लगानीकर्ता हुन् जसको उपस्थितिले पुँजी बजारमा देहायअनुसार योगदान पुग्दछ-

### (१) धितोपत्रको बजार मूल्यमा हुने अस्वाभाविक उतार चढावमा नियन्त्रण

धितोपत्र बजारमा कारोबार हुने धितोपत्रको बजार मूल्यलाई अस्वभाविक रूपले उतार चढाव गराई विभिन्न व्यक्तिहरूले अझ भनौं केही ठूला लगानीकर्ताहरूले सर्वसाधारण लगानीकर्तालाई मर्कामा पारी आफूले फाइदा लिइरहेका हुन सक्छन् । अनावश्यक venue shopping गरी सर्वसाधारणलाई धितोपत्र खरिद वा बिक्री गर्न उक्साउने र आफूले सोको फाइदा लिने प्रवृतिले पुँजीबजारको विकासमा नै अवरोध पुग्दछ । म्युचुअल फण्डले गहन विश्लेषण गरी लगानी गर्ने, कसैको उक्साहट तथा बजार हल्लाको पछाडि लागेर लगानी गर्दैन जसबाट कुनै धितोपत्र (Stock) को वास्तविक मूल्यभन्दा अस्वभाविक रूपमा गिरावट आएको अवस्थामा म्युचुअल फण्डले त्यस्तो धितोपत्र खरिद गरी सोको माग वृद्धि गरिदिन्छ । फलस्वरूप, त्यस्तो धितोपत्रको मूल्यमा अवान्छित उछाल (ups and down) हुने अवस्थाको अन्त्य हुन्छ ।

**(२) धितोपत्र बजारको पारदर्शिता तथा विश्वसनीयता अभिवृद्धि**

म्युचुअल फण्ड सञ्चालन गर्ने योजना व्यवस्थापकले धितोपत्र जारी गर्ने कम्पनीका बारेमा निरन्तर जानकारी माग गरिरहेको हुन्छ । धितोपत्र निष्कानकर्ताले तोकिएको समयमा वित्तीय तथा अन्य तोकेबमोजिमका विवरणहरू प्रवाह नगराएको अवस्थामा उक्त कम्पनीलाई प्रवाह गराउन स्वयं दवाव दिने वा नियमन निकायलाई जानकारी गराई दवाव दिने गर्दछ । साथै, प्रवाहित सूचनालाई व्यवसायिक तवरले विश्लेषण गर्ने क्रममा कुनै कैफियत देखिएमा सो सम्बन्धमाप्रश्न उठाई सुधार गर्न लगाउने कार्य समेत म्युचुअल फण्ड सञ्चालकले गर्दछ । यसले समयमा वित्तीय तथा अन्य विवरण प्रवाह हुने तथा सोको विश्वसनीयतामा समेत अभिवृद्धि हुन जान्छ । यसको फलस्वरूप धितोपत्र बजारको पारदर्शिता तथा विश्वसनीयता अभिवृद्धि हुन्छ ।

**(३) लगानीकर्तालाई लगानीको लागि नयाँ धितोपत्र औजार**

म्युचुअल फण्डले सञ्चालनमा ल्याउने योजना लगानीकर्ताका लागि लगानीकोनयाँ क्षेत्र हो । तसर्थ, म्युचुअल फण्ड आफैमा एक धितोपत्र औजार हो, जसले सर्वसाधारणलाई यसमा लगानी गरी धितोपत्र बजारबाट हुन सक्ने मुनाफामा सहभागी हुने अवसर प्रदान गर्दछ ।

## ३ म्युचुअल फण्डबाट अर्थतन्त्रमा पुग्ने योगदान

पुँजी बजारको विकासमा सामूहिक लगानी कोषहरूको उल्लेखनीय भूमिका रहन्छ । अर्थतन्त्रमा पूर्वाधार विकास, उद्योग धन्दाको विकास र विस्तारका लागि महत्त्वपूर्ण माध्यम भएकोले यसको विकासले अर्थतन्त्रको विकासमा प्रत्यक्ष योगदान पुग्दछ जसलाई देहायअनुसार उल्लेख गरिएको छ-

**(१) बचत प्रोत्साहन तथा पुँजी परिचालन**

म्युचुअल फन्डहरूले देशभर छरिएररहेको साना साना बचत रकमलाई विभिन्न योजना सञ्चालनमा ल्याई संकलन गर्दछन् र उक्त रकमलाई उद्योग धन्दामा परिचालन गरी रोजगारी अभिवृद्धि हुने तथा अन्य आर्थिक कृयाकलापहरू सञ्चालनमा आई जनताको जीवनस्तरमा उल्लेखनीय टेवा पुऱ्याउँछन् ।

**(२) देशको उद्योग धन्दामा सर्वसाधारणको सहभागिता**

म्युचुअल फन्डमार्फत थोरै पुँजी भएका, पुँजी बजारसम्बन्धी न्यून ज्ञान भएका, विश्लेषण गर्ने समय समेत नभएकाहरूको लागि पनि लगानी गरी देशको उद्योग धन्दामा पुँजी प्रवाह गरी मुनाफामा सहभागी हुन सक्दछन् ।

**(३) बजारको विकास**

लगानीको क्षेत्रमा म्युचुअल फण्डहरू अग्रसरकर्ता भएका छन् । म्युचुअल फन्डका आगमनले पुँजी बजारमा ठूलो असर पारेको छ । यसले केही हदसम्म सरकारी धितो बजार पनि मजबूत गरेको छ । बैंकिङ्ग, उधोग, व्यपार र पूर्वाधारको क्षेत्रमा लगानी बढेकोको छ । परिणामतः गामीकण क्षेत्रसम्म वित्तीय

पहुँच पुगेको, जलविधुत लगायतको क्षेत्रहरूमा लगानी बढेको तथ्याङ्कहरू सार्वजनिक हुनुमा म्युचुअल फन्डको भूमिका रहेको अनुमान गर्न सकिन्छ ।

**(४) म्युचुअल फण्ड लगानीको स्रोतको रूपमा**

म्युचुअल फन्डहरू बेतनधारीहरूको लागि पैसा लगानीका लागि राम्रो विकल्प हुन सक्छन् । म्युचुअल फन्डहरूमा हुने योजनाहरूको विविधिकरणले धेरै लगानीकर्ताहरूलाई आउन र उनीहरूको सम्पत्ति पोखरी (बढोत्तरी तथा सञ्चय) गर्न अवसर सिर्जना हुन जान्छ । म्युचुअल फन्डहरूले बचतको तुलनामा बढी मूनाफा दिने भएकोले हालका दिनहरूमा निरन्तर लगानी बढेकोले वित्त क्षेत्रमा सकारात्मक प्रभाव परेको छ ।

**(५) अनुत्पादक लगानी निरूत्साहन**

कोभिड-१९ महामारीको कारण घर जग्गाको मूल्य घटेसँगै सुनको मूल्य पनि ओर्लदै छ । वित्तीय क्षेत्रको बढ्दो अनलाइन सेवा, मोबाइल वालेट जस्ता नवीनतम् प्रविधिको विस्तारले मानिसहरू पुँजीबजार अर्थात म्युचुअल फन्डमा सर्दै छन् । परिणामतः पुँजी बजारको size दिनहु बढ्दै गएको छ ।

**म्युचुअल फण्डहरूको सञ्चालन र व्यवस्थापकीय अभ्यासका सम्बन्धमा देखिएका मुद्दाहरूको संक्षिप्त रूपमा विश्लेषणात्मक समीक्षा**

**(१) म्युचअल फण्डहरूको संगठनात्मक संरचनाका सम्बन्धमा**

हाल सामुहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको संगठनात्मक संरचनामा रहेर गर्ने गरेको कार्यको आधारमा कार्य जिम्मेवारी तोकिनु वान्छनीय देखिन्छ । यान्त्रिक नियन्त्रण भन्दा उपयुक्तताको आधारमा स्वायत्ताको माध्यमबाट यस क्षेत्रको विकास र विस्तारमा टेवापुग्न सक्ने कुरालाई मनन गर्नु जरूरी देखिन्छ । हाल वाणिज्य बैंकहरूको Sister organization को रूपमा मात्र सञ्चालन हुन सक्ने कानूनी व्यवस्थामा परिवर्तन गरी तोकिएको मापदन्ड पूरा गर्ने जो सुकैले पनि सञ्चालन गर्न पाउने कानूनी व्यवस्था गरिएमा म्युचुअल फन्डको फैलावट र विस्तार हुने देखिन्छ ।

**(२) लगानीका क्षेत्र तथा औजार सम्बन्धमा**

नेपालको पुँजी बजारमा सूचीकृत कम्पनीको सेयर नै एकमात्र उपलब्ध औजार हो । बैंक तथा वित्तीय संस्थाहरूबाट जारी भएका ऋणपत्रहरूले दोस्रो बजार निर्माण हुन नसकेको अवस्थाले गर्दा यस्ता ऋणपत्रहरूमा गरिएको लगानी र मुद्धती निक्षेपमा तात्विक भिन्नता देखिन्न । अधिकांस सूचीकृत संस्थाहरू बैंकिङ्ग तथा बीमा क्षेत्रका भएकाले अन्य उधोग र व्यापार लगायतका क्षेत्रहरू धितोपत्र बजारमा सूचीकृत हुन प्रभावकारी नीतिगत प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

**(३) जनशक्ति तथा लगानी व्यवस्थापनसम्बन्धी अनुभवका सम्बन्धमा**

नेपालमा म्युचअल फण्ड सञ्चालनका लागि आवश्यक दक्ष प्राविधिक ज्ञान भएको जनशक्तिको विकासको

लागि विश्वविधालयको पाठ्यक्रममा सुधार गरी सर्वसाधारणको यस क्षेत्र प्रति विश्वास अभिवृद्धि गर्नु आवश्यक छ । यसको लागि मुलतः लामो समय अर्थ मन्त्रालयको बैकिङ्ग वीमा क्षेत्रको नियमनमा संलग्न भई लामो अनुभव प्राप्त रिटायर्ड कर्मचारी, रिटायर्ड पूर्व बैंकरलगायत राष्ट्रिय वा अन्तर्राष्ट्रिय बैंकिङ्ग र लगानी व्यवस्थापनको क्षेत्रमा अनुभव प्राप्त जनशक्ति समेतलाई यस क्षेत्रको विकासको लागि आकर्षण गरी लगानीको जोखिम व्यवस्थापन गर्नु जरूरी छ ।

**(४) जनचेतना सम्बन्धमा**

नेपालमा म्युचुअल फण्ड सञ्चालन भएको १० वर्ष मात्र भएको छ । पुंजी बजार र विशेष गरी म्युचुअल फन्डको सम्बन्धमा सर्वसाधारण, शिक्षित जनशक्ति र पुंजी बजारका सहभागीहरूमा नै विभिन्न भ्रमहरू रहेका छन् । ती भ्रमहरूलाई हटाईम्युचुअल फन्डबाट लाभ लिन सकिन्छ भन्ने कुरा स्थापित गर्नुपर्ने आवश्यकता छ । यसका लागि निरन्तर ग्रामीण क्षेत्रमा समेत जनचेतना अभिवृद्धि कार्यक्रम गर्नु जरूरी देखिएको छ ।

**(५) कर सम्बन्धमा**

म्युचुल फन्डहरूमा कर नलाग्ने व्यवस्थाले पनि यस्ता फन्डहरूमा लगानी कर्ताहरूको आकर्षण भएको तथ्यलाई नकार्न मिल्दैन । म्युचुअल फन्डहरूमा आयकर नलागिरहेको पृष्ठभूमिमा हाल महालेखा परीक्षकको प्रतिवेदनमा बैंक सरह ३० प्रतिशत करको दर लगाउन गरेको सिफारिसको आलोकमा आन्तरिक राजस्व विभागले अर्थ मन्त्रालयलाई गर्ने नीतिगत रायले म्युचुअल फन्डहरूको संकुचन र विस्तार निर्भर रहनेछ । कोरोना महामारीले संकटापन्न अर्थतन्त्र चलायमान बनाउन करको दायर विस्तार गर्नुपर्ने दवाव र निजीक्षेत्रलाई प्रोत्साहन गरी निजीक्षेत्रको मनोवल उकास्न पुंजी बजारको विकास र अवान्छित उछालमा महत्त्वपूर्ण योगदान पु¥याउने म्युचुअल फन्डमा पनि कर लाग्ने दरको व्यवस्थापन तथा तालमेल मिलाउनुपर्ने देखिन्छ ।

**निष्कर्ष**

पुंजीं बजारमा स्थायित्व प्रदान गर्ने म्युचुअल फन्डको स्थापना तथा सञ्चालन भएको छोटो अवधिमै पुंजी बजारको विकास र विस्तारमा पु¥याएको भूमिकाको समीक्षा गरी यस क्षेत्रलाई स्वस्थ रूपमा विकास र विस्तार गर्ने दिशातर्फ अग्रसर हुनु जरूरी देखिएको छ । म्युचुअल फण्ड सञ्चालनमा देखिएको लगानीका सीमितता, यसमा लाग्ने करसम्बन्धी व्यवस्था, यस प्रति आम जनमानसको बुझाईमा मात्र नभई सम्बन्धित निकायमा बस्ने अधिकारीहरूको धारणा आदिमा स्पष्टता आउन जरूरी छ । बचतकर्तालाई लगानीकर्ताको रूपमा परिणत गर्दै पुंजी निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने म्युचुअल फन्डको व्यवस्थापनमा देखिएका नीतिगत अन्यौलता, व्यवधानहरूलाई सरोकारवालाको सहकार्यमा आवश्यक सम्बोधन गरी यस क्षेत्रको विकास र विस्तारको माध्यमबाट समृद्ध र समुन्नत अर्थतन्त्र निर्माणमा म्युचुअल फण्डलाई एक दरिलो सहयोगी क्षेत्रको रूपमा विकास गर्नु आजको आवश्यकता हो ।

# सम्पत्ति शुद्धीकरण निवारण: एक विश्लेषण

✍ घनश्याम भुसाल*

## पृष्ठभूमि

आपराधिक क्रियाकलापबाट आर्जित गरेको धन, सम्पत्तिलाई विभिन्न तरिका, माध्यम, श्रोत र विधिको प्रयोग मार्फत वैध र वास्तविक सम्पत्तिमा रूपान्तरण गर्ने जटिल प्रयास तथा प्रक्रिया सम्पत्ति शुद्धीकरण हो । सम्पत्ति शुद्धीकरणमा सम्पत्तिको वास्तविक श्रोत लुकाई, छिपाई, स्वामित्व र स्वरूपको परिवर्तन आदि गरी आपराधिक आय (criminal Proceeds) लाई वैध बनाई अर्थतन्त्रका औपचारिक माध्यममा प्रवाहित गराउने गरिन्छ । यो आफै अपराधको प्रधान पक्ष नभई अन्य सम्वद्ध अपराधको सह उत्पादन (By Product) का रूपमा देखा पर्दछ । यसमा जटिल र बहु तहयुक्त प्रयास र माध्यम मार्फत सम्पत्ति र अपराधको सम्बन्ध टुटाइन्छ । सम्पत्ति शुद्धीकरणको प्रकृति र प्रवृतिमा आएको गुणात्मक परिवर्तनसँगै कमजोर, अविकसित, भ्रष्टाचार ,करछली, द्धन्द्ध र अस्थिरतायुक्त मुलुक सम्पत्ति शुद्धीकरणका आकर्षक गन्तव्य मानिन्छन् । Basel AML IndexReport अनुसार सम्पत्ति शुद्धीकरणको लागि नेपाल जोखिमयुक्त तथा त्यसको निवारण सम्बन्धमा कमजोर मुलुकको श्रेणीमा सूचित छ ।

अवैध सम्पत्तिलाई वैध सम्पत्ति बनाउने प्रयास र प्रक्रियालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको परिधि भित्र ल्याउनु नै सम्पत्ति शुद्धीकरण निवारण हो जसले आपराधिक कार्यबाट कमाएको धन, सम्पत्तिको पहिचान गर्ने, त्यस्ता आर्जनलाई नियन्त्रण र कारवाही गर्ने तथा सम्पत्ति शुद्धीकरण विरूद्धका विधि र व्यवस्थालाई प्रवर्द्धन गर्ने लगायतको एकीकृत प्रणाली (Integrated System) लाई जनाउँछ । विश्वमा आतंकवादमा भएको लगानीमध्ये करिव ९० प्रतिशत अंश कालो धनको रहेको अनुमान गरिएको छ । उक्त कालो धनले विश्वको कुल गार्हस्थ्य उत्पादनको २ देखि ३ प्रतिशत हिस्सा ओगटेको विभिन्न प्रतिवेदनको तथ्याङ्कले देखाएका छन् ।

विश्वमा सन् १९८० को दशकबाट विकास भएको आर्थिक उदारीकरणले बजार शक्ति निर्देशित अर्थतन्त्र (Market Lead Economy) मा जोड दिइयो जसबाट राज्यको भूमिका उत्प्रेरक, सहजकर्ता, प्रवर्द्धक र नियमकको रूपमा सीमित रह्यो । राज्यले बजार संयन्त्रलाई सही तरिकाले नियमन गर्न नसक्दा आर्थिक उदारीकरणको चुनौति र गलत परिणामका रूपमा सम्पत्ति शुद्धीकरण जस्तो वित्तीय अपराधले थप उर्वरता पायो । तत् पश्चात सन्१९८९ मा सम्पत्ति शुद्धीकरण निवारण गर्न विश्वका सात ठूला औद्योगिक मुलुकहरूको अग्रसरतामा वित्तीय कार्यवाही कार्यदल (Financial Action Task Force- FATF) को स्थापना भयो जुन कार्यदलले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा ४० भन्दा वढी मार्गदर्शन तथा सिफारिस प्रस्तुत ग-यो । सोही सिफारिसको जगमा रहेर पालेर्मो र भियना महासन्धि कार्यान्वयनमा आई सम्पत्ति शुद्धीकरणलाई गम्भिर अपराध (Serious Crime) को रूपमा

* *शाखा अधिकृत, आन्तरिक राजस्व विभाग*

परिभाषित गर्दै महासन्धिका पक्ष राष्ट्रलाई प्रावधान कार्यान्वयन गर्न वाध्यकारी बनायो । महासन्धिका व्यवस्थालाई कार्यान्वयन गर्न FATF को एसिया प्रशान्तका मुलुकहरू हेर्ने गरी एसिया प्रशान्त क्षेत्र समूह (Asia Pacific Group - APG AML) को समेत गठन गरियो । यसको साथै सार्कस्तरमा लागू औषध नियन्त्रण तथा आतंकवादी क्रियाकलापको नियन्त्रणसम्बन्धी क्षेत्रीय महासन्धि समेत भयो । हाल नेपाल APG तथा क्षेत्रीय महासन्धि दुवैको पक्ष राष्ट्र हो ।

**सम्पत्ति शुद्धीकरण निवारण र नेपाल**

सन् २००१ मा अमेरिकामा भएको Twin Tower हमला पछि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रयास हुन थाले । यी समस्या विश्वका साझा समस्याको रूपमा रहने भएकोले संयुक्त राष्ट्रसंघको अग्रसरतामा भ्रष्टाचार निवारण तथा लागू औषध कारोवार, आतंकवाद, संगठित अपराध नियन्त्रणसम्बन्धी विभिन्न महासन्धिहरू भए जुन महासन्धिबाट पक्ष राष्ट्रले घरेलु कानून र सम्वद्ध संस्थाको क्षमताको सवलीकरण र प्रवलीकरण गर्नुपर्ने वाध्यात्मक अवस्थाको सिर्जना भयो । फलस्वरूप नेपालले पनि आतंकारी कार्य र आतंकवादमा भएको वित्तीय लगानी, लागू औषध कारोवार, भ्रष्टाचार, संगठित अपराध, अवैध हातहतियारको कारोवार, मानव तस्करी तथा अमूल्य वस्तु, जनावर र बोटविरूवाको तस्करी, चिठ्ठा, ठगी, माफिया सञ्चालन, हुण्डी व्यापार, अपराध र फिरौति, राजस्व छली जस्ता गैरकानूनी श्रोत वा कालोधनलाई सेतो पार्ने कार्यलाई सम्पत्ति शुद्धीकरणको परिधि भित्र समावेश गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा नियमावली २०७३ कार्यान्वयनमा आएको छ । उक्त ऐनको पूरक ऐन तथा नियमको रूपमा सपुर्दगी ऐन, संगठित अपराध नियन्त्रण ऐन, पारस्पारिक कानूनी सहायता ऐन, कसूरजन्य सम्पत्ति र साधन (रोक्का, नियन्त्रण र जफत) ऐन तथा नियमावलीहरू तर्जुमा भई कार्यान्वयनमा आएका छन् । सम्पत्ति शुद्धीकरणजन्य कार्य नियन्त्रण र निवारण गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गरिएको छ । यसको साथै सूचक संस्थाहरू, नियमनकारी निकाय, कानून कार्यान्वयन गर्ने निकाय, वित्तीय जानकारी इकाई (FIU) , अनुसन्धान तथा अभियोजनकरी निकाय तथा न्याय निरोपण गर्ने लगायतका संस्थागत व्यवस्था गरिएको छ । हाल नेपालले सम्पत्ती शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) कार्यान्वयनमा ल्याएको छ ।

**सम्पत्ति शुद्धीकरणकसरी हुन्छ?**

सम्पत्ति शुद्धीकरण अपराध फौजदारी अपराधका अन्य स्वरूप भन्दा जटिल, वहुआयमिक र पृथक प्रकृतिको हुन्छ । यो धेरै क्षेत्र र तरिकाबाट आर्जित अपराधजन्य सम्पत्तिको दोश्रो चरणको अपराध हो । सम्पत्ति शुद्धीकरण निम्न तीन प्रकृयाबाट गुज्रने गरेको पाइन्छ-

**१. रकम राख्ने (Placement)**

सम्पत्ति शुद्धीकरणको पहिलो चरणमा गैर कानूनीरूपमा प्राप्त आयलाई कुनै वैंक तथा वित्तीय संस्थामा उपयुक्त विधि मार्फत जम्मा गर्ने, झिक्ने, मोटो रकमलाई खण्डीकरण गर्ने, मुद्रा परिवर्तन गर्ने, स्थानान्तरण

गर्ने वा लगानी गर्ने गरिन्छ ।

**२. रकम तहीकरण गर्ने (Layaring)**

दोश्रो चरणमा शुद्धीकरणकर्ताले गैर कानूनीरूपमा आर्जित रकमको श्रोत एवं उत्पत्तिलाई थप अलग्याउने वा दूरी बढाउने प्रयास गर्दछ । यस अन्तर्गत कागजी कम्पनी खडा गर्ने, आफ्नै खातामा अन्तर वैंक रकम स्थानान्तरण गर्ने, स्वदेश तथा विदेशमा रहेका कुटुम्व तथा विश्वास पात्रको खातामा रकम पठाउने, शेयर तथा डिवेन्चरको खरिद गर्ने जस्ता जटिल र वहुचक्रीय वित्तीय कारोवारको सहार लिन्छ ।

**३. सम्पत्तिको एकीकरण गर्ने (Integration)**

यस चरणमा विभिन्न निकायमा छरेर राखेको सम्पत्तिलाई वैध क्षेत्रमा मूलप्रवाहीकरण गरिन्छ । यस अन्तर्गत घरजग्गा, व्यापर व्यवसाय, हस्पिटल, शैक्षिक संस्था, वैंक तथा फाइनान्समा लगानी गर्ने, स्वयं घोषित कर दाखिला गर्ने, क्यासिनोबाट आर्जित भएको देखाउने, कर छुटको क्षेत्रमा लगानी गर्ने, विदेश पठाएको धन औपचारिक च्यानलबाट स्वदेश फर्काउने जस्ता तरिका मार्फत वैध र अवैध आयको सिमाङ्कन मेट्ने कार्य हुन्छ ।

**सम्पत्ति शुद्धीकरण निवारणको आवश्यकता**

राष्ट्रको हित र कल्याण अभिवृद्धि, नागरिकका आधारभूत आवश्यकता परिपूर्ति, मानव अधिकार र नागरिक अधिकारको सुनिश्चितता,उच्च दिगो र फराकिलो आर्थिक वृद्धि र विकास, विविधता व्यवस्थापन तथा नागरिकलाई भयमुक्त जीवन यापनको सुनिश्चित गर्नु लोकतान्त्रिक राज्यको उद्देश्य हुन्छ । नागरिक कल्याण र सुखानुभूति तथा मुलुकको समृद्धि हासिल गर्न सम्पत्ति शद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई निरूत्साहित, नियन्त्रण र निवारण गर्नु आधारभूत शर्त हो । यस प्रकृतिका क्रियाकलापको प्रोत्साहन तथा सम्पत्ति शुद्धीकरण निवारणजन्य क्रियाकलापको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

१. समाजिक व्यभिचार र विचलन नियन्त्रण मार्फत अपराधविहिन समाजको निर्माण गरी भयरहित वातावरणमा बाँच्न पाउने संवैधानिक र कानूनी अधिकारको संरक्षण गर्न,
२. सामाजिक, आर्थिक, राजनीतिक तथा विधि र पद्धतिजन्य पक्षमा पार्ने नकारात्मक असरहरूको न्यूनीकरण मार्फत स्वस्थ समाज एवं दिगो र गतिशील अर्थतन्त्र निर्माण गर्न,
३. आन्तरिक तथा वैदेशिक पुँजी परिचालन, लगानीको वातावरण निर्माण, उद्यमशील बानीको विकास मार्फत वित्तीय श्रोतलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सहयोग पु-याउने,
४. स्वस्थ बैकिंङ प्रणालीको विकास र विश्वसनियता अभिवृद्धि तथा छाँया अर्थतन्त्रलाई औपचारिक बनाउने कार्यमा सहयोग गर्न,
५. निजी क्षेत्रबाट हुने कार्टेलिङ, कालाबजारी, अस्वस्थ प्रतिस्पर्धा र कर छलीजस्ता क्रियाकलापलाई न्यूनीकरण गर्न,
६. शासकीय पात्रहरूमा देखिने आपराधिक साँठगाँठ र हिमचिम, भ्रष्टाचार, आर्थिक अपारदर्शिता तथा नैतिक मूल्यमा क्षयीकरण जस्ता गलत व्यवहार र क्रियाकलापको अन्त्य गर्न,

७. विदेशी विनिमय र विप्रेषणको दूरूपयोग हुने जोखिम न्यूनीकरण गर्न,
८. राष्ट्रिय विकास, सम्वृद्धि, सुरक्षा र सुखानुभूतिका पथमा आउन सक्ने नकारात्मक प्रभावलाई कम गर्न,
९. सवल, सक्षम र विश्वसनीय न्याय प्रणालीको विकास,शासकीय व्यवहारमा पारदर्शिता,जवाफदेहिता, वस्तुनिष्ठता, इमान्दारिता र निष्ठयुक्त संस्कारको विकास गर्न,
१०. संगठित अपराधका कारण उत्पन्न हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौतिलाई नियन्त्रण मार्फत विश्वशान्ति कायम गर्न ।

**सम्पत्ति शद्धीकरण निवारणका समस्या तथा चुनौतिहरू**

सम्पत्ति शुद्धीकरणका चुनौतिलाई मूख्य रूपमा आन्तरिक र वाह्य गरी दुई प्रकारले सिमाङ्कन गर्न सकिन्छ । वित्तीय कार्यवाही कार्यदलका सिफारिस र मार्ग दर्शनमा मुलुकले जनाएका प्रतिवद्धताअनुरूप उत्तम अंक हासिल गरी वित्तीय सुशासन, सक्षम सवल र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै नेपाललाई वैदेशिक लगानीको सुरक्षित र आकर्षक मुलुक बनाउनु प्रमुख चुनौति हो । यसको साथै अन्तर तह र निकाय समन्वय, साझेदारी र सहयोग मार्फत सम्पत्ति शुद्धीकरणको सञ्जाल (Network) पत्ता लगाई कानूनी दायरामा ल्याउनु अर्को चुनौतिका रूपमा रहेको पाइन्छ । यसको अलवा सम्पत्ति शुद्धीकरण निवारणको सन्दर्भमा नेपालले निम्न चुनौति तथा समस्या सामना गरिरहेको पाइन्छ-

१. सम्पत्ति शुद्धीकरणजन्य कसूर क्रस वोर्डर तथा वहु तह र प्रक्रिया पार गरी हुने अपराध भएकोले त्यसको जोखिमका क्षेत्र र नेटवर्क पहिचान गर्न नसक्नु,
२. सम्पत्ति शुद्धीकरण जस्तो गहन र जटिल अनुसन्धान र अभियोजनको जिम्मा सीमित श्रोत, क्षमता र सञ्जाल भएको विभागलाई दिइएको छ । अर्कोतर्फ नवीन प्रविधिको प्रयोग मार्फत आपराधिक क्रियाकलापमा वृद्धि, छाँया अर्थतन्त्रको उकालो लाग्दो अवस्थामा, राज्य संयन्त्रको निश्क्रियता जस्ता कारणले संस्थागत सक्षमता अभिवृद्धि गर्नुपर्ने चुनौति थपेको छ ।
३. सहकारी लगायत बैंक तथा वित्तीय संस्थामा कारोवार गर्ने व्यक्तिको पहिचान (KYC), श्रोतको पुष्टिकरण, समर्थन गर्ने प्रमाण र त्यसको प्रतिवेदन प्रणालीलाई विश्वसनीय र भरपर्दो बनाउनु,
४. वैदेशिक रोजगारी, अन्तरदेशीय भ्रमण र घुमफिरको आवरणमा हुने ठगी, मानव तस्करी, भ्रष्टाचार, नक्कली मुद्राको कारोवार जस्ता कार्यलाई कानूनी दायरामा ल्याई त्यस्ता क्षेत्रलाई मर्यादित, वास्तविक र विश्वसनीय बनाउनु,
५. सम्पत्ति शुद्धीकरण विरूद्धको अनुसन्धान, अभियोजन र न्याय निरोपण जस्ता विषयमा अपराधको राजनीतीकरण र राजनीतिको अपराधीकरणले पार्ने प्रभावलाई निष्प्रभावी पार्नु,
६. सम्पत्ति शुद्धीकरण निवारण ऐन र त्यसका पूरक ऐन तथा नियमको कार्यान्वयनलाई नवीनतम् प्रविधि, पद्धति र नवप्रवर्तनको आन्तरिकीकरण गर्ने गरी विकास गर्नु,
७. FATF को मुख्य चासो रहेको Politically Exposed Persons (PEPs) लगायतका व्यक्ति र क्षेत्रको सम्पत्तिको नियमन, आपराधिक संलग्नता र सम्बन्धलाई अझै पनि राज्यको अभिलेखमा राख्न सकिएको छैन जुन कुरा प्रमुख समस्याकै रूपमा रहेको छ ।

८. व्यवसायमा आधारित सम्पत्ति शुद्धीकरण गर्न No invoicing, Over invoicing, Underinvoicing, Multiple invoicing जस्ता गैरकानूनी गतिविधि मार्फत कालो धनलाई चोख्याउने साथै आपराधिक कार्यलाई छिपाउन, दवाउन मतियार बन्ने प्रवृतिलाई निरूत्साहित गरी कानूनको दायरामा ल्याउनु,

९. अपराध पश्चात सीमा पार हुने सन्दीग्धव्यक्तिलाई घरेलु कानून अनुसार कारवाही गर्न कानूनी सहायता तथा सपुर्दगीसम्बन्धी व्यवस्थाको व्यवहारिक कार्यान्वन गर्न नसक्नु,

१०. राज्यले गरिबी, बेरोजगारी, असमनता, विभेद, द्धन्द्ध जस्ता Negative Externalities को न्यूनीकरणका रणनीतिहरू नतिजा केन्द्रित नहुनु ।

**सम्पत्ति शद्धीकरण निवारणका सम्बन्धमा चाल्नुपर्ने कदमहरू**

१. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणका लागि सम्पत्ति शुद्धीकरण विभागको संस्थागत सवलीकरण र सुदृढीकरण मार्फत सक्षमता अभिवृद्धि गर्ने,

२. सम्पत्ति शुद्धीकरण निवारणका लागि जिम्मेवारी पाएका सूचक संस्थाहरू देखि कानून कार्यान्वयन गर्ने, अनुसन्धान र अभियोजन गर्ने तथा नियमनकारी निकाय र FIU बीच उचित समन्वय, सहकार्य, साझेदारी र सञ्जाल स्थापित गर्ने,

३. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानीसम्बन्धी बिषयमा राजनीतिक प्रतिवद्धता र तत्परतालाई व्यवहारमा लागू गर्ने, यस अभियानलाई राष्ट्रिय प्राथमिकतामा राखी राज्य संयन्त्र, नागरिक समाज, खोज मिडिया लगायतका संयन्त्र जागरूक वन्ने,

४. सम्पत्ति शुद्धीकरण अनुसन्धान र तहकिकातका लागि सूचना प्रविधि र पद्धतिमा आधारित आधुनिक विधिको प्रयोग गर्ने । यसको लागि Electronic Surveillance,Search and Seizure warrant,Control Delivery,Trash Runs,Undercover operation,Account Monitoring orders जस्ता विधि र तरिका उपयुक्त हुन सक्छन् ।

५. वैदेशिक भ्रमण, घुमफिर र रोजगारीलाई मर्यादित र विश्वसनीय बनाउन यी क्षेत्र सम्वद्ध नीति र सयन्त्रको समसामयिक पुनरावलोकन गर्ने, सचेतना फैलाउने र प्रविधिमा आधारित Tracing System को विकास गर्ने,

६ समाजमा परिश्रम विना आर्जित धन, भ्रष्टाचार, अपराध र अनैतिक क्रियाकलापबाट सम्पत्ति आर्जन गर्ने व्यक्तिलाई सामाजिक वहिष्करण र घृणा गर्ने वातावरण सिर्जना गर्ने । यसको लागि नागरिक समाज, खोज मिडिया, युवा क्लव तथा आमा समूह जस्ता क्षेत्रलाई सक्रिय राख्ने प्रकृतिका कार्यक्रम राज्यले सञ्चालन गर्ने, त्यसमा लगानी बढाउने,

७. वास्तविक क्षेत्र, सार्वजनिक वित्त, वैक तथा बिमा लगायतका अर्थतन्त्रका सबै क्षेत्रलाई पारदर्शी र यथार्थपरक बनाउने, नगद कारोवारलाई निरूत्साहित गर्ने डिजिटल कारोवारको प्रवर्द्धन र ठूला दरका नोटको प्रचलनलाई कटौती गर्ने,

८. बैक तथा वित्तीय संस्थाले सघन ग्राहक पहिचान कार्यलाई प्रभावकारी बनाउने र नियमित प्रतिवेदन गर्ने प्रणालीलाई थप सशक्त बनाउने,

९. सम्पत्ति शुद्धीकरण सम्वद्ध विषयको अनुसन्धान, तहकिकात, मुद्दा दायरी प्रक्रियालाई थप मजवुद बनाउदै नतिजा केन्द्रित हुने,

१० व्यवसायिक क्षेत्रमा हुने कर छली, काला बजारी, Tax Heaven Countries मा भएको लगानी, Shell Company मा भएको हस्तान्तरण, कर छुटका क्षेत्रमा भएको लगानी, Fund Transfer जस्ता विषयलाई सूक्ष्म निगरानी गरी सम्पत्ति शुद्धीकरण प्रयोजनका लागि त्यस्ता गतिविधि भएमा कानूनी दायरामा ल्याई कारवाही गर्ने ।

## निष्कर्ष

सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको पूर्ण कार्यान्वयन मार्फत भयरहित समाज, स्वेदशी तथा वैदेशिक लगानीको आकर्षक गन्तव्य मुलुक तथा सवल, सक्षम र उत्पादनशील अर्थतन्त्रको निर्माण गर्नुपर्ने दायित्व रहेको छ । अर्कोतर्फ सम्पत्ति आर्जन र उपभोग गर्ने कार्य संविधान र कानूनले मौलिक हकका रूपमा संरक्षण गरेका छन् । सम्मानपूर्वक जीवनयापन, स्वतन्त्र रूपमा आवतजावत, व्यापार व्यवसाय सञ्चालन र पारिवारिक जीवनजस्ता विषय आधारभूत मानव अधिकारका विषय भित्र पर्दछन् । ब्यक्ति र उसको सम्पत्ति र स्वतन्त्रताको संरक्षण गर्ने दायित्व पनि राज्यको नै हो । उपरोक्त अवस्थालाई सन्तुलित रूपमा अघि बढाउदै शासकीय पक्षहरूबीचमा आपसी समन्वय, सहयोग, सक्रियता र प्रतिवद्धता मार्फत सम्पत्ति शुद्धीकरण कार्यलाई निरूत्साहित र निवारण गर्नु आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्रीहरू

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा नियमावली, २०७३
www.fatf.org
www.apgaml.org
www.lawcommission.gov.np
www.nrb.gov.np
www.dmli.gov.np
baselgovernance.org

# रोजगारी र कराधार दुवैमा वृद्धिः ई-कमर्स

✍ भवनाथ दाहाल*

**ई-कमर्स**

विश्वमा दुई सय वर्ष अगाडिसम्म र नेपालमा सत्तरी वर्ष अगाडिसम्म व्यवसाय भनेकै सामानको उत्पादन र विक्री हुन्थ्यो । व्यापारीले सामान गाडा, उँट, भेडा, खच्चरमा बोकाएर अर्को स्थानमा लगेर विक्री गर्दथे । परिवारका सदस्यमात्र सम्लग्न हुन्थे बढीमा भरिया बाहिरका हुन सक्थे । जैविक ढुवानी र पारिवारिक व्यवसाय त नेपालमा अझै पनि चलन मै छ । तह तहमा विक्री हुने वा सामानको विक्री चेनमा सेवा समावेश हुने परिकल्पना नै थिएन । नेपालमा २०१४ सालमा एजेन्सी व्यवसाय पनि हुन सक्दछ भनी थोक खरिदकर्ताको नियमन शुरू गरिएको थियो । रोजगारी भन्ने कुरा सरकारी कर्मचारी बाहेक अन्यको हुँदैनथ्यो । राणाकालको मध्यसम्म पनि सरकारी कर्मचारीको पारिश्रमिक जग्गा हुन्थ्यो, खान्की लिने गरी । सरकारी कर्मचारीलाई नगदमै मात्र तलव दिन शुरू गरेको एक सय वर्षभन्दा केही बढी अवधि मात्र भयो । मालपोत, भन्सार र वनजन्य वा कृषिजन्य वस्तुको विक्री बाहेक राज्यका आम्दानीका श्रोत थिएनन् । आयकर मूल्य अभिवृद्धि कर भन्ने नाम नै सुनिएको थिएन ।

विगत बीस तीस वर्षमा विश्वमा भएको परिवर्तनले दूरसञ्चार क्षेत्रमा तहल्का मच्चाउँदै परिवर्तन ल्यायो । विश्व बजारको हावा लाग्न दुई तीन सय वर्ष लाग्ने नेपालमा दूरसञ्चार क्षेत्रको परिवर्तन साँच्चै विश्वस्तरकै हाराहारीमा आयो । विगतको सात आठ वर्षमा भएको परिवर्तनले वाइफाइ वा एप्स जनजीवनको सामान्य आवश्यकता बन्न पुग्यो । विश्वमा भएको विकासको नेपालभित्रै खासै सदुपयोग हुन बाँकी रहे पनि वैदेशिक रोजगारी वा अध्ययनमा जानेहरू र स्वदेशमै बसेका धेरैले विश्वको त्यो परिवर्तनमा प्रत्यक्ष सहभागी जनाउन सकेकाले टेलिफोन बाहेकका डिजिटल कमर्समा जोडिएका यस्ता नेपालीको संख्या आधा करोडभन्दा माथि पुग्यो ।

व्यवसायिकस्तरमा ई-कमर्सको शुरूवात र विस्तार सामान्य सोचभन्दा उच्च गतिले वृद्धि भयो । कोरोना भाइरसको प्रकोप पछि त सामान्यभन्दा सामान्य जनताले पनि ई-कमर्सको पहिलो अनुभव शुरू गर्न पाए । ई-कमर्सको यत्रो बढोत्तरीमा के हामीले उचित प्रतिफल लिन पाएका छौं वा हामीले उचित वातावरण तयार गर्न सक्यौं त भन्ने कुरा आजको प्रमूख विषय हो ।

> ई-कमर्समा आठ वा बढी सरोकारवाला रहेकाले समाधान तिनै व्यक्तिभित्र रहेको छ, बाहिर खोज्नै पर्दैन ।

ई-कमर्स हामीले अहिलेसम्म बुझिरहेको सामान विक्री र विज्ञापन हो । ई-कमर्समा यी दुई क्षेत्र राम्रै आकारका केही क्षेत्रमात्र हुन् । ई-कमर्स त, वास्तवमा विदेशबाट आम्दानी लिने सरल बाटो हो, यसतर्फ

* *चार्टर्ड एकाउन्टेन्ट*

थोरैको मात्र ध्यान पुगेको छ ।

सामान वा सेवाको खरिद वा बिक्रीमा सञ्चार उपकरण वा सञ्चार सुविधाको उपयोग गरी गरिने कारोवार ई-कमर्स हो । यो वस्तुको कारोवारमा पनि लागु हुन्छ, सेवाको कारोवारमा पनि लागु हुन्छ । लगानीको क्षेत्रमा ई-कमर्सको विस्तारित स्वरूप स्थापना हुनै बाँकी छ । ई-कमर्सको व्यवसायिक कारोवार र कृयाकलापका लागि नयाँ नयाँ सरोकारवालाहरू सिर्जना हुन्छन् । ई-कमर्सले हाम्रा परम्परागत मान्यताभन्दा अर्कै कानूनी तथा संरचनात्मक व्यवस्थाको माग गर्दछ । ई-कमर्स अहिलेको अवस्थामा रोकेर राख्न सकिने अवस्थामा छैन । बेलैमा उचित सम्बोधन गर्न सकिएन भने यसले राज्यको नियमन क्षमता पुनर्स्थापना गर्न गाह्रो पर्ने गरी ह्रास हुन्छ ।

## विदेशको काम नेपालमै स्वरोजगारी

ई-कमर्समा हाम्रो धारणा खास ई-कमर्सभन्दा सानो र सङ्कुचित दायरामा छ । संसारका जहाँसुकै बसेका जोसुकैले गर्न सक्ने र गर्न पाउने खालका करोडौं डलरका कामहरू ई-कमर्स प्लेटफर्ममा दैनिक आइरहेका छन् । विदेशी सेवाजन्य ई-कमर्सका काममा नेपालीलाई जोड्न सक्ने हो भने यसले लाखौं स्वरोजगारी सिर्जना गर्दछ ।

ससाना मूल्यका र ससाना आवश्यकताका रूपमा रहेका नयाँ वा पुराना पुस्तक टाइप गर्ने, पुस्तक डिजाइन गर्ने, कार्टुन बनाउने, पोस्टर बनाउने, फोटो मिलाउने, अनुवाद गरिदिने, भिडियो बनाउने वा सम्पादन गर्ने, पढाउने, वेभपेज बनाउने वा लाइक गर्ने, कसैको उत्पादनमा कमेन्ट गर्ने, क्याप्चा बनाउने, अवतार बनाउने, वेभ ट्राफिक विश्लेषण गर्ने, कम्प्युटर मर्मत गरिदिने, जन्म दिवस गीत बजाइदिने जस्ता खासै सीप नचाहिने कार्यहरू गर्ने विभिन्न अन्तर्राष्ट्रिय प्लेटफर्महरूमा औपचारिक रोजगारी शुरू गर्न बाँकी रहेको अवधिमा हाम्रा नागरिकले काम गरी ई-कमर्सको मनग्य आय प्राप्त गर्न सक्दछन् । आफैंमा ससाना मूल्यका भए पनि दिनमै करोडौं डलरका यी काम अनलाइन प्लेटफर्ममा आउँछन्, खासै सीप ज्ञान नचाहिने खालका । विद्यार्थीहरू वा बेरोजगार युवा युवतीहरूका लागि यी आकर्षक ई-कमर्सका क्षेत्र हुन सक्दछन् । उचित वातावरण उपलव्ध गराइ दिने हो भने अहिले नै सामुदायिक विद्यालयमा अध्ययनरत धेरै विद्यार्थी पनि यीमध्ये कति काम गर्न सक्षम छन्, विश्वविद्यालयका विद्यार्थीलाई त सहज हुने नै भयो ।

तलवी प्रतिवेदन, लेखाङ्कन, मेडिकल इन्क्रिप्सन, क्याटलग विकास, सफ्टवेयर निर्माण, गुणस्तर परीक्षण, तथ्याङ्क विश्लेषण, सर्भे, कम्युनिकेसन सर्भिस, ग्राहक समन्वय, विज्ञापन, अनलाइन मर्मत जस्ता राम्रो प्रतिफल दिने कामहरू चाँहि केही सीपयुक्त काम हुन् । दैनिक करोडौं डलरका नयाँ काम यी प्लेटफर्ममा राखिन्छन् ।

परिपत्र वा निर्देशिकाबाट गरिने सानो सुधार उच्च माध्यमिक विद्यालय वा विश्व विद्यालयका विद्यार्थीले आफ्नो खर्च हप्तामा २० घण्टा काम गर्दा पूरा गर्दछन् ।

एक भाषामा प्रकाशित पुस्तक अर्का भाषाहरूमा अनुवाद गर्ने र ती अनुवादको निश्चित रोयल्टी लिने वेभसाइट पनि छ । आय र अधिकारको कानूनी प्रत्याभूति सहित जसले चाह्यो जुन पुस्तक चाह्यो त्यसको अनुवाद गर्न सकिन्छ । भिडियो, समाचार, अनुसन्धान, खोज, प्रशिक्षण जस्ता विषेश क्षेत्रहरूमा सयौं वेभसाइटले रोजगारी उपलव्ध गराउँछन् ।

मुलुकमा रोजगारी नपाएर उच्च बेरोजगारीमा रहेका, इमान्दाररूपमा काम गर्ने पहिचान भएका र तुलनात्मक रूपमा विदेशीभन्दा कम लागतमा काम गर्न सक्ने हुनाले लाखौं नेपालीहरूले यी क्षेत्रमा फाइदा लिन सक्दछन् ।

समस्या चाँहि अति चाँडो भएको परिवर्तन, परम्परागत सोच र परम्परागत कानूनले गर्दा यी क्षेत्रमा नेपालीले काम गर्न र आय आर्जन गर्न सक्दैनन् । प्रचलित कानूनले नेपालीलाई न यस्ता प्लेटफर्म बनाउन अनुमति दिन्छ, न यस्ता काम गर्न अनुमति दिन्छ, न कसैले ती प्लेटफर्मका सेवा ग्रहण गर्ने अधिकार नै दिन्छ ।

कानूनले उत्पादन, उपभोग वा विक्रीमा असहजता सिर्जना गरेपछि सक्नेहरूले छिद्रको प्रयोग गर्दछन् वा छिद्रको प्रयोग गरेर आफू मालिक बनेर दलाली गर्दछन् । वैधानिक तवरले काम गरेकै व्यक्तिले पनि 'प्रचलित नेपाल कानून' उल्लंघन गरेको मानिनु पर्ने अवस्था छ ।

ई-कमर्सको यो वृहद दायरामा नेपालीलाई प्रवेश गर्न रोकिने असहजता समाधानको सूत्र चाँहि कता छ त भन्ने प्रश्न अगाडि आइहाल्दछ । समाधानका लागि यी साइटमा काम गर्न प्रचलित कानूनले केवल तीन विषयमा असहजता उत्पन्न गरेको छ, निर्देशिका वा बढीमा नियममा सामान्य सुधार गरे रोगजारीको ठूलो ढोका खुल्दछ ।

समाधानको चरणमा चाहिने पहिलो सुधार नेपाल राष्ट्र बैंकले नेपाली बैंक खातासङ्ग भेरिफाइ हुने गरी अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेमा नेपाली नागरिकलाई सदस्य बन्न सक्ने गरी निर्देशिका जारी गरे पुग्दछ । यस्तो निर्देशिकामा अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेमा प्राप्त आय तत्कालै नेपाली बैंकमा सार्नु पर्ने व्यवस्था गरेमा ससाना काम गर्नेहरूको पूरै समस्या समाधान हुन्छ ।

दोश्रो सुधार चाँहि व्यवसाय दर्ता वा स्वरोजगारको दर्तासम्बन्धी कानूनमा गर्नु पर्दछ । प्रचलित कानूनले कसैलाई मालिक थापेर गरिने रोजगारी बाहेक एक्लै गर्न मिल्ने कामहरू कसरी नियमन हुन्छन् । कुनै व्यवस्था गरेको छैन । कसैले प्रश्न नउठाएसम्म त्यो चलिरहेको हुन्छ र कसैले प्रश्न उठायो भने उत्तर उपलव्ध हुँदैन । उदाहरणका लागि कमिसनमा ग्राहक खोजी दिने काम वा पण्डितको सेवा । ई-कमर्सको यो कृयाकलाप न रोजगारी हो न व्यवसायको रूपमा दर्ता भई नियमन हुन सम्भव छ । अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेबाट गरिने कामहरू प्रायः जसो नै यस्तै न रोजगारी न सेवा खालका हुन्छन् । यी काम गर्न चाहने व्यक्तिलाई परम्परागत रूपको एकल फर्मको रूपमा दर्ता भइ एक्लै काम गर भन्यो भने पनि त्यो

व्यक्तिले फर्म खोल्दाको दुःख र बन्द गर्नु पर्दाको सम्भावित दुःख सम्झेर परम्परागत पद्दतिमा दर्ता हुन आउँदैन । दर्ता नभएसम्म करमा दर्ता हुँदैन । करमा पनि दर्ता नहुने अर्को कुनै सरकारी निकायमा पनि दर्ता नहुने भए पछि कसले कहिले समस्या सिर्जना गर्ने हो सधैं त्रासमा रहन्छ । त्यसकारण स्वरोजगारको दर्तासम्बन्धी र त्यो पनि अनलाइन दर्ताको व्यवस्था गर्ने गरी स्थानीय कानूनमा व्यवस्था गर्न सकिन्छ ।

तेश्रो सुधार चाँहि कर कानूनमा हुनु पर्दछ । यस्ता आम्दानीमा प्रचलित कानूनबमोजिम आयकर पनि लाग्दछ, बीस लाख कटेमा 'कानूनतः' मूल्य अभिवृद्धि करमा दर्ता पनि अनिवार्य हुन्छ । करमा दर्ता गर्न पनि या त कतै दर्ता भएको फर्म हुनु पर्ने या अरु कसैलाई मालिक मानेको रोजगारी । अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेबाट आय लिनेको हकमा परम्परागत स्वरूपका यस्ता संरचना केही पनि हुँदैन । लाखौं व्यक्तिलाई रोजगारी सिर्जना गर्ने हुनाले यस्ता व्यक्तिलाई संरचनात्मक सुधार गर्न नसकिउञ्जेल कानूनमै व्यवस्था गरेर पहिलो केही वर्ष कर नलगाए पनि खासै फरक पर्दैन । कानून सुधारका रूपमा अनलाइन स्वरोजगार दर्ता र बैंकमा प्राप्त रकममा प्राकृतिक व्यक्तिको न्युनतम करको दरको आसपास पर्ने गरी समदरमा आयकर लगाउने व्यवस्था गरे पुग्दछ । यस्तोमा निश्चित रकमभन्दा बढीको आय भएमा बैंकमार्फत नै अनलाइन आय विवरण बुझाउनु पर्ने व्यवस्था गर्न सकिन्छ । विदेशी आय प्राप्त गर्दा मूल्य अभिवृद्धि कर शुन्य हुने हुनाले कानूनमै यस्ता व्यक्ति दर्ता हुनु नपर्ने सूचीमा समावेश गरे मूल्य अभिवृद्धि करको समस्या नै हुँदैन ।

### विदेशको काम नेपालमा व्यवस्थापकीय काम

नेपालमा बसी विदेशी काम लिई नेपाल बाहिरका व्यक्तिमार्फत काम गराउने खालको यो व्यवस्थापकीय इकर्सको काम हो । कतिपय अवस्थामा विदेश - नेपाल - विदेश प्रकृतिको काम पनि पर्दछन् । उदाहरणका लागि हिमाली क्षेत्रका बासिन्दाको भाषागत विशेषता अध्ययन गर्नुछ भने सो मूख्य अनुसन्धानकर्ताले सो काम नेपालीले लिई अफगानस्तानदेखि भियतनामसम्मका अन्य फर्ममार्फत काम गराउने सेवा लिन सक्दछ । विगत दुई वर्षदेखि यस समूहमा उच्च व्यवस्थापकीय कामहरू पनि ई-कमर्समा उपलव्ध हुन थालेका छन् । यसमा फाइदा लिन सक्नेहरू सम्बन्धित क्षेत्रमा राम्रो सीप र क्षमता भएका व्यक्तिहरू हुन् ।

> परिपत्र वा निर्देशिकाबाट गरिने सुधारले विश्व विद्यालयका उच्च तहका विद्यार्थी वा प्रोफेसनलले नेपालमै विदेशी प्रोफेसनलस्तरको आय गर्नेछन् ।

नेपाल कानूनको अन्यौलताका कारण अहिले यस्ता केही कामहरू नेपालीले विदेशमा आफ्नै कम्पनी खोली नेपालमा अर्को कम्पनी खोल्ने र नेपालको कम्पनीमार्फत नेपालभित्र हुन सक्ने जति काम गराउने गरिएको छ । नेपाली कामदारलाई दिनुपर्ने जति रकमको सेवा शुल्क आफ्नै विदेशी कम्पनीले नेपाली कम्पनीमा

पठाएर हिसाव किताब मिलाएर राफसाफ गरिन्छ । यसबाट नेपालले पाउनु पर्ने कर विदेशमै तिरिएको छ र लगानीयोग्य रकम पनि विदेशमै रहेको छ । नेपालमै खोलिएको आफ्नै कम्पनीले पनि नेपालकै अर्को कम्पनीलाई काम दिन सक्दैन, मूल्य अभिवृद्धि करका कारण, केवल कर्मचारीबाट काम गराउनु पर्ने अवस्था छ । झण्डै लुकेर गरिने हुनाले यस्तो व्यवसाय विस्तार हुन पनि सकेको छैन ।

यो समूहको व्यवसाय र रोजगारी नेपालमा सिर्जना गराउन र यी श्रोतबाट नेपालको सञ्चित कोषमा कर प्राप्त गर्न माथि उल्लेख गरिएका तीनै क्षेत्रमा सुधार गर्नु अनिवार्य छ । यस समूहका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिन पर्ने निर्देशनमा यस्तो आय भएका व्यक्तिको विदेशी मुद्रा सोही कामका लागि प्रयोग गर्न अनुमति दिइनु पर्दछ, नत्र यो क्षेत्रको व्यवसाय र रोजगारी नेपालीको दायरामा आइपुग्दैन ।

**विदेशी सञ्जालमा विज्ञापन**

विज्ञापन र यससङ्ग सम्बन्धित सेवा नेपालले कर तथा रोजगारी र व्यवसायमा फाइदा लिन सक्ने ई-कमर्सको तेश्रो क्षेत्र हो ।

विदेशी सञ्जालमा विज्ञापन दुई थरिको हुन्छः नेपाली लक्षित विज्ञापन र विदेशी लक्षित विज्ञापन । नेपालका भौतिक संयन्त्र प्रयोग नभएसम्म यी दुवै अवस्थामा अहिले प्रचलित कानूनअनुसार कुनै कर लाग्दैन । नेपाल राष्ट्र बैंकको निर्देशन पछि यस्तो भुक्तानी गर्न भारत वा अमेरिकाबाट सेवा खरिदको परम्परागत स्वरूपको करार बनाई राष्ट्र बैंकबाटै भुक्तानी गइरहेको छ । विदेशी कम्पनीले भने भएको विज्ञापन खर्च पनि नेपालमा लेखाङ्कन गर्न सकेका छैनन् ।

माथि उल्लेख गरिएका विदेशबाट पाइने रोजगारी वा व्यवसाय जस्तो यी विदेशी सञ्जालमा विज्ञापनमा कर लगाउन विद्यमान आयकर कानून र मूल्य अभिवृद्धि कर कानूनमा धेरै पक्षमा संशोधन गर्नु पर्दछ । विज्ञापन मात्र होइन परम्परागत र इकर्मस जोडिएका अन्य सेवाजन्य कामका लागि पनि कर कानूनमा धेरै पक्षामा संशोधन आवश्यक पर्दछ ।

**स्वदेशभित्रका ई-कमर्स**

स्वदेशीमात्र सम्लग्न रहेका इकर्मका कामहरू नेपालमा शुरू भएका छन् तर हरेक पलपलमा समस्या पनि छन् र प्रायः जसो करको दायराभन्दा बाहिर छन् । ई-कमर्सका सम्बन्धमा स्वरोजगारी, व्यवसायी वा प्रशासन सबै अलमलमै छन् । यो अलमल समाधान गर्न नियमन, दर्ता, सामान विक्री, सेवा विक्री र करका क्षेत्रमा कानूनी व्यवस्था र तालिम आवश्यक पर्दछ ।

**नियमनः** ई-कमर्समा प्लेटफर्मको काम, कर्तव्य, अधिकार, गोप्यता, आचार संहिता, व्यवसायिकमान जस्ता विषय गरिने नियमन तथा त्यसको पालना नगरेमा हुने कारवाहीको स्पष्ट कानूनी र संरचनात्मक व्यवस्था नभई ई-कमर्सले काम गर्न सक्दैन ।

नियमनमा तोकिने नियमनकारीका साथसाथै ई-कमर्स प्लेटफर्म र सम्बद्ध भुक्तानी गेटवेको तथ्याङ्क सुरक्षा र विलिङ्गमा नेपाल राष्ट्र बैंक र राजस्व प्रशासनको पनि उचितस्तरको सहभागिता वा नियमन हुनु पर्दछ । नियमनबाट प्लेटफर्म सञ्चालकहरू आफ्नो नियमनकारीको अनुगमनमा विश्वसनीय रूपले आफ्ना कृयाकलाप गर्न सक्ने वातावरण हुनु पर्दछ ।

स्पष्ट नियमन नहुँदा न राज्यले कुनै प्रभावकारी सेवा प्रवाह गर्न सक्दछ न व्यवसायी सुरक्षित हुन्छ ।

**दर्ताः** स्वदेशी इकर्समा सामानको धनी, अनलाइन विक्रेता, पुऱ्याइदिने व्यक्ति, विक्री प्लेटफर्म (वेभपेज वा एप), बजारीकरण गर्ने व्यक्ति, भुक्तानी प्लेटफर्म, मार्गस्थ स्टोर, खरिदकर्ता गरी आठ थरी सरोकारवाला हुन्छन् वा त्योभन्दा बढी ।

सेवाको हकमा अनलाइनमा उपलव्ध हुने सेवाप्रदायक व्यक्ति, विक्री प्लेटफर्म (वेभपेज वा एप), बजारीकरण गर्ने व्यक्ति, भुक्तानी प्लेटफर्म, खरिदकर्ता गरी पाँच थरी सरोकारवाला हुन्छन् वा त्योभन्दा बढी ।

धेरै विक्रेता (जस्तै कृषक) बाट खरिद गरी धेरै खरिदकर्ता उपभोक्ता (शहरी उपभोक्ता) मा तरकारी फलफूल खाद्यान्न माछा मासु अण्डा जस्ता आधारभूत प्रकृतिका सामान पुऱ्याउने व्यवसायका ढुवानीकर्ता, मध्यस्थकर्ता, प्लेटफर्म र व्यवसायी गरी चार थरी सरोकारवाला हुन्छन् ।

को दर्ता हुनुपर्ने, कति कारोवार भएपछि दर्ता हुनुपर्ने खास र सहज उत्तर पनि छैन । थरिथरिका कृयाकलाप छन्, व्यवसाय भनौं व्यवसाय होइन, रोजगारी भनौं रोजगारदाता छैन; स्थायी तवरको काम पनि होइन, काम गर्न सके ठीकै आम्दानी पनि छ - दर्तासम्बन्धी अलमलको यो प्रमूख कारण हो । दर्ताको यो अलमलको सीधा असर कर प्रशासनमा पर्दछ ।

आठ थरी सरोवारवालाहरूको दर्ता वा कर व्यवहार पनि तिनीहरूका फरक फरक अवस्थाका कृयाकलाप बमोजिम सानोतिनो फरकतासहितका नै हुन्छन् । मोटामोटी रूपमा यी आठ थरी सरोकारवालामध्ये सामानको धनी र प्लेटफर्म सञ्चालकलाई परम्परागत दर्ता र कर व्यवहार सम्भव छ र उचित पनि हुन्छ । बाँकी छ थरीमध्ये खरिदकर्ता बाहेकका सरोकारवालाहरू बैंकको ग्राहक पहिचानका आधारमा सम्बन्धित प्लेटफर्म र सो प्लेटफर्मको अनलाइन सिफारिसमा अनलाइन तरिकाले नै स्थायी लेखा नम्बरमा दर्ता गरे नियमन र करका लागि पर्याप्त हुन्छ । आवश्यक परेमा बैंकको ग्राहक पहिचानको काम थप विश्वसनीय बनाउन पनि सकिन्छ ।

एउटा कुरा स्पष्ट छ, जसको दर्ता परम्परागत तरीकाबाट भएको उसको दर्ता खारेजी पनि परम्परागत तरीकाबाटै र जसको दर्ता अनलाइन पद्दतिबाट भएको हो उसको दर्ता खारेजी पनि अनलाइन पद्दतीमै हुनु पर्दछ, नत्र दर्ताको समस्या समाधान हुदैन । बरु वैकल्पिक रूपमा निश्चित अवधी निष्कृय भएमा स्वतः खारेज गर्न सकिन्छ ।

**सामान विक्रीः** ई-कमर्समा सामान विक्रीमा कम्तिमा व्यवसायिक स्तर, मार्गस्थ विक्री, उपभोक्तास्तरमा विक्री, उपभोक्ता उपभोक्ताबिचमा विक्री, उपभोक्ता स्तरमा खरिद गरी पाँच प्रकारका विक्री हुन्छन ।

यी सबै क्रियाकलापलाई उचित, सम्मानजनक र विश्वसनीय निकास दिने गरी आवश्यक निर्देशिका वा कार्यविधि दिन सकेमा ई-कमर्सको गुणस्तर र उपभोक्ता संरक्षण बाहेकका मूख्य क्षेत्रका समस्या समाधान हुन्छन् र न्युनबीजकिकरणको समस्या न्यूनीकरण हुन्छ । ई-कमर्समा कारोवारको अभिलेख स्पष्ट खुल्ने हुनाले ई-कमर्स चेनमा रहने कुनै कृयाकलाप ई-कमर्सको दायरा बाहिर राखेमा कम्तिमा न्युनबीजकीकरणको समस्या समाधान हुँदैन । यसको नियमनका लागि प्रचलित केही कार्यविधी र निर्देशिकाहरू अद्यावधिक गरे पुग्दछ । मार्गस्थ स्टोरबाट विक्री वा मार्गस्थ सामानको विक्रीका लागि भने ऐनमा नै संशोधन गर्नु आवश्यक पर्दछ ।

| |
|---|
| न्यूनबीजकीकरणको संरचनागत सुधार भई विदेशी मुद्रा सञ्चिति, हुन्डी नियन्त्रण र अप्रत्यक्ष कर वृद्धि हुनेछ । |

औषधिजन्य, विकिरणजन्य, दूरसञ्चार सेवासहितका प्याकेज जस्ता लाइसेन्सको प्रयोग हुने खरिद वा विक्रीलाई ई-कमर्सको दायरामा ल्याउन भने परम्परागत ढाँचामा अत्यधिक संशोधन आवश्यक पर्दछ ।

**सेवा विक्रीः** सेवा विक्रीमा व्यवसायिक स्तर र उपभोक्ता स्तर गरी कम्तिमा पनि दुई प्रकारका हुन्छन् । यिनीहरूको नियमन पनि सामान विक्री सरहकै हुन्छ ।

### ई-कमर्समा कर

नियमन, दर्ता लगायतका विषयका समस्या समाधान गरे पनि ई-कमर्सको अर्को मूख्य ध्यानाकर्षणको विषय कर हो । करको विषयमा स्पष्टता नभएसम्म अन्य कुनै समाधानले पनि निरन्तर काम गर्दैन । ई-कमर्सको करको कुरा गर्दा कराधार र करको दायरामा केही प्रकाश पार्नु वान्छनीय हुन्छ ।

संवैधानिक व्यवस्थाअनुसार संघ, प्रदेश वा स्थानीय तहले कानून बनाएर ती कानूनमा तोकिएअनुसारको आधार र क्षेत्रमा सम्बन्धित व्यक्तिबाट मात्र कर लगाउन र असुल उपर गर्न पाउँदछन् । यसरी बन्ने कानूनमा के कस्ता आर्थिक घटना, समय, क्षेत्र, अवस्था वा व्यक्तिलाई कर लगाउन पाउने तोकिन्छ । ती आर्थिक घटना, समय, क्षेत्र, अवस्था वा व्यक्ति पाँचै विषयको समुच्च सम्मिश्रणलाई कर आधार भनिन्छ ।

संघीय कानूनको रूपमा बनेको आयकर र मूल्य अभिवृद्धि करको कराधारमा निम्न पाँच विषय समावेश छन्ः

| | आयकर | मूल्य अभिवृद्धि कर |
|---|---|---|
| आर्थिक घटना | रोजगारी, व्यवसाय, लगानीको आय | वस्तु वा सेवाको आपूर्ति |
| समय | आय वर्ष | आपूर्तिको समयको विन्दु (विक्री, विनिमय, सम्झौता) |
| क्षेत्र | नेपाल भित्रको वा बाहिरको | नेपाल भित्रको |
| अवस्था | आय प्राप्त भैसकेको वा हुने निश्चित रहेको | प्रतिफल पाएको वा पाउने अवस्था रहेको |
| व्यक्ति | प्राकृतिक व्यक्ति वा निकाय | दर्ता भएको व्यक्ति |

स्वरोजगारको शुरू हुनाले रोजगारीको समस्या न्यूनिकरण हुनेछ

त्यसकारण कराधान वृद्धि हुन कुनै व्यक्तिले तोकिएको समयमा तोकिएको अवस्था पूरा गरेको नेपालले कर लगाउने क्षेत्रभित्र आर्थिक घटना हुनु पर्दछ । कराधार वृद्धि भन्नाले यी पाँचमध्ये कुनै क्षेत्रलाई कर कानूनभित्र समावेश गर्नु हो । करको दायरा वृद्धि भन्नाले चाँहि कानूनी रूपमा पहिल्यै रहेको कराधारमध्ये करको दायरामा नआएका अटेरहरूलाई कानूनी व्यवस्थाभित्र ल्याउने गरी कानूनको कार्यान्वयन गर्नु हो ।

ई-कमर्सका कैयन कृयाकलापमा भने कर कानून र अन्य वित्तीय कानूनमा रहेका असङ्गतिहरूका कारण कराधारकै समस्या छ । जति कराधारको दायरामा रहेका ई-कमर्सका कृयाकलाप छन्, ती पनि कानूनी प्रशासनिक आर्थिक लगायतका विभिन्न चोटिला समस्या र अविश्वासका कारण करको दायरामा आउन सकेका छैनन्, अर्थात करको दायराको समस्या पनि छ । करको तेश्रो पक्ष कर प्रशासन र कर तिर्ने सरलता पनि हो । त्यसैले ई-कमर्सको कर व्यवस्थापनमा कराधार, करको दायरा र कर तिर्ने प्रशासनिक व्यवस्था तीनैतर्फ सतर्कतापूर्वक ध्यान दिनु पर्दछ । करको दायरामात्र समस्या भन्ठानेर समाधानतिर लाग्दा ई-कमर्सका कुनै समस्या समाधान हुँदैनन्, तीन वटै क्षेत्रमा समन्वयात्मक सुधार आवश्यक छ ।

ई-कमर्सका एक थरी सरोकारवालाहरू परम्परागत व्यवसायकै स्वरूपमा रहेकाले तिनीहरूका लागि कर कानूनमा खास सुधार आवश्यक पर्दैन, उस्तै खालका अन्य करदातालाई परेका समस्याको समाधान बाहेक । उदाहरणका लागि स्वदेशी ई-कमर्सको वस्तु विक्रेता वा प्लेटफर्म सञ्चालकलाई विलिङ्गको तरीकामा पर्ने सामान्य सुधार बाहेक साविकको कर कानूनमा कुनै संशोधन नगर्दा पनि ई-कमर्स चलिरहन्छ ।

कतिपय ई-कमर्स सरोकारवालाले राजस्वमा खास योगदान गर्दैनन् । कर तिर्न र उठाउन लाग्ने लागतभन्दा उठ्ने करको रकम सारभूत रूपमा बढी नभएका क्षेत्रमा कराधार वा करको दायराका नाममा

कर लगाउने गर्नु पनि उचित हुँदैन । कर उठाउन बैंक जस्तो अर्को निकायलाई लगाउने तरिका पनि आलस्यजन्य तरिका हो, सकभर यो पद्दतिबाट कर लगाउनु हुँदैन । ई-कमर्सले विलिङ्गलाई नियमनको दायरामा ल्याउने मात्र होइन सरल तथ्याङ्कमा उपलव्ध गराउने हुनाले उपभोक्ता जति जति ई-कमर्समा आकर्षित हुँदै जान्छन्, अनौपचारिक अर्थतन्त्र त्यत्तिकै नियन्त्रण हुँदै जान्छ, न्यूनबीजकीकरण नियन्त्रण हुन्छ । न्यूनबीजकीकरणमा पद्धतिगत नियन्त्रण हुँदा विदेशी मुद्राको सञ्चिति बढ्दै जान्छ र हुन्डि जस्ता गैरकानूनी संरचना कमजोर हुन्छन् । यसले भन्सार तथा मूल्य अभिवृद्धि करमा संरचनागत रूपमा नै कराधार अभिवृद्धि हुन्छ । जनताले पाउने रोजगारी आय त आफ्नो ठाउँमा वृद्धि हुन्छ नै ।

रोजगारी न व्यवसाय खालको स्वरोजगार गर्ने हालकै आयकर कानूनमा रोजगारी सरहको कर लगाउने गरी सार्वजनिक परिपत्र वा आर्थिक ऐनमार्फत व्यवस्था गरे पुग्दछ । यिनको कर तिर्ने तरिका सम्बन्धित बैंकबाट श्रोतमा कर सङ्कलनको तरिका गरी त्यसलाई नै अन्तिम कर मान्ने व्यवस्था गर्न सकिन्छ । स्वदेशी वा विदेशी श्रोतका ई-कमर्सका सरोवारवालालाई स्वरोजगारीलाई मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने गरी सार्वजनिक परिपत्र वा आर्थिक ऐनमार्फत व्यवस्था गरे पुग्दछ ।

विदेशी विज्ञापनलाई करको दायरामा राख्न भने प्रचलित कानूनमा पर्याप्त संशोधन आवश्यक पर्दछ ।

स्वदेशी सामान विक्री ई-कमर्सको अर्को मूख्य उत्प्रेरक मार्गस्थ स्टोर, ती स्टोरबाट विक्री वा बाटोमै विक्री हो । यसका लागि केही कानून बनाउने, भएका कानून संशोधन गर्ने र केही निर्देशिकाहरू अद्यावधिक गर्नु पर्दछ ।

# अन्तःशुल्क बढाएर धूमपानका अम्मली घटाउने पक्षमा बहस

✍ देवीप्रसाद शर्मा*

## विषय प्रवेश

करिब २१ वर्ष पहिले सिङ्गापुरमा एक टुर गाइडले "सिङ्गापुर सरकारले वैधानिक लागुपदार्थमा धेरै कर लगाएको छ, तिमीहरू यहाँको करबाट बच्न चाहान्छौ र आफ्नो स्वास्थ्य बिगार्न चाहदैनौ भने त्यस्ता लागुपदार्थको उपयोग नगर'' भनेका थिए । सिङ्गापुर जस्तो विकसित मुलुकमा लागुपदार्थको उपभोग बारेमा यो अर्ति के भनेको होला मनमा जिज्ञासा भयो । तिनै महाशयसँग कुरा गर्दै जाँदा थाहा भयो मदिरा र सूर्तिजन्य पदार्थलाई सरकार संरक्षित लागुपदार्थ मानिदो रहेछ ।

आलेखको शीर्षक स्वयंले सरकारलाई राजस्व बढाउने नीति अख्तियार गर्न सुझाव गरेकै छ । तर, धूमपानका अम्मलीहरूले आलेखको शीर्षक मात्र पढेर नआत्तिनु होला । आलेखका सुझावहरूलाई ग्रहण गरेमा सरकार र धूमपानका अम्मली दुबैलाई जीत जीतको अवस्थामा पुऱ्याउने छ । कारण, आलेखको सुझाव ग्रहण गरेर उपभोक्ताहरूले सूर्तिजन्य पदार्थको उपभोग गर्न छाड्नु भयो भने तपाईंको फोक्सो र अन्य शारीरिक अवस्था स्वस्थ्य रहनेछ । साथै, सूर्तिजन्य पदार्थको कारण लाग्ने गम्भीर रोग तथा कोरोनाको संक्रमण हुनबाट बँचिने र सरकार तथा जनसाधारणले स्वास्थ्योपचारमा गर्ने लगानी बचतमा परिणत हुनेछ ।

उनै पथ प्रदर्शक महाशयका अनुसार, जनस्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्ने सरकारले यस्ता लागुपदार्थ र निकोटिन युक्त वस्तुमा धेरै अप्रत्यक्ष कर लगाएर महंगो पारी कम उपभोग हुने वातावरण बनाउँछन् ।

## परिस्थिति विश्लेषण

अहिले विश्व कोरोना महामारीबाट प्रताडित छ । नेपाल पनि यसको असरबाट अछुत छैन । सरकारले, नेपालमा यो महामारीको प्रभाव कमभन्दा कम होस् भनेर पहिला देशैभर बन्दाबन्दीको घोषणा गऱ्यो । त्यसपछि स्थानीय प्रशासन मार्फत धेरै जिल्लाहरूमा निषेधाज्ञाको अभ्यास गरियो । तर, निषेधाज्ञाको समाप्ति पछि उपत्यका लगायतका केही जिल्लाहरूमा संक्रमितको, ज्यान जोखिममा पर्नेको संख्या ह्वात्तै बढेको तथ्याङ्कहरू सार्वजनिक भइ रहेका छन् ।

सरकारी कारोबार लगायत निजी क्षेत्रका उद्योग, व्यापार, व्यवसायमा संकुचन, सार्वजनिक यातायात र पर्यटनमा बन्दाबन्दीको असर, कोरोना महामारी जस्ता कारणले मुलुकको आर्थिक गतिविधिमा कमी

* *सेवा निवृत प्रमुख कर अधिकृत, ठूला करदाता कार्यालय*

भयो । फलस्वरूप आर्थिक वर्ष २०७६/७७ को अन्तिम चार महिनामा बजेटमा सरकारले अनुमान गरेको रकम खर्च हुन सकेन, राजस्व पनि कम उठ्यो । अपेक्षित वैदेशिक सहायताको परिचालन पनि भएन ।

गत आर्थिक वर्षमा लक्ष्यअनुरूप बजेट खर्च र राजस्व संकलन नभएको अवस्था संघीय सरकारको मात्र होइन सबै प्रदेश र स्थानीय सरकारहरूको पनि साझा समस्या हो । संघीय संसदमा, सरकारले जेठ १५, २०७७ मा चालु आर्थिक वर्ष २०७७/७८ का लागि बजेट पेश गर्दा आर्थिक वर्ष २०७६/७७ का सम्बन्धमा गरिएको राजस्वको संशोधित अनुमान पूरा हुनुमा, वार्षिक लक्ष्यमा नभएको अन्य प्राप्तिलाई जोडेर संशोधित लक्ष्य पूरा भएको तथ्याङ्कले देखाउँछ ।

माननीय अर्थ मन्त्रीहरूबाट संसदको कुनै समितिमा र सार्वजनिक रूपमा सरकार वित्तीय संकट सन्मुख रहेको सांकेतिक भनाइ व्यक्त भएका समाचार पनि आएका छन् । साथै, तत्कालीन अर्थ मन्त्रीबाट विश्व बैंकका दक्षिण एशिया क्षेत्रका पदाधिकारीसँगको छलफलमा स्वास्थ्य उपचार लगायतका कार्यक्रम र आयोजनाको कार्यान्वयनमा सरकारले जोड दिँदा आवश्यक पर्ने स्रोतको व्यवस्थापन चुनौतिपूर्ण रहेको उल्लेख गर्नु भएको समाचार पनि आएका थिए ।

चालु आर्थिक वर्षको शुरू देखिनै कोरोना संक्रमितको संख्या बढन थालेको, गत वर्षको बन्दाबन्दीको असर र यस वर्षको निषेधाज्ञाको कारण राजधानी लगायत प्रमुख शहरहरूमा आर्थिक क्रियाकलापहरू लामो समय बन्द भएका थिए । अझै बन्द रहेको पर्यटन क्षेत्र समेतको असर राजस्व संकलनमा पर्ने निश्चित छ ।

**सरकारको राजस्व लक्ष्य**

संघीय सरकारले चालु आर्थिक वर्ष २०७७/७८ मा गत आर्थिक वर्षको संशोधित अनुमानभन्दा २२.३७ प्रतिशतले बढी राजस्व परिचालन गर्ने लक्ष्य राखेको छ जसअनुसार कुल रू. १०१२ अर्बको अनुमान रहेको छ । यो रकम मध्ये कर राजस्वबाट रू. ९१३ अर्ब अर्थात ९०.२२ प्रतिशत र अन्य राजस्व (गैरकर)बाट रू. ९९ अर्ब अर्थात ९.७८ प्रतिशत संकलन गर्ने अनुमान रहेको देखिन्छ । अहिले आर्थिक वर्षको शुरूआत मात्र भएकोले कुनै पूर्वानुमान नगरौ तर, कोरोना पिडित व्यापार व्यवसाय र अर्थतन्त्रबाट गत वर्षको यथार्थ संकलित राजस्वको आधारमा करिब २७ प्रतिशतभन्दा बढी दरले राजस्व बृद्धि गर्नु चुनौतिपूर्ण कार्य देखिन्छ ।

शुभ संकेत थियो, आर्थिक वर्षको पहिलो महिनाका लागि सरकारले राखेको राजस्वको लक्ष्य लगभग पूरा भएको थियो । तर, दोस्रो महिनासम्मको राजस्व असुली गत आर्थिक वर्षको सोही अवधिसम्मको तुलनामा १६.५ प्रतिशतले ऋणात्मक भएको छ । अर्थ मन्त्रालयबाट २०७७ भाद्रमा प्रकाशित अर्थ बुलेटिनमा कोभिड-१९को प्रत्यक्ष असर राजस्व परिचालनमा परेको स्वीकार गरिएको छ । आयकर बाहेकका मूल्य

अभिवृद्धि कर, भन्सार महसुल, अन्तःशुल्क, अन्य कर एवम् गैर कर राजस्वहरू लक्ष्यअनुरूप परिचालन हुन सकेको छैन । आशा गरौं आर्थिक वर्षको बाँकी अवधिमा परिस्थितिमा सुधार भएर अनुमानित राजस्व पूरा हुनेछ ।

## अध्ययन सर्भेक्षण

नेपाल स्वस्थ्य अनुसन्धान परिषद्ले विश्व स्वास्थ्य संगठनको सहयोगमा गरेको सर्भेक्षणका अनुसार १५ देखि ६९ वर्षका वयस्क नेपालीमध्ये २८.९ प्रतिशतले धुँवासहित वा धुँवारहित धूम्रपानको अम्मल गर्दछन् । यही उमेर समूहका करिब ५० प्रतिशत पुरूषहरू अम्मली छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सो मातहतका स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र र अन्य निकाय, वेलायतका क्यान्सर रिसर्च र किबु इन्टरनेशनल समेतको सहयोगमा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले गत वर्ष नेपालमा गरेको एक सर्भेक्षण अध्ययनको प्रतिवेदन प्रतिष्ठानले आफ्नो वेभसाइटमा राखेको छ ।

नेपालका ४९ जिल्लाका २८०० घरधुरीका १८ वर्षभन्दा बढी उमेरका युवा समुदायमा गरिएको अध्ययन सर्भेक्षणमा ७६ प्रतिशतले सरकारले सूर्तिजन्य वस्तुमा कर बढाउनु पर्ने, बढाएमा आफूले उपभोग गर्न छाडने प्रतिक्रिया दिएको देखाइएको छ ।

विज्ञहरूले पनि धूमपानको कारण कार्डियोभास्कुलर, क्यान्सर, फोक्सो र स्वासप्रस्वाससम्बन्धी, मधुमेह जस्ता गम्भीर रोगबाट ग्रसित हुने उल्लेख गरेको पाइन्छ । प्रतिवेदनहरूका अनुसार, नेपालमा सूर्तिजन्य वस्तुको उपयोगबाट सिर्जित रोगको कारण वार्षिक २७,१०० जनाले ज्यान गुमाउने गर्छन् ।

यी अध्ययन प्रतिवेदन र तथ्याङ्कको यहाँ उल्लेख गर्नुको उद्देश्य सूर्तिजन्य पदार्थबाट नेपालीहरूको स्वास्थ्यमा कति नराम्रो प्रभाव परेको छ भन्ने संकेत गर्नको लागि हो ।

नेपालले, अन्तःशुल्क जस्ता अप्रत्यक्ष कर, सीमित प्रतिबन्ध, जागरणमूलक सन्देशसहितका प्रचार प्रसारका उपायहरू अपनाउँदा पनि सूर्तिजन्य उत्पादनको उपभोगमा कमी नआएको, ल्याउन नसकेको र उपभोक्ताको संख्या झन बढेको तथ्याङ्क प्रतिवेदनहरूमा रहेको पाइन्छ ।

त्यसैले, सरकारले सूर्तिजन्य वस्तुमा कर बढाएमा राजस्व बढने, जनताको स्वास्थ्यमा सुधार आउने, सूर्तिजन्य वस्तुको उपयोगमा र स्वास्थ्योपचारमा गर्ने खर्च रकम बचत भएइ अन्यत्र सदुपयोग हुने, सरकारले स्वास्थ्य क्षेत्रमा कम लगानी गरे पुग्ने हुँदा जित नै जित हुने निष्कर्ष सो अध्ययनहरूको छ ।

## अन्तःशुल्क करको उद्देश्य

मदिराजन्य र सूर्तिजन्य पदार्थको उपभोगबाट मानिस कुलतमा फस्ने, विभिन्न रोगहरूको शिकार बन्ने, परिवारमा विग्रह र समाजमा विकृति पैदा गर्ने हुँदा यी उत्पादनहरू कानून संरक्षित लागूपदार्थ हुन् ।

विश्वका अधिकांश देशहरूले यी र यस्तै जनस्वास्थ्यमा नकारात्मक असर पार्ने, वातावरणमा असर पार्ने वस्तुहरूको उत्पादन तथा आयातमा अन्तःशुल्क लगाएर महंगो पारेका हुन्छन् ।

नेपालमा पनि अन्तःशुल्क ऐन, २०१५ को प्रस्तावनामा सर्वसाधारण जनताको स्वास्थ्य, सदाचार, सुविधा र आर्थिक हित कायम राख्न अन्तःशुल्क लगाउने उद्देश्य प्रष्ट रहेको थियो । तर, सो ऐनलाई प्रतिस्थापन गर्ने गरी जारी अन्तःशुल्क ऐन, २०५८ मा यो उद्देश्य गौण रहेको देखिन्छ ।

**हालको अन्तःशुल्क दर**

नेपालमा मदिराजन्य र सूर्तिजन्य वस्तु लगायत धेरै वस्तुहरूमा अन्तःशुल्क लाग्ने गरेको छ । मदिरा र सूर्तिजन्य वस्तुसहित केही सीमित वस्तुमा परिमाणगत वा निर्दिष्ट दरमा अन्तःशुल्क लाग्दछ भने धेरै वस्तुहरूमा मूल्यगत वा मोल प्रतिशत दरमा लाग्ने गरेको पाइन्छ । तर, यस आलेखमा निर्दिष्ट दरमा अन्तःशुल्क लगाइएको सूर्तिजन्य वस्तुको सम्बन्धमा मात्र चर्चा गरिनेछ ।

कच्चा सूर्ति र सूर्तिजन्य उत्पादनहरू चुरोट, सूर्ति, जर्दा, खैनी, गुट्खा, निकोटीनयुक्त पान मसलाहरू लगायतमा परिमाणगत वा निर्दिष्ट दरमा अन्तःशुल्क लाग्ने गरेको छ । यी उत्पादनहरूका प्रत्येक प्याकिङ्गमा जन-स्वास्थ्यकालागि हानिकारक भन्ने चेतावनी युक्त सन्देश उल्लेख गरिएको हुन्छ । यसैबाट प्रष्ट छ यी उत्पादनहरू मानव सेवनकालागि हानिकारक छन् ।

निर्दिष्ट दरमा अन्तःशुल्क लगाइने यस्ता जन-स्वास्थ्यका लागि हानिकारक उत्पादनहरूमा प्रत्येक वर्षका आर्थिक ऐनले केही परिमार्जन गर्ने गरेको पाइन्छ । तर, चालु आर्थिक वर्षका लागि जारी आर्थिक ऐनमा सूर्तिजन्य उत्पादनमा गत आर्थिक वर्षकै बराबरमा अन्तःशुल्क लाग्ने गरी दर तोकिएको देखिन्छ । फलस्वरूप ती उत्पादनहरूमा मुद्रास्फिति बराबरको दरले समयोजन नगर्दा अन्तःशुल्कको दर गत वर्षकोभन्दा चालु वर्षमा घटेको अवस्था छ ।

**विश्व स्वास्थ्य संगठनको मापदण्ड**

विश्व स्वास्थ्य संगठन, सूर्तिजन्य उत्पादनले जनस्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा यस्ता वस्तुमा सरकारले कर बढाएर महँगो बनाउनु पर्छ भन्छ । संगठनले यस्ता वस्तुको खुद्रा मूल्यको ७० प्रतिशतसम्म अंश अन्तःशुल्क जस्ता अप्रत्यक्ष करको हुने गरी देशहरूले स्वतन्त्रता पूर्वक कर लगाउन सक्ने सिफारिस गरेको पाइन्छ ।

सार्क संगठनको एक सदस्य राष्ट्रले, चुरोटमा, विश्व स्वास्थ्य संगठनको सिफारिसको हदभन्दा पनि बढी दरमा अप्रत्यक्ष कर लगाएको पनि देखिन्छ । तर, नेपालको अनुपात ३० प्रतिशतको हाराहारीमा रहेको अध्ययनले देखाएको छ । यो न्यून अनुपात राख्ने सार्क संगठनका देशहरूमा नेपाल दोस्रो हो । जवकी,

कतिपय विकसित देशहरूको यस्तो अनुपात औसतमा ५५ देखि ६५ प्रतिशतसम्म पुऱ्याएका छन् । हाम्रा छिमेकी मुलुकहरूले चुरोटमा यस्तो दर ४५ देखि ५५ प्रतिशतसम्म पुऱ्याएको पाइन्छ ।

**सूर्तिजन्य उत्पादनमा थप अन्तःशुल्क किन?**

अहिले, कोरोना महामारीको कारण उद्योगहरूका उत्पादन र व्यापार, व्यवसाय पूर्ण गतिमा भएको छैन । यस अवस्थामा सूर्तिजन्य उत्पादनमा अन्तःशुल्कको दर बढाएर राजस्व बृद्धिको उपाय सुझाउने उपयुक्त समय त होइन । त्यसैले, आलेखको शीर्षकबाटै नीति निर्माता, उद्यमी, व्यवसायी उपभोक्ता लगायतलाई आक्रोश पैदा हुन पनि सक्छ ।

विशेषज्ञहरू भन्छन् धुँवा युक्त धूम्रपानले मानिसको फोक्सोमा सिधै असर गर्छ । धुँवारहित सूर्तिजन्य पदार्थका अम्मलीले पटक पटक वरिपरि थुक्ने, मुखको, थुकको सम्पर्कमा हात लगिरहने गर्छन् । यी व्यवहार, कोरोनाबाट बच्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य संगठनले जारी गरेका सावधानी मापदड विरूद्ध हुन् । सूर्तिजन्य पदार्थको सेवन गर्नेहरूले एक आपसमा बाँडेर साझा प्रयोग गर्ने हुँदा कोरोना सार्न र शरीरमा विषाणुको प्रवेश गर्न थप मद्दत पुग्ने हुन्छ ।

कोरोना, बन्दाबन्दी र निषेधाज्ञाको कारण अधिकांश व्यक्तिहरू नियमित काममा छैनन् । कतिपय रोजगार विहिन भएर तनावमा छन् । मानिसहरूले चाहेर वा नचाहेर धूमपान र मद्यपानको लतमा परेका छन् । किनकी, मानिसहरूसँग समय नै समय छ, बजारमा त्यस्ता मालवस्तुको अभाव पनि छैन र जो सुकैले पनि खरीद गर्न पाउँछन् । यस्ता वस्तुहरूको खुद्रा उपभोग बढेको छ । मानिसहरूको स्वास्थ्यमा निरन्तर नकारात्मक प्रभाव परिरहेको छ ।

जनस्वास्थ्यमा सुधार ल्याउन, कोरोना महामारीको संक्रमण धेरै फैलिनबाट रोक्न, स्वास्थ्योपचारमा सरकार र जनताले गर्ने लगानी कम गराउन र सरकारको राजस्वमा बृद्धि गराउन अन्तःशुल्क बढाउने सुझाव आलेख मार्फत दिइएको हो ।

सूर्तिजन्य उत्पादनमा अन्तःशुल्क बढाउँदा राजस्वको भार बढी भएर चुहावट गर्न प्रोत्साहन मिल्ने सम्भावना पनि छ । विश्व बैंकको एक अध्ययनमा फिलिपिन्सको उदाहरणसहित यसका केही उपायहरू सुझाएको पाइन्छ । विश्वका अधिकांश देशहरूले सूर्तिजन्य उत्पादनहरू बिक्री तहमा जानु पहिले विभिन्न नामका "टिकट" टाँस्ने र तिनको अनुगमन गर्ने गरेका उदाहरण अध्ययनहरूमा समेटिएका पाइन्छन् । नेपालले पनि "अन्तःशुल्क स्टिकर" टाँस गर्ने गरेको छ । तर, ती स्टिकरहरूको अनुगमन गरेको पाइदैन । यदी बिक्री तहसम्म ती स्टिकरको अनुगमन गर्ने पद्दतिको विकास गरिएमा चुहावट हुन नसक्ने देखिन्छ ।

**निष्कर्ष**

यो सबै विश्लेषण, सूर्तिजन्य उत्पादनमा अप्रत्यक्ष कर अन्तःशुल्क बढाएर महंगो पारेमा त्यसको प्रभाव उत्पादकमा होइन अन्तिम उपभोक्तामाथि सर्दै जाने र उत्पादित वस्तु महंगो हुँदा कम आम्दानी हुने वर्गलाई तिनको उपभोगबाट पर्ने हानिकारक असरदेखि बचाउन सकिन्छ भनेर सुझाव दिन हो ।

संघीय सरकारको पहिलो प्राथमिकता जनस्वास्थ्य हुनु पर्दछ, परेको पनि छ । बजेट भाषणबाट यो प्रष्ट हुन्छ । कोरोनाले पनि मानिसको फोक्सो र स्वास प्रस्वासमै गम्भीर असर पार्ने हो । सूर्तिजन्य वस्तुको उपभोगबाट जनताको त्यही अंगमा प्रत्यक्षतः नकारात्मक प्रभाव पार्ने, कोरोना सार्न मद्दत गर्ने र अन्तःशुल्को उद्देश्य जनस्वास्थ्य विग्रिन नदिने हुँदा धूमपान छुटाउन दर बढाउने सुझाब गरिएको हो ।

सरकारले, चालु वर्षको बजेट सार्वजनिक गर्दा निर्दिष्ट दरमा अन्तःशुल्क लाग्ने वस्तु मध्ये मदिराजन्य वस्तुको दरमा सामान्य बृद्धि गर्‍यो । तर, सूर्तिजन्य वस्तुमा गत आ.व. कै दर लागु हुने गरी परिमार्जन गरेको छैन । फलतः सो दरमा मुद्रास्फितिलाई समायोजन गर्दा अन्तःशुल्क घटने हुन्छ । त्यसैले पनि दर परिमार्जन नभएका सूर्तिजन्य उत्पादनहरूमा अन्तःशुल्कको दरमा वृद्धि गर्नु उपयुक्त हुन्छ ।

नेपाल सदस्य रहेको विश्व स्वास्थ्य संगठनले यस्ता वस्तुको उपभोक्ता मूल्यमा ७० प्रतिशतसम्म करको अंश हुनु उपयुक्त मान्दछ । कतिपय विकसित देशहरूले यस्तो अनुपात ६५ प्रतिशतको हाराहारीमा पुर्‍याएका पनि छन् । छिमेकी देशहरू भारतमा र चीनमा ४५ देखि ५५ प्रतिशतसम्मको हाराहारीमा देखिन्छ । तर, पर्याप्त सरकारी स्रोतको कमी रहेको नेपालमा ३० प्रतिशतको हाराहारीमा रहेको हुँदा बढाउन सुझाव दिइएको हो ।

"Raising taxes on tobacco products is one of the most effective - and cost-effective - ways to reduce consumption of products that kill, while also generating substantial revenue. I encourage all governments to look at the evidence, not the industry's arguments, and adopt one of the best win-win policy options available for health."

यो भनाइ विश्व स्वास्थ्य संगठनकी पूर्व महानिर्देशक डा. मार्गरेट चानको हो । सूर्तिजन्य पदार्थका विषयमा उक्त संगठनका प्रकाशनहरूमा यो भनाइ राखिएको पाइन्छ । अहिलेको कोरोना महामारी फैलन नदिन सोही संगठनले विकास गरेका मापदण्ड र प्रोटोकलहरू अनुशरण गरे जस्तै सरकारले सूर्तिजन्य पदार्थमा पनि अन्तःशुल्क बढाउने नीतिगत औजार कार्यान्वयनमा ल्याएर धूमपान त्याग गराउने, कोरोनाको संक्रमण नियन्त्रण गर्ने र समग्र जनस्वास्थ्यमा सुधार ल्याउन सक्छ । आगे सरकारको निर्णयमा भर पर्नेछ ।

**सन्दर्भ सामाग्रीहरू:**


नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७, संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं ।

अर्थ बुलेटिन, वर्ष २ अंक २, भाद्र २०७७, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं ।

अन्तःशुल्क (संशोधन सहित) ऐन, २०५८, नेपाल सरकार, कानून किताब व्यवस्था समिति बबरमहल काठमाडौं ।

अन्तःशुल्क (संशोधन सहित) ऐन, २०१५, श्री ५ को सरकार(तत्कालीन), कानून किताब व्यवस्था समिति बबरमहल काठमाडौं ।

https://openknowledge.worldbank.org/discover?query=Tobacco%20Control

https://www.who.int/publications/tobacco_control

https://www.ndri.org.np/ourpublication/tobacco-taxation-in-nepal_report/

# सहकारी संस्थाको अवस्था

✍ रामचन्द्र पौडेल*

## १. पृष्ठभूमि

नेपालमा सहकारी संस्थाको विकासक्रम हेर्दा सहकारीको लामो परम्परा रहेको छ । परम्परागत रूपमा हाम्रो समुदायमा संस्कृतिक र समाजिक संस्कार सञ्चालन गर्ने गुठी, अन्न संग्रह गर्ने धर्मभकारी र बचत संकलन गरी ऋण प्रवाह गर्ने ढिकुटी आदिको प्रचलन रहदै आएको छ । वि.स.२०१० मा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना गरिएको थियो । वि.स. २०१३ मा सरकारको कार्यकारी आदेशबाट चितवनमा सहकारी संस्थाहरूको स्थापना गरियो । चितवनको शारदानगरमा २०१३ चैत्र २० मा स्थापना गरिएको बखान ऋण सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो । वि.स.२०१६ सालमा पहिलो सहकारी संस्था ऐन, २०१६ जारी भयो । वि.स. २०१९ मा काठमाडौमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरियो । वि.स.२०२० मास्थापना गरिएको सहकारी बैंक वि.सं. २०२४ मा कृषि विकास बैंकमा रूपान्तरण गरियो । वि.स. २०४७ मा गठित सात सदस्यीय राष्ट्रिय सहकारी महासंघ परामर्श समितिले सहकारी क्षेत्रलाई राज्यको नियन्त्रणभन्दा बाहिर राख्नुपर्ने सुझावहरू दिएको आधारमा सहकारी ऐन, २०४८ जारी गरियो यसले नेपालको सहकारी अभियानलाई धेरै लामो अवधिसम्म दिशानिर्देश गर्‍यो ।

सहकारी क्षेत्रमा ३२,६६३ विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू र ६९ जिल्ला सहकारी सङ्घ, २५२ विषयगत सहकारी सङ्घहरू, २० विषयगत केन्द्रीय सङ्घ, एउटा राष्ट्रिय सहकारी बैङ्क र शीर्षस्थ निकायका रूपमा राष्ट्रिय सहकारी महासङ्घ लिमिटेड क्रियाशील छन् । सहकारी संस्थामा ५२ लाखभन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता करिब ४६ प्रतिशत रहेको छ भने नेतृत्वमा महिलाको पहुँच ३४ प्रतिशत पुगेको छ । महिलामात्र सदस्य रही सञ्चालित सहकारी संस्थाको सङ्ख्या ४,०११ पुगेको छ । यस क्षेत्रले झन्डै ६१ हजार नागरिकहरूलाई प्रत्यक्ष र १० लाखभन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ । आ.व. २०७२-७३ को अन्त्यमा सहकारी सङ्घ संस्थाहरूको सेयर पुँजी रू. ६५ अर्ब, बचत रू. २ खर्ब १० अर्ब र लगानी रू. १ खर्ब ८५ अर्ब रहेको छ । सबै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

वि.स.२०५७ मा कृषि मन्त्रालयको नाम परिवर्तन भई कृषि तथा सहकारी मन्त्रालय कायम गरियो । यहि वर्ष सहकारी ऐन, २०४८ को दफा २६ संशोधन गरी नेपालमा राष्ट्रिय सहकारी बैंक स्थापना गर्ने व्यवस्था भयो । फलस्वरूप वि.स. २०६१ देखि सहकारी बैक सञ्चालनमा आएको छ । सहकारी ऐन,

* *निर्देशक, महालेखा परीक्षकको कार्यालय*

२०७४ तथा नियमावली, २०७५ एवं सम्बद्ध निर्देशिका, कार्यविधिले सहकारी गतिविधिलाई चलयामान बनाएका छन् । नेपालको संबिधान र सहकारी ऐनको आधारमा स्थानीय तह र प्रदेश सरकारले पनि सहकारी ऐन नियम तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेका छन् ।

## २. परिचय

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक-सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ । खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ । सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रवर्द्धन आवश्यक रहेको छ ।

वि.सं. २०१० सालमा स्थापित सहकारी विभाग २०७४ मा राज्य संघ, प्रदेश र स्थानीय तहमा विभाजन भएपछि यसको कार्यक्षेत्र खुम्चिएको छ । सहकारी विभागले सहकारी संस्थाहरूको अनुगमन, नियमन र मूल्याङ्कन गर्ने उद्धेश्य राखेको छ । साविकमा राज्यभर डिभिजन कार्यालयहरू रहेकोमा हाल केन्द्रमा एक मात्र सहकारी विभाग रहेको छ । राज्यभर कार्यक्षेत्र भएका करिब १४५ सहकारी संस्थाहरू विभागको प्रत्यक्ष नियमन, अनुगमन र मूल्याङ्कनमा पर्दछ भने प्रदेश र स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरूको अनुगमन र मूल्याङ्कन सम्बन्धित पालिका र प्रदेश मन्त्रालयले गर्दछन् ।

विभागको कार्यक्षेत्र भित्रका सहकारी संस्थाको अनुगमन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाई सहकारी सदस्यको हक हितको सुनिश्चितता प्रदान गर्नु नै सहकारी विभागको मुख्य उद्धेश्य र क्षेत्र हो । सहकारीसम्बन्धी ऐन-नियममा समयसापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन् ।

## ३. नीतिगत व्यबस्था

पन्ध्रौं योजना तथा चौधौं आवधिक योजना(२०७३।७४, २०७५।७६)ले सहकारी क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति देहायबमोजिम छन्ः

### क) उद्देश्य :

- सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी मुलुकको दिगो र समतामूलक आर्थिक-सामाजिक विकासमा योगदान पुऱ्याउनु ।

- सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु ।

**ख) रणनीति :**

- सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।
- सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

**ग) कार्यनीति**

- सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ,
- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।
- कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गरिनेछ ।
- सहकारीमैत्री कर प्रणालीको विकास गरिनेछ ।
- स्थानीय तह, विकास साझेदार र सामुदायिक संस्थाहरू समेतबाट सहकारी क्षेत्रमा वित्तीय तथा प्राविधिक सहायता परिचालन गरिनेछ ।

**घ) नेपाल सरकारको आर्थिक वर्ष २०७६।७७ को बजेट बक्तव्यले सहकारी क्षेत्रका सम्बन्धमा देहायको नीति लिएको छ :**

- कृषि तथा पशु विकास केन्द्रित अध्ययन अनुसन्धानमा प्रोत्साहित गर्न आवश्यक रकम विनियोजन गरेको ।
- सहकारी मार्फत रेसम,कपास र उन खेतीको लागि उत्पादन अनुदान र प्रशोधन कारखानाको स्थापनाको लागि २५ प्रतिशत पुँजीगत अनुदान दिने,
- कृषि समाग्रिको आपूर्ति सहज गर्न सहकारी र निजीक्षेत्रसँगको सहकार्यमा रसायनिक मल, प्राङ्गारिक मल, किटनासक बिषादी तथा कृषि औजारकारखाना स्थापना गर्ने,
- कृषि सहकारी संस्थाहरूलाई बिउ बिजन उत्पादनमा प्रोत्साहित गर्ने ।

## ४. कानूनी व्यवस्था

सहकारी विभाग, प्रदेश सरकार तथा स्थानीय तहसमेतलाई तोकिएको कार्य सम्पादन गर्नका लागि सहकारी ऐन, २०७४, आर्थिक कार्यविधि ऐन, २०५५, सार्वजनिक खरिद ऐन, २०६३, मुलुकी ऐन, २०२०, आर्थिक ऐन तथा अध्यादेश,सहकारी नियमावली, २०७५, आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद नियमावली, २०६४, सम्पति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको निर्देशन, २०७४, सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४, सहकारी संस्थालाई

अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३, सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ लगायतका ऐन, नियमावली तथा निर्देशिकाहरू एवं महालेखापरीक्षकको व्यवस्था छ ।

## ५. संगठन संरचना

प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भए वाहेकका सहकारी संघसस्थाहरूको अनुगमनको प्रमुख दायित्व सहकारी बिभागमा रहेको छ । अनुगमन र नियन्त्रणको लागि बिभागमा कुल दरबन्दी ३१ रहेको छ । विभागले वार्षिक लक्ष्य तोकी अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै आएको छ ।

त्यस्तै, नेपालको संविधान र सहकारी ऐन, २०७४ को आधारमा स्थानीय तह र प्रदेशले पनि सहकारी ऐन नियम तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेका छन । यी तहहरू प्रारम्भिक चरणमै रहेकोले सो अनुसार सहकारी ऐन तथा नियम र निर्देशिकाहरू जारी गरेको देखिदैंन । प्रदेश र स्थानीय तहमा सहकारीको अभिलेखाङ्कन गर्ने कार्य शुरू मात्रै भएको छ । अनुगमन र नियन्त्रण व्यबस्था उल्लेखनीय पाइएन ।

## ६ वार्षिक कार्यक्रम र प्रगति

विगत ३ वर्षमा सहकारी संघ संस्थाहरूको देहायबमोजिम अनुगमन गरिएको छ :

| आर्थिक वर्ष | लक्ष्य संख्या | अनुगमन संख्या | प्रगतिप्रतिशत |
|---|---|---|---|
| २०७५/७६ | २० | २० | १०० |
| २०७४/७५ | १०९ | १०९ | १०० |
| २०७३/७४ | १६७ | १६७ | १०० |

सहकारी संस्थाहरू टाट पल्टिने तथा संकटग्रस्त घोषणा हुने एवं सञ्चालक फरार भइरहेको अवस्थामा सहकारी संस्थाको अनुगमन र नियन्त्रण कार्यको संख्या वढाउँदै जानुपर्नेमा घट्दै गएको छ । आर्थिक वर्ष २०७६।७७ समेतको प्रगति समीक्षा गरी अनुगमन र नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

## ७. कार्य सञ्चालन स्थिति

सहकारी संघसस्थाहरुको आ.व. २०७५।७६ को आषाढ मसान्तमाकार्य सञ्चालन स्थिति देहायबमोजिम छ :

| सहकारी संघ संस्था संख्या | सदस्य संख्या | | | वित्तीयअवस्था रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | निक्षेप | शेयर पूंजी | श्रण लगानी | अन्य |
| ३४५१२ | ३२१३५१४ | ३०९२०६७ | ६३०५५८१ | ३०२१६४५१३ | ७३१७८७१५ | २७३७१०४३९ | ४४३९२४ |

उल्लिखित विवरणलाई अद्यावधिक गरी प्रदेश र स्थानीय तहलाई थप ससक्त बनाउनु पर्दछ ।

## ८. सहकारी संस्थाको कार्यप्रकृति

सहकारी संस्थाको कार्य प्रकृतिअनुसारको तथ्यांक देहायअनुसार छ । सहकारीका संस्थाका सदस्यबाट ३.९३ प्रतिशत सदस्यले सञ्चालक भई काम गरेको देखिएको छ । सञ्चालक तथा सदस्य महिला तथा पुरूषको स्थिति देहायअनुसार छ-

| सि.नं. | कार्यप्रकृति | संख्या | सञ्चालक | | | सदस्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | बचत तथा ऋण | १३५७८ | ३९२०५ | ५८५४८ | ९७७५३ | १७७६०८९ | १६६९४६५ | ३४४५५५४ |
| | वहुउद्धेश्यीय | ४३७१ | १२३२६ | १९२७९ | ३१६०५ | ६१८२३६ | ६५५५४१ | १२७३७७७ |
| | कृषि | १०९२१ | ३२५७५ | ४३६२९ | ७६२०४ | ६१४७१६ | ४७७५४९ | १०९२२६५ |
| | दुग्ध | १६५८ | ३७०२ | ९१५१ | १२८५३ | ३१७४८ | ७४१४५ | १०५८९३ |
| | उपभोक्ता | १४२३ | २९४४ | ६५८७ | ९५३१ | २९१५० | ४१५७५ | ७०७२५ |
| | विद्युत | ४६३ | ८०८ | २९७२ | ३७८० | १७८७० | ६३५०० | ८१३७० |
| | तरकारी तथा फलफूल | १९३ | ५६१ | ९८६ | १५४७ | १०७२३ | ९५४४ | २०२६७ |
| | चिया | १०८ | १७० | ६८६ | ८५६ | २८३२ | ९१३१ | ११९६३ |
| | कफी | १५५ | ४०८ | ७५८ | ११६६ | २९१७ | ४६७६ | ७५९३ |
| | जडिबुटी | १८६ | ४१८ | १०६९ | १४८७ | ४८८७ | ६४१८ | ११३०५ |
| | मौरीपालन | ९३ | २७२ | ४७७ | ७४९ | २१८७ | २१५४ | ४३४१ |
| | सञ्चार | १४३ | ३२५ | ८४० | ११६५ | ५३६२ | ११६९१ | १७०५३ |
| | स्वास्थ्य | १२८ | ३२३ | ७४६ | १०६९ | ६३२२ | ८१३१ | १४४५३ |
| | उखु | ४८ | ५४ | ३०८ | ३६२ | १२२९ | १७२५ | २९५४ |
| | जुनार | ४५ | २२२ | १४७ | ३६९ | ८९० | १२३३ | २१२३ |
| | अन्य | ९९९ | ३१९९ | ४१३२ | ७३३१ | ८८३५६ | ५५५८९ | १४३९४५ |
| | जम्मा | ३४५१२ | ९७५१२ | १५०३१५ | २४७८२७ | ३२१३५१४ | ३०९२०६७ | ६३०५५८१ |

## ९. सकारात्मक पक्ष

सहकारी विभागले कोपोमिस नामक सफट्वेयर सञ्चालनमा ल्याई ३४ हजार ५१२ को संख्यामा रहेका सहकारी संस्था मध्ये ३२००० लाई सफ्टवेयरमा प्रविष्टि गरेको जनाएको छ । नजिकबाट अनुगमन गर्ने अवधारणाअनुरूप पालिकालाई कार्यक्षेत्र बनाएका सहकारी संस्थालाई सम्बन्धित पालिकाले, प्रदेशलाई कार्यक्षेत्र बनाएका सहकारी संस्थालाई सम्बन्धित प्रदेश तथा राज्यभर वा दुई प्रदेश भन्दा वढी कार्यक्षेत्र बनाएका सहकारी संस्थालाई सहकारी विभागले अनुगमन र नियन्त्रण गर्ने व्यवस्था मिलाइएको छ ।

रू. ५० करोड भन्दा वढी कारोवार भएको संस्थामा सहकारी विभागले सिधै सघन अनुगमन गर्न सक्ने र सो भन्दा कमको हकमा सम्वन्धित स्थानीय तह, प्रदेश तहको कार्यालयबाट र मागअनुसार विभाग समेतको संयुक्त अनुगमन गर्ने व्यवस्था रहेको छ ।

## १०. समस्या र चुनौति

सहकारीसम्बन्धी ऐन-नियममा समयसापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमनगर्ने चुनौती रहेका छन् । त्यसैगरी, सहकारी संघ संथाको अनुगमन र नियन्त्रणमा देखिएका मुख्य समस्या र चुनौतिमा अनुगमनका लागि पर्याप्त वजेट तथा जनशक्तिको कमी, आधुनिक प्रविधिको उपयोग गरी अनुगमन नहुनु लगायत देखिएका छन ।

त्यस्तै, प्रदेश र स्थानीय तहमा सहकारी जानकार जनशक्तिको अभाव, आवश्यक कानूनको अन्यौलता एवं संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कमी ।

## ११. सहकारी संस्थाको अवस्था देहायअनुसार रहेको विभिन्न अध्ययन तथा प्रतिवेदनले देखाएको छः

### क) संस्थागत सुशासन

सहकारी संस्थाको सहकारी मूल्य तथा सहकारी सिद्धान्तको पालना, तथा सञ्चालनमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

- अधिकांश सहकारी संस्थाले सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता, सिद्धान्त, प्रचलित ऐन, नियमावली र संस्थाको आफ्नै विनियम विपरित कार्य क्षेत्र भन्दा बाहिर गई गैर सदस्यसँग बचत तथा ऋणको कारोवार गर्ने गरेका ।
- सदस्यहरूको निरन्तर आर्थिक सहभागितासम्बन्धी सहकारीको सिद्धान्तअनुसार सहकारी संस्थाका सदस्यहरूले संस्थामा नियमित रूपमा वचत रकम जम्मा गर्नुपर्नेमा नगरेको ।
- निर्धारित समय भित्र साधारण सभा सम्पन्न गर्नुपर्नेमा नगरेको ।

- एउटै व्यक्ति वा समुहले विभिन्न स्थानमा फरक-फरक नामबाट सहकारी संस्था खोल्ने गरेको, साथै हरेक संस्थामा यिनै व्यक्ति तथा समूहहरू लाभका पदमा रहने गरेको ।
- निर्वाचन प्रक्रिया पूरा गरी सञ्चालक समिति, लेखा समिति गठन नगरेको ।
- विनियमका दफाहरू संशोधनका लागि साधारण सभाबाट पारित भई सम्वन्धित निकायबाट स्वीकृत प्राप्त गरेपश्चात् मात्र लागू गर्नुपर्नेमा नगरी आफू खुशी कार्यान्वयन गर्ने गरेको ।
- सहकारी संस्थाहरूमा एक जनाले मात्र साधारण सभाको निर्णयअनुसार प्रवन्ध सञ्चालकको रूपमा तलब भत्तासम्वन्धी सुविधा लिन पाउनेमा सबै सञ्चालकहरू र लेखा समितिका सदस्यहरूले समेत साधारण सभाको निर्णय विना संस्थालाई आर्थिक भार पर्ने गरी मासिक तलव, भत्ता र भौतिक सुविधाहरू लिने गरेको ।
- बचत तथा ऋणको कारोवार गर्ने भनी दर्ता भएका बचत तथा ऋण सहकारी संस्था बाहेक अन्य सहकारी संस्थाहरूले आफ्नो उद्देश्यअनुरूपको कार्य नगरी बचत तथा ऋणको कारोवार समेत गर्ने गरेको । साथै, बहु प्रकृतिका कार्य गर्ने भनी दर्ता भएका संस्थाहरू समेत एकल प्रकृति (बचत तथा ऋण) मा मात्र सीमित रहेका ।
- संस्था दर्ता गर्दा स्वीकृत भएको विनियम विपरित विनियमावली तर्जुमा गर्ने गरेको ।

**ख) मामिला अध्ययन**

सहकारी संस्थाको अवस्था देहायअनुसार रहेको २०७७ कार्तिक १७ मा प्रकाशित एक अनलाइन पत्रिकामा उल्लिखित छ-

- सञ्चालक समितिभित्रको विवादका कारण विराटनगरको एउटा सहकारीमा सर्वसाधारणले जम्मा गरेको रकम जोखिममा परेको छ । विराटनगर महानगरपालिका- ५ जमुनगाछीमा रहेको जमुनेश्वर बचत तथा ऋण सहकारी संस्थामा सर्वसाधारणले बचत गरेको रकम जोखिममा परेको हो ।
- सहकारीमा स्थानीय सुमन खरेल र उनको परिवारले २४ लाख रूपैयाँ हाराहारी बचत गरेको छ । तर डेढ वर्षयता आफ्नो रकम फिर्ता माग्दा नपाएको उनले बताए । पछिल्लो समय सहकारी बन्द गरेर अध्यक्ष र व्यवस्थापक सम्पर्कमा नआएका कारण आफ्नो बचत जोखिममा परेको उनले बताए । सहकारीमा जमनुगाछी कै आरती गेलाल र उनको परिवारका सदस्यले पाँच लाख रूपैयाँ बढी रकम जम्मा गरेका छन् । तर फिर्ता माग्दा नपाएको गेलालले बताइन् ।
- सुमन र आरतीजस्तै ३५० जना भन्दा बढीले सहकारीमा रकम जम्मा गरेका छन् । तर सहकारीका अध्यक्ष शिव थापा र व्यवस्थापक बाबुराम पोखरेलका कारण बचत जोखिममा परेको उनीहरूके गुनासो छ ।
- सहकारीले दुई वर्षदेखि लेखा परीक्षण गराएको छैन जसका कारण सर्वसाधारणले जम्मा गरेको १ करोड २५ लाख भन्दा बढी रकम जोखिममा परेको सचिव राजेन्द्रपसाद सापकोटाले जानकारी दिए। उनका अनुसार सहकारीबाट २८ लाख हाराहारी रकम मात्रै लगानी भएको देखिन्छ ।

- सहकारीमा अध्यक्ष र कार्यसमितिबीच नै विवाद छ । अध्यक्ष बाहेक अन्य कार्यसमिति सदस्य बचत फिर्ता गर्नुपर्ने पक्षमा छन् । तर अध्यक्ष भने व्यवस्थापक पोखरेलका कारण समस्या भएको भन्दै पन्छिदै आएका छन् ।
- कार्यसमितिका सदस्य र पदाधिकारीले अध्यक्ष र व्यवस्थापक दुबैले बदमासी गरेको दाबी गर्छन् । सहकारीको उपाध्यक्ष बिमल खरेल र सचिव राजेन्द्रप्रसाद सापकोटाले अध्यक्षले मनोमानी गर्दा समस्या उत्पन्न भएको बताए ।
- अध्यक्ष थापा, व्यवस्थापक बाबुराम पोखरेल र सह व्यवस्थापक निशा गौतमले सहकारीको रकम हिनामिना गरेको सञ्चालक समितिका कतिपय पदाधिकारीको दाबी छ । आन्तरिक विवादका कारण चार महिनायता बन्द रहेको सहकारीको कार्यालय सोमबार वडा अध्यक्षको उपस्थितिमा सहकारीका अध्यक्षले खोलेका छन् ।
- वडा अध्यक्ष मीनकुमार आचार्यले सहकारी नखुल्दा बचतको हिसाब हुन नपाएको अध्यक्षले गुनासो गरेपछि आफ्नो रोहबरमा ताला खोलिएको बताए । सहकारीका अध्यक्ष थापाले व्यवस्थापक बाबुराम पोखरेल सम्पर्कविहीन भएका कारण बन्द भएको सहकारी वडा अध्यक्षको रोहबारमा खोलेको बताए। व्यवस्थापक सम्पर्कमा नआउँदा सर्वसाधारणको बचत तिर्न फिर्ता गर्न नसकिएको बताउँदै उनले अब काम अघि बढाउने बताए ।

## निष्कर्ष

नेपालको संविधानले अगीकार गरेका नीखि तथा कानूनी व्यवस्थाले निदिष्ट गरेबमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै समग्र विकासप्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्दछ । विकाससम्बन्धी सोच, नीति र योजनाबमोजिम लक्ष्य तथा उद्देश्य हासिलगर्न देशको सामाजिक आर्थिक विकासमा सहयोग र सहकार्य गर्न यस क्षेत्रको भूमिका रहन्छ । यस क्षेत्रले सहकारीसंस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पुँजीलाई व्यापक रूपमा परिचालन गरी रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्नसहयोग पुरयाउँछ । साथै, यस क्षेत्रले मानवीय आवश्यकताका वस्तु तथा सेवाकोउत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक आर्थिकर सांस्कृतिक रूपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिलगर्न सहयोग गर्दछ ।

त्यसैले सहकारी संस्थामा देखिएका कमजोरीलाई सुधार गर्न तलदेखि माथिसम्म नै सुधारको गुन्जायस रहेको छ । मूलत सूचना प्रविधिको माध्यमबाट अनुगमन र मूल्याङ्कन गर्ने पद्धतिको विकास तथा प्रभावकारी नियन्त्रण प्रणालीको अवलम्वन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी कठोरतम कार्यान्वयन तथा आन्तरिक सुशासनमा जोड दिनुपर्दछ ।

सहकारी संस्थाको अनुगमन र नियन्त्रण पछि पूर्णरूपमा सुधार भएका क्षेत्रको निरन्तरताको खाँचो देखिएको छ । सहकारी संस्थामा सुधारको थालनीभएकाकार्यहरुलाई पूर्णतादिई अनुगमन र नियन्त्रणबाट

देखिएका कमीकमजोरीमा सुधार गरी सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को भावनाअनुरूप सहकारी संस्था सञ्चालनगरी सहकारी सदस्यको सर्वोपरी हितमा ध्यान दिनुपर्दछ ।सहकारी संस्थाहरुको अनुगमन एवं नियन्त्रण कार्यलाई थप व्यवस्थित र कामयावी बनाउन जरुरी छ । विभागले आगामी दिनमा प्रविधिको उपयोगबाट सहकारी संस्थाको अनुगमन र नियन्त्रण गरी उद्धेश्यअनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ ।

सुरक्षासम्बन्धी विषयलाई ध्यान दिई त्यसको समाधान निकाल्नु पर्दछ । सहकारीको अनुगमनमा जोड दिनुपर्दछ । त्यस्तै, अनुगमनलाई अनलाइनमा आधारित बनाउनु पर्दछ । त्यसैगरी सहकारीसम्बन्धी विधि प्रक्रिया सूचना प्रविधिसम्बन्धी व्यहोरालाई पनि समुचित ध्यान दिनुपर्दछ । प्राविधिक अवधारणाहरूको परीक्षण पुनः परीक्षण गरी मूल्यङ्कन गर्नुपर्दछ । प्राविधिक उपायहरूको अवलम्बन गरी अनुगमन सञ्चालन तथा कार्यान्वयन गर्नुपर्दछ । सहकारी गतिविधिलाई थप व्यवस्थित गर्न पर्याप्त सावधानी अपनाउनु पर्ने देखिन्छ । सहकारी क्षेत्रको विकासका लागि सबै सरोकारवालाहरूले उचित ध्यान दिई काम गर्नुपर्ने देखिएको छ । सबै मिलेर सँगै काम गरौं ।

### सन्दर्भ सूची


महालेखापरीक्षकको वेभसाइट तथा प्रकाशनहरू ।

पन्ध्रौं योजना तथा राष्ट्रिय योजना आयोगका प्रकाशन ।

सहकारी विभागको वेभसाइट तथा प्रकाशनहरू ।

सेतोपाटी तथा रातोपाटी लगायतका अनलाइन पत्रिका ।

इन्टरनेट ।

# आर्थिक वृद्धिको स्थिरताका लागि कोभिड १९ को व्यवस्थापन

✍ रामबहादुर के.सी.*

**सारांश**

उच्च आर्थिक वृद्धिदर हासिल गर्न प्राकृतिक स्रोत साधन, श्रम, पुँजी, ज्ञान र प्रविधिको उच्चतम उपयोग र अर्थतन्त्रमा परिचालन हुनु आवश्यक छ । त्यसका लागि सम्भावित क्षेत्रहरू कृषि, जलस्रोत, पर्यटन, उत्पादनमूलक उद्योग, सामाजिक तथा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य आदिमा उल्लेख्य लगानी बिस्तार गर्नु आवश्यक छ । उच्च दिगो फराकिलो समावेशी र स्थिर आर्थिक वृद्धिबाट नै वि.सं. २०७९ सम्ममा मुलुकलाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा, वि.सं. २०८७ सम्ममा मध्यम आयस्तरीय मुलुकमा रूपान्तरण गर्न र भिजन २१०० तथा दिगो आर्थिक विकास लक्ष्यहरू हासिल गर्न टेवा पुग्दछ । अर्थशास्त्रीहरू नीति कार्यान्वयनमा अनिश्चितता, अपर्याप्त विद्युत् आपूर्ति, उच्च यातायात लागत, चुनौतीपूर्ण श्रम सम्बन्ध, कठोर श्रम कानून, मानव पुँजी, खोज, नवप्रवर्तन र नवप्रविधिमा न्यून चासो, कोभिड १९ को विश्वव्यापी महामारी लगयातका पक्षहरूलाई नेपालको वर्तमान आर्थिक वृद्धिका अवरोधको रूपमा लिएका छन् ।

प्राथमिकता प्राप्त क्षेत्रमा लगानी विस्तार, नवीनतम् प्रविधिको उपयोग, मानवीय स्रोतको उच्चतम उपयोग गर्न मानवीय पुँजीमा लगानी बढाउंदै सुशासन, कार्य संस्कृतिमा सुधार, पारदर्शिता, जनसहभागिता, समष्टिगत आर्थिक स्थायित्व, वित्तीय समावेशीकरण, उचित संस्थागत संयन्त्र, निजी क्षेत्रमैत्री कर नीति, सम्पत्ति माथिको अधिकार, व्यापारमा खुलापन, आयात व्यवस्थापन तथा निर्यातमा प्रोत्साहन, ज्ञानमा आधारित अर्थतन्त्रको विकास, विश्वसनीय संकल्प, कोभिड १९ को रणनीतिक व्यवस्थापन र अर्थतन्त्रको संरचनागत पक्षहरूमा सुधार भएमा तीब्र आर्थिक वृद्धिले स्थिरता पाउन सक्दछ ।

## विषय प्रवेश

आर्थिक वृद्धिले उत्पादनमूखी र प्रभावकारिता (Efficiency) मा जोड दिएको हुन्छ । अर्थतन्त्रमा भएको लगानी मध्ये पुँजीगत खर्चमा गुणस्तरिय वृद्धि मार्फत एक आर्थिक वर्षमा राष्ट्रिय उत्पादनमा हुने क्रमिक वृद्धि आर्थिक वृद्धि हो । कुल गार्हस्थ उत्पादनमा हुने वृद्धिलाई आर्थिक वृद्धिको रूपमा लिइन्छ । खर्च, आय र मूल्य अभिवृद्धि विधिबाट कुल गार्हस्थ उत्पादनको गणना गरिन्छ । भूमि, श्रम, पुँजी , संगठन र प्रविधिको सुदृढ एवं अधिकतम उपयोग मार्फत विद्यमान दर भन्दा अर्थतन्त्रमा बढी उत्पादन गणना हुनु आर्थिक वृद्धि हो । आर्थिक वृद्धि उच्च, दिगो, फराकिलो र समावेशी हुँदा प्रमुख आर्थिक परिसूचक कुल गार्हस्थ उत्पादनमा वृद्धि भई राष्ट्रिय आय र प्रति व्यक्ति आयमा स्वतः वृद्धि हुन्छ र राज्य/सरकारले

* *कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, चाबहिल*

लोककल्याणकारी सामाजिक कार्यक्रमहरू मार्फत असमानता (Inequality) र गरिवी न्यूनीकरण (Poverty Reduction) मा सकारात्मक प्रभाव परी आम जनताको जीवनस्तरमा सकारात्मक सुधार आउँदछ । उच्च आर्थिक वृद्धिका लागि मुलुकमा कुल गार्हस्थ उत्पादनमा वृद्धि, सञ्चित मूल्य स्थिरता, प्रति व्यक्ति आयमा वढोत्तरी,, निकासी तथा शोधानान्तर स्थितिमा भुक्तानी सन्तुलन, वीमा तथा पुँजीबजारको आधुनिक विकास मार्फत उत्पादनशील क्षेत्रहरू कृषि, उद्योग, पर्यटनमा लगानी प्रवर्द्धन, कुल गार्हस्थ वचतमा वृद्धि, बैंक, वित्तीय तथा लघु वित्त संस्था मार्फत वित्तीय पहुँच तथा साक्षरता अभिवृद्धि र वित्तीय समावेशीकरण आदि आर्थिक वृद्धिका समष्टिगत क्षेत्रहरूमा धनात्मक परिवर्तन आउँदछ । त्यसैले आर्थिक वृद्धिलाई अर्थशास्त्रीहरू Stopover को संज्ञा दिन्छन् । उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि र सोको न्यायोचित वितरण मार्फत नै मुलुकमा आर्थिक समृद्धिको ढोका खुल्ला हुनेछ ।

पन्ध्रौं योजनामा कृषि क्षेत्रको औषत वृद्धि ५.४, उद्योग क्षेत्रको औषत वृद्धि १४.६ र सेवा क्षेत्रको औषत वृद्धि ९.९ प्रतिशत रहने अनुमानका आधारमा समग्र आर्थिक वृद्धिदर औसतमा १०.१ प्रतिशत रहने लक्ष्य लिएको देखिन्छ । वार्षिक बजेटको आकार, राजस्व परिचालनको प्रवृत्ति, वर्तमान अनिश्चित कोभिड १९ को महासंकटको कारण स्वास्थ्य संवेदनशीलता तर्फ वित्त तथा मौद्रिक नीतिको झुकावले उल्लेखित लक्ष्यहरू पूरा गर्न कठिन पर्ने देखिन्छ ।

**आर्थिक वृद्धिको प्रवृत्ति विश्रलेषण**

नेपालको आर्थिक वृद्धि सन् १९८० को दशकमा औसतमा ५.२, सन् १९९० को दशकमा औसतमा ५.०, सन् २००० को दशकमा औसतमा ३.७ र सन् २०११ देखि २०२० को अवधिमा औसतमा ४.६ प्रतिशत मात्र रहेको छ । पछिल्लो एक दशकको अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ३.२ प्रतिशत रह्यो भने गैरकृषि क्षेत्रको औसत वृद्धिदर ५.० प्रतिशत रहेको छ । सोही अवधिमा गैरकृषि क्षेत्रका उद्योग तथा सेवा क्षेत्रको औषत वृद्धिदर क्रमशः ४.५ प्रतिशत र ५.२ प्रतिशतमा सीमित रहेको छ । तथापि, राजनैतिक स्थायित्वको आशा, विद्युत आपूर्तिमा थप सहजता, पुननिर्माण र नवनिर्माणमा आएको तीब्रता आदिका कारण आर्थिक वर्ष २०७३-०७४-२०७५-०७६ को अवधिमा आर्थिक वृद्धि औषतमा ७.३ प्रतिशत रहनुले अर्थतन्त्रमा उत्प्रेरणाको ऊर्जा समेत दिएको थियो । तर, अनिश्चित कोभिड १९ को संक्रमणको कारण २०७६-०७७ मा आर्थिक वृद्धिदर २.३ प्रतिशत वा सो भन्दा न्यूनमा सीमित रहने अनुमान हुन थालेकोले यसको स्थिरता रहने देखिंदैन ।

कुल गार्हस्थ उत्पादनमा मुख्य भूमिका खेल्ने कृषि क्षेत्रको उत्पादन तथा वृद्धिदर मूलतः मौसमी अनुकूलता-प्रतिकूलता, बिऊ बीजन, मलखाद आदिको उपलब्धताबाट बढी प्रभावित हुने गरेको छ । गैरकृषि क्षेत्रमा सेवा क्षेत्रको वृद्धिदर सन्तोषजनक नै रहे तापनि उद्योग क्षेत्रको वृद्धिदर सन्तोषजनक रहन सकेको छैन ।

आर्थिक वृद्धिदर औसतभन्दा कम नै भए तापनि यस अवधिमा अर्थतन्त्रमा संरचनात्मक परिवर्तनको थालनी

भएको छ । सन् १९८० मा कुल गार्हस्थ उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान क्रमशः ६२ प्रतिशत तथा ३८ प्रतिशत रहेकोमा सन् २०२० मा क्रमशः २८ प्रतिशत र ७२ प्रतिशत पुगेको छ । गैरकृषि क्षेत्रमा उद्योग तथा सेवा क्षेत्रको योगदान सन् १९८० मा क्रमशः १२ प्रतिशत र २६ प्रतिशत रहेकोमा सन् २०२० मा क्रमशः १४ प्रतिशत र ५८ प्रतिशत पुगेको छ ।

**आर्थिक वृद्धिका सिद्धान्तहरू/मोडेलहरू**

आर्थिक वृद्धिका सम्बन्धमा शास्त्रीय अर्थशास्त्रीहरू बचत नै आर्थिक वृद्धिको आधार, बलियो स्रोत हो भनी सैद्धान्तिक आधार दिएका छन् । किन्सिन्यन अर्थशास्त्रीहरूले उच्च आर्थिक वृद्धिका लागि बचत तथा लगानी बिस्तार गर्नु पर्नेमा जोड दिएका छन् ।

Harrod Model अनुसार यदि Capital Output Ratio समान रहने हो भने उत्पादन प्रविधि स्थिर रहेको अवस्थामा उत्पादन बढाउन बचतको दर बढाउन अति आवश्यक छ भन्ने तर्क गर्दछ । Slow Swan Model ले कुनै पनि मुलुकको दीर्घकालीन आर्थिक वृद्धि बचतको दरबाट नभएर प्राविधिक प्रगतिबाट निर्धारित हुन्छ भनी नवीनतम् प्रविधिमा जोड दिन्छ । यस मोडेलका विचारमा बचतको दर जनसंख्या वृद्धिदरको आर्थिक वृद्धिमा अस्थाई प्रभाव मात्र हुन्छ । यसको मतलव दीर्घकालीन आर्थिक वृद्धि बचतको दरमा भर पर्दैन । त्यस्तै, Lucas को New Growth Theory ले आर्थिक वृद्धिका लागि मानवीय पुँजीमा लगानी बढाउनु पर्नेमा जोड दिएको छ । मानवीय पुँजीमा गरिने लगानीबाट प्राविधिक उन्नति हुने कारण दीर्घकालमा उच्च आर्थिक वृद्धि सम्भव हुन्छ । अनुसन्धान तथा विकासमा गरिने लगानीबाट आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने गर्दछ । यो सिद्धान्तले ज्ञानमा आधारित अर्थतन्त्रको कल्पना समेत गरेको छ ।

वास्तवमा उत्पादनमा वृद्धि त साधनको वृद्धि र Total Factor Productivity मा भर पर्दछ । Total Factor Productivity ज्ञान, प्रविधि, नवप्रवर्तन, खोज, प्रभावकारिता, सुशासन समेतमा भर पर्दछ । अर्थशास्त्री Rodrik ले Property Rights, Regulatory Institutions, Macroeconomic Stability, Social Security, Conflict Management आदि जस्ता Institutional Framework ले वृद्धिमा प्रभाव पार्ने बताएका छन् । कुल गार्हस्थ उत्पादन वृद्धि वास्तवमा उन्नत प्रविधिले श्रमिकको उत्पादकत्व बढ्दछ भने उच्च बचत तथा लगानीले पुँजी निर्माणको दर उच्च हुन्छ ।

अर्थशास्त्री W. W. Rostow ले Stages of Economic Growth मा एउटा देश कसरी अविकसित अवस्थाबाट विकसित अवस्थामा पुग्दछ भनी आर्थिक वृद्धिका पाँच चरणहरूको चर्चा समेत गरेका छन् ।

**आर्थिक वृद्धिका स्रोतहरू**

आर्थिक वृद्धिदरमा पूर्ति पक्षका स्रोत अन्तरगत श्रमको आकार तथा गुणस्तर, पुँजी सञ्चय, प्राविधिक उन्नति पर्दछन् अर्थात श्रम, पुँजी र त्यसको Factor Productivity आर्थिक वृद्धिका स्रोत हुन् । त्यस्तै, माग

पक्षबाट हेर्दा उपभोग, लगानी सरकारी खर्च र खुद निर्यात नै आर्थिक वृद्धिका श्रोत हुन् । यसरी पूर्ति पक्षबाट हेर्दा उच्च आर्थिक वृद्धिका लागि श्रमिकको गुणस्तर तथा क्षमतामा वृद्धि गरी उच्चतम परिचालन गर्ने, पुँजी निर्माणको दर उच्च पार्ने र प्राविधिक उन्नतिमा ध्यान दिनुपर्ने देखिन्छ । संस्थागत आयकरमा कटौती, व्यवसायिक नियमनमा खुकुलोपन, आयकरमा कटौति, ऋण लागतमा कटौती आदिका माध्यमबाट आर्थिक क्रियाकलाप विस्तार गर्न सकिन्छ । त्यस्तै, माग पक्षबाट हेर्दा उपभोग, लगानी, सरकारी खर्च र खुद निर्यातमा धनात्मक वृद्धि हुँदा आर्थिक वृद्धिदर बढ्दछ । आर्थिक वृद्धिका प्रमुख स्रोतहरूलाई क्रमशः प्रस्तुत गरिएको छ-

१ मानवीय संसाधनः श्रमिकको सङ्ख्या, शिक्षा, स्वास्थ्य, सीप, अनुशासन ।
२. प्राकृतिक साधनः तेल, ग्यास, माटो, वन, हावापानी, जलश्रोत ।
३. पुँजी बजारः यन्त्र, उपकरण, फेक्टरी, सामाजिक ओभरहेड पुँजी ।
४. प्रविधि तथा उद्यमितलता खोज, अनुसन्धान, वैज्ञानिक तथा इन्जिनियरिङ्ग ज्ञानको गुणस्तर, व्यवस्थापकीय ज्ञान, खोज तथा अनुसन्धानतर्फ गरिने प्रोत्साहन आदि ।

**आर्थिक वृद्धि स्थिर हनु नसक्नुका कारणहरू**

राज्य सञ्चालन, परिचालन र व्यवस्थापनमा सुरक्षा पछिको संवेदनशीलन विषय अर्थतन्त्र हो । अर्थ र आर्थिक नीतिका आधारमा तर्जुमा गरिने राष्ट्रिय योजना, वार्षिक बजेट र यससँग अनुकूल हुने गरी तर्जुमा तथा कार्यान्वयन गरिने मौद्रिक नीति लगायतका समष्टिगत आर्थिक नीतिहरू, बचत तथा लगानीको अवस्था, पुँजीको परिचालन, श्रमिक कानून, निकासी अवस्था, प्राकृतिक स्रोतको उपलव्धता, वित्तीय पहुँच, प्रविधिको उपयोग, राजनीतिक संकल्प, सुरक्षा, जनसंख्याको आकार, सुशासन, खोज, अनुसन्धान, मानव पुँजीमा लगानी न्यून, द्वन्द्व व्यवस्थापन, सरकारको निजी क्षेत्र प्रतिको दृष्टिकोण, कोभिड १९ को संक्रमणले आर्थिक वृद्धिलाई प्रभाव पारेको हुन्छ । उल्लेख गरिएका विषयहरूको समायोचित रणनीतिक व्यवस्थापन हुन नसक्नु आर्थिक वृद्धिको प्रमुख कारण हो । साथै, निम्न कारणहरू समेत जिम्मेवार देखिएका छन्-

१. कोभिड १९ को कारण मुलुकले बन्दाबन्दीको निर्णय लिनु
२. मुलुकको अर्थ नीतिप्रति निजी क्षेत्र स्पष्ट नहुनु,
३. Land, Labor, Capital, Organization र Technology को उचित र प्रभावकी व्यवस्थापन हुन नसक्नु,
४. प्राथमिकता प्राप्त क्षेत्रमा लगानी र निर्माण सम्पन्न समयमा बिलम्ब हुनु
५. वैदिक लगानीका लागि आर्थिक कूटनीति परिचालन गर्न नसकिनु
६. कृषिमा आधारित अर्थतन्त्रमा सिँचाइ र मलको व्यवस्थापनमा कठिनाइ आउनु,
७. न्यून बचत क्षमता, लगानी र बढ्दो ब्यापार घाटा हुनु,
८. अर्थतन्त्रको संरचना कृषि, सेवा तत्पश्चात मात्र उद्योगमा रूपान्तरण हुनु

९. भौतिक र सामाजिक पूर्वाधारमा उच्च लगानी बढाउन नसकिनु
१०.लगानी प्रोत्साहनका लागि करमैत्री वातावरण निर्माणको चरणमै हुनु,
११.खोज, अनुसन्धान, प्रविधि र मानव पुँजीमा प्रयाप्त लगानी गर्न नसकिएको अवस्था ।

**उच्च आर्थिक वृद्धि दर स्थिर रूपमा हासिल गर्न चाल्नु पर्ने कदमहरू**

आर्थिक वृद्धिको स्रोत पुँजी, श्रम र प्राविधिक उन्नति हुन् । उच्च स्तरको आर्थिक वृद्धिका लागि उच्च स्तरको लगानी अनिवार्य शर्त हो । त्यस्तै, उपलब्ध श्रमको उचित परिचालनबाट पुँजीको अभावलाई पूरा गर्दै उत्पादन बढाउन सकिन्छ । प्राविधिक उन्नतिका माध्यमबाट समान स्रोत तथा साधनबाट पनि बढी उत्पादन गर्न सम्भव हुन्छ । विकसित मुलुकहरूले श्रमप्रधान उत्पादन विधिलाई पुँजी तथा ज्ञानमा आधारित उत्पादन प्रविधिमा परिवर्तन गरेका कारण पछिल्लो समयमा चामत्कारिक आर्थिक वृद्धि हासिल गर्न सफल भएका छन् । अतः उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न देहायबमोजिमका क्षेत्रहरूमा लगानी विस्तार गर्न आवश्यक देखिन्छः

१. क्षेत्रगत लगानी विस्तार गर्ने,
   क) कृषि
   ख) जलस्रोत
   ग) पूर्वाधार विकास
   घ) पर्यटन
   ङ) उत्पादनमूलक उद्योग
२. लगानीको प्रतिफल उच्च बनाउने
३. वित्तीय क्षेत्रको लगानी बढाउने
४. प्रत्यक्ष वैदेशिक लगानी विस्तार गर्ने
५. मित्रराष्ट्रहरूको नीतिसँग सामाञ्जस्य कायम गरी आर्थिक नीति तर्जुमा गर्ने
६. अर्थतन्त्रको संरचनागत सुधारमा जोड दिने
७. सार्वजनिक निजी साझेदारी अबलम्बन गर्ने
८. श्रम तथा पुँजीको उत्पादकत्व वृद्धि गर्ने
९. सीप विकास, खोज, अनुसन्धान र मानव पुँजीमा लगानी गर्ने,
१०.आयात व्यवस्थापन र निर्यात बढाउने ।

**अर्थतन्त्र र आर्थिक वृद्धिमा कोभिड १९ को प्रभाव**

कोभिड १९ को असर यसले सिर्जना गरेका चुनौतीको सामना एवं रोकथामका लागि गरिएका विविध पहलको प्रभावको कारणले विश्वको माग र आपूर्ति श्रृङ्खला असन्तुलन आएको छ । यो चक्रबाट नेपाल पनि अछुतो रहेको छैन । विश्वको अर्थतन्त्र अघोषित रूपमा मन्दीका नजिकै पुगेको अनुमान गर्न

लागिएको छ । आईएमएफले विश्व अर्थतन्त्र सन् २००८ को आर्थिक संकट भन्दा खराब रहने प्रक्षेपण गरेको छ । हालको महामारीको अर्थतन्त्रमा खास महत्त्व यसरी पनि छ किनकि तत्कालीन समयमा एशियन मुलुकहरू ७ देखि ९ प्रतिशतको आर्थिक वृद्धि नजिक थिए । तर, अहिले एशियन मुलुकहरू बन्दाबन्दी र स्वास्थ्य सेवा खरिद, आयात र व्यवस्थापनले संकट नजिकै छन् । यसको मतलव विश्वका प्राय सबै मुलुकहरू आर्थिक संकटको संघारमा छन् ।

विवेकशील, अन्य देशबाट देखिएको शिक्षा, उचित स्वास्थ्य चेतना र समयमा गरिएको बन्दाबन्दी निर्णयको प्रभावबाट अधिकांश संक्रमित नदेखिएतापनि नेपालको अर्थतन्त्रमा यसको असर दिगो पर्ने कुरा विज्ञहरूले औंल्याएका छन् ।

आर्थिक क्षेत्रमा पर्यटनको योगदान ८ प्रतिशत, रोजगारीमा ७ प्रतिशत नजिक योगदान गर्ने क्षेत्र तहसनहस प्राय बनेको छ । गत वर्ष ८७९ अर्वको विप्रेषण प्राप्त भएकोमा आर्थिक वर्ष २०७६।०७७ मा ०.५ प्रतिशतले कमी आई रू ८७५ अर्वमा झरेको छ । ६ प्रतिशतको नजिक योगदान गर्ने यातायात र औद्योगिक उत्पादन, ७.८ प्रतिशत योगदान गर्ने निर्माण क्षेत्रको अवस्था पनि खराव अवस्थामा छ । थोक व्यापार, कृषि उत्पादन, औद्योगिक उत्पादन तथा आयात पनि प्रभावित भएको छ । सहकारी मार्फत उत्पादन हुने दुग्धजन्य उत्पादन, माछामासु, तरकारी, फलफूल लगायतका उत्पादनको कमी र वितरण श्रंङ्खला यातायात असहजताको कारण माग र आपूर्ति पक्षमा असन्तुलन देखिएको छ । यसले मुलुकको राजस्व संकलन, चालु र पुँजीगत खर्चको श्रंङ्खलामा समेत केही वर्ष गहिरो धक्का पुग्ने देखिन्छ । तथापि, मानवीय स्वास्थ्य संकटको निराकरण गर्न कुनै पनि मूल्य चुकाउन राज्य तयार रहनुपर्ने लोकतान्त्रिक मूल्य र मान्यताका अगाडि यी समस्याहरू गौण तर सोचनीय हुन् ।

### कोभिड १९ को रणनीतिक व्यवस्थापन

भुक्तानी प्रणालीलाई व्यवस्थित बनाउनका लागि विद्युतीय भुक्तानी प्रणालीलाई थप सहज, सरल, चुस्त, सस्तो र सुरक्षित बनाउंदै लैजानुपर्दछ । विप्रेषण आप्रवाहमा उल्लेख्य गिरावट आई विदेशी विनिमय सञ्चितिमा ठूलो चांप परेमा अत्यावश्यक वस्तु बाहेकका अन्य बस्तु तथा सेवाहरूको आयातलाई निरूत्साहित गर्नुका साथै अन्तर्राष्ट्रिय सहायता थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । समग्र माग पक्षमा बढोत्तरी ल्याउनका लागि विभिन्न मौद्रिक तथा वित्तीय स्टिमुलस प्याकेजहरूको घोषणा र स्पष्ट सञ्चार गर्नुपर्ने देखिन्छ । रोजगारी गुमेका श्रमिकहरूलाई सामाजिक सुरक्षा भत्ता, राशन वा सिधै नगद प्रोत्साहन प्रदान गर्ने, कोरोना संक्रमणबाट वासलात तथा आय प्रवाहमा असन्तुलन आई टाट पल्टिने जोखिममा पुगेका साना तथा मझौला उद्योगहरूलाई कर तथा व्याज सहुलियतका साथै सस्तो व्याजदरमा पुर्नकर्जाको व्यवस्था गर्ने, बैंक तथा वित्तीय क्षेत्रहरूबाट प्रवाह भएको कर्जा नोक्सानी प्रणालीमा परिमार्जन गर्ने लगायतका मौद्रिक प्रोत्साहन को माग भइरहेको सन्दर्भमा अध्ययन-विश्लेषण गरी आवश्यक व्यवस्थापन गर्नुपर्ने देखिन्छ । राष्ट्र बैंक मार्फत नीतिगत दरमा भन्दा मौद्रिक नीतिका उपकरणहरूमा पुनरकर्जा र

सहुलियतपूर्ण कर्जा सुविधाहरू केही समयको लागि वृद्धि गर्ने, कर्जा स्रोत अनुपात, तरलता अनुपात, पुँजी अनुपात, कर्जा मूल्य अनुपातमा सहजीकरण गर्नुपर्ने देखिन्छ । परम्परागत उपकरणहरू जस्तै अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात तथा ब्यांकदर जस्ता मौद्रिक नीतिका परम्परागत उपकरणहरूमा पनि केही प्रतिशतमा कटौति गर्नाले आर्थिक परिसूचकहरू सकारात्मक भई आर्थिक वृद्धिले छिट्टै आफ्नो दिशा र गति लिने देखिन्छ ।

उत्पादक, उपभोक्ता, लगानीकर्ता लगायतका आर्थिक चालकहरूमा सकारात्मक प्रभाव पार्न मोटिभेटिङ्ग कार्यक्रमहरू लागू गर्न सकिन्छ । आर्थिक र गैह्र आर्थिक कृयाकलापहरूको वृद्धि गर्न विस्तारै प्रधानमन्त्री रोजगार कार्यक्रमको भोल्युम र संख्या बढाई उत्पादनशील क्षेत्रमा रोजगारी सृजना गर्न र व्यवस्थापन गर्न आवश्यक छ । प्रधानमन्त्री रोजगार कार्यक्रम बांझो भूमिमा कृषि उत्पादन बढाउनेतर्फ परिचालन गर्दा राम्रो हुने देखिन्छ । यसले स्वदेशी रोजगारको सम्मान, आकर्षण र नियमिततामा बढावा आउनेछ । अनौपचारिक क्षेत्रलाई औपचारिकमा ल्याउने यो एक महत्त्वपूर्ण समय हो । स्थानीय तहमा रहेका सबै व्यवसाय, पेशा र रोजगारीलाई तथ्यांकमा अभिलेखीकृत गरी विस्तारै सरकारी च्यानेलमा ल्याउने र नियमनको दायरामा ल्याउन राहत र सुविधा वितरण गर्दा सशर्त वैधानिक अभिलेख राख्ने । यसले आउंदा दिनमा औपचारिक अर्थतन्त्रको आकार बढाउन समेत सहयोग पुग्दछ ।

पर्यटन, यातायात, निर्माण, औद्योगिक, थोक व्यापार, आयात, निर्यात, रोजगारी, कृषि, उद्योग, सेवा लगायतका सबै क्षेत्रमा ग्रेट ईकोनोमिक शक प्रदान गर्न मौद्रिक, वितरणात्मक, माग पक्षमा चाप पर्ने आकर्षक कार्यक्रम ल्याउन आवश्यक छ । यी कार्यक्रमहरू निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको समन्वयात्मक र मागमा आधारित बनाउँदा उपयुक्त हुने देखिन्छ । नीतिगत व्यवस्था संघ र समन्वय एवं कार्यान्वय क्रमशः प्रदेश र स्थानीय तह मार्फत गर्दा उपयुक्त हुने देखिन्छ । वितरणात्मक कार्य गर्दा स्थानीय तहबाट बैधानिक सूचना संजालीकरण, तथ्यांक र अभिलेखमा जोड दिनुपर्दछ जसले भोलिका दिनमा खडा हुने प्रश्नहरूको जवाफ दिन पनि सहज हुनेछ । सरकारले निजी, सहकारी, सामुदायिक क्षेत्र लगायत नागरिक समाज, सरोकारवाला पक्ष, गैह्रसरकारी संस्था, आमसञ्चारसँगको चुस्त समन्वय सार्वजनिकिकरण गर्दै अगाडि बढ्दा उपलब्धिमुलक हुनेछ ।

**निष्कर्ष:**

कुनै पनि देशको कुल राष्ट्रिय उत्पादन क्षमतामा भएको वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ । आर्थिक वृद्धि एक पक्षीय हुन्छ । अर्थतन्त्रमा कृषि, उद्योग र सेवा क्षेत्र मध्ये कुनै एक क्षेत्रमा मात्र वृद्धि हुँदा पनि आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । सन् १९८० देखि हालसम्म हेर्दा आर्थिक वृद्धिको गति स्थिर देखिंदैन । उच्च दिगो फराकिलो र समावेशी आर्थिक वृद्धिको स्थिरताका लागि प्रस्तुत गरिएका आर्थिक वृद्धिका स्रोतहरू र कोभिड १९ को बुद्धिमता पूर्वक र रणनीतिक व्यवस्थापनका साथै आर्थिक संरचनामा परिवर्तन हुन आवश्यक देखिन्छ ।

# मूल्य अभिवृद्धि करमा कर कट्टी एवं फिर्ता र यसको परीक्षण

✍ टीकानाथ अर्याल*

## १. विषय प्रवेश

मूल्य अभिवृद्धि कर वस्तु तथा सेवामा आधारित अप्रत्यक्ष प्रकृतिको कर हो । उत्पादनदेखि उपभोगसम्मका विभिन्न तहको मूल्य अभिवृद्धि (Value Addition) मा लाग्ने यो कर बिक्री करको सुधारिएको रूप हो । सैद्धान्तिक अवधारणाअनुरूप थोक, खुद्रा, निकासी/पैठारी, उत्पादनमूलक उद्योगलगायतका व्यवसाय तथा कारोबारमा यो कर प्रणाली लागु हुने हुँदा करको आधार विस्तार भई करदाता संख्या बढ्ने, वितरण प्रक्रियामा कर लाग्न गई दायरा फराकिलो हुने, करमा स्वयं सहभागी हुने संयन्त्रको विकास हुने, यस करको Catch up effect पार्न सक्ने (एक तहमा कर छलेमा वा कम तिरेमा पछिल्लो तहमा कर कट्टी गर्न नपाइने वा कर कट्टी गर्ने रकम कम हुने) गुणका कारणले अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष कर प्रणालीलाई समेत प्रभावकारी बनाउने, छरिएका करहरू एकीकृत रूपमा आउने, मितव्ययी तथा लचिलो प्रणाली भएकाले नियन्त्रण पद्धतिको प्रवर्द्धन हुने, शून्य दरका कारण निर्यात व्यापारलाई प्रोत्साहन हुने, कर प्रशासनमा विशिष्ट क्षमता विकास गराउन सकिने हुँदा यस प्रणालीलाई वैज्ञानिक कर प्रणालीका रूपमा लिइन्छ । यसको सफलता-असफलता यसको आधार, यससम्बन्धी कानून र त्यसको कार्यान्वयनमा निर्भर गर्दछ । करको दर, प्रकार (एकल/बहुल), समेटेको क्षेत्र र सेवाको संख्या, देशको भौगोलिक बनावट जस्ता पक्षले समेत यसको प्रभावकारितालाई निर्धारण गर्दछ ।

मूल्य अभिवृद्धि कर प्रणालीमा आवद्ध व्यवसायी (करदाता) ले आफूले बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करबाट खरिद (पैठारी समेत) मा तिरेको कर कटाई बाँकी रकम सरकारलाई बुझाउनुपर्ने साथै बिक्रीमा संकलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी (क्रेडिटमा रहने) अवस्थामा त्यस्तो फरक रकम पछिल्लो कर अवधिमा तिर्नुपर्ने करबाट कट्टी गर्न (Tax Credit) पाउने व्यवस्था समेत यस अन्तर्गत रहेको हुन्छ । कूटनैतिक नियोग एवं वैदेशिक संघ, संस्था र द्विपक्षीय र बहुपक्षीय सम्झौता अन्तर्गत सञ्चालित आयोजनाहरू तथा कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरूको सन्दर्भमा निजहरूले वस्तु तथा सेवाको खरिदमा तिरेको कर, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको हकमा खरिदमा तिरेको कर लगातार ६ महिनासम्म पनि बिक्रीमा संकलन गरेको करबाट मिलान हुन नसकेमा मिलान हुन नसकेको हदसम्मको कर र नियमित निकासीकर्ताको हैसियतमा रहेका व्यवसायीले कच्चा पदार्थ खरिद वा पैठारीमा तिरेको कर फिर्ता (Refund) पाउने व्यवस्था मूल्य अभिवृद्धि करसम्बन्धी कानूनमा भएको पाइन्छ ।

* *लेखापरीक्षण अधिकारी, महालेखापरीक्षकको कार्यालय*

कर कट्टी तथा कर फिर्तासम्बन्धी सुविधाको दुरूपयोग भई राजस्वको चुहावट हुन सक्ने सम्भावना पनि विद्यमान रहेकाले कर परीक्षण तथा लेखापरीक्षणमा संलग्न निकायहरूले विशेष सावधानी तथा प्रभावकारी परीक्षण विधि अवलम्बन गर्नुपर्ने हुन्छ ।

## २. नेपालमा मूल्य अभिवृद्धि करको पृष्ठभूमि

नेपालमा प्रथम पुस्ताको कर सुधार कार्यक्रमको प्रमुख कदमका रूपमा मूल्य अभिवृद्धि कर लागू गरिएको पाइन्छ । आन्तरिक स्रोत परिचालनमा दिगोपन ल्याउन आठौं योजना अवधि (२०४९-२०५४) भित्र तत्काल विद्यमान सबै आन्तरिक वस्तुगत करलाई समाहित गरी यो कर लगाउने नीति अवलम्बन गर्दै २०५० देखि तयारी शुरू गरी २०५४ साल मार्ग १ गतेदिखि यो कर लागू गरियो । यो करले बिक्री कर, ठेक्का कर, होटल कर र मनोरञ्जन गरी ४ प्रकारका करलाई प्रतिस्थापन गरेको थियो । अलग अलग संरचना तथा सञ्चालन प्रक्रिया भएका ती ४ वटा करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लगाउँदा वस्तुगत कर प्रणाली बढी सक्षम हुनुका साथै करदाता तथा कर प्रशासकले विभिन्न चार करको सट्टा एउटै करको बारेमा जानकारी राखे पुग्ने अवस्था सिर्जना भयो ।

नेपालमा मूल्य अभिवृद्धि करलाई गन्तव्य (Destination) सिद्धान्तमा आधारित गरियो, जसले गर्दा यो कर देशभित्र उत्पादन हुने र पैठारी गरिने दुवै थरिका वस्तुमा लगाइयो र निकासीलाई शून्य दरको माध्यमले करमुक्त गरियो । यसबाट यो कर आन्तरिक उपभोगमा आधारित कर हो भन्ने मान्यता स्थापित भयो । मूल्य अभिवृद्धि करको उपभोग प्रकार छनौट गरिएकोले कर कट्टी गर्ने प्रयोजनका लागि पुँजीगत तथा गैर पुँजीगत वस्तुबीच विभेद नगरी कर लाग्ने कारोबारसँग सम्बन्धित यी दुवै थरि वस्तुमा तिरेको कर कट्टी पाउने अवस्थाबाट लगानी पक्ष करको भारबाट मुक्त हुनुका साथै कर प्रणाली सहज हुन गयो ।

मूल्य अभिवृद्धि करका कारणले उत्पादन तथा वितरण प्रक्रियामा अनावश्यक परिवर्तन नल्याओस् भनेर यस करलाई उत्पादन तथा वितरण अन्तर्गतका सबै तहमा लागू गरियो । यस करको दायराभित्र पैठारीकर्ता, उत्पादक, वितरक, थोक बिक्रेता तथा खुद्रा बिक्रेतालगायत उत्पादनदेखि वितरणको तल्लो तहसम्मका खुद्रा व्यापारी सबै आउने भएकोले करको आधार विस्तृत हुन गयो । यस कर अन्तर्गत एक तहमा कर छलेमा वा कम तिरेमा पछिल्लो तहमा कर कट्टी गर्न नपाइने वा कर कट्टी गर्ने रकम कम हुने हुँदा राजस्व संकलनमा तात्विक फरक नपर्ने Catch up effect रहेको हुन्छ । यसै गरी यस अन्तर्गत वस्तुको अधिक बीजकीकरण गर्दा बिक्रेताले बढी कर तिर्नुपर्ने र न्यून बीजकीकरण गर्दा क्रेताले बढी कर तिर्नुपर्ने हुनाले अधिक वा न्यून बीजकीकरण हुँदैन भन्ने सैद्धान्तिक अवधारणा रहेको पाइन्छ । यसलाई मूल्य अभिवृद्धि करको Self-policing Mechanism भनिन्छ । यसरी सैद्धान्तिक रूपमा यस करको Catch up effect तथा Self-policing विशेषताले गर्दा खुद्रा तहभन्दा माथि कर छल्न गाह्रो हुन्छ भन्ने सैद्धान्तिक मान्यता छ । यद्यपि, नेपालजस्तो कम विकसित मुलुकमा यो विशेषता अद्यापि पूर्ण रूपमा लागू हुन नसकेको तितो यथार्थ हाम्रा सामु छ ।

नेपालले अवलम्बन गरेको कर कट्टी प्रणालीमा आधारित उपभोग प्रकारको मूल्य अभिवृद्धि कर व्यवस्था अन्तर्गत करदाताले बिक्रीमा उठाएको करबाट खरिद वा पैठारीमा तिरेको कर कटाउन पाउने र करदाताले उठाएको करभन्दा तिरेको कर बढी भएमा फरक रकम सरकारबाट फिर्ता पाउने हुँदा करमाथि कर नलाग्ने, लगानीमा करको भार नपर्ने र करको रकममाथि करदाताले मुनाफा प्रतिशत लगाउन नपर्ने भएकोले औद्योगिक वा व्यापारिक लागत कम भई कर व्यवस्था आर्थिक दृष्टिकोणले सक्षम वा तटस्थ हुने अपेक्षा गरियो । यसै गरी मूल्य अभिवृद्धि करको दायरालाई व्यापक गर्ने एवम् कर छुट हुने वस्तु तथा सेवाको संख्या न्यून राख्ने नीति अवलम्बन गरेको पाइन्छ । स-साना करदातालाई करको दायराबाहिर राख्न मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमा (Threshold) वस्तुको कारोबारको हकमा वार्षिक रू. ५० लाख, सेवा र वस्तु तथा सेवाको मिश्रित कारोबारको हकमा रू. २० लाख राखिएको छ ।

मूल्य अभिवृद्धि करको प्रारम्भिक स्वरूप यसको सैद्धान्तिक मान्यताअनुरूप अन्तर्राष्ट्रियस्तरको थियो । यसको कार्यान्वयनको प्रारम्भिक चरणमा शुरूमा केही अवरोध सिर्जना भएको भए तापनि त्यसपछि क्रमशः सुधार हुँदै मूल्य अभिवृद्धि करमा दर्ता हुने संख्या तथा कर संकलनको मात्रा वृद्धि हुँदै गयो । यस करको प्रभावकारिता नाप्ने कसीको रूपमा रहेका कर लचकता/तैराव (Elasticity/Buoyancy), सक्षमता अनुपात (Efficiency Ratio), सी-सक्षमता अनुपात (C-Efficiency Ratio) र कूल सहभागिता अनुपात (Gross Compliance Ratio) विश्लेषण गर्दा यस करको प्रभावकारिता बढ्दै गएको देखिन्छ ।

## ३. कर कट्टी (Tax Credit)

मूल्य अभिवृद्धिकरमा दर्ता भएका व्यवसायीले आफ्नो कारोबारसँग सम्बन्धित जुनसुकै वस्तु तथा सेवाको खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करबाट कट्टी गर्न पाउने व्यवस्था कर कट्टी हो । व्यवसायीले आफूले तिरेको करको रकम बिक्रीबाट संकलन गरेको रकमबाट घटाई बाँकी रकम सरकारलाई मूल्य अभिवृद्धि करको रूपमा बुझाउन सक्ने प्रावधानले गर्दा करको कारणबाट मूल्य वृद्धि नहुने तथा करमाथि करको भार (Cascading Effect) नपर्ने हुनाले कर कट्टी सुविधालाई मूल्य अभिवृद्धिकर प्रणालीको सुन्दर एवम् महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ ।

### ३.१ कानूनी व्यवस्था

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७, २४ र २५ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ देखि ४४ सम्म कर कट्टी तथा कर फिर्तासम्बन्धी व्यवस्था गरिएको छ । उक्त ऐन तथा नियमावलीमा रहेका व्यवस्थाअनुसार यसरी कर कट्टी दाबी गर्न निम्न अवस्था विद्यमान रहनु पर्दछः

- कर कट्टी दाबी गरिएको वस्तु वा सेवा व्यवसायीको करयोग्य व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुनु पर्ने,

- व्यावसायिक वा घरायसी दुवै प्रयोजनमा प्रयोग हुन सक्ने वस्तुहरूको हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रूपमा मात्र कर कट्टी गर्न पाइने,
- तोकिएबमोजिमका कागजातहरूद्वा दाबी प्रमाणित भएपछि मात्र कर कट्टी सुविधा प्राप्त हुने,
- आयात गर्दाको कर कट्टी दाबी गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने प्रज्ञापन पत्र तथा नगदी रसिद संलग्न हुनु पर्ने,
- आन्तरिक खरिद गरिएको भए दर्ता भएको बिक्रेताले नियमानुसार जारी गरेको कर बीजक प्राप्त गरेको हुनुपर्ने,
- खरिदमा तिरेको कर कट्टी दाबी गर्दा एउटा खरिद बीजक र आयात प्रज्ञापन पत्रबाट एक पटक मात्र दाबी गर्न पाइने र यस्तो दाबी १ वर्ष अगाडिसम्मका बिल वा आयात प्रज्ञापन पत्रबाट मात्र कट्टी गर्न पाउने,
- स्टकमा रहेको वस्तुको पनि मूल्य अभिवृद्धि कर कट्टी पाउने तर त्यस्ता वस्तु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाइएमा वा स्टकमा रहेको नपाइएमा प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने,

## ३.२ कर कट्टी नपाइने वस्तु तथा सेवाहरू

जनस्वास्थ्यमा असर पार्ने वस्तु, विलासिताका साधन तथा मनोरञ्जनमा गरिएका खर्चमा तिरेको कर कट्टी वा फिर्ता नहुने सामान्य प्रचलन रहेको पाइन्छ । मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४१(१) बमोजिम निम्नानुसारका वस्तु तथा सेवाको खरिदमा तिरेको कर कट्टी गर्न पाइँदैनः

(क) पेय पदार्थ (कोक, फ्यान्टा आदि),

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, बीयर

(ग) सवारी साधनका लागि हल्का पेटेलियम (पेटेल) इन्धन र

(घ) मनोरञ्जन खर्च ।

त्यस्तै, नियम ४१(२) मा अटोमोबाइल्स (सवारी साधन) खरिदमा तिरेको करको ४० प्रतिशत अर्थात् आंशिक मात्र कर कट्टी गर्न पाइने व्यवस्था छ । सवारी साधन व्यावसायिक र घरायसी दुवै प्रयोजनका लागि प्रयोग हुन सक्ने भएकाले यस्तो व्यवस्था गरिएको हुन सक्दछ । तर दर्ता भएको करदाताको उल्लेखित वस्तु आपूर्ति तथा खरिद बिक्री गर्ने कार्य नै मुख्य व्यवसाय भएमा नियमावलीको प्रावधानबमोजिम कर कट्टी गर्न पाउने व्यवस्था छ ।

## ३.३ कर कट्टीका प्रकारहरू

मूल्य अभिवृद्धिकर ऐन, नियममा भएका प्रावधानहरूका आधारमा कर कट्टीलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छः

(क) पूर्ण कर कट्टी (Full Credit) - मूल्य अभिवृद्धिकरमा दर्ता भएका करदाताले ऐन, नियममा अन्यथा

उल्लेख भएको अवस्थामा बाहेक करयोग्य कारोबारमा प्रयोग भएका जुनसुकै वस्तु वा सेवाको खरिदमा तिरेको कर बिक्रीमा असूल गरेको करबाट पूर्ण रूपमा कट्टी गर्न पाउँदछन् ।

(ख) आंशिक कर कट्टी (Partial Credit) - व्यावसायिक वा घरायसी दुवै प्रयोजनमा प्रयोग हुन सक्ने वस्तु खरिदमा तिरिएको कर आंशिक अर्थात् केही निश्चित प्रतिशत मात्र कट्टी गर्न पाउने व्यवस्था गरिएको हुन्छ । सवारी साधन खरिदमा तिरेको करको ४० प्रतिशत मात्र कट्टी गर्न पाउने नियमावलीको नियम ४१ (२) को व्यवस्था यसैको उदाहरण हो ।

(ग) समानुपातिक कर कट्टी (Proportional Credit) - मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले करयोग्य वस्तु वा सेवा तथा कर छुट भएका वस्तु वा सेवा दुवै किसिमको कारोबार गरेको अवस्थामा त्यस्तो करदाताले खरिद गरेको वस्तु वा सेवामध्ये कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रूपमा सम्बन्धित खरिद आयातमा तिरेको कर मात्र ऐनको दफा १७(३) र नियमको ४०(४) अनुसार समानुपातिक रूपमा कर कट्टी गर्न पाउँछ । कर योग्य वस्तुको प्रयोगबाट समान रूपमा करयोग्य तथा कर नलाग्ने वस्तु उत्पादन गरेको अवस्थामा ती वस्तुहरू उत्पाादनमा प्रयोग भएको करयोग्य माल वस्तुको आधारमा समानुपातिक हिसाबले कर कट्टी गर्न पाउने व्यवस्था छ ।

(घ) प्रयोग भएको वस्तुको कर कट्टी - कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको उपयोगिताको अवधि समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा सो वस्तु वा सेवा तत्काल प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर असूल उपर गरिन्छ । साथै, व्यक्तिगत प्रयोगमा ल्याइएको वस्तुको खरिदमा तिरेको कर कट्टी गर्न नपाउने समेत कानूनी व्यवस्था छ ।

(ङ) मौज्दातमा भएको वस्तुको कर कट्टी - मौज्दातमा रहेको वस्तुको पनि मूल्य अभिवृद्धि कर कट्टी पाउने तर त्यस्ता वस्तु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाइएमा वा स्टकमा रहेको नपाइएमा प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण हुने व्यवस्था नियमावलीको नियमा ४० मा रहेको छ ।

(च) दर्ता हुँदाका बखत मौज्दात रहेको वस्तुको कर कट्टी - कुनै करदाता मूल्य अभिवृद्धि करमा दर्ता हुँदा बिक्रीका लागि मौज्दातमा रहेको र खरिद वा आयातमा मूल्य अभिवृद्धि कर तिरेका सामानहरूमा दर्ता भएको दिनदेखि ठिक एक वर्ष अघिसम्मको खरिदको निर्धारित खरिद बीजक तथा आयात प्रज्ञापनपत्रहरू भएम मात्र कर कट्टी सुविधा पाइन्छ । यसरी कर कट्टी सुविधा लिन दर्ता भएको १५ दिनभित्र नियमावलीको अनुसूची १६ बमोजिमको फाराम भरी आफू दर्ता भएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।

(छ) नोक्सान भएको वस्तुको कर कट्टी - बिक्री कक्ष वा गोदाममा रहेका कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएको यकिन भएमा त्यस्तो हानी नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी पाउने व्यवस्था नियमावलीको नियमा ३९क मा रहेको छ । तर बिमा गरिएको वस्तुको हकमा क्षतिपूर्ति प्राप्त गरेको हदसम्मको रकममा कर कट्टी नहुने व्यवस्था छ ।

**३.३.१ मूल्य अभिवृद्धि करमा कर कट्टीसम्बन्धी व्यवस्थालाई कारोबारको तहको आधारमा तालिकामा देहायअनुसार प्रस्तुत गर्न सकिन्छः**

**तालिका -१ : तहगत कर कट्टी**

| करदाताको किसिम | खरिद मूल्य | तिरेको कर (१३%) | बिक्री मूल्य (१०% मूल्य अभिवृद्धि मान्दा) | संकलित मूल्यअभिवृद्धि कर (१३%) | पाउने कर कट्टी | बझाउनुपर्ने मूल्यअभिवृद्धि कर |
|---|---|---|---|---|---|---|
| उत्पादक | ‘ | ‘ | १००। - | १३।- | ‘ | १३।- |
| डिलर | १००।- | १३।- | ११०। - | १४।३० | १३।- | १।३० |
| डिष्ट्रिब्युटर | ११०।- | १४।३० | १२१। - | १५।७३ | १४।३० | १।४३ |
| थोक बिक्रेता | १२१।- | १५।७३ | १३३।१० | १७।३० | १५।७३ | १।५७ |
| खुद्रा बिक्रेता | १३३।१० | १७।३० | १४६।४१ | १९।०३ | १७।३० | १।७३ |

**३.३.२ कर कट्टी पाउने अवस्थालाई Matrix मा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः**

**तालिका -२ : कर कट्टी पाउने अवस्था**

| **Input** | **Output** | **Result** |
|---|---|---|
| Taxable | Taxable | Full Tax credit |
| Taxable | Non Taxable | No Tax credit |
| Non Taxable | Taxable | No Tax credit |
| Non Taxable | Non Taxable | No Tax credit |
| Taxable | Partially Taxable | Partial Tax credit |

## ४. कर फिर्ता (Tax Refund)

कुनै करदाताले खरिदमा तिरेको कर रकम बिक्रीमा संकलन गरेको कर रकमभन्दा बढी भएमा वा मिलान गर्न नपुग्ने भएमा, पहिले बुझाएको कर रकमबाट कर कट्टी भई बाँकी रहन गएमा, व्यवसायसँग सम्बन्धित कुनै संरचना निर्माण गर्दा खरिद भएको निर्माण सामग्री, उत्पादनमूलक उद्योगले कच्चा पदार्थमा तिरेको कर सो पदार्थबाट निर्मित वस्तु निर्यात भई शून्य दरमा कर लागेमा करदाताले पहिले भुक्तानी गरेको कर रकम फिर्ता हुने व्यवस्था छ । यस्तो प्रक्रियालाई मूल्य अभिवृद्धि करमा कर फिर्ता (Tax Refund) भनिन्छ । मूल्य अभिवृद्धि कर लाग्ने वस्तु निर्यात भएमा त्यस्तो वस्तुमा शुन्य दरमा कर लाग्ने व्यवस्था छ । तसर्थ, निर्यात हुने वस्तु तथा सेवामा पहिले तिरेको कर पनि फिर्ता हुन्छ । साथै, कूटनीतिक नियोग एवं विदेशी संघ, संस्था र द्विपक्षीय/बहुपक्षीय सहयोग सम्झौता अन्तर्गत सञ्चालित आयोजनाहरूले वस्तु तथा सेवाको खरिदमा तिरेको कर समेत फिर्ता हुने व्यवस्था छ ।

**४.१ कानूनी व्यवस्था - मूल्य अभिवृद्धि कर ऐनको दफा २४ मा कर फिर्ता सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः**

**क नियमित निकासीकर्ताको हैसियतले पाउने कर फिर्ता -** कुल बिक्रीको ४० प्रतिशतभन्दा बढी निकासी गर्ने करदातालाई नियमित निकासीकर्ता मानिन्छ । यस्ता करदाताले निकासी गरेको रकम बराबरको अनुपातमा स्रोत (कच्चा पदार्थ खरिद, आयात) मा तिरेको कर फिर्ता पाउँछन् । नियमित निकासीकर्ताले कर फिर्ता पाउनका लागि अनुसूची - १० (कर विवरण) बाट माग गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरेपछि कार्यालयले निकासी कारोबारको मूल्य अभिवृद्धि कर रकम फिर्ताका लागि आधारभूत परीक्षण (Verification Audit) गरी निश्चित रकमसम्मको कार्यालयबाटै तथा सोभन्दा बढीको भएमा सिफारिससाथ आन्तरिक राजस्व विभागमा पठाइने व्यवस्था रहेको छ । करदाताले निवेदन दिएको ३० दिनभित्र त्यस्तो कर फिर्ता दिइसक्नुपर्ने व्यवस्था रहेको छ ।

**ख लगातार ४ महिनासम्म जिम्मेवारी सर्दै आएको क्रेडिट रकमको कर फिर्ता -** खरिदमा तिरेको कर ४ महिनासम्म हिसाब मिलान गर्दा पनि फरफारक हुन नसकेमा अर्थात् बिक्रीमा संकलन गरेको करसँग मिलान भई कर विवरण डेबिट अवस्थामा जान नसकेमा करदाताले सातौं वा सोभन्दा पछिल्ला महिनाहरूमा अनुसूची - १० बमोजिमको कर विवरणबाट फिर्ता माग गर्न सक्ने व्यवस्था छ । उक्त माग दाबीका सम्बन्धमा आधारभूत परीक्षण गरी फिर्ता निर्धारण गरिएको रकम ६० दिनभित्र फिर्ता दिइसक्नु पर्ने व्यवस्था छ । तर उपर्युक्तानुसार कर फिर्ता प्राप्त गर्नका लागि कर अवधि समाप्त भएको ३ वर्षभित्र फिर्ताको लागि निवेदन दिएको हुनु पर्ने अन्यथा कर फिर्ता नहुने व्यवस्था ऐनको दफा २४क मा रहेको छ ।

**ग ठेक्का वा करारमा बढी भुक्तानी भई बाँकी रहेको (Unused Amount) कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐनको दफा २५ग१ मा ठेक्का वा करारमा बढी भुक्तानी भई बाँकी देखिएको कर फिर्ता माग गर्ने प्रावधान रहेको छ । सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानूनबमोजिमको सार्वजनिक निकायले ठेक्का वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वापत आपूर्तिकर्ता वा सेवा प्रदायकलाई भुक्तानी गर्दा निजको नामबाट दाखिला भएको कर रकम बुझाउनुपर्ने कर रकममा मिलान गर्न पाउँछ । लगातार ४ महिनासम्म मिलान हुन नसकेमा नियमावलीको अनुसूची - १० बमोजिमको विवरणबाट कर फिर्ता दाबी गर्न पाउने व्यवस्था छ ।

**घ औषधि उद्योगले खरिदमा तिरेको मू. अ. कर फिर्ता पाउने -** मूल्य अभिवृद्धि कर ऐनको दफा २५ग२ मा औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियल विदेशी उद्योगबाट खरिद गरेकोमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर चौमासिक रूपमा फिर्ता पाउन निवेदन दिन सक्ने व्यवस्था छ । सोको लागि करदाताले नियमावलीको अनुसूची १८क बमोजिमको विवरण भरी कर फिर्ता दाबी गर्न पाउने व्यवस्था छ । सोको लागि करदाताले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियल खरिदसम्बन्धी बिल बीजक, प्रज्ञापन पत्र, कर फिर्ता अवधिको उत्पादन हिसाब तथा बिक्री विरण पेश गर्नुपर्दछ ।

ङ ऐनको दफा २५, २५क, २५ख, २५ग र २५घ मा देहायबमोजिमको करको रकम तत्सम्बन्धी कारोबार भएको मितिले ३ वर्षभित्र फिर्ता पाउन निवेदन परेमा फिर्ता हुने व्यवस्था रहेको छः

- नेपाल सरकारले कूटनैतिक मान्यता प्रदान गरेको नेपालको कूटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थामा कार्यरत कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको छ भने नेपाल राज्यस्थित त्यस्तो राष्ट्र, क्षेत्रीय/अन्तर्राष्ट्रिय नियोग तथा संस्थाको कूटनीतिज्ञले आफूले उपयोग गरेको हदसम्म नेपाल राज्यभित्र तिरेको करको रकम,
- नेपाल सरकार, अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था वा त्यस्तो संस्थाले तिरेको करको रकम,
- नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त द्विपक्षीय/बहुपक्षीय सम्झौताबमोजिम नेपाल राज्यभित्र आयोजना सञ्चालन गर्ने सिलसिलामा तिरेको करको रकम,
- हवाइ मार्गबाट फर्कने विदेशी पर्यटकले रू. २५ हजारभन्दा बढीको खरीदमा तिरेको कर ३ प्रतिशतका दरले सेवा शुल्क कट्टा गरी फिर्ता हुने,
- कुनै वस्तु पुनः निर्यात भएमा सम्बन्धित व्यवक्तिले भन्सारमा दाखिला गरेको मूल्य अभिवृद्धि कर वापतको धरौटी रकममध्ये सो वस्तु पुनः निर्यात भएको प्रमाणको आधारमा सम्बन्धित भन्सार कार्यालयबाटै फिर्ता हुने,
- कुनै वस्तु पुनः निर्यात भई परिवर्त्य विदेशी मुद्रामा अग्रिम रूपमा भुक्तानी प्राप्त भएमा सम्बन्धित व्यक्तिले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर वापतको रकम निजलाई फिर्ता हुने,
- फिर्ता लिनुपर्ने कर रकम कर अवधि समाप्त भएको मितिले ३ वर्षभित्र फिर्ताको लागि निवेदन नदिएमा फिर्ता नहुने ।

उपर्युक्त प्रावधान अनुरूप कूटनैतिक सुविधा प्राप्त व्यक्तिले कर फिर्ता प्राप्त गर्न परराष्ट्र मन्त्रालयबाट जारी निस्सा समेत संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था छ । तर कूटनैतिक निकाय वा कूटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा रू. ५ हजारभन्दा कमको खरिदमा फिर्ता नहुने व्यवस्था रहेको छ ।

च संयुक्त राष्ट्रसंघ अन्तर्गतका एजेन्सीहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा अन्य वैदेशिक संघ, संस्थाहरूले नेपाल सरकारसँग मूल्य अअभिवृद्धि कर छुट पाउने शर्तमा सम्झौता गरी कार्य गरेको अवस्थामा पनि त्यस्तो सम्झौताको आधारमा खरिदमा तिरेको करको सक्कल बिल/बीजक, भर्पाई नियमावलीको अनुसूची - १८ बमोजिमको ढाँचामा आन्तरिक राजस्व विभागमा पेश गरेमा खरिदमा तिरेको कर पाउने व्यवस्था समेत ऐनमा रहेको छ ।

निम्नानुसारका कर रकम भूलवश असूल गरिएको भएमा त्यस्तो रकम पनि फिर्ता पाइन्छ तर यस्तो रकम फिर्ता गर्दा करको वास्तविक भार वहन गर्ने व्यक्तिलाई मात्र गरिने व्यवस्था छः

भन्सार विन्दुमा कर नलाग्ने अवस्थामा कर असूल भएको अवस्थामा,

- कर तिर्नु नपर्ने अवस्थामा करदाताले तिरेको भएमा,
- गणितीय त्रुटिले बढी कर दाखिला हुन गएकोमा र
- कर तिर्नै नपर्ने अवस्थामा पनि कर असूल भएकोमा ।

**४.२ कर फिर्ताको प्रवृत्ति -** कुल मूल्य अभिवृद्धि कर असुलीमा कर फिर्ताको मात्रा उल्लेख्य रहेको देखिन्छ । विगत ५ वर्षको मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक) तथा फिर्ताको परिमाण तथा अनुपात देहायअनुसार रहेको छः

(रकम रू. अर्बमा)

| आर्थिक वर्ष | संकलित मूल्य अभिवृद्धि कर रकम | मूल्य अभिवृद्धि कर फिर्ता रकम | मूल्य अभिवृद्धिकर फिर्ताको अंश (प्रतिशतमा) |
|---|---|---|---|
| २०७१/७२ | ३९.५६ | ५.०५ | १२.७७ |
| २०७२/७३ | ४९.८२ | ४.२३ | ८.४९ |
| २०७३/७४ | ६१.१२ | ४.७६ | ७.७९ |
| २०७४/७५ | ७६.२२ | ४.५९ | ६.०२ |
| २०७५/७६ | ८८.२९ | २.२६ | २.५६ |

*स्रोतः- वार्षिक प्रतिवेदनहरू, आन्तरिक राजस्व विभाग ।*

उपर्युक्त तालिकाअनुसार विगत ५ वर्षमा संकलित मूल्य अभिवृद्धि करमध्ये २.५६ देखि १२.७७ प्रतिशतसम्म फिर्ता भएको देखिन्छ । यसरी मूल्य अभिवृद्धि फिर्ताको मात्रा उल्लेख्य रहेकोले कर परीक्षण तथा मूल्य अभिवृद्धि कर फिर्ता रकमको निर्धारणमा कर प्रशासन तथा सोको यथार्थता एवं औचित्य मूल्याङ्कनका सन्दर्भमा अन्तिम लेखापरीक्षणमा संलग्न हुने निकाय उपर चुनौति थपिँदै गएको छ ।

## ५. कर परीक्षण (Tax Audit)

करदाताले आफ्नो वास्तविक कारोबारको यथार्थ विवरण पेश गरेको छ/छैन, आयमा समावेश गरिनु पर्ने सबै रकमहरू समावेश भएका छन्/छन्, खर्च कट्टी तथा अन्य छुट, सुविधाहरू तोकिएबमोजिम समायोजन गरिएका छन्/छैनन् अर्थात् करदाताले कायम गरेको निर्धारणयोग्य आय र करयोग्य आयले सम्बद्ध कारोबारको यथार्थ स्थिति देखाई राज्यलाई तिर्नुपर्ने कर तिरिएको छ/छैन भनी कर प्रशासनले गर्ने आय विवरण तथा सोसँग सम्बन्धित अन्य आवश्यक विवरणहरूको परीक्षण गर्ने प्रक्रिया नै कर परीक्षण हो । साथै, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको हकमा हरेक कारोबारमा कर बीजक जारी भए/नभएको, बीजकीकरण यथार्थ रहे/नरहेको, खरिद तथा आपूर्तिको क्रेडिट दाबी यथार्थ रहे/नरहेको,

बिक्रीमा संकलन गरेको कर तथा खरिदमा तिरेको करको समायोजन हिसाब यथार्थ रहे/नरहेको, कर फिर्ता दाबी यथार्थ एवं औचित्यपूर्ण रहे/नरहेको जस्ता पक्षहरूको परीक्षण समेत यसमा समावेश हुन्छ । करदाताले भूलवश वा नियतवश राज्यलाई तिर्नु पर्नेभन्दा घटी वा बढी रकम बुझाएको हुन सक्ने तथ्यलाई मध्यनजर गर्दै करदाताबाट भएका त्रुटि तथा जालसाजीलाई समयमै पत्ता लगाई यस्तो प्रवृत्तिमा सुधार गर्ने अवसर दिनुका साथै नियतवश कर दायित्व कम गर्ने करदातालाई चर्को शुल्क तथा जरिवाना लगाई भविष्यमा कर छल्ने अभ्यासलाई निरूत्साहित बनाउन सकिन्छ ।

### ५.१ कर अनुसन्धान (Tax Investigation)

कुनै करदाताले कर छली गरेको छ भन्ने कुराको कुनै विश्वसनीय सूचना एवं प्रमाण प्राप्त भएमा कर प्रशासनबाट सम्बद्ध करदाताको कारोबार स्थलमा जुनसुकै बखत आकस्मिक निरीक्षण गर्ने कार्य नै कर अनुसन्धान हो । अनुसन्धान शब्दले कुनै खास विषयमा तथ्य, प्रमाणहरू संकलन गर्ने, संकलित प्रमाणहरूको आधारमा विषय केन्द्रित भई गरिने जाँच पड्ताल र सो जाँचका आधारमा निष्कर्षमा पुग्ने प्रक्रियालाई बुझाउँदछ । अनुसन्धानलाई एक प्रकारको विस्तृत कर परीक्षण भन्न सकिन्छ तर यी दुई बीच फरक के छ भने कर परीक्षण एक नियमिति प्रक्रिया हो भने कर अनुसन्धान एक विशेष प्रकारको छानबिन प्रक्रिया हो । साथै, कर परीक्षण मैत्रीपूर्ण हुन्छ भने कर अनुसन्धान कम मैत्रीपूर्ण एवं जोखिमयुक्त हुन्छ ।

## ६. कर कट्टी तथा कर फिर्ताको परीक्षण

### ६.१कर कट्टी तथा कर फिर्ताको परीक्षणसम्बन्धी विद्यमान व्यवस्था

कर कट्टीको सन्दर्भमा कर कट्टी दाबी (Tax Credit claim) को परीक्षण अगग्गै रूपमा हुने नभई आन्तरिक राजस्व विभाग एवं अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरूबाट करदाताको पूर्ण कर परीक्षण (Full Audit) तथा विशेष अवस्थामा कर अनुसन्धानको सिलसिलामा यसको परीक्षण हुने गर्दछ । यस्तै अन्तिम लेखापरीक्षणका सन्दर्भमा कर निर्धारण भएका फाइलको यथार्थता परीक्षण गर्ने सिलसिलामा करदाताबाट दाबी भएका कर कट्टीहरूको पुष्ट्याइँका लागि पर्याप्त सूचना तथा विवरणहरू रहे/नरहेको, त्यस्ता दाबीहरूको यथार्थता तथा पर्याप्तता सम्बन्धमा कर अधिकृतबाट आवश्यक प्रमाण, कागजात तथा करदाताको अभिलेखहरूको परीक्षण/मूल्याङ्कन भए/नभएको परीक्षण गर्ने क्रममा कर कट्टी दाबीको लेखापरीक्षण हुन्छ ।

त्यसै गरी मूल्य अभिवृद्धि कर फिर्ताको सन्दर्भमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूबाट सामान्य परीक्षण (Verification Audit) का आधारमा कर फिर्ता गर्नुपर्ने रकम यकिन हुने गरेको छ । कर फिर्ता भुक्तानीका लागि अलग्गै खर्च शीर्षकको व्यवस्था हुने गरेकाले कर फिर्ता रकमको सारयुक्तता (Materiality Level of Refund Amount), करदाताको व्यवसायको प्रकृति तथा राजस्व चुहावटको जोखिम समेतको आधारमा नमूना छनौट गरी कर फिर्ता फाइलको परीक्षण गर्ने गरिएको पाइन्छ । कर फिर्ता परीक्षणमा

पनि विशेषतः कर कट्टी दाबीहरूको आधिकारिकता तथा यथार्थता परीक्षण गरिन्छ । यसका अलावा यसमा नियमित निकासीकर्ताको हैसियतबाट कर फिर्ता माग गर्ने करदाताहरूको स्थानीय बिक्री तथा निर्यातको अनुपात, वैदेशिक मुद्रा भुक्तानी प्राप्तिको स्थिति, निर्यातयोग्य तयारी वस्तुमा परिणत हुने अवस्थासम्म आयातित कच्चा पदार्थको मूल्य अभिवृद्धि (Value Addition) को स्थिति लगायतका पक्षहरू समेत परीक्षण/मूल्याङ्कनको दायरामा समेटिन्छ ।

## ६.२ कर कट्टी तथा कर फिर्ताको परीक्षण गर्दा ध्यान दिनुपर्ने पक्षहरू

कर कट्टी तथा कर फिर्ताको परीक्षण गर्दा ध्यान दिनुपर्ने विषय/पक्षहरूलाई देहायअनुसार प्रस्तुत गर्न सकिन्छः

६.२.१ कर छुट नभएका जुनसुकै वस्तु वा सेवा आयात गर्दा मूल्य अभिवृद्धि कर तिर्नुपर्ने र त्यस्ता वस्तु तथा सेवाहरूको प्रयोग कर लाग्ने कारोबारमा गरिएको छ भने कर कट्टी गर्न पाइन्छ । तर तिरेको कर कट्टी दाबी गर्नका लागि भने केही शर्तहरूको पालना भएको हुनुपर्ने हुँदा यस्ता शर्तहरू पालना भए/नभएको सम्बन्धमा देहायका पक्षहरूमा कर परीक्षण गर्दा ध्यान पुऱ्याउनु पर्ने हुन्छः

कर कट्टी दाबी गर्ने सम्बन्धित करदाताले नै त्यस्ता वस्तु वा सेवा खरिद वा पैठारी गरेको हो/होइन,

- कर कट्टी दाबी गरेको कर विवरण अवधि अगावै दर्ता भएको भएमा मात्र कर कट्टी पाउनेमा दर्ता हुनु अघिका खरिद बीजक राखी कट्टी दाबी गरेको छ कि,
- कर कट्टी दाबी गरिएका वस्तु वा सेवा करयोग्य हुन्/होइनन्,
- खरिद बीजक जारी गर्ने आपूर्तिकर्ताको वैधानिकता (Third Party confirmation) (परीक्षण गरिने करदाताको आपूर्तिकर्ता फर्म दर्ता रहेको आन्तरिक राजस्व कार्यालयबाट वा विभागबाट यसको आश्वस्तता लिन सकिने)
- दर्ता भएको सम्बन्धित करदाताले करकट्टीसम्बन्धी प्रमाणका कागजात प्रस्तुत गरेको हो/होइन,
- कर कट्टी दाबी गर्ने करदाता कर लाग्ने कारोबारमा संलग्न रहेको हो/होइन,
- कर कट्टी दाबी गरिएका वस्तु वा सेवा करयोग्य कारोबारसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्/होइनन्,
- कर कट्टी दाबी गरिएको विवरणमा उल्लेखित खरिद, बिक्री करदाताले पेश गरेको नाफा नोक्सान खाता एवं आय विवरणमा उल्लेखित खरिद बिक्रीसँग भिड्छ भिड्दैन तथा नभिडेकोमा हिसाब मिलान गरिएको छ/छैन,
- एक वर्षभन्दा पहिलेका बिल/बीजकबाट कर कट्टी दाबी गरिएका छन् कि,
- एक पटक कर कट्टी दाबी भइसकेका बिल/बीजकबाट पुनः कर कर कट्टी दाबी गरिएको अवस्था छ/छैन,
- आयातमा तिरेको कर कट्टी दाबी भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने प्रज्ञापन पत्र तथा नगदी रसिद संलग्न छ/छैन,

- आन्तरिक खरिदको कर कट्टी दाबी भए दर्ता भएको बिक्रेताले नियमानुसार जारी गरेको रीतपूर्वकको कर बीजक प्राप्त गरेको छ/छैन,
- कर कट्टी दाबीको सूचीमा नियम ४१(१) मा उल्लेखित कर कट्टी नपाइने वस्तु (पेय पदार्थ, अल्कोहल, पेट्रोल) को समेत कर कट्टी दाबी गरिएको अवस्था छ कि,
- सवारी साधन खरिदमा आंशिक (४० प्रतिशत) मात्र कर कट्टी गर्न पाउनेमा पुरै दाबी गरेको छ/छैन साथै खरिद भएको सवारी साधन सम्बन्धित फर्म वा कम्पनीको स्वामित्वमा रहेको छ/छैन,
- करदाताको व्यवसाय विस्तारको सिलसिलामा संरचना निर्माणमा प्रयोग भएका निर्माण सामग्रीको कर कट्टी दाबी भएमा त्यस्तो संरचना निर्माणको स्वीकृत ड्रइङ्ग, डिजाइन रहे/नरहेको, लागत अनुमान (BOQ) मा उल्लेखित सामग्रीहरूको परिमाण र दर तथा करदाताले खरिद देखाएको दर र परिमाणबीच भिन्नता, निर्माण सामग्री खपतको अवस्था र सोबाट मूल्य अभिवृद्धि कर निर्धारणमा परेको प्रभाव ।

६.२.२ खरिद गरिएको कुनै वस्तु वा सेवाको खरिदमा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न नपाइने हुँदा त्यस्तो अवस्था रहे/नरहेको सम्बन्धमा समेत कर परीक्षण गर्दा विचार पुऱ्याउनुपर्ने हुन्छः

- दर्ता भएका व्यक्ति/फर्मले खरिद वा पैठारी गरेको वस्तु वा सेवा कर छुट गरिएका वस्तु वा सेवामा प्रयोग गरेको अवस्था भएमा,
- त्यस्तो वस्तु वा सेवा आफ्नो निजी कामका लागि प्रयोग गरेमा ।

खरिद गरिएका वस्तु तथा सेवा कर लाग्ने र कर छुट हुने दुवै प्रकारका कारोबार वा निजी र व्यावसायिक प्रयोजन दुवैमा लगाएको अवस्थामा त्यस्तो खरिदमा तिरेको कर कर लाग्ने कारोबारमा प्रयोग गरेको अनुपातमा मात्र कट्टी गर्न पाइनेमा पुरै कट्टी दाबी गरेको/नगरेको सम्बन्धमा समेत विवरण, अभिलेख, तेस्रो पक्ष पुष्ट्याइँ लगायतका विधिबाट आश्वस्तता प्राप्त गर्नु पर्दछ ।

६.२.३ नियमित निकासीकर्ताको हैसियतमा रहेका करदाताको कर कट्टी दाबी तथा कर फिर्ताको परीक्षण गर्दा देहायका पक्षहरूमा ध्यान दिनुपर्दछः

- कुल बिक्रीमा निकासीको अंश न्यूनतम अनुपातमा (कम्तीमा ५० प्रतिशत) मा रहे/नरहेको,
- उत्पत्तिको प्रमाण पत्र जारी भए/नभएको, त्यस्तो प्रमाणपत्र आधिकारिक निकायबाट जारी भएको अवस्था रहे/नरहेको,
- निकासी प्रज्ञापन पत्रको आधिकारिकता (भन्सार विभागको स्वचालित कम्प्युटराज्ड प्रणाली (ASYCUDA) मा प्रविष्टि गर्न लगाई यस सम्बन्धमा तेस्रो पक्षीय पुष्ट्याइँ लिन सकिने ।)
- वैदेशिक मुद्राको भुक्तानी प्राप्त भएको छ/छैन (प्राप्त गरेको भनी दाबी भएको स्थितिमा सम्बन्धित करदाताको बैंक, आयातकर्ता विदेशी कम्पनी समेतबाट तेस्रो पक्षीय पुष्ट्याइँ लिन सकिन्छ ।)
- निर्यातयोग्य हुने अवस्थासम्म आयातित कच्चा पदार्थको मूल्य अभिवृद्धि (Value Add) निर्धारित स्तरमा रहे/नरहेको ।

**उपसंहार**

मूल्य अभिवृद्धि कर प्रणाली चुस्त र प्रभावकारी हुन सकेमा यसबाट अन्य कर प्रणालीहरूमा समेत सकारात्मक प्रभाव परी राजस्व असूलीमा उल्लेख्य वृद्धि दर हासिल गर्न सक्ने स्थिति रहन्छ । यसका लागि सरोकारवाला पक्षहरूमा आवश्यक सचेतना, बीजक लिने/दिने बानीको विकास, प्रभावकारी एवं वैज्ञानिक सूचना/अभिलेख प्रणालीको विकास, औद्योगिक एवं व्यापारिक प्रतिष्ठानहरूमा वैज्ञानिक एवं कारोबारमा आधारित लेखा प्रणालीको अवलम्बन, कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन जस्ता पक्षहरूमा ध्यान पु¥याउन सकेमा यस कर प्रणालीको प्रभावकारिता अझ बढ्न जाने देखिन्छ । कर कट्टी तथा कर फिर्ता सुविधा यस कर प्रणालीका आकर्षक एवं महत्त्वपूर्ण पक्षका रूपमा रहे तापनि करदाताको सहभागिता तथा कर असूली अपेक्षित स्तरमा अभिवृद्धि हुन नसकिरहेको अवस्था छ । करदाताहरूबाट क्रेडिट विवरण पेश हुने तथा कर फिर्ता रकममा वर्सेनी बढोत्तरी हुँदै जाने प्रवृत्ति रहेको परिप्रेक्ष्यमा यसको परीक्षण समेत चुनौतिपूर्ण बन्दै गएको छ । कर कट्टी तथा कर फिर्ता प्रक्रियालाई यथार्थ, वस्तुपरक एवं कारोबारमा आधारित गराई यस्तो सुविधाको दुरूपयोग हुन नदिन सम्बन्धित करदाता, कर प्रशासन तथा अन्तिम लेखापरीक्षणमा संलग्न रहने संवैधानिक निकाय महालेखा परीक्षक समेतको सहकार्यमूलक र समन्वयात्मक प्रयास अपरिहार्य देखिन्छ ।

**सन्दर्भ सामग्री :**


१. मूल्य अभिवृद्धि कर ऐन, २०५२, कानून किताब व्यवस्था समिति, काठमाडौं ।
२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ कानून किताब व्यवस्था समिति, काठमाडौं ।
३. आर्थिक ऐन, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
४. विभिन्न वार्षिक प्रतिवेदनहरू, आन्तरिक राजस्व विभाग, लाजिम्पाट ।
५. प्रतिवेदन, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१, नेपाल सरकार, अर्थ मन्त्रालय ।

# Mitigating Revenue Risk

✍ Narayan Silwal*

In the throes of Covid-19, maintaining fiscal balances have become a prominent goal for the government, let alone raising targeted revenue. Thanks to the current fiscal year's first three months' external data, the economy is stable so far. However, the Covid-19 pandemic has brought on a virtually instant recession featuring contraction of the economy, shrinking production and consumption, higher unemployment and so on. This is a stark reality that Nepal government collects lion's share of revenue from imports, let alone customs and VAT. Ensuing pandemic has had been hitting all aspects of economy so much so that government is reelingunder it. The situation would likely to continue for months ahead. Even next fiscal year may be affected largely. Consequently, economic growths of this and next fiscal year is projected to hit rock bottom. Slackness in economic activities will dampen revenue collection potentials now and then.

Revenue GDP ratio which had reached to almost 24 percent in fiscal year 2018/19, after a steady rise in the past couple of years, has tapered off since then as much as by 3 percentage point to 21 percent in the fiscal year 2019/20. The trend follows through in tax to GDP figure up till now. It started to decline from the fiscal year 2017/18. Ratio of VAT to GDP during the same period has declined too. Ratio of income tax to GDP has had been consistently rising, albeit marginally in the past several fiscal years. Even during the current pandemic, revenue target of income tax of first quarter of the current fiscal year has been realized where as other taxes show a shortfall. Broadening of tax base through compulsory PAN and withholding has been making positive impact in income tax. Income tax from taxpayers filing D-3 returns (38% returns filing tax payers including 20% zero returns filers) contributes 98 percent of tax. To be precise, about 20 percent income tax payers contribute 98 percent of collection. The rest 2 percent (62% returns filing tax payers) tax comes from small tax payers. Vat, which is considered the mainstay of revenue base since the onset of the tax is lagging behind in contribution owing to the inherent structural problems. Now that VAT is collected about 65 percent (almost two third) at the customs' point, only one third is collected through internal transactions. This has had been the feature since its inception. Here also large and medium taxpayers contribute over 80 percent. Only a small amount of revenue comes through small traders where as their numbers dominate the tax system, be it income

* *Former Secretary, Government of Nepal*

tax or VAT or excise. Consequently, non-filers are consistently dominating the tax system. Their percentage is almost forty in VAT and fifty in income tax now. So are the tax arrears. Arrears amount up till last fiscal year, excluding amounts in litigation figured out to 43 billion in fiscal year 2018/19. Bulk of excise revenue is collected from liquors, tobacco and vehicles with limited taxpayers. Each fiscal year, upward tariff adjustments play crucial role for revenue mobilization. Surprisingly excise to GDP ratio is declining since last three fiscal years from 4.1 percent to 2.7 in 2019/20. In this fiscal year (2020/21) the revenue target of the IRD is increased by 17 percent to Nrs. 450.31 billion. This increment, if we compare a consecutively declining trend of last three year's achievement, is likely to be arduous. The reason is a looming recession. Aggregate collection of the first quarter of the current fiscal year has fallen short by 3 percent against the corresponding targets. But major taxes like income tax and VAT collection have just hold out during this time. The big question is can it sustain at higher pitch in coming months?

Taxpayer compliance can be expected to come under pressure if the economy continues to grow slower than in past years. Maintaining compliance in the face of slower growth is one of the key challenges facing the country in the period ahead. Despite gradual increase in the taxpayers' number, the tax base is very narrow even today as is evident from the collection data, be it any taxes. Roughly, 10 percent of commercially active income tax payers pay 98 percent of the annual income tax against total tally of 1.5 million registered numbers. Some 30 percent of presumptive/turnover based tax payers (2.1 million) just pay about 2 percent income tax. And, about 20 percent file zero returns annually. A tax system where almost 50 percent are non-filers and the large numbers contribute barely any taxes, the tax administration is overwhelmed by smaller taxpayers. Compulsory PAN for salaried employees has helped the number of taxpayers to shoot up. The crucial matter to reckon here is the tax gap i.e. how much tax taxpayers actually remit to the tax authority of their actual tax due? No such study has been conducted. But significant amount of informal trading across the country is just an indicative of significant proportion of taxes are being evaded. Not all the small taxpayers are really small in term of their actual tax liability. Failure of tax authority to monitor their real transactions is indeed a blessing in disguise. If we compare revenue mobilization of the government the IRD mobilizes only 47 percent revenue. In VAT also, taxing the real transaction up to the retail level has not ever been achieved. Barely 12-15 percent tax payers file debit returns yearly. Besides, large built up of credit amount annually associated with large number of non-filers (37 percent) and zero returns filers (22 percent) have virtually made this tax almost like a single stage tax. The problem starts at source i.e. at customs.

Since the customs is the entry point of trade transaction of the country, if the transaction base is altered there in any forms i.e. mismatch of harmonized code or under invoicing or under declaration, transactions at subsequent levels belie transparency. Cross border smuggling and informal trading are added woes to the tax authority, over which they have little control. Non transparency at source induces non-invoicing thereby creating a wide tax gap. This has been a perpetual phenomenon from the very beginning despite several attempts to reform it. The tax authority will require large deployment of tax officers to police the market, which they cannot afford due to higher compliance cost. Had the VAT design truly taxed all stages of transactions and its internal mechanism worked in to-to, the tax system would have broadened the tax base as desired. Besides, the IRD's endeavor to enforce market monitoring and schemes leading to invoicing to get catch up effect of taxes foregone, have made a fuss time and again. The net result has been narrow base and wide tax gap. Base broadening would require subjecting more gross income/transactions into tax liability which implies elimination of exemptions, deductions and incorporating taxable services under the tax ambit. Elimination of illegal activity like tax evasion (fraud) and plugging loopholes to beat legal tax avoidance are a sin qua non. In the current pandemic situation, it is more of a necessity rather than an imperative now.

Where taxes are levied, tax revenue is also being lost. Effective collection of taxes is a cornerstone of a fair taxation system. A tax that remains unpaid cause revenue loss in the budget and may lead to an excessive burden on the honest taxpayers who correctly fulfill their tax obligation. Too many small taxpayers in the tax roll needs to be vetted and foregone tax revenue recovered by addressing all three areas of tax gap. Consumption is a more stable tax base than income. Rate of taxes complements with base broadening. So the IRD would have to devise strategy both to close in policy as well as compliance gap in order to sustain robust revenue growth. No matter how effectively a policy gap (legal avoidance) is mitigated by drafting laws and regulations more tightly and sustaining vigorous audit programs, the compliance gap, which consists of the difference between the amount of tax that is payable in principle under current policy and the amount actually collected by the government, will persist. Tax non-compliance results from a combination of mistakes by taxpayers - legal tax avoidance and illegal evasion. Mistakes will always occur and their incidence can be reduced through communication and by educating taxpayers. This leaves illegal evasion as the central issue of interest. Evasion (or fraud) usually falls in three broad categories:

1. Businesses that should register for tax do not register,
2. Registered taxpayers understate payable tax. .

3. Registered taxpayers disappear without paying tax assessed and due to the authorities.

Irrespective of the tax system developed around the world, the tax gap characterized as above is universal. In practice, the above described tax gap definitions have several variations when it comes to more precise definitions. These variations reflect specific characteristics of the type of the tax. Understanding the scale and structure of the revenue loss may be a useful first step in tackling a potential issue of tax collection and preventing its occurrence.

By any reckoning, Covid-19 impact would be all pervasive. Theoretically, tax liability generally follows economic cycle. The tax actually collected falls quicker in period of recession, and recovers slower than the theoretical tax liability after it is over. In a pandemic like Covid-19 situation we will bear the same. A glaring example is the slackness in economic activities and lack of demand in the country. Revenue mobilization will see setback soon if the situation does not improve. Of the three types of tax gaps, the first two i.e. non filing gap and under payment gap can be handled well by the IRD under a vigorous audit (pre- and post-) program backed up by coordination with the customs administration and an effective regime of penalties, interest, and fines that is enforced by the administration and the courts. In a self-assessed tax system audit is the first line of defense to protect revenue loss arising out of tax evasion. The fact remains, however, that the IRD has been experiencing annual backlog of audit despite extended service centers. Field audit during the Covid- 19 has been far from easy. Desk and virtual audit have limitations and cannot be asubstitute but will be only complementary to the field audit. Arrear collection has limitation too owing to the slowdown in the economy.

The third category of tax gap, though not limited to under reportingonly in the case of IRD, entails all kind of fraudulent activities. In VAT, it could be a natural consequence of threshold, zero-rating, fake or no invoicing. In income tax, complex taxation rules with several exemptions and conditionality to the rule exert a strong influence on the opportunity and payoff from fraud. In general, traders/businessmen that face the strongest incentive to evade are those with large tax liabilities relative to turnover. In excise, systemic control and tariff rationalization along with random market enforcement have to be pursued.

Tax evasion can consume very significant administrative resources but the deployment of those resources deals with symptoms and not root causes. A far preferable alternative is to enact tax policy reform to address the risk factors. Dealing with risk factors head on reduces the payoff from fraud and the attendant misallocation of resources engaged for the sole

purpose of obtaining tax benefits. Fiscal year 2020/21 is the third year of the IRD's second strategic five year plan. Broad goals set there for revenue mobilizations certainly look ambitious at this juncture.

In order to address the policy gap, the IRD will have to continue to tighten tax laws to curb revenue loss. At the same time, it has to enhance its in-house capability to combat emerging issues in ecommerce and enforce billing habit at each sale point. Sample based thorough auditing, intensive IT based administration, vigorous market monitoring, etc. are some critical areas to focus now to deter revenue loss. E-commerce is a fast growing business in our country. The boom in e-commerce and new business models will confront the IRD with the challenges of identifying online transactions, determining the nature and value of the transactions, and establishing the taxable persons. Auditing would be a novel experience for the officers in administration. May be the IRD should create a dedicated audit cell to encounter this emerging field. In IT penetration QR code billing payment system at all points of sale as an alternative mechanism to counter informal transaction should be made compulsory. Ten percent of VAT collected through all cash less payment should be credited to buyer's account so as to cultivate billing habit and converting informal trade into formal tax ambit. This will help broaden tax base. This measure, though look naïve will induce consumers to demand billing at all sale points, which the sellers deny now one way or other.

# Strategic Partnership: Concept and Implication in Public Enterprises of Nepal

✍ Kamala Kharel*

## Concept

Strategic partnership has become the "buzzword" in this dynamic world. Besides some exceptional cases, no country in the world, can independently manage economic, social and political affairs alone in this globalization era. No matter how prosperous a country is, it needs support from one another at any time. Although this concept has been practiced for centuries, its use has increased considerably in recent decades. The only difference is in its nature and intensity in the relationship. Even globally, powerful countries and big organizations or large companies have started thinking about its worthiness in achieving shared goals. Needless to say, strategic partnership can be a best tool to achieve common goals by sharing capital, skill, and innovative knowledge with the partners if partners are selected and involved with care.

In layman term, strategic partnership is a level of friendship between the organizations or companies to achieve shared goal and desired results. But, the meaning of Strategic partnership is intense. It helps to strengthen the weaker area of the partners in terms of capital, technology, knowledge and expertise. More importantly, it helps to reduce costs, shares risks and sustains growth as well. Simply, it is the relation of partnering company for the mutual benefit. Broadly speaking, it is more related to the alliance between the nations. It is a relation between states, between state and non-state actors for enhancing the good relationship and solving the common problem with them. Strategic partnership have become a significant feature of the international system in recent years (Michalski, 2019). It comprises cooperation and collaboration in the form of bilateral and multilateral relations. It may evolve on the basis of treaty, political joint statements, declaration, agreements, sectoral MOU, and various others. It aims to leverage the resources, enhances the diplomacy, provides cooperation to mitigate security threats, prospers trades and enhances shared values and norms in the regions. Similarly, it is used to deal with global challenges such as ensuring human rights, protecting environmental issues, preventing global pandemic and many others. In the complex age of globalization, the interdependence of a country has crossed the broader. So such relationship has been indispensable to deal with the variety of matters. In

* *Under Secretary, Ministry of Finance*

this article, some attempts have been made to discuss its concept, types, important, principles and relevancy in Nepalese context.

## Definition

Strategic partnership is an arrangement between two entities to help each other or work together, to make it easier for each of them to achieve the thing they want to achieve (*Cambridge Dictionary*). In a strategic partnership the partners remain independent; share the benefits from, risks in and control over joint actions; and make ongoing contributions in strategic areas (**Henderson**, Dhanaraj, Avagyan, Perrinjaquet, 2014). Strategic partnership also called strategic alliance, allow independent organizations to share certain resources and capabilities in pursuit of mutual or complementary goals (Gole, 2018).

Based on the above definitions, it is clear that the strategic partnership is a relationship between two or more entities, shares risk and reward with partners and supports each other to achieve shared goals and objectives. This is the competitive world where innovations are introduced day by day. It pressurizes company to be more efficient in producing goods and services. They have to contend with the rival companies even during resource constraints. Such resources involves capital, technology, expertise, innovation and others. So strategic partnership helps to bridge the resource gap providing an opportunity to be connected with similar companies within and across the world. Nevertheless, it brings two or more companies together for the shared objective. Working together within diverse cultures, genders, regions, languages is a challenging and complex matter. Most often, achieving defined goals by managing diversity, may become the subject of comprehensive study, discussion and negotiation to reach the pinnacle of success.

## Importance

The globalization has provided an opportunity to do business across the world without any obstruction. However, small business may not be able to expand their market in the international market place until they are able to reduce cost and enhance quality. Similarly, they may require massive capital investment, new technology, and efficient human resources to run the business more efficiently and dynamically in the competitive environment. On the basis of this scenario, the trend of involving strategic partnership in the business has been accelerated and become so popular throughout the world.

Strategic partnership brings changes by improving managerial process, introducing innovative ideas, using new technology, investing capital in a company. It helps to produce

goods and services in an attractive way. It is a robust mechanism to grow the business optimally. Working together is more effective than working in isolation (OECD). In the context of its importance, Dave Brock has created an appropriate formula (Maximizing (SR)3+ (SV)2= High effectiveness) which helps to clarify the feature/important of successful strategic partnership. The meaning of his formula is: share resources, share risks and share reward, share vision share value. So it conclude that strategic partnership enjoys prosperity and opportunity in the relationship as well as accepts the barriers and threats.

## Types

Strategic partnership falls into three categories (Gole, 2018) which are mentioned below:

1. Joint venture: It involves two or more independent companies. Each company contributes resources and shares profits and losses. It is established in short term as well as long term project.
2. Equity investment: Partnership is involved by taking or diluting minority shares. Management control may be given or may not be given. The percentage of share divestment is fixed by the mutual agreement and negotiation between or among the partnering entities.
3. Contractual arrangements: It involves non-equity alliance such as distribution agreement, outsourcing relationship, franchise, licensing, agreement, R&D partnership.

## Partnering Process

Since there is no uniformity in the process of involving partnership we can not say exactly how many steps are needed to follow by the concerned company or authority. Many scholars and writers have mentioned different steps to be followed but we can find the commonality in the partnership process. No matter, how long or short a list you want to make, at least we should follow the basic process for the successful partnership selection. Among different opinion on the process, Willian J. Gole has presented partnering process in the organization along with six steps which are as follows:

| STEP 1 | STEP 2 | STEP 3 | STEP 4 | STEP 5 | STEP 6 |
|---|---|---|---|---|---|
| Strategic assessment | Partnering planning | Partner engagement | Partnership execution | Partnership governance | Termination consideration |

## STEP 1: Strategic Assessment

The prospective partner should be appropriate within the context of the company's strategic plans. Organization should choose the form of investment on the basis of their opportunities

and threats in the dynamic market. To encounter threats and opportunities, organization should identify investment objectives (e.g. market expansion, cost reduction, product innovation) and select the best objective based on resource constraints, and choose the investment type (e.g. organic development, acquisition or strategic partnership). To accomplish this process, it requires high level financial projection and analysis.

### STEP 2: Partnership Planning

Within an organization, variety of interest and opinion is appears. So executive management should establish broad base organizational purchase to curb employment disappointment and resistance early in the process. Management should be able to convince about the rationality and justification of the partnership. At the same time, plan is developed to select the ideal partner on the basis of the assessment grid. Meanwhile, the modality or form of arrangement is identified such as equity investment, joint venture, and contractual agreement. Assessment grid includes fundamental features such as strategic fit, market strength, capability fit, breadth and depth of product or services, cultural capability, reputation for integrity etc. Only then plan document is approved. More importantly, some fundamental component of the approval document should include: rationality (for instance, linkage to the growth strategy, cost reduction, financial model like multi years projection, financial metrics like milestone to evaluate progress, value drivers like revenue synergy or cost synergy or core business growth, negotiation process, preliminary risk assessment, termination condition.

### STEP 3: Partner engagement

The organization should approach ideal partner and a substantive discussion should be proceed for both company objective and need to establish cultural capability. If the discussion yields positive result then next step is to initiate due diligence prior to develop joint business plan. Minority investments or joint venture may require extensive review than remaining other such as symbiotic relationship. Whereas the concern of Joint business plans, should comprise the following discussion and analysis: objective of the company, market they served, service they produced, resources they provided, progress they expected,

### STEP 4 : Partnership Execution

On the basis of joint business plan negotiation should start. Negotiation should comprise some key talk: scope of agreement, ownership rights of assets, control and decision making authority, resources are to be contributed, dispute resolution, partnership termination mechanism. Execution is accomplished through announcement and implementation.

### STEP 5: Partnership Governance

It comprises two things:

(a) Structural considerations (joint steering committee and operating committee) which contains mechanisms to oversight and decision making and daily operation in the relationship.

(b) Enabling principles (define role and responsibility and establish mechanism for frequent communication.

### STEP 6: Termination Considerations

Termination of the relationship is not an extremely surprising matter. It occurs when there is not proper selection of partner and execution as well as governance initiative accordingly.

Above all process or steps are very relevant to those entities who is seeking for strategic partnership. These steps can be considered as a basis of decision making in involving partnership.

### OECD Principles

Choosing partnership in the same workplace to obtain the mutual objectives and shared goal is itself a complex job. It contains many risks and sometimes it brings more worse situation than the prior if the partner is selected recklessly. For the successful partnership OECD has provided some principles which provides guidelines which are mentioned below:

- A comprehensive checklist of essential elements that need to be considered in forming partnership and enlisting potential partners.
- The partnership should be able to bring together different actors in collaborative action as well as in collaborative effort to effect change
- Relevant character of partnership which consists of :- acceptability, ownership, commitment, code of conduct, shared objective, learning culture, share risk and rewards etc.
- Establish a program of work where partnership should develop long term objective and shorter term priorities.
- Objectives, roles and responsibility should define clearly.
- Perform tasks jointly and targets should revise at regular intervals on the basis of policy and performance.
- Build partnership, implement it and monitor and evaluate its effectiveness.

On the basis of aforementioned principles and guidelines as well as on the basis of common understanding some key principles can be outlined as below:

1. A clear cut objectives and goals of the organization should be determined
2. The roles and responsibilities should be clearly defined to perform tasks
3. Short term and long term benchmarks should be established for both core and non core function
4. Benefit and risk sharing modality should be clear prior to the agreement for avoiding possible confrontations.
5. Effective communication system, strong commitment and sense of ownership and trust base relationship, knowledge and experience sharing mechanism are the important tools for the success in this concept.
6. Governance system should develop for better accountability and transparency.
7. Understand the culture of each other and make sure that is adoptive within the ecology of either.
8. Be aware of the legal provision that hinders in procurement, benefit sharing and transfer pricing.
9. Monitoring mechanisms should be established in the relations at all level.
10. Establish an early warning mechanism to understand the partner behavioral changes.
11. Make provision of exit strategies with rational way and understand it as a normal business process. While doing so, carefully accomplish considering the customer impact.

**Strategic partnership in Public Enterprises**

Public Enterprises are established to provide basic goods and services at reasonable price with smooth supply to the people in general, create an employment opportunities, substitute import, enhance export and accelerate economic growth. Though it has passed around eight decades of establishment along with reform strategies, Public Enterprises have not able to perform their managerial and operational efficiency yet. Meanwhile, The government has not only lost the return on investment form most of them but also added financial burden in the treasury. The trends of financial dependencies are increasing even for the administrative operation and interest repayment to the government. It also does not seem possible to get more returns from the existing unskilled manpower, traditional technology, production style and resistance to change in the day to come. If so, are Public Enterprises not necessary to be operated by the government? What happens if the private sector are allowed to do all things that the PEs are doing now? Is it still necessary for the government's involvement in investment and ownership in Public Enterprises even in this competitive era? Curiosities

may arise to anyone. Yes, it is universally true that the private sector can perform business more efficiently and economically as compared to government. But it is attracted to the area of profit making business only. If so, who is responsible for the rest of the work? Definitely the answer is 'Government'. Government safeguard citizens. Only the government can fulfils the basic needs of the poor, disadvantaged and vulnerable group at large without considering the profit-loss and is responsible for the execution of fundamental rights conferred by the constitution. Either the government undertakes such initiative by itself or by establishing mechanisms. In our context too, Public Enterprises are still relevant to implement the policies and plans of the government as well as to ensure the fundamental right of the people enshrined in the constitution.

Public Enterprises have to go with the strategy of injecting efficient human resources, technologies, innovation and capital as well as solving inherent managerial problems in coming days. Strategic partnership can be the best means to address such requirements only if the partner is involved and engaged with the fundamental principles and process. In order to avoid future discrepancies, an early partner assessment and development of strategic planning must be rationally carried out. Preliminary, strategic objectives should be developed to encounter prevailing threats and opportunities of concerned Public Enterprises. Choosing the best modality of investment and completing assessment arrangements is another vital process of partnership involvement. Without hurry, giving enough time, prospective partner should be selected from the alternatives. Bringing partners in the same workplace from diverse backgrounds and allowing and encouraging them to accomplish shared objectives along with managing possible risk is a complex process. So Public Enterprises should be aware of such risk and should develop a mechanism to mitigate risk before deciding to proceed the execution. Despite that, the decision maker need to know the partner's past performance, experience, reputation, coverage and their relationship with other partners throughout the world. It provides an ideas to choose or not to choose the prospective partner to some extent.

Contextually, Nepal government has brought the strategic partnership policy in some large Public Enterprises through budget speech and annual status review of Public Corporation. The annual status review of Public Corporation 2020, emphasizes strategic partnership through capital and innovative technology in some large and profit making PEs by adopting an appropriate methodology to make it competitive. Similarly, the budget speech of FY 2018/2019, called attention to select and include strategic partnership in the PEs. Adding on, policy and program and budget implementation action plan for the FY 2018/2019, has

mentioned to select Public Enterprises for involving strategic partnership and also has set milestone of having an agreement with partners. From this provisions we can make a conception that the government has considered to build strategic partnerships to respond the contemporary challenges in Public Enterprises.

## Conclusion

In recent decades, the concept of strategic partnership has been growing for shared objectives in both developed and developing countries. Indeed, strategic partnership can uphold the Public Enterprises for more return and brings novelty, if we select and engage partners prudently. If adequate preparation is not made, financial performance may decrease over time. It requires to follow its principles, process, defines strategic objectives, clarify roles and responsibility of each partners. In addition, partnership governance is equally important in the relationship. Moreover, risk (for instance, risk of conflict, ownership, adaptability, dependency) should be indentified and risk mitigation measures should be adopted. Similarly, partnership performance should be monitored routinely. If the performance is not satisfactory to meet the objectives of the company, there should be the provision of exit mechanism. Finally, despite its risks and challenges that may occur in the relationship, it is very worthwhile in Public Enterprises to get better result by acquiring capitals, introducing modern technology and adopting it with innovation.

## REFERENCES


MOF (2019). *Budget speech 2076/77*. Shingha Durbar: Ministry of Finance

MOF (2020). *Annual Status Review of Public Enterprises 2020*. Singha Durbar: Ministry of Finance.

OECD. *Successful partnership a guide* .www.oecd.org.

Gole J.W. (2018), *Strategic Partnerships: Applying A Six Steps Process,* Canada: Chartered Professional accountants.

Michalski A. (2019), *Diplomacy in a Changing World Order: The Role of Strategic Partnership:* The Swedish Institute of International Affairs. UI.SE

Prof. James Henderson J. E., Dhanaraj C. and Avagyan K., Perrinjaquet M. (2014), *Strategic partnerships:* IMD Business School: https://www.imd.org/research-knowledge/articles/strategic-partnerships/

Todeva E., Knoke D. (2005). Strategic Alliances and Models of Collaboration: School of Management, University of Surrey, Guildford, Surrey, GU2 5XH. UK,

Brock D. (1997-2003). *Creating effective strategic partnership: Partners in Excellence.*

# Digital Transformation of Tax Administration.

✍ Ramesh Subedi*

## Background

The globalization and digitization of business has led to a huge increase in trade transactions around the world. Up until recently, tax administrations had been able to handle this level of growth. However, within the past few years an unprecedented flow of information mixed with an increased use of social media has complicated matters. Furthermore, multiple projects such as the Organisation for Economic Co-operation and Development's (OECD) Base Erosion and Profit Shifting (BEPS), the Automatic Exchange of Information (AEOI), the Common Reporting Standard (CRS), the exchange of tax rulings within the European Union (EU) and taxpayer demand for public tax transparency, have all presented additional challenges. Tax administrations need actionable data insights to handle these issues, improve services and optimize operational excellence.

## Digital transformation of tax administrations

Digitalization and emerging technologies have opened the doors to new opportunities not just for businesses, but for tax administrators as well to transform their day-to-day operations. Tax authorities are harnessing the power of new technologies such as big data and advanced analytics to improve tax administration, counter fraud and facilitate taxpayer compliance. As countries move toward digitizing their tax administration, their efforts can often follow a similar pattern, aligning with different levels of digitization. The move to digitization is not necessarily linear, nor should higher levels of digitization be viewed as the ultimate goal of either taxpayers or tax authority.

Currently, certain technology trends, including Big Data, analytics, Artificial Intelligence (AI), machine learning, the Internet of Things (IoT), mobility and cloud computing are all having a huge impact on tax administrations. Taken individually or together, these trends have the power to increase taxpayer satisfaction, empower tax agency employees, optimize operations and modernize services. This is where digital transformation comes in.

## Why Digitalization?

With digital transformation, tax administrations can turn data into a business asset using predictive modeling and the analysis of macroeconomic trends and policy changes that help

* *Officer, 8th Grade, Office of Chief Ministry, Bagmati Province*

develop workforce capabilities. This can simplify compliance and help prevent tax errors and fraud. It can help improve taxpayer services by facilitating payment methods, issuing faster refunds and giving easier access to relevant information. For tax administrations, it can reduce operation times, decrease costs, improve risk management techniques and audit efficiency and better incentivize (inter)national priorities. Digital transformation can help tax administrations with the following primary areas:

- Transparency: Different shows that increased transparency of strategy, processes and investments, through extremely structured and/or visually-supported data, can increase taxpayer satisfaction and voluntary compliance.
- Taxpayer-centric solutions: Tax gaps remain a big problem for many countries. By making taxpayers' online and offline interactions personalized, simple, consistent, intuitive and delivered in real-time, tax administrations can build a 360° view of taxpayers and their needs, helping them customize e-services and open omni-channel communications.
- Reduction of cost: Using digital technology, both compliance and tax administration cost can be reduced.
- Better Service: It can help improve taxpayer services by facilitating payment methods, issuing faster refunds and giving easier access to relevant information.
- Digitalization can simplify compliance and help prevent tax errors and fraud.
- Connected tax stakeholders: Tax administrations and taxpayers expect the same easy access and real-time sharing of tax information that they get with other data holders such as banks and consumer facing businesses. Such capabilities increase the connection and collaboration amongst tax administrations and taxpayers (businesses and individuals). It also helps tax administrations to securely exchange relevant data with banks, employers, stock exchange committees, chambers of commerce and more.
- Data-driven decisions and automated processes: Tax administrations look for ways to effectively collect, secure, analyze and manage structured and unstructured data, Digitalization helps to collect and analyze data in an efficient and effective manner.
- Increases public trust and credibility
- Increases ease and fairness of doing business

### Digital tax administration lifecycle

In their journey to adopt digital technologies, most of the tax authorities generally begin with IT-enabled electronic filing of tax returns and further extend it to submission of source data in the e-filings. The major shift happens when this data is further matched with data from other sources (such as banks) in real time, analyzed across taxpayers and jurisdictions to see any abnormalities, and generate e-audit assessments. The highest degree of digitization is when government entities use the submitted data to assess tax without the need for tax forms. Digital tax administration can be presented as following figure:

| Level 1 | Level 2 | | Level 3 | Level 4 | | Level 5 |
|---|---|---|---|---|---|---|
| "E-file" | "E-accounting" | | "E-match" | "E-audit" | | "E-assess" |
| Use of standardized electronic form for filing tax returns required or optional; other income data (e.g., payroll, financial) filed electronically and matched annually | Submit accounting or other source data to support filings (e.g., invoices, trial balances) in a defined electronic format to a defined timetable; frequent additions and changes at this level | Paradigm shift | Submit additional accounting and source data; government accesses additional data (bank statements), begins to match data across tax types and potentially across taxpayers and jurisdictions in real time | L2 data analyzed by government entities and cross-checked to filings in real-time to map the geographic economic ecosystem; taxpayers receiving electronic audit assessments with limited time to respond | Disruptive | Government entities using submitted data to assess tax without the need for tax forms; taxpayers allowed a limited time to audit government-calculated tax |

*Source: Ernst & Young, 2017 (www.ey.com)*

### Nepalese scenario

The Nepalese tax authorities have been adopting digital technology (IT). The IT systems implemented so far have helped direct taxpayers applying for tax registrations online, e-payment of taxes, e-filing of tax returns, for indirect tax as well, with the implementation of the Value Added Tax (VAT), computerized vat return and Audit Trail Report(ATR) were implemented.

| Registration | Tax Collection | Enforcement |
|---|---|---|
| 1. Online Tax Registration, with recently used Biomatrices and Mobile Phone Number/ Email Address validation.<br>2. Starting KYT Update for phone and email validation so tracking and tracing of taxpayer can be easy or Maintain high quality taxpayer registration | 1. Online Voucher generation from system started since 2018.<br>2. Online taxpayment using ConnectIPS started form 2018.<br>3. Due notification of VAT can be seen at taxpayer portal. | 1. Third Party data validation tools CBMS, ASYCUDA World Import and Export, ICAN, Risk Engine used for quality enforcement of tax compliance.<br>2. Other ongoing development for risky sector IT based enforcement |

**Currently Used Tools can be summarized as follows.**

- E-Filing: In Nepal, Electronic form is developed for filing tax returns for VAT, Income tax and Excise. It is compulsory to file electronically. Nepal was a pioneer in implementation of Value-Added System and from the beginning return used to be entered in computerized systems. Nowadays, taxpayers can easily file returns from their workplace.
- Online Tax Payment: Nepal implemented online tax payment using ConnectIPS since 2018.
- Integrated Tax System (ITS): Nepal is using Integrated Tax System for Taxpayer record management. Since Income Tax, Value Added Tax and Excise are regulated by a single department that is Inland Revenue Department (IRD), taxpayers' records are unified within a single platform. It allows cross validation of data provided by taxpayers.
- New Revenue Management Information System (New RMIS): The RMIS is web-based software that keeps track of government's revenue collection implemented by FCGO.
- Centralized Billing Monitoring System (CBMS): In this system, real time billing information is extracted by tax authorities. Initially, Big taxpayers are kept in monitoring using this system, the department is planning to bring all taxpayers registered in VAT under this system.
- Mismatch Report: Inland Revenue Department have made it mandatory to report the name of taxpayers with whom transaction is greater than one lakh. Using data from the

reporting system, the department generates mismatch reports and its being used in amended assessment.

- ASYCUDA World: The Automated System for Customs Data (ASYCUDA World) is a computerized system designed by the United Nations Conference on Trade and Development (UNCTAD) to administer a country's customs. Nepal is currently using ASYCUDA World to administer customs.

## Areas for Transformation in Nepal

Nepal is in early stage of digital tax administration. Nepal has to work on datamatching further from other sources (such as banks) in real time, analyzed across taxpayers and jurisdictions to see any abnormalities, and generate e-audit assessments. Nepal should have priority on the following for the better tax administration:

1. Department should make real time data exchange accounting and source data and bank statements. Then the Department should match data across tax types and potentially across taxpayers and jurisdictions in real time.
2. Data analyzed by government entities and cross-checked to filings in real time should be used in audit assessments with limited time to respond.
3. Government entities using submitted data to assess tax without the need for tax forms; taxpayers allowed a limited time to audit government calculated tax.
4. Companies can use integrated Enterprises Resource Planning (ERP) systems to capture tax-related data from various departments and collate it at a single source using automated tools. Improved and efficient consolidation of data will minimize the risk and inefficiencies associated with the use of spreadsheets.
5. With the use of cloud-based applications, data can be stored and accessed anytime, anywhere.
6. Enterprises can adopt analytics solutions for real-time informed decision making and embrace predictive analytics to gain actionable insights from data generated through internal business processes as well as external market sources.

## Digital tax technology: What a future tax technology should look like in Nepal?

A future tax technology should look like:

- Robotic Process Automation (RPA) to drive efficient data flow across all tax processes.
- Meeting the e-assess and e-audit requirements
- Immediate data transparency including real-time reporting

- Instant and accurate dashboard management reporting.
- Flexible self-service reporting with routine query handling.

## Conclusion:

As companies move toward digital adoption in their tax functions, there are various technology options for them to choose from. Correct need assessment and identification of the desired outcomes can help them select the best possible solution. Organizations need to not only correctly evaluate which technology to deploy but also make sure that the technology is flexible to the changing regulatory environment. Newer technologies such as Robotic Process Automation (RPA) and analytics have found many use cases in tax, while technologies such as blockchain and Artificial Intelligence (AI) have many emerging possibilities.

## References:

Correspondent, I. T. R. (2019). Tax transformation: What companies need to know. *International Tax Review.*

Ernst&Young, (2017). Tax technology and transformation.

Giri, S., & Shakya, S. (2018). ICT and service delivery mechanisms in civil service of Nepal. *International Journal of Computer Science and Mobile Computing,* 7(4), 47-52.

Gupta, S., Keen, M., Shah, A., Verdier, G., & Walutowy, M. F. (Eds.). (2017). *Digital revolutions in public finance* (pp. 250-68). Washington, DC: International Monetary Fund.

IRD *Strategic Plan,* Kathmandu; IRD

Nazarov, M. A., Mikhaleva, O. L., & Chernousova, K. S. (2019, April). Digital transformation of tax administration. In *International Scientific Conference "Digital Transformation of the Economy: Challenges, Trends, New Opportunities"* (pp. 144-149). Springer, Cham.

# Impact of COVID-19 in Revenue Administration of Nepal: A Desk Review

✍ Teeka Upadhyaya*

***Abstract***

*Revenue administration has succeeded to achieve only 76 percent of revenue collection in the given target of FY 076/077 and achievement on functional indicators related to service delivery and enforcement activities are also remain below as compared with FY 2075/076 in Nepal. Collection of Income tax, Value added Tax and Excise has decreased by 5.6, 27.7 and 44 percentages respectively in the last quarter-after COVID-19 (Chitra, Baishakh, Jestha and Ashad). In this crisis situation government needs more resources to manage public expenditure and welfare activities. But the reality is in the reverse track. We have a deficiency of resources; low revenue collection, poor revenue mobilization and weak support system. So, revenue administration should develop a comprehensive strategy to revive the business in pre- COVID situation. Upcoming measures should address both the administrators' and taxpayers' issues accordingly. Improvement in the ITS system and raising the awareness among the taxpayers in its use is the basic requirement to strengthen service delivery. Similarly, revenue administration should work out on two crucial areas; develop and implement appropriate policy to restore administrative activities with health safety of their staff and develop some policy measures to protect taxpayers' business.*

## 1. Introduction

Revenue is the main source of domestic resource to implement the country's public policy and to manage public expenditure. National, Provincial and local level governments need to raise revenue from different sources to finance public-sector expenditure. Finest management of revenue administration is essential for optimum revenue collection and revenue mobilization. Thus, revenue administration is considered as one of the vital components for revenue mobilization within the country.

Covid-19 was first identified in December 2019 in Wuhan, Hubei Province of China and spread around the world as pandemic disease. Health, economic and social sectors are adversely affected by the impact of COVID-19. The world economy has gone through under recession; most of the industries has been closed, employment opportunities have been

* *Section Officer, Inland Revenue Department*

decreased and ultimately all the economic activities have been compressed because of measures taken by the country to contain the spread of COVID-19 i.e. Lockdown, travel restriction, social distancing etc.

Nepal has also gone through all the mentioned problems. Seven percent of economic growth has achieved in FY 2075/076 and it was estimated to achieve 8.5 percent in FY 076/077, however, the growth is expected to remain 2.27 percent (MOF, 2076). Because of the major impact on the economic sector, revenue administration has also been facing challenges. Service delivery, revenue collection as well as other taxpayer compliance activities are being affected adversely.

## 2. The COVID-19 Impact In Revenue Administration

The economy of Nepal was started to be affected when COVID pandemic was outbreaking in China. The first impact was seen in the Tourism Industry. Likewise, it affected the international trade resulting in inflation in the Nepalese economy. As the infection spread around the globe gradually, the number of COVID-19 infected cases in Nepal also increased. Because of an open border and import-based economy, the vulnerability of the spread of infection was higher. So, the government decided to implement Lockdown policy on 11th of Chitra 2076. After about two months' lockdown period, the government partially opened the regular activities but still, the situation is more critical. Even though the economy was being affected from the earlier period, the direct effect was started after the implementation of lockdown policy, the last quarter of FY 2076/077.

### Impact in Revenue Collection

Table 1 shows the comparative overview of total revenue collection in FY 075/076 and FY076/077. The total achievement of revenue collection on FY 076/077 has been compressed on 75.94 percent of target. Besides the negative impact of covid-19, IRD is succeeding to have 7.26% growth on total revenue collection.

**Table 1: Trend of Total Revenue Collection on fiscal year 2075/076 and FY 076/077 (Rs. In thousand)**

| Revenue Head | 075/076 | 076/077 | | Achievement % | Deficit/ | Growth |
|---|---|---|---|---|---|---|
| | Collection | Target | Collection | | Surplus | Rate (%) |
| Income Tax | 170,744,156 | 242,628,176 | 192,788,748 | 79.46 | (49,839,428) | 12.91 |
| House Rent Tax | 3,348,948 | 5,259,102 | 2,654,003 | - | (2,605,099) | (20.75) |
| Interest | 18,828,864 | 32,463,736 | 22,001,824 | 67.77 | (10,461,912) | 16.85 |
| Total Income Tax | 192,921,968 | 280,351,014 | 217,444,575 | 77.56 | (62,906,439) | 12.71 |
| Domestic VAT | 88,309,417 | 118,382,082 | 98,157,932 | 82.92 | (20,224,150) | 11.15 |
| Domestic Excise | 73,606,350 | 106,303,958 | 64,799,043 | 60.96 | (41,504,915) | (11.97) |
| Health Service Fee | 2,506,174 | - | 3,439,116 | - | 3,439,116 | 37.23 |
| Education Fee | 1,074,359 | 1,152,322 | 583,688 | 50.65 | (568,634) | (45.67) |
| Grand Total | 358,418,268 | 506,189,376 | 384,424,354 | 75.94 | (121,765,022) | 7.26 |

*Source: Inland Revenue Department*

Figure 1 shows the trend of collection of Income Tax and Value-added Tax in three-quarters of FY 2075/076 and FY 076/077. In the first and second quarter of FY 076/077, both the collection of Income Tax and Value Added Tax is higher than previous year collection. Income Tax is higher by 22 and 32 percentages in the first and second quarter respectively. Similarly, Value added Tax is increased by 30 and 48 percentages in the first and second quarter respectively. However, in the third quarter (after COVID), collection of both Income Tax and Value Added Tax has reduced by 5.6 and 29.7 percentages respectively. So, this review gives the rough estimation that the collection of Income Tax and VAT has been adversely affected after COVID-19 pandemic.

**Figure 1: Trend of Income Tax and VAT collection**




*Source: Inland Revenue Department*

**Figure 2: Trend of Excise collection**

Figure 2 shows the trend of Excise collection. Collection of Excise has been reduced by 44 percentages in the third quarter (after COVID-19) of FY 2076/077. At the same time the total collection amount is 11.97 percent lower than FY 2075/076 collection. Here, also we can see the effect of COVID in domestic excise collection.




*Source: Inland Revenue Department*

**Figure 3: Trend of Tax to GDP Ratio within 5 years**




| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 |
|---|---|---|---|---|---|
| Total Revenue to GDP % | 21.39 | 22.78 | 23.87 | 23.99 | 21.08 |
| Tax Revenue to GDP % | 18.69 | 20.71 | 21.66 | 21.35 | 18.59 |
| VAT to GDP % | 5.43 | 5.99 | 6.82 | 6.97 | 5.95 |
| Income Tax to GDP % | 5.21 | 5.54 | 5.27 | 5.61 | 5.84 |
| Excise Duties to GDP % | 2.92 | 3.17 | 4.14 | 3.52 | 2.68 |

*Source: Inland Revenue Department*

Figure 3 shows the five years' trend of tax to GDP ratio from 2015/16 to 2019/20. In all types of ratios (Total Revenue to GDP, Tax Revenue to GDP, VAT to GDP and Excise Duties to GDP) has declined in FY 2019/20 except Income Tax to GDP ratio.

### Impact on service delivery and enforcement activities

Service delivery and enforcement activities are a key components of revenue administration. Figure 4 shows the comparative review of the trend of service delivery and enforcement activities on FY 2075/076 and FY 076/077. Reviewed in all indicators (Full Audit in IT, Full Audit in VAT, Investigation based on Internal and external information, Market monitoring, collection visits, PAN registration, Taxpayer education, Taxpayer record update) shows the decreased tendency of service delivery and enforcement activities in FY 076/077 than FY 075/076.

**Figure 4: Impact on Service delivery and enforcement activities in different indicators**




*Source: Inland Revenue Department*

### 3. Guidelines to accelerative the performance status on Pre COVID-Situation

Recovery from the severe impacts of the COVID-19 pandemic on people's lives, jobs, businesses and the overall economy is likely to be lengthy, challenging and complex. So, in this pandemic situation and for the transition period as well, the government need to seek alternative tools and techniques to deliver public services. Many of the government officials are also being infected and few death cases also. In this panic situation, health safety, staff welfare package and psychological assurance to staff are most essential.

Regarding revenue administration, administrators should think about taxpayers too. Tax administration around the globe is taking a series of different measures to support taxpayers. Following are the measures to be taken to resume the performance status of revenue administration as in pre-COVID-19 situation.

**1. Effective coordination with other government agencies**

Including other regular responsibilities, the tax administration has a crucial role in delivering wider government support to affected taxpayers, such as providing grants and other financial reliefs. So, coordination with the central bank and other concerned agencies is one of the crucial jobs which makes tax administration easier to make decisions on debt recovery or regulation of tax payments and some forms of financial support to the taxpayers.

**2. Developing a dedicated communication strategy**

The administration has to develop dedicated communication strategy during the pandemic to be in regular contact with staff. Clear information channel should be formulated for health and safety purposes and have a good understanding of working arrangements of staff. Purchasing additional licenses for an external system of the videoconference, creating a "call-tree", that shows the calling responsibilities used to contact management, employees, customers, suppliers and other key contacts in an emergency, regular team meetings, webinars etc. are some of the activities that can make the communication easier.

To make effective communication with taxpayers' administration should update information on the tax administration website, linking to other government websites as per need, explaining clearly how to contact the tax administration, dedicated hotlines, longer opening hours of telephone centres and making taxpayers aware of changes in services. Tax administrations also can consider other communication channels social media, newsprint, television etc. to broadcast news for taxpayers.

**3. Maintaining the safety of staff and taxpayers**

Consideration need to be given about how to maintain staff and taxpayer safe during the pandemic and recovery period. There is the need of detailed plans for ongoing safety precautions at offices and remote working staff. It will be important to ensure that there is good staff welfare package and effective communication mechanism with staff.

**4. Planning and prioritization towards normalization of administration functions**

Business restoration planning should be done for raising revenue and repair public

finances. Developing working methods increasing the options for "Work from Home". This may require investment in IT equipment and infrastructure as well as considering potential IT security risks. There should be flexibility in working hours as well. For the taxpayers, IT-based services should be increased and other measures i.e. Digital identification and verification systems, accepting electronic signatures on official documents can also be implemented to make the service convenient for the taxpayers. Further, to exchange documents with taxpayers, administrations could develop digital data rooms and video conferencing, to interact with taxpayers and their representatives, thus reducing the number of face-to-face visits in tax offices. Figure 5 shows four key measures to support Taxpayers. They are a) additional time for dealing with tax affairs b) Quicker refund to taxpayers C) Temporary changes in audit policy and ways to provide quicker tax certainty and d) Enhanced taxpayer services and communication initiatives (OECD, 2020).

**Figure 5: Measures to Support Taxpayers**




*Source- OECD, Tax Administration Responses to COVID-19*

Tax administration could seek policy measures like deferring or waiving taxes that are levied on a tax base that does not vary with the immediate economic cycle, increasing the generosity for loss carry-forward provisions, waiving or deferring employer and self-employed social security contributions, as well as payroll related taxes, simplifying procedures for claiming relief from VAT on bad debts etc. to support taxpayers and revive their business in this critical situation.

## 5. Conclusion

Recovery from the severe impacts of the COVID-19 pandemic on health, social and economic sector is likely to be lengthy, challenging and complex. So, the government need to plan and implement transitional strategy and effective measures to recover all sectors. Regarding revenue administration also, the above-mentioned data shows that there is a remarkable impact on revenue collection, service delivery and enforcement activities. Revenue administration has succeeded to achieve only 76 percent of revenue collection in the given target of FY 076/077 and achievement on functional indicators related to service delivery and enforcement activities are also remain below as compared with FY 2075/076 in Nepal. Collection of Income Tax, Value added Tax and Excise has decreased by 5.6, 27.7 and 44 percentages respectively in the last quarter-after COVID-19 (Chitra, Baishakh, Jestha and Ashad).

In this pandemic situation, the government need more resources and extra support to manage public expenditure and welfare activities. But, the reality is in a reverse track. We have a deficiency of resources; low revenue collection, poor revenue mobilization and weak support system. In this Scenario, revenue administration should think about and develop a comprehensive strategy to revive the business in pre- COVID situation. The measures should address both the administrators' and taxpayers' issues accordingly. Improvement in the ITS system and raising the awareness level of taxpayers in information technology is the basic requirement to strengthen service delivery. Similarly, revenue administration should work out on two crucial areas; develop and implement appropriate policy to restore administrative activities with health safety of their staff and develop some policy measures to protect taxpayers' business.

## References

CIAT/IOTA/OECD (2020). Tax Administration Responses to COVID-19: Business Continuity Considerations, OECD, Paris. Available from http://oe.cd/il/2WV. Accessed November 05, 220.

MOF/IRD (2076). Annual Report. Inland Revenue Department, Nepal.

MOF (2076). Economic Survey Report. Ministry of Finance, Nepal.

OECD (2020). Tax and Fiscal Policy in Response to the Coronavirus Crisis: Strengthening Confidence and Resilience, OECD, Paris. Available from https://bit.ly/3bbQxz8. Accessed November 05, 2020.

OECD (2020). Policy Responses to Coronavirus (COVID-19), Tax administration responses to COVID-19: Recovery period planning, Version 26.

# Blockchain Technology and Its Potential in Taxes

✍ Sushil Lamsal*

## Blockchain Technology

Blockchain is a decentralized distributed ledger technology. It allows creation, validation and encrypted transaction of digital assets to happen and get recorded in an incorruptible way. It is a database of groups of transactions (blocks) that are linked to the previous group of transactions (the chain) and is replicated and distributed to everyone who participates in the network so that all copies of the database are identical. Blockchain records every transaction that ever happens, and no records are ever deleted. In short, blockchain can be described as a network of computers, each having an identical copy of the database (distributed) and changing its state (records) by common agreement based on pure mathematics, with no need for any central server or agent to entrust.

## Distributed Ledger

A distributed ledger is a type of database that is shared, replicated, and synchronized among the members of a network. The distributed ledger records the transactions, such as the exchange of assets or data, among the participants in the network. Participants in the network govern and agree by consensus on the updates to the records in the ledger. No central, third-party mediator, such as a financial institution or clearinghouse, is involved. Every record in the distributed ledger has a timestamp and unique cryptographic signature, thus making the ledger an auditable history of all transactions in the network.

**Blockchain Process Steps**




* *Tax Officer, Tax Payer Service Office, Besisahar*

Yet, in the right circumstances it can provides for a wide range of benefits, which can be categorized as follows:

- Cost — a distributed ledger potentially reduces costs of transaction processing and data storage.
- Speed — a decentralized network can be faster and more versatile than a centralized server.
- Protection — it is near impossible to alter or overwrite without other parties knowing/ agreeing, which provides protection against fraud and disputes.
- Security — tamper-proof data structure with strong encryption, multiple confirmations of each transaction and transparency enhance security.

**Potential use of Blockchain:**

There are a lot of potential areas where Blockchain can be used. Some of the potential areas are listed as below:

1. Asset Management: Trade Processing and Settlement
2. Financial Services (using cryptocurrencies)
3. Birth, wedding, and death certificates
4. Insurance: Claims processing
5. Blockchain Internet-of-Things (IoT)
6. Supply Chain management
7. Public Service
8. Public value/ community
9. Personal Identification

**Blockchain implications for tax**

In the long term, blockchain can significantly improve tax compliance by guaranteeing real-time, automated tax payments from the taxpayer to the state budget at the time when a transaction is being executed. This is achieved by use of Smart Contracts, pieces of code, programmed to self-execute themselves if and when the set of predefined conditions are satisfied. Self-execution allows for unrelated parties to transact with each other in the absence of a trusted third party that verifies the validity of the transaction. Several benefits are immediately produced: real-time compliance, significant reduction of the transaction costs and elimination of risk of tax evasion and fraud from the outset. Some of the benefits can be presented as below.

**Payroll Tax:** Payroll tax can be automatically withheld and paid into the treasury at the time of salary transfer, thus removing the duty of the employer to act as a tax collector. Implementing a Blockchain - based on a situation where employers will not need to act as intermediaries, responsible for calculating and transferring tax and social security payments from employee salaries to relevant institutions. This can be done for example by embedding smart contracts that fully automate the process, which could be done in the following steps:

- The employer inserts the gross amount of salary into the system,
- Within the Blockchain system (limited only to the tax administration, banks and the other necessary parties), tax data is matched with the payment by smart contract technology and calculates the correct tax and social security amounts,
- The net salary is automatically transferred to the employee's account and the calculated tax to the government,
- As a result, the payroll tax process is faster and less costly and cash-flow is more efficient.

**Transfer Pricing:** According to United Nations data, intra firm trade makes up around 30% of global trade altogether. The laws regulating transfer pricing are different for each country, requiring that cross border transactions between related parties comply with arm's length price. Simply put, this price should mirror the proposed or applied price between non-related parties in an open market.

| Traditional transfer pricing | Blockchain based transfer pricing |
|---|---|
| Heavily reliant on intra-firm documents and correspondence to define the role of each involved party. | A Blockchain distributed ledger that makes it easy to track the flow of transactions and identity of all involved parties. |
| The intra-firm agreements are executed manually. | The agreements are written into a self-executing smart contract. |
| High risk of falsification of transaction documents. | All movements on the Blockchain are time-stamped and cryptographically sealed, eliminating the possibility of tampering. |
| The entire system is heavily reliant on paper documents and data stored on many servers to track the supply chain. | Each information is stored on the Blockchain and visible to parties that have access to the Blockchain. |
| Tracking of payments is ERP- based. | The payments are executed by a smart-contract if they meet the specified conditions. |

***Adapted from Frankowski, E., Barański, P., &Bronowska, M. (2017).***

**Value Added Tax:** Value Added Tax (VAT) is an indirect consumption tax placed on products or services whenever value is added in the supply chain, from production to the point of sale.

Businesses must track and document the VAT they pay on purchases that will be resold in order to receive a credit for the VAT paid on their tax return. Tax authorities search for ways of more effective VAT collection in order to gain more revenue and shorten the budget gap. The most advanced solutions are present in some countries where electronic invoices are mandatory and received by tax authorities in real time. In an international context, controlling VAT data is even more troublesome as each country maintains their own ledgers, making it difficult to obtain wholesome data on VAT movements.




***Adapted from Frankowski, E., Barański, P., &Bronowska, M. (2017).***

As such, blockchain technology potentially has a huge implication on VAT recording and reporting. Below is a non-exhaustive list of potential benefits:

- Blockchain technology transactions can be confirmed in real-time making the actual transaction much quicker in comparison with today's processes concerning, stocks, property, assets, etc. between all parties.
- Since the registration of a purchase is processed in real-time for both buyer and seller, there is no possibility for duplication of entries.
- All transactions have to be digitally signed, making it more trustworthy and safer than a paper signature or e-mail approvals.
- Administrative efficiencies — the administrative burden of companies is significantly reduced, saving time and the cost of accounting services.

**Missing Trade Fraud and DICE:** Block chain can also be used in prevention of Missing Trader (MT) Fraud. Blockchain technology will impact tax compliance in the coming decade, beginning with the Digital Invoice Customs Exchange (DICE), through a community-based blockchain system, and then a direct application of Bitcoin (VATCoin) to VAT compliance.

## Future perspective

Blockchain development is still at an early stage and many issues are yet to be resolved. Transferring blockchain technology from cryptocurrencies into a more complex system like tax, is work in progress. Although the focus is blockchain's potential to reduce transaction costs, a more streamlined, efficient and effective tax function would be a significant bonus. Building an entirely new tax system around blockchain is not realistic — we need to start small and look for the human problems that need to be solved. We are in the early stages of understanding what blockchain can do for businesses, for consumers and for the world of tax.

## References:


Ainsworth, R. T., &Alwohaibi, M. (2017). Blockchain, Bitcoin, and VAT in the GCC: the missing trader example. *Boston Univ. School of Law, Law and Economics Research Paper, (17-05).*

Frankowski, E., Barański, P., &Bronowska, M. (2017). Blockchain technology and its potential in taxes. *Deloitte. Accessed December, 21*, 2018.

Hoffman, M. R. (2018, April). Can blockchains and linked data advance taxation. In Companion Proceedings of the *The Web Conference 2018* (pp. 1179-1182).

Nakamoto, Satoshi. (2009). Bitcoin: A Peer-to-Peer Electronic Cash System. Cryptography Mailing list at https://metzdowd.com.

Owens, J. (2017). Blockchain 101 for governments.

Wijaya, D. A., Liu, J. K., Suwarsono, D. A., & Zhang, P. (2017, October). A new blockchain-based value-added tax system. In *International conference on provable security* (pp. 471-486). Springer, Cham.

**कविता**

# “यस्तो होस् राजस्व प्रशासन”

**(छन्दः शार्दुलबिक्रीडित)**

रचयिताः केशव बस्ताकोटी

“आ- आफ्नो व्यवसायको कर तिरौं” उद्घोष मीठो गरोस्
हुन् द्यौता करदान गर्छ जसले, सम्मान तिन्को गरोस्

दैलोमै कर तिर्नमा पहुँच होस्, सास्ती नहोस् काममा
सेवा भाव बढोस् स्वच्छ मनले, समृद्धि होस् देशमा ।

होस् विस्तार कुना कुना मुलुकको, डोल्पा, मनाङ्, बाजुरा
यस्को क्षेत्र बढोस् उच्च गतिले, देश्का कुना कन्दरा ।

सेवा निर्मल होस् छिटो र छरितो, अड्डा बनोस् अब्बल
यस्को शान र मान उच्च हुन गै, ऊर्जा मिलोस् उर्वर ।

राम्रो संरचना र कानून बनून्, राजस्वमैत्री यहाँ
ती स्वीकार्य बनून् कानून सबै,सारा गरुन् पालना ।

अड्डाका विचमा बनेर नमुना, ख्याती बढोस् दिन्दिन
सर्वोत्कृष्ट उचाइ हासिल गरोस् राजस्व प्रशासन ।

* नायब सुब्बा, आन्तरिक राजस्व विभाग